
# नेपाल परिचय










नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# नेपाल परिचय

प्रकाशक

सूचना तथा प्रसारण विभाग

| | | |
|---|---|---|
| पुस्तक | : | नेपाल परिचय |
| प्रकाशक | : | नेपाल सरकार<br>सञ्चार तथा सूचना प्रविधि मन्त्रालय<br>सूचना तथा प्रसारण विभाग<br>सञ्चारग्राम, तिलगङ्गा, काठमाडौँ, नेपाल ।<br>फोन नं. ५९१९८९२, ५९१९८९०<br>वेब : www.doib.gov.np |
| पूर्ण परिमार्जित संस्करण | : | २०६९ वैशाख |
| दोस्रो संस्करण | : | २०७० वैशाख |
| तेस्रो संस्करण | : | २०७२ वैशाख |
| चौथो संस्करण | : | २०७३ वैशाख |
| पाँचौँ संस्करण | : | २०७४ वैशाख |
| परिमार्जित छैटौँ संस्करण | : | २०७५ वैशाख |
| परिमार्जित सातौँ संस्करण | : | २०७६ असार |
| परिमार्जित आठौँ संस्करण | : | २०७७ असार |
| परिमार्जित नवौँ संस्करण | : | २०७८ असार |
| परिमार्जित दशौँ संस्करण | : | २०७९ असार |
| परिमार्जित एघारौँ संस्करण | : | २०८० असार |
| परिमार्जित बाह्रौँ संस्करण | : | २०८१ असार |
| सर्वाधिकार© | : | सूचना तथा प्रसारण विभाग |
| लेआउट डिजाइन | : | खगेन्द्र कार्की |
| आवरण | : | प्रवीण श्रेष्ठ<br>सूचना तथा प्रसारण विभाग |
| मुद्रक | : | ब्रदर बुक्स प्रकाशन प्रा.लि.<br>फोन : ०१-५३२८६२५, ९८५१०-५८७३० |


नेपालको नक्सा
(राजनीतिक तथा प्रशासनिक)
N
सुदूरपश्चिम प्रदेश
कर्णाली प्रदेश
गण्डकी प्रदेश
बागमती प्रदेश

# राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची–महाकाली ।

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल

ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल

बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।

# परिमार्जित बाह्रौं संस्करणबारे

नेपालको ऐतिहासिक, भौगोलिक, धार्मिक, सांस्कृतिक, आर्थिक, प्रशासनिक, राजनीतिक एवं सामाजिक अवस्थाको सम्बन्धमा अद्यावधिक सूचना र जानकारी गराउने उद्देश्यले 'नेपाल परिचय' पुस्तकले हालको स्वरुप प्राप्त गरेको हो। यसका साथै यहाँको जैविक, भाषिक एवं सांस्कृतिक विविधता र कानूनी तथा अन्तर्राष्ट्रिय सम्बन्धलगायतका विविध विषयहरू समेटेर मुलुकको समग्र पक्षका सम्बन्धमा सङ्क्षिप्त जानकारी प्रदान गर्ने उद्देश्यले यो पुस्तक प्रकाशन गरिँदै आएको छ। पछिल्लो संस्करणमा उल्लिखित विषयक्षेत्रका हालसम्मको अद्यावधिक सूचना, तथ्यांक र विवरणहरू समेत समेट्ने प्रयास गरिएको छ। यो पुस्तक नेपालको सर्वाङ्गीण पक्षमा चासो, जानकारी र सरोकार राख्ने सबै पक्षलाई ध्यानमा राखी अध्येता एवं पाठकहरूलाई बजारमा यस प्रकृतिको पाठ्यसामाग्रीको अभाव पुरा गर्ने हेतुले वि.सं. २०६९ सालदेखि अनवरत रुपमा प्रकाशन भइरहेको छ र त्यसैको निरन्तरता स्वरुप यो १२ औं संस्करण पनि प्रकाशित हुन लागेको हो। यसले खासगरी युवा वर्गलाई एकै पुस्तकबाट नेपालसम्बन्धी परिचयात्मक सूचना र जानकारी दिलाउने र नेपालको इतिहास र भूगोल एवं विविधताको अध्ययन र अध्यापनप्रति चाख राख्ने पाठकहरूलाई आकर्षण गर्ने विश्वास लिएको छु। विश्वविद्यालय, प्राज्ञिक क्षेत्र र लोक सेवा आयोगको परीक्षा तयारी गरिरहेका विद्यार्थीलाई पनि यो पुस्तक लाभदायी हुने अपेक्षा गरिएको छ।

यस संस्करणको पुस्तक प्रकाशन गर्ने सिलसिलामा रचनात्मक सुझाव प्रदान गर्नुहुने माननीय सञ्चार तथा सूचना प्रविधिमन्त्रीज्यू, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका श्रीमान् सचिवज्यूप्रति आभार प्रकट गर्दछु। पुस्तक तयार गर्ने सन्दर्भमा विषयवस्तु सम्पादन गर्न सहयोग गर्नुहुने त्रिभुवन विश्वविद्यालय, भू-गोल केन्द्रीय विभागका प्राध्यापक डा. उमेशकुमार मण्डल, इतिहास केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालयका प्रा.डा.विष्णुप्रसाद सापकोटा र डा. डोलराज काफ्ले, मानव शास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालयका डा. विनोद पोखरेल, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेलमा कार्यरत विज्ञ श्री वलदेव प्रसाद जोशी, भाषा सम्पादनमा उपप्राध्यापक डा. चन्द्रमान श्रेष्ठ र सम्पादनमा सहयोग गर्नुहुने सूचना तथा प्रसारण विभागका सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु ।

धन्यवाद !

बलराम रिज्याल<br>
महानिर्देशक<br>
सूचना तथा प्रसारण विभाग

## परिच्छेद : एक
## नेपालको भौगोलिक परिचय


| | | |
|---|---|---|
| १.१ | भौगोलिक अवस्थिति | १ |
| १.२ | भौगोलिक विभाजन | २ |
| | १.२.१ धरातलीय स्वरूपको आधारमा नेपालको विभाजन | २ |
| | १.२.२ नदीका आधारमा नेपालको विभाजन | १३ |
| | १.२.३ हावापानीका आधारमा नेपालको विभाजन | १३ |
| १.३ | नेपालको राजनीतिक विभाजन (सङ्घ, प्रदेश र स्थानीय तह) | १५ |
| | १.३.१ सङ्घ | १५ |
| | १.३.२ प्रदेश | १५ |
| | १.३.३ नेपालका स्थानीय तह | १८ |
| १.४ | नेपालको प्राकृतिक स्रोत र साधनहरू | ४५ |
| | १.४.१ भूमि | ४५ |
| | १.४.२ नेपालमा भूमिसम्बन्धी कानुनी व्यवस्था र भूउपयोग | ४८ |
| | १.४.३ वन | ५१ |
| | १.४.४ खनिज | ५३ |
| | १.४.५ जलस्रोत | ५५ |
| | १.४.६ ताल, कुण्ड र पोखरीहरू | ५५ |
| १.५ | नेपालको जनसङ्ख्या | ६२ |
| १.६ | नेपालका राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, सिकार आरक्ष, संरक्षण क्षेत्र तथा नेपालमा संरक्षित जीवजन्तुहरू | ६८ |


## परिच्छेद : दुई
## नेपालको सङ्क्षिप्त ऐतिहासिक रूपरेखा


| | | |
|---|---|---|
| २.१ | नेपाल एक प्राचीन मुलुकका रूपमा | ७९ |
| २.२ | नेपाल नामकरणका आधार | ८० |
| | २.२.१. भाषागत आधार | ८० |
| | २.२.२ जातिगत आधार | ८१ |
| २.३ | नेपाल उपत्यकाको उत्पत्ति | ८१ |
| २.४ | प्राचीन नेपाल | ८३ |
| | २.४.१ गोपालवंशी शासकहरू | ८४ |
| | २.४.२ महिषपालवंशी राजाहरू | ८४ |

२.४.३ किराँतवंशी राजाहरू ८४
२.४.४ लिच्छवि काल ८५
२.४.५ पूर्वमध्य काल ८९
२.४.६ सिम्रौनगढको कर्णाटक राज्य ९०
२.४.७ कर्णाली प्रदेशको खस मल्ल राज्य ९१
२.४.८ कपिलवस्तुको शाक्यशासित राज्य ९२
२.५ मध्यकाल ९३
२.५.१ मल्ल वंशको परिचय ९३
२.५.२ मल्लहरूको नेपाल आगमन ९४
२.५.३ मल्ल राज्यको विभाजन ९४
२.६ आधुनिक काल ९९
२.६.१ शाह वंशको परिचय ९९
२.६.२ गोरखा राज्यको स्थापना १००
२.६.३ पृथ्वीनारायण शाह र नेपाल एकीकरण अभियान १०१
२.७ राणाशासन काल १०५
२.८ राणाकालपछिको राजनीतिक विकासक्रम १०६
२.८.१ २००७ देखि २०१७ सालसम्मको घटनाक्रम १०७
२.८.२ वि.सं. २०१७ देखि २०३७ सालसम्मका दुई दशक १०९
२.८.३ जनमतसङ्ग्रहदेखि जनआन्दोलनसम्म ११०
२.८.४ २०४६ को जनआन्दोलन र त्यसपछिको राजनीति १११

## परिच्छेद : तीन

## नेपालको संवैधानिक विकासक्रम

३.१ नेपालको संवैधानिक विकासक्रम १२५
३.१.१ नेपाल सरकारको वैधानिक कानुन, २००४ १२५
३.१.२ नेपालको अन्तरिम शासन विधान, २००७ १२५
३.१.३ नेपाल अधिराज्यको संविधान, २०१५ १२६
३.१.४ नेपालको संविधान, २०१९ १२६
३.१.५ नेपाल अधिराज्यको संविधान, २०४७ १२६
३.१.६ नेपालको अन्तरिम संविधान, २०६३ १२८
३.१.७ नेपालको संविधान १२९
३.१.७.१. नेपालको संविधानका विशेषताहरू १३०

३.१.७.२. नेपालको संविधानमा उल्लिखित मौलिक हक र कर्तव्य १३१
३.१.७.३ सङ्घीय शासकीय स्वरूप १३३

## परिच्छेद : चार

नेपालको सार्वजनिक प्रशासन १४१
४.१ प्राचीन काल (वि.सं. १८२५ अगाडि) १४२
४.२ मध्यकाल (वि.सं. १८२५–२००७) १४३
४.३ आधुनिक काल (वि.सं. २००७–२०६३) १४७
४.४ उत्तरआधुनिक काल (वि.सं. २०६३ देखि हालसम्म) १४९
४.५ नेपालको सार्वजनिक प्रशासनको विद्यमान संरचना १५१

## परिच्छेद : पाँच

नेपालको आर्थिक विकास १५३
५.१ नेपालमा योजनाबद्ध विकास १५४
५.१.१ प्रथम पञ्चवर्षीय योजना (२०१३–२०१८) १५४
५.१.२ दोस्रो त्रिवर्षीय योजना (२०१९–२०२२) १५५
५.१.३ तेस्रो पञ्चवर्षीय योजना (२०२२–२०२७) १५५
५.१.४ चौथो पञ्चवर्षीय योजना (२०२७–२०३२) १५६
५.१.५ पाँचौं पञ्चवर्षीय योजना (२०३२–२०३७) १५६
५.१.६ छैटौं पञ्चवर्षीय योजना (२०३७–२०४२) १५७
५.१.७ सातौं पञ्चवर्षीय योजना (२०४२–२०४७) १५७
५.१.८ आठौं पञ्चवर्षीय योजना (२०४९–२०५४) १५८
५.१.९ नवौं पञ्चवर्षीय योजना (२०५४–२०५९) १५९
५.१.१० दशौं पञ्चवर्षीय योजना (२०५९–२०६४) १६०
५.१.११ एघारौं त्रिवर्षीय अन्तरिम योजना (२०६४/६५–२०६६/६७) १६१
५.१.१२ बाह्रौं त्रिवर्षीय योजना (२०६७/६८–२०६९/७०) १६२
५.१.१३ तेह्रौं योजना (आर्थिक वर्ष २०७०/७१–२०७२/७३) १६३
५.१.१४ चौधौं योजना (२०७३/७४–२०७५/७६) १६४
५.१.१५ पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७–२०८०/८१) १६६
५.१.१६ सोह्रौं योजना (आर्थिक वर्ष २०८१/८२–२०८५/८६) १७४
५.१.१७ सोह्रौं योजनाको सोच, उद्देश्य, रणनीति तथा रुपान्तरणका क्षेत्र १७६

५.२ आर्थिक विकासका पक्षहरू १८१
५.२.१ कृषि १८१
५.२.२ उद्योग १८३
५.२.३ व्यापार १८५
५.२.४ पर्यटन १८६
५.२.५ वैदेशिक रोजगार १८९
५.३. आ.व. २०८०/८१ को बजेट १९०

## परिच्छेद : छ
## नेपालको सामाजिक जीवन तथा संस्कृति

६.१ नेपालको सामाजिक जीवन १९३
६.१.१ जातिगत विविधता १९४
६.१.२ नेपालका सूचीकृत आदिवासी जनजातिहरू १९९
६.१.३ बसोवास, रहनसहन र भेषभूषा १९९
६.१.४ नेपालका विभिन्न जातजातिहरूको सङ्क्षिप्त परिचय २०२
६.१.५ नेपालका विभिन्न जातजाति, वर्ग, समुदाय र तिनीहरूको उत्थानका लागि राज्यले गरेका व्यवस्थाहरू २०७
६.१.६ सामाजिक सुरक्षासम्बन्धी व्यवस्था २०८
६.२ नेपालको सांस्कृतिक जीवन २०९
६.२.१ नेपालमा मनाइने प्रमुख जात्रा एवम् चाडपर्व २१०
६.२.२ नेपालका सांस्कृतिक सम्पदाको विवरण २२४
६.२.३ विश्व सम्पदासूचीमा सूचीकृत नेपालका सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरू २२४
६.२.३.१ विश्व सम्पदासूचीमा सूचीकृत नेपालका सांस्कृतिक सम्पदा २२६
६.२.३.२ विश्व सम्पदासूचीमा सूचीकृत प्राकृतिक सम्पदाहरू २२७
६.२.३.३ सम्भावित विश्व सम्पदास्थलहरू २२८
६.२.४ राष्ट्रिय सांस्कृतिक सम्पदाको संरक्षणसम्बन्धी दीर्घकालीन नीति २३३

## परिच्छेद : सात
## नेपालको भाषा, साहित्य र कला


७.१ भाषा २३५
७.१.१ नेपालमा बोलिने मुख्य भाषाहरू २३६
७.१.२ नेपाली भाषाको विकास र विस्तार २३८
७.१.३ भाषापरिवार २४०
७.१.४ केही भाषाभाषिका लिपिहरू २४३
७.२ साहित्य २४६
७.२.१ नेपालका प्रमुख साहित्यक पुरस्कारहरू २५७
७.३ चलचित्र २६५
७.४ कला २६६
७.४.१ नेपाली वास्तुकला र तिनका विशेषता २६६
७.४.२ नेपाली चित्रकला र तिनका विशेषता २६८
७.४.३ नेपाली मूर्तिकला र तिनका विशेषता २७२
७.४.४ नेपाली काष्ठकला र तिनका विशेषताहरू २७८
७.४.५ नेपालमा प्रचलित केही गीत, सङ्गीत र नृत्य कला २८०


## परिच्छेद : आठ
## नेपालमा पूर्वाधार विकास


८.१ शिक्षा २८१
८.२ स्वास्थ्य २८३
८.३ खेलकुद २८५
८.३.१ नेपाल राष्ट्रिय खेलकुद २८५
८.३.२ नेपालका ठुला घरेलु खेलकुद प्रतियोगिताहरू २८८
८.३.३ नेपालको खेल सङ्ग्रहालय २८८
८.३.४ अन्तर्राष्ट्रिय खेलकुदमा नेपालको सहभागिता २८८
८.३.५ ओलम्पिक खेलमा नेपाल २८९
८.३.६ दक्षिण एसियाली खेलकुदमा नेपाल २७९
८.४ खानेपानी तथा सरसफाइ २९१
८.५ यातायात २९२
८.५.१ सडक यातायात २९२

| | | |
|---|---|---|
| | ८.५.२ हवाई यातायात | २९७ |
| | ८.५.३ रेल यातायात | २९९ |
| ८.६ | ऊर्जा | २९९ |
| ८.७ | सिँचाइ | ३१० |
| ८.८ | सञ्चार तथा सूचना प्रविधि | ३११ |
| ८.९ | वातावरण तथा जलवायु परिवर्तन | ३१४ |
| ८.१० | दिगो विकास | ३१५ |


## परिच्छेद : नौ
## नेपालमा आमसञ्चार र पत्रकारिता


| | | |
|---|---|---|
| ९.१ | आमसञ्चार र पत्रकारिता | ३१९ |
| | ९.१.१ छापा माध्यम | ३२० |
| | ९.१.२ टेलिभिजन | ३२३ |
| | ९.१.३ रेडियो प्रसारण | ३२३ |
| | ९.१.४ अनलाइन मिडिया | ३२४ |
| ९.२. | राष्ट्रिय समाचार समिति | ३२५ |
| ९.३ | सञ्चारसँग सम्बन्धित निकायहरू | ३२६ |


## परिच्छेद : दश
## नेपालको परराष्ट्र नीति र अन्तर्राष्ट्रिय सम्बन्ध


| | | |
|---|---|---|
| १०.१ | नेपालको परराष्ट्र नीति र यसका मूल आधारहरू | ३३१ |
| १०.२ | नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध : ऐतिहासिक सिंहावलोकन | ३३३ |
| १०.३ | संयुक्त राष्ट्रसङ्घ र नेपाल | ३४२ |
| १०.४ | सार्क र नेपाल | ३४४ |
| १०.५ | नेपाल–भारत सम्बन्धका ऐतिहासिक सन्धि सम्झौताहरू | ३४७ |
| १०.६ | नेपाल र चीन–तिब्बत सम्बन्धका ऐतिहासिक सन्धि सम्झौताहरू | ३५१ |


## परिच्छेद : एघार


नेपालका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण स्थानहरू ३५५

परिच्छेद : एक

# नेपालको भौगोलिक परिचय

## १.१ भौगोलिक अवस्थिति

नेपाल दक्षिण एसियामा अवस्थित भूपरिवेष्ठित मुलुक हो। नेपाल २६ डिग्री २२ मिनेटदेखि ३० डिग्री २७ मिनेट उत्तरी अक्षांश र ८० डिग्री ४ मिनेटदेखि ८८ डिग्री १२ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको छ। नेपालले विश्वको कुल भूभागको ०.०३ प्रतिशत, एसिया महादेशको ०.३ प्रतिशत र दक्षिण एसियाको २.८२ प्रतिशत भूभाग ओगटेको छ। नेपाल एसियाका दुई विशाल मुलुक भारत र चीनको बीचमा पर्दछ। यो समुद्र/बङ्गालको खाडीदेखि करिब ११२७ कि.मि. टाढा छ। नेपालको क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. अर्थात् ५६,८२७ वर्गमाइल छ। नेपालको पूर्व-पश्चिम लम्बाइ ८८५ कि.मि. र उत्तर-दक्षिण चौडाइ सरदर १९३ कि.मि. छ। यसको दक्षिणमा भारतको बिहार र उत्तरप्रदेश राज्य, पश्चिममा भारतको उत्तराखण्ड राज्य, पूर्वमा पश्चिम बङ्गाल, सिक्किम राज्य र उत्तरतर्फ चीनको स्वशासित क्षेत्र तिब्बत पर्दछ। नेपालको प्रामाणिक समय दोलखा जिल्लामा पर्ने गौरीशङ्कर हिमाललाई काटेर गएको ८६ डिग्री १५ मिनेट पूर्वी देशान्तरलाई आधार मानी निर्धारण गरिएको छ। नेपालको समय ग्रिनविच मानक समयभन्दा ५ घण्टा ४५ मिनेट छिटो छ। यो समय वि.सं. २०४२ साल वैशाख १ गतेदेखि लागू गरिएको हो। विश्वका ८,००० मिटरभन्दा अग्ला १४ चुचुरामध्ये नेपालमा आठओटा पर्दछन्। ६,००० मिटर र सोभन्दा अग्ला चुचुरा १,३०० भन्दा बढी छन्। मुस्ताङ इलाकामा मात्र यस्ता लगभग ३०१ चुचुराहरू रहेका छन्। नेपालमा हिमालयका साथसाथै कोशी, गण्डकी, कर्णालीजस्ता ठुला नदीहरू र रारा, फेवा, गोसाइँकुण्डजस्ता सुन्दर तालहरू छन्। भूस्वरूपको विविधताका साथै जलवायु र मौसमको अत्यधिक विभिन्नताले गर्दा उष्ण (Tropical), अर्धोष्ण (Mesothermal), सूक्ष्म तापीय (Micro thermal), टाइगा र टुन्ड्रा प्रकारका जलवायु नेपालमा पाइन्छन्। नेपालको भौगोलिक भौतिक स्वरूपमा उचाइगत विविधताले भौगोलिक विभिन्नताको अवस्था सिर्जना गरेको छ। विश्व मानचित्रमा नेपाल सगरमाथाको देश, गौतम बुद्धको जन्मस्थल लुम्बिनीको देश, सीता जन्मेको देश र विशेष किसिमको झन्डा भएको देशको रूपमा समेत परिचित छ।

## १.२ भौगोलिक विभाजन

### १.२.१ धरातलीय स्वरूपका आधारमा नेपालको विभाजन

नेपालको भौगोलिक विभाजन विभिन्न आधारमा विभिन्न किसिमले गरिएको पाइन्छ। धरातलका आधारमा नेपालको भूभागलाई उत्तरदेखि दक्षिणसम्म क्रमशः तीन बृहत् प्रदेशमा विभाजन गर्न सकिन्छ :

**(क) हिमाली प्रदेश**



विश्वको सर्वोच्च शिखर सगरमाथा

नेपालको उत्तरी भेगमा उच्च पर्वत, तीव्र ढाल, उच्चतम चुचुराहरू, गहिरा घाँटी र खोँचका ठाडा भिरयुक्त भू-स्वरूप भएको तथा निस, सेल, स्लेट, ग्रेनाइट, क्वारजाइट, चून आदि चट्टानबाट निर्मित हिमाली क्षेत्रले नेपालको १५ प्रतिशत भूभाग समेटेको छ। करिब २५ देखि ५० किलोमिटर उत्तर-दक्षिण चौडाइभित्र फैलिएको हिमाली प्रदेश समुद्र सतहदेखि करिब ३,००० मिटरमाथिको उचाइमा अवस्थित छ। हिमालय नेपालको उत्तरपट्टि मात्र नभई उत्तरी नेपाल सरहदबाट दक्षिणतिर हिमाली शृङ्खला देखिने नेपालका धेरै भूभाग छन्। जस्तै : अन्नपूर्ण र गङ्गापूर्ण हिमालको उत्तरपट्टि मनाङ, मुस्ताङ आदि नेपालका क्षेत्र पर्छन्। धवलागिरि चुरेन हिमालयको उत्तरमा मुस्ताङ तथा डोल्पाका भूभाग पर्छन्। ती क्षेत्रबाट हिमालय दक्षिणतिर देखिन्छ। विश्वका उच्चतम र मनोरम हिमाली टाकुराहरू नेपालको हिमालय खण्डमा छन्। कञ्चनजङ्घा, जनक, उम्बक, महालङ्गुर, रोल्वालिङ, पुमरी, जुगल, लाङटाङ, गणेश, सेराङ, कुटाङ, मनसिरी, पेरी, लुगुला, दामोदर, नीलगिरि, अन्नपूर्ण, धवलागिरि, मुस्ताङ, गौतम, पालचुङ हमगा, कान्जिरोवा, कान्ति, गोरखा, चाङ्गला, चण्डी, नालाकङ्कर, गुराँस पूर्वदेखि क्रमशः पश्चिमसम्म फैलिएका प्रसिद्ध २८ हिमशृङ्खला हुन्। यी शृङ्खला अधिकतम भोट



माछापुच्छ्रे हिमाल, गण्डकी

(तिब्बत)का सीमावर्ती क्षेत्रमा रहेका छन् । हिमाली प्रदेश नदीनालाहरूका कारण कैयौँ ठाउँमा विशृङ्खलित भएको छ ।

हिमाली क्षेत्रको आर्थिक गतिविधि सीमित छ । खण्डित कृषिभूमिको अभावमा उब्जनी न्यून हुने हुँदा कृषि नगन्य भए पनि याक, भेडा, च्याङ्ग्रा, घोडा आदि पशुपालन र जडीबुटीमा यो क्षेत्र सम्पन्न छ । ऊनका गलैँचा, राडी, पाखी बुन्ने घरेलु उद्योगहरू रहेको पाइन्छ । पर्यटन उद्योग, जडीबुटी र पर्यावरण सम्पदा यहाँका महत्त्वपूर्ण स्रोत हुन् ।

यो क्षेत्र अल्पाइन र आर्कटिक जलवायु क्षेत्रअन्तर्गत पर्छ । सगरमाथालाई वि.सं. १९९० (१९३३ इ.सं.) मा Michale Karga ले Third Pole को उपमा दिएका थिए । उचाइ र पर्वतको अवस्थितिअनुसार जलवायु फरक पर्छ । सोलुखुम्बुको ४,४०० मिटर उचाइमा रहेको चुङकुङ गाउँमा आलु फल्छ । २,८०० मिटर उचाइमा रहेको मुस्ताङको जोमसोममा दुई सय मिलिमिटर वर्षा हुन्छ । यस्ता उच्च



धवलागिरी हिमाल, गण्डकी

हिमालका खेतीयोग्य जमिन सोलुखुम्बु, मनाङ, मुस्ताङ र डोल्पा जिल्लामा पाइन्छ। करिब ५,००० मिटरमाथि ६ देखि १२ महिनासम्म हिउँ रहन्छ। लगभग ४,००० मिटरमाथिका भूभागमा छोटो अवधिको वर्षायाममा पनि तुसारापात हुन्छ। ४,०००-५,००० मिटरसम्म होचो झाङ झाडी (जडीबुटी) पाइन्छ। मुस्ताङ र डोल्पामा प्राकृतिक वनस्पति विशेष कारणले २,८०० मिटर उचाइसम्म पनि हुने गरेको पाइन्छ। करिब १२ प्रतिशत उच्च हिमाली क्षेत्र मनसुनी चरनका लागि उपयुक्त छ। अरू भूभाग ठाडो भिर, ढुङ्गे र ठन्डा हुँदा चरनका लागि उपयुक्त छैन। घाँस पुनः पलाउन समय लाग्ने भएकाले अधिक चरनबाट जोगाउन चरन व्यवस्थापन यहाँको मूल आवश्यकता हो। माटो र जलवायुका दृष्टिले एक प्रतिशतभन्दा कम जमिन मात्रै खेतीका लागि उपयुक्त छ। यातायातको आवश्यक व्यवस्था अझसम्म पनि हुन नसकेका कारण उत्पादनको बजारीकरण गर्न कठिनाइ हुने गरेको छ।

नेपालको लगभग १९.७ प्रतिशत (२८,९९,५०० हेक्टर) ओगट्ने उच्च पर्वतको दक्षिणमा मध्यपर्वत र उत्तरमा उच्च हिमाल पर्छ। यस क्षेत्रका सबैजसो मुख्य उपत्यका हिमानीग्रस्त (Glaciated) छन्। नदीले पिँध कटान बढी गरेको फलस्वरूप नदी ढलान (Gradient) ले गल्छेडा र गल्छी (Canyons) बनेका छन्। डाँडाको टुप्पो र उपत्यकाको फेदसम्म २,००० मिटरभन्दा बढी उचाइको भिन्नता छ। यसैले यहाँको एउटै ढलोमा उष्ण, उपोष्ण र न्यानो समशीतोष्ण एवम् चिसो शीतोष्ण बोटबिरुवा पाइन्छन्। यो क्षेत्रको ५० प्रतिशत भाग कुनै पनि खेतीका लागि काम लाग्दैन। बाँकी ५० प्रतिशत भूभागमध्ये ३४ प्रतिशत भूभागमा खेतीका लागि अपर्याप्त पातलो माटो छ भने १६ प्रतिशत भूभागले मात्र खेती धानेको छ। यस्तो २,००,००० हेक्टर जमिनमा पनि ४० प्रतिशतमा मात्र राम्ररी खेती गर्ने गरिन्छ।

हिमाली क्षेत्रमा ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु, दोलखा, सिन्धुपाल्चोक, रसुवा, मनाङ, मुस्ताङ, डोल्पा, मुगु, हुम्ला, जुम्ला, कालिकोट, बाजुरा, बझाङ, दार्चुला धादिङ, रामेछाप, गोरखा, रुकुम (पूर्व) र म्याग्दी गरी २१ जिल्ला पर्दछन्। वि.सं. २०७८ को जनगणनाअनुसार ६.०८ प्रतिशत जनसङ्ख्या हिमाली क्षेत्रमा बसोवास गर्दछन्। हिमाली प्रदेशलाई भौगोलिक दृष्टिकोणले निम्नलिखित तीन उपक्षेत्रमा विभाजन गरी अध्ययन गर्न सकिन्छ :

**तालिका नं.** १.१

**हिमशृङ्खला र प्रमुख हिमटाकुराहरू**

| क्र.सं. | हिमशृङ्खला | प्रमुख टाकुरा | उचाइ (मि.) |
|---|---|---|---|
| १ | कञ्चनजङ्घा | कञ्चनजङ्घा | ८५८६ |
| | | कुम्भकर्ण | ७७१० |
| | | किरातचुली | ७३६५ |

| | | | |
|---|---|---|---|
| २ | जनक | जोङसाङ<br>जनक | ७४८३<br>७०३५ |
| ३ | महालङ्गुर | सगरमाथा<br>लोप्से<br>मकालु<br>चोओय<br>नुप्से | ८८४८.८६<br>८५१६<br>८४६३<br>८२०१<br>७८५५ |
| ४ | रोलवालिङ | गौरीशङ्कर | ७१३४ |
| ५ | जुगल | जुगल | ७०५० |
| ६ | लाङटाङ | लाङटाङ लिरुङ<br>लाङटाङ री | ७२३४<br>७२०५.५ |
| ७ | गणेश | गणेश | ७४२९.३ |
| ८ | सेराङ (शृङ्गी) | चामर | ७१८७ |
| ९ | मनसिरी | मनास्लु<br>हिमालचुली | ८१६३<br>७८९३ |
| १० | पेरी | हिमलुङ<br>रत्नाचुली | ७१२६<br>७०३५ |
| ११ | नीलगिरि | नीलगिरि उत्तरी | ७०६१ |
| १२ | अन्नपूर्ण | अन्नपूर्ण प्रथम<br>गङ्गापूर्ण<br>तिलिचो | ८०९१<br>७४५५<br>७१३४ |
| १३ | धवलागिरि | धवलागिरि<br>चुरेर (पूर्वी) | ८१६७<br>७३७१ |
| १४ | गुराँस | अपि<br>सैपाल | ७१३२<br>७०३१ |

**स्रोत : नेपालको भौगोलिक भूगोल, रामकुमार पाण्डे, विद्या पुस्तक भण्डार, २०४४**

## मुख्य हिमाली क्षेत्र

हिमालयअन्तर्गतका उच्चतम चुलीहरूकेन्द्रित मुख्य हिमालयमा ८,००० मिटरभन्दा अग्ला हिमचुलीहरू पर्छन् । तटवर्ती हिमालयको दक्षिणतर्फ रहेका बृहत्तर हिमाली शृङ्खलामा ६,००० मिटरभन्दा अग्ला १,३११ चुचुराहरू रहेका छन् । विश्वको

सर्वोच्च शिखर सगरमाथा र तेस्रो उच्च हिमशिखर कञ्चनजङ्घाका अतिरिक्त ल्होत्से, मकालु, चो-ओयु, धवलागिरि, मनास्लु, अन्नपूर्णसमेत विश्वका दुई दर्जन चुलीमध्ये नेपालमा करिब डेढ दर्जन हिमचुचुरा रहेका छन् । कञ्चनजङ्घा, खुम्बु, महालङ्गुर, रोल्वालिङ, गणेश, गोरखा, अन्नपूर्ण, धवलागिरि, काञ्जिरोवा, अपि र सैपाल हिमशृङ्खलाअन्तर्गत विश्वका १० सर्वोच्च शिखरहरूमध्ये आठओटा हिमशिखर पर्दछन् ।

**भित्री हिमाली क्षेत्र**

मुख्य हिमालयबाट उत्तर र तिब्बत तटवर्ती क्षेत्रबाट दक्षिणतिर यो क्षेत्र रहेको छ । नदीनिर्मित उपत्यकाहरू उच्च हिमाली क्षेत्रमा निकै रहेका छन् । यहाँ पूराङ्ग, हुम्ला, मुगु, लाङगु, बुढी खोटाङ, केरुङ, न्यानम, रोङ्गसार, खुम्बु, कर्मा आदि हिमवेष्ठित उपत्यकाहरू छन् । उत्तरमा अग्ला हिमालय र दक्षिणमा होचा पर्वतका बीचमा रहेका यी उपत्यका २,४००-५,००० मिटरसम्मका उचाइमा रहेका छन् । कतैकतै गहिरो खोँच र बेसी रहेका छन् । हुम्ला, जुम्ला, मुगु, डोल्पा, मुस्ताङ र मनाङ वृष्टिछायामा पर्ने हुँदा वर्षा ज्यादै कम हुन्छ । यस भेगमा शुष्क जलवायु पाइन्छ ।

यो पर्वतीय क्षेत्रमा चिसो शीतोष्ण कोणधारी वन हुने हुँदा डालेघाँस प्रायः पाइँदैन । यहाँका बासिन्दा खाद्यान्न, लुगा र अन्य सामानको ढुवानी खच्चर, घोडा, चौँरी आदि जनावरबाट गर्ने गर्दछन् । जौ, गहुँ, कोदो र आलु ३,००० मिटर उचाइसम्म फल्छ । हिउँदमा ठन्डा हुने हुँदा मानिसहरूको बसोवास यो क्षेत्रमा निकै पातलो छ । हिउँदको चिसो छल्नका लागि बेँसी झर्ने तथा अन्य मौसमी प्रकृतिको बसाइँसराइ (Seasonal Migration) बढी हुन्छ ।

**सीमान्त हिमाली क्षेत्र**

यो अन्तरहिमाली शृङ्खला तिब्बतको समानान्तर किनारी क्षेत्र करिब १३० किलो मिटर उत्तरसम्म फैलिएको छ । सरदर ६,००० मिटर उचाइदेखि करिब ७,००० मिटरसम्म रहेको तिब्बती पठारको समस्थली क्षेत्र गङ्गा र साङ्ग पो (ब्रह्मपुत्र) को पानीढलो क्षेत्रका रूपमा रहेको छ । उच्च हिमशृङ्खला छिचोली आएकाले यो क्षेत्रका नदी (कालीगण्डकी, अरुण आदि) हिमालयभन्दा पनि पुराना मानिन्छन् । मनाङ, मुस्ताङमा छरिएर रहेका बस्ती छन् र भोट निस्कने भञ्ज्याङहरू निकै पर्छन् । टिपताला (ताप्लेजुङ), पोपटी/हरियाघाँटी (संरतवासया), नाङपा (सोलुखुम्बु), पूर्वी छ्याछु, रसुवागढी, ग्याला (गोर्खा), मुस्ताङ घाँटी, लुगुवा (मनाङ), नाम्जाला (मुगु), यारी (हुम्ला), टिंकर (दार्चुला) महत्वपूर्ण भञ्ज्याङहरू हुन् । वृष्टिछायामा पर्ने भएकाले यो क्षेत्र मूलतः हिमाली मरुभूमिका रूपमा रहेको छ । यसलाई टेथिस हिमाल पनि भनिन्छ ।

**तालिका नं. १.२**

**नेपालका प्रमुख हिमशिखर र तिनको उचाइ**

| क्र. सं. | हिमशिखर | उचाइ (मिटर) | हिमशृङ्खला | जिल्ला/प्रदेश |
|---|---|---|---|---|
| १ | सगरमाथा | ८,८४८.८६ | खुम्बु/महालङ्गुर | सोलुखुम्बु/कोशी |
| २ | कञ्चनजङ्घा | ८,५८६ | कञ्चनजङ्घा | ताप्लेजुङ/कोशी |
| ३ | ल्होत्से | ८,५१६ | खुम्बु/महालङ्गुर | सोलुखुम्बु/कोशी |
| ४ | मकालु | ८,४६३ | कुम्भकर्ण | सङ्खुवासभा/कोशी |
| ५ | चो ओयु | ८,२०१ | खुम्बु/महालङ्गुर | सोलुखुम्बु/कोशी |
| ६ | धवलागिरि | ८,१६७ | धवलागिरि | म्याग्दी/मुस्ताङ/गण्डकी |
| ७ | मनास्लु | ८,१६३ | गणेश | गोरखा/गण्डकी |
| ८ | अन्नपूर्ण | ८,०९१ | अन्नपूर्ण | कास्की/गण्डकी |
| ९ | नुप्से | ७,८५५ | खुम्बु | सोलुखुम्बु/कोशी |
| १० | शान्ति पिक | ७,५९१ | खुम्बु | सोलुखुम्बु/कोशी |
| ११ | लाङटाङ लिरुङ | ७,२३४ | लाङटाङ | रसुवा/बागमती |
| १२ | गणेश हिमाल | ७,१६३ | गणेश | गोरखा, धादिङ/बागमती |
| १३ | पुमोरी | ७,१६१ | खुम्बु/महालङ्गुर | सोलुखुम्बु/कोशी |
| १४ | गौरीशङ्कर | ७,१३४ | रोल्वालिङ | दोलखा/बागमती |
| १५ | अपी | ७,१३२ | गुराँस | दार्चुला/सुदूरपश्चिम |
| १६ | माछापुच्छ्रे | ६,९९३ | अन्नपूर्ण | कास्की/गण्डकी |
| १७ | सैपाल | ७,०३१ | अपि सैपाल | बझाङ/सुदूरपश्चिम |
| १८ | काञ्जिरोवा | ६,८८३ | काञ्जिरोवा | डोल्पा/कर्णाली |
| १९ | अमादब्लम | ६,८१२ | खुम्बु/महालङ्गुर | सोलुखुम्बु/कोशी |
| २० | जुगल (भैरव टाकुरा) | ६,५३५ | जुगल | सिन्धुपाल्चोक/बागमती |
| २१ | भृकुटी | ६,३६४ | दामोदर | मुस्ताङ/गण्डकी |
| २२ | हिमचुली | ७८९३ | मनसिरी | गोर्खा/लमजुङ |

### (ख) पहाडी प्रदेश

उत्तरमा हिमाल र दक्षिणमा तराईबीच रहेको मध्यभाग पूर्वदेखि पश्चिमसम्म अग्ला-होचा पहाडहरू, फराकिला-साँघुरा उपत्यका, दून, बँसी तथा टार र गरायुक्त पाखाहरूले घनीभूत छ। दक्षिणमा समुद्र सतहबाट करिब ३०० मिटरदेखि उत्तरमा ३,००० मिटरसम्मका भूभागहरू ओगटेर ७५ किलोमिटरदेखि १२५ किलोमिटरसम्म चौडा भई विस्तारित भएका छन्। सबैभन्दा बढी भूभाग यस प्रदेशले ओगटेको हुँदा नेपाललाई पहाडी मुलुक पनि भनिन्छ। यहाँ विशेषतः निस, स्लेट, भेल र ग्रेनाइट जस्ता चट्टानहरू पाइन्छन्। यस क्षेत्रमा इलाम, पाँचथर, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ, ओखलढुङ्गा, काभ्रेपलाञ्चोक, नुवाकोट, तनहुँ, लमजुङ, कास्की, स्याङ्जा, पर्वत, पाल्पा, गुल्मी, अर्घाखाँची, बागलुङ, प्युठान, रोल्पा, रुकुम (पश्चिम), सल्यान, जाजरकोट, दैलेख, अछाम, डोटी, डडेलधुरा र बैतडी गरी २८ ओटा जिल्ला पर्दछन्। वि.सं. २०७८ को जनगणनाअनुसार ४०.३ प्रतिशत जनसङ्ख्या पहाडी क्षेत्रमा बसोवास गर्दछन्।

पहाडी प्रदेशलाई निम्न तीन श्रेणीमा विभाजन गर्न सकिन्छ :

#### चुरे पर्वत श्रेणी

नेपालको दक्षिणमा अवस्थित पूर्वदेखि पश्चिमसम्म फैलिएको हिमालय पर्वतमालाभन्दा निकै पछि विकसित भएको समुद्र सतहदेखि ६१० देखि १८७२ मिटरको उचाइसम्म भएको पर्वतमालालाई चुरे पर्वत भनिन्छ। यसलाई सामान्यतः चुरिया वा चुरे पर्वत भनिन्छ।

बाह्य हिमालय भनिने यो पर्वत शिवालिकको नामले समेत प्रसिद्ध छ। यो नवीनतम् पर्वत हो। नेपालको पश्चिममा अग्लो र पूर्वमा होचो हुँदै बिलाएको चुरे महाकालीदेखि कोशीसम्म छुट्टै श्रेणी भएर फैलिएको छ। कोशीपूर्व थुम्कीको रूपमा मोरङ र झापाको उत्तरमा मैनाचुली, चुलाचुली छन्। चुरे पर्वत श्रेणीका धेरै भाग जङ्गलले ढाकेको छ। दाङ, देउखुरी, राप्ती, चितवन आदि उपत्यका दून अवोन्नत (Synclinal) प्रकृतिका भाग छन्। यहाँ उपोष्ण जलवायु पाइन्छ। यो क्षेत्रले १२.७ प्रतिशत (१८,७९,००० हेक्टर) ढाकेको छ। जलाधार क्षेत्रको उचाइ भिन्नता ७०० मिटरभन्दा कम छ। यहाँको माटो वर्षाको पानी थाम्न सक्ने खालको छैन। यो क्षेत्रमा ह्वात्त बाढी आएजस्तो वर्षामा खोलाहरू बग्छन्। वातावरणीय दृष्टिले चुरे पर्वत श्रेणी अत्यन्त संवेदनशील मानिएको छ।

सतही ढुङ्गाले शिवालिक क्षेत्रको पर्वतीय भूभागलाई नियन्त्रण गरेको छ। यो शृङ्खला कमजोर एवम् अस्थिर छ। करिब ९३ प्रतिशतभन्दा बढी भूभाग ज्यादै ठाडो र अप्ठेरो भएकाले खेतीका लागि उपयुक्त छैन। शिवालिक क्षेत्रमा खेती हुन सक्ने जमिन करिब २४ प्रतिशत (५,२९,६०० हेक्टर) छ। दून उष्ण क्षेत्र भए पनि यहाँको माटो तराईको भन्दा भिन्न छ। यो क्षेत्रमा फलफूल र तरकारी कमै हुन्छ।

यस क्षेत्रमा अतिक्रमणले वनविनाश, भूक्षय र प्राकृतिक वातावरण खलबलिन पुगेको छ। शिवालिक क्षेत्रको दक्षिण एउटा लामो पेटी पूर्वदेखि पश्चिमसम्म फैलिएको छ। यो क्षेत्र बालुवा, कङ्कड, ढुङ्गा र खुकुला खस्रा पदार्थले बनेको छ। खुकुलो चट्टानले बनेको भाबरमा सालको वनजङ्गल पाइन्छ। गहिरो घाँटीमा नदीले थुपारेका माटाको भागले बनेका मैदानहरू गङ्गा मैदानकै अंशका रूपमा रहेका छन्।

**महाभारत श्रेणी**

पूर्व-पश्चिम फैलिएको समुद्र सहतदेखि करिब १२,००० फिटसम्म उचाइको यो पहाडी भाग नेपालको महत्त्वपूर्ण भाग हो। यो भाग सेल, स्यान्डस्टोन, लाइमस्टोन, मार्बल, स्लेटजस्ता चट्टानयुक्त छ। ठुलाठुला चार नदी कडा चट्टाने पहाड छेडेर बगेका छन्। कर्णालीले चिसापानीमा, कालीगण्डकीले देवघाटमा, त्रिशूलीले जुगरीमा र कोशीले चतरामा छेडो बनाएको छ। होचो हिमालय (Lesser Himalaya) को नामले पनि यो पर्वत चिनिने गर्छ। यहाँको हावापानी रमणीय र स्वस्थ्यकर हुने हुँदा महाभारत पर्वत श्रेणीलाई नेपालको Hill-Station पनि भनिन्छ। सैलुङ, ट्याम्के, जैथक, फूलचोकी, शिवपुरी, छिम्केश्वरी, दामन, स्वर्गद्वारी, साकिने डाँडा, खोँच आदि यहाँका प्रमुख शिखर हुन्। पूर्वी नेपालका तुलनामा पश्चिमको भाग बढी ठाडो छ।

**मध्यभूमि श्रेणी**

महाभारत पर्वत श्रेणी र हिमालय पर्वत श्रेणीहरूका बीचमा रहेका ठुला-ठुला टार, बेँसी र उपत्यकाहरूलाई मध्यभूमि भनिन्छ। यसअन्तर्गत काठमाडौँ, पोखरा, त्रिशूली, पाँचखाल, माडी जस्ता उपत्यकाहरू पर्दछन्। नेपालका चमेलिया (सुदूरपश्चिम), त्रिशूली (मध्य), सुनकोशी र अरुण तथा तमोर नदीद्वारा निर्मित ठुला उपत्यका एवम् समथर र उर्वरक्षेत्र मध्यभूमिअन्तर्गत पर्छन्। यहाँ तुम्लिङटार (सङ्खुवासभा), रुम्जाटार (ओखलढुङ्गा), बेल्टार (उदयपुर) मङ्गलटार (काभ्रेपलाञ्चोक), खुमलटार (ललितपुर), बट्टार (नुवाकोट), सल्यानटार (धादिङ), खैरेनीटार (तनहुँ), चौरजहारीटार (रुकुम) जरायोटार (भोजपुर), खरानीटार (नुवाकोट) र पालुङटार (गोर्खा) जस्ता टार पनि छन्।

मध्यपर्वतीय क्षेत्रले नेपालको २९.५ प्रतिशत (४३,५०,३०० हेक्टर) जमिन ढाकेको छ। यहाँको जलवायु वर्षैभरि कृषिका लागि उपयुक्त छ। तापक्रम न बढी न घटी मध्यम प्रकारको छ। जनसङ्ख्या वृद्धिले गर्दा भूमिमाथि बढी चाप परेको छ। यहाँ ८७ प्रतिशत खेतीयोग्य भूमि पर्वतीय पाखाका रूपमा रहेका छन्। मध्यपहाडी भूमिको गराखेती प्रविधि नै स्थापित प्रविधि हो। कृषि, वन र बागवानीबाट यसलाई सघाउ हुने गरेको छ।

मध्यपहाडमा प्रिक्याम्ब्रियन (Precambraian), फाइलाइटस् (Phyllites), क्वार्टजाइटस् (Quartzites), अभ्रख, शिष्ट र ग्रेनाइट (Granite) जस्ता विविध चट्टान पाइन्छन्। मध्यपहाडको दक्षिण किनारामा प्रायः महाभारत लेकजस्ता

उठेका (Uplifted) पर्वत छन् । यो भाग ऋतुक्षय भएका ग्रेनाइट, चुनढुङ्गा, डोलोमाइट, सेल, स्यान्डस्टोन, स्लेट र क्वार्टजाइटले बनेको छ । शिवालिक जस्तो भूक्षयको प्रभाव छैन । यस क्षेत्रका कडा चट्टान भूपाषाण भएका भाग ठाडो भिर (३५ डिग्री ढलोभन्दा बढी) र पातलो माटाले ढाकेको हुनाले खेतीका लागि उपयुक्त छैन ।

पहाडी प्रदेशमा किराँत (राई, लिम्बू), तामाङ, मगर, गुरुङ, बाहुन, क्षेत्री, नेवार आदि विभिन्न जातिका मानिसहरू बसोवास गर्छन् । पहाड आफैँमा विविधतायुक्त भएकाले यहाँको घर निर्माण, लवाइखवाइ, पेसा आदिमा भिन्नता पाइन्छ । फलफूल खेती र जडीबुटीका लागि बढी उपयुक्त वातावरण पाइन्छ । पहाडका दक्षिण पाखामा बस्ती र खेती धेरै भेटिन्छन् । यस भेकमा इलाम, धनकुटा, चैनपुर, भोजपुर, ओखलढुङ्गा, चरीकोट, बनेपा, काठमाडौँ, पोखरा, जुम्ला, सल्यान, सिलगढीजस्ता साना-ठुला बस्ती छन् । पहाडी क्षेत्रको कुल बस्तीमध्ये १००० मिटरसम्मको उचाइमा १६.३७ प्रतिशत, १००१-२००० मिटरसम्ममा ५९.०९ प्रतिशत र यसभन्दा माथि ३००० मिटरसम्ममा १९.९९ प्रतिशत बस्तीहरू रहेको पाइन्छ । सर्वाधिक बस्तीहरू १००१-२००० मिटरसम्ममा केन्द्रित छन् ।

आर्थिक क्रियाकलापमा पहाडी क्षेत्र मूलतः फलफूल र खाद्यान्नका लागि उपयुक्त क्षेत्र हो । धान, मकै, गहुँ र गेडागुडीमा यो क्षेत्र विविधतायुक्त उत्पादनशील क्षेत्र भए पनि उर्वर भूमिको कमीले गर्दा खाद्यान्न अभाव हुने गर्दछ ।

**काठमाडौँ उपत्यका**

काठमाडौँ, ललितपुर र भक्तपुर गरी तीन जिल्ला काठमाडौँ उपत्यकामा समावेश गरिएका छन् । भौगोलिक, सामाजिक सांस्कृतिक तथा प्रशासनिक दृष्टिकोणले समेत एक छुट्टै पहिचान बोकेको काठमाडौँ उपत्यका समुद्री सतहबाट करिब १३३७ मि. उचाइमा रहेको छ । वि.सं. २०७८ को जनगणनाअनुसार काठमाडौँ उपत्यकामा कुल जनसङ्ख्याको १०.३ प्रतिशत जनसङ्ख्या बसोवास रहेको छ ।

**तालिका नं. १.३**
**पहाडी प्रदेशमा अवस्थित मुख्य उपत्यकाहरू**

| **उपत्यका** | **उचाइ (मि.)** | **जिल्ला** |
|---|---|---|
| काठमाडौँ | १३३७ | काठमाडौँ, ललितपुर र भक्तपुर |
| त्रिशूली | ५७९ | नुवाकोट |
| पोखरा | ८१९ | कास्की |
| पाँचखाल | ८७१ | काभ्रेपलाञ्चोक |
| बनेपा | १५५४ | काभ्रेपलाञ्चोक |

| | | |
|---|---|---|
| पाटन | १५३४ | बैतडी |
| धुनिबेँसी | ८५० | धादिङ |
| दाङ | ६६३ | दाङ |
| सुर्खेत | ६६४ | सुर्खेत |
| उदयपुर | ३६० | उदयपुर |

**स्रोत : नेपाल परिचय, २०८०**

### (ग) तराई प्रदेश

पहाडी भागदेखि दक्षिणतर्फ भारतको सीमासम्म पूर्व-पश्चिम फैलिएको नेपालको समतल भूभाग तराई प्रदेश हो । यसलाई मधेस पनि भनिन्छ । यस प्रदेशको चौडाइ २५ किलोमिटरदेखि ३० किलोमिटरसम्म छ । तराईको सिरान भाबर र चुरे हो । उत्तरबाट दक्षिणतिर होचो हुँदै जानु तराईको लक्षण हो । यो क्षेत्र उष्ण क्षेत्र हो । यहाँको जमिन प्रायः समथल छ । सन् १९६० सम्म यो क्षेत्रमा थारूहरूको बाहुल्य थियो । औलो उन्मूलनपछि दून उपत्यका पहाडलगायत अन्य क्षेत्रका जनताको पनि केन्द्रस्थल भई यो क्षेत्र बहुजातीय क्षेत्र बन्यो । समुद्री सतहबाट ६० देखि ६०० मिटरको उचाइमा रहेको छ । यसलाई नेपालको अन्नभण्डार पनि मानिन्छ । यस क्षेत्रअन्तर्गत झापा, मोरङ, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रूपन्देही, कपिलवस्तु, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर गरी १८ जिल्ला पर्दछन् । वि.सं. २०७८ को जनगणनाअनुसार तराईमा ५३.६ प्रतिशत जनसङ्ख्या बसोवास गर्दछन् । तराई प्रदेशलाई निम्न तीन श्रेणीमा विभाजन गर्न सकिन्छ :

#### मध्य तराई

देशको दक्षिणी भागमा दक्षिणतर्फ होचिँदै गएको भूभागलाई मध्य तराई भनिन्छ । मिहिन पाँगो माटाले बनेको यो क्षेत्र उर्वर रहेको छ । चितवनको दक्षिणमा सोमेश्वर पर्वतमाला र देउखुरीको दक्षिणमा डुन्डुवा पर्वतमालाले काटेकाले खास तराईलाई तीन भाग (पूर्वी, मध्य र पश्चिम) मा बाँड्ने पनि गरिएको छ । झापा, मोरङ, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, रौतहट, बारा, पर्साको दक्षिण, परासीको पश्चिम दक्षिण, रूपन्देही र कपिलवस्तुको दक्षिण र बाँके, बर्दिया, कैलाली र कञ्चनपुरको दक्षिणी क्षेत्रलाई नेपालको मध्य तराई भनिन्छ ।

#### भाबर क्षेत्र

मध्यतराईको उत्तर र चुरे पर्वतमालाको दक्षिणमा समुद्री सतहदेखि ३८० मिटरको उचाइसम्म फैलिएको साँघुरो पेटीलाई भावर क्षेत्र भनिन्छ । १२.८ कि.मि. देखि १६ कि.मि. चौडाइ भएको भाबर प्रदेशले मुलुकको कुल क्षेत्रफलको ४.५ प्रतिशत भूभाग ओगटेको छ ।

**भित्री मधेस**

चुरे र महाभारत पर्वत श्रेणीको बीचमा समुद्र सतहदेखि ६१० मिटरको उचाइसम्म चारैतिर पहाड पर्वतले घेरिई फैलिएका विशाल फाँटलाई भित्री मधेस वा दून क्षेत्र भनिन्छ । ३२ देखि ६४ कि.मि. सम्म लम्बाइ र १६ कि.मि. सम्म चौडाइ भएको यो क्षेत्रले मुलुकको कुल क्षेत्रफलको ८.५ प्रतिशत भूभाग समेटेको छ । भित्री मधेसलाई चार क्षेत्रमा बाँडिएको छ । यसमा उदयपुर र सिन्धुली उपत्यकालाई पूर्वी भित्री मधेस, मकवानपुर, चितवन र परासी (बर्दघाट सुस्ता पूर्व)लाई मध्य भित्री मधेस, दाङ देउखुरीलाई पश्चिमी भित्री मधेस र सुर्खेत उपत्यकालाई मध्यपश्चिम भित्री मधेस भनिन्छ ।

**तालिका नं. १.४**

**जिल्लाहरूको वर्गीकरण**

| | | |
|---|---|---|
| **हिमाली जिल्लाहरू** | ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु, दोलखा, सिन्धुपाल्चोक, रसुवा, मनाङ, मुस्ताङ, डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट, बाजुरा, बझाङ, दार्चुला, धादिङ, रामेछाप, गोर्खा, रुकुम (पूर्व), म्याग्दी | २१ जिल्ला |
| **पहाडी जिल्लाहरू** | पाँचथर, इलाम, तेह्रथुम, धनकुटा, भोजपुर, ओखलढुङ्गा, खोटाङ, काभ्रेपलाञ्चोक, नुवाकोट लमजुङ, तनहुँ, कास्की, स्याङ्जा, पर्वत, बागलुङ, पाल्पा, अर्घाखाँची, गुल्मी, रुकुम (पश्चिम) रोल्पा, प्युठान, सल्यान, जाजरकोट, दैलेख, डोटी, अछाम, बैतडी, डडेलधुरा | २८ जिल्ला |
| **भित्री मधेसका जिल्लाहरू** | उदयपुर, मकवानपुर, चितवन, सिन्धुली, नवलपरासी (बर्दघाट सुस्तापूर्व), दाङ, सुर्खेत | ७ जिल्ला |
| **तराईका जिल्लाहरू** | झापा, मोरङ, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपरासी (बर्दघाट सुस्तापश्चिम), रूपन्देही, कपिलवस्तु, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर | १८ जिल्ला |
| **काठमाडौँ उपत्यकाका जिल्लाहरू** | काठमाडौँ, ललितपुर, भक्तपुर | ३ जिल्ला |

स्रोत : स्थानीय सरकार सञ्चालन ऐन, २०७४

### १.२.२ नदीको आधारमा नेपालको विभाजन

**(क) कोशी क्षेत्र**

पूर्वमा कञ्चनजङ्घा हिमालदेखि पश्चिममा लाङटाङ हिमाल (गोसाइँस्थान) बीचको भागलाई कोशी नदी प्रणाली क्षेत्र भनिन्छ। यो हिमाली पूर्वगामी नदी (antecedent river) हो । तमोर, अरुण, लिखु, दूधकोशी, तामाकोशी, सुनकोशी र इन्द्रावती मिलेर सप्तकोशी नदी बनेको छ । यो नेपालको सबैभन्दा ठुलो नदी हो । यो नदीको कुल ७२० कि.मि. मध्ये २०० कि.मि. नेपालमा पर्दछ । लामो हुनुका साथै जलप्रवाह क्षमता औसत १,५०० $M^3$ (चतरा) क्युबिक मिटर प्रतिसेकेन्ड रहेको छ । यस नदीबाट २२,००० मेगावाटसम्म विद्युत् निकाल्न सकिने अनुमान गरिएको छ । नेपालको कोशी नदी प्रणालीको प्रभाव क्षेत्र ३१,६०० वर्षसम्म छ (बज्राचार्य र अन्य २००७) । कोशी प्रदेशको प्रभाव क्षेत्र झन्डै ६० हजार वर्ग कि.मि. रहेको छ। सप्तकोशी नदीको सबैभन्दा ठुलो सहायक नदी अरुण हो भने सबैभन्दा सानो नदी लिखु हो ।

**(ख) गण्डकी क्षेत्र**

पूर्वमा लाङटाङ हिमालदेखि पश्चिममा धवलागिरि हिमालसम्मको गण्डकी नदी प्रभावित क्षेत्रलाई गण्डकी प्रदेश भनिन्छ। गण्डकी नदीका सात प्रमुख सहायक नदीहरू त्रिशूली, बुढीगण्डकी, दरौँदी, मादी, मर्स्याङ्दी, सेती र कालीगण्डकी हुन् । गाण्डव ऋषिको नामबाट नामकरण गरिएको मानिएको यस नदीलाई चितवन जिल्लामा आएपछि (देवघाटभन्दा तल) नारायणी नदीको नामले चिनिन्छ। यो नदी नेपालको करिब मध्यभागमा उत्तर-दक्षिण भएर बग्दछ। जसको प्रवाह क्षेत्र ३३,००० वर्ग कि.मि. भन्दा बढी रहेको छ। करिब ३३८ कि.मि. लामो यस नदीको विद्युत् क्षमता करिब २१,००० मे.वा. रहेको मानिएको छ । यसका सहायक नदीहरूमध्ये कालीगण्डकी सबैभन्दा ठुलो र दरौँदी सबैभन्दा सानो हो । नेपालको सबैभन्दा गहिरो यो नदीले प्रतिसेकेन्ड औसत १,७१३ क्यु.मि. पानी प्रवाह गर्दछ ।

**(ग) कर्णाली क्षेत्र**

पूर्वमा धवलागिरि हिमालदेखि पश्चिममा व्यास हिमालबीचको भू-भागलाई कर्णाली नदी प्रभावित क्षेत्रलाई कर्णाली प्रदेश भनिन्छ । कर्णाली नदीका सात प्रमुख सहायक नदीहरू हुम्ला कर्णाली, मुगु कर्णाली, ठूली भेरी, सानी भेरी, तिला, बुढीगङ्गा र सेती नदी हुन्। यसलाई नेपालको सबैभन्दा लामो नदी पनि भनिन्छ। यो नदी भारतमा पुगेपछि घाघँरा र सरयू नामले समेत चिनिन्छ । यो नदी करिब ४२,००० वर्ग.कि.मि. क्षेत्रफल समेटेर बग्दछ। नेपालभित्र करिब ५०७ कि.मि. लामो यस नदीको विद्युत् उत्पादन क्षमता ३२,००० मे.वा. रहेको मानिएको छ। यो नदीको औसत जलप्रवाह क्षमता प्रतिसेकेन्ड १,३१६ क्यु.मि. रहेको छ ।

### १.२.३ हावापानीका आधारमा नेपालको विभाजन

नेपालको हावापानीलाई भौगोलिक बनावट र उचाइका आधारमा पाँच प्रकारका हावापानीमा विभाजन गर्न सकिन्छ :

**(क) उपोष्ण मनसुनी हावापानी (Sub Tropical Monsoon Climate)**

अर्धउष्ण र उपोष्ण हावापानी भनिने यस्तो हावापानी नेपालको तराई, भाबर, दून र चुरे क्षेत्रको १,२०० मिटर (४,००० फिट) सम्मको उचाइमा पाइन्छ । ग्रीष्मयाममा यहाँको तापमान ३८ देखि ४२ डिग्री सेन्टिग्रेडसम्म पुग्दछ भने शीतकालमा १५ देखि ५ डिग्रीसम्म ओर्लिन्छ । वर्षा ऋतुमा हिन्द महासागरको बङ्गालको खाडीबाट आउने मनसुनी हावाले वर्षा गराउने गर्दछ । वर्षा सामान्यता पूर्वबाट पश्चिम घट्दै जाने र उत्तरबाट दक्षिण बढ्दै जाने भएबाट पूर्वी तराईभन्दा पश्चिमी तराई प्रदेशमा अधिक गर्मी हुन्छ । विशेषतः भैरहवा, नेपालगन्ज तथा कैलालीलगायतका तराई क्षेत्रमा अधिक गर्मी हुन्छ । यसैगरी दाङ, सुर्खेतजस्ता भित्री मधेसमा पनि गर्मी धेरै नै हुन्छ ।

**(ख) न्यानो समशीतोष्ण हावापानी (Warm Temperate Climate)**

चुरे पहाड र महाभारत पर्वतको १,२०० देखि २,१०० मिटर (४,०००-७,००० फिट) सम्मको उचाइमा पाइने यस प्रकारको हावापानीमा ग्रीष्मयाममा न्यानो हुन्छ भने शिशिरमा बढी ठन्डा हुन्छ । ग्रीष्म ऋतुमा तापक्रम २४ देखि ३१ डिग्री सेन्टिग्रेडसम्म पुग्छ भने हिउँदमा ० डिग्री से. सम्म ओर्लिन्छ । नेपालमा पानी पार्ने मनसुनी हावा दक्षिणी भागबाट बग्ने हुँदा दक्षिणको भिरालो ठाउँमा २५० सेन्टिमिटरसम्म वर्षा हुन्छ भने उत्तरतर्फको भिरालो पाखामा १०० सेन्टिमिटरसम्म वर्षा हुन्छ ।

**(ग) ठन्डा समशीतोष्ण हावापानी (Cool Temperate Climate)**

महाभारत पर्वत शृङ्खलाको २,१०० देखि ३,३५० मिटर (७,०००-११,००० फिट) सम्मको उचाइमा पाइने यस्तो हावापानीमा ग्रीष्म ऋतुमा न्यानो हुन्छ भने हिउँदमा निकै जाडो हुन्छ । यहाँको तापक्रम ग्रीष्ममा १५° देखि २०° सेन्टिग्रेडसम्म पुग्दछ भने हिउँदमा ०° सेन्टिग्रेडसम्म ओर्लिन्छ । यहाँ वर्षमा १० सेन्टिमिटरसम्म पानी पर्दछ भने हिउँदमा हिउँ वर्षिन्छ । न्यून तापक्रम र न्यून वर्षाको कारणले यहाँ खेतिपाती अत्यन्तै कम हुन्छ । यहाँको जनजीवन कष्टकर भए पनि स्वास्थ्यको दृष्टिले यस्तो हावापानी उपयुक्त मानिन्छ ।

**(घ) लेकाली हावापानी (Alpine Climate)**

नेपालमा समुद्री सतहदेखि ३,३५० देखि ५,००० मिटर (११,०००-१६,००० फिट) उचाइसम्मको हिमाली क्षेत्रको ठन्डा हावापानीलाई लेकाली हावापानी भनिन्छ । यहाँको तापक्रम चैत, वैशाख, जेठमा १०° सेन्टिग्रेडसम्म पुग्दछ भने अरू समयमा (९ महिनाजति) ० डिग्री सेन्टिग्रेडभन्दा तल नै रहन्छ । यहाँ वर्षामा

३० मिलिमिटरसम्म वर्षा हुन्छ । यहाँ खेतीपाती हुँदैन, तर यहाँका ठुला हिमाली फाँटहरूमा पशुचरन गराइने हुँदा यो ठाउँ पशुपालन र पर्यटकीय गतिविधि सञ्चालनका लागि उपयुक्त छ ।

(ङ) **ध्रुवीय वा हिमाली हावापानी (Tundra Climate)**

हिमाली क्षेत्रको अत्यन्तै चिसो र शुष्क हावापानीलाई हिमाली, ध्रुवीय वा टुन्ड्रा हावापानी भनिन्छ । यहाँ सधैँजसो हिमपात भइरहन्छ भने वर्षाका रूपमा हिउँ नै पर्दछ । ५,००० हजार मि. (१६००० फिट) भन्दा माथिको भूभागको तापक्रम शून्य डिग्री सेन्टिग्रेडभन्दा कम हुने हुँदा यहाँ मध्याह्नपछि हिउँको भीषण हुरी चल्दछ । यहाँको हावापानीलाई हिमाली मरुभूमि जलवायु पनि भन्ने गरिन्छ ।

### १.३ **नेपालको राजनीतिक विभाजन** (**सङ्घ, प्रदेश र स्थानीय** तह)

#### १.३.१ **सङ्घ**

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था छ । सङ्घीय संरचनाको सबैभन्दा माथिल्लो एकाइको रूपमा रहने सङ्घीय तहलाई सङ्घका रूपमा परिभाषित गरिएको छ। सङ्घीय सरकारलाई नेपाल सरकारको नामले पनि चिनिन्छ। नेपालको संविधानले अनुसूची ५ मा सङ्घको अधिकारको सूचीको व्यवस्था गरेको छ। त्यस्तो अधिकारको प्रयोग संविधान र सङ्घीय कानुनबमोजिम हुने छ । त्यसैगरी अनुसूची ७ मा भएको साझा अधिकारको सूची र अनुसूची ९बमोजिमको सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीको प्रयोग पनि सङ्घमार्फत हुने गर्दछ । साथै, अवशिष्ट अधिकारको प्रयोग सङ्घीय सरकारले गर्ने व्यवस्था गरेको छ ।

#### १.३.२ **प्रदेश**

संविधानबमोजिम सङ्घीय एकाइमा विभाजन गरिएको नेपालको सङ्घीय एकाइको क्षेत्र र स्वरूपलाई प्रदेशका रूपमा परिभाषित गरिएको छ। नेपालको संविधानको अनुसूची ४ बमोजिम ७ प्रदेश र सम्बन्धित प्रदेशमा रहने जिल्लाहरूको बारेमा स्पष्ट गरेको छ । जसअनुसार सात प्रदेशलाई निम्नबमोजिम सङ्क्षिप्त चर्चा गरिएको छ :

**कोशी प्रदेश**

यस प्रदेशको पूर्वतर्फ भारतको पश्चिम बंगाल र सिक्किम राज्य, दक्षिणतर्फ बिहार राज्य, उत्तरतर्फ चीनको स्वशासित क्षेत्र तिब्बत तथा पश्चिमतर्फ मधेस प्रदेश र बागमती प्रदेश पर्दछन्। कोशी प्रदेशमा ताप्लेजुङ, पाँचथर, इलाम, सङ्खुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ, सोलुखुम्बु, ओखलढुङ्गा, उदयपुर, झापा, मोरङ र सुनसरी गरी १४ जिल्ला रहेका छन् । यस प्रदेशको ठुलो जिल्ला ताप्लेजुङ (३,६४६ वर्ग कि.मि.) र सानो जिल्ला तेह्रथुम (६७९ वर्ग कि.मि.) रहेका छन् । हाल यस प्रदेशको राजधानी विराटनगर (मोरङ) रहेको छ ।

राष्ट्रिय जनगणना २०७८ का अनुसार यस प्रदेशमा ११,९१,५५६ परिवार सङ्ख्या छ भने कुल जनसङ्ख्या ४९,६१,४१२ (पुरुष २४,१७,३२८ र महिला २५,४४,०८४ रहेको छ । जातीय तथा भाषिक विविधता रहेको यस प्रदेशमा मुख्य रूपमा ब्राह्मण, क्षेत्री, राई, लिम्बू, थारू, लेप्चा, तामाङ, गुरुङ, मेचे, कोचे, यादव, राजवंशीलगायतका जातिहरूको बसोवास रहेको छ भने नेपाली, मैथिली, किराँती, तामाङ, लिम्बू, गुरुङ, लेप्चा, मगर र थारू भाषा मुख्य रूपमा बोलिन्छन् ।

**मधेस प्रदेश**

यस प्रदेशको पूर्वतर्फ कोशी प्रदेश, दक्षिणतर्फ भारत, उत्तरतर्फ कोशी प्रदेश र बागमती प्रदेश र पश्चिमतर्फ बागमती प्रदेश रहेका छन् । मधेस प्रदेशमा सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा गरी आठ जिल्ला रहेका छन् । यस प्रदेशको ठुलो जिल्ला सप्तरी (१,३६३ वर्ग कि.मि.) र सानो जिल्ला महोत्तरी (१,००२ वर्ग कि.मि.) हुन् । यस प्रदेशको राजधानी जनकपुर (धनुषा) रहेको छ ।

राष्ट्रिय जनगणना २०७८ का अनुसार यस प्रदेशमा ११,५६,७१५ परिवार सङ्ख्या छ भने कुल जनसङ्ख्या ६१,१४,६०० (पुरुष ३०,६५,७५१ र महिला ३०,४८,८४९ रहेको छ । जातीय तथा भाषिक विविधता रहेको यस प्रदेशमा मुख्य रूपमा यादव, गुप्ता, दास, थारू, राजवंशी, मुसलमान लगायतका जातिहरूको बसोवास रहेको छ, भने मैथिली, बज्जिका, अवधी, उर्दू, हिन्दी, थारू र नेपाली आदि भाषा बोलिन्छन् ।

**बागमती प्रदेश**

यस प्रदेशको पूर्वतर्फ कोशी प्रदेश, पश्चिमतर्फ गण्डकी प्रदेश, उत्तरमा चीन र दक्षिणतर्फ मधेस प्रदेश र भारत रहेका छन् । बागमती प्रदेशमा दोलखा, रामेछाप, सिन्धुली, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ, चितवन, मकवानपुर, भक्तपुर, ललितपुर, काठमाडौँ गरी १३ जिल्ला रहेका छन् ।

यस प्रदेशको ठुलो जिल्ला सिन्धुपाल्चोक (२,५४२ वर्ग कि.मि.) र सानो जिल्ला भक्तपुर (११९ वर्ग कि.मि.) रहेका छन् । यस प्रदेशको राजधानी हेटौँडा (मकवानपुर) रहेको छ ।

राष्ट्रिय जनगणना २०७८ का अनुसार यस प्रदेशमा १५,७०,९२७ परिवार सङ्ख्या छ भने कुल जनसङ्ख्या ६१,१६,८६६ (पुरुष ३०,४८,६८४ र महिला ३०,६८,१८२ रहेको छ । जातीय तथा भाषिक विविधता रहेको यस प्रदेशमा मुख्य रूपमा तामाङ, ब्राह्मण, क्षेत्री, नेवारलगायतका जातिहरूको बसोवास रहेको छ भने नेपाली, नेवारी, तामाङ भाषा मुख्य रूपमा बोलिन्छन् ।

**गण्डकी प्रदेश**

गण्डकी प्रदेशको पूर्वतर्फ बागमती प्रदेश, पश्चिमतर्फ कर्णाली प्रदेश र लुम्बिनी प्रदेश, उत्तरमा चीन र दक्षिणतर्फ लुम्बिनी प्रदेश र भारतको बिहार राज्यसँग सिमाना जोडिएको छ ।

गण्डकी प्रदेशमा गोरखा, लमजुङ, तनहुँ, कास्की, मनाङ, मुस्ताङ, पर्वत, स्याङ्जा, म्याग्दी, बागलुङ र नवलपरासी (बर्दघाट सुस्तापूर्व) गरी ११ जिल्ला रहेका छन् । यस प्रदेशको ठुलो जिल्ला गोर्खा (३,६१० वर्ग कि.मि.) र सानो जिल्ला पर्वत (४९४ वर्ग कि.मि.) रहेका छन् । यस प्रदेशको राजधानी पोखरा (कास्की) रहेको छ ।

राष्ट्रिय जनगणना २०७८ का अनुसार यस प्रदेशमा ६,६२,४८० परिवार सङ्ख्या छ भने कुल जनसङ्ख्या २४,६६,४२७ (पुरुष ११,७०,८३३ र महिला १२,९५,५९४ रहेको छ । जातीय तथा भाषिक विविधता रहेको यस प्रदेशमा मुख्य रूपमा ब्राह्मण, क्षेत्री, गुरुङ, मगरलगायतका जातिहरूको बसोवास रहेको छ भने नेपाली, गुरुङ, मगर भाषा मुख्य रूपमा बोलिन्छन् ।

**लुम्बिनी प्रदेश**

यस प्रदेशको पूर्वतर्फ गण्डकी प्रदेश, पश्चिमतर्फ कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश उत्तरतर्फ गण्डकी प्रदेश र कर्णाली प्रदेश र दक्षिणतर्फ भारत पर्दछ ।

लुम्बिनी प्रदेशमा नवलपरासी (बर्दघाट सुस्तापश्चिम), रूपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रुकुम (पूर्वी भाग), रोल्पा, प्युठान, दाङ, बाँके र बर्दिया गरी १२ जिल्ला रहेका छन् । यस प्रदेशको ठुलो जिल्ला दाङ (२,९५५ वर्ग कि.मि.) र सानो जिल्ला नवलपरासी बर्दघाट सुस्तापश्चिम (६३४.८८ वर्ग कि.मि.) रहेका छन् । यस प्रदेशको राजधानी भालुवाङ (दाङ) रहेको छ

राष्ट्रिय जनगणना २०७८ का अनुसार यस प्रदेशमा ११,४१,९०२ परिवार सङ्ख्या छ भने कुल जनसङ्ख्या ५१,२२,०७८ (पुरुष २४,५४,४०८ र महिला २६,६७,६७० रहेको छ । जातीय तथा भाषिक विविधता रहेको यस प्रदेशमा मुख्य रूपमा ब्राह्मण, क्षेत्री, मगर, थारू, तामाङ, नेपाल, मुसलमानलगायतका जातिहरूको बसोवास छ भने नेपाली, थारू, अवधि, भोजपुरी, उर्दू, मगर भाषा मुख्य रूपमा बोलिन्छन् ।

**कर्णाली प्रदेश**

कर्णाली प्रदेशको पूर्वतर्फ गण्डकी प्रदेश र लुम्बिनी पर्दछ । पश्चिमतर्फ सुदूरपश्चिम प्रदेश र चीन, उत्तरतर्फ चीन र दक्षिणतर्फ लुम्बिनी, सुदूरपश्चिम प्रदेश रहेको छ ।

कर्णाली प्रदेशमा रुकुम (पश्चिम), सल्यान, डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट, जाजरकोट, दैलेख र सुर्खेत गरी १० जिल्ला रहेका छन् । यस प्रदेशको ठुलो जिल्ला डोल्पा (७,८८९ वर्ग कि.मि.) र सानो जिल्ला रुकुम पश्चिम (१,२१३.४९ वर्ग कि.मि.) रहेका छन् । यस प्रदेशको राजधानी वीरेन्द्रनगरको सुर्खेतमा रहेको छ ।

राष्ट्रिय जनगणना २०७८ का अनुसार यस प्रदेशमा ३,६६,२५५ परिवार सङ्ख्या छ भने कुल जनसङ्ख्या १६,८८,४१२ (पुरुष ८,२३,७६१ र महिला ८,६४,६५१ रहेको छ । जातीय तथा भाषिक विविधता रहेको यस प्रदेशमा मुख्य रूपमा ब्राह्मण, ठकुरी, क्षेत्री, शेर्पा, गुरुङ, मगरलगायतका जातिहरूको बसोवास रहेको छ भने नेपाली, गुरुङ, मगर भाषा मुख्य रूपमा बोलिन्छन् ।

**सुदूरपश्चिम प्रदेश**

सुदूरपश्चिम प्रदेशको पूर्वतर्फ कर्णाली प्रदेश र लुम्बिनी प्रदेश, पश्चिमतर्फ भारत, उत्तरतर्फ कर्णाली प्रदेश र चीन तथा दक्षिणतर्फ भारत पर्दछ ।

सुदूरपश्चिम प्रदेशमा बाजुरा, बझाङ, डोटी, अछाम, दार्चुला, बैतडी, डडेलधुरा, कञ्चनपुर र कैलाली गरी ९ जिल्ला रहेका छन् । यस प्रदेशको ठुलो जिल्ला बझाङ (३,४२२ वर्ग कि.मि.) र सानो जिल्ला बैतडी (१,५१९ वर्ग कि.मि.) रहेका छन् । यस प्रदेशको राजधानी गोदावरी (कैलाली) रहेको छ ।

राष्ट्रिय जनगणना २०७८ का अनुसार यस प्रदेशमा ५,७७,१०२ परिवार सङ्ख्या छ भने कुल जनसङ्ख्या २६,९४,७८३ (पुरुष १२,७२,७८६ र महिला १४,२१,९९७ रहेको छ । जातीय तथा भाषिक विविधता रहेको यस प्रदेशमा मुख्य रूपमा ब्राह्मण, क्षेत्री, ठकुरी, थारू जातिहरूको बसोवास रहेको छ भने डोटेली, खस, थारू भाषा मुख्य रूपमा बोलिन्छन् ।

### १.३.३ नेपालका स्थानीय तह

नेपाल सरकारले नेपाललाई ७५३ स्थानीय तहमा विभाजन गरेको छ । जसअनुसार महानगरपालिका ६, उपमहानगरपालिका ११, नगरपालिका २७६ र गाउँपालिका ४६० रहेका छन् ।

**तालिका नं. १.५**
**महानगरपालिका**

| स्थानीय तह | २०७८ | | | | | |
|---|---|---|---|---|---|---|
| | परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धिदर (%) | जनघनत्व |
| काठमाडौँ महानगरपालिका | २३८९६६ | ८६२४०० | ३.६१ | १०३.३३ | -१.१८ | १७४४० |
| ललितपुर महानगरपालिका | ७७१५९ | २९४०९८ | ३.८१ | ९९.५७ | ०.३० | ८१४२ |
| भरतपुर महानगरपालिका | ९६५९१ | ३६९२६८ | ३.८२ | ९३.९७ | २.६४ | ८५३ |
| पोखरा महानगरपालिका | १४०४५९ | ५१३५०४ | ३.६६ | ९३.०४ | २.३३ | ११०६ |
| वीरगन्ज महानगरपालिका | ४७११४ | २७२३८२ | ५.७८ | १०९.२२ | १.१८ | २०६२ |
| विराटनगर महानगरपालिका | ५६९१९ | २४३९२७ | ४.२९ | ९९.९८ | १.२३ | ३१६८ |

**स्रोत : राष्ट्रिय जनगणना, २०७८**

**तालिका नं. १.६**
**उपमहानगरपालिका**

| स्थानीय तह | २०७८ | | | | | |
|---|---|---|---|---|---|---|
| | परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धिदर (%) | जनघनत्व |
| धरान उपमहानगरपालिका | ४२३९६ | १६६५३१ | ३.९३ | ८८.९८ | १.८२ | ८६६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| इटहरी उपमहानगरपालिका | ५०३५० | १९७२४१ | ३.९२ | ८९.७४ | ३.२५ | २१०३ |
| जितपुर सिमरा उपमहानगरपालिका | २५६५० | १२७३०७ | ४.९६ | १००.८६ | ०.८० | ४०८ |
| कलैया उपमहानगरपालिका | २२१२५ | १३६२२२ | ६.१६ | १०६.८२ | ०.९८ | १२५० |
| जनकपुरधाम उपमहानगरपालिका | ४०४०९ | १९४५५६ | ४.८१ | १०५.२५ | १.७५ | २११५ |
| हेटौँडा उपमहानगरपालिका | ४६५६६ | १९३५७६ | ४.१६ | ९७.७३ | २.२७ | ७४० |
| बुटवल उपमहानगरपालिका | ५०५६५ | १९४३३५ | ३.८४ | ९५.३४ | ३.२३ | १९१३ |
| घोराही उपमहानगरपालिका | ४९७६१ | २००५३० | ४.०३ | ८७.९० | २.४० | ३८४ |
| तुल्सीपुर उपमहानगरपालिका | ४६०१८ | १७९७५५ | ३.९१ | ८९.२३ | २.२९ | ४६७ |
| नेपालगन्ज उपमहानगरपालिका | ३४५६५ | १६४४४४ | ४.७६ | १०१.३० | १.६२ | १९१३ |
| धनगढी उपमहानगरपालिका | ४४७७९ | १९८७९२ | ४.४४ | ९७.५९ | २.८५ | ७५९ |

स्रोत : राष्ट्रिय जनगणना, २०७८

## तालिका नं. १.७
## नगरपालिका र गाउँपालिका
### स्थानीय तहअनुसार परिवार सङ्ख्या र जनसङ्ख्या विवरण

| स्थानीय तह | २०७८ | | | | | |
|---|---|---|---|---|---|---|
| | परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धिदर (%) | जनघनत्व |
| ताप्लेजुङ | | | | | | |
| आठराई त्रिवेणी गाउँपालिका | २८५४ | १२२९६ | ४.३१ | ९७.३७ | -१.१० | १३८ |
| मैवाखोला गाउँपालिका | २२४९ | १०२१३ | ४.५४ | १०१.८४ | -०.७४ | ७४ |
| मेरिङदेन गाउँपालिका | २६६२ | ११८३८ | ४.४५ | ९७.९९ | -०.५६ | ५६ |
| मिक्वाखोला गाउँपालिका | १८४५ | ७९६४ | ४.३२ | ९८.६० | -१.३४ | १८ |
| फक्ताङलुङ गाउँपालिका | २८३२ | ११७९१ | ४.१६ | १०६.७५ | -०.१८ | ६ |
| फुङलिङ नगरपालिका | ६८९८ | २८४४९ | ४.१२ | ९६.६३ | ०.७२ | २२७ |
| सिदिङ्वा गाउँपालिका | २४७६ | १०९७९ | ४.४३ | १०१.५२ | -०.९३ | ५३ |
| सिरिजङ्गा गाउँपालिका | ३२५५ | १४११४ | ४.३४ | १०३.४० | -१.०९ | २९ |
| पाथीभरा याङवरक गाउँपालिका | २७०५ | ११८०६ | ४.३६ | ९८.४९ | -१.३५ | १२६ |
| सङ्खुवासभा | | | | | | |
| भोटखोला गाउँपालिका | १६८४ | ६४३८ | ३.८२ | ९८.८३ | -०.२० | १० |
| चैनपुर नगरपालिका | ६६४८ | २६७९९ | ४.०३ | ९५.९९ | -०.१८ | १२० |
| चिचिला गाउँपालिका | १६६४ | ६५७७ | ३.९५ | ९८.४० | -०.६९ | ७४ |
| धर्मदेवी नगरपालिका | ४०५९ | १६०५३ | ३.९५ | ९५.१० | -१.२२ | १२१ |
| खाँदबारी नगरपालिका | ९३०९ | ३५५६५ | ३.८२ | ९५.३२ | १.२६ | २९० |
| मादी नगरपालिका | ३२८१ | १३२७३ | ४.०५ | ९५.६२ | -०.८३ | १२१ |
| मकालु गाउँपालिका | ३४७६ | १३४२४ | ३.८६ | १०५.८९ | -०.११ | २६ |

| स्थानीय तह | २०७८ | | | | | |
|---|---|---|---|---|---|---|
| | परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धिदर (%) | जनघनत्व |
| **पाँचखपन नगरपालिका** | ४००० | १६३४८ | ४.०९ | ९६.५१ | -०.६७ | ११० |
| **सभापोखरी गाउँपालिका** | २५०७ | ९९७० | ३.९८ | ९९.७२ | -०.४९ | ४५ |
| **सिलीचोङ गाउँपालिका** | २४९० | १०२९६ | ४.१३ | १०२.४८ | -१.३१ | ३५ |
| **सोलुखुम्बु** | | | | | | |
| **थुलुङ दुधकोशी गाउँपालिका** | ४६२४ | १८३५४ | ३.९७ | ९९.५९ | -०.६७ | १२७ |
| **माप्य दुधकोशी गाउँपालिका** | ३१४० | १२६४८ | ४.०३ | १०१.६३ | -०.५६ | ७५ |
| **खुम्बु पासाङल्हामु गाउँपालिका** | २४८९ | ८७२० | ३.५० | १०१.४३ | -०.२९ | ६ |
| **लिखु पिके गाउँपालिका** | १२५१ | ५३३४ | ४.२६ | १००.४५ | -०.३५ | ४३ |
| **महाकुलुङ गाउँपालिका** | २९१२ | ११८४७ | ४.०७ | ९८.२१ | ०.३३ | १८ |
| **नेचासल्यान गाउँपालिका** | २७८३ | ११३८१ | ४.०९ | ९६.७७ | -३.३५ | १६९ |
| **सोलुदुधकुण्ड नगरपालिका** | ६७४४ | २५६७८ | ३.८१ | ९७.४३ | २.२१ | ४५ |
| **सोताङ गाउँपालिका** | २२९६ | ९०२५ | ३.९३ | १०१.४१ | -०.५२ | ८८ |
| **ओखलढुङ्गा** | | | | | | |
| **चम्पादेवी गाउँपालिका** | ४०३४ | १६३११ | ४.०४ | ९२.९६ | -१.२७ | १२९ |
| **चिशंखुगढी गाउँपालिका** | ३३०५ | १३८४४ | ४.१९ | ९६.०९ | -०.८९ | १०९ |
| **खिजीदेम्वा गाउँपालिका** | ३४३८ | १५५५९ | ४.५३ | १०१.३३ | ०.२८ | ८७ |
| **लिखु गाउँपालिका** | ३१६१ | १२१०४ | ३.८३ | ९५.६७ | -१.४३ | १३७ |
| **मानेभञ्ज्याङ गाउँपालिका** | ४७८५ | १९५९७ | ४.१० | ९१.८१ | -०.७० | १३४ |
| **मोलुङ गाउँपालिका** | ४०६९ | १६४४० | ४.०४ | ९५.४१ | ०.१२ | १४७ |
| **सिद्धिचरण नगरपालिका** | ७१२६ | २७३५१ | ३.८४ | ९१.८८ | -०.२२ | १६३ |
| **सुनकोशी गाउँपालिका** | ४३६८ | १७७८३ | ४.०७ | ९५.२० | -०.४१ | १२४ |
| **खोटाङ** | | | | | | |
| **ऐँसेलुखर्क गाउँपालिका** | ३३५५ | १३२१७ | ३.९४ | ९८.४२ | -१.८९ | १०५ |
| **बराहपोखरी गाउँपालिका** | २५६८ | ११३९७ | ४.४४ | ९९.०० | -२.२१ | ८१ |
| **दिप्रुङ चुइचुम्मा गाउँपालिका** | ३८०१ | १६३०५ | ४.२९ | ९७.३५ | -२.०४ | ११९ |
| **हलेसी तुवाचुङ नगरपालिका** | ६०३५ | २७०७८ | ४.४९ | ९७.३६ | -०.८३ | ९७ |
| **जन्तेढुङ्गा गाउँपालिका** | २७४७ | १२०१६ | ४.३७ | ९६.७९ | -२.४१ | ९३ |
| **केपिलासगढी गाउँपालिका** | ३३१८ | १३२३१ | ३.९९ | ९७.६० | -१.३९ | ६९ |
| **खोटेहाङ गाउँपालिका** | ४११५ | १६८४६ | ४.०९ | ९६.२० | -२.७७ | १०३ |
| **रावा बेसी गाउँपालिका** | २७१५ | १११९९ | ४.१२ | ९२.७२ | -१.७० | ११५ |
| **दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका** | १०७६७ | ४३००८ | ३.९९ | ९३.८६ | -०.८३ | १७४ |
| **साकेला गाउँपालिका** | २२९९ | ९६२३ | ४.१९ | १००.५६ | -१.७९ | १२० |

| स्थानीय तह | २०७८ | | | | | |
|---|---|---|---|---|---|---|
| | परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धिदर (%) | जनघनत्व |
| **भोजपुर** | | | | | | |
| **आमचोक गाउँपालिका** | ३४७९ | १४९६८ | ४.३० | ९७.८८ | -२.१५ | ८१ |
| **अरुण गाउँपालिका** | ३५३८ | १४५९१ | ४.१२ | ९५.६९ | -१.८५ | ९४ |
| **भोजपुर नगरपालिका** | ६७४४ | २६००७ | ३.८६ | ९४.६३ | -०.४३ | १६३ |
| **हतुवागढी गाउँपालिका** | ४०३४ | १६१७५ | ४.०१ | ९७.२३ | -२.२३ | ११३ |
| **पौवादुङमा गाउँपालिका** | २९१३ | १२१०७ | ४.१६ | ९३.२८ | -२.३१ | १०२ |
| **रामप्रसाद राई गाउँपालिका** | ३७०९ | १५६७३ | ४.२३ | ९७.४२ | -१.७९ | ९९ |
| **साल्पासिलिछो गाउँपालिका** | २९९८ | १२२८४ | ४.१० | ९८.९० | -०.६३ | ६४ |
| **षडानन्द नगरपालिका** | ७३११ | २९३४२ | ४.०१ | ९८.४७ | -०.७१ | १२२ |
| **टेम्केमैयुङ गाउँपालिका** | ३८५४ | १५४६४ | ४.०१ | ९७.२७ | -१.५७ | ८९ |
| **धनकुटा** | | | | | | |
| **चौबिसे गाउँपालिका** | ४४८० | १७६७७ | ३.९५ | ९४.२७ | -०.८३ | १२० |
| **छथर जोरपाटी गाउँपालिका** | ४१४८ | १६४५६ | ३.९७ | ९३.३७ | -१.०३ | १६० |
| **धनकुटा नगरपालिका** | ९६३७ | ३५९८३ | ३.७३ | ९१.४९ | -०.१७ | ३२४ |
| **सहिदभूमि गाउँपालिका** | ४०९० | १७७६७ | ४.३४ | ९७.६३ | -०.५२ | १७८ |
| **महालक्ष्मी नगरपालिका** | ५४१२ | २२१८२ | ४.१० | ९५.९० | -१.०७ | १७१ |
| **पाख्रीबास नगरपालिका** | ४८४४ | १९१०४ | ३.९४ | ९२.९७ | -१.३९ | १३२ |
| **साँगुरीगढी गाउँपालिका** | ५००५ | १९५६१ | ३.९१ | ९६.२० | -०.९२ | ११८ |
| **तेह्रथुम** | | | | | | |
| **आठराई गाउँपालिका** | ४३७३ | १८१५६ | ४.१५ | ९७.३५ | -१.७३ | १०९ |
| **छथर गाउँपालिका** | ३४७६ | १४१९७ | ४.०८ | ९५.३९ | -१.५७ | १०६ |
| **लालीगुराँस नगरपालिका** | ३७५९ | १५३२९ | ४.०८ | ९३.६५ | -०.९६ | १७० |
| **मेन्छ्यायेम गाउँपालिका** | १७०३ | ६६७८ | ३.९२ | ९४.९८ | -१.८३ | ९५ |
| **म्याङलुङ नगरपालिका** | ४८७२ | १८७५० | ३.८५ | ९४.५८ | -०.४५ | १८७ |
| **फेदाप गाउँपालिका** | ३६६२ | १५१६९ | ४.१४ | ९७.३१ | -१.४८ | १३७ |
| **पाँचथर** | | | | | | |
| **फालेलुङ गाउँपालिका** | ४९१५ | २०३६१ | ४.१४ | ९८.८० | -०.६९ | ९८ |
| **फाल्गुनन्द गाउँपालिका** | ५२७८ | २१२८९ | ४.०३ | ९५.६३ | -१.१७ | १९८ |
| **हिलिहाङ गाउँपालिका** | ४५८८ | १९०८५ | ४.१६ | ९६.७७ | -१.७५ | १५५ |
| **कुम्मायक गाउँपालिका** | ३१५८ | १२७४६ | ४.०४ | ९७.४३ | -२.२५ | ९९ |
| **मिक्लाजुङ गाउँपालिका** | ५४५९ | २१०६१ | ३.८६ | ९८.५६ | -१.५० | १२६ |
| **फिदिम नगरपालिका** | १२३३६ | ४८४९५ | ३.९३ | ९५.४२ | -०.१४ | २५२ |
| **तुम्वेवा गाउँपालिका** | २७४७ | ११९८९ | ४.०७ | ९९.३८ | -१.७४ | ९५ |

| स्थानीय तह | २०७८ | | | | | |
|---|---|---|---|---|---|---|
| | परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धिदर (%) | जनघनत्व |
| याङवरक गाउँपालिका | ३९५६ | १६८२१ | ४.२५ | १०२.४९ | -०.८० | ८१ |
| **इलाम** | | | | | | |
| चुलाचुली गाउँपालिका | ५६१३ | २३१५७ | ४.१३ | ९५.८६ | १.०२ | २१४ |
| देउमाई नगरपालिका | ७६८६ | ३०९६९ | ४.०३ | ९८.२५ | -०.५९ | १६२ |
| फाकफोकथुम गाउँपालिका | ४८९८ | १९७०६ | ४.०२ | ९८.९५ | -०.८९ | १८१ |
| इलाम नगरपालिका | १२९५२ | ५००८५ | ३.८७ | ९५.०८ | ०.३० | २८९ |
| माईजोगमाई गाउँपालिका | ४९४२ | १९१३१ | ३.८७ | १०३.१३ | -०.९१ | १११ |
| माई नगरपालिका | ७९३९ | ३०७३२ | ३.८७ | ९६.९७ | -०.५६ | १२५ |
| माङसेबुङ गाउँपालिका | ३८८९ | १६८१० | ४.३२ | १०१.७३ | -०.९२ | ११८ |
| रोङ गाउँपालिका | ४५३७ | १७३६७ | ३.८३ | १००.१५ | -०.९३ | ११२ |
| सन्दकपुर गाउँपालिका | ४०१३ | १५४४४ | ३.८५ | १०३.५६ | -०.३८ | ९९ |
| सूर्योदय नगरपालिका | १४०३२ | ५४७२७ | ३.९० | १००.१४ | -०.३४ | २१७ |
| **झापा** | | | | | | |
| अर्जुनधारा नगरपालिका | २०९३५ | ८४०१८ | ४.०१ | ९१.६६ | ३.२० | ७६५ |
| बाह्रदशी गाउँपालिका | ९०३५ | ३७९४६ | ४.२० | ९०.६१ | १.१५ | ४२९ |
| भद्रपुर नगरपालिका | १७३२९ | ७०९१३ | ४.०९ | ९१.५४ | ०.७६ | ७३६ |
| बिर्तामोड नगरपालिका | २९८५२ | ११६१९२ | ३.८९ | ९३.३७ | ३.३६ | १४८५ |
| बुद्धशान्ति गाउँपालिका | १३२८५ | ५३०१० | ३.९९ | ९१.०३ | २.३३ | ६६४ |
| दमक नगरपालिका | २७५६९ | १०७२२७ | ३.८९ | ९०.०९ | ३.४२ | १५१३ |
| गौरादह नगरपालिका | १४८४६ | ६०४५१ | ४.०७ | ९०.३६ | १.२६ | ४०३ |
| गौरीगन्ज गाउँपालिका | ८५४७ | ३५५०६ | ४.१५ | ९०.९० | ०.६९ | ३५० |
| हल्दीबारी गाउँपालिका | ७८७८ | ३२७२२ | ४.१५ | ९१.२३ | १.१८ | २७९ |
| झापा गाउँपालिका | ८५१५ | ३९३०२ | ४.६२ | ९३.१५ | १.२२ | ४१८ |
| कचनकवल गाउँपालिका | ९९४६ | ४१३१७ | ४.१५ | ८९.८८ | ०.४२ | ३७७ |
| कमल गाउँपालिका | १३१६५ | ५३८९४ | ४.०९ | ८९.३१ | १.८७ | ५१५ |
| कन्काई नगरपालिका | १३१६९ | ५३१४८ | ४.०४ | ९०.१० | २.६९ | ६५६ |
| मेचीनगर नगरपालिका | ३२६९५ | १३३०७३ | ४.०७ | ९२.६६ | १.६८ | ६९० |
| शिवसताक्षी नगरपालिका | १८२५३ | ७४०७७ | ४.०६ | ८९.३५ | १.३१ | ५०८ |
| **मोरङ** | | | | | | |
| बेलबारी नगरपालिका | २०४५९ | ८१७७१ | ४.०० | ८८.०९ | २.०७ | ६१६ |
| बुढीगङ्गा गाउँपालिका | १२३६० | ५१४९७ | ४.१७ | ९६.६३ | २.०५ | ९१३ |
| धनपालथान गाउँपालिका | ९९२५ | ४५३४८ | ४.५७ | ९५.८७ | १.३५ | ६४५ |
| ग्रामथान गाउँपालिका | ९३७७ | ३६०२४ | ३.८४ | ९४.४४ | ०.९२ | ५०१ |

| स्थानीय तह | २०७८ | | | | | |
|---|---|---|---|---|---|---|
| | परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धिदर (%) | जनघनत्व |
| जहदा गाउँपालिका | ९८६९ | ४७६३९ | ४.८३ | १०१.८३ | १.२५ | ७६४ |
| कानेपोखरी गाउँपालिका | १०६६३ | ४३१९३ | ४.०५ | ८९.५४ | १.२२ | ५२१ |
| कटहरी गाउँपालिका | १०४९५ | ४८५१० | ४.६२ | १००.७२ | १.९१ | ९४० |
| केराबारी गाउँपालिका | ८५७३ | ३४५०४ | ४.०२ | ९०.७५ | १.२१ | १५७ |
| लेटाङ नगरपालिका | ९३५७ | ३८१५२ | ४.०८ | ८९.६८ | १.६७ | १७४ |
| मिक्लाजुङ गाउँपालिका | ८३०९ | ३३१६७ | ३.९९ | ९१.९५ | १.३९ | २०९ |
| पथरी शनिश्चरे नगरपालिका | १७९८० | ७२४५१ | ४.०३ | ८८.३५ | १.६३ | ९०८ |
| रंगेली नगरपालिका | १३२०६ | ५७४९४ | ४.३५ | ९४.७६ | ०.९६ | ५१४ |
| रतुवामाई नगरपालिका | १४५०८ | ६११३९ | ४.२१ | ९०.२३ | ०.९५ | ४३० |
| सुन्दरहरैंचा नगरपालिका | २९८२६ | १२०२१३ | ४.०३ | ९०.२३ | ३.८५ | १०९१ |
| सुनवर्षी नगरपालिका | १२६८४ | ५६०३४ | ४.४२ | ९२.९६ | ०.९५ | ५२७ |
| उर्लाबारी नगरपालिका | १७६५० | ७०९०८ | ४.०२ | ८८.८३ | २.४९ | ९५० |
| सुनसरी | | | | | | |
| बराहक्षेत्र नगरपालिका | २१८२७ | ९१०८७ | ४.१७ | ८९.४१ | १.५६ | ४१० |
| बर्जु गाउँपालिका | ७९२२ | ३६२४९ | ४.५८ | १००.४९ | १.४५ | ५२२ |
| भोक्राहा नरसिंह गाउँपालिका | ८९३२ | ४९२८० | ५.५२ | ९७.२२ | १.८८ | ७७८ |
| देवानगन्ज गाउँपालिका | ७८०५ | ३९०३० | ५.०० | ९९.७२ | १.०३ | ७२९ |
| दुहबी नगरपालिका | १५०३० | ६६०७४ | ४.४० | ९८.५६ | १.५५ | ८६२ |
| गढी गाउँपालिका | ८५६५ | ३८७३९ | ४.५२ | ९७.२२ | १.०१ | ५७२ |
| हरिनगर गाउँपालिका | ८७३८ | ४९८४५ | ५.७० | ९७.१९ | १.९१ | ९५३ |
| इनरुवा नगरपालिका | १६०२९ | ७४९१४ | ४.६७ | ९५.९८ | १.५७ | ९६१ |
| कोशी गाउँपालिका | ९१६९ | ४८८०४ | ५.३२ | ९९.६४ | १.०८ | ६४२ |
| रामधुनी नगरपालिका | १५६४४ | ६३४५२ | ४.०६ | ८८.६७ | १.९६ | ६९२ |
| उदयपुर | | | | | | |
| बेलका नगरपालिका | १२१५८ | ५१०४३ | ४.२० | ९१.५८ | १.७८ | १४८ |
| चौदण्डीगढी नगरपालिका | १२७०३ | ५३६३१ | ४.२२ | ८८.३५ | ०.९५ | १८९ |
| कटारी नगरपालिका | १४१०६ | ५९५०७ | ४.२२ | ९४.२२ | ०.५६ | १४० |
| रौतामाई गाउँपालिका | ४५७२ | २०३२४ | ४.४५ | ९६.३५ | -१.३९ | १०० |
| लिम्चुङबुङ गाउँपालिका | २२२७ | ९६८९ | ४.३५ | ९७.७८ | -२.०५ | ९१ |
| ताप्ली गाउँपालिका | २८६२ | १३३४४ | ४.६६ | ९८.१० | -०.८४ | ११२ |
| त्रियुगा नगरपालिका | २५६२३ | १०२७२५ | ४.०१ | ८९.३१ | १.५३ | १८८ |
| उदयपुरगढी गाउँपालिका | ६८०० | २८९२६ | ४.२५ | ९५.०६ | -०.५८ | १०७ |

| स्थानीय तह | २०७८ | | | | | |
|---|---|---|---|---|---|---|
| | परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धिदर (%) | जनघनत्व |
| सप्तरी | | | | | | |
| अग्निसाइर कृष्णसवरन गाउँपालिका | ६५८१ | ३१६३४ | ४.८१ | ९४.९८ | १.४७ | ३०७ |
| बलान बिहुल गाउँपालिका | ४९४८ | २३५२७ | ४.७५ | १०१.०२ | ०.७२ | ७१२ |
| राजगढ गाउँपालिका | ६६७५ | ३२४६२ | ४.८६ | ९८.६१ | ०.९३ | ६७७ |
| विष्णुपुर गाउँपालिका | ५४६५ | २७७०३ | ५.०७ | १०३.६४ | १.७७ | ७५७ |
| बोदेबरसाइन नगरपालिका | ९७२२ | ४६०१७ | ४.७३ | ९९.२२ | ०.६० | ७८१ |
| छिन्नमस्ता गाउँपालिका | ६१७० | २९९४६ | ४.८५ | १०१.७१ | ०.५१ | ७७४ |
| डाक्नेश्वरी नगरपालिका | १०००२ | ४७७३९ | ४.७७ | ९८.५१ | १.०६ | ६९१ |
| हनुमाननगर कङ्कालिनी नगरपालिका | १०६४५ | ५२७९६ | ४.९६ | १०२.८२ | १.३८ | ४४७ |
| कञ्चनरूप नगरपालिका | १२५३५ | ५८४६६ | ४.६६ | ९६.०२ | ०.८९ | ४९८ |
| खडक नगरपालिका | ११०६९ | ५२७७८ | ४.७७ | ९३.३४ | १.४५ | ५४५ |
| महादेवा गाउँपालिका | ६२७९ | ३०३१५ | ४.८३ | १००.८९ | ०.५८ | ८६७ |
| राजविराज नगरपालिका | १४१३३ | ७०८०३ | ५.०१ | १०५.११ | ०.३३ | १२७३ |
| रूपनी गाउँपालिका | ६३२४ | २९८७७ | ४.७२ | ९७.१३ | १.१९ | ५३३ |
| सप्तकोशी नगरपालिका | ५२१८ | २३५१० | ४.५१ | ९४.११ | १.०२ | ३९० |
| शम्भुनाथ नगरपालिका | ८६७९ | ३९६३४ | ४.५७ | ९२.१४ | १.१४ | ३६५ |
| सुरुङ्गा नगरपालिका | १०४८७ | ४९४६० | ४.७२ | ९२.११ | १.०७ | ४६२ |
| तिलाठी कोइलाडी गाउँपालिका | ६७६८ | ३३६५८ | ४.९७ | १०३.६५ | ०.५६ | १०२३ |
| तिरहुत गाउँपालिका | ५११६ | २४०३४ | ४.७० | १००.६५ | ०.८४ | ६३६ |
| सिराहा | | | | | | |
| अर्नमा गाउँपालिका | ५१७९ | २७८९९ | ५.३९ | ९५.०० | १.८९ | ७३९ |
| औरही गाउँपालिका | ५४६९ | २६४७८ | ४.८४ | ९८.९० | १.३३ | ७३८ |
| बरियारपट्टी गाउँपालिका | ५६८६ | २९७१२ | ५.२३ | ९८.१३ | १.५६ | ७८८ |
| भगवानपुर गाउँपालिका | ४६०६ | २३३८० | ५.०८ | ९६.४९ | १.०५ | ७०८ |
| विष्णुपुर गाउँपालिका | ४५६६ | २२७८१ | ४.९९ | ९८.७९ | १.९९ | ८६५ |
| धनगढीमाई नगरपालिका | १०८४२ | ५३३५५ | ४.९२ | ९५.३२ | १.१३ | ३३४ |
| गोलबजार नगरपालिका | १३१३३ | ६३८८५ | ४.८६ | ९७.९५ | १.९५ | ५७१ |
| कल्याणपुर नगरपालिका | ११८३५ | ५८८७२ | ४.९७ | ९१.९३ | १.७० | ७६६ |
| कर्जन्हा नगरपालिका | ८२८९ | ३८५५७ | ४.६५ | ९३.६८ | २.१० | ५०२ |
| लहान नगरपालिका | २०५७७ | १०२०३१ | ४.९६ | ९८.२६ | १.०२ | ६१० |
| लक्ष्मीपुर पतारी गाउँपालिका | ६०४४ | ३१११८ | ५.१५ | ९३.८८ | ०.९९ | ७३५ |
| मिर्चैया नगरपालिका | १२२५० | ५९४२५ | ४.८५ | ९९.०५ | १.८७ | ६४६ |
| नरहा गाउँपालिका | ४३७३ | २२७६० | ५.२० | ९७.९८ | १.५५ | ७७७ |

| स्थानीय तह | २०७८ | | | | | |
|---|---|---|---|---|---|---|
| | परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धिदर (%) | जनघनत्व |
| नवराजपुर गाउँपालिका | ४२२६ | २०७८८ | ४.९२ | ९६.१३ | ०.८५ | ६४६ |
| सखुवानान्कारकट्टी गाउँपालिका | ४२३६ | २०८४४ | ४.९२ | ९५.९४ | १.११ | ६३५ |
| सिराहा नगरपालिका | १८९१७ | ९५४१० | ५.०४ | ९६.०९ | १.३९ | १०१३ |
| सुखीपुर नगरपालिका | ८३२१ | ४२०३३ | ५.०५ | ९७.७५ | १.२५ | ७६७ |
| धनुषा | | | | | | |
| औरही गाउँपालिका | ४७९३ | २४०५३ | ५.०२ | ९४.५४ | ०.६१ | ९४१ |
| बटेश्वर गाउँपालिका | ४६४७ | २१७४२ | ४.६८ | ९७.०५ | ०.०९ | ६८७ |
| विदेह नगरपालिका | ७६७१ | ३७६९७ | ४.९१ | ९२.८९ | १.४९ | ८२८ |
| क्षिरेश्वरनाथ नगरपालिका | १०७३३ | ५१०७५ | ४.७६ | १००.३० | १.९२ | १००४ |
| धनौजी गाउँपालिका | ४४०८ | २१९४२ | ४.९८ | ९२.७१ | ०.२४ | ९९२ |
| धनुषाधाम नगरपालिका | १०५८८ | ५२०२४ | ४.९१ | ९३.८४ | १.२७ | ५६८ |
| गणेशमान चारनाथ नगरपालिका | ९१६७ | ४४०८२ | ४.८१ | ९४.५६ | १.८५ | १८० |
| हंसपुर नगरपालिका | ८८९० | ४४९४९ | ५.०६ | ९४.४६ | १.५६ | ९२३ |
| जनकनन्दिनी गाउँपालिका | ५३७९ | २७१४६ | ५.०५ | ९१.४० | ०.६६ | ९८३ |
| कमला नगरपालिका | ८९७९ | ४४५९७ | ४.९७ | ९३.५८ | १.३८ | ६७७ |
| लक्ष्मीनिया गाउँपालिका | ६३०१ | ३१८८१ | ५.०६ | ९८.८३ | १.१६ | १०४० |
| मिथिला बिहारी नगरपालिका | ७६५४ | ३८२७३ | ५.०० | ९७.७२ | १.२६ | १०१८ |
| मिथिला नगरपालिका | १०६५६ | ४८६७६ | ४.५७ | ९९.८० | ०.७२ | २५९ |
| मुखियापट्टी मुसहरमिया गाउँपालिका | ५४३१ | २८२०८ | ५.१९ | १००.९३ | ०.९८ | १०५१ |
| नगराइन नगरपालिका | ७९२१ | ३८०३७ | ४.८० | ९५.७० | ०.६४ | ९७५ |
| सबैला नगरपालिका | १२३४० | ६२२८२ | ५.०५ | ९३.४९ | १.६६ | ९६६ |
| सहिदनगर नगरपालिका | ११९२४ | ५३८१२ | ४.८४ | ९४.९४ | १.२१ | ९३८ |
| महोत्तरी | | | | | | |
| औरही नगरपालिका | ७०४२ | ३७३६१ | ५.३१ | १००.३३ | १.५३ | १०४५ |
| बलवा नगरपालिका | ९४३७ | ४९४७३ | ५.२४ | ९६.३५ | १.४९ | ११२३ |
| बर्दिबास नगरपालिका | १६८२४ | ७४३६१ | ४.४२ | ९७.५१ | १.४१ | २३६ |
| भँगाहा नगरपालिका | १०९१५ | ५५३५४ | ५.०७ | ९३.४१ | १.६२ | ७१७ |
| एकडारा गाउँपालिका | ५९३८ | ३१७७० | ५.३५ | १००.३२ | ०.७७ | १३२४ |
| गौशाला नगरपालिका | १४४४६ | ७२४८१ | ५.०२ | १००.०५ | ०.८० | ५०१ |
| जलेश्वर नगरपालिका | १२३८० | ६३८०२ | ५.१५ | ९६.८५ | ०.९९ | १४४२ |
| लोहरपट्टी नगरपालिका | ९१३३ | ४५७७३ | ५.०१ | ९२.११ | १.३२ | ९१४ |
| महोत्तरी गाउँपालिका | ५६८७ | २८८०७ | ५.०७ | ९४.७१ | ०.४७ | १०२६ |
| मनरा शिसवा नगरपालिका | १००५० | ५२१९१ | ५.१९ | ९६.८६ | ०.४७ | १०४९ |

| स्थानीय तह | २०७८ | | | | | |
|---|---|---|---|---|---|---|
| | परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धिदर (%) | जनघनत्व |
| मटिहानी नगरपालिका | ६७०९ | ३६१३६ | ५.३९ | ९४.४५ | १.४६ | १२४५ |
| पिपरा गाउँपालिका | ८३०२ | ४०५३५ | ४.८८ | १००.२५ | १.२७ | १०१४ |
| रामगोपालपुर नगरपालिका | ६६०६ | ३६२०१ | ५.४८ | ९९.९० | १.६७ | ९१६ |
| साम्सी गाउँपालिका | ६८१५ | ३८५८५ | ५.६६ | ९४.१६ | १.२७ | १७८९ |
| सोनमा गाउँपालिका | ७६०२ | ४३०८२ | ५.६७ | १०३.६० | १.०२ | ७४६ |
| सर्लाही | | | | | | |
| बागमती नगरपालिका | १०७६८ | ४७१०६ | ४.३७ | ९५.५३ | १.४७ | ४६६ |
| बलरा नगरपालिका | ८६२२ | ४७९१२ | ५.५६ | १०७.०४ | ०.५६ | ९८७ |
| बरहथवा नगरपालिका | १५३४३ | ८११२० | ५.२९ | १०१.७७ | १.४४ | ७५८ |
| बसबरिया गाउँपालिका | ४५८६ | २५९०५ | ५.६५ | १०४.४९ | ०.९१ | ८८१ |
| विष्णु गाउँपालिका | ५२७२ | २८५७० | ५.४२ | १०७.१५ | १.३८ | १०१७ |
| ब्रह्मपुरी गाउँपालिका | ५९३९ | ३१३७८ | ५.२८ | ९८.४८ | ०.४८ | ९२६ |
| चक्रघट्टा गाउँपालिका | ५०३९ | २९५५० | ५.८६ | १०४.२९ | ०.५३ | ११७४ |
| चन्द्रनगर गाउँपालिका | ६७१३ | ३६९०८ | ५.५० | १०२.७६ | ०.९८ | ७७७ |
| धनकौल गाउँपालिका | ५११२ | २७९७४ | ५.४७ | १०६.२४ | १.१६ | ६०९ |
| गोडैटा नगरपालिका | ९३०३ | ५४२७० | ५.८३ | १०४.२८ | १.२४ | १११६ |
| हरिपुर नगरपालिका | ८३५० | ४३२३३ | ५.१८ | ९५.७० | १.४० | ५०२ |
| हरिपुर्वा नगरपालिका | ७१४० | ३८७१४ | ५.४२ | १०२.०९ | ०.६९ | १२६९ |
| हरिवन नगरपालिका | १०७४० | ४९९८८ | ४.६५ | ९५.४० | १.२४ | ७४८ |
| ईश्वरपुर नगरपालिका | १३५२१ | ६८३७७ | ५.०६ | ९७.८० | १.२६ | ४१७ |
| कविलासी नगरपालिका | ८१३० | ४४२०४ | ५.४४ | १०३.२२ | ०.४१ | ९१९ |
| कौडेना गाउँपालिका | ५४७६ | २८७०२ | ५.२४ | १०१.२२ | ०.९२ | ११३३ |
| लालबन्दी नगरपालिका | १४८७३ | ६६४१९ | ४.४७ | ९८.०५ | १.०७ | २७८ |
| मलंगवा नगरपालिका | १००३३ | ५४५५० | ५.४४ | १०४.३० | १.५३ | १७९२ |
| पर्सा गाउँपालिका | ४४८७ | २४००५ | ५.३५ | १०२.६१ | ०.९९ | १०३८ |
| रामनगर गाउँपालिका | ५३७७ | ३१३६६ | ५.८३ | १०७.५० | ०.८४ | ११८६ |
| रौतहट | | | | | | |
| बौधीमाई नगरपालिका | ६०७८ | ३९३२५ | ६.४७ | १०५.९० | १.६१ | १११३ |
| वृन्दावन नगरपालिका | ८१४२ | ४९७४२ | ६.११ | १००.१९ | १.४६ | ५२१ |
| चन्द्रपुर नगरपालिका | १६८२० | ८१८०७ | ४.८६ | ९७.११ | १.२२ | ३२७ |
| देवाही गोनाही नगरपालिका | ६२२२ | ३८६९० | ६.२२ | ९९.४८ | १.७८ | ११३८ |
| दुर्गा भगवती गाउँपालिका | ४१२४ | २२८६४ | ५.५४ | १०१.७८ | ०.०७ | ११५५ |
| गढीमाई नगरपालिका | ७७८७ | ४९१३५ | ६.३१ | १०४.०० | १.८८ | ९९४ |

| स्थानीय तह | २०७८ | | | | | |
|---|---|---|---|---|---|---|
| | परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धिदर (%) | जनघनत्व |
| गरुडा नगरपालिका | ९८६२ | ६०८५७ | ६.१७ | १०३.४९ | १.७९ | १३६९ |
| गौर नगरपालिका | ७२३५ | ३९८४६ | ५.५१ | १०५.१८ | १.२६ | १८५१ |
| गुजरा नगरपालिका | ९५७५ | ५४०३३ | ५.६४ | ९५.५१ | १.४२ | ३५९ |
| ईशनाथ नगरपालिका | ७९३७ | ५१८५५ | ६.५३ | ९८.८१ | २.१५ | १४७४ |
| कटहरिया नगरपालिका | ७६४२ | ४५८२१ | ६.०० | १०५.१८ | १.६९ | ११२६ |
| माधव नारायण नगरपालिका | ७०२० | ४०८९४ | ५.८३ | १०५.८७ | १.४५ | ८४३ |
| मौलापुर नगरपालिका | ५२६८ | ३२३२५ | ६.१४ | १०७.२६ | १.९३ | ९३० |
| परोहा नगरपालिका | ७०२४ | ४५७०२ | ६.५१ | ९८.७६ | १.९१ | १२२० |
| फतुवा विजयपुर नगरपालिका | ७३५४ | ४२२१८ | ५.७४ | ९८.७४ | १.४५ | ६४७ |
| राजदेवी नगरपालिका | ६१४६ | ३५६५८ | ५.८० | १००.४७ | १.४८ | १२६४ |
| राजपुर नगरपालिका | ८०७८ | ५४०८३ | ६.७० | ९६.६० | २.६४ | १७२२ |
| यमुनामाई गाउँपालिका | ४७११ | २८४१४ | ६.०३ | ९५.५९ | १.६७ | १७०१ |
| बारा | | | | | | |
| आदर्श कोतवाल गाउँपालिका | ४८८८ | ३१३६४ | ६.४२ | १०५.०३ | १.२४ | ८६५ |
| बारागढी गाउँपालिका | ४९४० | २९५५५ | ५.९८ | १०१.६७ | ०.८० | ७५२ |
| विश्रामपुर गाउँपालिका | ३८८६ | २४८९२ | ६.४१ | १११.९० | ०.४४ | १२५७ |
| देवताल गाउँपालिका | ३९८० | २५३६१ | ६.३७ | १०६.६९ | ०.८५ | १०८८ |
| करैयामाई गाउँपालिका | ५०५१ | २९१६५ | ५.७७ | १००.९४ | ०.९२ | ६१२ |
| कोल्हवी नगरपालिका | १०५६१ | ५११८२ | ४.८५ | ९४.४६ | १.४४ | ३२५ |
| महागढीमाई नगरपालिका | ९७६१ | ५९४२४ | ६.०९ | १०५.८७ | १.२२ | १०७४ |
| निजगढ नगरपालिका | ८४२४ | ३७६८७ | ४.४७ | ९५.८७ | ०.६२ | १३० |
| पचरौता नगरपालिका | ६१६७ | ४०५२४ | ६.५७ | १०५.४८ | १.६४ | ९२१ |
| परवानीपुर गाउँपालिका | ३९७२ | २४७४५ | ६.२३ | १११.४१ | ०.७९ | १५९९ |
| फेटा गाउँपालिका | ४२०२ | २८३९५ | ६.७६ | १०५.७२ | ०.९७ | १२०१ |
| प्रसौनी गाउँपालिका | ३९६८ | २५४१४ | ६.४० | १०६.३८ | ०.१४ | १२५६ |
| सिम्रौनगढ नगरपालिका | ८५३१ | ५४८७८ | ६.४३ | १०६.७१ | १.१७ | १२८७ |
| सुवर्ण गाउँपालिका | ५०७३ | ३५१४१ | ६.९३ | १०६.९९ | १.६७ | ९५४ |
| पर्सा | | | | | | |
| बहुदरमाई नगरपालिका | ६९५७ | ४३४७८ | ६.२५ | १०९.५६ | ०.८८ | १३७८ |
| बिन्दबासिनी गाउँपालिका | ३८९२ | २४९९१ | ६.४२ | १०५.९१ | ०.२० | ९६० |
| छिपहरमाई गाउँपालिका | ४६६३ | २९०८२ | ६.२४ | १०६.३३ | ०.८३ | ११६८ |
| धोबिनी गाउँपालिका | ३४९९ | २२६०६ | ६.४६ | १०५.६० | १.२२ | ९२६ |
| जगरनाथपुर गाउँपालिका | ५५८२ | ३२६४९ | ५.८५ | १०५.१५ | ०.०० | ७२१ |

| स्थानीय तह | २०७८ | | | | | |
|---|---|---|---|---|---|---|
| | परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धिदर (%) | जनघनत्व |
| जिराभवानी गाउँपालिका | ४८७१ | २२६७७ | ४.६६ | ९६.७३ | -०.०४ | ४०९ |
| कालिकामाई गाउँपालिका | ३६९७ | २३४८० | ६.३५ | १०७.३८ | १.०१ | ९६५ |
| पकाहा मैनपुर गाउँपालिका | ३५३० | २२५८५ | ६.४० | १०९.३७ | ०.८३ | १०६२ |
| पर्सागढी नगरपालिका | ७६३२ | ४१५६९ | ५.४५ | १०२.२० | ०.७१ | ४१७ |
| पटेर्वा सुगौली गाउँपालिका | ४७५३ | २५४९८ | ५.३६ | १००.८३ | ०.६२ | ३९७ |
| पोखरिया नगरपालिका | ६०७६ | ३७६७५ | ६.२० | १०८.०० | १.३० | ११६० |
| सखुवा प्रसौनी गाउँपालिका | ६२९५ | ३५३९९ | ५.६२ | ९९.९७ | ०.६६ | ४७७ |
| ठोरी गाउँपालिका | ४४५२ | १७२१९ | ३.८७ | ८८.३९ | -१.६३ | १३४ |
| दोलखा | | | | | | |
| वैतेश्वर गाउँपालिका | ५३७३ | १७८९६ | ३.३३ | ९१.१४ | -१.०१ | २२३ |
| भीमेश्वर नगरपालिका | १०१६४ | ३४७१२ | ३.४२ | ९१.९७ | ०.६४ | २६२ |
| विगु गाउँपालिका | ४७४७ | १६४९० | ३.४७ | ९३.५४ | -१.०८ | २५ |
| गौरीशङ्कर गाउँपालिका | ४३९९ | १५९९५ | ३.६४ | ९६.४५ | -०.६२ | २३ |
| जिरी नगरपालिका | ४२४४ | १६१०९ | ३.८० | ९४.०८ | ०.३६ | ७६ |
| कालिन्चोक गाउँपालिका | ६१५१ | २१०९७ | ३.४३ | ९४.८४ | -०.८१ | १५९ |
| मेलुङ गाउँपालिका | ४७९६ | १५८९३ | ३.३१ | ८८.३७ | -२.३१ | १८४ |
| शैलुङ गाउँपालिका | ५१३४ | १७९२३ | ३.४९ | ९१.९२ | -०.९१ | १३९ |
| तामाकोशी गाउँपालिका | ४४८५ | १५१६३ | ३.३८ | ९३.२६ | -२.०९ | ९९ |
| सिन्धुपाल्चोक | | | | | | |
| बाह्रबिसे नगरपालिका | ६६५५ | २४१०९ | ३.६२ | ९९.४३ | -०.९२ | २४९ |
| बलेफी गाउँपालिका | ४८२९ | १७०८५ | ३.५४ | ९६.८८ | -०.९७ | २७७ |
| भोटेकोशी गाउँपालिका | ३७३२ | १४३१८ | ३.८४ | १०३.२७ | -१.४४ | ५१ |
| चौतारा साँगाचोकगढी नगरपालिका | ११५९० | ४२६६८ | ३.६८ | ८८.७९ | -०.८२ | २५८ |
| हेलम्बु गाउँपालिका | ४६९० | १७४९७ | ३.७३ | १००.७५ | -०.०९ | ६१ |
| इन्द्रावती गाउँपालिका | ६७८० | २५३६५ | ३.७४ | ९२.४२ | -१.१२ | २४१ |
| जुगल गाउँपालिका | ४५२८ | १८३०३ | ४.०४ | १००.९३ | -०.४७ | ६७ |
| लिसंखु पाखर गाउँपालिका | ३६९७ | ११७५० | ३.१८ | ९४.४१ | -२.४३ | ११९ |
| मेलम्ची नगरपालिका | ११९८० | ४१०६३ | ३.६७ | ९४.६१ | -०.९५ | २६० |
| पाँचपोखरी थाङपाल गाउँपालिका | ५९१४ | २०९९७ | ३.५५ | १०२.२२ | ०.०६ | ११२ |
| सुनकोशी गाउँपालिका | ४४५१ | १५१७६ | ३.४१ | ९२.९६ | -१.२३ | २०८ |
| त्रिपूरासुन्दरी गाउँपालिका | ३६५१ | १२०१४ | ३.२९ | ९५.४१ | -०.९० | १२७ |
| रसुवा | | | | | | |
| गोसाइँकुण्ड गाउँपालिका | २०३८ | ७७८८ | ३.८२ | १०४.१४ | ०.८३ | ८ |

| स्थानीय तह | २०७८ | | | | | |
|---|---|---|---|---|---|---|
| | परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धिदर (%) | जनघनत्व |
| **कालिका गाउँपालिका** | २४४७ | १०११५ | ४.१३ | ९८.५७ | ०.६८ | ५३ |
| **नौकुण्ड गाउँपालिका** | २७९४ | १२३४४ | ४.४२ | १०१.२१ | ०.४१ | ९७ |
| **आमाछोदिङमो गाउँपालिका** | १६६४ | ६६७३ | ४.०१ | १०८.९९ | १.८७ | ११ |
| **उत्तरगया गाउँपालिका** | २१८८ | ८५५५ | ३.९१ | ९८.०३ | ०.३४ | ८२ |
| **धादिङ** | | | | | | |
| **बेनीघाट रोराङ गाउँपालिका** | ७६०१ | ३३८५४ | ४.४५ | १०२.२६ | ०.७० | १६४ |
| **धुनीबेँसी नगरपालिका** | ७२४६ | २९१४९ | ४.०२ | ९८.५५ | -०.६० | ३०३ |
| **गजुरी गाउँपालिका** | ६८३९ | २८६३४ | ४.१९ | १००.१३ | ०.५३ | २०७ |
| **गल्छी गाउँपालिका** | ५९७५ | २३७३३ | ३.९७ | ९६.०४ | -०.७५ | १८४ |
| **गङ्गाजमुना गाउँपालिका** | ५२६४ | १९२६५ | ३.६६ | ९३.४६ | -१.१८ | १२६ |
| **ज्वालामुखी गाउँपालिका** | ६०७९ | २१३३८ | ३.५१ | ८७.९० | -१.११ | १८७ |
| **खनियाबास गाउँपालिका** | २६८५ | १०२८७ | ३.८३ | ९४.८७ | -२.०६ | ८५ |
| **नेत्रावती डबजोङ गाउँपालिका** | ३२६३ | ११३१० | ३.४७ | ९०.१२ | -१.२४ | ६२ |
| **नीलकण्ठ नगरपालिका** | १६३९१ | ५८८२८ | ३.५९ | ८६.९८ | ०.०५ | २९८ |
| **रुबी भ्याली गाउँपालिका** | २६४९ | १०७८१ | ४.०७ | ९८.८४ | १.१५ | २७ |
| **सिद्धलेक गाउँपालिका** | ५८३६ | २२२१४ | ३.८१ | ९२.९६ | -०.६३ | २०९ |
| **थाक्रे गाउँपालिका** | ७८४७ | ३२३७४ | ४.१३ | १००.२१ | -०.१६ | ३३६ |
| **त्रिपूरासुन्दरी गाउँपालिका** | ५९४७ | २१९३७ | ३.६९ | ९०.३३ | -०.४४ | ८१ |
| **नुवाकोट** | | | | | | |
| **बेलकोटगढी नगरपालिका** | ९२२२ | ३५२२४ | ३.८२ | ९३.८९ | -१.३९ | २२६ |
| **विदुर नगरपालिका** | १५२३४ | ५९२२७ | ३.८९ | ९२.४३ | ०.८२ | ४५६ |
| **दुप्चेश्वर गाउँपालिका** | ५१४१ | २१००५ | ४.०९ | ९९.४६ | -०.४९ | १६० |
| **ककनी गाउँपालिका** | ६३१२ | २४५०४ | ३.८८ | ९७.३४ | -०.६७ | २७९ |
| **किस्पाङ गाउँपालिका** | ३९२९ | १४२३५ | ३.६२ | ९५.२९ | -०.४१ | १७२ |
| **लिखु गाउँपालिका** | ४५८२ | १७७२८ | ३.८७ | ९३.९४ | ०.४९ | ३७० |
| **म्यागङ गाउँपालिका** | ३९६९ | १२६६८ | ३.१९ | ९१.५० | -०.६० | १२९ |
| **पञ्चकन्या गाउँपालिका** | ३६०० | १३८१८ | ३.८४ | ९५.४२ | -१.३७ | २५८ |
| **शिवपुरी गाउँपालिका** | ४९२५ | १७२०३ | ३.४९ | ९१.५५ | -१.८१ | १६९ |
| **सूर्यगढी गाउँपालिका** | ३८२९ | १४९१९ | ३.९० | ९४.८९ | -१.१४ | ३०४ |
| **तादी गाउँपालिका** | ४०२४ | १५९३३ | ३.९६ | ९९.५१ | -१.१३ | २२८ |
| **तारकेश्वर गाउँपालिका** | ३८७९ | १४१८४ | ३.६६ | ८८.७९ | -०.९९ | १९५ |
| **काठमाडौँ** | | | | | | |
| **बुढानीलकण्ठ नगरपालिका** | ४६९३० | १७७५५७ | ३.७८ | ९६.८० | ४.७८ | ५१०२ |

| स्थानीय तह | २०७८ | | | | | |
|---|---|---|---|---|---|---|
| | परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धिदर (%) | जनघनत्व |
| चन्द्रागिरि नगरपालिका | ३५९९४ | १३६८६० | ३.८० | ९९.६३ | ४.५५ | ३११६ |
| दक्षिणकाली नगरपालिका | ६४८९ | २६३७२ | ४.०६ | ९६.५६ | ०.७९ | ६१८ |
| गोकर्णेश्वर नगरपालिका | ३९७७१ | १४९३६६ | ३.७६ | ९६.२० | ३.१७ | २५५३ |
| कागेश्वरी मनोहरा नगरपालिका | ३३७६४ | १३०४३३ | ३.८६ | ९९.४३ | ७.४१ | ४७६४ |
| कीर्तिपुर नगरपालिका | २४१५० | ८१५७८ | ३.३८ | ११२.८३ | २.०९ | ५५२७ |
| नागार्जुन नगरपालिका | ३१३०१ | ११५४३७ | ३.६९ | ९९.५८ | ५.१६ | ३८६७ |
| शङ्खरापुर नगरपालिका | ७१४० | २९३१८ | ४.११ | ९६.९६ | १.४० | ४८७ |
| तारकेश्वर नगरपालिका | ४१३६२ | १५१४७९ | ३.६६ | ९८.८० | ५.९६ | २७५७ |
| टोखा नगरपालिका | ३७०२५ | १३३७५५ | ३.६१ | ९८.९७ | २.८८ | ७८१७ |
| भक्तपुर | | | | | | |
| भक्तपुर नगरपालिका | १८९८७ | ७९१३६ | ४.१७ | १००.९५ | -०.३१ | ११४८६ |
| चाँगुनारायण नगरपालिका | २१५८८ | ८८०८३ | ४.०८ | ९८.३४ | ४.४४ | १३९९ |
| मध्यपुर थिमी नगरपालिका | ३१९६६ | ११९७५६ | ३.७५ | १०२.९४ | ३.५१ | १०४४१ |
| सूर्यविनायक नगरपालिका | ३५८६५ | १४००८५ | ३.९१ | ९९.६४ | ५.५६ | ३३०० |
| ललितपुर | | | | | | |
| बागमती गाउँपालिका | २७३९ | ११३५३ | ४.१४ | १००.८३ | -१.३४ | १०२ |
| गोदावरी नगरपालिका | २४०४५ | ९७६३३ | ४.०६ | ९७.२७ | २.१२ | १०१६ |
| कोन्ज्योसोम गाउँपालिका | २१४२ | ८९८९ | ४.२० | ९५.८० | -०.७४ | २०४ |
| महालक्ष्मी नगरपालिका | ३२१०६ | १२३११६ | ३.८३ | १०२.७७ | ६.५६ | ४६४४ |
| महाङ्काल गाउँपालिका | १९३९ | ८१२२ | ४.१९ | १००.५४ | -१.४६ | ९८ |
| काभ्रेपलाञ्चोक | | | | | | |
| बनेपा नगरपालिका | १६६९८ | ६७६९० | ४.०५ | ९६.१० | १.८८ | १२३१ |
| बेथानचोक गाउँपालिका | ३८६१ | १४९५९ | ३.८७ | ९१.५६ | -१.१० | १४८ |
| भुम्लु गाउँपालिका | ४५१८ | १५६७८ | ३.४७ | ९३.९९ | -१.८० | १७२ |
| चौँरीदेउराली गाउँपालिका | ४१५६ | १४०७६ | ३.३९ | ८९.८३ | -३.७६ | १४४ |
| धुलिखेल नगरपालिका | ८५७० | ३३७२६ | ३.९४ | ९५.३५ | ०.४६ | ६१३ |
| खानीखोला गाउँपालिका | २३९८ | १२२०१ | ५.०९ | ९८.३३ | -१.५९ | ९२ |
| महाभारत गाउँपालिका | ३१७४ | १६०७९ | ५.०७ | ९६.११ | -१.२३ | ८६ |
| मण्डनदेउपुर नगरपालिका | ७९२४ | ३०३८१ | ३.८३ | ९५.६५ | -०.६९ | ३४१ |
| नमोबुद्ध नगरपालिका | ७१४८ | २६१६० | ३.६६ | ९१.४५ | -१.१६ | २५६ |
| पनौती नगरपालिका | १२८०६ | ५१५०४ | ४.०२ | ९४.४४ | ०.९६ | ४३६ |
| पाँचखाल नगरपालिका | ९१३३ | ३५५२१ | ३.८९ | ९४.०१ | -०.६५ | ३४५ |
| रोशी गाउँपालिका | ६०७५ | २३७९० | ३.९२ | ९३.३५ | -१.८२ | १३५ |

| स्थानीय तह | २०७८ | | | | | |
|---|---|---|---|---|---|---|
| | परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धिदर (%) | जनघनत्व |
| **तेमाल गाउँपालिका** | ४८६९ | १६९५७ | ३.४८ | ९४.०८ | -२.८० | १९१ |
| **रामेछाप** | | | | | | |
| **दोरम्बा शैलुङ गाउँपालिका** | ५०६२ | १७६८६ | ३.४९ | ८८.१९ | -२.४१ | १२६ |
| **गोकुलगङ्गा गाउँपालिका** | ४६८३ | १७७९८ | ३.८० | ९२.५१ | -१.१५ | ९० |
| **खाँडादेवी गाउँपालिका** | ५५०१ | १९३१२ | ३.५१ | ८७.१९ | -२.७७ | १२८ |
| **लिखु तामाकोशी गाउँपालिका** | ५२९६ | १८३२५ | ३.४६ | ८६.४६ | -२.२३ | १४७ |
| **मन्थली नगरपालिका** | १०९९१ | ३९६९५ | ३.६१ | ८७.११ | -१.२९ | १८७ |
| **रामेछाप नगरपालिका** | ६६२७ | २४९७१ | ३.७७ | ८८.९९ | -१.३१ | १२३ |
| **सुनापती गाउँपालिका** | ४१९३ | १४६५८ | ३.५० | ९०.०७ | -२.०४ | १६९ |
| **उमाकुण्ड गाउँपालिका** | ४११३ | १६५९० | ४.०३ | ९६.८७ | -०.५७ | ३७ |
| **सिन्धुली** | | | | | | |
| **दुधौली नगरपालिका** | १६११० | ७०२०७ | ४.३६ | ९३.१२ | ०.७० | १८० |
| **घ्याङलेख गाउँपालिका** | २८६८ | १२६५२ | ४.४१ | ९४.६८ | -०.८१ | ७६ |
| **गोलाञ्जोर गाउँपालिका** | ४५२७ | १८७३७ | ४.१४ | ९७.०७ | -०.३० | १०२ |
| **हरिहरपुरगढी गाउँपालिका** | ५२९२ | २६५०५ | ५.०१ | ९४.८२ | -०.४३ | ७७ |
| **कमलामाई नगरपालिका** | १८१३५ | ७१०१६ | ३.९२ | ९३.५० | ०.९४ | १४७ |
| **मरिण गाउँपालिका** | ६०४४ | २८८०८ | ४.७७ | ९६.९९ | ०.३३ | ८९ |
| **फिक्कल गाउँपालिका** | ३४३६ | १५९१० | ४.६३ | ९५.८६ | -०.६२ | ८६ |
| **सुनकोशी गाउँपालिका** | ४९८७ | १८३७५ | ३.६८ | ९२.५९ | -१.५० | ११९ |
| **तिनपाटन गाउँपालिका** | ७९१८ | ३४८८९ | ४.४१ | ९६.१५ | -०.४१ | १२४ |
| **मकवानपुर** | | | | | | |
| **बागमती गाउँपालिका** | ६४६० | ३०४२५ | ४.७१ | ९६.१० | -०.०२ | ९८ |
| **बकैया गाउँपालिका** | ८९१३ | ४०९०७ | ४.५९ | ९६.२१ | ०.३१ | १०४ |
| **भीमफेदी गाउँपालिका** | ५०८५ | २१५१६ | ४.२३ | ९८.६२ | -०.७८ | ८८ |
| **इन्द्रसरोवर गाउँपालिका** | ३४०३ | १३५३४ | ३.९८ | ९५.६६ | -०.१९ | १३९ |
| **कैलाश गाउँपालिका** | ४३९१ | २१८५६ | ४.९८ | १०३.६१ | -०.८७ | १०७ |
| **मकवानपुरगढी गाउँपालिका** | ५२८५ | २४४६१ | ४.६३ | १००.७० | -०.३३ | १६४ |
| **मनहरी गाउँपालिका** | १०७२४ | ४७३५३ | ४.४२ | ९७.६५ | २.०१ | २३७ |
| **राक्सिराङ गाउँपालिका** | ५०४४ | २५९९६ | ५.१५ | १०३.१७ | -०.०७ | ११५ |
| **थाहा नगरपालिका** | ९७४९ | ३८८७० | ३.९९ | ९६.९२ | -०.६६ | २०३ |
| **चितवन** | | | | | | |
| **इच्छाकामना गाउँपालिका** | ६१८५ | २७६४३ | ४.४७ | १०२.७२ | ०.९६ | १६६ |
| **कालिका नगरपालिका** | १२२५८ | ५२१६४ | ४.२६ | ९५.५७ | १.९७ | ३५० |

| स्थानीय तह | २०७८ | | | | | |
|---|---|---|---|---|---|---|
| | परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धिदर (%) | जनघनत्व |
| खैरहनी नगरपालिका | १६३९५ | ६७३८५ | ४.११ | ९२.२४ | १.७६ | ७८८ |
| माडी नगरपालिका | १०१२० | ३८२९५ | ३.७८ | ८९.४७ | ०.१५ | १७५ |
| राप्ती नगरपालिका | १५२१५ | ६६६१७ | ४.३८ | ९६.२८ | १.३१ | ३१४ |
| रत्ननगर नगरपालिका | २२४०३ | ८९९०५ | ४.०१ | ९३.८७ | २.४२ | १३०९ |
| गोरखा | | | | | | |
| आरूघाट गाउँपालिका | ६१७६ | २१५७२ | ३.४९ | ८८.७८ | -०.९८ | १३४ |
| अजिरकोट गाउँपालिका | ३६२२ | १२८३२ | ३.५४ | ९३.८१ | -१.८८ | ६५ |
| भीमसेन थापा गाउँपालिका | ५२३९ | १६९८६ | ३.२४ | ८३.०६ | -२.५० | १६८ |
| चुमनुव्री गाउँपालिका | २०६८ | ५९३२ | २.८७ | ९२.१६ | -१.४८ | ४ |
| धार्चे गाउँपालिका | ३८०८ | १४२६३ | ३.७५ | ९१.९४ | ०.७२ | २२ |
| गण्डकी गाउँपालिका | ५६५९ | २१३९४ | ३.७८ | ९२.६५ | -०.८० | १७३ |
| गोरखा नगरपालिका | १४९८८ | ५२४६८ | ३.५० | ८५.९८ | ०.६० | ४३१ |
| पालुङटार नगरपालिका | ११०७२ | ३७४०९ | ३.३८ | ८५.६८ | -०.१९ | २३६ |
| सहिद लखन गाउँपालिका | ६८५६ | २३०७६ | ३.३७ | ८८.०८ | -१.७० | १५५ |
| सिरानचोक गाउँपालिका | ५९५८ | १९७१९ | ३.३१ | ८९.४८ | -१.७४ | १६२ |
| बारपाक सुलिकोट गाउँपालिका | ६२८३ | २२६३६ | ३.६० | ८७.५१ | -१.१० | ११३ |
| मनाङ | | | | | | |
| चामे गाउँपालिका | ३८९ | १२७६ | ३.२८ | १३३.७० | १.१७ | १६ |
| नार्पाभूमि गाउँपालिका | १२६ | ३९६ | ३.१४ | ७४.४५ | -२.९४ | ०.४७ |
| नासौँ गाउँपालिका | ४७१ | १६७१ | ३.५५ | ९८.२२ | -१.४२ | २ |
| मनाङ ङिस्याङ गाउँपालिका | ५६१ | १५९५ | २.८४ | १०६.८७ | -३.१८ | २ |
| मुस्ताङ | | | | | | |
| वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | ७२३ | २०३६ | २.८२ | ९९.४१ | -१.२९ | २ |
| लो–घेकर दामोदरकुण्ड गाउँपालिका | ४३६ | १२९२ | २.९६ | ८९.१७ | -०.९३ | १ |
| घरपझोङ गाउँपालिका | ११२७ | ३७१२ | ३.२९ | १०९.८४ | १.९५ | १२ |
| लोमन्थाङ गाउँपालिका | ४८८ | १४३० | २.९३ | ८१.७० | -२.७२ | २ |
| थासाङ गाउँपालिका | ८३२ | २८५६ | ३.४३ | १०३.७१ | -०.१९ | १० |
| म्याग्दी | | | | | | |
| अन्नपूर्ण गाउँपालिका | ३६०० | १२३२३ | ३.४२ | ९७.५८ | -०.७४ | २२ |
| बेनी नगरपालिका | ९३३६ | ३२६९७ | ३.५० | ८८.६१ | -०.२३ | ४२७ |
| धवलागिरि गाउँपालिका | ३१७६ | १२६१६ | ३.९७ | ९४.०० | -१.०७ | १२ |
| मालिका गाउँपालिका | ४५९० | १८३३२ | ३.९९ | ९३.६८ | -०.४० | १२५ |
| मङ्गला गाउँपालिका | ३९११ | १४६८८ | ३.७६ | ८९.२५ | -०.९९ | १६५ |

| स्थानीय तह | २०७८ | | | | | |
|---|---|---|---|---|---|---|
| | परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धिदर (%) | जनघनत्व |
| रघुगङ्गा गाउँपालिका | ४१५३ | १४११४ | ३.४० | ९२.११ | -१.०५ | ३७ |
| कास्की | | | | | | |
| अन्नपूर्ण गाउँपालिका | ६०४९ | २२०९९ | ३.६५ | ९३.६३ | -०.५६ | ५३ |
| माछापुच्छ्रे गाउँपालिका | ६१५१ | २२८९८ | ३.७२ | ९५.२९ | ०.४४ | ४२ |
| मादी गाउँपालिका | ४०९४ | १६१४२ | ३.९४ | ९८.६७ | -१.१३ | २९ |
| रूपा गाउँपालिका | ३६६३ | १४८९१ | ४.०७ | ९१.४५ | ०.२४ | १५७ |
| लमजुङ | | | | | | |
| बेसीसहर नगरपालिका | ११०३८ | ३८२३२ | ३.४६ | ८७.८४ | -०.२८ | ३०० |
| दोर्दी गाउँपालिका | ४५२४ | १६०५० | ३.५५ | ९३.८९ | -१.२३ | ४६ |
| दुधपोखरी गाउँपालिका | २४६९ | ८५९२ | ३.४८ | ९४.७० | -२.३५ | ५६ |
| क्व्होँलासोथार गाउँपालिका | २२७६ | ७९६० | ३.५० | ९३.२५ | -२.२२ | ४५ |
| मध्यनेपाल नगरपालिका | ६४२७ | २१९७१ | ३.४२ | ८४.७१ | -०.६० | १९३ |
| मर्स्याङ्दी गाउँपालिका | ४५५० | १७०८० | ३.७५ | ९५.२० | -०.९० | २९ |
| राइनास नगरपालिका | ४९६१ | १७४०२ | ३.५१ | ८९.१५ | -०.६० | २४२ |
| सुन्दरबजार नगरपालिका | ७८२९ | २७०४३ | ३.४५ | ८६.०९ | ०.०६ | ३७५ |
| तनहुँ | | | | | | |
| आँबुखैरेनी गाउँपालिका | ६१३६ | २२२५२ | ३.६३ | ९१.२५ | ०.६६ | १७४ |
| बन्दीपुर गाउँपालिका | ५२०८ | १८५३२ | ३.५६ | ९२.०४ | -०.७४ | १८२ |
| भानु नगरपालिका | १२७०५ | ४२७९४ | ३.३७ | ८३.८५ | -०.६५ | २३३ |
| भिमाद नगरपालिका | ७९७० | २९२४८ | ३.६७ | ८४.३७ | -०.६७ | २२७ |
| व्यास नगरपालिका | २२५८५ | ७८९३९ | ३.५० | ८४.५१ | १.११ | ३१८ |
| देवघाट गाउँपालिका | ३६७० | १४५८४ | ३.९७ | ९१.६२ | -०.९७ | ९२ |
| घिरिङ गाउँपालिका | ३७८३.०० | १४३३४ | ३.७९ | ८४.५७ | -२.८६ | ११४ |
| म्याग्दे गाउँपालिका | ६५१५ | २३५७८ | ३.६२ | ८५.७१ | ०.४५ | २०५ |
| ऋषिङ गाउँपालिका | ४६६९ | १७९१८ | ३.८४ | ८४.५३ | -३.५२ | ८३ |
| शुक्लागण्डकी नगरपालिका | १५२७२ | ५५६२० | ३.६४ | ८७.०८ | १.३२ | ३३७ |
| नवलपरासी पूर्व | | | | | | |
| विनयी त्रिवेणी गाउँपालिका | ९०७६ | ३८३७० | ४.२३ | ८९.५७ | १.४६ | १४४ |
| बुलिङटार गाउँपालिका | ३४०२ | १४६३७ | ४.३० | ९२.६७ | -२.५७ | ९९ |
| बौदीकाली गाउँपालिका | २९१३ | ११३३८ | ३.८९ | ८४.१२ | -३.१४ | १२३ |
| देवचुली नगरपालिका | १४४९३ | ५८००३ | ४.०० | ८९.१४ | २.९६ | ५१५ |
| गैंडाकोट नगरपालिका | २०१९१ | ७९३४९ | ३.९३ | ९१.५७ | २.८७ | ४९६ |
| हुप्सेकोट गाउँपालिका | ६१७९ | २६५८३ | ४.३० | ८४.२२ | ०.५६ | १४० |

| स्थानीय तह | २०७८ | | | | | |
|---|---|---|---|---|---|---|
| | परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धिदर (%) | जनघनत्व |
| कावासोती नगरपालिका | २२१६६ | ८६८२१ | ३.९२ | ८७.५३ | ३.१७ | ८०१ |
| मध्यबिन्दु नगरपालिका | १५४३० | ६१०९१ | ३.९६ | ८४.५० | १.१६ | २६२ |
| स्याङ्जा | | | | | | |
| आँधीखोला गाउँपालिका | ३९९२ | १३०९४ | ३.२८ | ८३.४२ | -२.२७ | १८८ |
| अर्जुनचौपारी गाउँपालिका | ३८०८ | १४०४५ | ३.६९ | ८५.४६ | -१.३६ | २४५ |
| भीरकोट नगरपालिका | ६१७१ | २२६४५ | ३.६७ | ८२.९५ | -१.१७ | २८९ |
| बिरुवा गाउँपालिका | ३९५४ | १४००१ | ३.५४ | ८८.९५ | -२.६३ | १४६ |
| चापाकोट नगरपालिका | ६२५१ | २२९६९ | ३.६७ | ८२.९८ | -१.१९ | १९० |
| गल्याङ नगरपालिका | ७९३३ | ३१०३४ | ३.९१ | ८३.८५ | -१.९० | २५३ |
| हरिनास गाउँपालिका | ३५८२ | १३१९१ | ३.६८ | ८३.९० | -२.६३ | १५१ |
| कालीगण्डकी गाउँपालिका | ४७६२ | १७९५५ | ३.७७ | ८३.०१ | -१.८३ | २४४ |
| फेदीखोला गाउँपालिका | ३१६५ | १०८९९ | ३.४४ | ८५.१४ | -१.१९ | १९२ |
| पुतलीबजार नगरपालिका | ११८८१ | ४१७४३ | ३.५१ | ८५.७१ | -०.६९ | २८४ |
| वालिङ नगरपालिका | १३४२४ | ५०४८८ | ३.७६ | ८६.९५ | -०.१४ | ३९३ |
| पर्वत | | | | | | |
| विहादी गाउँपालिका | २७२३ | १०८२८ | ३.९८ | ८९.४७ | -२.०५ | २४२ |
| जलजला गाउँपालिका | ५९६१ | २१११९ | ३.५४ | ९१.२३ | -०.१५ | २५७ |
| कुश्मा नगरपालिका | १०९६२ | ३८१०१ | ३.४८ | ८८.१७ | -०.३७ | ४०९ |
| महाशिला गाउँपालिका | २०५७ | ८११६ | ३.९५ | ८८.३९ | -१.८७ | १६४ |
| मोदी गाउँपालिका | ५४०४ | १८७९४ | ३.४८ | ८९.०६ | -१.१९ | १३१ |
| पैयूँ गाउँपालिका | ३२६८ | १२७२५ | ३.८९ | ८७.२४ | -१.८२ | २९८ |
| फलेवास नगरपालिका | ५७३७ | २०४६८ | ३.५७ | ८४.३५ | -१.८० | २३९ |
| बागलुङ | | | | | | |
| बडिगाड गाउँपालिका | ६७४५ | २८८३९ | ४.२८ | ८६.७९ | -०.६६ | १६१ |
| बागलुङ नगरपालिका | १५९२४ | ५६१०२ | ३.५२ | ८६.८७ | -०.२९ | ५७२ |
| बरेङ गाउँपालिका | २९२५ | १११५८ | ३.८१ | ८४.२५ | -२.५१ | १४८ |
| ढोरपाटन नगरपालिका | ७४८५ | ३००६८ | ४.०२ | ८६.७५ | १.३२ | १३५ |
| गल्कोट नगरपालिका | ७७१४ | ३०५८८ | ३.९७ | ८८.६३ | -०.७६ | १५७ |
| जैमिनी नगरपालिका | ६८२८ | २४६२८ | ३.६१ | ८३.७१ | -२.५३ | २०७ |
| काठेखोला गाउँपालिका | ५८९२ | २२५२६ | ३.८२ | ८३.५९ | -१.४१ | २७२ |
| निसीखोला गाउँपालिका | ५६३५ | २३११९ | ४.१० | ८४.०८ | -०.०७ | ९५ |
| तमानखोला गाउँपालिका | २६११ | ९९८२ | ३.८२ | ८५.२३ | -०.६३ | ५६ |
| ताराखोला गाउँपालिका | २३३७ | १०१२० | ४.३३ | ९४.६९ | -१.६४ | ७८ |

| स्थानीय तह | २०७८ | | | | | |
|---|---|---|---|---|---|---|
| | परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धिदर (%) | जनघनत्व |
| **रुकुम पूर्व** | | | | | | |
| **भूमे गाउँपालिका** | ४२११ | १९८२९ | ४.७१ | ९०.५० | ०.६२ | ७२ |
| **पुथा उत्तरगङ्गा गाउँपालिका** | ४३६८ | १८३०८ | ४.१९ | ९६.२५ | ०.२० | ३३ |
| **सिस्ने गाउँपालिका** | ४२९९ | १८५३४ | ४.३१ | ९४.६८ | १.१२ | ५७ |
| **रोल्पा** | | | | | | |
| **परिवर्तन गाउँपालिका** | ४६८२ | २१६७१ | ४.६३ | ८५.४४ | ०.४० | १३३ |
| **लुङग्री गाउँपालिका** | ५४८६ | २६३२५ | ४.८० | ८४.८७ | १.०४ | १९५ |
| **माडी गाउँपालिका** | ४१३३ | १८०५६ | ४.३७ | ८७.४० | ०.०४ | १४० |
| **रोल्पा नगरपालिका** | ८७४५ | ३५३७६ | ४.०५ | ८४.०८ | ०.७४ | १३१ |
| **रुन्टीगढी गाउँपालिका** | ६२२४ | २८२९१ | ४.५५ | ८९.३४ | ०.१२ | १२२ |
| **सुनिल स्मृति गाउँपालिका** | ७००९ | ३०६१७ | ४.३७ | ८५.३१ | ०.७८ | १९६ |
| **गङ्गादेव गाउँपालिका** | ४४३३ | २१५०३ | ४.८५ | ८७.६७ | ०.६९ | १७३ |
| **सुनछहरी गाउँपालिका** | ३५८६ | १७२४१ | ४.८१ | ९२.६२ | ०.७० | ६२ |
| **थबाङ गाउँपालिका** | २५५१ | १०८५१ | ४.२५ | ८९.०१ | -०.०३ | ५७ |
| **त्रिवेणी गाउँपालिका** | ५३५७ | २३४१२ | ४.३७ | ८८.९९ | ०.१९ | ११४ |
| **प्युठान** | | | | | | |
| **ऐरावती गाउँपालिका** | ५११२ | २०४२८ | ४.०० | ७९.२१ | -०.८८ | १३० |
| **गौमुखी गाउँपालिका** | ५५७८ | २५९८० | ४.६६ | ८६.०६ | ०.२१ | १८७ |
| **झिमरुक गाउँपालिका** | ६५३४ | २६१३० | ४.०० | ८०.२२ | -०.६४ | २४४ |
| **मल्लरानी गाउँपालिका** | ४१३८ | १५६४६ | ३.७८ | ७७.७३ | -१.१८ | १९५ |
| **माण्डवी गाउँपालिका** | ३७९४ | १५८६३ | ४.१८ | ७९.७७ | ०.५० | १४० |
| **नौबहिनी गाउँपालिका** | ७१३३ | ३२६८२ | ४.५८ | ८५.१८ | ०.७३ | १५३ |
| **प्युठान नगरपालिका** | ११२३५ | ४२१३० | ३.७५ | ८१.२० | ०.८८ | ३२७ |
| **सरुमारानी गाउँपालिका** | ४४५३ | १९७८३ | ४.४४ | ८०.६५ | ०.५८ | १२५ |
| **स्वर्गद्वारी नगरपालिका** | ८२१८ | ३२०३७ | ३.९० | ७३.५० | ०.३३ | १४३ |
| **गुल्मी** | | | | | | |
| **चन्द्रकोट गाउँपालिका** | ५०२९ | १८६६२ | ३.७१ | ८३.१२ | -१.५० | १७७ |
| **छत्रकोट गाउँपालिका** | ५३०७ | १९३५७ | ३.६५ | ८०.२३ | -१.०० | २२२ |
| **धुर्कोट गाउँपालिका** | ५३८२ | १८८१४ | ३.५० | ७९.१५ | -१.७० | २१८ |
| **गुल्मीदरबार गाउँपालिका** | ५२५३ | १९२९६ | ३.६७ | ७७.१९ | -१.२७ | २४१ |
| **इस्मा गाउँपालिका** | ५००९ | १८५२९ | ३.७० | ८३.०९ | -१.१८ | २२६ |
| **कालिगण्डकी गाउँपालिका** | ३७३६ | १५०४४ | ४.०३ | ८८.७६ | -२.१८ | १४९ |
| **मदाने गाउँपालिका** | ५२५३ | २००२२ | ३.८१ | ८१.२१ | -०.८६ | २१२ |

| स्थानीय तह | २०७८ | | | | | |
|---|---|---|---|---|---|---|
| | परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धिदर (%) | जनघनत्व |
| मालिका गाउँपालिका | ५२४१ | २००७५ | ३.८३ | ८४.३९ | -०.७६ | २१७ |
| मुसिकोट नगरपालिका | ७०९९ | २८४५४ | ४.०१ | ८५.२७ | -१.३६ | २४८ |
| रेसुङ्गा नगरपालिका | ९०१५ | ३१५५१ | ३.५० | ८५.५८ | -०.३० | ३७७ |
| रुरुक्षेत्र गाउँपालिका | ४६०७ | १६५९७ | ३.६० | ८४.६२ | -१.०८ | २४६ |
| सत्यवती गाउँपालिका | ५१६९ | १९४७३ | ३.७७ | ८२.३३ | -१.९३ | १६८ |
| अर्घाखाँची | | | | | | |
| भूमिकास्थान नगरपालिका | ७७६० | २८१९२ | ३.६३ | ८०.२६ | -१.४१ | १७७ |
| छत्रदेव गाउँपालिका | ६२२८ | २१६११ | ३.४७ | ७८.३७ | -१.५३ | २४७ |
| मालारानी गाउँपालिका | ६७८० | २४१५० | ३.५६ | ८०.४८ | -१.४३ | २३९ |
| पाणिनि गाउँपालिका | ६१६१ | २२२९१ | ३.६२ | ८१.३६ | -१.६३ | १४७ |
| सन्धिखर्क नगरपालिका | १२०७० | ४२४९२ | ३.५२ | ८४.७३ | ०.३२ | ३२८ |
| शीतगङ्गा नगरपालिका | ९४५० | ३७६९१ | ३.९९ | ८९.०० | -१.३५ | ६२ |
| पाल्पा | | | | | | |
| बगनासकाली गाउँपालिका | ५११५ | १८४९७ | ३.६२ | ८३.१२ | -१.३८ | २२० |
| माथागढी गाउँपालिका | ५८२३ | २४०५३ | ४.१३ | ८६.९१ | -०.३८ | ११२ |
| निस्दी गाउँपालिका | ४१६५ | १८१२० | ४.३५ | ८५.३७ | -२.१२ | ९३ |
| पूर्वखोला गाउँपालिका | ४१२१ | १६०५२ | ३.९० | ७९.१७ | -१.९१ | ११६ |
| रैनादेवी छहरा गाउँपालिका | ६३३० | २३१४९ | ३.६६ | ८३.१७ | -१.२९ | १३२ |
| रम्भा गाउँपालिका | ४६८९ | १७१५५ | ३.६६ | ७८.१४ | -१.५६ | १८२ |
| रामपुर नगरपालिका | ११३६३ | ४०८८३ | ३.६० | ८२.६३ | १.३८ | ३३१ |
| रिब्दीकोट गाउँपालिका | ४४०२ | १५४७३ | ३.५१ | ८३.१८ | -१.८५ | १२४ |
| तानसेन नगरपालिका | १४७८२ | ५०७९२ | ३.४४ | ८५.५२ | ०.०७ | ४६३ |
| तिनाउ गाउँपालिका | ४२०१ | १७७७७ | ४.२३ | ९०.६२ | -०.६८ | ८८ |
| नवलपरासी पश्चिम | | | | | | |
| बर्दघाट नगरपालिका | १८५०१ | ७६७०३ | ४.१५ | ८६.९५ | २.१२ | ४७३ |
| पाल्हीनन्दन गाउँपालिका | ७१८० | ३८१८६ | ५.३२ | ९९.२० | ०.७२ | ८५५ |
| प्रतापपुर गाउँपालिका | ९७०२ | ४९८९७ | ५.१४ | ९८.९१ | ०.९४ | ५७० |
| रामग्राम नगरपालिका | १३१३७ | ६४०१७ | ४.८७ | ९७.८२ | १.१४ | ४९९ |
| सरावल गाउँपालिका | ८७४५ | ४२२०७ | ४.८३ | ९४.७७ | १.१६ | ५७७ |
| सुनवल नगरपालिका | १७४१८ | ७२०८५ | ४.१४ | ८८.२५ | २.४६ | ५१८ |
| सुस्ता गाउँपालिका | ८०२६ | ४०६५५ | ५.०७ | ९४.०५ | १.२० | ३६२ |
| रूपन्देही | | | | | | |
| देवदह नगरपालिका | १७३०० | ७२४५७ | ४.१९ | ८८.५७ | २.९१ | ५२९ |

| स्थानीय तह | २०७८ | | | | | |
|---|---|---|---|---|---|---|
| | परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धिदर (%) | जनघनत्व |
| **गैडहवा गाउँपालिका** | ९९४७ | ५६१४९ | ५.६४ | ९८.३९ | १.५९ | ५८० |
| **कञ्चन गाउँपालिका** | १०४४० | ४२५२८ | ४.०७ | ८३.९४ | २.४१ | ७२७ |
| **कोटहीमाई गाउँपालिका** | ७५३५ | ४५९७५ | ६.१० | १०१.३३ | १.१० | ७८९ |
| **लुम्बिनी सांस्कृतिक नगरपालिका** | १३६२१ | ८७३८३ | ६.४२ | ९७.६१ | १.७९ | ७७९ |
| **मर्चवारी गाउँपालिका** | ६९२१ | ४०८८० | ५.९१ | १००.५८ | ०.५१ | ८४२ |
| **मायादेवी गाउँपालिका** | ९९९० | ५६१७० | ५.६२ | १०१.९४ | १.६८ | ७७५ |
| **ओमसतिया गाउँपालिका** | ८०८२ | ४११४१ | ५.०९ | ९८.८५ | १.७८ | ८४८ |
| **रोहिणी गाउँपालिका** | ७५२६ | ४३३२७ | ५.७६ | १०१.८८ | १.४७ | ६७० |
| **सैनामैना नगरपालिका** | १९४४५ | ७८३९३ | ४.०३ | ८६.८६ | ३.२६ | ४८३ |
| **सम्मरीमाई गाउँपालिका** | ७२४२ | ४३०४४ | ५.९४ | ९९.९० | १.१२ | ८४८ |
| **सिद्धार्थनगर नगरपालिका** | १५८७१ | ७४४३६ | ४.६९ | १००.१७ | १.५३ | २०६६ |
| **सियारी गाउँपालिका** | ९०१९ | ४४९८५ | ४.९९ | ९५.९० | १.५० | ६८० |
| **शुद्धोधन गाउँपालिका** | ८६७६ | ४१९०७ | ४.८३ | ९६.४१ | १.८३ | ७२७ |
| **तिलोत्तमा नगरपालिका** | ३५९९१ | १४९४७९ | ४.१५ | ९१.७६ | ३.८४ | ११८५ |
| **कपिलवस्तु** | | | | | | |
| **बाणगङ्गा नगरपालिका** | २३३२५ | ९६७१४ | ४.१५ | ८८.५० | २.४१ | ४१४ |
| **विजयनगर गाउँपालिका** | ७०५९ | ४३२९१ | ६.१३ | ९७.८५ | १.५२ | २५० |
| **बुद्धभूमि नगरपालिका** | १५३७९ | ७६५०७ | ४.९७ | ९३.४१ | १.५७ | २०९ |
| **कपिलवस्तु नगरपालिका** | १५३८२ | ८८८७४ | ५.७८ | ९८.०४ | १.४५ | ६४९ |
| **कृष्णनगर नगरपालिका** | १०६७० | ७०१११ | ६.५७ | १००.३७ | १.१२ | ७२५ |
| **महाराजगन्ज नगरपालिका** | ९८२० | ६४६४५ | ६.५८ | १०१.३३ | १.५९ | ५७६ |
| **मायादेवी गाउँपालिका** | ८४४३ | ५५९७२ | ६.६३ | ९४.०२ | १.४३ | ६३२ |
| **शिवराज नगरपालिका** | १६२४१ | ८४८१० | ५.२२ | ९५.०५ | २.२९ | २९९ |
| **शुद्धोधन गाउँपालिका** | ८५४३ | ५२८६१ | ६.१९ | ९६.५१ | १.५० | ५७७ |
| **यशोधरा गाउँपालिका** | ६९९९ | ४४९०० | ६.४२ | ९४.४६ | १.३६ | ६६५ |
| **दाङ** | | | | | | |
| **बबई गाउँपालिका** | ७५२७ | ३०९६८ | ४.११ | ८७.४३ | १.१५ | १२० |
| **बङ्गलाचुली गाउँपालिका** | ५१३९ | २२३७३ | ४.३५ | ७८.४० | -०.७७ | ९१ |
| **दंगीशरण गाउँपालिका** | ५८२५ | २३६६८ | ४.०६ | ८९.७८ | ०.९३ | २१४ |
| **गढवा गाउँपालिका** | ९९६४ | ४५८९८ | ४.६१ | ९४.५७ | १.६६ | १२८ |
| **लमही नगरपालिका** | १३४५८ | ५९०५० | ४.३९ | ९३.३० | २.०६ | १८१ |
| **राजपुर गाउँपालिका** | ५८२९ | २८३४६ | ४.८६ | ९८.३९ | १.१९ | ४९ |

| स्थानीय तह | २०७८ | | | | | |
|---|---|---|---|---|---|---|
| | परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धिदर (%) | जनघनत्व |
| राप्ती गाउँपालिका | ११८२६ | ५२१२३ | ४.४१ | ९०.८८ | २.३६ | ३२४ |
| शान्तिनगर गाउँपालिका | ६९१९ | २७६४१ | ३.९९ | ८६.२६ | ०.८९ | २३८ |
| **बाँके** | | | | | | |
| बैजनाथ गाउँपालिका | १६४६९ | ६९४७२ | ४.२२ | ८५.७६ | २.३४ | ४९० |
| डुडुवा गाउँपालिका | ८०५१ | ४३१३५ | ५.३६ | १०२.४८ | १.३५ | ४७३ |
| जानकी गाउँपालिका | ८८२६ | ४६१४१ | ५.२३ | १०२.०६ | १.९० | ७२९ |
| खजुरा गाउँपालिका | १३७०६ | ६२७८९ | ४.५८ | ८९.०७ | २.०० | ६१६ |
| कोहलपुर नगरपालिका | २४१८३ | १०१६६७ | ४.२० | ९२.९२ | ३.४९ | ५५२ |
| नरैनापुर गाउँपालिका | ८४८८ | ४३२०६ | ५.०९ | १०१.२० | २.०४ | २५१ |
| राप्ती सोनारी गाउँपालिका | १४९४६ | ६६४४५ | ४.४५ | ८९.२० | ०.९९ | ६४ |
| **बर्दिया** | | | | | | |
| बढैयाताल गाउँपालिका | १२९६१ | ५२८१८ | ४.०८ | ८५.७६ | ०.९४ | ४५९ |
| बाँसगढी नगरपालिका | १५०९१ | ६३२५२ | ४.१९ | ८६.३४ | १.१९ | ३०७ |
| बारबर्दिया नगरपालिका | १६८९७ | ७२५३३ | ४.२९ | ८८.८५ | ०.६२ | ३२१ |
| गेरुवा गाउँपालिका | ७७६२ | ३३५१४ | ४.३२ | ८४.६४ | -०.३८ | ४२७ |
| गुलरिया नगरपालिका | १६००२ | ७४५०५ | ४.६६ | ९७.२२ | १.०७ | ६३० |
| मधुवन नगरपालिका | १२४४४ | ५०७३९ | ४.०८ | ८४.९८ | ०.८५ | ३९१ |
| राजापुर नगरपालिका | १३६५९ | ६०८३१ | ४.४५ | ८८.७८ | ०.२० | ४७९ |
| ठाकुरबाबा नगरपालिका | ११४६९ | ४९४२० | ४.३१ | ८६.१४ | १.०५ | ४७३ |
| **डोल्पा** | | | | | | |
| छार्का ताङसोङ गाउँपालिका | ३२० | १६७२ | ५.२३ | ९६.०१ | १.३६ | ५ |
| डोल्पो बुद्ध गाउँपालिका | ५४३ | २४२० | ४.४६ | ९०.२५ | १.२४ | ६ |
| जगदुल्ला गाउँपालिका | ६०१ | २५७५ | ४.२८ | ९५.८२ | १.२० | ३१ |
| काइके गाउँपालिका | ९१६ | ३९६५ | ४.३३ | ८७.६५ | ०.९९ | ८ |
| मुड्केचुला गाउँपालिका | ११९० | ५८०३ | ४.८८ | १०१.१४ | १.१८ | २३ |
| से-फोक्सुण्डो गाउँपालिका | ८६१ | ३६३५ | ४.२२ | ९५.८५ | १.५३ | ३० |
| ठुली भेरी नगरपालिका | २३२७ | ९८६१ | ४.२४ | १००.६७ | १.५७ | २३ |
| त्रिपुरासुन्दरी नगरपालिका | २६२२ | १२२३३ | ४.६७ | ९८.८१ | १.८३ | ३१ |
| **मुगु** | | | | | | |
| छायानाथ रारा नगरपालिका | ४९५२ | २४५२७ | ४.९५ | १०२.०८ | १.९२ | ५१ |
| खत्याड गाउँपालिका | ३५२५ | १८८३२ | ५.३४ | १०२.०८ | ०.९२ | ६७ |
| मुगुम कार्मारोङ गाउँपालिका | १३७२ | ६२२२ | ४.५३ | ९०.९२ | १.३७ | ३ |

| स्थानीय तह | २०७८ | | | | | |
|---|---|---|---|---|---|---|
| | परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धिदर (%) | जनघनत्व |
| सोरु गाउँपालिका | २५८१ | १४२७७ | ५.५३ | ९६.९८ | १.४८ | ३९ |
| हुम्ला | | | | | | |
| अदानचुली गाउँपालिका | १४८० | ८२६५ | ५.५८ | ९५.५३ | १.४४ | ५५ |
| चङ्खेली गाउँपालिका | ११९३ | ६५७९ | ५.५१ | १००.०३ | १.६९ | ५ |
| खार्पुनाथ गाउँपालिका | १४३७ | ६७३६ | ४.६९ | ९७.५४ | १.०९ | ८ |
| नाम्खा गाउँपालिका | ८४९ | ३५८९ | ४.२३ | ९५.१६ | -०.८० | १ |
| सर्केगाड गाउँपालिका | २२०५ | १०६८८ | ४.८५ | १००.७१ | ०.७७ | ३५ |
| सिमकोट गाउँपालिका | २८८२ | ११९३५ | ४.१४ | १०२.७० | ०.३१ | १५ |
| ताँजाकोट गाउँपालिका | ११५८ | ६०९२ | ५.२६ | ९७.३४ | ०.२० | ३८ |
| जुम्ला | | | | | | |
| चन्दननाथ नगरपालिका | ५३६७ | २१०३६ | ३.९२ | ९७.७६ | ०.९५ | २०६ |
| गुठिचौर गाउँपालिका | २४४४ | १०९२२ | ४.४७ | ९७.११ | ०.९७ | २६ |
| हिमा गाउँपालिका | २१७६ | १२१९१ | ५.६० | १०१.९४ | १.३८ | ९२ |
| कनकासुन्दरी गाउँपालिका | २७५४ | १३६२५ | ४.९५ | ९७.७२ | ०.२९ | ६० |
| पातारासी गाउँपालिका | ३३४२ | १६८२४ | ५.०३ | ९६.३६ | १.३८ | २१ |
| सिँजा गाउँपालिका | २३५४ | १२५५६ | ५.३३ | १०४.४० | ०.४४ | ८२ |
| तातोपानी गाउँपालिका | ३३१८ | १५५७५ | ४.६९ | ९७.७५ | ०.६० | ३० |
| तिला गाउँपालिका | २६६७ | १४५३९ | ५.४५ | ९८.१६ | ०.६४ | ८३ |
| कालिकोट | | | | | | |
| शुभकालिका गाउँपालिका | २७६२ | १३७७३ | ४.९९ | ९२.९३ | -०.२१ | १४२ |
| खाँडाचक्र नगरपालिका | ४१०१ | २२२७४ | ५.४३ | १०१.३६ | ०.९० | १६७ |
| महावै गाउँपालिका | १६१५ | ८१७७ | ५.०६ | ९८.०९ | -०.१७ | २५ |
| नरहरिनाथ गाउँपालिका | ४२९० | २२४५८ | ५.२३ | ९७.०० | ०.४८ | १५६ |
| पचालझरना गाउँपालिका | २३९८ | १३६८७ | ५.७१ | १०१.६६ | ०.९९ | ८२ |
| पलाँता गाउँपालिका | २८३४ | १७३४६ | ६.१२ | १०३.१६ | १.२० | ५४ |
| रास्कोट नगरपालिका | ३१९४ | १७४२५ | ५.४६ | ९६.२१ | ०.६६ | २९२ |
| सान्नी त्रिवेणी गाउँपालिका | २४२२ | १३४९१ | ५.५७ | ९५.४४ | ०.४७ | ९९ |
| तिलागुफा नगरपालिका | ३१५४ | १६१९७ | ५.१४ | ९७.६९ | ०.२६ | ६२ |
| दैलेख | | | | | | |
| आठबीस नगरपालिका | ६१३४ | ३१०९२ | ५.०७ | ९६.२६ | ०.५९ | १८५ |
| भगवतीमाई गाउँपालिका | ३५५० | १८२०६ | ५.१३ | ९८.१३ | -०.३० | १२० |
| भैरवी गाउँपालिका | ४२६९ | १८७६७ | ४.४० | ८४.३० | -१.१८ | १७० |

| स्थानीय तह | २०७८ | | | | | |
|---|---|---|---|---|---|---|
| | परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धिदर (%) | जनघनत्व |
| **चामुण्डा बिन्द्रासैनी नगरपालिका** | ५११३ | २६५५९ | ५.१९ | ९६.१८ | ०.१५ | २९३ |
| **दुल्लु नगरपालिका** | ९०५३ | ३९१४३ | ४.३२ | ८६.०६ | -०.५७ | २५० |
| **डुङ्गेश्वर गाउँपालिका** | ३३९९ | १४५३३ | ४.२८ | ९०.१५ | -०.८५ | १३८ |
| **गुराँस गाउँपालिका** | ४५४१ | २११८९ | ४.६७ | ९६.४३ | -०.३७ | १२९ |
| **महाबु गाउँपालिका** | ३९६८ | १८०५९ | ४.५५ | ८४.३३ | -०.६३ | १६३ |
| **नारायण नगरपालिका** | ६५०४ | २६१११ | ४.०१ | ८७.७७ | -०.३३ | २३६ |
| **नौमुले गाउँपालिका** | ४२२३ | १९६८७ | ४.६६ | ९३.०९ | -०.५३ | ८६ |
| **ठाँटीकाँध गाउँपालिका** | ३८४० | १८३०१ | ४.७७ | ९५.२९ | -०.३१ | २०७ |
| **जाजरकोट** | | | | | | |
| **बारेकोट गाउँपालिका** | ३८८७ | २२००५ | ५.६६ | १००.५९ | १.८८ | ३८ |
| **भेरी नगरपालिका** | ८८७४ | ३७८९२ | ४.२७ | ९४.१६ | १.१८ | १७२ |
| **छेडागाड नगरपालिका** | ७१९७ | ३७८७७ | ५.२६ | ९७.४९ | ०.६८ | १३३ |
| **जुनीचाँदे गाउँपालिका** | ४२९६ | २३७७१ | ५.५३ | ९९.१५ | ०.८६ | ६९ |
| **कुसे गाउँपालिका** | ४४०१ | २३०५८ | ५.२४ | ९९.५५ | १.०७ | ८४ |
| **शिवालय गाउँपालिका** | २८०६ | १४७७६ | ५.२७ | ९७.५९ | -०.३१ | ११० |
| **नलगाड नगरपालिका** | ५९९२ | २८९२२ | ४.८३ | ९८.६९ | १.१७ | ७५ |
| **रुकुम पश्चिम** | | | | | | |
| **आठबिसकोट नगरपालिका** | ७५५३ | ३५९१७ | ४.७६ | ९६.२८ | ०.६४ | ६४ |
| **बाँफिकोट गाउँपालिका** | ४६०७ | २१०३३ | ४.५७ | ९३.६९ | १.१३ | ११० |
| **चौरजहारी नगरपालिका** | ६८३७ | २८९५६ | ४.२४ | ९३.७२ | ०.५२ | २७० |
| **मुसिकोट नगरपालिका** | ८६९३ | ३४२७० | ३.९४ | ९०.१८ | ०.३८ | २५२ |
| **सानीभेरी गाउँपालिका** | ५२९२ | २४७५९ | ४.६८ | ९४.२६ | १.०५ | १८५ |
| **त्रिवेणी गाउँपालिका** | ४३०८ | २०५२५ | ४.७६ | ९१.७५ | ०.५४ | २४० |
| **सल्यान** | | | | | | |
| **बागचौर नगरपालिका** | ७४९८ | ३४०२१ | ४.५४ | ९३.८८ | -०.०३ | २०९ |
| **बनगाड कुपिण्डे नगरपालिका** | ७४२८ | ३२९४० | ४.४३ | ९१.४९ | -०.८७ | ९७ |
| **छत्रेश्वरी गाउँपालिका** | ५१३९ | २१२४२ | ४.१३ | ८९.२७ | -०.०९ | १४१ |
| **दार्मा गाउँपालिका** | ४२६४ | २०१३९ | ४.७२ | ९३.९४ | ०.०८ | २४७ |
| **सिद्ध कुमाख गाउँपालिका** | २८९८ | १३१२७ | ४.५३ | ९१.१० | -०.३३ | १४७ |
| **कालिमाटी गाउँपालिका** | ४९७२ | २२२०६ | ४.४७ | ९७.१२ | -०.३४ | ४४ |
| **कपुरकोट गाउँपालिका** | ३९७४ | १७५२६ | ४.४१ | ९१.३९ | -०.३६ | १४७ |
| **कुमाख गाउँपालिका** | ५४९१ | २४८५९ | ४.५३ | ९४.७४ | -०.०४ | १४० |

| स्थानीय तह | २०७८ | | | | | |
|---|---|---|---|---|---|---|
| | परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धिदर (%) | जनघनत्व |
| शारदा नगरपालिका | ८८९८ | ३४६६३ | ३.९० | ८९.६७ | ०.२६ | १७५ |
| त्रिवेणी गाउँपालिका | ४११० | १६६६४ | ४.०५ | ९०.५३ | ०.०२ | १४० |
| सुर्खेत | | | | | | |
| बराहताल गाउँपालिका | ६१६९ | २५९४३ | ४.२१ | ९२.४८ | -०.३१ | ५७ |
| भेरीगङ्गा नगरपालिका | ११५३९ | ४८२०३ | ४.१८ | ८७.८२ | १.४६ | १८८ |
| वीरेन्द्रनगर नगरपालिका | ३८३७७ | १५३८६३ | ४.०१ | ९५.४२ | ४.०९ | ६२८ |
| चौकुने गाउँपालिका | ५३३६ | २६९५० | ५.०५ | ९६.५१ | ०.६३ | ७१ |
| चिङ्गाड  गाउँपालिका | ३२९७ | १५६०० | ४.७३ | ८९.४८ | -०.९८ | ९२ |
| गुर्भाकोट नगरपालिका | ११७९८ | ४८२१६ | ४.०९ | ८५.२१ | ०.९३ | २११ |
| लेकबेंसी नगरपालिका | ७४४१ | ३१७१० | ४.२६ | ८८.३८ | ०.४४ | १७५ |
| पञ्चपुरी नगरपालिका | ७८०३ | ३५८३९ | ४.५९ | ९२.५९ | १.०२ | १०९ |
| सिम्ता गाउँपालिका | ६०६२ | २४०८३ | ३.९७ | ७८.८८ | -०.६८ | १०० |
| बाजुरा | | | | | | |
| बडीमालिका नगरपालिका | ४०४६ | १८४१४ | ४.५५ | १००.९२ | ०.८७ | ६७ |
| बुढीगङ्गा नगरपालिका | ४५५४ | २०१८५ | ४.४३ | ८४.६६ | -०.६८ | ३४१ |
| बुढीनन्दा नगरपालिका | ४१५० | २००७२ | ४.८४ | ९५.०१ | ०.६४ | ८६ |
| खप्तड छेडेदह गाउँपालिका | ३५७४ | १९३०७ | ५.४० | ९५.४५ | ०.३७ | १४३ |
| गौमूल गाउँपालिका | १७१६ | ८९१३ | ५.१९ | ९३.३८ | ०.४४ | २८ |
| हिमाली गाउँपालिका | १९९८ | १०३०९ | ५.१६ | ९७.७२ | १.०८ | १२ |
| जगन्नाथ गाउँपालिका | १९३९ | १०१५८ | ५.२४ | ९२.०२ | ०.७१ | ५९ |
| स्वामीकात्तिक खापर गाउँपालिका | २३६२ | १२५७६ | ५.३२ | ९५.५५ | -०.१६ | ११४ |
| त्रिवेणी नगरपालिका | ३७०२ | १७७९८ | ४.८१ | ८५.४७ | -०.३० | १०४ |
| बझाङ | | | | | | |
| बित्थडचिर गाउँपालिका | ३११६ | १७८१२ | ५.७२ | ८९.९३ | ०.३६ | २०७ |
| बुङ्गल नगरपालिका | ६३७२ | ३३८१२ | ५.३१ | ९०.२२ | ०.१७ | ७६ |
| छबिस पाथिभेरा गाउँपालिका | ३०७० | १४४७४ | ४.७१ | ८७.२७ | -१.१४ | १२४ |
| दुर्गाथली गाउँपालिका | २५९२ | ११३१८ | ४.३७ | ८२.२८ | -१.३१ | १८३ |
| जयपृथ्वी नगरपालिका | ५००२ | २१९३३ | ४.३८ | ९०.८९ | -०.११ | १३२ |
| साइपाल गाउँपालिका | ४४७ | २६२५ | ५.८७ | ९६.९२ | १.७७ | २ |
| केदारस्युँ गाउँपालिका | ४२९६ | २१३१२ | ४.९६ | ८६.०३ | ०.०० | १८७ |
| खप्तडछान्ना गाउँपालिका | ३१०२ | १३४१९ | ४.३३ | ८१.५८ | -१.६२ | ११८ |
| मष्टा गाउँपालिका | २५४५ | १३२६५ | ५.२१ | ८५.५२ | -१.१५ | १२१ |

| स्थानीय तह | २०७८ | | | | | |
|---|---|---|---|---|---|---|
| | परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धिदर (%) | जनघनत्व |
| सुर्मा गाउँपालिका | १८२३ | ११०८२ | ६.०८ | ९८.८५ | १.९७ | ४१ |
| तलकोट गाउँपालिका | २२४४ | ११७१९ | ५.२२ | ८७.२९ | ०.१३ | ३५ |
| थलारा गाउँपालिका | ३४१६ | १५९५८ | ४.६७ | ८०.१७ | -१.१३ | १५१ |
| दार्चुला | | | | | | |
| अपिहिमाल गाउँपालिका | १३५५ | ६७९८ | ५.०२ | ९९.२४ | ०.०३ | ११ |
| व्यास गाउँपालिका | २१४३ | ९६६८ | ४.५१ | ८९.९४ | -०.६५ | १२ |
| दुहुँ गाउँपालिका | २१९६ | ९८४२ | ४.४८ | ८५.८७ | -०.९१ | १५१ |
| लेकम गाउँपालिका | ३०३० | १३७४३ | ४.५४ | ९०.५३ | -०.७४ | १६४ |
| महाकाली नगरपालिका | ५९८२ | २४०८१ | ४.०३ | ९०.७६ | १.२१ | १७८ |
| मालिकार्जुन गाउँपालिका | ३१७४ | १५६३५ | ४.९३ | ९४.१३ | ०.०३ | १५५ |
| मार्मा गाउँपालिका | ३०२५ | १५१२४ | ५.०० | ९१.६४ | ०.११ | ७३ |
| नौगाड गाउँपालिका | २९७५ | १५५२८ | ५.२२ | ९३.३७ | -०.२१ | ८६ |
| शैल्यशिखर नगरपालिका | ४५०१ | २१८०७ | ४.८४ | ९३.९८ | -०.११ | १८५ |
| बैतडी | | | | | | |
| दशरथचन्द नगरपालिका | ७१९८ | ३१५६७ | ४.३९ | ८६.२१ | -०.८७ | २३४ |
| डिलासैनी गाउँपालिका | ४५०९ | २२९६६ | ५.०९ | ९४.१२ | ०.०२ | १८३ |
| दोगडाकेदार गाउँपालिका | ४६७२ | २३१०४ | ४.९५ | ८८.१९ | -०.६१ | १८३ |
| मेलौली नगरपालिका | ४५३६ | २०६५८ | ४.५५ | ८५.१६ | -०.८४ | १७३ |
| पञ्चेश्वर गाउँपालिका | ३५७४ | १७७९६ | ४.९८ | ८४.६८ | -०.५१ | १४८ |
| पाटन नगरपालिका | ६४४२ | २९२३० | ४.५४ | ८६.५१ | -०.३९ | १३३ |
| पुर्चौंडी नगरपालिका | ७१४५ | ३८२८१ | ५.३६ | ९२.८४ | -०.२२ | १९३ |
| शिवनाथ गाउँपालिका | ३४३४ | १८०६४ | ५.२६ | ८४.९९ | ०.५२ | २२१ |
| सिगास गाउँपालिका | ४११४ | २१८१४ | ५.३० | ९०.२८ | ०.१३ | ८९ |
| सुर्नया गाउँपालिका | ३७८३ | १७९४५ | ४.७४ | ८५.७७ | -०.३२ | १४४ |
| डडेलधुरा | | | | | | |
| आलिताल गाउँपालिका | ३७१० | १८११२ | ४.८८ | ९३.५९ | -०.२२ | ६२ |
| अजयमेरु गाउँपालिका | ३४५३ | १५१६१ | ४.३९ | ८६.२५ | -१.१४ | १०२ |
| अमरगढी नगरपालिका | ६१८२ | २४१४९ | ३.९१ | ९५.७१ | १.२३ | १७३ |
| भागेश्वर गाउँपालिका | २७९४ | १३१३२ | ४.७० | ९२.३३ | -०.७० | ५६ |
| गन्यापधुरा गाउँपालिका | ३२८१ | १३७२२ | ४.१८ | ७९.१९ | -०.९१ | १०१ |
| नवदुर्गा गाउँपालिका | ४३१८ | १८६७२ | ४.३२ | ७८.२४ | -०.६४ | १३२ |
| परशुराम नगरपालिका | ७४३४ | ३५५९० | ४.७९ | ८८.८२ | ०.१७ | ८६ |

| स्थानीय तह | २०७८ | | | | | |
|---|---|---|---|---|---|---|
| | परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धिदर (%) | जनघनत्व |
| **डोटी** | | | | | | |
| आदर्श गाउँपालिका | ५३१७ | २४४९५ | ४.६१ | ७३.७९ | ०.२२ | १९१ |
| बडीकेदार गाउँपालिका | २९०५ | १४९०२ | ५.१३ | ९८.०३ | -१.१० | ४५ |
| बोगटान फुडसिल गाउँपालिका | ३१६२ | १५५४० | ४.९१ | ८७.६६ | -१.३६ | ५२ |
| दीपायल सिलगढी नगरपालिका | ८३८५ | ३३९६८ | ४.०५ | ८३.६२ | ०.२९ | २६८ |
| जोरायल गाउँपालिका | ४३२० | १९७८८ | ४.५८ | ९६.५० | -०.४९ | ४७ |
| के.आई.सिं. गाउँपालिका | ४६८० | २०७३६ | ४.४३ | ७६.५४ | -०.०८ | १६३ |
| पूर्वीचौकी गाउँपालिका | ५१४८ | २१४९४ | ४.१८ | ७५.३८ | -०.४३ | १८३ |
| सायल गाउँपालिका | ४२०७ | २०४५६ | ४.८६ | ८१.८३ | ०.४३ | १६७ |
| शिखर नगरपालिका | ७०१६ | ३०३९९ | ४.३३ | ७७.९१ | -०.४३ | १०७ |
| **अछाम** | | | | | | |
| बान्नीगढी जयगढ गाउँपालिका | ३१३४ | १३५१९ | ४.३१ | ७५.५७ | -२.४० | २३२ |
| चौरपाटी गाउँपालिका | ४८११ | २१६८१ | ४.५१ | ७७.७६ | -१.४२ | ११९ |
| ढकारी गाउँपालिका | ४३०५ | २१९९८ | ५.११ | ९२.७५ | ०.१९ | ९७ |
| कमलबजार नगरपालिका | ४५६९ | २१०३२ | ४.६० | ८१.६५ | -१.१६ | १७४ |
| मंगलसेन नगरपालिका | ६२२२ | २६५५७ | ४.२७ | ८३.४७ | -१.९४ | १२१ |
| मेल्लेख गाउँपालिका | ४७२२ | २२७८५ | ४.८३ | ८४.३० | -०.७६ | १६९ |
| पञ्चदेवल विनायक नगरपालिका | ५४१२ | २६०८८ | ४.८२ | ८३.७८ | -०.५० | १७७ |
| रामारोशन गाउँपालिका | ४८३२ | २३६०० | ४.८८ | ८८.५७ | -०.६२ | १३६ |
| साँफेबगर नगरपालिका | ६३११ | २५८९१ | ४.१० | ८३.६० | -२.५५ | १५५ |
| तुर्माखाँद गाउँपालिका | ५२४९ | २४५७४ | ४.६८ | ९०.२७ | -०.०७ | १०६ |
| **कैलाली** | | | | | | |
| बर्दगोरिया गाउँपालिका | ७९४० | ३७६८२ | ४.७५ | ८९.२८ | १.३७ | ४८८ |
| भजनी नगरपालिका | १०८४५ | ५३४९४ | ४.९३ | ९१.८५ | ०.३० | ३०४ |
| चुरे गाउँपालिका | ४२३९ | २१४०० | ५.०५ | १००.५४ | १.१८ | ४३ |
| गौरीगङ्गा नगरपालिका | १३७८१ | ६४५५८ | ४.६८ | ८५.१६ | १.४८ | २६४ |
| घोडाघोडी नगरपालिका | १८३८३ | ८६०३४ | ४.६८ | ८७.६१ | १.२४ | २४३ |
| गोदावरी नगरपालिका | २१२५० | ९८७४६ | ४.६५ | ८९.७० | २.२६ | ३२० |
| जानकी गाउँपालिका | ११०४१ | ४९८६० | ४.५२ | ८७.०१ | ०.२६ | ४६५ |
| जोशीपुर गाउँपालिका | ७७५१ | ३७१८७ | ४.८० | ९१.३६ | ०.१९ | ५६७ |
| कैलारी गाउँपालिका | १०१७४ | ४९९१७ | ४.९१ | ९३.२० | ०.३८ | २१४ |
| लम्किचुहा नगरपालिका | २०४१२ | ९०९७१ | ४.४६ | ८७.४५ | १.८० | ४०४ |

| स्थानीय तह | २०७८ | | | | | |
|---|---|---|---|---|---|---|
| | परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसङ्ख्या वृद्धिदर (%) | जनघनत्व |
| **मोहन्याल गाउँपालिका** | ४३४७ | २१०८२ | ४.८५ | ९५.१७ | -०.४३ | ३४ |
| **टीकापुर नगरपालिका** | २०९३० | ८९८३५ | ४.२९ | ८८.९६ | १.५९ | ७५९ |
| **कञ्चनपुर** | | | | | | |
| **बेदकोट नगरपालिका** | १२५९५ | ५७६८० | ४.५८ | ८८.२१ | १.४७ | ३६१ |
| **बेलडाँडी गाउँपालिका** | ४७०१ | २१८८८ | ४.६६ | ८१.९६ | -०.०३ | ५९६ |
| **बेलौरी नगरपालिका** | ११९५१ | ५३९१० | ४.८३ | ८८.९३ | ०.०७ | ४३७ |
| **भीमदत्त नगरपालिका** | २७५७० | १२२३२० | ४.४४ | ९०.८६ | १.५० | ७१२ |
| **कृष्णपुर नगरपालिका** | १५१११ | ७१५०० | ४.७३ | ८९.८१ | २.२४ | २८३ |
| **लालझाडी गाउँपालिका** | ४७४५ | २५०३७ | ५.२८ | ९४.१९ | १.०० | १६२ |
| **दोधारा चाँदनी नगरपालिका** | ९६१० | ४२९७४ | ४.४७ | ७८.७२ | ०.८७ | ७५६ |
| **पुनर्वास नगरपालिका** | १३६२६ | ६१७४८ | ४.५३ | ८३.८१ | १.३५ | ५९५ |
| **शुक्लाफाँटा नगरपालिका** | १२०५८ | ५३९६९ | ४.४८ | ८३.६६ | १.३६ | ३३२ |

स्रोत : राष्ट्रिय जनगणना, २०७८

## तालिका नं. १.८
## नदी किनारमा अवस्थित नगरहरू

| नगर | जिल्ला | नदी |
|---|---|---|
| काठमाडौं | काठमाडौं | बागमती |
| विदुर | नुवाकोट | त्रिशूली |
| पोखरा | कास्की | सेतीगण्डकी |
| दमौली | तनहुँ | सेती/मादी |
| बेंसीसहर | लमजुङ | मर्स्याङ्दी |
| बागलुङ | बागलुङ | कालीगण्डकी |
| कुस्मा | पर्वत | मोदी |
| बुटवल | रूपन्देही | तिनाउ |
| घोराही | दाङ | बबई |
| स्याङ्जाबजार | स्याङ्जा | आँधीखोला |
| बेनी | म्याग्दी | कालीगण्डकी |
| जोमसोम | मुस्ताङ | कालीगण्डकी |

| | | |
|---|---|---|
| चामे | मनाङ | मर्स्याङ्दी |
| महेन्द्रनगर | कञ्चनपुर | महाकाली |
| जुम्ला | जुम्ला | जुम्ला कर्णाली (तिला) |
| दीपायल | डोटी | सेती |
| भरतपुर (नारायणगढ) | चितवन | नारायणी (सप्तगण्डकी) |
| गाईघाट | उदयपुर | त्रियुगा |
| चन्द्रगढी | झापा | मेची |
| काँकडभिट्टा | झापा | मेची |
| मन्थली | रामेछाप | सुनकोशी |
| सिमिकोट | हुम्ला | हुम्लाकर्णाली |
| धुन्चे | रसुवा | त्रिशूली |
| हेटौँडा | मकवानपुर | राप्ती |
| सिन्धुलीमाढी | सिन्धुली | कमलामाई |
| गुलरिया | बर्दिया | बबई |
| मान्मा | कालिकोट | जुम्लाकर्णाली |

स्रोत : नेपाल परिचय, २०८०

## १.४ नेपालका प्राकृतिक स्रोत र साधनहरू

### १.४.१ भूमि

नेपालका प्राकृतिक स्रोत र साधनमध्ये भूमि एक महत्त्वपूर्ण स्रोत हो । नेपालको धरातल र वनस्पतिमा भिन्नता भए झैँ यहाँको माटोको अवस्था र गुणमा पनि धेरै भिन्नता छ । Land Resource Mapping Project (१९७८/७९) का अनुसार नेपालमा खेतीयोग्य भूभाग १८ प्रतिशत रहेको छ ।

**नेपालमा अभ्यास गरिएका केही भूमि व्यवस्था**

**रैकर भूमि**

रैकर शब्दको व्युत्पत्ति दुई शब्दको अर्थबाट भएको हो । 'रै' शब्दले राज्य र 'कर' भनेको सरकारलाई तिर्नुपर्ने अनिवार्य भुक्तानी हो । त्यसैले रैकर भूमि वा जग्गा भन्नाले सरकारी स्वामित्वमा रहेको र भोगचलन गर्ने व्यक्तिले मालपोत तिर्नुपर्ने जग्गालाई जनाउँदछ । यस्तो जग्गा आफ्नो अधीनमा राखेर प्रयोग गर्ने व्यक्तिले सरकारी राजस्वका रूपमा सरकारलाई मालपोत बुझाउनुपर्दछ ।

## बिर्ता भूमि

कुनै सरकारी कर्मचारीले बहादुरीपूर्वक काम गरेमा वा कुनै व्यक्ति मुलुकी शासनको दृष्टिमा राम्रो साबित भएमा उसलाई 'वृत्ति' स्वरूप प्रदान गरिने जग्गालाई बिर्ता जग्गा भनिन्छ । नेपालमा विशेष गरी राणाशासनकालमा यस्तो जग्गा बाँड्ने चलन थियो । ब्राह्मणलाई दानस्वरूप प्रदान गरिने जग्गालाई कुश बिर्ता, कुनै सरकारी कर्मचारीलाई राम्रो कार्य गरेबापत प्रदान गरिने जग्गालाई फिकदर बिर्ता, युद्ध गर्दागर्दै मरेको सैनिकका परिवारलाई दिने जग्गालाई मरवट बिर्ता भनिन्थ्यो । राणाकालमा उनीहरूको अनुयायी जुनसुकै व्यक्तिलाई पनि बिर्ताका रूपमा जग्गा दिने प्रचलन थियो । यसले गर्दा करिब ३५ प्रतिशत कृषियोग्य भूमि बिर्ताका रूपमा वितरण भएको थियो । वि.सं. २०१६ सालमा बिर्ता उन्मूलन ऐन जारी गरी सम्पूर्ण बिर्ता जग्गालाई रैकरमा परिणत गरियो ।

## गुठी भूमि

कुनै विशेष सार्वजनिक वा सामूहिक उद्देश्य पूर्तिका लागि कुनै ट्रस्टका रूपमा प्रयोग भएको संस्थागत जग्गालाई गुठी जग्गा भनिन्छ । गुठी शब्दको उत्पत्ति संस्कृत शब्दको 'गोष्ठी'बाट भएको हो । यसको अर्थ 'परिषद्' भन्ने हुन्छ । नेपालमा मठ मन्दिर वा देवालयमा पूजाआजा गर्नका लागि तथा धार्मिक धरोहरहरूलाई संरक्षण गर्नका लागि आवश्यक स्रोतका रूपमा उपलब्ध गराइएको जग्गा गुठीको रूपमा रहेका छन् । नेपालमा विशेष गरी पशुपतिनाथ, जयबागेश्वरी, रामजानकी मन्दिरजस्ता धेरै मठमन्दिरका गुठी जग्गाहरू छन् । यस्ता जग्गाबाट नियमित रूपमा आम्दानी प्राप्त भइरहने भएकाले धार्मिक क्रियाकलापहरू सञ्चालन गर्न तथा मठ मन्दिर बनाउन एवम् जीर्णोद्धार गर्न सजिलो हुन्छ । यस्ता गुठीमा खास गरेर राजगुठी, दुनियाँ गुठी, पिलकराना गुठी, बकस गुठी आदि बढी मात्रामा पाइन्छन् । नेपालमा भूमिसुधार ऐन, २०२१अनुसार सबै किसिमका गुठीलाई नियन्त्रण तथा व्यवस्थापन गर्नका लागि गुठी संस्थानको स्थापना गरिएको छ ।

## किपट भूमि

नेपालको पूर्वी पहाडी भागमा यस्तो भूमि प्रथा प्रचलित थियो । यस्ता जग्गामा प्रयोगकर्ताले कर तिर्नुपर्दैन । पृथ्वीनारायण शाहले पूर्वका राई तथा लिम्बू जातिहरूलाई किपट जग्गा प्रदान गरेका थिए । यसरी किपट जग्गा प्राप्त गरेका ती क्षेत्रका जनताले आवश्यक परेको बखत सरकारलाई वा राजालाई सहयोग प्रदान गर्नुपर्दथ्यो । यस्तो जग्गा अन्य व्यक्तिलाई बेच्न मनाही गरिएको थियो । तर, वि.सं. २०२१ मा भूमिसुधार लागू भएपछि यस्तो जग्गा रैकर जग्गासरह किनबेच गर्न पाउने व्यवस्था गरियो ।

**नेपालमा उपलब्ध माटोका प्रकार**

(क) **पाँगो माटो**

तराई प्रदेश र बेँसीमा पाँगो माटो पाइन्छ । नदीले थुपारेको माटो र बालुवामा कुहिएको झारपातसमेत मिली बन्ने यो माटोमा बालुवा र चिम्टे माटोको मात्रा करिब बराबर हुन्छ । यस किसिमको माटोमा चुन, फस्फोरस र पोटास आदि खनिज तत्त्वको मिश्रण हुन्छ । यसैले यो माटो कृषिकार्यका लागि उत्तम मानिन्छ । धान, सनपाट, उखु, सुर्ती, तेलहन आदि यो माटोमा ज्यादै सप्रिन्छ ।

(ख) **बलौटे पत्थरिलो माटो**

भाबर प्रदेश, भित्री मधेस र चुरे पहाडमा यस किसिमको माटो पाइन्छ । यो माटो नदीद्वारा जम्मा भएका बालुवा, कङ्कड, पत्थरजस्ता खुकुला खस्रा पदार्थ मिली बनेको हुन्छ । मलिलो माटोको अनुपात र जैविक पदार्थ कम हुने यो माटोमा पानी अडिदैन र माटोको उर्वराशक्ति पनि अति कम हुन्छ । यस्तो माटोमा सिँचाइ गर्न कठिन हुन्छ । यो कृषिकार्यका लागि तल्लो स्तरको माटो हो, तर साल, सिसौ आदि आर्थिक दृष्टिले महत्त्वपूर्ण रुखहरू यस्तो माटोमा ज्यादै सप्रिने हुँदा यस्तो माटोको अधिकांश भाग जङ्गलले ढाकिएको छ ।

(ग) **रातो फुस्रो माटो**

महाभारतका ठाडा भिरहरूमा टुक्रिएका चट्टानमा सडेका झारपात मिलेर बनेको माटोलाई रातो फुस्रो माटो भनिन्छ । यस माटोको जैविक पदार्थ र ओजनीकृत फलामको मात्रा कम हुने हुँदा यस क्षेत्रको माटोको रङ रातो, फुस्रो वा पहेँलो हुन्छ । चून, नाइट्रोजन र फस्फोरसजस्ता खनिज तत्त्व कम हुने र माटोको गहिराइ पनि कम हुने हुँदा यस किसिमको माटोमा धान, उखु, सनपाट, सुर्ती आदि खेती प्रायः गरिँदैन । तर, यस्तो माटोमा अम्ल, फलामजस्ता खनिज तत्त्व हुने हुँदा फलफूल, चिया, आलु, मकै, कोदोको खेती गर्न उपयोगी हुन्छ ।

(घ) **तलैया माटो**

उपत्यकाका ताल सुकेर बनेको माटोलाई तलैया माटो भनिन्छ । यस किसिमको माटोमा प्रशस्त सडेका झारपात मिलेको हुँदा माटोको रङ कालो हुन्छ । माटोको गहिराइ बढी हुनुका साथै जैविक पदार्थ पनि प्रशस्त हुने हुँदा तलैया माटो कृषिका लागि सर्वोत्तम मानिन्छ । खासगरी यो माटोमा धान, गहुँ, सागपात राम्ररी सप्रिन्छन् । यस किसिमको माटोमा कम वर्षामा पनि खेती गर्न सकिन्छ । काठमाडौँ उपत्यकामा यस्तै माटो पाइन्छ ।

(ङ) **हिमाली माटो**

हिमनदीले थुपारेको माटो, बालुवा, कङ्कड, पत्थर आदि मिलेर हिमाली माटो बन्दछ । खासगरी नेपालको भित्री र उच्च हिमाली क्षेत्रको फेदीमा यस किसिमको

माटो पाइन्छ । हावापानी ठन्डा र शुष्क हुने तथा माटोको गहिराइ एवम् जैविक पदार्थ कम हुने हुँदा यसको उर्वराशक्ति न्यून हुन्छ । यो माटोमा मकै, जौ, आलु, फापरजस्ता बाली मात्र लगाइन्छ ।

### १.४.२ नेपालमा भूमिसम्बन्धी कानुनी व्यवस्था र भूउपयोग

**भूमि र भूउपयोग :**

भूमि भन्नाले पृथ्वीको सतह, सतहभन्दा सीधा तल पृथ्वीको केन्द्रसम्म र सतहभन्दा माथि पृथ्वीको गुरुत्वाकर्षणले भेट्ने सीमासम्मको भाग सम्झनुपर्छ, (भूउपयोग ऐन, २०७६) । भूउपयोग भन्नाले जग्गाको उपयोगअनुसार विभिन्न क्षेत्रमा विभिन्न प्रकारले जग्गाको विभाजन गरी प्रयोगमा ल्याउने प्रक्रिया हो । मुलुकको आर्थिक विकासमा द्रुततर गति ल्याउन भूमिबाट निष्क्रिय पुँजी र जनसङ्ख्याको भार झिकी अर्थव्यवस्थाको अन्य क्षेत्रमा लगाउन र कृषियोग्य भूमिको न्यायोचित वितरण र कृषिसम्बन्धी आवश्यक ज्ञान र साधन सुलभ गराई भूमिमा आश्रित वास्तविक किसानहरूको जीवनस्तरमा सुधार ल्याउन, कृषि उत्पादनमा अधिकतम वृद्धि गर्न प्रोत्साहन प्रदान गरी सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न भूमिको उचित व्यवस्थापन गरी गरिबी न्यूनीकरण गरी समग्र आर्थिक विकास गर्न भूमिसम्बन्धी नेपालमा विभिन्न कानुनी व्यवस्था विद्यमान छन् ।

(१) **नेपालको संविधान :**

नेपालको वर्तमान संविधानको धारा २५ मा मौलिक हकअन्तर्गत 'सम्पत्तिको हक'को उपधारा (४) मा भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषिको आधुनिकीकरण र व्यवसायीकरण, वातावरण संरक्षण, व्यवस्थित आवास तथा सहरी विकास गर्ने प्रयोजनका लागि राज्यले कानुनबमोजिम भूमि सुधार, व्यवस्थापन र नियमन गर्न सक्ने छ भन्ने स्पष्ट प्रावधान रहेको छ ।

नेपालको संविधानको धारा ५१ मा राज्यका नीतिहरूअन्तर्गत कृषि र भूमिसुधार नीति निम्नानुसार रहेको छ :

(१) भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने,

(२) अनुपस्थित भूस्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

(३) किसानको हकहित संरक्षण र संवर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने,

(४) भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलनसमेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने,

(५) कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने ।

२) **भूमिसम्बन्धी ऐन**, २०२१

मुलुकको आर्थिक विकासमा द्रुततर गति ल्याउन भूमिबाट निष्क्रिय पुँजी र जनसङ्ख्याको भार झिकी अर्थव्यवस्थाको अन्य क्षेत्रमा लगाउन, कृषियोग्य भूमिको न्यायोचित वितरण र कृषिसम्बन्धी आवश्यक ज्ञान र साधन सुलभ गराई भूमिमा आश्रित वास्तविक किसानहरूको जीवनस्तरमा सुधार ल्याउन र कृषि उत्पादनमा अधिकतम वृद्धि गर्न प्रोत्साहन प्रदान गरी सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न यो ऐन बनाइएको हो । भूमिसम्बन्धी ऐन, २०२१ मा ११ ओटा परिच्छेद र ६४ ओटा दफा रहेका छन् । जमिन्दारी उन्मूलन, जग्गाको हदबन्दी तोकिनुका साथै जग्गाको बिक्री वितरणसम्बन्धी व्यवस्था, मोहीसम्बन्धी व्यवस्था, कुतको व्यवस्था र भूमिसम्बन्धी समस्या समाधान गर्न आयोग गठन गर्न सक्ने जस्ता व्यवस्था छन् । यो ऐन वि.सं. २०२१ सालमा आएपछि समयानुकूल रूपमा वि.सं. २०७६ सम्म ७ (सात) पटक संशोधन भएको छ ।

३) **भूउपयोग ऐन**, २०७६

भूमिको वर्गीकरण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापनका माध्यमबाट अधिकतम र दिगो लाभ हासिल गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न नेपालको सङ्घीय संसद्ले यो ऐन बनाएको छ । भूउपयोग ऐन, २०७६ मा ६ ओटा परिच्छेद र ३४ दफा छन् । यो ऐन भूमिको वर्गीकरण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापनका माध्यमबाट अधिकतम र दिगो लाभ हासिल गर्न आवश्यक देखिन्छ । भूउपयोग कार्यक्रम सञ्चालन, भूउपयोग क्षेत्र निर्धारण, भूमिको वर्गीकरण, भूउपयोग योजना बनाउने र भूमि बैंकको स्थापना गर्ने जस्ता व्यवस्था यो ऐनमा छन् । नेपाल सरकारले २०७२ सालमा भूउपयोग नीति ल्यायो । यसैका आधारमा २०७६ सालमा भूउपयोग ऐन, २०७६ जारी गरेको छ । यस ऐनमा भएका खास-खास प्रावधान र विशेषता देहायअनुसार छ :

ऐनको दफा ४ ले भूउपयोग क्षेत्रको वर्गीकरण गरेको छ ।

क) कृषि क्षेत्र
ख) आवासीय क्षेत्र
ग) व्यावसायिक क्षेत्र
घ) औद्योगिक क्षेत्र
ङ) खानी तथा खनिज क्षेत्र
च) वन क्षेत्र
छ) नदी, खोला, ताल, सिमसार क्षेत्र
ज) सार्वजनिक उपयोगको क्षेत्र,

झ) सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको क्षेत्र
ञ) नेपाल सरकारबाट आवश्यकताअनुसार तोकिएको अन्य क्षेत्र

यी माथिका क्षेत्रबाहेक पनि स्थानीय तहले तोकिएबमोजिम उपक्षेत्रहरूमा वर्गीकरण गर्न सिफारिस भई आएमा वर्गीकरण हुन सक्ने व्यवस्था रहेको छ ।

यस ऐनबमोजिम सङ्घीय सरकार, मन्त्रालयले प्रत्येक स्थानीय तहको भूउपयोग क्षेत्र नक्सा तयार गरिदिने व्यवस्था रहेको छ । जसले गर्दा नक्सा तयार गर्ने काममा प्रदेश सरकार र स्थानीय तहले कुनै समस्या भोग्नुपर्ने छैन । यसै गरी ऐनको दफा ६ मा भूउपयोगको योजना तर्जुमामा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार (तह) को सहभागिता हुने व्यवस्था गरेको छ, जसले गर्दा भूउपयोगका लागि तीनओटै सरकारबीच सहकारिता र समन्वयका माध्यमबाट लक्ष्यमा पुग्न सकिने हुन्छ । यस्तो योजना तर्जुमा गर्दा देहायका विषयहरूलाई आधार लिइने कानुनी व्यवस्था छ :-

- भूमिको वस्तुस्थिति
- जनसङ्ख्या वृद्धिदर
- खाद्य तथा आवासको आवश्यकता
- आर्थिक विकास तथा पूर्वाधार निर्माणमा भूमिको मागमा हुने वृद्धि
- दीर्घकालीन भूउपयोग योजनाको आधारपत्र
- समग्र आर्थिक, सामाजिक, पूर्वाधार विकासलगायतका विषय

यसैगरी भूउपयोग योजना तर्जुमा गर्दा देहायका क्षेत्रहरू देखिने गरी तयार गर्नुपर्ने हुन्छ :

(क) औद्योगिक करिडोर
(ख) विशेष आर्थिक क्षेत्र
(ग) राष्ट्रिय परियोजना
(घ) अन्तरप्रदेश फैलिएका परियोजना
(ङ) संरक्षणयोग्य राष्ट्रिय महत्त्वका प्राकृतिक तथा भौतिक सम्पदाहरू
(च) अन्तर्राष्ट्रिय पहिचान र मानवीय आस्था बोकेका धार्मिक, सांस्कृतिक महत्त्वका स्थानहरू,
(छ) विद्यालय वा अन्य शैक्षिक क्षेत्र, सडक, स्वास्थ्य संस्था, सिँचाइ कुलो वा नहर रहेको क्षेत्र,
(ज) राष्ट्रिय सुरक्षाका दृष्टिले संवेदनशील स्थानहरू,
(झ) विपद् जोखिमयुक्त क्षेत्र,
(ञ) वातावरणीय स्वच्छता तथा जैविक विविधता संरक्षणका लागि सुरक्षित क्षेत्र,
(ट) अन्य आवश्यक क्षेत्र ।

यस ऐनको दफा ८ मा भूउपयोगका लागि वर्गीकरण भइसकेको जग्गा पर्याप्त प्रमाण र मनासिब कारणविना भूउपयोग परिवर्तन गर्न नपाउने व्यवस्था रहेको छ ।

दफा १० बमोजिम मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहले जग्गाको खण्डीकरण नियन्त्रण तथा कित्ताकाट गर्ने कार्यलाई नियमन गर्न आवश्यक आधार र मापदण्ड तोक्ने व्यवस्था छ । साथै, जग्गाको चक्लाबन्दीलाई प्रोत्साहन गरिने व्यवस्था रहेको छ ।

कृषिभूमिमा आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण, सहकारी खेती, सामूहिक खेती तथा सार्वजनिक खेती गर्न तोकिएबमोजिमको क्षेत्रफलका कित्ता जग्गा एकीकरण गरी मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहले चक्लाबन्दी कार्यक्रम गर्न गराउन सक्ने छ ।

दफा ११ बमोजिम कृषि क्षेत्रमा बसोवास र पूर्वाधार निर्माण गर्न बन्देज लगाइएको छ ।

दफा १२ बमोजिम आवासीय प्रयोजनमा बाहेक वर्गीकरण गरी घडेरी विकास गर्न नपाइने र जग्गाको खण्डीकरण हुनबाट रोक्ने व्यवस्था छ ।

सङ्घ, प्रदेश र स्थानीय तहमा भूउपयोग परिषद्को व्यवस्थाका साथै परिषद्हरूको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । ऐनको दफा २१ मा भूमि बैंकको स्थापना गर्न सकिने व्यवस्था रहेको छ । दफा २२ मा कृषियोग्य जमिनको अधिकतम उपयोग गर्नेलाई तीन तहकै सरकारबाट प्रोत्साहनको व्यवस्था रहेको छ ।

भूउपयोग ऐन, २०७६ ले भूउपयोग क्षेत्र नक्सा तयार गर्नुपर्ने व्यवस्था गरेको छ । यो ऐनबमोजिम जग्गाधनी स्रेस्ता र प्रमाणपुर्जा अद्यावधिक गर्ने व्यवस्था गरिएको छ । यो ऐनमा जग्गाको खण्डीकरण नियन्त्रण तथा चक्लाबन्दी गर्ने र घडेरी विकसित गर्न नपाइने, जग्गाको मूल्याङ्कन र करको निर्धारण गर्दा भूउपयोग वर्गीकरणअनुसार गर्नुपर्ने प्रावधान छन् ।

नेपालमा भूमिसम्बन्धी अन्य केही ऐन, नियम र आयोग गठन आदेशहरू :

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- भूउपयोग नीति, २०७२
- भूमिसम्बन्धी नियमावली, २०२१
- भूमिसम्बन्धी समस्या समाधान गर्न गठन आदेश, २०७६

माथि उल्लेखित सम्पूर्ण कानुनहरूको प्रमुख उद्देश्य नै भूमिको उत्पादन र उत्पादकत्वमा, गुणस्तरीयता र उपयोगितामा वृद्धि ल्याई समग्र नागरिकको जीवनस्तर सुधार्ने र मुलुकको आर्थिक वृद्धि र आर्थिक विकास गर्ने रहेको छ । यी माथिका विषय एवम् क्षेत्रहरूको व्यवस्था भएमा समस्याको समाधान हुने अपेक्षा गरिएको छ ।

### १.४.३ वन

कुनै ठाउँको भूधरातल, हावापानी, माटो आदिले त्यस स्थानको वनस्पतिलाई प्रभावित गर्दछन् । हावापानीले वनस्पतिलाई प्रभावित गर्ने हुँदा यी दुईबीच अन्योन्याश्रित

सम्बन्ध रहेको छ । नेपालको वातावरणीय संरक्षण र सन्तुलनमा वन सम्पदाको महत्त्वपूर्ण स्थान छ । सन् १९५४ को तथ्याङ्कअनुसार देशको ४५ प्रतिशतभन्दा बढी भूभाग वनजङ्गलले ढाकेको थियो तर सन् १९७९ तिर ४३ प्रतिशत, सन् १९८६ मा ३७.४ प्रतिशत र सन् १९९८ मा गरिएको एक सर्वेक्षणले वन क्षेत्र केवल ३९.६ प्रतिशत रहेकोमा सन् २०१४ को वन सर्वेक्षणले वन क्षेत्र ४४.७४ प्रतिशत पुगेको तथ्य देखाएको छ । विगतमा आवास तथा पुनर्वासका लागि धेरै ठाउँमा वन फँडानी गरियो भने कतिपय क्षेत्रमा वनको अतिक्रमण भयो ।

नेपालको भूधरातल तथा वनजङ्गलको विविधताका आधारमा नेपालको वनस्पति जगत्लाई निम्नलिखित पाँच समूहमा वर्गीकरण गर्न सकिन्छ :

**(क) उष्णप्रदेशीय सदाबहार जङ्गल (Sub Tropical Evergreen Forest)**

तराई, भाबर, दुन, चुरे पर्वतको १,२०० मिटरसम्मको उचाइमा पाइने उष्ण प्रदेशीय सदाबहार जङ्गलमा गर्मी र वर्षा यथेष्ट मात्रामा हुने हुँदा यहाँका रुखहरू अग्ला, मोटा, बलिया र सधैँ हरिया हुन्छन् । पूर्वदेखि पश्चिमसम्म समानान्तर रूपमा रहेको यो जङ्गल पहिले चार कोससम्म फैलिएकाले यसलाई चारकोसे झाडी पनि भनिन्छ । यहाँ साल, सिसौ, खयर, सिमल आदि प्रमुख वनस्पतिका साथै साँवे, ढड्डी, गाँज पनि पाइन्छन् । यस जङ्गलमा हात्ती, गैँडा, बाघ, भालु, मृग आदि वन्यजन्तु पाइने हुँदा यो क्षेत्र आर्थिक तथा जैविक दृष्टिले निकै महत्त्वपूर्ण मानिन्छ ।

**(ख) समशीतोष्ण पतझर जङ्गल (Temperate Deciduous Forest)**

नेपालमा १,२०० मिटरदेखि २,१०० मिटरसम्मको उचाइसम्म चुरे पहाडको माथिल्लो भाग, मध्यभाग र महाभारत पर्वतको तल्लो भागको समशीतोष्ण पतझर जङ्गलमा पाइने रुख अग्ला र मोटा हुन्छन् । तल्लो भाग सघन छायादार भए पनि माथिल्लो भाग चिसो हुनुका साथै तुसारो पर्ने भएकाले अधिकांश पातपतिङ्गर झर्ने हुँदा यो वन शृङ्खलालाई पतझर भनिएको हो । उच्च भागमा केही मात्रामा पतझर र कोणधारी रुखहरूको मिश्रित जङ्गल पाइन्छ । यहाँ पाइने कडा र नरम जातका सदाबहार, पतझर र कोणधारी रुखमध्ये साल, सल्ला, देवदारु, कटुस, ओखर, गुराँस, पिपल, चिलाउने, वर, बाँस, सिमल, उत्तिस, पलाँस, लाकुरी, चाँप प्रमुख छन् । यस्तो वन उष्णप्रदेशीय सदाबहार जङ्गलभन्दा कम गुणस्तरको मानिन्छ ।

**(ग) समशीतोष्ण सदाबहार कोणधारी जङ्गल (Coniferous Forest)**

महाभारत पर्वतको माथिल्लो भाग तथा हिमालय पर्वतको तल्लो भागमा २,१०१ मिटरदेखि ३,३५० मिटरसम्मको उचाइमा कोणधारी जङ्गल पाइन्छ । यहाँ वर्षैभरि चिसो हुने र हिमपात भइरहने हुँदा रुख र रुखका पातहरू कोणजस्तै चुच्चो परेका हुन्छन् । यहाँको माटो सेपिलो हुने हुँदा सदाबहार जङ्गल हुन्छ । यहाँ मझौला नरम जातका रुख पाइने र यसमा पनि चाँप, सल्ला, देवदारु,

कटुस, धुपी, सिमल, चिलाउने, बेतबाँस, उत्तिस, बाँस, गुँरास, भोजपत्र आदि उल्लेख्य मात्रामा रहेका छन् ।

(घ) **लेकाली वनस्पति वा घाँसे मैदान (Alpine Forest)**

नेपालमा ३,३५१ मिटरदेखि ५,००० मिटरसम्मको उचाइमा कम तापक्रम र कम वर्षा हुने पहाडी तथा तल्लो हिमाली क्षेत्रमा पाइने वनस्पतिलाई लेकाली वनस्पति भनिन्छ । यो उचाइमा चिसो र शुष्क जलवायु पाइने हुँदा यहाँ अग्ला, मोटा र कडा जातका रुखहरू सप्रिन सक्दैनन् । लेकाली वनस्पतिमध्ये कम उचाइका गुराँस, निगाले र केही झाडीजस्ता रुखहरू ३,६०० मिटरसम्मको उचाइमा पाइन्छन् भने त्योभन्दा माथि घाँसका ठुलाठुला फाँटहरू पाइन्छन् । माथिल्लो भागमा रङ्गीबिरङ्गी बुकीफूल, जडीबुटीहरू पाइन्छन् ।

(ङ) **शीत मरुभूमिको वनस्पति (Tundra Vegetaion)**

नेपालमा ५,००० मिटरको उचाइभन्दा माथि हिउँ पर्ने हुँदा यहाँ वनस्पतिहरू उम्रिन नसक्ने भएकाले हिउँ नअडिने भिरालो ठाउँमा काई र लेउ मात्र पाइन्छन् । उम्रिन र हुर्कन नसक्ने यस्तो ठाउँमा उम्रेका लेउ र झ्याउलाई टुन्ड्रा वनस्पति वा शीत मरुभूमिको वनस्पति भनिन्छ ।

### १.४.४ खनिज

पृथ्वीभित्र रहेका तामा, कोइला, चुनढुङ्गा, पेट्रोलियम पदार्थ, ग्यास, खरी, गेरु, सिसा, म्याग्नेसाइट, स्लेट आदिलाई खनिज भनिन्छ । नेपाल प्राकृतिक स्रोत र साधनले सम्पन्न मुलुक हो । आर्थिक वर्ष २०६५/०६६ मा यस क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा ०.५४ प्रतिशत योगदान रहेको थियो । नेपालमा खनिज उत्खननका लागि गरिएको प्रयासको इतिहास त्यति लामो छैन । खनिज पदार्थको उत्खननलाई अझ प्रभावकारी बनाउनका लागि वि.सं. २०२४ मा भौगर्भिक विभागको स्थापना गरियो । यद्यपि, देशको भूगर्भमा रहेका खनिज पदार्थलाई उपयोग गर्न सकिएको छैन ।

**तालिका नं. १.९**

**नेपालमा खनिज साधनका सम्भाव्य क्षेत्र**

| क्र. सं. | उपलब्ध खनिज | खनिज पाइने स्थानहरू |
|---|---|---|
| १ | फलाम | फूलचोकी, ठोसे, चितवन, कुलेखानी, भैँसे, प्युठान, बझाङ, डोटी, जन्तर, लब्धी, फर्पिङ |
| २ | तामा | तामाखानी, सीमाखानी, कुलेखानी, बुद्धखोला, वाप्सा, बाह्रबिसे, मार्फा, बन्दीपुर, ओखलढुङ्गा, इलामडाँडा, म्याग्दी । |

| | | |
|---|---|---|
| ३ | अभ्रख | भोजपुर, डोटी, चैनपुर, सिन्धुलीगढी, ज्यामिरे, निबुवा गाउँ, रसुवा, बभ्फाङ, लमजुङ, गोसाइकुँण्ड, सुन्दरीजल |
| ४ | चुनढुङ्गा | चोभार, भैँसे, धनकुटा, मोरङ, चितवन, मकवानपुर, पाल्पा, गोदावरी, सुर्खेत |
| ५ | सिसा | गणेश हिमाल, फूलचोकी, मकवानपुर, बागलुङ, मार्फु, गल्कोट, तिप्लिङ, बैतडी |
| ६ | जस्ता | गणेश हिमाल, फूलचोकी, माजेर खोला, नाम्पा |
| ७ | गन्धक | चिसापानी गढी, गोसाइकुण्ड, बराहक्षेत्र |
| ८ | खरी | सिन्धुपाल्चोक, खोटाङ, भोजपुर |
| ९ | स्लेट | बन्दीपुर, बाग्मती, लुम्बिनी, गण्डकी, जनकपुर |
| १० | मार्बल | गोदावरी, महाभारत पर्वत शृङ्खला |
| ११ | गेरु | सिन्धुपाल्चोक, चौतारा |
| १२ | कोइला | दाङ, सल्यान, चौतारा, चितवन, मकवानपुर, काठमाडौँ उपत्यका |
| १३ | पेट्रोलियम | कोइलाबास, नेपालगन्ज, धनगढी, मुक्तिनाथ, दैलेख, प्युठान, दाङ र तराई, चुरे पहाड, महाभारतको विस्तृत क्षेत्रफलमा पाइने सम्भावना निकै रहेको । |
| १४ | ग्यास | तराईको विस्तृत भूभाग, मुस्ताङ क्षेत्र र काठमाडौँ उपत्यका |
| १५ | सुन | सुनकोशी, बुढीगण्डकी, रिउ खोला, कालीगण्डकीको बगर, बेरिङ, कोशी नदीमा प्लेसर सुन पाइएको छ । |
| १६ | चाँदी | चिसापानी गढी, बागलुङ, फूलचोकी |
| १७ | कोवाल्ट | पाल्पा, गुल्मी, अर्घाखाँची, धनकुटा |
| १८ | सोडा | सल्यान, डोटी |
| १९ | सिधेनुन, बिरेनुन | रसुवा, स्याफ्रुबेँसी |
| २० | निओवेरस र अन्य पत्थर (दुर्लभ धातु) | गोरखा, डडेल्धुरा, जाजरकोट |

| | | |
|---|---|---|
| २१ | निकेल | खोकलिङ, नाम्पा, टुङथाङ, भोर्ले |
| २२ | म्याग्नेसाइट | दोलखाको खरिढुङ्गा, उदयपुरको कम्युघाट, मुस्ताङको नुनखानी |

स्रोत : नेपाल परिचय, २०८०

### १.४.५ जलस्रोत

नेपाल समुद्री सुविधाबाट वञ्चित भए पनि जलसम्पदाको दृष्टिले ब्राजिलपछि विश्वको दोस्रो सबैभन्दा समृद्ध र एसियाको पहिलो राष्ट्र मानिन्छ। नेपालमा ६ हजारभन्दा बढी नदीनाला छन्। नेपालका तीन ठुला नदी कोशी, गण्डकी र कर्णालीको जलभण्डार क्षमता १ लाख ४८ हजार क्युबिक मिटर अर्थात् कुल जलभण्डार क्षमताको ७४ प्रतिशत रहेको छ। कुल जलविद्युत् उत्पादन क्षमता करिब ८३ हजार मेगावाट रहेको छ। नेपालका साना-ठुला नदीहरूको प्रवाह, जलभण्डार र उपयोगिताका दृष्टिले नदीहरूलाई निम्नानुसार तीन श्रेणीमा वर्गीकरण गर्न सकिन्छ :

**(क) पहिलो स्तरका नदी**

हिमालको हिउँ पग्लेर वा हिमालयबाट उत्पत्ति भई निरन्तर रूपमा ठुला जलराशिका साथ प्रवाहित हुने सप्तकोशी, सप्तगण्डकी र कर्णालीजस्ता ठुला नदीहरू पहिलो स्तरका नदी हुन्। यस्ता नदी ठुला जलविद्युत् र सिँचाइ आयोजनाहरूका लागि उपयोगी मानिन्छन्।

**(ख) दोस्रो स्तरका नदी**

हिमालय पर्वतभन्दा तलको महाभारत पर्वत श्रेणीबाट उत्पत्ति भई कहिल्यै नसुक्ने निरन्तर रूपमा जलप्रवाहित हुने भए तापनि वर्षात्मा बढी पानी हुने तर हिउँदमा पानीको मात्रा निकै घट्ने मेची, कन्काई, त्रियुगा, कमला, बागमती, बाणगङ्गा, तिनाउ, राप्ती, बबई, मोहना आदि दोस्रो स्तरका नदीहरू हुन्।

**(ग) तेस्रो स्तरका नदी**

शिवालिक पर्वतमाला चुरे पहाडबाट उत्पति भई मनसुनमा निकै ठुलो रूप लिने र हिउँदमा निकै कम हुने वा सुक्ने अस्थायी प्रकृतिका नदीहरू तेस्रो स्तरका नदीहरू हुन्। यस्ता नदीमा सिर्सिया, तिलाबे, जमुनी, हर्दिनाथ, डुँडुवा, अर्जुन खोला पर्दछन्। यस्ता नदी बर्सेखेती तथा अल्पकालीन सिँचाइका लागि उपयोगी हुने गर्दछन्।

### १.४.६ ताल, कुण्ड र पोखरीहरू

**तिलिचो ताल**

तिलिचो ताल समुद्री सतहदेखि ४,९१९ मिटरको उचाइमा फाक्चे हिमालको काखमा



तिलिचो ताल, मनाङ

रहेको छ । यो मनोरम ताल मुस्ताङको साँधमा अन्नपूर्ण हिमालको उत्तरी भेक मनाङ जिल्लामा पर्दछ । यो तालको लम्बाइ करिब ४ कि.मि. तथा चौडाइ १.२ कि.मि. र गहिराइ करिब २०० मिटर रहेको छ । यसताललाई तिरि-चो वा तिलिजो पनि भनिन्छ । यस तालको उत्तरतिर नीलगिरि र दक्षिणतर्फ अन्नपूर्ण हिमालय पर्दछ । हिउँ, जल तथा ढुङ्गाको सौन्दर्यमा खुलेको हुनाले यो ताल अत्यन्तै मनमोहक छ ।

**राराताल**



राराताल, मुगु

मुगु जिल्लामा अवस्थित यो ताल नेपालको सबैभन्दा ठुलो तालको रूपमा प्रसिद्ध छ ।

यसको लम्बाइ ५.२ कि.मि., चौडाइ २.४ कि.मि. र गहिराइ १६७ मिटर छ। यो समुद्र सतहदेखि २,९९० मिटर उचाइमा रहेको छ र यसलाई महेन्द्रताल पनि भनिन्छ।

**शे फोक्सुण्डो ताल**



शे फोक्सुण्डो ताल, डोल्पा

शे फोक्सुण्डो ताल डोल्पा जिल्लामा अवस्थित छ। कान्जिरोवा हिमालको दक्षिण फेद तथा भेरीको मुख्य शाखा जगदुल्ला खोलाको सिरान कागमारा लेकको काखमा अवस्थित फोक्सुण्डो ताल समुद्री सहतदेखि करिब ३,६१३ मिटरको उचाइमा अवस्थित छ। यो ताल उत्तर दक्षिणतर्फ लामो एवम् पूर्व-पश्चिमतर्फ चौडा देखिन्छ। यो तालको लम्बाइ करिब ४.८२ कि.मि. तथा चौडाइ १.६१ कि.मि. र गहिराइ ६५० मिटर रहेको छ। यस तालको स्थानीय नाम 'रिग्मो' हो। यो ताल तीनकुने लाम्चो आकारको छ। यो ताल रारातालपछिको दोस्रो ठुलो र मुलुकको सबैभन्दा गहिरो ताल हो। यो तालको पानी अत्यन्तै चिसो भएको कारणले गर्दा यस तालमा कुनै किसिमका जीवात्मा पाइँदैनन्। यस तालको निकासको रूपमा रहेको सुलीगाड खोलामा करिब १७६ मिटरको झरना पनि छ।

**च्छो रोल्पा ताल**

यो ताल दोलखा जिल्लामा पर्दछ। यो समुद्र सतहदेखि ४,५८० मिटरको उचाइमा अवस्थित छ। यस तालको लम्बाइ ३ कि.मि., चौडाइ ०.५ कि.मि.र गहिराइ १०० मिटर रहेको छ। यो तालमा करिब ८ करोड घनमिटर पानी रहेको अनुमान छ। विस्फोटन हुने खतरामा रहेको यस ताललाई विस्फोटनबाट बचाउन पानी बाहिर निकाल्न साइफन जडान गरिएको छ।

**फेवाताल**

कास्की जिल्लाको पोखरामा रहेको फेवातालको लम्बाइ ४.८ कि.मि.,चौडाइ १.५



फेवाताल, कास्की

कि.मि.र गहिराइ २४ मि. रहेको छ। यो तालमा माछापुच्छ्रेको छाया देखिने हुनाले बडो मनमोहक हुनाका साथै पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण छ।

**रानी पोखरी**

राजा प्रताप मल्लले पुत्रशोकले पीडित आफ्नी रानी अनन्तप्रियालाई सान्त्वना दिलाउनका लागि रानी पोखरीको निर्माण गरेका थिए। यो पोखरीको लम्बाइ १८० मिटर, चौडाइ १४० मिटर र क्षेत्रफल झन्डै ३२ रोपनी छ। यस पोखरीको उत्तरपूर्व र उत्तरपश्चिम कुनामा भैरव, दक्षिणपूर्व कुनामा महालक्ष्मी र दक्षिणपश्चिम कुनामा सोह्रहाते गणेश स्थापना गरिएको छ।

**टौदह**



टौदह, काठमाडौँ

काठमाडौँ उपत्यका जलमय भएको अवस्थामा मञ्जुश्रीले खड्गले काटेर वा भगवान् श्रीकृष्णले चक्र प्रहार गरी चोभारको गल्छी काटेर पानी बाहिर पठाएपछि यहाँका नागहरू पनि बाहिर जानुपर्ने अवस्था सिर्जना भएकाले चोभार भूतखेल भन्ने ठाउँमा पोखरी बनाई सोही ठाउँमा नागहरूका राजा कर्कोटकलाई बस्ने ठाउँ दिइएकाले

टौदहलाई कर्कोटक नागको वासस्थान पनि भनिन्छ । यो ८४ रोपनी जलक्षेत्रसहित ९६ रोपनी जग्गामा फैलिएको छ । दर्जनौँ प्रकारका पक्षी यहाँ पाइने हुँदा चराहरूको अध्ययन र अनुसन्धानका लागि यो ठाउँ आर्कषक छ ।

### घोडाघोडी ताल

कैलाली जिल्लाअन्तर्गत महेन्द्र राजमार्गको उत्तरतर्फ हत्केलाको आकारमा १.५ हेक्टर क्षेत्रफलमा फैलिएको घोडाघोडी ताल रहेको छ । यस तालको बीचबीचमा चार-पाँचओटा थुम्काथुम्कीहरू बनेका छन् । यो तालको छेउमा घोडाघोडी मन्दिर रहेकाले सोही मन्दिरको आधारमा तालको नामकरण गरिएको हो । यो तालको छेउको जङ्गलमा दुर्लभ पक्षी धनेशका अतिरिक्त अनेकौँ पशुपक्षीहरू पाइन्छन् । तालभित्र माछा, गोही, कछुवा आदि पाइन्छन् ।

### बेगनास ताल



बेगनास ताल, कास्की

रूपातालसँगै पचभैया डाँडाको अर्को पाखामा बेगनास ताल रहेको छ। समुद्री सतहबाट ६७७ मिटर उचाइमा अवस्थित ७.५ मि. गहिरो यो ताल २२५ हेक्टरमा फैलिएको छ ।

### गोसाइँकुण्ड

जनैपूर्णिमाको दिन मेला भर्न हजारौँ धर्मावलम्बी आउने साथै धार्मिक तीर्थस्थलको रूपमा समेत परिचित रहेको गोसाइँकुण्ड बागमती प्रदेशको रसुवा जिल्लामा पर्दछ । हिमाली कालो कडा चट्टानमा निर्मल जलयुक्त यो ताल समुद्री सतहबाट करिब ४,३६० मिटर उचाइमा रहेको छ । सूर्यकुण्ड (पूर्व) र उत्तरी झरनाबाट गोसाइँकुण्ड बन्न पुगेको हो ।

### रूपाताल

कास्की जिल्ला पोखराको पूर्वउत्तर भागमा पचभैया पर्वतको फेदमा रूपाताल छ । समुद्री सतहबाट ७०१ मिटरको उचाइमा अवस्थित ४.५ मिटर गहिराइ भएको



रूपाताल, कास्की

रूपाताल १२० हेक्टर क्षेत्रफलमा फैलिएको छ । यो तालमा हाल मत्स्यपालन गरी आर्थिक लाभ लिन थालिएको छ ।

**तालिका नं. १.१०**

**नेपालका केही प्रसिद्ध ताल, कुण्ड र पोखरीहरू**

| क्र.सं. | ताल, कुण्ड, पोखरी | स्थान (जिल्ला) |
|---|---|---|
| १ | राराताल | मुगु |
| २ | फेवाताल | कास्की |
| ३ | रूपाताल | कास्की |
| ४ | मैदीताल | कास्की |
| ५ | बेगनास ताल | कास्की |
| ६ | शे फोक्सुण्डो वा रिग्म ताल | डोल्पा |
| ७ | बीसहजार ताल, नन्दभाउजू ताल | चितवन |
| ८ | गैडहवा ताल | रूपन्देही |
| ९ | लौसा ताल | रूपन्देही |
| १० | सग्रहवा ताल | रूपन्देही |
| ११ | जाखिरा ताल | कपिलवस्तु |

| | | |
|---|---|---|
| १२ | घोडाघोडी ताल | कैलाली |
| १३ | बुलबुले ताल | सुर्खेत |
| १४ | जगदीशपुर ताल | कपिलवस्तु |
| १५ | रानी ताल | कञ्चनपुर |
| १६ | झिलमिला ताल | कञ्चनपुर |
| १७ | तिरिछो (तिलिचो) ताल | मनाङ |
| १८ | खप्तड दह | अछाम |
| १९ | गोसाइँकुण्ड | रसुवा |
| २० | इन्द्र सरोवर | मकवानपुर |
| २१ | टौदह | काठमाडौँ |
| २२ | रानीपोखरी | काठमाडौँ |
| २३ | नागदह | ललितपुर |
| २४ | गङ्गासागर | धनुषा |
| २५ | महाराजा सुनवर्षी पोखरी | मोरङ |
| २६ | माइदिया पोखरी | पर्सा |
| २७ | सुर्मा सरोवर | बझाङ |



इन्द्र सरोवर, मकवानपुर

| | | |
|---|---|---|
| २८ | पन्चासे ताल | स्याङ्जा, पर्वत र कास्की |
| २९ | गिरी दह | जुम्ला |
| ३० | सुना दह | डोल्पा र बागलुङ जिल्लाको सीमा क्षेत्र |
| ३१ | गुफापोखरी, सभापोखरी | सङ्खुवासभा |
| ३२. | माईपोखरी | इलाम |

**स्रोत : नेपाल परिचय**, २०८०

### १.५ नेपालको जनसङ्ख्या

नेपालमा वि. सं. १९६८ (सन् १९११) देखि जनगणना गर्ने कार्य सुरु भएको हो। त्यसपछि लगभग प्रत्येक १०-१० वर्षको अन्तरमा जनगणना कार्यक्रम सञ्चालन हुँदै आएको छ। वि.सं. १९९८ सम्म सञ्चालन भएका जनगणना सामान्य व्यक्ति गणना (Head Count) का रूपमा मात्र सीमित थिए भने वि.सं. २००९-०११ (सन् १९५२/५४) देखि सञ्चालन भएका जनगणनाहरू अन्तर्राष्ट्रिय रूपमा तुलनायोग्य आधुनिक (वैज्ञानिक) जनगणना मानिन्छन्। यस क्रममा वि.सं. २०६८ को राष्ट्रिय जनगणना नेपालको एघारौँ र जनगणनाको इतिहासमा १०० वर्षको जनगणना हो। असार ८ गतेलाई जनगणना दिवस (Census Day) मानिएको छ।

राष्ट्रिय जनगणना २०७८ को राष्ट्रिय जनगणनाको नतिजामा नेपालको नयाँ नक्साअनुसारको सम्पूर्ण भू-भाग समेटिएको छ, जसअनुसार नेपालको जनसङ्ख्या २,९१,६४,५७८ पुगेको छ, जुन १० वर्षअघि (२०६८ साल) को जनसङ्ख्या २,६४,९४,५०४ को तुलनामा २६,७०,०७४ ले बढी हो। १० वर्षमा नेपालको जनसङ्ख्या १०.०८% ले बढेको देखिन्छ। विगत १० वर्षको सरदर वार्षिक वृद्धिदर (Exponential Growth) ०.९२% देखिन्छ। जुन अघिल्लो जनगणनामा १.३५% रहेको थियो।

कुल जनसङ्ख्यामा १,४२,५३,५५१ जना पुरुष (४८.८७%) र १,४९,११,०२७ जना महिला (५१.१३%) रहेको छ। १० वर्षअघि २०६८ सालको जनगणनामा कुल जनसङ्ख्या २,६४,९४,५०४ जनामा पुरुष र महिलाको हिस्सा क्रमशः ४८.५% र ५१.५% थियो। हालको नतिजाअनुसार लैङ्गिक अनुपात (प्रति १०० महिलामा पुरुषको सङ्ख्या) ९५.५९ रहेको छ, जुन गत जनगणनामा ९४.१६ रहेको थियो।

भौगोलिक क्षेत्रअनुसार कुल जनसङ्ख्याको वितरणमा तराई क्षेत्रको अंश २०६८ सालको तुलनामा २०७८ मा वृद्धि भएको देखिएको छ। २०६८ सालको जनगणनामा तराईमा कुल जनसङ्ख्याको ५०.२७% हिस्सा रहेकोमा २०७८ मा वृद्धि भई ५३.६१% पुगेको छ। हिमाली क्षेत्रमा कुल जनसङ्ख्याको ६.७३% अंश रहेकोमा २०७८ मा केही कम भई ६.०८% रहेको देखिन्छ। त्यसैगरी पहाडी क्षेत्रमा २०६८ मा ४३.०१% अंश रहेकोमा

हाल ४०.३१% मा झरेको छ ।

१० वर्षको अवधिमा लैङ्गिक अनुपात २०६८ को जनगणनामा हिमाल, पहाड र तराईमा क्रमश: ९४, ९१ र ९७ रहेकोमा २०७८ सालको जनगणनाको नतिजासम्म आइपुग्दा क्रमश: ९७.२८, ९४.६५ र ९६.११ कायम हुन आएको छ । वार्षिक जनसङ्ख्या वृद्धिदर हिमाली क्षेत्रमा ऋणात्मक (–०.०५%), पहाडी क्षेत्रमा न्यून मात्रामा धनात्मक (०.३०% ) र तराई क्षेत्रमा अन्य क्षेत्रको तुलनामा उच्च धनात्मक (१.५४%) देखिन्छ ।

जनसङ्ख्याको वृद्धिदर, भौगोलिक, क्षेत्रगत तथा जिल्लागत विवरण, ग्रामीण तथा सहरी जनसङ्ख्याको विवरण आदि तलका तालिकाहरूमा दिइएको छ ।

**तालिका नं. १.११**

**जनसङ्ख्या परिवर्तन र वृद्धिदर**

| वर्ष (वि.सं.) | जनसङ्ख्या | अन्तर गणना सङ्ख्या | | वार्षिक जनसङ्ख्या वृद्धिदर | जनसङ्ख्या दोब्बर हुन लाग्ने अवधि (वर्ष) | लैङ्गिक अनुपात | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| | | थपिएको सङ्ख्या | प्रतिशत | | | | |
| २००९-११ | ८२,५६,६२५ | १९७२९७६ | ३१.४ | २.२८ | ३१ | ९६.८ | ५६ |
| २०१८ | ९४,१२,९९६ | ११५६३७१ | १४.० | १.६४ | ४२ | ९७.० | ६४ |
| २०२८ | १,१५,५५,९८३ | २१४२९८७ | २२.७७ | २.०५ | ३४ | १०१.४ | ७९ |
| २०३८ | १,५०,२२,८३९ | ३४६६८५६ | ३०.० | २.६२ | २६ | १०५.० | १०२ |
| २०४८ | १,८४,९१,०९७ | ३४६८२५८ | २३.०९ | २.०८ | ३३ | ९९.५ | १२६ |
| २०५८ | २,३१,५१,४२३ | ४६६०३२६ | २५.२ | २.२५ | ३१ | ९९.८ | १५७ |
| २०६८ | २,६४,९४,५०४ | ३३४३०८१ | १४.४४ | १.३५ | ५२ | ९४.१६ | १८० |
| २०७८ | २,९१,६४,५०८ | २६,७०,०७४ | १०.०८ | ०.९२ | – | ९५.५९ | १९८ |

**स्रोत : राष्ट्रिय जनगणना, २०७८**

**तालिका नं. १.१२**

**भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्या वितरण**

| गणना वर्ष (वि.सं) | हिमाल | % | पहाड | % | तराई | % | जम्मा |
|---|---|---|---|---|---|---|---|
| २००९-११ | - | - | - | - | २९,०६,६३७ | ३५.२ | ८२,५६,६२५ |
| २०१८ | - | - | - | - | ३४,२१,६९९ | ३६.४ | ९४,१२,९९६ |
| २०२८ | १,३८,६१० | ९.९ | ६०,७१,४०७ | ५२.५ | ४३,४५,९६६ | ३७.६ | १,१५,५५,९८३ |
| २०३८ | ३,०२,८९६ | ८.७ | ७१,६३,११५ | ४७.७ | ६५,५६,८२८ | ४३.६ | १,५०,२२,८३९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २०४८ | १४,४३,१३० | ७.८ | ८४,१९,८८९ | ४५.५ | ८६,२८,०७८ | ४६.७ | १,८४,९१,०९७ |
| २०५८ | १६,८७,८५९ | ७.३ | १,०२,५१,१११ | ४३.३ | १,१२,१२,४५३ | ४८.४ | २,३१,५१,४२३ |
| २०६८ | १७,८१,७९२ | ६.७३ | १,१३,९४,००७ | ४३.०१ | १,३३,१८,७०५ | ५०.२७ | २,६४,९४,५०४ |
| २०७८ | १७७२९४८ | ६.०८ | १,१७,५७,६२४ | ४०.३१ | १,५६,३५,००६ | ५३.६१ | २,९१,६४,५७८ |

**स्रोत : राष्ट्रिय जनगणना, २०७८**

## तालिका नं. १.१३
## भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्या सूचक (२०७८)

| सूचक | हिमाल | पहाड | तराई |
|---|---|---|---|
| जम्मा जनसङ्ख्या | १७७२९४८ | ११७५७६२४ | १५६३४००६ |
| पुरुष | ८७४२६० | ५७१७२४७ | ७६६२०४४ |
| महिला | ८९८६८८ | ६०४०३७७ | ७९७१९६२ |
| लैङ्गिक अनुपात | ९७.२८ | ९४.६५ | ९६.११ |
| वार्षिक जनसङ्ख्या वृद्धिदर | -०.०५ | ०.३० | १.५४ |
| जनघनत्व | ३४ | १९२ | ४६० |

**स्रोत : राष्ट्रिय जनगणना, २०७८**

## तालिका नं. १.१४
## जिल्लागत जनसङ्ख्या सूचक (२०७८)

| जिल्ला | जम्मा परिवार सङ्ख्या | जनसङ्ख्या | | | परिवारको औसत आकार | लैङ्गिक अनुपात | जनघनत्व | वार्षिक जनसङ्ख्या वृद्धिदर प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | | | |
| ताप्लेजुङ | २७७९८ | १२०५९० | ६०७७३ | ५९८१७ | ४.३४ | १०१.६० | ३३ | -०.५३ |
| सङ्खुवासभा | ३९१७३ | १५८०४१ | ७९५७९ | ७८४६२ | ४.०३ | १०१.४२ | ४५ | -०.०४ |
| सोलुखुम्बु | २६३१९ | १०४८५१ | ५२७४७ | ५२१०४ | ३.९८ | १०१.२३ | ३२ | -०.०९ |
| ओखलढुङ्गा | ३४२९४ | १३९५५२ | ६८०८० | ७१४७२ | ४.०७ | ९५.२५ | १३० | -०.५६ |
| खोटाङ | ४१७५० | १७५२९८ | ८६६३७ | ८८६६१ | ४.२० | ९७.७२ | ११० | -१.५६ |
| भोजपुर | ३८६३१ | १५७९२३ | ७८२११ | ७९७१२ | ४.०९ | ९८.१२ | १०५ | -१.३९ |
| धनकुटा | ३७६४८ | १५०५९९ | ७३८२४ | ७६७७५ | ४.०० | ९६.१६ | १६९ | -०.७८ |
| तेह्रथुम | २१८५७ | ८८७३१ | ४३५८१ | ४५१५० | ४.०६ | ९६.५२ | १३१ | -१.३० |
| पाँचथर | ४२४९५ | १७२४०० | ८५६८३ | ८६७१७ | ४.०६ | ९८.८१ | १३९ | -१.०२ |
| इलाम | ७०५३२ | २७९५३४ | १३९४३१ | १४०१०३ | ३.९६ | ९९.५२ | १६४ | -०.३६ |
| झापा | २४५१४२ | ९९८०५४ | ४७८५०९ | ५१९५४५ | ४.०७ | ९२.१० | ६२१ | १.९७ |

| जिल्ला | जम्मा परिवार सङ्ख्या | जनसङ्ख्या | | | परिवारको औसत आकार | लैङ्गिक अनुपात | जनघनत्व | वार्षिक जनसङ्ख्या वृद्धिदर प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | | | |
| मोरङ | २७२२८३ | ११४८१५६ | ५५७५१२ | ५९०६४४ | ४.२२ | ९४.३९ | ६१९ | १.६६ |
| सुनसरी | २१२५४५ | ९२६९६२ | ४४९०२३ | ४७७९३९ | ४.३६ | ९३.९५ | ७३७ | १.८६ |
| उदयपुर | ८१०८९ | ३४०७२१ | १६३७३८ | १७६९८३ | ४.२० | ९२.५२ | १६५ | ०.६८ |
| सप्तरी | १४६८५४ | ७०६२५५ | ३५१३६८ | ३५४८८७ | ४.८१ | ९९.०१ | ५१८ | ०.९६ |
| सिराहा | १४८५७१ | ७३९९५३ | ३६३७२४ | ३७६२२९ | ४.९८ | ९६.६८ | ६२३ | १.४३ |
| धनुषा | १७७१४३ | ८६७७४७ | ४२९८९३ | ४३७८५४ | ४.९० | ९८.१८ | ७३५ | १.३४ |
| महोत्तरी | १३७९०२ | ७०६९९४ | ३४९१५९ | ३५७८३५ | ५.१३ | ९७.५८ | ७०६ | १.१४ |
| सर्लाही | १६४८९३ | ८६२४७० | ४३५१३१ | ४२७३३९ | ५.२३ | १०१.८२ | ६८५ | १.०९ |
| रौतहट | १३७०३२ | ८१३५७३ | ४०८४०३ | ४०५१७० | ५.९४ | १००.८० | ७२३ | १.६३ |
| बारा | १३१२४० | ७६३१३७ | ३८९७८७ | ३७३३५० | ५.८१ | १०४.४० | ६४१ | १.०० |
| पर्सा | ११३०८० | ६५४४७१ | ३३८२८६ | ३१६१८५ | ५.७९ | १०६.९९ | ४८४ | ०.८२ |
| दोलखा | ४९५३८ | १७२७६७ | ८३७२० | ८९०४७ | ३.४९ | ९४.०२ | ७९ | -०.७४ |
| सिन्धुपाल्चोक | ७१७७३ | २६२६२४ | १२९२०५ | १३३४१९ | ३.६६ | ९६.८४ | १०३ | -०.८८ |
| रसुवा | १११४० | ४६६८९ | २४०३५ | २२६५४ | ४.१९ | १०६.१० | ३० | ०.७२ |
| धादिङ | ८३६४२ | ३२५७१० | १५९०४८ | १६६६६२ | ३.८९ | ९५.४३ | १६९ | -०.३० |
| नुवाकोट | ६८६७९ | २६३३९१ | १२८९९८ | १३४३९३ | ३.८४ | ९५.९९ | २३५ | -०.५० |
| काठमाडौँ | ५४४८६७ | २०४१५८७ | १०३५७२६ | १००५८६१ | ३.७५ | १०२.९७ | ५१६९ | १.५१ |
| भक्तपुर | १०८५०३ | ४३२१३२ | २१८४१८ | २१३७१४ | ३.९८ | १०२.२० | ३६३१ | ३.३५ |
| ललितपुर | १४०३६७ | ५५१६६७ | २७७१३१ | २७४५३६ | ३.९३ | १००.९५ | १४३३ | १.५८ |
| काभ्रेपलाञ्चोक | ९१४२८ | ३६४०३९ | १७८९०९ | १८५१३० | ३.९८ | ९६.६४ | २६१ | -०.४६ |
| रामेछाप | ४६४८९ | १७०३०२ | ८०८२४ | ८९४७८ | ३.६६ | ९०.३३ | ११० | -१.६७ |
| सिन्धुली | ६९३६४ | ३०००२६ | १४७०६५ | १५२९६१ | ४.३३ | ९६.१५ | १२० | ०.१२ |
| मकवानपुर | १०५७९२ | ४६६०७३ | २३३८१६ | २३२२५७ | ४.४१ | १००.६७ | १९२ | ०.९९ |
| चितवन | १७९३४५ | ७१९८५९ | ३५१७८९ | ३६८०७० | ४.०१ | ९५.५८ | ३२५ | २.०७ |
| गोरखा | ७१८२६ | २५१०२७ | ११८१५५ | १३२८७२ | ३.४९ | ८८.९२ | ७० | -०.७४ |
| मनाङ | १५७२ | ५६५८ | ३१९२ | २४६६ | ३.६० | १२९.४४ | ३ | -१.३९ |
| मुस्ताङ | ३६७४ | १४४५२ | ७९३४ | ६५१८ | ३.९३ | १२१.७२ | ४ | ०.६९ |
| म्याग्दी | २८८३० | १०७०३३ | ५२१५३ | ५४८८० | ३.७१ | ९५.०३ | ४७ | -०.५७ |
| कास्की | १६०६५१ | ६०००५१ | २९२७९१ | ३०७२६० | ३.७४ | ९५.२९ | २९७ | १.९० |

| जिल्ला | जम्मा परिवार सङ्ख्या | जनसङ्ख्या | | | परिवारको औसत आकार | लैङ्गिक अनुपात | जनघनत्व | वार्षिक जनसङ्ख्या वृद्धिदर प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | | | |
| लमजुङ | ४४१७० | १५५८५२ | ७४०७७ | ८१७७५ | ३.५३ | ९०.५९ | ९२ | -०.७० |
| तनहुँ | ८८५८३ | ३२११५३ | १५००९४ | १७१०५९ | ३.६३ | ८७.७४ | २०८ | -०.०६ |
| नवलपरासी-पूर्व | ९३९२५ | ३७८०७९ | १७७८८७ | २००१९२ | ४.०३ | ८८.८६ | २६५ | १.८६ |
| स्याङ्जा | ६८९५९ | २५३०२४ | ११६६७८ | १३६३४६ | ३.६७ | ८५.५७ | २१७ | -१.२८ |
| पर्वत | ३६१३७ | १३०८८७ | ६१६७८ | ६९२०९ | ३.६२ | ८९.१२ | २६५ | -१.०९ |
| बागलुङ | ६४१५३ | २४९२११ | ११६१९४ | १३३०१७ | ३.८८ | ८७.३५ | १४० | -०.७२ |
| रुकुम-पूर्व | १२८८६ | ५६७८६ | २७५१६ | २९२७० | ४.४१ | ९४.०१ | ३४ | ०.६३ |
| रोल्पा | ५२२२१ | २३४७९३ | १०९८७१ | १२४९२२ | ४.५० | ८७.९५ | १२५ | ०.४३ |
| प्युठान | ५६२०३ | २३२०१९ | १०४१३२ | १२७८८७ | ४.१३ | ८१.४३ | १७७ | ०.१६ |
| गुल्मी | ६६१२५ | २४६४९४ | ११२०२५ | १३४४६९ | ३.७३ | ८३.३१ | २१५ | -१.२३ |
| अर्घाखाँची | ४८४६५ | १७७०८६ | ८०६७२ | ९६४१४ | ३.६५ | ८३.६७ | १४८ | -१.०५ |
| पाल्पा | ६५०४९ | २४५०२७ | ११२७६१ | १३२२६६ | ३.७७ | ८५.२५ | १७८ | -०.६१ |
| नवलपरासी-पश्चिम | ८२७३८ | ३८६८६८ | १८८१८२ | १९८६८६ | ४.६८ | ९४.७१ | ५२७ | १.४७ |
| रूपन्देही | २३८३२० | ११२१९५७ | ५५०४७८ | ५७१४७९ | ४.७१ | ९६.३३ | ८२५ | २.३३ |
| कपिलवस्तु | १२१९४६ | ६८२९६१ | ३३४६८७ | ३४८२७४ | ५.६० | ९६.१० | ३९३ | १.७० |
| दाङ | १६२३१६ | ६७४९९३ | ३२०५७३ | ३५४४२० | ४.१६ | ९०.४५ | २२८ | १.९२ |
| बाँके | १२९३०७ | ६०३१९४ | २९६७४५ | ३०६४४९ | ४.६६ | ९६.८३ | २५८ | १.९७ |
| बर्दिया | १०६३२६ | ४५९९०० | २१६७६६ | २४३१३४ | ४.३३ | ८९.१५ | २२७ | ०.७२ |
| डोल्पा | ९३९८ | ४२७७४ | २१३७१ | २१४०३ | ४.५५ | ९९.८५ | ५ | १.४७ |
| मुगु | १२४३९ | ६४५४९ | ३२३८१ | ३२१६८ | ५.१९ | १००.६६ | १८ | १.४९ |
| हुम्ला | ११२२८ | ५५३९४ | २७८८६ | २७५०८ | ४.९३ | १०१.३७ | १० | ०.८२ |
| जुम्ला | २४४३८ | ११८३४९ | ५९२२८ | ५९१२१ | ४.८४ | १००.१८ | ४७ | ०.८० |
| कालीकोट | २६७७९ | १४५२९२ | ७२२४५ | ७३०४७ | ५.४३ | ९८.९० | ८३ | ०.५७ |
| दैलेख | ५४६१० | २५२३१३ | १२०७७४ | १३१५३९ | ४.६२ | ९१.८२ | १६८ | -०.३५ |
| जाजरकोट | ३७४६६ | १८९३६० | ९४०६३ | ९५२९७ | ५.०५ | ९८.७१ | ८५ | ०.९६ |
| रुकुम-पश्चिम | ३७३०३ | १६६७४० | ८१०९१ | ८५६४९ | ४.४७ | ९४.६८ | १३७ | ०.६८ |
| सल्यान | ५४७०१ | २३८५१५ | ११४९८२ | १२३५३३ | ४.३६ | ९३.०८ | १६३ | -०.१६ |
| सुर्खेत | ९७८९३ | ४१५१२६ | १९९७४० | २१५३८६ | ४.२४ | ९२.७४ | १६९ | १.६२ |
| बाजुरा | २८०६५ | १३८५२३ | ६७०७० | ७१४५३ | ४.९४ | ९३.८७ | ६३ | ०.२५ |
| बझाङ | ३८०४८ | १८९०८५ | ८८४७० | १००६१५ | ४.९७ | ८७.९३ | ५५ | -०.३० |

| जिल्ला | जम्मा परिवार सङ्ख्या | जनसङ्ख्या | | | परिवारको औसत आकार | लैङ्गिक अनुपात | जनघनत्व | वार्षिक जनसङ्ख्या वृद्धिदर प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | | | |
| दार्चुला | २८४१७ | १३३३१० | ६४४२४ | ६८८८६ | ४.६९ | ९३.५२ | ५७ | ०.०० |
| बैतडी | ४९४२८ | २४२१५७ | ११३८६४ | १२८२९३ | ४.९० | ८८.७५ | १५९ | -०.३४ |
| डडेल्धुरा | ३११९३ | १३९६०२ | ६५८९३ | ७३७०९ | ४.४८ | ८९.४० | ९१ | -०.१७ |
| डोटी | ४५१८२ | २०४८३१ | ९३६०४ | १११२२७ | ४.५३ | ८४.१६ | १०१ | -०.३२ |
| अछाम | ४९५९५ | २२८८५२ | १०५३१९ | १२३५३३ | ४.६१ | ८५.२६ | १३६ | -१.१३ |
| कैलाली | १९५९५७ | ९०४६६६ | ४३३४५६ | ४७१२१० | ४.६२ | ९१.९९ | २८० | १.४८ |
| कञ्चनपुर | १११२१७ | ५१३७५७ | २४०६८६ | २७३०७१ | ४.६२ | ८८.१४ | ३१९ | १.२५ |

स्रोत : राष्ट्रिय जनगणना, २०७८

## तालिका नं. १.१५
## भौगोलिक क्षेत्र र प्रदेशअनुसारको जनसङ्ख्या सूचक (२०७८)

| क्षेत्र | जम्मा परिवार सङ्ख्या | जनसङ्ख्या | | | परिवारको औसत आकार | लैङ्गिक अनुपात | जनघनत्व | वार्षिक जनसङ्ख्या वृद्धिदर प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | | | |
| नेपाल | ६६६६९३७ | २९१६४५७८ | १४२५३५५१ | १४९११०२७ | ४.३७ | ९५.५९ | १९८ | ०.९२ |
| सहरी/ग्रामीण | | | | | | | | |
| नगरपालिका | ४४७९६६२ | १९२९६७८८ | ९४५४५४५ | ९८४२२४३ | ४.३१ | ९६.०६ | ३७३ | १.३६ |
| गाउँपालिका | २१८७२७५ | ९८६७७९० | ४७९९००६ | ५०६८७८४ | ४.५१ | ९४.६८ | १०५ | ०.११ |
| भौगोलिक क्षेत्र | | | | | | | | |
| हिमाल | ४०९७९९ | १७७२९४८ | ८७४२६० | ८९८६८८ | ४.३३ | ९७.२८ | ३४ | -०.०५ |
| पहाड | २९४९०५६ | ११७५७६२४ | ५७१७२४७ | ६०४०३७७ | ३.९९ | ९४.६५ | १९२ | ०.३० |
| तराई | ३३०८०८२ | १५६३४००६ | ७६६२०४४ | ७९७१९६२ | ४.७३ | ९६.११ | ४६० | १.५४ |
| प्रदेश | | | | | | | | |
| कोशी प्रदेश | ११९१५५६ | ४९६१४१२ | २४१७३२८ | २५४४०८४ | ४.१६ | ९५.०२ | १९२ | ०.८६ |
| मधेस प्रदेश | ११५६७१५ | ६११४६०० | ३०६५७५१ | ३०४८८४९ | ५.२९ | १००.५५ | ६३३ | १.१९ |
| बागमती प्रदेश | १५७०९२७ | ६११६८६६ | ३०४८६८४ | ३०६८१८२ | ३.८९ | ९९.३६ | ३०१ | ०.९७ |
| गण्डकी प्रदेश | ६६२४८० | २४६६४२७ | ११७०८३३ | १२९५५९४ | ३.७२ | ९०.३७ | ११५ | ०.२५ |
| लुम्बिनी प्रदेश | ११४१९०२ | ५१२२०७८ | २४५४४०८ | २६६७६७० | ४.४९ | ९२.०१ | २३० | १.२४ |
| कर्णाली प्रदेश | ३६६२५५ | १६८८४१२ | ८२३७६१ | ८६४६५१ | ४.६१ | ९५.२७ | ६० | ०.७० |
| सुदूरपश्चिम प्रदेश | ५७७१०२ | २६९४७८३ | १२७२७८६ | १४२१९९७ | ४.६७ | ८९.५१ | १३८ | ०.५२ |

स्रोत : राष्ट्रिय जनगणना, २०७८

## १.६ नेपालको राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, सिकार आरक्ष, संरक्षण क्षेत्र तथा नेपालमा संरक्षित जीवजन्तुहरू

**तालिका नं. १.१६**
**राष्ट्रिय निकुञ्ज**

| क्र. सं. | राष्ट्रिय निकुञ्जको नाम | स्थापना मिति | भौगोलिक क्षेत्र (जिल्ला) | क्षेत्रफल (वर्ग कि.मि.) | पाइने प्रसिद्ध जनावर तथा प्रमुख प्राकृतिक सम्पदाहरू |
|---|---|---|---|---|---|
| १ | चितवन राष्ट्रिय निकुञ्ज | २०३० | चितवन, मकवानपुर, पर्सा, नवलपरासी (पूर्व) | ९५२.६३ | एकसिंगे गैँडा, पाटे बाघ, चितुवा, रतुवा, चित्तल, घडियाल गोही, मगर गोही, सोंस, अजिङ्गर, गौरी गाई, काठेभालु, लगुना, चौसिँगा तथा विविध जातका चराहरू (नेपालको घोषित पहिलो राष्ट्रिय निकुञ्ज) । २०३०।०६।०४ गतेको राजपत्रअनुसार ९३२ वर्ग कि.मि. क्षेत्रफल कायम भएकोमा मिति २०७३।०७।०१ गतेको राजपत्रको सूचनाअनुसार चितवन राष्ट्रिय निकुञ्जको क्षेत्रफल ९५२.६३ वर्ग कि.मि. कायम भएको । |
| २ | लाङटाङ राष्ट्रिय निकुञ्ज | २०३२ | रसुवा, नुवाकोट र सिन्धुपाल्चोक | १७१० | चितुवा, हाब्रे (रातो पान्डा) कस्तुरी मृग, रतुवा, झारल, घोरल, थार, जङ्गली भेडा, भालु, लङ्गुर बाँदर (जैविक विविधताका दृष्टिकोणले विश्वकै अग्रणी स्थान) । २०३२।१२।०९ गतेको राजपत्रमा सूचना प्रकाशित भएको । |
| ३ | सगरमाथा राष्ट्रिय निकुञ्ज | २०३२ | सोलुखुम्बु | ११४८ | कस्तुरी मृग, हिमाली भालु, डाँफे, चिलिमे, कालिज, लालचुच्चे, हिउँचितुवा, थार । (सर्वाधिक उचाइमा रहेको राष्ट्रिय निकुञ्ज) । २०३३।०४।०४ गतेको राजपत्रमा सूचना प्रकाशित भएको । |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | रारा राष्ट्रिय निकुञ्ज | २०३२ | मुगु, जुम्ला | १०६ | हिमाली भालु, थार, घोरल, बँदेल र विविध जातका चराचुरुङ्गी (सबैभन्दा सानो राष्ट्रिय निकुञ्ज) । २०३४।०२।०४ गतेको राजपत्रमा सूचना प्रकाशित भएको । |
| ५ | बर्दिया राष्ट्रिय निकुञ्ज | २०३२ | बर्दिया | ९६८ | बाघ, भालु, चितुवा, कृष्णसार, बाह्रसिङ्गे, घोडगदाह, जरायो, जङ्गली हात्ती, गैँडा, गोही, सौँस तथा विविध जातका चराहरू रहने । २०३२।११।२५ गतेको राजपत्रको सूचनाअनुसार शाही कर्णाली सिकार आरक्ष रूपमा घोषणा गरिएको । २०४१।०५।११ गतेको राजपत्रको सूचनाअनुसार शाही बर्दिया राष्ट्रिय निकुञ्जको रूपमा नामकरण भई क्षेत्रफल ९६८ वर्ग कि.मि. कायम भएको । |



कृष्णसार

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | शे फोक्सुण्डो राष्ट्रिय निकुञ्ज | २०४० | डोल्पा, मुगु | ३५५५ | हिउँचितुवा, तिब्बती खरायो, नाउर, निलो भेडा, कस्तुरी, मृग, जङ्गली याक, ब्वाँसो, तिब्बती गधा, चिरु । (शे फोक्सुण्डो ताल) (नेपालको सबैभन्दा ठुलो राष्ट्रिय निकुञ्ज) । २०४१।०४।२२ गतेको राजपत्रमा सूचना प्रकाशित भएको । |
| ७ | खप्तड राष्ट्रिय निकुञ्ज | २०४२ | बझाङ, बाजुरा, डोटी, अछाम | २२५ | रतुवा, कस्तुरी मृग, घोरल, चरीबाघ, चितुवा, जङ्गली कुकुर, वनबिरालो, साथै डाँफे, मुनाल जस्ता चराहरू पाइने । २०४३।०३।०९ गतेको राजपत्रमा सूचना प्रकाशित भएको । |
| ८ | मकालु बरुण राष्ट्रिय निकुञ्ज | २०४९ | सङ्खुवासभा र सोलुखुम्बु | १५०० | विश्वका दुर्लभ वनस्पति र हिमाली कालो भालुजस्ता प्राणीहरू (पहिले नदेखिएको छिर्के मिर्के रेन बेब्लर, ओलिफ ग्राउन्ड, वार्वलभर), २०४८।०८।०२ गतेको राजपत्रमा सूचना प्रकाशित भएको । |
| ९ | शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज | २०५८ | काठमाडौँ, नुवाकोट, सिन्धुपाञ्चोक र धादिङ | १५९ | काठमाडौँमा दैनिक १० लाख क्युबिक लिटर पानी उपलब्ध हुने साथै, ध्वाँसे चितुवा, आसामी बाँदर, सालक तथा अन्य विविध जातका जीवजन्तु पाइने । २०५८।११।०६ गतेको राजपत्रको सूचनाअनुसार यस निकुञ्जको क्षेत्रफल १४५ वर्ग कि.मि. रहेकामा २०६५।११।१२ गतेको राजपत्रको सूचनाअनुसार यस निकुञ्जको क्षेत्रफल १५९ वर्ग कि.मि. कायम भएको । |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | बाँके राष्ट्रिय निकुञ्ज | २०६७ | बाँके, सल्यान, दाङ | ५५० | बाघ, हुँडार, सालक, चौसिङ्गा तथा विविध जातका पक्षीहरू । २०६७।०३।२८ गतेको राजपत्रअनुसार घोषणा गरिएको । |
| ११ | शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज | २०३१ | कञ्चनपुर | ३०५ | बाह्रसिङ्गे, एकसिङ्गे गैँडा, हात्ती, पाटेबाघ, भालु, चितवा, लघुना, गोही, एवम् चराचुरुङ्गी । २०३३।०४।०४ गतेको राजपत्रको सूचनाअनुसार शुक्लाफाँट वन्यजन्तु र आरक्षको रूपमा घोषणा भएकोमा २०७३/११/१९ गतेको सूचनाअनुसार राष्ट्रिय निकुञ्जको रूपमा स्थापित । |
| १२ | पर्सा राष्ट्रिय निकुञ्ज | २०४० | चितवन, मकवानपुर र पर्साका केही भाग | ६२७.३९ | सालक, हुँडार, चौसिंगा, पाटेबाघ, एकसिङ्गे गैँडा, गौरी गाई, अजिङ्गर, सुनगोहोरो । २०४१।०२।०८ गतेको राजपत्रको सूचनाअनुसार पर्सा वन्यजन्तु आरक्षको रूपमा घोषणा भएकोमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४/०२/१९ गतेको निर्णयअनुसार राष्ट्रिय निकुञ्जको रूपमा स्थापित) |
| | जम्मा | | | ११,८०६.०२ | |

**स्रोत : नेपाल परिचय**, २०८०

**तालिका नं. १.१७**
**सिकार आरक्ष**

| क्र. सं. | सिकार आरक्ष | स्थापना वर्ष | क्षेत्रफल (वर्ग कि.मि.) | भौगोलिक क्षेत्र | पाइने प्रसिद्ध जनावरहरू र राजपत्रानुसार घोषणा विवरण |
|---|---|---|---|---|---|
| १ | ढोरपाटन सिकार आरक्ष | २०४४ | १३२५ | रुकुम, बागलुङ तथा म्याग्दीको केही भाग | नाउर, झारल, थार, हिमाली भालु निलो भेडा आदि । २०४४।०१।१४ गतेको राजपत्रमा सूचना प्रकाशित भएको । |

## तालिका नं. १.१८
## संरक्षण क्षेत्र

| क्र. सं. | संरक्षण क्षेत्र | स्थापना वर्ष | क्षेत्रफल (वर्ग कि.मि.) | भौगोलिक अवस्थिति क्षेत्र | पाइने प्रसिद्ध जनावरहरू र राजपत्रअनुसार घोषणा विवरण |
|---|---|---|---|---|---|
| १ | अन्नपूर्ण | २०४९ | ७६२९ | लमजुङ, मनाङ मुस्ताङ, स्याग्दी, कास्की | हिमाली दुर्लभ जीवजन्तु, वनस्पति तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण । २०४९।०४।०५ गतेको राजपत्रअनुसार घोषणा गरिएको । |
| २ | कञ्चनजङ्घा | २०५४ | २०३५ | ताप्लेजुङ | हिउँ चितुवा, कस्तुरी मृग, हिमाली खैरो भालु, ब्वाँसो, नाउर, घोरल, हाब्रे, चरीबाघ आदि । २०५४।०४।०६ गतेको राजपत्रअनुसार घोषणा गरिएको । |
| ३ | मनास्लु | २०५५ | १६६३ | गोरखा | हिउँचितुवा, कस्तुरी, मृग , नाउर, झारलगायत विभिन्न चरा र सर्प जातिहरू । २०५५।०९।१३ गतेको राजपत्रअनुसार घोषणा भएको । |
| ४ | कृष्णसार | २०६५ | १६.९५ | बर्दिया | कृष्णसार, हुँडार अजिङ्गर । २०६५।१२।०३ गतेको राजपत्रअनुसार घोषणा गरिएको । |
| ५ | गौरीशङ्कर | २०६६ | २१७९ | रामेछाप, दोलखा र सिन्धुपाल्चोक | हिँउचितुवा, कस्तुरी मृग, चरीबाघ, डाँफे, मुनाल आदि । २०६६।०९।२७ गतेको राजपत्रअनुसार घोषणा गरिएको । |
| ६ | अपि-नाम्पा | २०६७ | १९०३ | दार्चुला | हिँउ चितुवा, घोरल, कालो भालु, थार, जटामसी, यार्सागुम्बा, पाँचऔंले आदि । २०६७०३।२८ गतेको राजपत्रअनुसार घोषणा गरिएको । |

**स्रोत : नेपाल परिचय,** २०८०

**तालिका नं. १.१९**
**मध्यवर्ती क्षेत्रहरू**

| क्र.सं. | मध्यवर्ती क्षेत्र | घोषित वर्ष | क्षेत्रफल (वर्ग कि.मि.) | राजपत्रअनुसार घोषणा विवरण |
|---|---|---|---|---|
| १ | चितवन राष्ट्रिय निकुञ्ज | २०५३ | ७२९.३७ | २०५३।०८।१७ गतेको राजपत्रअनुसार चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रको क्षेत्रफल ७५० वर्ग कि.मि. घोषणा गरिएकोमा २०७२।०७।०१ गतेको राजपत्रअनुसार सो क्षेत्रफल ७२९.३७ वर्ग कि.मि. कायम गरिएको । |
| २ | लाङटाङ राष्ट्रिय निकुञ्ज | २०५५ | ४२० | २०५५।०१।१४ गतेको राजपत्रअनुसार घोषणा गरिएको । |
| ३ | सगरमाथा राष्ट्रिय निकुञ्ज | २०५८ | २७५ | २०५८।०९।१७ गतेको राजपत्रअनुसार घोषणा गरिएको । |
| ४ | रारा राष्ट्रिय निकुञ्ज | २०६३ | १९८ | २०६३।०६।०९ गतेको राजपत्रअनुसार घोषणा गरिएको । |
| ५ | बर्दिया राष्ट्रिय निकुञ्ज | २०५३ | ५०७ | २०५३।०८।१७ गतेको राजपत्रअनुसार बर्दिया राष्ट्रिय निकुञ्जको वरिपरिको ३२७ वर्ग कि.मि. क्षेत्रफल भएको क्षेत्रलाई बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र घोषणा गरिएकोमा २०६७।०४।३१ गतेको राजपत्रअनुसार सो मध्यवर्ती क्षेत्र विस्तार गरी ५०७ वर्ग कि.मि. कायम गरिएको । |
| ६ | शे फोक्सुण्डो राष्ट्रिय निकुञ्ज | २०५५ | १३४९ | २०५५।०७।०२ गतेको राजपत्रअनुसार घोषणा गरिएको । |
| ७ | खप्तड राष्ट्रिय निकुञ्ज | २०६३ | २२५ | २०६३।०७।१३ गतेको राजपत्रअनुसार घोषणा गरिएको । |
| ८ | शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज | २०७२ | ११८.६१ | २०७२।१२।१५ गतेको राजपत्रअनुसार घोषणा गरिएको । |
| ९ | बाँके राष्ट्रिय निकुञ्ज | २०६७ | ३४३ | २०६७।०३।२८ गतेको राजपत्रअनुसार घोषणा गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| १० | मकालु वरुण राष्ट्रिय निकुञ्ज | २०५५ | ८३० | २०५५।१०।२५ गतेको राजपत्रअनुसार घोषणा गरिएको । |
| ११ | शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज | २०६१ | २४३.५ | २०६१।०२।०९ गतेको राजपत्रअनुसार घोषणा गरिएको । |
| १२ | पर्सा राष्ट्रिय निकुञ्ज | २०६२ | २८५.३ | २०६२।०३।१३ गतेको राजपत्रअनुसार घोषणा भएको र २०७२।०५।०७ गतेको राजपत्रअनुसार मध्यवर्ती क्षेत्रको सिमाना हेरफेर भई पर्सा वन्यजन्तु आरक्षको मध्यवर्ती क्षेत्रको क्षेत्रफल २८५.३ वर्ग कि.मि. कायम भएको । |
| १३ | कोशीटप्पु वन्यजन्तु आरक्ष | २०६१ | १७३ | २०६१।०५।१४ गतेको राजपत्रअनुसार घोषणा गरिएको । |
| | जम्मा | | ५६८७.७८ | |
| | कुल जम्मा क्षेत्रफल (वर्ग कि.मि.) | | ३४,४१९.७५ | |

**स्रोत : नेपाल परिचय**, २०८०

## तालिका नं. १.२०

## वन्यजन्तु आरक्ष

| क्र.सं. | वन्यजन्तु आरक्ष | स्थापना वर्ष | क्षेत्रफल (वर्ग कि.मि.) | भौगोलिक क्षेत्र | पाइने प्रसिद्ध जनावरहरू |
|---|---|---|---|---|---|
| १ | कोसीटप्पु वन्यजन्तु आरक्ष | २०३२ | १७५ | सुनसरी | दुर्लभ अर्ना, घडियाल तथा मगरगोही, सोस तथा विभिन्न माछा तथा चराचुरुङ्गी । |

**स्रोत : नेपाल परिचय**, २०८०

## तालिका नं. १.२१

## रामसार साइटमा सूचीकृत नेपालका सीमसार क्षेत्रहरू

| क्र. सं. | नाम | क्षेत्रफल (हे.) | सूचीकृत मिति (इस्वी संवत्) | जिम्मेवार स्थानीय व्यवस्थापन निकाय |
|---|---|---|---|---|
| १ | कोशीटप्पु | १७५०० | १९८७-१२-१७ | कोशीटप्पु वन्यजन्तु आरक्ष |

| | | | | |
|---|---|---|---|---|
| २ | बीस हजारी ताल | ३२०० | २००३-०८-१३ | चितवन राष्ट्रिय निकुञ्ज |
| ३ | घोडाघोडी ताल क्षेत्र | २५६३ | २००३-०८-१३ | जिल्ला वन कार्यालय, कैलाली |
| ४ | जगदीशपुर जलाशय | २२५ | २००३-०८-१३ | जिल्ला वन कार्यालय, कपिलवस्तु |
| ५ | राराताल | १५८३ | २००७-०९-२३ | रारा राष्ट्रिय निकुञ्ज |
| ६ | फोक्सुन्डो ताल | ४९४ | २००७-०९-२३ | से-फोक्सुन्डो राष्ट्रिय निकुञ्ज |
| ७ | गोसाइँकुण्ड तथा आसपासका तालहरू | १०३० | २००७-०९-२३ | लाङटाङ राष्ट्रिय निकुञ्ज |
| ८ | गोक्यो तथा आसपासका तालहरू | ७७७० | २००७-०९-२३ | सगरमाथा राष्ट्रिय निकुञ्ज |
| ९ | माईपोखरी | ९० | २००८-१०-२८ | जिल्ला वन कार्यालय, इलाम |
| १० | पोखरा उपत्यकाका (Pokhara valley Lake cluster) तालहरू | २६१०६ | २०१६-०२-०२ | जिल्ला समन्वय समिति, कास्की<br>जिल्ला वन कार्यालय, कास्की |

**स्रोत : नेपाल परिचय**, २०८०

**तालिका नं.** १.२२

**संरक्षित स्तनधारी वन्यजन्तु**

| | |
|---|---|
| १. | आसामी बाँदर (Macaca Assamensis) |
| २. | सालक (Manis pentadactyla) र (Manis crassicaudata) |
| ३. | हिस्पिड खरायो (Caprolagus hispidus) |
| ४. | सोंस (Platanista Gangetica) |
| ५. | ब्वाँसो (Canis lupus) |
| ६. | हिमाली खैरो भालु (Ursus arctos) |
| ७. | हाब्रे (Ailurus fulgens) |
| ८. | लिङसाङ/सिलु (Prionodon pradicolor) |
| ९. | चरी बाघ (Prionailurus bengalensis) |
| १०. | लिङ्कस (Felis lynx) |



एकसिङ्गे गैँडा

| | |
|---|---|
| ११. | ध्वाँसे चितुवा (Pardofelis nebulosa) |
| १२. | बाघ (Panthera tigris tigris) |
| १३. | हिउँचितुवा (Panthera uncia) |
| १४. | जङ्गली हात्ती (Elephas maximus) |
| १५. | एकसिङ्गे गैँडा (Rhinoceros unicornis) |
| १६. | पुड्के बँदेल (Sus salvanius) |
| १७. | कस्तुरी मृग (Moschus chrysogaster) |
| १८. | बाह्रसिङ्गा (Cervus duvauceli) |
| १९. | गौरीगाई (Bos gaurus) |
| २०. | जङ्गली याक (Bos mutus) |
| २१. | अर्ना (Bubalus arnee) |
| २२. | नायन (Ovis ammon) |
| २३. | चिरु (Pantholops hodgsoni) |
| २४. | कृष्णसार (Antilope cervicapra) |
| २५. | चौका (Tetracerus quadricornis) |
| २६. | हुँडार (Hyaena hyaena) |

**संरक्षित पक्षी**

| | |
|---|---|
| १. | कालो गरुड (Ciconia nigra) |
| २. | सेतो गरुड (Ciconia ciconia) |

| | |
|---|---|
| ३. | सारस (Grus antigone) |
| ४. | चीर कालिज (Catreus wallichii) |
| ५. | डाँफे (Lophophorus impejanus) |
| ६. | मुनाल (Tragop-an satyra) |
| ७. | खर मुजुर (Houbarpsis bengalensis) |
| ८. | सानो खर मुजुर (Sypheotides indica) |
| ९. | राज धनेश (Buceros bicornis) |

**संरक्षित घस्रने वन्यजन्तु**

| | |
|---|---|
| १. | अजिङ्गर (Python molurus) |
| २. | घडियाल गोही (Vavialis gangeticus) |



घडियाल गोही

| | |
|---|---|
| ३. | सुन गोहोरो (Varanus flavescens) |

स्रोतः राष्ट्रिय निकुञ्ज विभागद्वारा प्रकाशित नेपालका संरक्षित क्षेत्रहरू अनुसूची १ र २ पेज ७२-७९, २०७४

**यार्सागुम्बा**

नेपालको बहुउपयोगी एवम् बहुमूल्य जडीबुटीहरूमध्ये यार्सागुम्बा पनि एक हो । लामा भाषामा यार्साको अर्थ आधा जीव र गुम्बाको अर्थ आधा बिरुवा वा बुटी (Herbs) भन्ने हुन्छ । यसको वैज्ञानिक नाम Cordyceps वा Cordyceps Sinensis हो, जसमा Cord ले Club र Ceps ले Head को अर्थ दिन्छ । यसलाई क्याटरपिलर फङ्गस (Caterpiller Fungus) पनि भनिन्छ । साथै, औषधिमूलक च्याउ, फङ्गल बुटी, हिँड्ने बुटी (Walking Herb) जस्ता नामले पनि यार्सागुम्बालाई चिनाउने गरिन्छ । वास्तवमा यार्सागुम्बा



यार्सागुम्बा सङ्कलन गर्दै

आधा किरा र आधा फङ्गस (Half Insect and Half Fungus) हो ।

यार्सागुम्बा नेपालको ३००० देखि ५००० मिटरसम्मको उचाइमा पाइन्छ । हिमाली भूभागबाट हिँउ पग्लने क्रमसँगै यार्सागुम्बा जमिनमाथि देखा पर्न थाल्छ । सुरुमा लार्भाको रूपमा देखा पर्ने यार्सागुम्बा पछि फङ्गसमा रूपान्तरण हुन्छ । यार्सागुम्बा एक शक्तिवर्धक जडीबुटी हो । यो औषधिको रूपमा प्रयोग हुन्छ । यार्सागुम्बा ढाडदुखाइ, रक्तअल्पता, थकान, दम, क्यान्सर, अनिद्रा, रक्तचाप, एलर्जीजस्ता रोगका लागि उपयोगी मानिन्छ । यसले फोक्सो, मृगौला, मुटु, कलेजोजस्ता शरीरका अंगहरूलाई स्वस्थकर राखी रोगप्रतिरोधात्मक क्षमतालाईसमेत बढाउँछ भन्ने विश्वास गरिन्छ ।

नेपालको पूर्वदेखि पश्चिम उत्तरी भेकमा पाइने यार्सागुम्बा अत्यन्त गुणस्तरीय मानिन्छ । अत्यन्त महँगो मूल्यमा व्यापार हुनाले यसलाई नेपालको Yellow living Gold को रूपमा समेत पहिचान दिन थालिएको छ । यार्सागुम्बा सङ्कलन अहिले अत्यन्त प्रतिस्पर्धी बनेको छ । यार्सागुम्बा नेपालको उच्च हिमाली भेकमा बसोवास गर्नेहरूका लागि जीवन निर्वाहको स्रोत त बनेको छ नै साथसाथै यो नेपालको महत्त्वपूर्ण आयस्रोत बन्न सक्ने उच्च सम्भावना छ ।

परिच्छेद : दुई

# नेपालको सङ्क्षिप्त ऐतिहासिक रूपरेखा

### २.१ नेपाल एक प्राचीन मुलुकको रूपमा

विभिन्न धर्मशास्त्र तथा पुराणहरूमा नेपाललाई अत्यन्तै प्राचीन भूमिको रूपमा वर्णन गरिएको छ। करिब १३ करोड वर्षअगाडि बनेका यहाँका पर्वतशृङ्खला र उपत्यकाहरूमा पछि आएर प्राणीहरूको आकर्षण विशेष रूपमा बढ्दै गएको पाइन्छ। पश्चिम नेपालको बुटवल क्षेत्रमा पाइएको रामापिथेकस मानवको अवशेषले एक करोड वर्षभन्दा अगाडिदेखि नै नेपालमा मानवको बसोवास सुरु भइसकेको तथ्य स्पष्ट हुन्छ।

नेपाल नामको पहिलो उल्लेख अथर्व परिशिष्टमा गरिएको पाइन्छ। अथर्व परिशिष्टको समय निश्चित गर्न नसकिए तापनि इसापूर्व ५००-६०० को बीचमा यसको निर्माण भएको मानिन्छ। यसमा नेपाललाई कामरु, विदेह, उदुम्बर, अवन्ती र कैकय देशहरूसँगै राखी चर्चा गरिएको छ। मूल सर्वास्तिवा, विनयसङ्ग्रह नामको बौद्ध ग्रन्थमा पनि नेपालबारे चर्चा गरिएको छ। यसमा भगवान् बुद्धको समयमै उनका चेलाहरू व्यापारीहरूका साथ नेपाल पसेको घटना उल्लेख गरिएको छ। महाभारतको वन पर्वमा नेपाललाई विषय (जिल्ला)को रूपमा वर्णन गरिएको छ। जैन ग्रन्थको आवश्यक सूत्र तथा कौटिल्यको अर्थशास्त्र (इ.पू. चौथो शताब्दी) ले पनि नेपालको बारेमा उल्लेख गरेका छन्। त्यस्तै भारतीय गुप्त सम्राट समुद्र गुप्तले आफ्नो इलाहावाद अभिलेखमा नेपालको उल्लेख 'छिमेक राज्य'को रूपमा गरेका छन् भने त्यसपछिका प्रायः सबै स्रोतहरूले नेपालको उल्लेख स्वतन्त्र राज्यको रूपमा नै गरेका छन्। नेपालका शिलालेखहरूमा भने वि.सं. ५६९ को टिस्टुङ अभिलेखमा पहिलो पटक नेपाल शब्दको उल्लेख भएको छ। यसरी यो मुलुक अत्यन्तै प्राचीन समयदेखि नै 'नेपाल' नामबाट परिचित रहेको स्पष्ट हुन्छ। नेपाललाई सत्ययुगमा सत्यवती, त्रेतायुगमा तपोवन र द्वापरयुगमा मुक्तिसोपान भनिन्थ्यो र कलियुगमा नेपाल भन्ने गरिएको कुरा पौराणिक ग्रन्थहरूमा उल्लेख छ।

## २.२ नेपाल नामकरणको आधार

नेपाल नाम प्राचीनकालदेखि नै प्रचलित छ। लिच्छविकालमा विस्तारित यो नाम मल्लकालमा काठमाडौँ उपत्यका र वरिपरि मात्र सीमित रह्यो। एकीकरणपश्चात् काठमाडौँ राजधानी भयो र 'नेपाल' शब्दले आजको नेपाल राष्ट्रलाई नै बुझाउन थाल्यो।

नेपाल नामको बारेमा व्युत्पत्ति, विभिन्न भाषा, जाति, वंशावली र प्राचीन ग्रन्थहरूका आधारमा वर्णन गरिएको पाइन्छ।

### २.२.१. भाषागत आधार

#### किराँती भाषा

'नेपाल' पौराणिक किराँती शब्द 'नेपा' को सांस्कृतिक रूप हो। 'ने' को अर्थ 'मध्य' र 'पा' को अर्थ 'देश' अर्थात् 'मध्यदेश' हुन्छ। मध्यपर्वतीय खण्डमा रहेको 'नेपा' मा पछि 'ल' प्रत्यय लागेर नेपाल नाम रहेको हो।

#### तिब्बती भाषा

तिब्बती भाषामा 'ने' को अर्थ घर र 'पाल' को अर्थ ऊन अर्थात् ऊन हुने ठाउँको रूपमा यो क्षेत्रलाई लिइएको पाइन्छ। यस क्षेत्रमा भेडापालन बढी भएकाले पाल अर्थात् पशम, पस्मिना (ऊन) प्रशस्त पाउनु स्वाभाविक हो। तिब्बतीहरू नेपाललाई 'वल्वो' र मङ्गोलहरू 'वल्पो' भन्छन्। भोटनिवासीहरू हिमालपारिको यस भूभागलाई 'पालदेश' वा 'वाल्पो' पनि भन्दछन्।

#### नेपाल भाषा

नेवारहरूले नेपाललाई 'नेपा' मात्र भन्ने गर्दथे, जो पछि नेपाल हुन गयो। 'ने' भनेको 'मध्य' र 'पा' भनेको 'देश' हो। हिमाली भागमा रहेकाले यो नाम सार्थक मानिन्छ। 'नेपा' शब्दमा 'ल' प्रत्यय लागी झ्याको झ्याल, पसःको पसल भएझैँ नेपाको नेपाल भएको अनुमान गरिएको छ।

#### लिम्बू भाषा

लिम्बू भाषामा नेपालको अर्थ समतल भूमि भन्ने हुन्छ। पहाडी खण्डमा अत्यन्त ठुलो मैदानी उपत्यका भएकाले यसको नाम नेपाल रहन गएको हो।

#### लेप्चा भाषा

पुरानो लेप्चा भाषामा 'ने' को अर्थ पवित्र र 'पाल' को अर्थ गुफा हुन्छ। यसरी 'नेपाल'ले पुण्यभूमि वा धार्मिक स्थल बुझाउँछ। नेपालका तामाङहरूले पनि तीर्थलाई 'ने' भन्दछन्। लामा धर्मग्रन्थमा 'ने' को अर्थ पवित्र स्थानको रूपमा लगाइन्छ। खोटाङमा 'नेपा' गाउँ छ।

**संस्कृत भाषा**

नीपः (पर्वतपाद) शब्दमा उपसर्ग आल (स्थान) जोडेर नेपाल भएको अनुमान छ । हिमाल र पञ्चाल जस्तै नीपः (फेदी) र आलयः (निवास) बाट पर्वत फेदीको निवासका रूपमा नेपाल नाम रहेको भाषिक व्याख्या पनि गरिएको छ । यजुर्वेदमा प्रयुक्त वैदिक शब्दमा 'नीपः' को अर्थ उपत्यकानिवासी हुन्छ । नेपाल शब्दको मूल 'नीप' भनिन्छ । 'नीपः' भनेको अशोक (कदंब) वृक्ष पनि हो । संस्कृतमा शिवको शैव भएझैँ नेपालको नैपाल शब्द प्रयोग भएको भेटिन्छ । पारस्परिक आख्यानमा भाषागत शाब्दिक सानिध्य र ध्वन्यात्मक सङ्गति देखिए तापनि उपर्युक्त सन्धि शब्दार्थ ठोस र प्रमाणित चाहिँ भएका छैनन् ।

**तामाङ भाषा**

तामाङ जातिका एक महापुरुष तिब्बतसँग व्यापार गर्दथे । यी तामाङ लामाकै नाइके बने । तामाङ लामा बोलीमा 'ने' भनेको स्तन हो । पृथ्वीको स्तनस्वरूप पर्वतबाट पालित नेपालबाट व्यापार गर्ने महापुरुष पर्वतकै नाममा चिनिए र पर्वतको नामबाट नै नेपाल भनियो ।

### २.२.२ जातिगत आधार

(क) नेपाल महात्म्यअनुसार 'ने' नामको निप जाति र न्यार्बा जातिका ऋषिले यहाँका जनताको लालनपालन गरेकाले यस देशको नाम नेपाल रहन गएको मानिन्छ ।

(ख) दक्षिण भारतको कर्नाटक (केरला) क्षेत्रमा बस्ने नेवार जाति सिम्रौनगढका संस्थापक नान्यदेवको साथ यहाँ आएका थिए । नेपालका प्राचीन शासक गोपालवंशीहरूलाई 'निप' भनिन्थ्यो । उनीहरूको आलय (घर) लाई नेपाल भनियो । 'नीप' शब्दको उल्लेख वैदिक ग्रन्थमा र पाणिनिको अष्टाध्यायीमा समेत भएको पाइन्छ ।

(ग) भोटमा नेपाललाई Balyal अथवा वाप्लो भनिन्थ्यो भने चिनियाँ यात्रीले नि-पो-लो भन्ने गर्थे । किराँतहरूको प्रमुख बस्ती भएकाले बौद्ध धर्मग्रन्थहरूमा यहाँको नाम नेवाल र अङ्ग्रेजीमा NIPAUL, NEPAUL, NIPAL र NEPAL शब्दका साथै भारतीयहरूद्वारा नेपाल शब्दको प्रयोग हुने गरेको छ ।

यस्ता विविध आधार र मान्यता भए तापनि वास्तवमा नेपाल नाम यसै कारणले हुन गएको भनी किटान गर्न भने सकिएको छैन । तथापि मौलिक सभ्यता, संस्कृति र कलाले गर्दा नेपालको स्वतन्त्र र अविच्छिन्न स्वरूप भने कायम रहेको कुरामा भने मतान्तर छैन ।

### २.३ नेपाल उपत्यकाको उत्पत्ति

लिच्छविकालभन्दा अघिको प्राचीन इतिहास भरपर्दो स्रोतहरूको अभावमा

स्पष्ट हुन सकेको छैन । वंशावली र पुराणहरूका आधारमा मात्र यस युगको इतिहास अध्ययन गर्न सकिन्छ । ती ग्रन्थहरूमा भने नेपाल उपत्यका उत्पत्तिको सम्बन्धमा अनेक रोचक कथाहरूको वर्णन गरिएको छ । यस्ता स्रोतहरूले उल्लेख गरेअनुसार प्राचीन समयमा काठमाडौँ उपत्यका घना जङ्गलले ढाकिएको थियो र यसको बीच भागमा विशाल सरोवर थियो । सो सरोवरमा नागहरूको निवास भएकाले यसलाई नागदह भनिन्थ्यो । यहाँ वेलाबखतमा विपश्वी बुद्ध, शिखी बुद्ध, विश्वभू बुद्ध, मञ्जुश्री बोधिसत्व, ऋकुच्छन्द बुद्धजस्ता विभिन्न तपस्वीहरू आउने जाने गर्दथे ।

### विपश्वी बुद्ध

वंशावली र पौराणिक स्रोतअनुसार नेपाल उपत्यकामा आउने प्रथम महात्मा विपश्वी बुद्ध थिए । यिनी आफ्नो स्थायी निवास बन्धुमती नगरबाट सत्ययुगमा नै आएको विश्वास गरिन्छ । यहाँ आएर उनी नागार्जुन पर्वतमा बसे र केही समयपछि चैत्र शुक्ल पूर्णिमाको दिन नागदहको बीचमा कमल फूलको बीज रोपे । त्यसको सम्झनामा हिजोआज पनि चैत्र शुक्ल पूर्णिमाका दिन नागार्जुन पर्वतमा मेला लाग्दछ र यो विपश्वी बुद्धकै सम्झनामा लागेको मेला हो भन्ने विश्वास गरिन्छ ।

### शिखी बुद्ध

विपश्वी बुद्धले रोपेको बीजबाट ६ महिनापछि आश्विन शुक्ल पूर्णिमाको दिन एक अलौकिक फूल उत्पन्न भयो र त्यस फूलको बीच भागमा ज्योतिर्मय भगवान् स्वयम्भू प्रकट भए । यसरी मर्त्यलोकमा स्वयम्भू भगवान्को आगमनको खबर सुनेर अरुणपुरका शिखी बुद्ध यहाँ आएर स्वयम्भूको आराधना गर्दागर्दै केही कालपछि भगवान्मा नै मिल्न गए । उनी आएर बसेको पर्वतलाई धिनोच्च गिरि भनिन्छ । हरेक माघ १ गते त्यहाँ लाग्ने मेलालाई शिखी बुद्धको संस्मरणमा लगाइएको मेला मान्ने चलन छ ।

### विश्वंभू बुद्ध

यिनी त्रेतायुगमा यहाँ आएका थिए । नेपाल उपत्यकामा आएर धेरै फूल भएको पर्वत छानेर आफ्नो आश्रम बनाई बसे । उनी बसेको पहाड फुलोच्च गिरिको नामले प्रसिद्ध भयो । यिनले नै पहिलोपल्ट उपत्यकाको पानी बाहिर जाने मार्गको बारेमा आफ्ना चेलाहरूलाई अवगत गराएका थिए ।

### मञ्जुश्री बोधिसत्व

विश्वंभू बुद्ध फर्केको केही वर्षपछि त्रेतायुगमा नै चीनबाट मञ्जुश्री बोधिसत्वको यहाँ आगमन भयो । यी मञ्जुश्री बोधिसत्वको बारेमा वंशावलीहरूले थुप्रै वर्णन गरेका छन् । उनले यहाँ आएर स्वयम्भूको दर्शन पाएपछि उपत्यकाको पानी बाहिर पठाउने विचार गरे । सरोवरको सम्पूर्ण भौगोलिक अध्ययन गरेर उनले कटुवाल

नामक स्थानमा उपत्यकाको पानी जाने बाटो बनाई स्वयम्भूदेखि गुह्येश्वरीसम्मको एक विशाल सहरको निर्माण गराए । त्यसपछि उनले धर्माकर नामक व्यक्तिलाई नेपालको पहिलो राजा बनाए । मञ्जुश्री फर्केपछि उनका चेलाहरूले यस सहरको नाम नै मञ्जुपत्तन राखे । मञ्जुश्रीको नाममा हिजोआज श्रीपञ्चमीको दिन स्वयम्भूमा चैत्य मेला लाग्छ ।

**ऋकुच्छन्द बुद्ध**

मञ्जुश्री बोधिसत्व फिर्ता भएपछि ऋकुच्छन्द बुद्ध स्वयम्भू ज्योतिको दर्शनार्थ यहाँ आए । उनी यहाँ आएको वेला काठमाडौँमा पानीको अभाव देखेर गुह्येश्वरीसँग प्रार्थना गरे । सो प्रार्थना सुनेर गुह्येश्वरीले शिवपुरीबाट बागमती पैदा गरिन् भनेर वंशावलीहरूले उल्लेख गरेको पाइन्छ । यी बुद्धले नेपालका राजा धर्माकार निःसन्तान भएकाले उनीपछि धर्मपाललाई यहाँको राजा बनाएको कुरा पनि वंशावलीमा उल्लिखित छ ।

राजा धर्मपालपछि उनकै वंशज सुधन्वाले त्रेतायुगको अन्तसम्म नेपाल उपत्यकामा शासन गरे । उनी सीताको स्वयंवरमा जनकपुर जाँदा जनकका भाइ कुशध्वजद्वारा मारिएको कथा वंशावलीमा वर्णित छ । त्यसपछि केही समय नेपाल मिथिलाको नियन्त्रणमा रह्यो ।

द्वापरयुगको अन्ततिर गौड देशका राजा प्रचण्डदेव स्वयम्भू र गुह्येश्वरीको दर्शनार्थ नेपाल आएको वेलामा स्वयम्भूको समीपमा वसुपुर, अग्निपुर, वायुपुर, नागपुर र शान्तिपुर नामका पाँच कुटीको निर्माण गरेको तथा कलियुग आएको थाहा पाई कलियुगी मानव स्वयम्भू ज्योतिको दर्शन गर्न असमर्थ रहने छन् भन्ने विश्वासमा उनले स्वयम्भू ज्योतिलाई पत्थरले ढाकी त्यसमाथि एक चैत्य खडा गरेको कथा वंशावलीमा उल्लेख छ । सो समयमा उपत्यकाको राजगद्दी खाली भएको हुँदा उनै प्रचण्डदेवका छोरा शक्तिदेवले यहाँ आफ्नो नियन्त्रण कायम गरे । वंशावलीहरूमा उनीपछि गुणकामदेव, शक्तिदेव तथा सिंहल आदिले यहाँको राजपाट सम्हालेको कुरा उल्लेख गरिएको छ ।

## २.४ प्राचीन नेपाल

नेपालको प्राचीन इतिहास इसापूर्व हजारौँ वर्ष अगाडिदेखि नै सुरु भएको मानिए तापनि इस्वी संवत्को थालनीअघिसम्म नेपालको इतिहास स्पष्ट छैन । किराँतकालपूर्वका ठोस ऐतिहासिक सामग्री प्राप्त हुन सकेका छैनन् । यस कालको राजनीतिक, आर्थिक, सामाजिक आदि कुराको बारेमा लिच्छविकालीन अभिलेखहरूबाट केही झलक पाइन्छ । इस्वी संवत्को थालनीका साथै लिच्छविकाल सुरु भए पनि प्रमाणहरूका आधारमा इस्वीको पाँचौँ शताब्दीदेखि मात्र प्राचीन नेपालको इतिहास बढी विश्वासिलो बनेको पाइन्छ ।

### २.४.१ गोपालवंशी शासकहरू

नेपालका प्रथम राजाहरू गोपालवंशी थिए । गोपाल भन्नाले गाईपालक समुदाय भन्ने बुझिन्छ । काठमाडौँको पानी बाहिर फ्याँकेपछि उपत्यका बसोवासयोग्य भयो । त्यसपछि दक्षिणतर्फका नीप जातिका गोपालहरू यहाँ आकर्षित भए । दक्षिणबाट आएका गोपालहरू र यहाँका प्राचीन नाग जातिबीच भिडन्त हुँदा नाग जातिहरू पराजित भई दक्षिण भेगतर्फ लागे भने नेपाल उपत्यकामा गोपालहरूको वर्चस्व कायम भयो । वंशावलीहरूमा उल्लेखित कथाअनुसार यिनीहरूको एउटा बहुद्भी नाम गरेको गाईले सधैँ बाग्मतीको तीरको एक ठाउँमा गएर दूध चढाउने गर्दथिन् । सो स्थल खनी हेर्दा पशुपतिको ज्योतिर्लिङ्ग उत्पन्न भयो । टेकु दोभानमा तपस्या गरी बस्ने 'ने' मुनीले गोपालवंशका भुक्तमान (भूमिगुप्त) लाई राजा बनाए । यिनी गोपाल वंशका संस्थापक प्रथम राजा भए । गोपाल वंशावलीका अनुसार गोपालवंशी आठ जना शासकहरू (भूमिगुप्त, जयगुप्त, धर्मगुप्त, हर्षगुप्त, भीमगुप्त, मणिगुप्त, विष्णुगुप्त र जितगुप्त) ले करिब ५०५ वर्ष (कर्कपेटिक वंशावलीमा ४९१ र राइट वंशावलीमा ५२१ वर्ष) शासन गरे भन्ने उल्लेख छ ।

### २.४.२ महिषपालवंशी राजाहरू

गोपालवंशका जितगुप्तलाई युद्धमा पराजित गरी महिषपालहरूले नेपालको शासनमा नियन्त्रण कायम गरेको कुरा गोपाल राजवंशावलीमा उल्लेख छ । केही इतिहासकारहरूका अनुसार गाई पाल्नेलाई गोपाल भनेझैँ भैँसी पाल्नेलाई महिषपाल वा आभीर भनिन्थ्यो । तर गोपाल र आभीर एउटै वंशका भएका र पेसागत आधारमा मात्र दुई समुदायमा विभाजित भएको मानिन्छ । कर्कप्याट्रिकको वंशावलीमा आभीरहरू राजपुत उत्पत्तिका ग्वाला भएका र सिम्रौनगढ र जनकपुरबीचको समतल भूमिमा आफूसँग हातहतियारसमेत राखी ठुलो सङ्ख्यामा भैँसी पाल्ने गरेकोमा पछि उपत्यका प्रवेश गरी गोपालवंशी राजालाई हराई शासनमा नियन्त्रण कायम गरेको भनी उल्लेख गरिएको छ । यस वंशका प्रथम राजा वरसिंह हुन् । गोपाल वंशावलीअनुसार यस वंशका तीन शासकहरू **वरसिंह, जयसिंह र भूवनसिंह**ले क्रमशः ४९ वर्ष, ७१ वर्ष २ महिना र ४१ वर्ष गरी जम्मा १६१ वर्ष २ महिना शासन गरेका थिए ।

### २.४.३ किराँतवंशी राजाहरू

नेपाल उपत्यकामा राज्य गर्ने लिच्छवि राजवंशभन्दा अगाडि र महिषपाल वा आभीर वंशभन्दा पछाडि बीचको समयमा किराँतवंशीय राजखलकको शासन उपत्यकामा रहेको थियो भन्ने विवरण साहित्यिक स्रोतहरूमा फेला पर्दछ । गोपाल वंशावलीमा किराँत राजाहरूको सूचीका साथै उनीहरूको मूल स्थान तामाकोशी र सुनकोशीबीचको भूभाग भनी बताइएको छ ।

आभीर वंशका अन्तिम राजा भूवनसिंहलाई युद्धमा पराजित गरी किराँतवंशी राजा यलुङ वा यलम्बरले शासनमा नियन्त्रण कायम गरेका थिए । यो द्वापरयुगको अन्त्य वा कलियुगको प्रारम्भतिर छैटौँ शताब्दीमा घटेको घटना मानिन्छ । नेपालमा ऐतिहासिक घटनाक्रमको सुरुवात किराँती राजाहरूबाटै भएको मानिन्छ । गोपाल राजवंशावलीमा ३२, भाषा वंशावलीमा २७ र राइट वंशावलीमा २९ राजाहरूको वर्णन गरेको पाइन्छ । राइट वंशावलीअनुसार किराँत वंशका २९ पुस्ताका राजाहरूले शासन चलाएको उल्लेख छ । किराँतवंशी मुख्य राजाहरूको नामावली निम्नबमोजिम छ :

**यलम्बर**

किराँत राज्यका संस्थापक यलम्बर ज्यादै वीर थिए । यिनले महिषपाल आभीर वंशका शासक भूवनसिंहलाई हराएर किराँत राज्यव्यवस्था स्थापना गरेका थिए । यिनलाई कतैकतै यलुङ पनि भनिएको छ । यिनकै नामबाट पाटन सहरको पुरानो नाम यल रहन गएको मानिन्छ ।

**हुमति**

यिनी छैटौँ किराँती राजा थिए । यिनलाई गोपाल राजवंशावलीमा हँति भनेर उल्लेख गरिएको छ । डेनियल राइटले छपाएको वंशावलीले यिनलाई महाभारतको युद्धकालका भनी उल्लेख गरेको छ ।

**जितेदास्ती**

किराँत राजा जितेदास्ती अर्का उल्लेखनीय शासक हुन् । यिनलाई भाषा वंशावलीहरूले सातौँ क्रममा राखेका छन् भने गोपाल राजवंशावलीले केही पछिल्लो क्रममा उल्लेख गरेको छ । यिनको समयमा गौतम बुद्ध काठमाडौँ आएको चर्चा वंशावलीमा गरिएको छ ।

**स्थुंको**

केही वंशावलीहरूले किराँत राजा स्थुंकोका समयमा मौर्य सम्राट अशोक छोरी चारुमतीका साथ काठमाडौँ आएका थिए । यिनले चार स्तूप बनाए । छोरी चारुमतीको विवाह क्षत्रीय कुमार देवपालसँग गरिदिएका थिए । तर वंशावलीको भनाइ सत्य देखिँदैन । अशोक लुम्बिनी, कपिलवस्तुमा मात्र आएका थिए । काठमाडौँ उपत्यकामा आएको कुरा भने प्रमाणित छैन ।

### २.४.४ लिच्छवि काल

**लिच्छवि शासनको स्थापना**

किराँतहरूपछि लिच्छवि वंशका राजाहरूले नेपालमा शासन सञ्चालन गरेको पाइन्छ । वंशावली एवम् पुराणहरूमा सूर्यवंशी क्षेत्रीयहरूले किराँतहरूलाई जितेर नयाँ शासन



चाँगुनारायण मन्दिर, भक्तपुर

व्यवस्था कायम गरेको पाइन्छ । गोपाल राजवंशावलीमा 'अनि सूर्यवंशको प्रभावले नेपालमा किराँत राजालाई जितेर लिच्छवि राजवंश चल्यो' भनी लेखिएको छ भने पशुपति पुराणमा पनि 'किराँतहरूलाई बोलिवचनले विश्वासमा पारेर तथा युद्धमा परास्त गरेर वैशालीका स्वामी वा पतिहरूले आफ्नो शासनसत्ता कायम गरेको' भन्ने उल्लेख छ । यसै प्रकारको सन्दर्भ हिमवत्खण्डमा पनि पाइन्छ । जसमा वैशालीका स्वामीहरूले किराँतहरूलाई जितेर नेपालमा शासन सुरु गरेको उल्लेख छ । यस प्रकार नेपालमा लिच्छवि शासन व्यवस्थाको थालनी किराँतीहरूको शासनपछि लगत्तै सुरु भएको देखा पर्दछ । गोपाल वंशावलीअनुसार अन्तिम किराँती राजा 'खिगु', भाषा वंशावलीअनुसार 'गालिज', राइट वंशावलीअनुसार किराँत राजा 'गस्ति' लाई परास्त गरेर वा धपाएर लिच्छवि राजवंशले नेपालमा शासन सुरु गरेको देखिन्छ ।

लिच्छवि राजवंशको थालनी कुन समयदेखि भयो, यसबारे यकिन गर्न सकिएको छैन । इतिहासविद् बाबुराम आचार्यका अनुसार यहाँको किराँत राज्यलाई भङ्ग गरी आफ्नो स्वतन्त्र लिच्छवि राज्य स्थापना गर्न समर्थ भएको देखिन्छ । लिच्छविहरू नेपालमा आउनुभन्दा अगाडि भारतको वैशाली हालको मुजफ्फरपुर प्रतिकलाको बसाढ भन्ने स्वतन्त्र गणतन्त्रात्मक शासन प्रणालीअनुसार शासन चलाउने गर्दथे । त्यो भागमा राजतन्त्रात्मक शासन प्रणाली सुदृढ हुँदै गएको र राजा अजातशत्रुबाट पराजित भई इसाको प्रथम शताब्दीतिर शरणार्थीका रूपमा लिच्छविहरू नेपाल प्रवेश गरेका थिए । वैशालीमा शासन चलाएका लिच्छविहरूले यहाँका भुरे, टाकुरे, सामन्त राजाहरूलाई

हराई शासनमा कब्जा गर्ने महत्त्वाकाङ्क्षा प्रदर्शन गरे । तर लिच्छविहरूको सत्तामा कब्जा त्यति सरल र सहज नभई ठुलो सङ्घर्ष र रक्तपातपूर्ण घटनाबाट मात्र सम्भव भएको थियो । तत्कालीन शासक वर्गप्रति जनताको तीव्र असन्तोष व्याप्त भएको वेलामा जनभावनाको अनुकूल लिच्छविहरूले जनसङ्घर्षको नेतृत्व गरेका थिए । किराँतहरू युद्धमा हारेर पूर्वी भेगमा विस्थापित हुन बाध्य भए भने केन्द्रमा लिच्छविहरूको राज्यसत्ता कायम हुन पुग्यो । जनहितलाई बढी स्थान दिने शासनव्यवस्था, सङ्गठित जनजीवन, उन्नत आर्थिक अवस्था, शिक्षाको स्तर, आकर्षक कला आदि कुराले गर्दा लिच्छविकाललाई नेपालको इतिहासमा स्वर्णयुग पनि मानिएको छ । हुन पनि तुलनात्मक दृष्टिले हेर्ने हो भने यो युग सर्वाङ्गीण विकासको युगको रूपमा रहेको छ ।

लिच्छवि शासनकालअन्तर्गत फेला परेको पहिलो प्रमाणित अभिलेख राजा मानदेवको सन् ४६४ को चाँगुको अभिलेख हो, जसमा मानदेवभन्दा अगाडिका तीन पुस्ताको विवरण दिइएको छ । यसबाहेक लिच्छवि वंशका आठौँ शताब्दीतिरका राजा जयदेव द्वितीयको पशुपति अभिलेखमा लिच्छवि राजाहरूको सुरुदेखिकै वंशावली लेखिएको छ । तर यस वंशावलीमा लिच्छवि राजाहरूको नामको सट्टा क्रमाङ्क मात्र लेखिएको पाइन्छ ।

**प्रसिद्ध लिच्छविकालीन शासकहरू**

लिच्छविहरू मूलतः सूर्यवंशी मानिन्छन् । अयोध्याका सूर्यवंशी राजा दशरथका आठौँ पुस्तामा लिच्छवि भन्ने व्यक्ति भएको मानिन्छ । लिच्छवि वंशमा सुपुष्प नामका राजा भए, जसलाई लिच्छवि राजवंशका संस्थापक र आदिपुरुष पनि मानिन्छ ।

**सुपुष्प**

जयदेव द्वितीयको पशुपति अभिलेखमा उत्कीर्ण वंशावलीमा लिच्छवि नाम गरेका राजापछि तेह्रौँ पुस्तामा कामदेवजस्ता राम्रो रूपरङ्ग भएका राजा सुपुष्प भए भनिएको छ । कतिपयले राजा सुपुष्पलाई नै नेपालका प्रथम लिच्छवि राजाको रूपमा मान्ने गरेको पाइन्छ । वंशावलीहरूमा भने सुपुष्पलाई चौथो लिच्छवि राजाको रूपमा देखाइएको छ, साथै गोपाल राजवंशावलीमा यिनलाई सुपुष्पदेव, भाषा वंशावलीमा पशुपुष्पवर्मा र राइट वंशावलीमा पशुप्रेखदेव भनेर नामकरण गरिएको छ । गोपाल राजवंशावलीअनुसार यिनले नेपालमा वर्णव्यवस्था कायम गर्नुका साथै पशुपतिको देवल बनाउने, त्यसमा छाना हाल्ने, सहरलाई सुन्दर बनाउने, राज्यमा मर्यादा कायम गर्ने तथा न्यायपूर्वक प्रजाहरूको पालन गर्ने काम गरेका थिए । यसबाहेक राइट वंशावलीमा यी राजाले पशुपति मन्दिरमा सुनको छाना हाल्नुका साथै गजुरसमेत थपेर अग्लो र भव्य तुल्याएको उल्लेख छ । यसैगरी राजा सुपुष्पले भूमि वा जग्गासम्बन्धी मर्यादा बाँधेको कुराको उल्लेख गोपाल राजवंशावलीमै पाइन्छ ।

**मानदेव**

शासन सञ्चालनमा कुशल मानदेव प्रथमको शासन कालमा आएर नेपाल राज्य

अझ व्यवस्थित, विकसित र बलियो बन्यो । शास्त्र जान्ने, जनतालाई आफ्नै परिवार ठान्नेजस्ता राजगुणहरूले युक्त यी राजाले राज्यमा आर्थिक उन्नति र शान्ति व्यवस्थाद्वारा ४१ वर्ष (वि.सं. ५२१-५६२, इ.सं. ४६४-५०५) सम्म आफ्नो शासनमा स्थिरता कायम गरे । आफ्नो राज्यमा मुद्राको व्यवस्थाका अतिरिक्त कला र विद्या क्षेत्रको समेत विकास गरे । प्रथम राजदरबार मानगृहजस्तो भव्य भवन 'श्री मानांक' र 'श्री भोगिनी' अङ्कित मुद्रा यिनकै कालमा तयार भएको थियो । यिनकै समयदेखि प्राचीन नेपालको इतिहास पनि बढी स्पष्ट र भरपर्दो भएकाले प्रथम प्रामाणिक राजा यिनैलाई मानिन्छ । यिनको राज्य पूर्वमा कोशी, पश्चिममा गण्डकी (कालीगण्डकीपारि मल्लपुरी) र उत्तरमा हिमालयसम्म फैलिएको थियो । अभिलेख र स्वतन्त्र टक आदि प्रामाणिक कुराहरू मानदेवको पालादेखि पाइएका छन् । यसरी विक्रमको छैटौं शताब्दीदेखि नेपालको प्रामाणिक इतिहास प्रारम्भ भएको पाइन्छ ।

मानदेवपछि महिदेव, वसन्तदेव आदि राजा भए । वसन्तदेव बालककालमै राजा भएकाले मन्त्रीहरू रविगुप्त र क्रमलील शक्तिशाली भए । संयुक्त शासन र फेरबदल छिटो भएकाले इ.सं. ५३६ देखि ५४५ सम्म राजनीतिक अस्थिरता व्याप्त भएको पाइन्छ । यसपछि भौमगुप्त र भारदारहरूबीच शक्तिसङ्घर्षजस्तै भयो । शिवदेवले आफ्नो भानिज अंशुवर्माको मद्दतबाट गुप्त प्रभाव बचाए पनि अंशुवर्माको प्रभुत्व बढेर शिवदेव निस्तेज बन्न पुगे । फलस्वरूप अंशुवर्मा राजा भए । मन्त्रीले राज्याधिकार लिएको यो पहिलो घटना थियो ।

**अंशुवर्मा**

अंशुवर्माको शासनकाल (इ.सं. ६०५-६२१)मा नेपालमा खेती, पशुपालन र व्यापार मात्र हैन, परराष्ट्र सम्बन्ध र रक्षा व्यवस्था जस्ता चौतर्फी विकासका कार्यहरू भए । उनले कैलाशकुट दरबार अत्यन्त कलात्मक, भव्य र प्रशंसनीय तवरले तयार गराएका थिए । परराष्ट्र नीति (तिब्बत र चीनसँग) उनकै समयमा सफलतापूर्वक सञ्चालित भयो । उनको समयमा भारतमा हर्षवर्द्धन र तिब्बतमा स्रोङचङगम्पोले शक्तिशाली साम्राज्य खडा गरेका हुनाले तिब्बतसँग उनले साँठगाँठ गरेका थिए ।

तिब्बती राजा स्रोङचङगम्पोसँग उनले राजकुमारी भृकुटी (चिजु)को विवाह गराएको कुरा चर्चित छ । उनको समयमा प्रजाले धार्मिक उदारता तथा स्वायत्त शासनसमेत प्राप्त गरेका थिए । उनको समयमा कला तथा विद्याको समेत विकास भई जनजीवन सुसङ्गठित र उन्नत हुँदै गएको थियो । यी सब उन्नति प्रगतिको कारणबाट नेपालको इतिहासमा उनी नै सर्वप्रथम 'महाराजाधिराज' उपाधिप्राप्त शासक बन्न पुगे । विधिवत् युवराज घोषणा गर्ने चलन पनि सर्वप्रथम यिनकै समयदेखि चल्यो । हिन्दू राजाको रूपमा उनले 'पशुपतिपादानुगृहित' उपाधिसमेत धारण गरेका थिए । 'प्रजाहित समाधानतत्पर' तथा 'कथं प्रजामे सुखिना भवेत्' जस्ता विशेषतायुक्त यिनले 'शब्दविद्या' (व्याकरण) पनि तयार गरेको बुझिन्छ । वि.सं. ६७८ तिर उनको मृत्यु भयो ।

**उदयदेव**

अंशुवर्मापछि उदयदेव राजा भए । सामन्त भौमगुप्तका छोरा जिष्णुगुप्त र उनको भाइले गरेको षड्यन्त्रका कारण उदयदेव पदच्यूत भई तिब्बतमा शरण लिन पुगे । उनका छोरा नरेन्द्रदेवले पछि नेपालको राज्यसत्ता कब्जा गरे ।

**नरेन्द्रदेव**

शासन सञ्चालनमा कुशल नरेन्द्रदेवको कार्यकालमा इस्वीको सातौँ शताब्दीको मध्यम (इ.सं. ६४५-६७९) ताका भोट (तिब्बत र चीन)सँग व्यापारिक सम्बन्ध स्थापना हुनुका अतिरिक्त नेपालका पूर्व र पश्चिम भेगका व्यापारिक बस्ती (द्रङ्ग) हरूको प्रारम्भ हुन गई नेपाल केही समयसम्म अन्तर्राष्ट्रिय व्यापारिक केन्द्र बन्यो । नरेन्द्रदेवले महाराजाधिराजको पदवी लिए र 'परम भट्टारक' को प्रसिद्धि पनि पाएका थिए । उनले भद्राधिवास राजदरबार पनि बनाए । उनको आसनमा सिंहको आकृति भएकाले सिंहासन प्रचलित भएको बुझिन्छ ।

**जयदेव द्वितीय**

जयदेव द्वितीय (इ.सं. ७१३-७२३) कवि हुनुका अतिरिक्त मुलुक विस्तार गर्ने महात्त्वाकाङ्क्षीसमेत भएकाले लिच्छवि शासकहरूमा उनको क्रियाकलाप पनि उल्लेखनीय रहेको छ । उनी कविराजाका अतिरिक्त 'परचक्रकाम' (अर्काको देश जित्ने अभिलाषा) जस्तो उपनामले विभूषित थिए । उनको कविता पशुपति शिलालेखमा अङ्कित छ ।

लिच्छविकालका प्रमुख राजाहरू यस प्रकार थिए :

सुपुष्प, जयदेव प्रथम, हरिदत्त वर्मा, वृषदेव, शंकरदेव, धर्मदेव, मानदेव प्रथम, महिदेव, बसन्तदेव, उदयदेव, मानदेव द्वितीय, शिवदेव प्रथम, अंशुवर्मा, नरेन्द्रदेव, जयदेव द्वितीय, शिवदेव द्वितीय, जयदेव तृतीय ।

## २.४.५ पूर्वमध्य काल

जयदेव द्वितीयको शासनकालपछि उनका उत्तराधिकारीको रूपमा रहेका (अभिलेखमा उत्तराधिकारी भनी किटिएका) विजयदेवको शासन पनि नेपालमा निश्चित रूपले चलेको भने पाइन्छ । विजयदेवपछिका शासकहरूको बारेमा सर्वसाधारणद्वारा राखिएका अभिलेख, हस्तलिखित ग्रन्थ, वंशावलीअनुसार गुणकामदेव, मानदेव तृतीय, बलीराज, बलदेव, मानदेव चतुर्थ (८७७ ई.) का साथै राघवदेव (इ.सं.८७९) मध्यकालका प्रथम शासक थिए । यिनी इ.सं. ८७९ मा राजा भएको पाइन्छ ।

**गुणकामदेव**

इ.सं. ९८७ र ९९० सम्मका दुईओटा अभिलेखमा गुणकामदेवले काठमाडौँ उपत्यकामा शासन गरेको उल्लेख छ । इतिहासकार कर्कपाट्रिकका अनुसार यिनको शासनकाल १८ वर्ष रहेको थियो । यिनले उमामहेश्वरको मूर्ति स्थापना गर्नुका साथै

पशुपतिनाथ मन्दिर परिसरमा रहेको ईशानेश्वर मन्दिरमा तामाको छाना, सत्तल तथा सुन्धारा बनाएका थिए । यिनले काष्ठमण्डप, मरुसत्तल र मरुहिटीसमेतको निर्माण गरेका थिए ।

### २.४.६ सिम्रौनगढको कर्णाटक राज्य



सिम्रौनगढमा रहेको स्तम्भ, बारा

सिम्रौनगढ मधेश प्रदेशको साबिक बारा जिल्लामा पर्दछ । यसको प्राचीन नाम सिमरा-वनगढ थियो । त्यस वेला ठुला बस्ती भएका सबै क्षेत्रहरू सुरक्षाको हिसाबले गढ (किल्ला)को रूपमा परिणत गरिएका हुन्थे । यस्ता किल्लाहरू जङ्गलको बीचमा समेत बनेका हुन्थे । वनभित्र बनेको गढलाई 'वनगढ' वा 'वनदुर्ग' भनिन्थ्यो । जुन ठाउँको वनमा सो गढ बनेको हुन्थ्यो, त्यही नाम विशेष प्रचलित हुन्थ्यो । सिमराको वनमा रहेको गढरूपको बस्ती भएकाले नै 'सिमरा-वनगढ' भनिएको हो । यही शब्द पछि अपभ्रंश भई सिम्रौनगढ भएको हो । सिम्रौनगढवरपरको सम्पूर्ण क्षेत्र त्यसवेला तिरहुतको नामले प्रसिद्ध थियो । काठमाडौँ उपत्यकाका तात्कालिक प्रमाणहरूमा भने यो क्षेत्रलाई 'डोयराज्य' भनिएको पाइन्छ । डोयको अर्थ तल्लो जातका मानिसहरूको बस्ती भन्ने बुझिन्छ । पश्चिमको खस राज्यको स्थापना भएताका नै दक्षिण र पूर्वी तराई भेग समेटेर कर्णाटक वंशको डोय (तिरहुते) राज्य खडा भएको पाइन्छ । यसको राजधानी सिम्रौनगढ (सिमरा वनगढ) अर्थात् सिमरामा थियो । तिरहुतमा  कर्णाटक राज्य नान्यदेवले वि.सं. ११५४ (इ.सं.१०९७) मा स्थापना गरेका थिए । यो स्वतन्त्र राज्यको अस्तित्व करिब २२९ वर्ष जति रह्यो र इ.सं. १३२६ मा विघटन हुन गयो । यस राज्यमा शासन गर्ने प्रमुख शासकहरू नान्यदेव र हरिसिंहदेव थिए ।

नान्यदेव दक्षिणी भारतको कर्णाटक क्षेत्रका निवासी थिए । यिनी दक्षिणी भारतका चालूक्य शासकका विक्रमादित्य छैटौँका सेनापति थिए । विक्रमादित्य छैटौँले उत्तरी भारततर्फ विजय अभियान चलाउँदा न्यायदेव यसतर्फ आएका थिए । पछि यिनी आफैँले सिम्रौनगढलाई केन्द्र बनाई यस क्षेत्रमा राज्य स्थापना गरेको पाइन्छ । नान्यदेवपछि क्रमशः गङ्गादेव, नरसिंहदेव, रामसिंहदेव, शक्तिसिंहदेव, भूपालसिंहदेव र हरिसिंहदेव आदि शासकहरूले सिम्रौनगढमा शासन गरे । हरिसिंहदेव कर्णाटक वंशका अन्तिम शासक हुन् । यिनको शासनकालमा दिल्लीका मुसलमान बादशाह गयासुद्दिन तुग्लकले आक्रमण गरेर सो राज्य ध्वस्त पारेका थिए ।

उपत्यकाका मल्ल राजाहरूको कुलदेवीका रूपमा पूजा गरिने तुलजा भवानी वास्तवमा कर्णाट राजाहरूकै कुलदेवी हुन् । हरिसिंहदेवकी रानी देवलदेवी शरणार्थीको रूपमा उपत्यका पस्दा आफूसित तुलजा भवानीको कलश पनि लिएर आएकी थिइन् । देवलदेवी र उनका छोरा जगतसिंहको उपत्यका प्रवेशपछि कर्णाटकको प्रभाव उपत्यकामा परेको थियो, जुन स्वाभाविक नै थियो ।

हरिसिंहदेवको मृत्यु दोलखामा भएताका उपत्यकामा रूद्र मल्ल र अरि मल्लको संयुक्त शासन चलिरहेको थियो । अरि मल्ल नाम मात्रका शासक थिए । रूद्र मल्लले हरिसिंहदेवको मृत्युपछि उनकी रानी देवलदेवी र छोरा जगतसिंहलाई आफ्नो दरबारमा शरण दिएका थिए । देवलदेवीले आफ्नो साथमा ल्याएका तलेजु भवानीको कलश दरबारमा स्थापित गरिन् । पछि नेपालका शासकहरू पनि तलेजुका उपासक बने । देवलदेवीका छोरा कुमार जगतसिंहको विवाह मल्ल राजकुमारी नायकदेवीसँग सम्पन्न भयो र यस जोडीबाट राजल्लदेवीको जन्म भयो । यिनै राजल्लदेवीसँग जयस्थिति मल्लको विवाह भएको थियो ।

### २.४.७ कर्णाली प्रदेशको खस मल्ल राज्य

पूर्वमा नुवाकोट, पश्चिममा केदार, उत्तरमा तिब्बत, दक्षिणमा तराई भूखण्डसम्म खस मल्ल राज्य विस्तारित थियो । खस मल्ल राज्यको द्वार कैलाली कञ्चनपुरको मल्लवार थियो । तिब्बतका केही भागसमेत यस राज्यको प्रभावमा परेका थिए । पश्चिममा गढवाल, कुमाउँदेखि पूर्वमा गोरखाको साँधसम्म फैलिएको खस साम्राज्य तत्कालीन नेपालको ठूलो भूखण्ड थियो । खस राज्यको राजधानी सिँजा थियो । तिब्बतको खाडी प्रदेशबाट आएका नागराजले कर्णाली प्रदेशमा स्वतन्त्र खस राज्य स्थापना गरेको मानिन्छ । यो समय १२औँ शताब्दीतिर (इ.सं. ११५०) भएको अनुमान छ । तिव्बती वंशावली, वि.सं. १४१४ को दुल्लु अभिलेख तथा गोपाल राजवंशावली आदि स्रोतहरूबाट नै त्यस क्षेत्रको इतिहासबारे जानकारी प्राप्त गर्न सकिन्छ । यस राज्यका शासकहरूमा नागराज, चातिल्य, क्राचिल्ल, अशोक चल्ल, जितारी मल्ल, रिपु मल्ल, आदित्य मल्ल, पुण्य मल्ल र पृथ्वी मल्ल आदि रहेको पाइन्छ । यो राज्यको अस्तित्व करिब २२६ वर्षजति रह्यो । खस राज्यको पतनपछि सुदूरपश्चिममा बझाङ,

डोटी, जाजरकोटजस्ता बाइसे राज्य जन्मेका हुन् । वर्तमान समयमा सबैभन्दा अविकसित तथा पिछडिएको मानिएको यो क्षेत्र मध्यकालमा निकै शक्तिशाली राज्यको रूपमा रहेको थियो । पश्चिमी खस राज्यको सबैभन्दा प्रमुख र महत्त्वपूर्ण योगदान भाषासम्बन्धी योगदान हो । वर्तमान नेपाली भाषाको उत्पत्ति खस मल्ल राज्यमै भएको थियो । त्यसैले यस भाषालाई 'खसकुरा' वा 'सिँजाली भाषा' समेत भन्ने गरिन्छ । खस मल्ल राजाहरूले यस भाषालाई राजकाजको माध्यम बनाएर राष्ट्रभाषाको स्थान दिएको हुनाले नै यो भाषा निरन्तर परिमार्जित र विकसित हुँदै गयो । खस मल्ल राज्यको विघटनपछि खडा हुन पुगेका बाइसे र चौबिसे राज्यहरूमा समेत यसै भाषालाई व्यापक प्रयोगमा ल्याइयो । बाइसे र चौबिसे राज्यहरूमा राज्य भाषाका रूपमा यसै भाषाले स्थान पायो र विशाल नेपालको एकीकरणपछि नेपालको राष्ट्रभाषा बन्न पुग्यो ।

### २.४.८ कपिलवस्तुको शाक्यशासित राज्य



तिलौराकोट पूर्वी द्वार, कपिलवस्तु

कपिलवस्तु जिल्लामा तिलौराकोट नामक स्थान रहेको छ । प्राप्त तथ्यहरूका आधारमा यो तिलौराकोट नै शाक्यहरूको प्राचीन कपिलवस्तुको राजधानी थियो । प्राचीन गणराज्यहरूमध्ये शाक्यहरूको यो राज्य विशेष उल्लेखनीय थियो, किनभने ककुछन्द, कनकमुनि, सिद्धार्थ गौतमलगायतका बुद्धहरूको जन्म यही स्थानमा भएको थियो । उनै सिद्धार्थ गौतम बुद्धधर्मका प्रवर्तक महात्मा गौतम बुद्धको रूपमा परिचित छन् । प्राचीन कपिलवस्तु नगर पञ्चभुजाकार किल्लाको रूपमा बसाइएको नगर थियो । त्यस बखत व्यापारिक राजमार्गका रूपमा उत्तरदेखि दक्षिणपूर्व हुँदै श्रावस्तीदेखि राजगिरसम्म पुग्ने राजमार्ग धेरैजसो कपिलवस्तु राज्यभित्रै पर्दथ्यो । शाक्यहरूको

राज्य गणराज्यको रूपमा भएको हुनाले कपिलवस्तु गणराज्यको शासन व्यवस्था प्राचीन उत्तर भारतीय गणराज्यहरूको शासन व्यवस्थाअनुरूप नै थियो। शासन सञ्चालनार्थ साधारण सभा र भारदारी सभा गरी दुई एकाइहरू थिए। साधारण सभाले राज्यको कार्यकारी सभाको रूपमा कार्य गर्दथ्यो र यस्तो कार्यकारी सभाका मुख्य व्यक्तिलाई नै राजा भनिन्थ्यो। बुद्धको जन्मताका कार्यकारी सभाका मुख्य व्यक्ति शुद्धोधन थिए। राजा शुद्धोधनपछि कार्यकारी सभाको मुख्य व्यक्ति वा राजाको रूपमा महानामालाई निर्वाचित गरिएको थियो। कपिलवस्तु राज्यको छिमेकमा पर्ने कोशल राज्यका राजाको आक्रमणमा परेर कपिलवस्तु राज्यको पतन हुन पुग्यो।

### २.५ मध्यकाल

वि.सं. ९३६ मा 'नेपाल संवत्' सुरु भएपछि  नेपालको इतिहासमा 'मध्यकाल' प्रारम्भ भएको मानिएको छ। वि.सं. ९३६ देखि नेपाल एकीकरण भएको अवधि १८२५ सम्म र लिच्छविकालको समाप्तिपछि र मल्ल शासनको पतन हुनुअघिसम्मको करिब ९०० वर्ष लामो समयलाई नेपालको इतिहासमा मध्यकाल भनिन्छ। वास्तवमा मध्यकाल भन्नाले नेपालको सन्दर्भमा 'मल्लकाल'को रूपमा अध्ययन गर्ने प्रचलन छ। यस कालका केही शताब्दीसम्म नेपाल पहिलाको लिच्छवि राज्यजत्रै विशाल रहेको तर पछि क्रमशः ठाउँठाउँमा साना स्वतन्त्र राज्यहरू बनेका थिए। बीच-बीचमा एकीकरणको पुनः प्रयास र विस्तार पनि भएको थियो। तसर्थ मध्यकालीन नेपालको भौगोलिक स्थिति कहिले एकीकृत, कहिले विखण्डित, कहिले विस्तारित र कहिले सङ्कुचित भएको पाइन्छ।

### २.५.१ मल्ल वंशको परिचय

तेह्रौं शताब्दीको आरम्भदेखि नेपाल उपत्यकामा मल्लहरूको शासन व्यवस्था कायम भएको मानिन्छ। यस वंशका पहिलो शासक भनेर अरिमल्लको नाम लिइन्छ। तथापि अरिमल्लभन्दा धेरै अगाडिदेखि शासनमा मल्लहरूको सक्रियता थियो। अरिमल्लभन्दा एक शताब्दीअघिदेखि नै मल्लहरू कुनै न कुनै रूपमा शासनमा सक्रिय भएको कुरा गोपाल राजवंशावली तथा केही अभिलेखहरूमा समेत पाइन्छ।

मल्लहरू प्राचीन जाति मानिन्छन्। प्राचीन संस्कृत वाङ्मयहरूमा मल्लहरूको उल्लेख विशिष्ट वर्गका क्षेत्रीयको रूपमा गरिएको छ। महाभारत, विभिन्न बौद्ध साहित्यहरू, मनुस्मृति तथा अन्य विभिन्न पुराणहरूमा मल्लहरूको सन्दर्भ पाउन सकिन्छ। महाभारतमा कोशलहरूको साथमा मल्लहरूको पनि समान चर्चा गरिएको पाइन्छ। मार्कण्डेय पुराणमा मिथिलाका विदेहहरूसँग दाँजिएको कुरा उल्लेख छ।

पाँचौं, छैटौं शताब्दी इ.पू. का सङ्गठित गणराज्यको सञ्चालन गरेर बसेका धेरै राजवंशहरू पछि क्रमशः राजतन्त्रात्मक शासन व्यवस्थाअन्तर्गत चलेका राज्यहरूको साम्राज्य विस्तारको चपेटामा परेर नेपालको भूभागमा पसेका उदाहरणहरू विभिन्न प्राचीन स्रोतहरूले दिएका छन्। लिच्छवि, कोलीय, शाक्य, मल्ल आदि सबै नै नेपालमा शरणार्थीका रूपमा पसेका थिए। शाक्यहरू

उपत्यकामा आएर बसेका थिए भने कोलीयहरू कान्तिपुर (आजको केलटोल)मा बसोवास गर्दथे । त्यस्तै, मल्लहरूले सुरुमा गण्डकी क्षेत्रमा र पछि उपत्यकामा कतै न कतै बसोवास गरेको पाइन्छ ।

### २.५.२ मल्लहरूको नेपाल आगमन

उत्तर भारतमा मगधका गुप्त सम्राटको दिग्विजयले वैशालीका लिच्छविहरू त्यहाँ टिक्न नसकी काठमाडौँ उपत्यकामा आएजस्तै भारतको कुशीनगर र त्यसको छेउछाउ मूल भएका मल्लहरू पनि शरणार्थीका रूपमा नेपालको गण्डकी क्षेत्रमा आएका थिए । राजल्लदेव र कठय मल्लले ललितपुरको दक्षिणमा अवस्थित चम्पागिरि (चापागाउँ) बस्ती बसाएकाले मल्लहरूले काठमाडौँमा आफ्नो राजनीतिक प्रभाव बढाउने प्रयास गरेको देखिन्छ । मानदेवद्वारा मल्ल प्रदेशमा आक्रमणको मुख्य उद्देश्य मल्लहरूको महत्त्वाकाङ्क्षालाई दबाउनु नै थियो । केन्द्रमा लिच्छवि शासन कमजोर हुन थालेपछि मल्लहरूको केन्द्रमा शासन गर्ने आकाङ्क्षा बढ्यो । यसमा अरिदेव (अरि) मल्ल सफल भए । वि.सं. १२१० मा जन्मेका अरिदेव वि.सं. १२५८ मा राजा भई १५ वर्षजति राज्य गरेर वि.सं. १२७४ मा देहत्याग गरे । अरि मल्लपछि अभय मल्ल वि.सं. १२७४ मा राजा भए । उनले ३८ वर्षसम्म शासन चलाए ।

### २.५.३ मल्ल राज्यको विभाजन

मल्लकालमा एकीकृत नेपाल उपत्यकाको राजधानी भक्तपुर थियो र राजाहरू 'युथनिम्हम' र 'त्रिपुर' दरबारमा रही शासन चलाउँथे । अन्य मुलुकको आक्रमणबाट बच्न सकिने गरी चारपाटे किल्लाका रूपमा दरबार बनाइएको हुन्थ्यो, जसलाई स्थानीय भाषामा चौक्वाँठ भनिन्छ । नेपाल उपत्यकाको सङ्गठित मल्ल राज्यका अन्तिम मल्ल राजा यक्ष मल्ल थिए । यक्ष मल्लको शासनकालपछि नेपाल उपत्यका कान्तिपुर, पाटन र भादगाउँका रूपमा विभाजित भए । कान्तिपुरमा हनुमानढोका दरबारको निर्माण इस्वीको बाह्रौँ शताब्दीमा राजा गुणकामदेवका पालामा भएको कुरा वंशावलीमा उल्लेख छ । प्रताप मल्लले कान्तिपुरको यस दरबारमा धेरै खण्ड र चोकहरू थपेर विशाल रूप दिएका थिए । पृथ्वीनारायण शाह कान्तिपुरको राजगद्दीमा आरूढ भएपछि केही पुरानो खण्ड र चोक हटाउने, नयाँ चोकहरू र खण्डहरू थप्ने काम भएको थियो ।

**तालिका नं. २.१**

**उपत्यकाका मल्ल राजाहरू**

**कान्तिपुरका मल्ल राजाहरू**

| | |
|---|---|
| १) रत्न मल्ल | २) सूर्य मल्ल |
| ३) अमर मल्ल | ४) महेन्द्र मल्ल |
| ५) शिवसिंह मल्ल | ६) लक्ष्मीनरसिंह मल्ल |
| ७) प्रताप मल्ल | ८) नृपेन्द्र मल्ल |

९) पार्थिवेन्द्र मल्ल
१०) भूपालेन्द्र मल्ल
११) भाष्कर मल्ल
१२) जयज्जय मल्ल
१३) जयप्रकाश मल्ल

**पाटनका मल्ल राजाहरू**

१) रण मल्ल
२) विष्णु मल्ल
३) नरसिंह मल्ल, पुरन्दरसिंह मल्ल, उद्धवसिंह मल्ल
४) हरिहरसिंह मल्ल
५) सिद्धिनरसिंह मल्ल
६) श्रीनिवास मल्ल
७) योगनरेन्द्र मल्ल
८) लोकप्रकाश मल्ल
९) इन्द्र मल्ल
१०) महीन्द्र मल्ल
११) वीरनरसिंह मल्ल
१२) ऋद्धिनरसिंह मल्ल
१३) भाष्कर मल्ल
१४) योगप्रकाश मल्ल
१५) विष्णु मल्ल
१६) राज्यप्रकाश मल्ल
१७) विश्वजित मल्ल
१८) जयप्रकाश मल्ल
१९) रणजित मल्ल
२०) तेजनरसिंह मल्ल

**भादगाउँका मल्ल राजाहरू**

१) राय मल्ल
२) सुवर्ण मल्ल
३) प्राण मल्ल
४) विश्व मल्ल
५) जगज्योति मल्ल
६) नरेन्द्र मल्ल
७) जगतप्रकाश मल्ल
८) जितामित्र मल्ल
९) भूपतिन्द्र मल्ल
१०) रणजित मल्ल

**तालिका नं. २.२**
**केही मल्ल राजाका मुख्य कृतिहरू**

| राजा | मुख्य कृति/कार्यहरू |
|---|---|
| जयस्थिति मल्ल | पेसागत हकहितको संरक्षण, जग्गालाई अब्बल, दोयम, सिम र चाहार गरी चार भागमा विभाजन; घर, जमिन बेचबिखन गर्न र बन्धक राख्न पनि पाइने व्यवस्था, माना, पाथी, ढक-तराजुमा सुधार, चार वर्ण छत्तिस जातको सामाजिक व्यवस्था, जातीय पेसा र पहिरनको व्यवस्था, गोपाल राजवंशावलीको रचना |

| | |
|---|---|
| यक्ष मल्ल | भक्तपुर तौमडी टोलको मन्दिर, दत्तात्रय मन्दिर, यक्षेश्वर मन्दिर, ललितपुरको भीमनाथ मन्दिर स्थापना |
| रत्न मल्ल | तामाको मुद्रा प्रचलन, तलेजु मन्दिर निर्माण, पशुपतिमा दक्षिणकाली, सप्तर्षि र अष्टमातृकाका मूर्ति स्थापना |
| महिन्द्र मल्ल | उपत्यकामा चाँदीको मोहोर (महेन्द्र मल्ली) चलाएका, तलेजुनजिक महेन्द्रेश्वर महादेव मन्दिर निर्माण |
| लक्ष्मीनरसिंह मल्ल | नुवाकोट भैरवी मन्दिरको जीर्णोद्धार गराएर पाँचओटा सुनका गजुर चढाएका, मखनको शिवालय स्थापना, काष्ठमण्डप निर्माण |
| प्रताप मल्ल | तलेजु भवानीको मन्दिरअगाडि खम्बा गाडेर सुनको मोलम्बा लगाइएको धातुको सिंह स्थापना (१६९९), हनुमानढोका दरबारको विस्तार, मोहनचोक, सुन्दरीचोक, नासलचोक, भण्डारखाल बगैँचाको निर्माण, हनुमानढोका दरबार क्षेत्रमा विश्वरूपको सुनौलो मूर्ति स्थापना, हनुमानढोकाबाहिर दुईओटा हनुमानका मूर्ति स्थापना, नासलचोकमा नृसिंहको मूर्ति स्थापना, रानीपोखरी निर्माण, गुह्येश्वरी, दक्षिणकालीको स्थापना, पशुपतिमा कोटिलिङ्ग स्थापना |
| जयप्रकाश मल्ल | कुमारीचोक स्थापना, कुमारीको रथयात्रा आरम्भ, बालाजुको २२ मध्ये २१ धारा निर्माण |
| सिद्धिनरसिंह मल्ल | पाटनको कृष्ण मन्दिर निर्माण, भण्डारखालको धारा पोखरी निर्माण |
| जगज्योति मल्ल | भक्तपुरमा विस्केट जात्रा सुरु गरेका |
| भूपतिन्द्र मल्ल | भक्तपुर दरबार क्षेत्रका कलाकृति, ५५ झ्याले दरबार, मालती चोक निर्माण |

**स्रोत : नेपाल परिचय**, २०८०

**पूर्वमध्यकालिन तीन सभ्यता**

नेपालको सुदूरपश्चिम गण्डकी र कर्णाली प्रदेशका साथै कुमाउँ गढवाल (केदार खण्ड)लाई सवा लाख पर्वत र शिखरले युक्त खस देश भनिन्थ्यो । पूर्वमध्यकालमा

जुम्लाको सिँजामा नागराजले राज्य विस्तार गरी राजधानी बनाई सिँजालाई शीतकालीन र ताक्लाकोटलाई गृष्मकालीन राजधानी बनाएका थिए ।

इसाको पाँचौं शताब्दीतिर भारतका साम्राज्यवादी गुप्त शासक चन्द्र गुप्त मौर्यले भारतका स-साना राज्यहरू मुख्यतया पावा र कुशीनगरलाई आफ्नो राज्यमा मिलाएपछि त्यहाँका मल्लहरू भागेर वर्तमान नेपालको पहाडी क्षेत्र शिवालिकमा आई बसे । यस कुराको प्रमाण बर्दियाको सैनामैना, लुम्बिनी, काँक्रेविहार, दानवताल आदि स्थानमा रहेका पुरातात्विक सामग्रीका साथै चाँगुनारायणको मानदेवको वि.सं. ५२१ को अभिलेखमा पनि उल्लेख छ ।

वि.सं. १२०७ तिर नागराजले स्थापना गरेको खस राज्य पश्चिमका गढवालदेखि पूर्वमा त्रिशूली गण्डकी र उत्तरमा ताक्लाकोटदेखि दक्षिणमा सुर्खेत, कपिलवस्तुसम्म फैलिएको थियो । यो कुराको वर्णन वा खस राज्यको बारेमा तिब्बती वंशावली, वि.सं. १४१४ को दुल्लु अभिलेख, गोपाल राजवंशावली आदिबाट पनि थाहा पाउन सकिन्छ ।

कर्णाली प्रदेशको खस मल्ल राज्यका राजाहरूमा क्रमशः नागराज, चाप (राज), चापिल्ल, क्राशिचल्ल, काधिचल्ल, क्राचल्ल, अशोक चल्ल, जितारी मल्ल, रिपु मल्ल, आदित्य मल्ल, कल्याण मल्ल, प्रताप मल्ल, पुष्प मल्ल, पृथ्वी मल्ल र अन्तिम राजा अभय मल्ल थिए । पन्ध्रौं शताब्दी प्रवेश नगर्दै यो खस राज्य पतन भयो र टुक्रियो । पछि यसैलाई बाइसे र चौबीसे राज्य भनिन थालियो ।

नेपाल उपत्यकामा व्यवस्थित रूपले शासन सुरुवात गर्ने मल्ल वंशका संस्थापक राजा जयस्थिति मल्ल थिए । चन्द्रगुप्त मौर्यको आक्रमणले गर्दा त्यहाँबाट भागेर नेपाल प्रवेश गरी सुरुमा गण्डकी प्रदेश, त्यसपछि एकथरी कर्णाली प्रदेश भने अर्काथरी पश्चिम नेपाल उपत्यकातिर प्रवेश गरे, जो पछि गएर नेवार मल्ल कहलिए । एघारौं शताब्दीको अन्त्यसम्ममा विशाल नेपाल टुक्रिएर तीन राज्यमा परिणत भयो । पश्चिम कर्णाली प्रदेशमा खस मल्ल राज्य एवं दक्षिणको तिरहुत क्षेत्रमा कर्णाटवंशी सिम्रौनगढ राज्य र उपत्यकामा नेपाल मण्डल, पछि यक्ष मल्लको पालामा नेपाल मण्डल पनि तीन राज्यमा टुक्रियो, जसमा भक्तपुर राज्य, कान्तिपुर राज्य र ललितपुर राज्य गरी तीन राज्यमा विभाजित हुन पुग्यो ।

नेपालको क्षेत्रीय इतिहासमा मध्यतराईको भूभागमा वि.सं. ११५४ देखि वि.सं. १३८१ सम्म सिम्रौनगढ राज्य थियो । जसलाई सिमरावनगढी (सिमल वा सिमरको वनमा रहेको गढरूपी बस्ती) भनिएकोमा अपभ्रंश भई सिम्रौनगढ हुन गएको हो ।

सिम्रौनगढलाई केन्द्र बनाई मिथिला क्षेत्रमा आफ्नो स्वतन्त्र राज्य स्थापना गर्ने दक्षिण भारतका चालुक्यवंशी राजा विक्रमादित्य छैटौंका सेनापति नान्यदेव थिए । चालुक्यले उत्तर भारततर्फ विजय अभियान सञ्चालन गर्दा नान्यदेव यसतर्फ आए । सिम्रौनगढ राज्यको बारेमा वर्णन गर्ने स्रोत र सामग्री कम छन् । चम्पारणको अभिलेख, विजय सेनको देउपाराको अभिलेख, गोपाल राजवंशावली, केशर पुस्तकालयमा रहेको

वंशावली र प्रताप मल्लको अभिलेख नै तत्कालीन सिम्रौनगढको इतिहासबारे थाहा पाउन सक्ने सामग्री हुन् ।

नान्यदेवले आफ्नो राज्यको सुरक्षाका लागि राजधानी क्षेत्र सिम्रौनगढलाई चारैतिरबाट मजबुत किल्लाबन्दी गरेका थिए । राजदरबारको थप सुरक्षाका लागि ११ वटा ठुलाठुला ढोका, २१ ठाउँमा पानीको नहर र कैयौँ ठाउँमा लहरै रुख लगाइएको थियो । अझै पनि दुई स्थानमा पर्खालका अवशेष र पानीका पोखरीहरू देख्न सकिन्छ । यस ठाउँ मुसलमानी आक्रमणपछि उत्तर भारतको प्रख्यात शैक्षिक स्थल विक्रारशीला र नालन्दाका विद्वान्हरूको मुख्य आश्रयस्थल बनेको थियो ।

नान्यदेवले चालुक्यका सामन्त शासकका रूपमा रहेर काम गर्दा नान्यपुरी (हालको बिहारको चम्पारण)लाई सदरमुकाम बनाएका थिए । उनले आफूलाई स्वतन्त्र राजा घोषणा गरेपछि मात्र राजधानी सिम्रौनगढमा राखेका थिए । उनले बंगालमाथि आक्रमण गरे तर सफल भएनन् । वि.सं. १८६८ मा काठमाडौँ उपत्यकामा आक्रमण गरे । गोपाल वंशावलीअनुसार वि.सं. ११६८, १३०१, १३०२, १३५६, १३६७ मा गरी अनेकपल्ट तिरहुत क्षेत्र (डोय राज्य)बाट आक्रमण भएको बारेमा उल्लेख छ । गोपाल राजवंशावलीमा उक्त घटनाको वर्णन गर्दा 'ने.सं. २३१ (वि.सं.११६८) भाद्र कृष्ण सप्तमी श्री श्री नरमल्ल देव पोहले लड्न आएका डोय (निरहुते) जतिलाई खड्गले काटे' भनिएको छ । नान्यदेवपछि गंगादेव, नरसिंह देव, रामसिंहदेव, शक्तिसिंहदेव, भूपालसिंह र अन्तिम राजा हरिसिंह देवले उक्त राज्यमा आफ्नो शासन चलाए ।

हरिसिंह देव सिम्रौनगढका अन्तिम कर्णाटवंशी राजा थिए । वि.सं. १३८१ मा दिल्लीमा तुर्क बादसाह गयासुद्धिन तुगलकले सिम्रौनगढ राज्यमा आक्रमण गरेर ध्वस्त बनाएपछि हरिसिंह देव रानी देवलदेवी र छोरा जगतसिंहलाई लिएर उपत्यकातिर भागे र भाग्ने क्रममा उपत्यकाभित्र पस्न नपाउँदै दोलखा जान लाग्दा सिन्धुलीको तिनपाटन ठाउँमा वि.सं. १३८१ माघ शुक्ल तृतीयाका दिन उनको मृत्यु भयो ।

उपत्यकाका रुद्र मल्लले आफ्नी बहिनी देवलदेवीसँग हरिसिंह देवको विवाह गराइदिएका थिए । तसर्थ रुद्र मल्लले हरिसिंह देवको मृत्युपश्चात् उनकी रानी र छोरालाई भक्तपुर दरबारमा शरण दिए । देवलदेवीले आफ्नो साथमा ल्याएको तलेजु भवानीको कलश दरबारमा स्थापित गरिन् । पछि गएर मल्ल राजाहरू तलेजुका उपासक बने । रुद्र मल्लको मृत्युपछि छोरा नभएकाले छोरी नायकदेवीको हातमा शासन आयो । उनको विवाह जगतसिंहसँग भयो । त्यसबाट राजल्यदेवीको जन्म भयो । उनको पछि उपत्यकाका प्रख्यात मल्ल राजा जयस्थिति मल्लसँग विवाह भएको थियो । तत्कालीन डोलाजी प्रथाअनुसार जयस्थिति मल्लसँग विवाह भएको थियो । तत्कालीन समयमा नेपाल उपत्यकाको राजकाजमा देवलदेवीको (कर्णाट वंश) निकै महत्वपूर्ण प्रभाव परेको थियो । यस प्रकार नेपाल उपत्यकाको राजनीतिमा मात्र नभएर कला र संस्कृतिमा समेत तत्कालीन समयमा सिम्रौनगढका

कर्नाटवंशीहरूको महत्वपूर्ण प्रभाव परेको देखिन्छ ।

हरिसिंह देवको पतनपछि गयासुद्धिन तुगलकले तिरहुतको राज्यमाथि अधिकार जमाए । तत्पश्चात् सिम्रौनगढको सत्ता दरभंगामा सदरमुकाम बनाई राज्य गरे । करिब ३० वर्ष शासन गरेपछि वि.सं. १४११ मा स्थानीय कामेश्वर ठाकुर, उनीपछि ओइनबार वंशले शासन चलाए । त्यो समयमा तिरहुतभन्दा मिथिला क्षेत्र प्रख्यात थियो । वि.सं. १५८३ तिर यो वंशको अन्त्य भयो । त्यसपछि विभिन्न जमिनदारी क्षेत्रमा विभाजित गरी जमिनदारहरू नियुक्त गरी कर उठाउन थालियो । मुगलहरूको साम्राज्य पतनपछि यसका केही भाग अंग्रेजहरूको शासनकालमा उनीहरूको पकडमा नगई चौबीसे राज्यका शक्तिशाली राज्य पाल्पाका मुकुन्द सेन र उनका उत्तराधिकारीहरूले यस क्षेत्रलाई आफ्नो राज्यमा मिलाए ।

यसरी लिच्छविकालमा भएको विशाल देश नेपाल मल्लकालमा, पूर्वमल्लकालमा तीन टुक्रा, तीन सभ्यता र संस्कृति भएका राज्यमा विभाजित भए । उपत्यका टुक्रिएर तीन राज्यमा परिणत भए । त्यसलाई पृथ्वीनारायण शाहले फेरि लिच्छिविकालीन नेपाललाई पुनर्स्थापित गरिदिएपछि आजको विशाल नेपालको अवस्थामा आइपुगेको हो ।

स्रोत : बाइसी तथा चौबीसी राज्यहरूको सङ्क्षिप्त इतिहास, डा. बमबहादुर अधिकारी
नेपालका खस जाति, डा. विपिन अधिकारी
बाइसे राज्यको इतिहास, प्रा.डा. सूर्यमणि
खस साम्राज्यको इतिहास, प्रा.डा. सूर्यमणि
प्राचीन तथा मध्यकालीन नेपाल, डा. बलराम कायस्थ

## २.६ आधुनिक काल

आधुनिक नेपालको राजनीतिक इतिहास वि.सं. १८२५ (इ.सं.१७६८) देखि प्रारम्भ हुन्छ । शाहवंशीय राजा पृथ्वीनारायण शाहले उपत्यकामा विजय प्राप्त गरेपछि नै आधुनिक काल सुरु भएको मानिदै आएको छ । नेपालको आधुनिक इतिहास र भूगोलका प्रवर्तक पृथ्वीनारायण शाहले आफ्ना दिव्य उपदेशमा "मेरा साना दुःखले आर्ज्याको मुलुक होइन, नेपाल चार जात छत्तिस वर्णको फूलबारी हो सबैलाई चेतना भया' भन्ने एकताबोधको सन्देशसमेत दिएका छन् । विशाल नेपाल निर्माणमा पृथ्वीनारायण शाहलाई एकीकरण अधिष्ठाता मानिन्छ । साना-साना थुम र टाकुरे राज्यमा विभक्त भू-खण्डलाई समेटी शक्तिशाली राज्यमा एकीकृत र सङ्गठित गर्न वि.सं. १८०१ (इ.सं. १७४४) को नुवाकोट विजयदेखि वि.सं. १८७३ (इ.सं.१८१६) को सुगौली सन्धिसम्म करिब ७३ वर्ष लागेको थियो ।

### २.६.१ शाह वंशको परिचय

शाह वंशको प्राचीन इतिहासबारे विभिन्न वंशावलीले अलग-अलग रूपमा वर्णन गरेका छन् तापनि हालसम्म प्राप्त विविध तथ्यहरूको आधारमा हेर्दा

गोरखा-राजवंशको सम्बन्ध भारतको चितौडका सिसौदिया राजपुतहरूसित कायम रहेको बुझिन्छ। मुसलमानी आक्रमणबाट चितौडको पतन भएपछि त्यहाँका शासकहरू पनि भागेर यत्रतत्र लागे। केही वर्षपछि यही राजवंशका भूपालले नेपालको रिडी र पछि भिरकोटमा बसोवास गरेको बुझिन्छ। यी भूपालका दुई छोराहरू हरिहरसिंह र अजयसिंहले पहिलोपल्ट आएर पहाडी इलाकामा आ-आफ्नो स्वतन्त्र राज्यको स्थापना गरे। यी दुवै भाइहरूले तत्कालीन भारतवर्षका शासकहरूले लिएसरह मानपदवी धारणा गरेका थिए। त्यसैले इतिहासमा यिनीहरू खाँचा खान र मिचा खान भनेर पनि चिनिन्छन्। कान्छा अजयसिंहको वंशमा यिनीपछि विचित्र खान, कुलमण्डन आदि भए।



पृथ्वीनारायण शाह

कुलमण्डनले दिल्लीका बादशाहबाट शाह पदवी पाएको कुरा वंशावलीमा उल्लेख गरिएको छ। यसर्थ कुलमण्डनको पालादेखि नै यस राजवंशले आफ्नो नामको साथ शाह प्रयोग गर्न थालेको मानिन्छ। कुलमण्डन शाहको समयमा लमजुङको राजगद्दी खाली भएकाले लमजुङको अनुरोधमा यिनका कान्छा छोरा यशोब्रह्म शाहलाई त्यहाँको राजा बनाइयो। यशोब्रह्म शाहका दुई भाइ छोराहरू थिए। जेठा नरहरि शाह र कान्छा द्रव्य शाह। यशोब्रह्म शाहका कान्छा छोरा द्रव्य शाहले गोरखामा विजय गरेर आफ्नो राज्य स्थापित गरेका हुन्। गोरखा राज्य चौबिसेकै वर्गमा परे पनि यसको आफ्नै अस्तित्व र महत्त्व थियो। प्रारम्भमा गोरखामा खड्काहरूले राज्य गर्थे। लमजुङ्गे राजा यशोब्रह्म शाहका छोरा राजा द्रव्य शाह वि.सं. १६१६ (इ.सं. १५५९) मा गोरखाको राजगद्दीमा बसेपछि नै गोरखा शाहवंशीय राज्यको रूपमा विकास भयो।

### २.६.२ गोरखा राज्यको स्थापना

गोरखामा शाहवंशको स्थापना हुनुभन्दा अघि रजाइँ गरिरहेका खड्का राजाहरूलाई जातीय भेदभाव, दमन र धार्मिक उच्छृङ्खलताको कारणले गोरखाका बुज्रुकहरू क्रुद्ध भई राज्यच्युत गराई कुनै सुयोग्य व्यक्तिलाई राजा बनाउन चाहिरहेको अवस्थामा द्रव्य शाहको सम्पर्क गोरखाली जनतासँग हुन गयो। गोरखाली जनता उनको ओजस्वी व्यक्तित्वबाट

प्रभावित भई उनलाई राजा बनाउने तरखरमा लागे । त्यो समयमा लिगलिग भन्ने ठाउँमा घले थरका गुरुङहरूले राज्य गर्दथे । त्यहाँ प्रत्येक वर्ष विजयादशमीको दिन दौडमा प्रथम हुनेलाई राजा बनाउने प्रचलन थियो । त्यस उत्सव हेर्न उपस्थित भएको वेला द्रव्य शाहले अप्रत्याशित रूपमा आक्रमण गरी त्यहाँ आफ्नो प्रभुत्व कायम गरे । लिगलिगमाथि विजय हासिल गरेलगत्तै गोरखामा आक्रमण गरे, तर गोरखालीहरूले द्रव्य शाहको तीव्र प्रतिरोध गरे । १५ दिनसम्म युद्ध गर्दा पनि विजय हुन नसकेको कारणले द्रव्य शाह लिगलिग फर्कन बाध्य हुनुपऱ्यो । द्रव्य शाह निकै महत्त्वाकांक्षी भएकाले प्रथम पराजयले उनको उत्साहलाई दमन गर्न सकेको थिएन भने नारायण दास अर्याल, भागीरथ पन्त, गणेश पाण्डे, सर्वेश्वर खनाल, गङ्गाराम राना, गजानन्द भट्टराई, केशव बोहरा, मुराली खवासहरूले उनको उत्साहलाई बढाइरहेका थिए । द्रव्य शाहका सैनिकहरू थापा, भुषाल, मास्के, रानाहरूसमेतले गोरखाका राजाको दरबारलाई घेरी आक्रमण गरे । द्रव्य शाहको हातबाट खड्का राजाले वीरगति प्राप्त गरे । यस प्रकार वि.सं. १६१६ भाद्र २५ मा द्रव्य शाह गोरखाका राजा भए । द्रव्य शाहका सन्तान राम शाह १६६३ तिर गोरखाका राजा भए । यिनी न्याय दिने राजाका रूपमा प्रसिद्ध थिए ।

**तालिका नं. २.३**
**पृथ्वीनारायण शाहपूर्वका राजाहरू**

| **क्र.सं.** | **राजाहरू** | **समयावधि (वि.सं.)** |
|---|---|---|
| १ | द्रव्य शाह | १६१६-१६२७ |
| २ | पुरन्दर शाह | १६२७-१६६२ |
| ३ | छत्र शाह | १६६२-१६६३ |
| ४ | राम शाह | १६६३-१६९० |
| ५ | डम्बर शाह | १६९०-१७०२ |
| ६ | कृष्ण शाह | १७०२-१७१८ |
| ७ | रुद्र शाह | १७१८-१७३० |
| ८ | पृथ्वीपति शाह | १७३०-१७७३ |
| ९ | नरभूपाल शाह | १७७३-१७९९ |

**स्रोत : नेपाल परिचय**, २०८०

### २.६.३ पृथ्वीनारायण शाह र नेपाल एकीकरण अभियान

पृथ्वीनारायण शाह नरभूपाल शाहका छोरा हुन् । उनको जन्म १७७९ पौष २७ गते गोरखामा भएको थियो । पृथ्वीनारायण शाह एक प्रतापी राजा थिए । द्रव्य शाह

वि.सं. १६१६ मा गोरखाको राजगद्दीमा बसेपछि नै गोरखा शाहवंशीय राज्यको रूपमा विकास भएको थियो । गोरखाको स्थापनापछि मात्र पूर्वका सेन राज्यहरू, काठमाडौँ उपत्यकाका मल्ल राज्यहरू, बाइसी, चौबिसेभन्दा गोरखा राज्य सशक्त र सङ्गठित भएकाले एकीकरणको अभियान यसले सफलतापूर्वक सञ्चालन गऱ्यो । केही राज्यहरू गोरखाभन्दा बलिया भए पनि मध्यकालको 'गुहार युगे राजनीति'को फेरोफन्दोमा परी मजबुत हुन सकेका थिएनन् । गोरखाले कूटनीतिक चालबाजी सुरुदेखि नै गर्दै थियो । यस राज्यमा द्रव्य शाह, राम शाह, नरभूपाल शाह र पृथ्वीनारायण शाहजस्ता प्रतापी राजाहरूले राज्य गरेका थिए । नेपाल एकीकरणको प्रयास मध्यकालीन नेपालमा भए पनि आधुनिक नेपालको थालनीपछि मात्र यो कार्य सम्पन्न भएको थियो ।

### लमजुङ र भक्तपुरसँग मैत्री सम्बन्ध कायम

पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यकामा आक्रमण गर्नुअगाडि लमजुङसँग मैत्री सन्धि गरे । सन् १७४० को जनवरी महिनामा भएको यो सन्धिमा आपसमा अनाक्रमण र अर्को देशले आक्रमण गरेमा दुवै देश एक भएर प्रतिकार गर्ने कुरा उल्लेख थियो । पृथ्वीनारायण शाह छिमेकी दुस्मन राज्यसँग मैत्री सन्धि गर्न सफल भएकाले उपत्यका आक्रमण गर्ने योजना राम्ररी अगाडि बढेको हो । त्यसै गरी सन् १७४१ मा पृथ्वीनारायण शाहले भक्तपुरका राजा रणजित मल्लका छोरा वीरनरसिंह मल्लसँग मितेरी साइनो गाँसेर अर्को छिमेकीसँग मैत्री सम्बन्ध स्थापना गरेका थिए ।

### नुवाकोटमाथि आक्रमण र विजय

पृथ्वीनारायण शाहले सन् १७४३ मा नुवाकोट आक्रमण गरे । नुवाकोट त्यस समयमा काठमाडौँका राजा जयप्रकाश मल्लको अधीनमा थियो र उनीहरूसँग गोरखालीका भन्दा राम्रा र आधुनिक हतियारहरू भएकाले पृथ्वीनारायण शाहको नुवाकोट आक्रमण असफल भएको थियो । दोस्रो पटक २५ सेप्टेम्बर १७४४ इ. मा गोरखाली सेनाले बिहानै त्रिशूली नदी पार गरी नुवाकोटको सबभन्दा अग्लो स्थल महामण्डलमा दुईतिरबाट आक्रमण गरेर नुवाकोटलाई आफ्नो बनायो । यसै क्रममा पृथ्वीनारायण शाहले बेलकोटमाथि पनि विजय प्राप्त गरे ।

### उपत्यका नाकाबन्दी गर्ने प्रयास

उपत्यकामा सोझै आक्रमण गर्नुभन्दा पहिले यसलाई चारैतिरबाट घेर्ने प्रयास भयो । यस क्रममा गोरखाले काठमाडौँ उपत्यकाका राज्यहरू एवम् लमजुङसँग मुठभेड गर्नुपरेको थियो । उत्तर-पश्चिम र दक्षिणतिरबाट काठमाडौँ उपत्यकालाई घेरेर आर्थिक नाकाबन्दी गर्ने पृथ्वीनारायण शाहको योजना लगभग सफल भएपछि उपत्यकाको पूर्वतिरबाट नाकाबन्दी गर्नु आवश्यक थियो । यस क्रममा २३ अक्टुबर १७६३ मा हरिवंश उपाध्याय, कालिदास खड्का र रामकृष्ण कुँवरले धुलिखेल, खड्पु, चौकोट, पनौती, बनेपा, नाला, साँगा आदि सात गाउँमा आक्रमण गरी विजय प्राप्त गरे । २ नोभेम्बर १७६३ मा युद्ध

नगरीकन नै फर्पिङ गोरखाको अधीनमा आयो। काठमाडौँ उपत्यका अब पूर्वतर्फबाट पनि घेरियो। पृथ्वीनारायण शाहले चारैतिरबाट उपत्यकालाई घेरेर नुन, कपास, खाद्यान्न एवम् अन्य सामानहरू उपत्यकाभित्र प्रवेश गर्न पूर्ण प्रतिबन्ध लगाइदिए।

**सिह्मानचोक गढीको युद्ध**

मे १७५५ इ. मा चौबिसी राज्यहरूको संयुक्त सेनाले चेपे नदी तरी गोरखाको सिह्मानचोक गढीमा आक्रमण गरे। गोरखाली सेना कालु पाण्डेको नेतृत्वमा हमलावारहरूलाई प्रतिरोध गर्न त्यसतर्फ लाग्यो। दुवैतर्फका सेनाबीच घमासन युद्ध भयो। दुवैतर्फ धेरै हताहत भए। अन्त्यमा विजय गोरखाली फौजकै हात लाग्यो।

**काठमाडौँ र गोरखाबीचको सन्धि**

तिब्बतसँग व्यापार गर्ने मुख्य घाँटी केरुङ र कुत्ती गोरखाको नियन्त्रणमा भए तापनि गोरखाले खास व्यापारमा लाभ लिन सकेको थिएन। उपत्यकाका राजाहरूका बीचमा फुट गराउन पनि काठमाडौँसँग सन्धि गर्न आवश्यक थियो। त्यसकारण कान्तिपुरसँग सन् १७५८ मा तिब्बतसँग भएको व्यापारको लाभ दुवै देशले पाउने कुरा उल्लेख भएको सन्धि गरियो।

**मकवानपुर विजय**

गोरखाले वि.सं. १८१९ भाद्र ९ गते राति मकवानपुरमाथि विजय प्राप्त गऱ्यो। युद्धमा एक हजार जति  मकवानपुरे सेनाको ज्यान गयो। राजा दिग्बन्धन सेन र उनका मन्त्री कनका सिंह बानियाँ सपरिवार हरिहरपुरमा शरण लिन पुगे। हरिहरपुरमा पनि गोरखाली सेनाले आक्रमण गरेपछि उनीहरू खुँडाघाट पुगेर शरण लिए। उनका सबै परिवार गोरखाली सेनाको कब्जामा परे। उनीहरूलाई नुवाकोटमा ल्याएर कैद गरियो। दिग्बन्धन सेनले बंगालसँग सैनिक सहयोग लिएर मकवानपुरमा आक्रमण गरे। तर युद्धमा उनको पराजय भई गोरखाली सेनाको कब्जामा परे। उनलाई नुवाकोटमा ल्याएर कैद गरियो।

**चौबिसी राज्यहरूको दोस्रो आक्रमण**

यसरी काठमाडौँ उपत्यकामा चारैतर्फबाट आर्थिक नाकाबन्दी भई हाहाकार मच्चिएको वेला चौबिसी राज्यहरू गोरखामा लडाइँ गर्न संयुक्त रूपले जुटे। चौबिसी राज्यहरूको संयुक्त सेनाले गोरखाको नियन्त्रणमा रहेका हर्नी, भिरकोट, धुलाकोट, द्यौराली आदिमा आक्रमण गरे। त्यसको प्रत्याक्रमण गर्न अगाडि बढेका गोरखाली सेनाको अगाडि चौबिसी राज्यको संयुक्त सेना टिक्न सकेनन्। लडाइँको मैदान छोडी भागाभाग भए।

**कीर्तिपुरमाथि विजय**

गोरखाली फौजले फर्पिङ, बोडे र खोकना कब्जा गरिसकेपछि इ.१७५७ मा

कीर्तिपुरमाथि हमला गरे । जयप्रकाश मल्लको फौज एवम् कीर्तिपुरका जनताको संयुक्त प्रत्याक्रमणबाट गोरखाली फौजले नराम्रो किसिमले पराजित हुनुपऱ्यो । युद्धमा सेनापति कालु पाण्डेले वीरगति प्राप्त गरे । जीवन थापा र लाटा खत्रीजस्ता गोरखाली सैनिकको मृत्यु भयो । पृथ्वीनारायण शाहको जिउ जोगाउन पनि हम्मे हम्मे परेको थियो । वि.सं. १८२१ आश्विन ४ गते सूरप्रताप शाहको नेतृत्वमा गोरखाली फौजले कीर्तिपुरमाथि दोस्रो पटक आक्रमण गऱ्यो । यस युद्धमा सूरप्रताप शाहको आँखा फुट्यो । दलजित शाह घाइते भए र धेरै गोरखाली सेना मारिए । बाँचेका सैनिक ज्यान जोगाई दहचोक पुगे । वि.सं. १८२२ चैत्र २ गतेको मध्यरात लामो घेराबन्दीपछि गोरखाले तेस्रो पटक अचानक आक्रमण गरी कीर्तिपुरमाथि विजय प्राप्त गऱ्यो ।

**काठमाडौँ उपत्यका विजय**

कीर्तिपुर विजयपछि पृथ्वीनारायण शाहले काठमाडौँ राज्यमा आक्रमण गर्ने योजना बनाए । गोरखाली फौजद्वारा काठमाडौँ उपत्यकामा वि.सं. १८२५ आश्विन १३ गते आइतबार भाद्र शुक्ल चतुर्दशी (इन्द्रजात्रा) का दिन भीमसेन स्थान, टुँडिखेल र नरदेवी गरी तीनतिरबाट आक्रमण गरी काठमाडौँमाथि विजय प्राप्त गरे ।

**ललितपुर विजय**

पाटन विजय गर्ने सिलसिलामा श्रीहर्ष पन्तलाई दूत बनाएर पाटन पठाउँदा पाटनका प्रधानहरूले पृथ्वीनारायण शाहको शासन स्वीकार गरी आत्मसमर्पण गरेकाले गोरखाली फौजले सन् १७६८ अक्टुबर ६ का दिन ललितपुरमाथि कब्जा गऱ्यो ।

**भक्तपुर विजय**

काठमाडौँ र ललितपुर गोरखा राज्यले कब्जा गरेपछि दुवै राज्यका राजाहरू क्रमशः जयप्रकाश मल्ल र तेजनरसिंह मल्ल भक्तपुरका राजा रणजित मल्लको शरणमा पुगे । पृथ्वीनारायण शाहले यी दुवै राजालाई सुपुर्दगी गर्न भक्तपुरका राजासँग आग्रह गरे तर शरणको मरण गर्नु मानवोचित नभएको कुरा दर्साउँदै गोरखाली आग्रहलाई रणजित मल्लले स्वीकार नगरेको हुँदा वि.सं. १८२६ कात्तिक शुक्ल द्वादशीका दिन गोरखाली फौजले भक्तपुरमाथि हमला गरे । अन्त्यमा उपत्यकाका तिनै राजाले आत्मसमर्पण गरे ।

उपत्यका विजयपछि पृथ्वीनारायण शाहले पूर्वका राज्यहरू चौदण्डी र विजयपुरमाथि पनि विजय प्राप्त गरे । पूर्वी विजयपछि पृथ्वीनारायण शाहले रामकृष्ण कुँवरलाई प्युठान पठाए । त्यहाँ उनी बारुदखाना तयार गर्न लगाउँदै थिए, त्यसै वेला २१ मार्च १७७१ इ. मा उनको मृत्यु भयो । रामकृष्ण कुँवरको मृत्युपछि १८ वर्षीय उनका छोरा रणजित कुँवर नवविजित जुम्लाका हाकिम नियुक्त भए । त्यहाँ शान्ति सुव्यवस्था राम्रो गर्न सफल भएकाले उनलाई नेपालका चार काजीमध्ये एक काजी बनाइयो ।

रणजित कुँवरका तीन छोरा थिए : बालनरसिंह कुँवर, बलराम कुँवर र रेवन्त कुँवर ।

रणबहादुर शाहका हत्यारा शेरबहादुर शाहलाई ठीक मौकामा मारेबापत बालनरसिंह कुँवर काजी बनाइए । उनको मान र जागिर उनका उत्तराधिकारीहरूले पनि पाउने भए । काजी बालनरसिंह २४ डिसेम्बर १८१४ इ. मा दिवङ्गत भए ।

**तालिका नं. २.४**
**नेपालका शाहवंशीय राजाहरू**

| क्र.सं. | राजाहरू | समयावधि |
|---|---|---|
| १ | पृथ्वीनारायण शाह | १७९९-१८३१ |
| २ | प्रतापसिंह शाह | १८३१-१८३४ |
| ३ | रणबहादुर शाह | १८३४-१८५५ |
| ४ | गीर्वाणयुद्धविक्रम शाह | १८५५-१८७३ |
| ५ | राजेन्द्रविक्रम शाह | १८७३-१९०४ |
| ६ | सुरेन्द्रविक्रम शाह | १९०४-१९३८ |
| ७ | युवराज त्रैलोक्यवीरविक्रम शाह | राजकुमार हुँदै नै मृत्यु |
| ८ | पृथ्वीवीरविक्रम शाह | १९३८-१९६८ |
| ९ | त्रिभुवनवीरविक्रम शाहदेव | १९६८-२०११ |
| १० | महेन्द्रवीरविक्रम शाहदेव | २०११-२०२८ |
| ११ | वीरेन्द्रवीरविक्रम शाहदेव | २०२८-२०५८ |
| १२ | दीपेन्द्रवीरविक्रम शाहदेव | ३ दिन अचेत अवस्थामा नै |
| १३ | ज्ञानेन्द्रवीरविक्रम शाहदेव | २०५८/२/२२-<br>२०६५/२/१५ |

स्रोत : नेपाल परिचय, २०८०

## २.७ राणाशासनकाल

बालनरसिंह कुँवरका छोरा जङ्गबहादुर कुँवरले कोतपर्वपछि राज्य शासन हत्याए । भण्डारखाल पर्व र अलौ पर्वपछि जङ्गबहादुर शक्तिशाली बने र लमजुङ र तनहुँको श्री ३ बने र राणाशासनको जग बसाले ।

**प्रधानमन्त्री तथा तिनको मुख्य योगदान**

१. **जङ्गबहादुर** (१९०४–१९३३) : वि.सं. १९१० मा न्याय व्यवस्था तथा अपराध कानुन तोकिएको मुलुकी ऐन पहिलो पटक जारी । दरबार हाइस्कुलको स्थापना । नयाँ मुलुक प्राप्त ।

२. **रणोद्दीप** (१९३३–१९४२) : हुलाक घरको स्थापना, मालपोत उठाउने नयाँ बन्दोबस्त गरिएको ।

३. **वीर शमशेर** (१९४२–१९५७) : भादगाउँ र काठमाडौँमा वीर धाराको व्यवस्था, पुलहरूको निर्माण, वीर अस्पताल (वि.सं. १९७४), वीर पुस्तकालयको स्थापना, घण्टाघरको निर्माण ।

४. **देव शमशेर** (१९५७–१९५८) : गोरखापत्रको प्रकाशन प्रारम्भ, सरकारी समय १०-५ बजे निर्धारण, सरकारी बिदाको व्यवस्था, पाठशालाहरूको स्थापना ।

५. **चन्द्र शमशेर** (१९५८– १९८६) : सती प्रथाको उन्मूलन, दासमोचन, पहिलो पटक बिजुली बत्तीको व्यवस्था, पहिलो कलेज त्रि-चन्द्र कलेजको स्थापना, गोरखा भाषा प्रकाशिनी समितिको स्थापना, नेपालको नक्सा निर्माण ।

६. **भीम शमशेर** (**वि.सं.** १९८६–१९८९) : नुन र कपासमा भन्सार माफी, कपास खेतीलाई प्रोत्साहन ।

७. **जुद्ध शमशेर** (**वि.सं.** १९८९–२००२) : पहिलो बैंक (नेपाल बैंक लि.) स्थापना, घरेलु उद्योगको विकास, उच्च अदालत, जुद्ध बारुण यन्त्र, पहिलो जुद्ध सडक (नयाँ सडक), म्युजियम र चिडियाखानाको स्थापना ।

८. **पद्म शमशेर** (२००२–२००५) : पहिलो संविधान जारी, काठमाडौँ म्युनिसिपालिटी स्थापना ।

९. **मोहन शमशेर** (२००५–२००८) : आकाशवाणीको स्थापना, राष्ट्रिय आर्थिक समितिको गठन ।

## २.८ राणाकालपछिको राजनीतिक विकासक्रम

पृथ्वीनारायण शाह गोरखाको राजा हुँदा भारतमा इस्ट इन्डिया कम्पनीको नाममा अङ्ग्रेज सरकारको स्थापना र विस्तार भइरहेको थियो । विगतको एकीकृत नेपाल विविध कारणले बाइसे चौबिसे राज्यमा विभाजित भई एकआपसमा शत्रुतापूर्ण व्यवहार र युद्धमा सीमित थिए । एकातर्फ देशको राष्ट्रिय अखण्डता सङ्कटमा थियो भने अर्कोतर्फ आर्थिक विकास अवरुद्ध थियो । यस चुनौतीपूर्ण घडीमा पृथ्वीनारायण शाहले राष्ट्रिय एकीकरणको श्रीगणेश गरी एकीकृत आधुनिक नेपालको स्थापना गरे । नेपालको एकीकरण गर्न पृथ्वीनारायण शाहले सफल कूटनीति, रणनीति र युद्धनीति अवलम्बन गरेका थिए । एकीकरणको आन्दोलन सुगौली सन्धिपश्चात् रोकियो । त्यसपछि राजदरबारमा षड्यन्त्रले स्थान लियो । कोतपर्वपछि जङ्गबहादुरले राणाशासन स्थापना गरे । आधुनिक नेपालको राजनीतिक इतिहासको विकास राणाशासनविरुद्धको आन्दोलनबाट सुरु हुन्छ । वि.सं. २००७ साल असोज ७ र ८ गते भारतको बैरगनियामा भएको नेपाली कांग्रेसको सम्मेलनले नेपालमा राणाशासनको अन्त्य र प्रजातन्त्रको स्थापनाका लागि सशस्त्र सङ्घर्ष गर्ने निर्णय गरेअनुरूप २००७ साल कात्तिक २५ गतेदेखि मातृकाप्रसाद कोइरालाको नेतृत्वमा नेपाली कांग्रेसले सशस्त्र सङ्घर्ष सुरु गर्‍यो । २००७ साल फागुन ४ गते राजा त्रिभुवन सपरिवार नेपाल फर्केपछि ७ गते शाही घोषणाद्वारा

प्रजातन्त्र स्थापना गरियो ।

### २.८.१ २००७ देखि २०१७ सालसम्मका घटनाक्रम

२००७ सालको घोषणा र संयुक्त मन्त्रिमण्डलको गठन :

दिल्ली सम्झौतापछि २००७ साल फागुन ७ गते नेपालमा राणाशासनको अन्त्य भई प्रजातन्त्र स्थापना भएको ऐतिहासिक घोषणा गरियो । उक्त घोषणामा निम्न बुँदाहरू थिए :

क. जननिर्वाचित वैधानिक सभाले गणतन्त्रात्मक विधान तर्जुमा गर्ने छ ।

ख. नयाँ विधान तर्जुमा नहुन्जेलसम्म प्रशासन सञ्चालन गर्न अन्तरिम मन्त्रिमण्डल गठन गर्ने, जसमा राणातर्फका ५ र नेपाली कांग्रेसका तर्फबाट ५ जना सदस्य नियुक्त हुने छन् ।

ग. २००७ साल चैत्र २० गतेभित्र सबै राजनीतिक बन्दीहरूलाई आममाफी हुने छ र त्यस्ता राजनीतिक बन्दीहरूले आफ्नो खोसिएको सम्पत्ति फिर्ता पाउने छन् ।

राणा र कांग्रेस सम्मिलित यो संयुक्त सरकार नौ महिनाभन्दा बढी टिक्न सकेन र २००८ साल कात्तिक २५ गते विघटन भयो ।

**नेपाली कांग्रेसको एकमना मन्त्रिमण्डल**

२००८ साल मङ्सिर १ गते मातृकाप्रसाद कोइरालाको प्रधानमन्त्रित्वमा नेपाली कांग्रेसको एकमना मन्त्रिमण्डल गठन गरियो। यस अवधिमा सर्वोच्च न्यायालय, पब्लिक सर्भिस कमिसन, आयव्यय निरीक्षण प्रधान अड्डाको स्थापना भयो। २००९ साल जेठमा सम्पन्न नेपाली कांग्रेसको अधिवेशनमा बि.पी. कोइरालाको ठाउँमा मातृकाप्रसाद कोइराला कांग्रेस अध्यक्ष छानिए। सरकार आन्तरिक विवादमा फँस्दै गएपछि २००९ साल श्रावण २६ गते यो सरकार पनि विघटन भयो। २००९ साल श्रावण ३० गते राजा त्रिभुवनबाट आफ्नै मध्यस्थतामा ६ सदस्यीय शाही परामर्शदातृ सरकार गठन भयो। २०१० साल असार १ गतेसम्म यो सरकार अस्तित्वमा रह्यो। यसपछि वि.सं. २०१० असार २ गते राष्ट्रिय प्रजा पार्टीका अध्यक्ष मातृकाप्रसाद कोइरालालाई पुनः प्रधानमन्त्री बनाइयो। २०१० फागुनमा मन्त्रिमण्डलमा हेरफेर गरी टंकप्रसाद आचार्य र डिल्लीरमण रेग्मीलाई समेत सोही सरकारमा सामेल गरियो।

**बहुदलीय संयुक्त मन्त्रिमण्डल**

नेपाली राष्ट्रिय कांग्रेस, प्रजापरिषद् र जनकांग्रेस गरी तीनओटा साना पार्टीको सहभागितामा पुनः मातृकाप्रसाद कोइरालाकै प्रधानमन्त्रित्वमा वि.सं. २०१० फागुनमा अर्को सरकार गठन भयो। यसमा टङ्कप्रसाद आचार्य र डिल्लीरमण रेग्मी थपिए। राजा त्रिभुवनले मातृकाको मन्त्रिमण्डल वि.सं. २०११ मा विघटन गरी राज्य व्यवस्थाको अभिभारा स्वयंमा लिई सोझै सञ्चालन गर्न थाले। राजा

त्रिभुवनको मृत्युपछि राजा महेन्द्रको राज्यारोहण वि.सं. २०११ चैत्र १ गते भएको थियो । वि.सं. २०१३ मा महेन्द्रको राज्याभिषेक भयो ।

**शाही सल्लाहकार सरकार**

वि.सं. २०१२ साल वैशाख १ गते राजा महेन्द्रले गुन्जमानसिंहको अध्यक्षतामा शाही सल्लाहकार समिति गठन गरी शासन सञ्चालन गर्न थाले । यो सल्लाहकार समितिमा ५ जना सदस्य थिए ।

**प्रजापरिषद्को मन्त्रिमण्डल**

वि. सं. २०१२ माघ १३ गते राजा महेन्द्रबाट प्रजापरिषद्का नेता टंकप्रसाद आचार्यको प्रधानमन्त्रित्वमा ३ जना स्वतन्त्र सदस्यसमेत समावेश भएको सात सदस्यीय मन्त्रिमण्डलको घोषणा भयो । यो सरकारले २०१३ असोज ५ गतेका दिन चीनसँग शान्ति तथा मैत्री सन्धि गऱ्यो । यो सरकार २०१४ असारसम्म टिक्यो ।

**डा. के. आई. सिंहको सरकार**

२०१४ साल श्रावण ११ का दिन संयुक्त प्रजातान्त्रिक पार्टीका अध्यक्ष डा. के.आई. सिंहको नेतृत्वमा एघार सदस्यीय मन्त्रिमण्डल गठन भयो । तर, राजा महेन्द्रको शाही घोषणामार्फत् २०१४ कात्तिक २९ का दिन उक्त मन्त्रिमण्डल भङ्ग गरियो ।

**राजा महेन्द्रको प्रत्यक्ष शासन**

मिति २०१४ कात्तिक २९ गतेदेखि श्री ५ महेन्द्रबाट प्रत्यक्ष शासन सुरु भयो । मिति २०१५ जेठ २ गते सुवर्ण शमशेरको अध्यक्षतामा अन्तरिम मन्त्रिपरिषद्को गठन गरियो । २०१५ साल फागुन ७ गते आमचुनाव गर्ने घोषणा भयो ।

**२०१५ सालको महानिर्वाचन र त्यसको परिणाम**

प्रतिनिधिसभाको चुनावका लागि मुलुकलाई १०९ निर्वाचन क्षेत्रमा विभाजन गरिएको थियो । महानिर्वाचन एक-सदस्यीय निर्वाचन क्षेत्रमा आधारित थियो । २१ वर्ष उमेर पुगेका प्रत्येक बालिग नेपाली मतदाता थिए । राष्ट्रिय दलको रूपमा मान्यता प्राप्त गर्न कमसेकम २२ सिटका लागि उम्मेदवार खडा गराउनु आवश्यक थियो । यस मापदण्डअनुसार नेपाली कांग्रेस, संयुक्त प्रजातान्त्रिक पार्टी, गोरखा परिषद्, नेपाल कम्युनिस्ट पार्टी र प्रजातान्त्रिक महासभा मात्र राष्ट्रियस्तरका राजनीतिक दल मानिए । १०९ सिटका लागि जम्मा ७८६ उम्मेदवार खडा भएका थिए । उक्त चुनावमा नेपाली कांग्रेसले ७४, गोरखा परिषद्ले १९, संयुक्त प्रजातन्त्र पार्टीले ५, नेपाल कम्युनिस्ट पार्टीले ४ र प्रजापरिषद्ले ३ सिटमा विजय हासिल गरेका थिए भने स्वतन्त्र चार स्थानमा विजयी भएका थिए ।

**पहिलो निर्वाचित सरकार**

संविधानसभाको चुनाव गराउने घोषणा राजा त्रिभुवनले वि.सं. २००७ फागुन ७

गते गरेका थिए। वि.सं. २०१५ फागुन ७ गते संसद्को तल्लो सदनका लागि आमनिर्वाचन सुरु भई वि.सं. २०१६ वैशाख २८ गते नतिजा प्रकाशित भयो। यस चुनावमा अत्यधिक बहुमत प्राप्त गर्ने कांग्रेस नेता विश्वेश्वरप्रसाद कोइरालाको नेतृत्वमा वि.सं. २०१६ जेठ १३ गते नयाँ सरकार बन्यो। वि.सं. २०१६ असार १६ मा प्रतिनिधिसभाको प्रथम अधिवेशन सुरु भयो। यसै साल असोजमा बिर्ता प्रथा उन्मूलन विधेयक पारित भयो। जिल्लामा विकास बोर्ड गठन गरियो।

राजा महेन्द्रले २०१७ साल पौष १ गते संविधानको धारा ५५ को अधिकार प्रयोग गरी बि.पी. कोइरालाको मन्त्रिमण्डल विघटन तथा संसद्को दुवै सदन भङ्ग गरी संविधानका अनेकौं धाराहरूसमेत निलम्बन गर्दै शासनअधिकार आफ्नो हातमा लिए। यसरी २००७ सालको शाही घोषणामार्फत आएको प्रजातन्त्रको अवसान २०१७ सालको शाही कदमसँगै भयो।

### २.८.२ वि.सं. २०१७ देखि २०३७ सालसम्मका दुई दशक

वि.सं. २०१७ पौष १ गते दलगत राजनीतिक प्रणाली विघटन भएपछि नयाँ शासन सञ्चालनको सूचना पौष ९ गते जनसमक्ष आयो। पौष १२ गते राजा महेन्द्रको अध्यक्षतामा नौ सदस्यीय मन्त्रिपरिषद् गठन भयो। पौष २२ मा सबै राजनीतिक पार्टी अवैध घोषित भई प्रतिबन्धितसमेत भए। नेपालमा प्रजातन्त्रको जग तलबाटै बलियो तुल्याउन पञ्चायत व्यवस्था ल्याइने घोषणा भयो। यसअनुरूप वि.सं. २०१८ मा गाउँ पञ्चायतको निर्वाचन भयो। वि.सं. २०१८ माघमा जनकपुर बम काण्ड भयो। वि.सं. २०१९ पौष १ गते नयाँ पञ्चायती व्यवस्थाअनुकूल संविधानको घोषणा भयो।

संसदीय व्यवस्थाको अन्त्यपछि राजा महेन्द्रबाट वि.सं. २०१७ पौष २२ गते पञ्चायती परम्परा थालनी भएको घोषणा गरी उक्त घोषणामा देशको सर्वत्तोमुखी विकास तथा निर्माणका निम्ति नयाँ शक्तिको मूल फुटाउन दरिद्रता, अज्ञानता र पिछडिएको अवस्थालाई हटाई नेपालको माटोमा जरा हाल्न सक्ने यहाँकै हावापानीसुहाउँदो प्रजातन्त्रको बिरुवास्वरूप पञ्चायतको बीजारोपण गरिएको भनियो। सबै दलहरूमाथि प्रतिबन्ध लगाई पञ्चायत पद्धति नै प्रजातन्त्रको जग भएको र माथिबाट लादिएको प्रजातन्त्र देशमा अफापसिद्ध भएको तथा प्रजातन्त्रको जग तलैबाट बलियो तुल्याउन स्थानीय स्वायत्त शासनका संस्थाद्वारा जनतालाई प्रशासनमा सरिक गराई देशको समस्या र प्रगतिमा जनअभिरुचि बढाउने उद्देश्यले पञ्चायतको दिशाबोध गराउन खोजियो। वि.सं. २०१९ साल पौष १ गते पञ्चायती व्यवस्थानुकूल नयाँ संविधान जारी भयो।

देशको सर्वोच्च विधायिका राष्ट्रिय पञ्चायतको उद्घाटन सर्वप्रथम राजा महेन्द्रबाट वि.सं. २०२० मा भयो। वि.सं. २०२३ मा संविधानको प्रथम संशोधन भई पञ्चायत निर्दलीय व्यवस्था बन्न पुग्यो।

२०१७ सालदेखि सुरु भएको पञ्चायती शासन प्रणालीमा राजा महेन्द्र र वीरेन्द्रको प्रत्यक्ष शासनमा मन्त्रिपरिषद्को अध्यक्षता गर्ने मौका डा. तुलसी गिरी, सूर्यबहादुर

थापा (पञ्चायत व्यवस्थाअन्तर्गत प्रथम प्रधानमन्त्री), कीर्तिनिधि विष्ट, नगेन्द्रप्रसाद रिजाल, मरिचमान सिंह र लोकेन्द्रबहादुर चन्दले प्राप्त गरे । २०३६ जेठ १० गते जनमतसङ्ग्रहको घोषणा भयो । २०३७ साल वैशाख २० गते सम्पन्न जनमतसङ्ग्रहमा पञ्चायतको विजय भयो ।

सर्वप्रथम वि.सं. २०१८ साल फागुन ७ गतेदेखि गाउँ र नगर पञ्चायत तहमा निर्वाचन प्रारम्भ भयो । वि.सं. २०२० भदौ १ मा नयाँ मुलुकी ऐन लागू भयो । वि.सं. २०२१ मङ्सिर ८ गते भूमिसुधार ऐन जारी भएको थियो ।

**राष्ट्रिय निर्देशन मन्त्रालयको स्थापना**

विभिन्न क्षेत्रमा निर्धारित लक्ष्य प्राप्तिका निम्ति सामूहिक शक्तिलाई सङ्गठित र विकसित गर्न वि.सं. २०१७ फागुन ७ गते राष्ट्रिय निर्देशन मन्त्रालय खडा भयो । राष्ट्रिय निर्देशन ऐन, २०१७ अनुसार उच्चस्तरीय राष्ट्रिय निर्देशन परिषद् पनि गठन गरियो । विभिन्न वर्गलाई समन्वय गरी राष्ट्रिय जीवनमा प्रवाहित गर्नेजस्ता काम कर्तव्य भएको यो मन्त्रालय वि.सं. २०१९ चैत्र २० मा पञ्चायत मन्त्रालयमा गाभियो र वि.सं. २०२० सालमा सो परिषद् विघटन भयो ।

**जनमतसङ्ग्रह २०३७**

वि.सं. २०१७ देखि २०३६ सम्मको १९ वर्षीय पञ्चायती शासनबाट राजनीतिक वातावरण शुद्ध हुन नसकेको, जीवनस्तर उल्लेखनीय रूपमा उठ्न नसकेको, महँगी बढ्दै गएको, पञ्चायतका कार्यकर्ता जनप्रिय हुन नसकेका जस्ता अनेकौँ विरोधका आवाजहरू सत्तासञ्चालक तथा सर्वसाधारणमाझसमेत उठ्न थाले । वि.सं. २०३६ जेठ १० गते राजा वीरेन्द्रबाट शाही घोषणा गरी नेपाली जनतालाई सुधारसहितको पञ्चायती व्यवस्थालाई कायमै राख्ने हो वा बहुदलीय शासन पद्धति चाहने हो, सोमध्ये एकलाई रोज्न लोकसम्मतिका लागि बालिग मताधिकारका आधारमा राष्ट्रव्यापी जनमत गराउने कुरा घोषणा भयो । यसपछि वि.सं. २०३७ वैशाख २० गते सम्पन्न भएको जनमतसङ्ग्रहको परिणाम २०३७ जेठ १ गते घोषणा गरियो । कुल सदर मत ४८,१३,४८६ मध्ये २४,३३,४५२ (५४.८ प्रतिशत) मत प्राप्त गरी पञ्चायत पक्ष विजयी भयो ।

### २.८.३ जनमतसङ्ग्रहदेखि जनआन्दोलनसम्म

जनमतसङ्ग्रहपछि संवैधानिक सुधार एवम् बालिग मतमा आधारित चुनाव सम्पन्न भयो । निर्वाचनपछि पञ्चायतको पहिलो २७ सदस्यीय मन्त्रिमण्डल १२० जना राष्ट्रिय पञ्चायत सदस्यहरूद्वारा निर्विरोध निर्वाचित सूर्यबहादुर थापाको प्रधानमन्त्रित्वमा वि.सं. २०३८ असार २ मा र पछि वि.सं. २०३९ असोज २४ गते केही हेरफेरसाथ ३५ सदस्यीय मन्त्रिमण्डल बन्यो । तर, वि.सं. २०४० असार २७ गते १०८ सदस्यको बहुमतद्वारा प्रधानमन्त्री सूर्यबहादुर थापाले आफ्नो पदको जिम्मेवारी इमानदारीपूर्वक पूरा नगरेको भन्ने राष्ट्रिय पञ्चायतबाट पारित

अविश्वासको प्रस्ताव राजाबाट स्वीकृत भएपछि वि.सं. २०४० असार २७ गते थापा सरकार विघटन भयो । लोकेन्द्रबहादुर चन्द १०७ सदस्यको बहुमतद्वारा निर्विरोध छानिए र राष्ट्रिय पञ्चायतकै सिफारिसमा राजाबाट असार २८ गते उनलाई प्रधानमन्त्रीको पदमा नियुक्ति गरियो तथा २९ गते २१ सदस्यीय मन्त्रिमण्डल गठन भयो ।

### २.८.४ २०४६ सालको जनआन्दोलन र त्यसपछिको राजनीति

२०१७ साल पौष १ गते राजा महेन्द्रको शाही घोषणामार्फत स्थापित पञ्चायती व्यवस्था ३० वर्षसम्म टिक्यो र २०४६ को जनआन्दोलनसँगै तहसनहस भयो । २०४६ साल माघ ५ गतेदेखि ७ गतेसम्म नेपाली कांग्रेसका नेता गणेशमान सिंहको घरमा नेपाली कांग्रेसका कार्यकर्ताहरूको देशव्यापी सम्मेलन भयो । उक्त सम्मेलनमा भारतका बरिष्ठ नेताहरू चन्द्रशेखर, हरकिसन सिंह सुरजित, एम.जे. अकबर आदिले समेत भाग लिएका थिए । नेपाली कांग्रेस र संयुक्त वाममोर्चा मिलेर संयुक्त रूपमा २०४६ साल फागुन ७ गतेदेखि उपत्यकाभित्र र बाहिरका जिल्लामा पनि देशव्यापी जनआन्दोलन चर्काए । फागुन ८ गते काठमाडौँलगायत प्रमुख सहरहरू बन्द भए । अन्तर्राष्ट्रिय सञ्चार जगत्ले प्राथमिकताका साथ समाचार प्रचारप्रसार गर्न थाले । २०४६ साल चैत १९ गते तत्कालीन प्र.म. मरिचमान सिंहको सिफारिसमा मन्त्रिमण्डल पुनर्गठन भयो तर आन्दोलनको गति रोकिएन । कीर्तिपुर, पाटन र बुटवलमा गोली चल्यो । २०४६ साल चैत्र २४ गते राजा वीरेन्द्रबाट रेडियो नेपालमार्फत घोषणा भयो, जसअनुसार लोकेन्द्रबहादुर चन्दको अध्यक्षतामा ४ सदस्यीय मन्त्रिपरिषद्को गठन भयो । जनआन्दोलन नरोकिएपछि अन्ततः २०४६ साल चैत्र २६ गते राति ११:४५ बजे रेडियो नेपाल र नेपाल टेलिभिजनमा एक विज्ञप्ति प्रकाशित भयो । जसमा नेपालको संविधान, २०१९ मा रहेको दलविहीन शब्द हटाई दलमाथिको प्रतिबन्ध फुकुवा भयो । नयाँ संविधान बनाउन संविधान सुधार सुझाव आयोगद्वारा प्रतिवेदन पेस गर्ने भन्ने विज्ञप्ति प्रकाशित भयो ।

पञ्चायत विघटनपश्चात् कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा अन्तरिम सरकार गठन भयो । २०४७ साल कात्तिक २३ गते नेपाल अधिराज्यको संविधान, २०४७ जारी भयो । यसपछि २०४८ साल वैशाख २९ गते आमनिर्वाचन भयो । प्रतिनिधिसभाको २०५ सिटमध्ये नेपाली कांग्रेसले सर्वाधिक ११० सिट प्राप्त गऱ्यो । वि.सं. २०४८ जेठ १५ गते बहुमतप्राप्त दल नेपाली कांग्रेसका संसदीय दलका नेता गिरिजाप्रसाद कोइरालाको प्रधानमन्त्रित्वमा एकमना मन्त्रिपरिषद् गठन भयो । प्रमुख प्रतिपक्षका रूपमा ६८ सिट पाएको नेपाल कम्युनिस्ट पार्टी (एमाले) रहन पुग्यो ।

**बहुदलीय सरकारहरू**

नेपाली कांग्रेसका तत्कालीन महामन्त्री गिरिजाप्रसाद कोइरालालाई राजा वीरेन्द्रबाट २०४८ जेठ १५ का दिन प्रधानमन्त्री नियुक्त गरी १५ जनाको मन्त्रिमण्डल गठन

गरियो । तर त्यो सरकार पूरा समय चल्न सकेन । आन्तरिक विवादका कारण विघटन भयो । त्यसपछि २०५१ कात्तिक २९ मा मध्यावधि निर्वाचन भयो । प्रतिनिधिसभा विघटनको सिफारिस भएपछि सम्पन्न यो आमनिर्वाचनमा नेपाली कांग्रेसले ८३, नेकपा (एमाले) ले ८८ र राप्रपाले २० सिट प्राप्त गरेका थिए । मध्यावधि निर्वाचन, २०५१ मा स्पष्ट बहुमत कुनै पनि दलले प्राप्त नगरेकाले सबैभन्दा ठुलो दलको हैसियतमा नेकपा एमालेका अध्यक्ष एवम् संसदीय दलका नेता मनमोहन अधिकारी प्रधानमन्त्रीमा नियुक्त भए । यो प्रतिनिधिसभा ३० जेठ २०५२ मा पुनः विघटन हुन पुग्यो । तर, सर्वोच्च अदालतले १२ भदौ २०५२ मा यसलाई पुनर्स्थापित गर्‍यो र भदौ २० मा प्रतिनिधिसभाको विशेष अधिवेशन बसी नेपाली कांग्रेसका नेता शेरबहादुर देउवाले मनमोहन अधिकारीउपर अविश्वासको प्रस्ताव पेस गरे । वि.सं. २०५२ भदौ २५ मा अविश्वासको प्रस्ताव पारित भएपछि यो सरकार ढल्यो ।

त्यसपछि २०५२ भदौ २६ मा शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्त भए । उनकै प्रधानमन्त्रीकालमा २०५२ साल फागुन १ गतेदेखि आफ्ना मागहरूउपर कुनै ध्यान नदिएको भन्दै तत्कालीन जनमोर्चाका नेता डा. बाबुराम भट्टराईलगायतले दीर्घकालीन जनयुद्धका लागि सशस्त्र विद्रोहको घोषणा गरी भूमिगत राजनीतिको थालनी गरे । एमालेको अविश्वासको प्रस्तावले गर्दा वि.सं. २०५३ फागुन २३ गते शेरबहादुर देउवा सरकारको विघटन भयो र राप्रपाका नेता लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री बने । यो सरकारले पनि कांग्रेसको अविश्वास प्रस्तावका कारण वि.सं. २०५४ असोज १८ मा सत्ताबाट हात धुनुपर्‍यो । कांग्रेसको मिलेमतोमा राप्रपाका अध्यक्ष सूर्यबहादुर थापा २० असोज २०५४ मा प्रधानमन्त्री भए । उनले प्रतिनिधिसभा विघटन र निर्वाचन तोक्न सिफारिस गरे । तर, प्रतिनिधिसभाको विशेष अधिवेशनले अविश्वासको प्रस्ताव विफल पार्‍यो । २८ चैत्र २०५४ मा उनले राजीनामा दिए । यसपछि नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा अल्पमतको सरकार ३० चैत्र २०५४ मा गठन भयो । यस सरकारमा नेकपा (माले) पनि सम्मिलित थियो । तर, माले छिटै बाहिरिएकाले एमाले सम्मिलित भई मन्त्रिमण्डल पुनर्गठन भयो । व्यवस्थापिकाको निर्वाचनपछि वि.सं. २०५६ जेठ १३ मा नेपाली कांग्रेसका नेता कृष्णप्रसाद भट्टराईको नेतृत्वमा मन्त्रिमण्डल गठन भयो । यो सरकारले चैत्र ३ गते राजीनामा दिएपछि ५ चैत्र २०५६ मा गिरिजाप्रसाद कोइराला पुनः प्रधानमन्त्री बने ।

२०५८ साल जेठ १९ गते नारायणहिटी राजदरबारमा घटेको अकल्पनीय घटनामा राजा वीरेन्द्रको वंशनाश भएपछि ज्ञानेन्द्र राजा भए र उनले आफ्ना छोरा पारसलाई युवराज घोषणा गरे । शेरबहादुर देउवाको प्रधानमन्त्रित्वमा सञ्चालित सरकारले वि.सं. २०५८ मङ्सिर ११ मा माओवादीलाई आतङ्ककारी घोषित गरी २०५९ जेठ १० गतेसम्म ६ महिनाको सङ्कटकाल लागू गर्‍यो ।

२०५९ साल जेठ ८ गते प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा तत्कालीन

संविधानको प्रावधानअनुसार राजाबाट प्रतिनिधिसभाको विघटन एवम् कात्तिक २७ मा मध्यावधि चुनाव गर्ने घोषणा भएको थियो । निर्धारित मितिमा चुनाव गर्न नसकेको बहानामा २०५९ असोज १८ गते राजा ज्ञानेन्द्रले देउवालाई 'अक्षमता'को आरोप लगाएर पदच्युत गरे । उनले कात्तिक २७ गते गर्ने भनिएको चुनाव पनि स्थगन गरी अर्को व्यवस्था नभएसम्मका लागि नेपालको कार्यकारिणी अधिकार आफैँसँग राखी पाँच दिनभित्र नयाँ मन्त्रिमण्डल गठन गर्ने घोषणा गरेका थिए । असोज १८ देखि २४ सम्म नेपाल प्रधानमन्त्री एवम् मन्त्रिपरिषद्रहित भयो र असोज २५ मा लोकेन्द्रबहादुर चन्दको प्रधानमन्त्रित्वमा ९ सदस्यीय मन्त्रिपरिषद् गठन भयो ।

वि.सं. २०५२ फागुन १ गतेदेखि सशस्त्र जनयुद्ध प्रारम्भ गरी भूमिगत भएको माओवादीसँग गरिएका वि.सं. २०५८ साउन ८ गते प्रथम चरणको वार्ता, भदौ २६ मा दोस्रो चरणको वार्ता र कात्तिक २८ मा तेस्रो चरणको वार्ताहरू असफल भएपछि वि.सं. २०५८ मङ्सिर ८ मा माओवादीद्वारा दाङ र स्याङ्जामा गरिएको आक्रमणले सुरक्षा स्थिति थप जटिल बनायो । वि.सं. २०५८ मङ्सिर ११ देखि मुलुकभरि सङ्कटकाल घोषणा गरियो । वि.सं. २०५९ जेठ ११ मा सङ्कटकालको अन्त्य भए पनि जेठ १३ मा पुनः लागू भई भदौ १२ मा समाप्त भयो । माघ १५ मा माओवादीद्वारा तत्काल युद्धविरामको घोषणा एवम् सरकारबाट नेकपा (माओवादी) लाई आतङ्ककारी भनी गरिएको घोषणा र गिरफ्तारीको 'रेड कर्नर नोटिस'जस्ता पूर्वनिर्णय फिर्ता लिएपछि नेपाली राजनीतिले नयाँ मोड लियो ।

**दोस्रो जनआन्दोलन २०६२–०६३**



दोस्रो जनआन्दोलन २०६२/६३ को झलक

२०५९ असोज १८ पछि ज्ञानेन्द्रले कहिले लोकेन्द्रबहादुर चन्दलाई त कहिले सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाएर आफूखुसी शासन गर्न थाले । नेपाली

कांग्रेस, नेकपा (एमाले) लगायत पाँच दलले यसलाई शाही प्रतिगमनको संज्ञा दिँदै दबाबमूलक विरोध कार्यक्रमहरू सञ्चालन गर्न थाले । असार १८ गते राजा ज्ञानेन्द्रले २०६१ साल चैत मसान्तभित्र प्रतिनिधिसभाको चुनाव गर्ने शाही आदेशसहित शेर बहादुर देउवालाई प्रधानमन्त्रीमा पुनः नियुक्त गरे । यो सरकारलाई १९ माघमा बर्खास्त गरियो र राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन सुरु भयो । १९ माघपछि शाही शासनविरुद्ध नेपाली कांग्रेस (प्रजातान्त्रिक) र संयुक्त वाममोर्चालाई समेत समेटेर सात दलको आन्दोलनकारी गठबन्धन बन्यो र २०६२ वैशाखमा यसले प्रतिनिधिसभा पुनर्स्थापनाको बाटो हुँदै नेकपा (माओवादी) ले सञ्चालन गरेको सशस्त्र विद्रोहको राजनीतिक निकास दिन संविधानसभासम्म पुग्ने साझा सहमति र प्रतिबद्धतालाई सार्वजनिक गऱ्यो । यसपछि नै माओवादीसँग सात दलको वार्ता र समझदारीले ठोस आकार र गन्तव्य लिन थालेको हो । १९ माघ २०६१ मा राजा ज्ञानेन्द्रले दोस्रो पटक निरङ्कुश एवम् प्रत्यक्ष शासन सुरु गरेपछि त्यसको प्रतिरोधमा आन्दोलन अघि बढाउन नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कांग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल, नेपाल मजदुर किसान पार्टी, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) र संयुक्त वाममोर्चासहित २५ वैशाख २०६२ मा सर्वप्रथम सातदलीय गठबन्धन निर्माण भयो । नेपाली कांग्रेस, ने.क.पा. एमाले र ने.क.पा. माओवादीबीच २०६२ मङ्सिर ७ गते भारतको नयाँ दिल्लीमा १२ बुँदे सम्झौता भयो । शान्ति सम्झौतामा हस्ताक्षर र नेकपा माओवादीसमेतको सहभागितामा अन्तरिम व्यवस्थापिका-संसद् बनेपछि यो गठबन्धन आठदलीय भएको थियो । त्यसपछि २०६३ मङ्सिर ५ गते सात दलको सरकार र नेकपा (माओवादी) बीच विस्तृत शान्ति सम्झौता सम्पन्न भएको थियो ।

२०६२ साल चैत २४ गतेदेखि २०६३ साल वैशाख ११ गतेसम्म १९ दिन चलेको शान्तिपूर्ण जनआन्दोलन २०६२-०६३ मा नेपाली जनताको अपार सहभागिताले यसलाई एउटा निर्णायक बिन्दुमा पुऱ्याएको थियो । फलस्वरूप २०६३ माघ १ गते नेपालको अन्तरिम संविधान, २०६३ जारी भयो । जनआन्दोलन २०६२-०६३ पछि तत्कालीन राजनीतिक सङ्क्रमणको व्यवस्थापन र संविधानसभाको चुनाव गर्ने



विस्तृत शान्ति सम्झौता

जिम्मेवारी पाएका सात राजनीतिक दलको सहमतिअनुसार २८ चैत २०६४ मा संविधानसभाको चुनावको तिथि तेस्रो पटक निर्धारण गरियो । सात राजनीतिक दलले ८ पौष २०६४ मा गरेको २३ बुँदे सहमतिपछि चैत महिनाभित्र संविधानसभाको चुनाव गर्ने निर्णय गरेका थिए। नेपालमा ऐतिहासिक रूपमा संविधानसभाको निर्वाचन वि.सं. २०६४ चैत २८ मा सम्पन्न भयो। संविधानसभामा जम्मा ६०१ जना सदस्य थिए, जसमध्ये ३३५ सदस्य समानुपातिक प्रणालीबाट र २४० सदस्य प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित भएका र बाँकी २६ जना सदस्य मन्त्रिपरिषद्ले मनोनीत गरेको थियो । जेठ १५, २०६५ मा बसेको संविधानसभाको पहिलो बैठकले गणतन्त्र नेपालको घोषणा गऱ्यो र गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादव र उपराष्ट्रपति परमानन्द झा निर्वाचित भए ।

**तालिका नं. २.५**
**नेपालका प्रधानमन्त्रीहरू (अवधिका आधारमा)**

| क्र.स | नाम | समयावधि (वि.सं.) |
|---|---|---|
| १ | भीमसेन थापा (मुख्तियार) | वि.सं. १८६३-१८९४ |
| २ | पं. रङ्गनाथ पौडेल (मुख्तियार) | वि.सं. १८९४-१८९५ |
| ३ | पुष्कर शाह (मुख्तियार) | वि.सं. १८९५-१८९६ |
| ४ | रणजङ्ग पाण्डे (मुख्तियार) | वि.सं. १८९६-१८९७ |
| ५ | फत्तेजङ्ग शाह (मुख्तियार) | वि.सं. १८९७-१९००, १९०२-१९०३ |
| ६ | माथवरसिंह थापा | वि.सं. १९००-१९०२ |
| ७ | जङ्गबहादुर राणा | वि.सं. १९०३-१९१३, १९१४-१९३३ |
| ८ | बमबहादुर राणा | वि.सं. १९१३-१९१४ |
| ९ | रणोद्दीप सिंह | वि.सं. १९३३-१९४२ |
| १० | वीरशमशेर ज.ब.रा. | वि.सं. १९४२-१९५७ |
| ११ | देवशमशेर ज.ब.रा. | वि.सं. १९५७-१९५८ |
| १२ | चन्द्रशमशेर ज.ब.रा. | वि.सं. १९५८- १९८६ |
| १३ | भीमशमशेर ज.ब.रा | वि.सं. १९८६-१९८९ |
| १४ | जुद्धशमशेर ज.ब.रा | वि.सं. १९८९-२००२ |

| | | |
|---|---|---|
| १५ | पद्मशमशेर ज.ब.रा | वि.सं. २००२-२००५ |
| १६ | मोहनशमशेर ज.ब.रा | वि.सं. २००५-२००८ |
| १७ | मातृकाप्रसाद कोइराला | वि.सं. २००८ -२००९, २०१०-२०११ |
| १८ | टङ्कप्रसाद आचार्य | वि.सं. २०१२ -२०१४ |
| १९ | डा. के.आई. सिंह | वि.सं. २०१४ -२०१४ |
| २० | सुवर्णशमशेर ज.ब.रा. | वि.सं. २०१५ -२०१६(अध्यक्ष मन्त्रिपरिषद्) |
| २१ | विश्वेश्वरप्रसाद कोइराला | वि.सं. २०१६ -२०१७ |
| २२ | डा. तुलसी गिरी | वि.सं. २०१९-२०२१ (अध्यक्ष मन्त्रिपरिषद्), वि.सं. २०३२-२०३४ (प्रधानमन्त्री) |
| २३ | सूर्यबहादुर थापा | अध्यक्ष मन्त्रिपरिषद् :- वि.सं. २०२१ -२०२३, प्रधानमन्त्री :- वि.सं. २०२३-२०२५, २०३६-२०४०, २०५४-२०५४, २०६०-२०६१ |
| २४ | कीर्तिनिधि विष्ट | वि.सं. २०२५ -२०२६, २०२८-२०३०, २०३४-२०३६ |
| २५ | नगेन्द्रप्रसाद रिजाल | वि.सं. २०३०-२०३२, २०४२ |
| २६ | लोकेन्द्रबहादुर चन्द | वि.सं. २०४० - २०४२, २०४६-२०४७, २०५३-२०५४, २०५९-२०६० |
| २७ | मरिचमानसिंह श्रेष्ठ | वि.सं. २०४३ -२०४६ |
| २८ | कृष्णप्रसाद भट्टराई | वि.सं. २०४७ -२०४८, २०५६-२०५६ |
| २९ | गिरिजाप्रसाद कोइराला | वि.सं. २०४८-२०५१, २०५४-२०५५, २०५५-२०५६, २०५६-२०५८, २०६३-२०६५ |
| ३० | मनमोहन अधिकारी | वि.सं. २०५१ - २०५२ |
| ३१ | शेरबहादुर देउवा | वि.सं. २०५२ -२०५३, २०५८-२०५९, २०६१-२०६१, २०७४।०२।२४-२०७४।११।०३, २०७८।०३।२९-२०७९।०९।१० |
| ३२ | पुष्पकमल दाहाल (प्रचण्ड) | वि.सं. २०६५-२०६६, २०७३।०४।१९-२०७४।०२।२३, २०७९।०९।१०-२०८१।३।३१ |
| ३३ | माधवकुमार नेपाल | वि.सं. २०६६/२/११-२०६७/ १० /२२ |

| | | |
|---|---|---|
| ३४ | झलनाथ खनाल | वि.सं. २०६७ माघ २३ - २०६८ भदौ ११ |
| ३५ | बाबुराम भट्टराई | वि.सं. २०६८ भदौ १२-२०६९ फागुन ३० |
| ३६ | खिलराज रेग्मी (मन्त्रिपरिषद्का अध्यक्ष) | वि.सं. २०६९ चैत्र १-२०७० माघ २८ |
| ३७ | सुशील कोइराला | वि.सं. २०७० माघ २८ - २०७२ असोज २४ |
| ३८ | केपी शर्मा ओली | वि.सं. २०७२ असोज २५ - २०७३ साउन १९, २०७४ फागुन ३ - २०७८ असार २८, २०८१ असार ३० देखि हालसम्म |

*स्रोत : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय*

**नेपालमा मानव बसोवास र राज्य व्यवस्थाको आरम्भसम्बन्धी साहित्यिक स्रोतको वर्णन**

पुरातात्विक स्रोतको अभावमा लिच्छविकालपूर्वको नेपालको इतिहास स्पष्ट हुन सकेको छैन । नेपालमा मानव सभ्यताको आरम्भको विषयमा थाह पाउन मौखिक परम्परामा आधारित भएर पछिल्लो समयमा लेखिएका वंशावली र पौराणिक स्रोतहरूमा भर पर्नुपर्ने अवस्था रहेको छ । यस्तै स्रोतहरूमध्येका डेनियल राइटले प्रकाशन गरेको एक वंशावली र स्वयम्भू पुराणमा वर्णन भएअनुसार आरम्भमा काठमाडौँ उपत्यकावरिपरिका पहाडमा घना जङ्गल थियो र बीचमा सुन्दर ताल रहेको थियो । यस सुन्दर तालछेउको पहाडमा मानुषी बुद्धमध्येका एक विपश्वी बुद्ध आफ्ना शिष्यहरूका साथमा आएर तपस्या गरेका थिए । उनैले यस तालमा कमलको फूल रोपी भविष्यमा यस तलाउ रहेको उपत्यकामा मानव बसोवास हुने भविष्यवाणी गरेका थिए । उनीपछि शिखी बुद्ध, विश्वंभू बुद्ध, तथा ककुच्छन्द बुद्धहरू पनि काठमाडौँ उपत्यकामा आएको वर्णन स्वयम्भू पुराण र वंशावलीमा गरिएको छ । स्वयंभू पुराणमा विपश्वी बुद्धले रोपेको सुन्दर र भव्य कमल फूलको दर्शन गर्न महाचीनबाट बोधिसत्व मञ्जुश्री यस तलाउमा आएको, तरबारले डाँडो काटेर पानीको निकास गराई यस उपत्यकामा मानव बसोवास गराएको, यहाँ मञ्जुपतन नामको सहर निर्माण गरेको तथा उक्त सहरमा धर्माकर नामका व्यक्तिलाई प्रथम राजा बनाई नेपालमा मानव सभ्यताको आरम्भ गराएको बताइएको छ ।

नेपाल महात्म्य पुराण र अन्य केही वंशावलीहरूमा भने उपत्यकाको पानी बाहिर निकास गराई मानव बसोवास गराउने श्रेय भगवान् कृष्ण र उनका छोरा प्रद्युम्नलाई दिएका छन् । यी वंशावली र पुराणहरूमा भने दक्षिणबाट आएर भगवान् कृष्ण र प्रद्युम्नले यहाँको तालको पानी थुनिराखेका महेन्द्रदमन, कच्छपासुर बाणासुर आदि दैत्यहरूलाई युद्धमा पराजित गरी सुदर्शन चक्रले चोभारको डाँडो काटेर पानीको

निकास गराएपछि यहाँ मानव बसोवास आरम्भ भयो र उनीहरूले आफ्नो साथमा ल्याएका गोपाल वंशका व्यक्तिहरूलाई यहाँको राजा बनाए भन्ने विवरण दिएका छन् । पुराण र वंशावलीको वर्णन यथार्थमा आधारितभन्दा यहाँ प्रचलनमा रहेको लोकविश्वासमा आधारित रहेको देखिन्छ। भूगर्भशास्त्रले पनि यहाँ आरम्भमा तलाउ रहेको र भौगर्भिक हलचलबाट उपत्यकाको पानी बाहिरिएपछि यहाँ मानव बसोवासको आरम्भ भएको बताएका छन् । वंशावली र पुराणले पनि यही कुराको सङ्केत गरेको हुनुपर्दछ ।

मध्यकालको आरम्भतिर लेखिएको गोपाल राजवंशावलीले काठमाडौं उपत्यकामा विकसित राज्य व्यवस्थाको वर्णन क्रमबद्ध रूपमा गरेको छ । पुरातात्विक स्रोत प्राप्त नहुने समयसम्मको राजनीतिक इतिहास यस्तै वंशावलीबाट मात्र थाहा पाउनुपर्ने बाध्यता रहेको छ। यस वंशावलीमा काठमाडौं उपत्यकामा श्रीकृष्णका साथमा आएका गोपाल वंशका सात पुस्तासम्मका राजाहरूले ५०५ वर्ष ३ महिना शासन गरेका वर्णन गरेको छ । यी गोपालहरू गुप्त थरका राजा भएको बताइएको छ । यसपछि तीन पुस्तासम्म महिषपाल वंशका सिंह थरका राजाहरूको शासन नेपालमा चलेको वर्णन गोपाल राजवंशावलीमा दिइएको छ। यस वंशावलीमा उल्लेख भएअनुसार महिषपालहरूले १६१ वर्ष दुई महिना शासन गरेका थिए । गोपाल र महिषपाल वंशका राजाको नाम र शासन वर्षका विषयमा अन्य वंशावलीहरूमा फरक-फरक विवरण दिइएको पाइन्छ। यीमध्ये गोपाल वंशावलीको विवरण बढी विश्वासिलो मानिन्छ ।

विभिन्न वंशावलीले महिषपाल वंशका अन्तिम राजाहरूलाई हराएर नेपालमा किराँत वंशको शासन चलेको वर्णन गरेका छन्। अधिक विश्वासिलो मानिने गोपाल राजवंशावलीले वर्णन गरेअनुसार किराँत वंशका ३२ शासकहरूले कुल १७०१ वर्ष शासन गरेका थिए । गोपाल वंशावलीले यस वंशका प्रथम राजा एलम बताएको छ भने अन्य वंशावलीले यलम्वर भनेका छन् । डेनियल राइटले प्रकाशित गरेको वंशावलीमा यस वंशका केही राजाहरूका गतिविधि पनि वर्णन गरिएको छ । राइट वंशावलीअनुसार किराँत वंशका छैटौं राजा हुमतिको राज्यकालमा महाभारत युद्ध भएको वर्णन गरिएको छ । उनी कौरवको पक्षबाट युद्धमा भाग लिन गएका थिए । सातौं राजा जितेदास्तीको राज्यकालमा गौतम बुद्धले नेपाल भ्रमण गरेको र चौधौं राजा स्थुंकोको राज्यकालमा मौर्य सम्राट अशोकले नेपाल भ्रमण गरेको बताइएको छ । यी वर्णनहरू ऐतिहासिक रूपले पुष्टि भने हुन सकेका छैनन् । वंशावलीको यस्तो वर्णनले नेपालमा किराँतहरूको लामो शासन सञ्चालनको ऐतिहासिक महत्त्वलाई संकेत गरेको बुझ्न सकिन्छ ।

किराँत राजाहरूलाई युद्धमा पराजित गरी नेपालमा भारतको वैशालीबाट आएका लिच्छविहरूको शासन चलेको थियो । लिच्छवि वंशको शासन आरम्भको समय यकिन

हुन सकेको छैन । इस्वीको सुरुवाततिर उनीहरू नेपाल आएको अनुमान गरिन्छ । यस वंशका प्रारम्भिक राजा थाहा हुन सकेको छैन । पशुपतिमा जयदेव द्वितीय नामका राजाले राखेको अभिलेखमा लिच्छवि वंशका प्रारम्भिक शासक सुपुष्प र जयदेव प्रथमले यहाँ व्यवस्थित राज्य सञ्चालन गरेका थिए । चाँगुनारायणको अभिलेखमा यसै वंशका वृषदेव, शंकरदेव र धर्मदेवले पनि शासन गरेको विवरण दिइएको छ । उनीहरू नेपालका प्रथम प्रमाणित राजा मानिने मानदेव प्रथमका जिजुबुबा,  हजुरबुबा र बुबा थिए । धर्मदेवपछि नेपालमा मानदेव राजा भए । उनले आफ्नो नाम र तिथिमितिसहितको अभिलेख राखेको हुँदा उनी प्रथम प्रमाणित राजा मानिन्छन् ।

**तालिका नं.** २.६

**नेपालका प्रमुख ऐतिहासिक घटनाक्रम**

| | |
|---|---|
| वसन्तदेवको राज्यारोहण | वि.सं. ५६३ |
| मानदेवको शासनकाल | शाके संवत् ३८६ देखि ४१३ |
| अंशुवर्माको उदय | वि.सं. ६६२ |
| नागराजद्वारा खस राज्यको स्थापना | इ. ११५० |
| खस साम्राज्यका क्राचल्लको राज्यरोहण | वि.सं. १२६४ |
| खस राजा जितारी मल्लद्वारा काठमाडौँ उपत्यकामा आक्रमण | वि.सं. १३४४ पौष, १३४५ फागुन, १३४६ फागुन |
| आदित्य मल्लद्वारा उपत्यकामा आक्रमण | वि.सं. १३८४ |
| नान्यदेव तिरहुत (सिम्रौनगढ)मा कर्णाटक राज्यको स्थापना | वि.सं. ११५४ |
| मल्लकालको उदय | वि.सं. १२५७ |
| प्रथम मल्ल राजा अरि मल्लको राज्यकाल | वि.सं. १२५७ -१२७४ |
| सिम्रौनगढका अन्तिम राजा हरिसिंहदेवमाथि दिल्लीका मुसलमान बादशाह गयासुद्दिन तुगलकद्वारा आक्रमण | कर्णाटक राज्य ध्वस्त वि.सं. १३८१ |
| जयस्थिति मल्लको राज्यारोहण | वि.सं. १३८० |
| बङ्गालका शासक समसुद्दिन इलियासद्वारा नेपालमाथि आक्रमण | वि.सं. १४०६ |
| यक्ष मल्लको राज्यकाल | वि.सं. १४२८-१५३९ |

| | |
|---|---|
| रत्न मल्लको राज्यकाल | वि.सं. १५४१-१५७७ |
| द्रव्य शाहद्वारा गोरखा राज्यको स्थापना | वि.सं. १६१६ |
| गोरखाका राजा राम शाहको राज्यकाल | वि.सं. १६६३-१६९० |
| प्रताप मल्लको राज्यकाल | वि.सं. १६९८-१७३१ |
| महेन्द्र मल्लको राज्यारोहण | वि.सं. १६१७ |
| सिद्धिनरसिंह मल्लद्वारा पाटनको कृष्णमन्दिरको स्थापना | वि.सं. १६९३ |
| भूपतिन्द्र मल्लको राज्यकाल | वि.सं. १७५३-१७७९ |
| पृथ्वीनारायण शाहद्वारा नुवाकोटमाथि पहिलो आक्रमण | वि.सं. १८०० |
| पृथ्वीनारायण शाहद्वारा नुवाकोटमाथि दोस्रो आक्रमण तथा विजय | वि.सं. १८०१ |
| कीर्तिपुरमाथि पहिलो आक्रमण | वि.सं. १८१४ जेठ १९ |
| मकवानपुरमाथि विजय | वि.सं. १८१९ भाद्र ९ |
| बङ्गालका नवाब मिरकासिमद्वारा गुरगिन खाँको नेतृत्वमा पठाइका सेनामाथि गोरखालीको विजय | सन् १७६३ जनवरी ३० |
| कीर्तिपुरमाथि दोस्रो आक्रमण | वि.सं. १८२१ असोज ४ |
| कीर्तिपुरमाथि तेस्रो आक्रमण तथा विजय | वि.सं. १८२२ चैत ३ |
| जयप्रकाश मल्लको सहयोगका लागि किनलकको नेतृत्वमा पठाइएको अङ्ग्रेज फौजमाथि गोरखाली आक्रमण तथा विजय | वि.सं. १८२४ |
| काठमाडौँ विजय | वि.सं. १८२५ भाद्र शुक्ल रविबार (इन्द्रजात्रा) का दिन |
| ललितपुर विजय | वि.सं. १८२५ |
| भक्तपुर विजय | वि.सं. १८२६ कात्तिक शुक्ल द्वादशी |
| पृथ्वीनारायण शाहको निधन | वि.सं. १८३१ |

| | |
|---|---|
| नेपाल र तिब्बतबीच व्यापारिक सन्धि | सन् १७७५ सेप्टेम्बर |
| नेपाल र गढवालबीचको शान्ति सम्झौता | सन् १७९१ |
| नेपाल-तिब्बतबीच पहिलो युद्ध | सन् १७८८-१७८९ |
| नेपाल-तिब्बतबीच केरुङ सन्धि | सन् १७८९ जुन २ |
| नेपाल-तिब्बतबीच दोस्रो युद्ध | सन् १७९२ अक्टुबर |
| नेपाल र इस्ट इन्डिया कम्पनीबीच व्यापारिक सन्धि | वि.सं. १८४९ वैशाख ३ |
| गोरखापत्र प्रकाशन | वि.सं. १९५८ |
| बासट्ठीहरण वा बिर्ताहरण | वि.सं. १८६२ |
| नेपाल-अङ्ग्रेज युद्ध | सन् १८१४-१८१६ |
| सुगौली सन्धि (नेपाल-अङ्ग्रेजबीच) | वि.सं. १८७२ फागुन २४ |
| पहिलो राजदूत एडवर्ड गार्डनर, बेलायत | सन् १८१६ मे |
| नेपाल-तिब्बतबीच तेस्रो युद्ध | सन् १८५५-१८५६ |
| थापाथली सन्धि नेपाल-तिब्बतबीच | वि.सं. १९१२ चैत्र |
| कोत पर्व | वि.सं. १९०३ असोज २ गते |
| भण्डारखाल पर्व | सन् १८४६ अक्टुबर ३१, (१९०३ कात्तिक १२) |
| अलौ पर्व | वि.सं. १९०४ साउन |
| जङ्गबहादुरलाई श्री ३ को उपाधि | वि.सं. १९१३ श्रावण |
| सन् १८७५ को भारत विद्रोहपछि जङ्गबहादुरले अङ्ग्रेजसँग सम्झौता गरी बाँके बर्दिया, कैलाली, कञ्चनपुर क्षेत्र अङ्ग्रेजबाट फिर्ता ल्याएका | वि.सं. १९१६ |
| नेपालको पहिलो मुलुकी ऐन | वि.सं. १९१० |
| सती प्रथा उन्मूलन | वि.सं. १९७७ |

| | |
|---|---|
| मकै पर्व | वि.सं. १९७७ |
| त्रिचन्द्र कलेज स्थापना | वि.सं. १९७५ |
| दास प्रथा उन्मूलन | वि.सं. १९८१ |
| आर्य प्रचारमा प्रतिबन्ध | वि.सं. १९८७ |
| लाइब्रेरी पर्व | वि.सं. १९८७ |
| प्रचण्ड गोरखा पर्व | वि.सं. १९८८ |
| नेपाल प्रजापरिषद्को स्थापना | वि.सं. १९९३ जेठ २० |
| अखिल भारतीय नेपाली कांग्रेसको स्थापना | वि.सं. २००२ माघ १२ |
| नेपाली प्रजातन्त्र कांग्रेसको स्थापना | सन् १९४९ |
| जोगबनी सम्मेलन | वि.सं. २००४ जेठ |
| प्रथम मजदुर हडताल | वि.सं. २००३ फागुन ११ |
| जयतु संस्कृतम् राणाशासनविरुद्ध सत्याग्रह | वि.सं. २००४ वैशाख १ |
| नेपाल वैधानिक कानुन घोषणा | वि.सं. २००४ माघ १३ |
| नेपाल प्रजा पञ्चायत | वि.सं. २००५ आश्विन |
| नेपाल कम्युनिस्ट पार्टीको स्थापना | वि.सं. २००६ भाद्र ३० |
| नेपाल-भारत मैत्री सन्धि | वि.सं. २००७ श्रावण |
| प्रजातन्त्रको घोषणा | वि.सं. २००७ फागुन ७ |
| नेपालको अन्तरिम शासन विधान | वि.सं. २००७ फागुन ७ |
| पहिलो आमनिर्वाचन | वि.सं. २०१५ |
| पञ्चायती व्यवस्थाको स्थापना | वि.सं. २०१७ पौष १ |
| नेपालको संविधान, २०१९ घोषणा | वि.सं. २०१९ पौष १ |
| गाउँफर्क अभियान | वि.सं. २०२८ |

| | |
|---|---|
| शान्ति क्षेत्र प्रस्ताव | वि.सं. २०३१ फागुन १३ |
| जनमतसङ्ग्रहको घोषणा | वि.सं. २०३६ जेठ १० |
| जनमतसङ्ग्रह | वि.सं. २०३७ वैशाख २० |
| सत्याग्रह | वि.सं. २०४२ |
| संयुक्त वाममोर्चाको गठन | वि.सं. २०४६ माघ २ |
| बहुदलीय व्यवस्थाको पुनर्बहाली | वि.सं. २०४६ चैत्र २६ |
| नेपाल अधिराज्यको संविधान, २०४७ | वि.सं. २०४७ कात्तिक २३ |
| नेकपा (एमाले) को स्थापना | वि.सं. २०४७ पौष २२ |
| प्रजातन्त्र पुनर्बहालीपछिको पहिलो आमनिर्वाचन | वि.सं. २०४८ वैशाख २९ |
| मध्यावधि निर्वाचन | वि.सं. २०५१ कात्तिक २९ |
| नेकपा माओवादीद्वारा सशस्त्र विद्रोह सुरु | वि.सं. २०५२ फागुन १ |
| आमनिर्वाचन २०५६ | वि.सं. २०५६ वैशाख २ र ३ |
| राजदरबार हत्याकाण्ड | वि.सं. २०५८ जेठ १९ |
| राजा ज्ञानेन्द्रबाट शाही घोषणा | वि.सं. २०६१ माघ १९ |
| नेपाल सरकार र माओवादीबीच विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर | वि.सं. २०६३ मङ्सिर ५ |
| नेपालको अन्तरिम संविधान, २०६३ जारी | वि.सं. २०६३ माघ १ |
| नेपालमा ऐतिहासिक संविधान सभाको निर्वाचन | वि.सं. २०६४ चैत्र २८ |
| संविधानसभाको पहिलो बैठक/गणतन्त्रको घोषणा शाहवंशीय राजतन्त्रको अन्त्य | वि.सं. २०६५ जेठ १५ |
| राजा ज्ञानेन्द्रबाट नारायणहिटी दरबार छाडेको | वि.सं. २०६५ जेठ २९ |

| | |
|---|---|
| राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सम्पन्न | वि.सं. २०६५ साउन ६ |
| गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवको शपथग्रहण | वि.सं. २०६५ साउन ८ |
| ने.क.पा. माओवादीका नेता पुष्पकमल दाहाल (प्रचण्ड)को अध्यक्षतामा पहिलो गणतान्त्रिक सरकार गठन | वि.सं. २०६५ भाद्र |
| पहिलो संविधानसभाको विघटन | वि.सं. २०६९ जेठ १४ |
| अन्तरिम चुनावी मन्त्रिपरिषद्को गठन | २०६९ चैत्र १ |
| दोस्रो संविधानसभाको निर्वाचन | ४ मङ्सिर २०७० |
| दोस्रो संविधानसभाको पहिलो बैठक | वि.सं. २०७० माघ ८ |
| अठारौँ सार्क शिखर सम्मेलन, काठमाडौँ | मङ्सिर ११-१२, २०७१ |
| सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन | वि.सं २०७१, माघ २६ |
| नेपालको संविधान | वि.सं. २०७२, असोज ३ |
| गणतन्त्र नेपालका दोस्रो राष्ट्रपतिमा श्री विद्यादेवी भण्डारी निर्वाचित | वि.सं. २०७२, कात्तिक ११ |
| नेपालको संविधानको पहिलो संशोधन | वि.सं. २०७२, फागुन १६ |
| राष्ट्रपतिमा श्री विद्यादेवी भण्डारी पुनःनिर्वाचित | वि.सं. २०७४ फागुन २९ |
| नेपालको नयाँ नक्सा जारी मिति | २०७७ जेठ ५ |
| राष्ट्रपतिमा श्री रामचन्द्र पौडेल निर्वाचित | २०७९ फागुन २५ |

**स्रोत : नेपाल परिचय**, २०८०

परिच्छेद : तीन

# नेपालको संवैधानिक विकासक्रम

## ३.१ नेपालको संवैधानिक विकासक्रम

राणाशासनको अन्त्यतिर २००४ साल माघ १४ का दिन राणा प्रधानमन्त्री पद्म शमशेरले घोषणा गरेको नेपाल सरकारको वैधानिक कानुन नै नेपालको पहिलो संविधान हो । यसअघि नेपालको इतिहासमा कुनै पनि लिखित वा अलिखित संविधानको रूपरेखा पाइँदैन । नेपालको संवैधानिक विकासलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### ३.१.१ नेपाल सरकारको वैधानिक कानुन, २००४

यो नेपालको पहिलो संविधान हो । वि.सं. २००४ माघ १३ गते विशालनगर दरबारबाट घोषित यो विधान वि.सं. २००५ वैशाख १ गतेदेखि लागू गरिने भनी उल्लेख गरिएको थियो । तर २००४ फागुन १८ गते प्रधानमन्त्री पद्म शमशेर भारतको प्रवासमा गएका र उनी नेपाल नफर्की उहीँबाट राजीनामा पठाएका थिए । उनका उत्तराधिकारी मोहन शमशेर जनतालाई कुनै अधिकार दिने पक्षमा नरहेकाले यो विधान लागू हुन सकेन । यो वैधानिक कानुन निर्माणका लागि भारतीय संविधान विशेषज्ञहरू श्रीप्रकाश, डा. रामउग्र सिंह र रघुनाथ सिंहलाई बोलाइएको थियो । देशमा व्यापक परिवर्तन गर्न २००५ वैशाख १ गतेदेखि लागू हुने गरी घोषणा भएको यो संविधान पहिलो थियो । यो वैधानिक कानुनमा ६ भाग, ६८ धारा र १ अनुसूची थिए ।

### ३.१.२ नेपालको अन्तरिम शासन विधान, २००७

राणाशासनको अन्त्यपछि वि.सं. २००७ साल फागुन ७ गते राजा त्रिभुवनबाट नेपालको अन्तरिम शासन विधान २००७ घोषणा भयो । यसमा राज्यका नीति, निर्देशक सिद्धान्तहरू, मन्त्रिमण्डल, आर्थिक कार्य प्रणाली, प्रधान न्यायालय,

लोकसेवा आयोग, निर्वाचन आयोग, संसद् सभाको व्यवस्था गरिएको थियो। यसमा ७ भाग, ७४ धारा र ४ परिच्छेद थिए। २००७ चैत्र २९ गतेदेखि पूर्ण रूपमा लागू भई कार्यान्वयनमा आएको यो संविधानमा ६ पटकसम्म संशोधन गरिएको थियो।

### ३.१.३ नेपाल अधिराज्यको संविधान, २०१५

वि.सं. २०१४ चैत्र ३ गतेका दिन भगवतीप्रसाद सिंहको अध्यक्षतामा गठित बेलायती संविधानविद् सर आइभर जेनिङसमेत संलग्न भएको पाँच-सदस्यीय संविधान मस्यौदा समितिले १० महिनाको अवधिमा मस्यौदा तयार गरी राजा महेन्द्रसमक्ष प्रस्तुत गरे। यस कमिसनका अन्य सदस्यहरू होराप्रसाद जोशी, रामराज पन्त र सूर्यप्रसाद उपाध्याय थिए। यो संविधान राजा महेन्द्रबाट २०१५ साल फागुन १ गते जारी भयो। संविधानको धारा ७३ र ७५ तुरुन्त लागू भए भने बाँकी धाराहरू २०१६ सालमा लागू भए। यसै संविधानको आधारमा ७ फागुन २०१५ देखि मुलुकमा प्रथम आमनिर्वाचन भयो। यसमा १०९ सदस्यीय प्रतिनिधिसभा, मन्त्रिमण्डल प्रतिनिधिसभाप्रति उत्तरदायी हुने, कार्यपालिका, व्यवस्थापिका, स्वतन्त्र न्यायपालिका, लोकसेवा आयोग, हिसाब जाँच र नागरिकहरूको मौलिक अधिकारहरूको व्यवस्था थियो। १० भाग, ७७ धारा र ३ अनुसूची भएको यो संविधान राजा महेन्द्रबाट वि.सं. २०१९ मा खारेज भयो।

### ३.१.४ नेपालको संविधान, २०१९

२०१७ पौष १ को राजा महेन्द्रको शाही कदमले २०१५ सालको संविधान अपदस्त भयो। वि.सं. २०१९ वैशाख २६ गतेका दिन ऋषिकेश शाहको अध्यक्षतामा शम्भुप्रसाद ज्ञवाली, प्रकाशबहादुर खत्री, अङ्गुरबाबा जोशी, डम्बरनारायण यादव सदस्यहरू र कुलशेखर शर्मा सदस्य-सचिव भएको संविधान निर्माण समितिले तयार गरेको मस्यौदामा मन्त्रिमण्डलका सदस्यहरूको समेत राय सल्लाह लिई यो संविधान वि.सं. २०१९ पौष १ गते राजा महेन्द्रबाट घोषणा भयो। लोकसम्मतिमा आधारित शासन व्यवस्था, विकेन्द्रीकरण र निर्दलीय पञ्चायती व्यवस्था यसका लक्ष्यहरू थिए। यसमा नागरिकहरूको मौलिक हक र कर्तव्य, पञ्चायत प्रणालीका नीति निर्देशक सिद्धान्त, राजसभा, मन्त्रिपरिषद्, लोकसेवा आयोग, कार्यपालिका, व्यवस्थापिका र स्वतन्त्र न्यायपालिकाको व्यवस्था गरिएको थियो। यसमा २०२३ माघ १४ गते पहिलो संशोधन, २०३२ साल मङ्सिर २६ गते दोस्रो संशोधन र २०३७ साल पौष १ गते तेस्रो संशोधन भएको थियो। २० भाग, ९७ धारा र ६ ओटा अनुसूची भएको नेपालको संविधान २०१९ छयालिस सालको जनआन्दोलनअघिसम्म चल्यो र २०४७ सालमा नेपाल अधिराज्यको संविधान २०४७ ले यसलाई विस्थापित गऱ्यो।

### ३.१.५ नेपाल अधिराज्यको संविधान, २०४७

जनआन्दोलनको फलस्वरूप निर्दलीय पञ्चायती व्यवस्था २०४६ चैत्र २६ गते धराशायी

भयो र २०४७ वैशाख ६ गते नेपाली कांग्रेसका कार्यवाहक सभापति कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा ११ सदस्यीय अन्तरिम मन्त्रिपरिषद्को गठन भयो। यसै मन्त्रिपरिषद्को कार्यकालमा नेपालको पाँचौं संविधानको रूपमा वि.सं. २०४७ कात्तिक २३ गते शुक्रबारका दिन नेपाल अधिराज्यको संविधान, २०४७ जारी भएको थियो।

२०४६ सालको ऐतिहासिक जनआन्दोलमार्फत ३० वर्षे पञ्चायती व्यवस्थाको समाप्तिपछि देशमा नयाँ संविधान निर्माणका निमित्त राजा वीरेन्द्रबाट सर्वोच्च अदालतका न्यायाधीश विश्वनाथ उपाध्यायको अध्यक्षतामा नौ-सदस्यीय "संविधान सुधार सुझाव आयोग" गठन भएको कुरा २०४७ वैशाख २८ गते घोषणा गरिएकामा यसको तीव्र विरोध भयो। २०४७ जेठ १ गते प्रधानमन्त्रीको सुझावबमोजिम मन्त्रिपरिषद्को परामर्शलाई समेत ध्यानमा राखी राजाबाट वि.सं. २०४७ जेठ १६ गते ३ महिनाभित्र आफ्नो सुझाव पेस गर्न पुनः विश्वनाथ उपाध्यायको अध्यक्षतामा नौ-सदस्यीय संविधान सुझाव आयोग गठन गरिएको थियो।

संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र, संसदीय शासन प्रणाली, जनतामा निहित सार्वभौमसत्ता, स्वतन्त्र र निष्पक्ष न्यायपालिकालाई अपरिवर्तनीय रूपमा स्थापना गरेको यो संविधानले नागरिकहरूको मौलिक हक र स्वतन्त्रताको संरक्षणमा जोड दिएको थियो। यस संविधानमा २३ भाग, १३३ धारा र ३ अनुसूची थिए। यसमा नागरिकको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, श्री ५, राजपरिषद्, कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, लोकसेवा आयोग, निर्वाचन आयोग, महान्यायाधिवक्ता आदिको व्यवस्था गरिएको थियो।

यस संविधानका आधारभूत विशेषता यस प्रकार थिए :

१. संविधान देशको मूल कानुनको रूपमा स्विकारिएको,
२. सार्वभौमसत्ता नेपाली जनतामा निहित,
३. नेपाललाई एक बहुजातीय, बहुभाषिक, प्रजातान्त्रिक, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, हिन्दू, संवैधानिक राजतन्त्रात्मक अधिराज्यको रूपमा स्वीकार गरिएको,
४. नागरिकका मौलिक हक र अधिकारको व्यवस्था,
५. राज्यका निर्देशक नीति तथा सिद्धान्तको स्पष्ट व्यवस्था गरिएको,
६. कार्यकारिणी अधिकार श्री ५ र मन्त्रिपरिषद्मा रहने व्यवस्था,
७. स्वतन्त्र न्यायपालिकाको व्यवस्था गरी न्याय सम्पादन गर्ने अधिकार अदालतलाई प्रदान गरिएको,
८. राजपरिषद्, लोकसेवा आयोग, महालेखा परीक्षक, निर्वाचन आयोग, अख्तियार दुरूपयोग अनुसन्धान आयोगजस्ता संवैधानिक निकायको व्यवस्था

गरी काम, कर्तव्य र अधिकारको स्पष्ट व्यवस्था गरिएको,

९. राजनीतिक दलसम्बन्धी व्यवस्था गरी ५ प्रतिशत महिला उम्मेदवार उठाउनुपर्ने र राष्ट्रिय दलको मान्यता पाउन जम्मा खसेको मतको तीन प्रतिशत मत ल्याउनुपर्ने व्यवस्था,

१० सङ्कटकालीन अवस्थाको घोषणा गर्ने अधिकार राजालाई प्रदान गरिएको,

११. संवैधानिक परिषद् र राष्ट्रिय सुरक्षा परिषद्को व्यवस्था आदि ।

वि.सं. २०६२/०६३ को जनआन्दोलनको सफलतासँगसँगै यो संविधान पनि निष्कृय भयो ।

### ३.१.६ नेपालको अन्तरिम संविधान, २०६३

दोस्रो जनआन्दोलनको सफलताको फलस्वरूप नेपालको इतिहासमा पहिलो पटक जनताका तर्फबाट नेपालको अन्तरिम संविधान, २०६३ माघ १ गते जारी भयो । नेपाल अधिराज्यको संविधान, २०४७ पछि छैटौं संविधानका रूपमा नेपालको अन्तरिम संविधान, २०६३ जारी भएको हो । यस संविधानको मस्यौदा सर्वोच्च अदालतका पूर्वन्यायाधीश एवम् २०४७ सालको संविधानको मस्यौदा समिति सदस्य लक्ष्मणप्रसाद अर्यालको संयोजकत्वमा गठित १६ सदस्यीय मस्यौदा समितिले तयार गरेको हो । २५ भाग, १६७ धारा भएको यस संविधानमा ४ अनुसूची रहेका थिए । यस संविधानलाई अन्तरिम व्यवस्थापिका-संसद्ले वि.सं. २०६३ माघ १ को राति ११.३५ बजे अनुमोदन गऱ्यो । यो संविधान १३ पटक संशोधन गरिएको थियो ।

**नेपालको अन्तरिम संविधान, २०६३ का विशेषता :**

१. दोस्रो जनआन्दोलनको भावना एवम् सो आन्दोलनका सहभागी आठ राजनीतिक दलको सामूहिक प्रयासबाट निर्मित,

२. नेपालको इतिहासमा पहिलो पटक जनताबाट घोषणा भएको संविधान,

३. नेपालको सार्वभौमसत्ता एवम् राजकीय सत्ता नेपाली जनतामा निहित,

४. नेपाललाई धर्मनिरपेक्ष राष्ट्रको रूपमा स्वीकार गरिएको,

५. कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित,

६. गणतन्त्रको स्थापना,

७. राष्ट्राध्यक्षको रूपमा राष्ट्रपतिको व्यवस्था,

८. व्यवस्थापिकाको काम संविधानसभाले गर्ने,

९. संविधानसभाको गठन हुने आधारको व्यवस्था गरी ६०१ जना सदस्य रहने प्रावधान,

१०. राष्ट्रिय मानवअधिकार आयोगलाई संवैधानिक अङ्गका रूपमा मान्यता,

११. निर्वाचनका निम्ति दल दर्ता गर्दा कम्तीमा १० हजार मतदाताको समर्थनसहितको

हस्ताक्षर आवश्यक,

१२. प्रधानसेनापतिको नियुक्ति, मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने,

१३. प्रधानमन्त्रीको अध्यक्षतामा रक्षा, गृह र प्रधामन्त्रीले तोकेका तीन जना मन्त्री रहने गरी राष्ट्रिय सुरक्षा परिषद्को गठन,

१४. संविधान संशोधन व्यवस्थापिका-संसद्को दुईतिहाइ बहुमतबाट हुन सक्ने,

१५. प्रधानमन्त्रीको अध्यक्षतामा प्रधानन्यायाधीश, सभामुख, विपक्षी दलको नेता र प्रधानमन्त्रीले तोकेका तीन जना मन्त्रीसहितको संवैधानिक परिषद् गठन हुने व्यवस्था,

१६. जुनसुकै अदालत, विशेष अदालत, सैनिक या अन्य कुनै अदालत या न्यायिक निकायबाट गरेका सजायलाई मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले माफी मुल्तवी, परिवर्तन वा कम गर्न सक्ने,

१७. मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले नेपाली राजदूत र अन्य विशेष प्रतिनिधिको नियुक्ति गर्ने,

१८. राज्यका तर्फबाट दिइने उपाधि, सम्मान र विभूषण मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट प्रदान गर्ने,

१९. राष्ट्रिय महत्त्वको कुनै पनि विषयमा जनमतसङ्ग्रह गर्न सकिने प्रावधान,

२०. बाधा अड्काउ फुकाउने अधिकार मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिमा रहने र त्यसको अनुमोदन एक महिनाभित्र संसद्ले गर्ने ।

**३.१.७ नेपालको संविधान**



पूर्व राष्ट्रपति रामवरण यादवज्यू नेपालको संविधान २०७२ जारी गर्नुहुँदै ।

नेपाली जनताले आफ्नो संविधान आफैँ बनाउने दशकौँ लामो चाहनालाई मूर्त रूप दिँदै दोस्रो संविधानसभाद्वारा निर्माण गरिएको नेपालको संविधान २०७२ असोज ३ गते आइतबार जारी भयो । यस संविधानले बहुलवादमा आधारित बहुदलीय

प्रतिस्पर्धात्मक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन व्यवस्था अंगीकार गरेको छ ।

### ३.१.७.१. **नेपालको संविधानका विशेषताहरू**

१. दोस्रो संविधानसभाले बनाएको सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान राष्ट्रपतिबाट २०७२ साल असोज ३ गते जारी भएको,

२. नेपालको इतिहासमा पहिलोपल्ट संविधानसभाले निर्माण गरी जारी गरेको संविधान,

३. नेपालको सार्वभौमसत्ता एवम् राजकीय सत्ता नेपाली जनतामा निहित,

४. यस संविधानमा विभिन्न ३१ ओटा मौलिक हकहरूको व्यवस्था गरिएको,

५. प्रत्येक नागरिकका लागि चारओटा कर्तव्य तोकिएको,

६. सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश तथा स्थानीय तह गरी तीन तहको हुने र नेपालमा सातओटा प्रदेश रहने व्यवस्था गरिएको,

७. नेपालको राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुनबमोजिम गर्ने व्यवस्था,

८. सङ्घ, प्रदेश र स्थानीय तहबीच राज्यशक्तिको बाँडफाँट गरिएको,

९. राष्ट्राध्यक्षको रूपमा राष्ट्रपति रहने व्यवस्था,

१० नेपालको कार्यकारिणीको अधिकार यो संविधान र कानुनबमोजिम मन्त्रिपरिषद्मा निहित रहने व्यवस्था,

११. राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक-फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नुपर्ने व्यवस्था,

१२. २७५ सदस्यीय प्रतिनिधिसभा र ५९ सदस्यीय राष्ट्रिय सभा नामका दुई सदनसहितको एक सङ्घीय व्यवस्थापिकाको व्यवस्था,

१३. सङ्घीय सदनमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एकतिहाइ सदस्य महिला हुनुपर्ने प्रावधान,

१४. प्रतिनिधिसभाको सभामुख र उपसभामुखमध्ये एक जना महिला हुने गरी निर्वाचन गर्नुपर्ने व्यवस्था गरिएको,

१५. राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षमध्ये एक जना महिला हुने गरी निर्वाचन गर्नुपर्ने व्यवस्था,

१६. प्रधानमन्त्री नियुक्त भएको पहिलो दुई वर्षसम्म र एक पटक राखेको अविश्वासको प्रस्ताव असफल भएको एक वर्षभित्र अविश्वासको प्रस्ताव पेस गर्न नपाउने व्यवस्था,

१७. नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित

सार्वभौमसत्ताको प्रतिकूल हुने गरी यो संविधान संशोधन गर्न नसकिने,

१८. प्रदेशको कार्यकारिणी अधिकार यो संविधान र प्रदेश कानुनबमोजिम प्रदेश मन्त्रिपरिषद्मा निहित हुने,

१९. प्रत्येक प्रदेशमा नेपाल सरकारको प्रतिनिधिको रूपमा राष्ट्रपतिद्वारा नियुक्त प्रदेश प्रमुख रहने व्यवस्था,

२०. प्रदेशको मन्त्रिपरिषद् मुख्यमन्त्रीको अध्यक्षतामा गठन हुने,

२१. प्रदेशको व्यवस्थापिका एकसदनात्मक हुने र यसको नाम प्रदेश सभा रहने,

२२. प्रदेश सभाका साठी प्रतिशत सदस्य पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम र चालीस प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालीबमोजिम निर्वाचित हुने व्यवस्था,

२३. स्थानीय तहको कार्यकारिणी अधिकार यो संविधान र सङ्घीय कानुनको अधीनमा रही गाउँपालिका वा नगरपालिकामा निहित हुने,

२४. जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाहरूबीच समन्वय गर्न जिल्ला सभाको व्यवस्था,

२५. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, लोकसेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारू आयोग र मुस्लिम आयोगको व्यवस्था,

२६. नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुने र देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा तोकिएको,

२७. राष्ट्रिय महत्त्वको कुनै पनि विषयमा जनमतसङ्ग्रहबाट निर्णय लिन सक्ने व्यवस्था गरिएको ।

### ३.१.७.२. **नेपालको संविधानमा उल्लेखित मौलिक हक र कर्तव्य**

नेपालको संविधानको भाग ३ मा निम्नानुसारका मौलिक हक र कर्तव्यहरूको व्यवस्था गरिएको छ, जसमध्ये मौलिक हक देहायबमोजिम रहेका छन् :

१. **सम्मानपूर्वक बाँच्न पाउने हक** (**धारा १६**)

२. **स्वतन्त्रताको हक** (**धारा १७**)

३. **समानताको हक** (**धारा १८**)

४ **सञ्चारको हक** (**धारा १९**)

५. **न्यायसम्बन्धी हक** (**धारा २०**)

६. **अपराधपीडितको हक** (**धारा २१**)

७. **यातनाविरुद्धको हक** (**धारा २२**)



संसद् भवन, काठमाडौँ

८. निवारक नजरबन्दविरुद्धको हक (धारा २३)

९. छुवाछुत तथा भेदभावविरुद्धको हक (धारा २४)

१०. सम्पत्तिको हक (धारा २५)

११. धार्मिक स्वतन्त्रताको हक (धारा २६)

१२. सूचनाको हक (धारा २७)

१३. गोपनीयताको हक (धारा २८)

१४. शोषणविरुद्धको हक (धारा २९)

१५. स्वच्छ वातावरणको हक (धारा ३०)

१६. शिक्षासम्बन्धी हक (धारा ३१)

१७. भाषा तथा संस्कृतिको हक (धारा ३२)

१८. रोजगारीको हक (धारा ३३)

१९. श्रमको हक (धारा ३४)

२०. स्वास्थ्यसम्बन्धी हक (धारा ३५)

२१. खाद्यसम्बन्धी हक (धारा ३६)

२२. आवासको हक (धारा ३७)

२३. महिलाको हक (धारा ३८)

२४. बालबालिकाको हक (धारा ३९)

२५. **दलितको हक** (**धारा** ४०)

२६. **ज्येष्ठ नागरिकको हक** (**धारा** ४१)

२७. **सामाजिक न्यायको हक** (**धारा** ४२)

२८. **सामाजिक सुरक्षाको हक** (**धारा** ४३)

२९. **उपभोक्ताको हक** (**धारा** ४४)

३०. **देशनिकालाविरुद्धको हक** (**धारा** ४५)

३१. **संवैधानिक उपचारको हक** (**धारा** ४६)

### ३.१.७.३ सङ्घीय शासकीय स्वरूप

नेपालको संविधानमा अनुसूची-५ देखि अनुसूची-९ सम्म सङ्घ, प्रदेश र स्थानीय तहका एकल तथा साझा अधिकारका सूचीको निम्नानुसार व्यवस्था गरिएको छ :

**अनुसूची-५**

**(धारा ५७ को उपधारा (१) र धारा १०९ सँग सम्बन्धित)**

**सङ्घको अधिकारको सूची**

| क्र.सं. | विषयहरू |
|---|---|
| १ | रक्षा र सेनासम्बन्धी |
| | क) राष्ट्रिय एकता र भौगोलिक अखण्डताको संरक्षण |
| | ख) राष्ट्रिय सुरक्षासम्बन्धी |
| २ | युद्ध र प्रतिरक्षा |
| ३ | हातहतियार, खरखजाना कारखाना तथा उत्पादनसम्बन्धी |
| ४ | केन्द्रीय प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय गुप्तचर तथा अनुसन्धान, शान्ति सुरक्षा |
| ५ | केन्द्रीय योजना, केन्द्रीय बैंक, वित्तीय नीति, मुद्रा र बैंकिङ, मौद्रिक नीति, विदेशी अनुदान, सहयोग र ऋण |
| ६ | परराष्ट्र तथा कूटनीतिक मामिला, अन्तर्राष्ट्रिय सम्बन्ध र संयुक्त राष्ट्रसङ्घसम्बन्धी |

| | |
|---|---|
| ७ | अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता, सुपुर्दगी, पारस्परिक कानुनी सहायता र अन्तर्राष्ट्रिय सीमा, अन्तर्राष्ट्रिय सीमा नदी, |
| ८ | दूरसञ्चार, रेडियो फ्रिक्वेन्सीको बाँडफाँट, रेडियो, टेलिभिजन र हुलाक |
| ९ | भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवाशुल्क दस्तुर, दण्ड जरिवाना |
| १० | सङ्घीय निजामती सेवा, न्याय सेवा र अन्य सरकारी सेवा |
| ११ | जलस्रोतको संरक्षण र बहुआयामिक उपयोगसम्बन्धी नीति र मापदण्ड |
| १२ | अन्तरदेशीय तथा अन्तरप्रदेश विद्युत् प्रसारण लाइन |
| १३ | केन्द्रीय तथ्याङ्क (राष्ट्रिय र अन्तर्राष्ट्रिय मानक र गुणस्तर) |
| १४ | केन्द्रीय स्तरका ठुला विद्युत्, सिँचाइ र अन्य आयोजना तथा परियोजना |
| १५ | केन्द्रीय विश्वविद्यालय, केन्द्रीय स्तरका प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन, केन्द्रीय पुस्तकालय |
| १६ | स्वास्थ्य नीति, स्वास्थ्य सेवा, स्वास्थ्य मापदण्ड, गुणस्तर र अनुगमन, राष्ट्रिय वा विशिष्ट सेवाप्रदायक अस्पताल, परम्परागत उपचार सेवा, सरुवा रोग नियन्त्रण |
| १७ | सङ्घीय संसद्, सङ्घीय कार्यपालिका, स्थानीय तहसम्बन्धी मामिला, विशेष संरचना |
| १८ | अन्तर्राष्ट्रिय व्यापार, विनिमय, बन्दरगाह, क्वारेन्टाइन |
| १९ | हवाई उड्डयन, अन्तर्राष्ट्रिय विमानस्थल |
| २० | राष्ट्रिय यातायात नीति, रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन |
| २१ | सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत तथा न्याय प्रशासनसम्बन्धी कानुन |
| २२ | नागरिकता, राहदानी, भिसा, अध्यागमन |
| २३ | आणविक ऊर्जा, वायुमण्डल र अन्तरिक्षसम्बन्धी |

| | |
|---|---|
| २४ | बौद्धिक सम्पत्ति (पेटेन्ट, डिजाइन, ट्रेडमार्क र प्रतिलिपि अधिकारसमेत) |
| २५ | नापतौल |
| २६ | खानी उत्खनन |
| २७ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वातावरण व्यवस्थापन, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा सिमसार क्षेत्र, राष्ट्रिय वन नीति, कार्बन सेवा |
| २८ | बिमा नीति, धितोपत्र, सहकारी नियमन |
| २९ | भूउपयोग नीति, बस्ती विकास नीति, पर्यटन नीति, वातावरण अनुकूलन |
| ३० | फौजदारी, देवानी कानुनको निर्माण |
| ३१ | सुरक्षित छापाखाना |
| ३२ | सामाजिक सुरक्षा र गरिबी निवारण |
| ३३ | संवैधानिक निकायहरू, राष्ट्रिय महत्त्वका आयोगहरू |
| ३४ | पुरातात्त्विक महत्त्वका स्थान र प्राचीन स्मारक |
| ३५ | सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको सूचीमा वा साझा सूचीमा उल्लेख नभएको कुनै विषय तथा यो संविधान र सङ्घीय कानुनमा नतोकिएको विषय |

## अनुसूची– ६

**(धारा ५७ को उपधारा (२), धारा १६२ को उपधारा (४), धारा १९७, धारा २३१ को उपधारा (३), धारा २३२ को उपधारा (७), धारा २७४ को उपधारा (४) र धारा २९६ को उपधारा (४) सँग सम्बन्धित)**

प्रदेशको अधिकारको सूची

| क्र.सं. | विषयहरू |
|---|---|
| १. | प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा |
| २. | नेपाल राष्ट्र बैंकको नीतिअनुरूप वित्तीय संस्थाहरूको सञ्चालन, सहकारी संस्था, केन्द्रको सहमतिमा वैदेशिक अनुदान र सहयोग |
| ३. | रेडियो, एफ.एम, टेलिभिजन सञ्चालन |
| ४. | घरजग्गा रजिस्ट्रेसन शुल्क, सवारीसाधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवाशुल्क दस्तुर, दण्ड जरिवाना |

| | |
|---|---|
| ५. | प्रदेश निजामती सेवा र अन्य सरकारी सेवा |
| ६. | प्रदेश तथ्याङ्क |
| ७. | प्रदेशस्तरको विद्युत्, सिँचाइ र खानेपानी सेवा, परिवहन |
| ८. | प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, सङ्ग्रहालय |
| ९. | स्वास्थ्य सेवा |
| १०. | प्रदेश सभा, प्रदेश मन्त्रिपरिषद्सम्बन्धी |
| ११. | प्रदेशभित्रको व्यापार |
| १२. | प्रदेश लोकमार्ग |
| १३. | प्रदेश अनुसन्धान ब्युरो |
| १४. | प्रदेश सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र अन्य आवश्यक विषय |
| १५. | प्रदेश लोकसेवा आयोग |
| १६. | भूमि व्यवस्थापन, जग्गाको अभिलेख |
| १७. | खानी अन्वेषण र व्यवस्थापन |
| १८. | भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग |
| १९. | प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन |
| २०. | कृषि तथा पशु विकास, कलकारखाना, औद्योगीकरण, व्यापार व्यवसाय, यातायात, |
| २१. | गुठी व्यवस्थापन |

**अनुसूची– ७**

**(धारा ५७ को उपधारा (३), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७ सँग सम्बन्धित)**

**सङ्घ र प्रदेशको साझा अधिकारको सूची**

| क्र.सं. | विषयहरू |
|---|---|
| १. | फौजदारी तथा देवानी कार्यविधि र प्रमाण र शपथ (कानुनी मान्यता, सार्वजनिक कार्य र अभिलेख र न्यायिक प्रक्रिया) |

| | |
|---|---|
| २. | आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन |
| ३. | देशको सुरक्षासँग सम्बन्धित विषयमा निवारक नजरबन्द, कारागार तथा हिरासत व्यवस्थापन र शान्ति सुरक्षाको व्यवस्था |
| ४. | एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण |
| ५. | पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्धविच्छेद, लोपोन्मुख, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी कानुन |
| ६. | सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकारको सृजना |
| ७. | करार, सहकारी, साझेदारी र एजेन्सीसम्बन्धी |
| ८. | टाट पल्टेको र दामासाहीसम्बन्धी |
| ९. | औषधि र विषादी |
| १०. | योजना, परिवार नियोजन र जनसङ्ख्या व्यवस्थापन |
| ११. | सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक विवादको समाधान, श्रमिकका हक, अधिकार र विवादसम्बन्धी कार्य |
| १२. | कानुन व्यवसाय, लेखापरीक्षण, इन्जिनियरिङ, चिकित्सा, आयुर्वेद चिकित्सा, पशुचिकित्सा, आम्ची र अन्य पेसा |
| १३. | प्रदेश सीमा नदी, जलमार्ग, वातावरण संरक्षण, जैविक विविधता |
| १४. | सञ्चारमाध्यमसम्बन्धी |
| १५. | उद्योग तथा खनिज र भौतिक पूर्वाधार |
| १६. | क्यासिनो, चिठ्ठा |
| १७. | प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभ |
| १८. | पर्यटन, खानेपानी तथा सरसफाइ |
| १९. | चलचित्र, सिनेमा हल, खेलकुद |
| २०. | बिमा व्यवसाय सञ्चालन र व्यवस्थापन |

| | |
|---|---|
| २१. | गरिबी निवारण र औद्योगीकरण |
| २२. | वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि र मानव संसाधन विकास |
| २३. | अन्तरप्रादेशिक रूपमा फैलिएको जङ्गल, हिमाल, वन संरक्षण क्षेत्र, जल उपयोग |
| २४. | भूमि नीति र सोसम्बन्धी कानुन |
| २५. | रोजगारी र बेरोजगार सहायता |

## अनुसूची– ८

**(धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित)**

### स्थानीय तहको अधिकारको सूची

| क्र.सं | विषयहरू |
|---|---|
| १. | नगर प्रहरी |
| २. | सहकारी संस्था |
| ३. | एफ.एम. सञ्चालन |
| ४. | स्थानीय कर (सम्पत्ति कर, घरबहाल कर, घरजग्गा रजिस्ट्रेसन शुल्क, सवारीसाधन कर), सेवाशुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत सञ्चालन |
| ५. | स्थानीय सेवाको व्यवस्थापन |
| ६. | स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन |
| ७. | स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरू |
| ८. | आधारभूत र माध्यमिक शिक्षा |
| ९. | आधारभूत स्वास्थ्य र सरसफाइ |
| १०. | स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता |

| | |
|---|---|
| ११. | स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिँचाइ |
| १२. | गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन |
| १३. | स्थानीय अभिलेख व्यवस्थापन |
| १४. | घरजग्गा धनी पुर्जा वितरण |
| १५. | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी |
| १६. | ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन |
| १७. | बेरोजगारको तथ्याङ्क संकलन |
| १८. | कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण |
| १९. | खानेपानी, साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा |
| २०. | विपद् व्यवस्थापन |
| २१. | जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण |
| २२. | भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास |

## अनुसूची– ९

(**धारा ५७ को उपधारा** (५), **धारा** १०९, **धारा** १६२ **को उपधारा** (४), **धारा** १९७, **धारा** २१४ **को उपधारा** (२), **धारा** २२१ **को उपधारा** (२) **र धारा** २२६ **को उपधारा** (१) **सँग सम्बन्धित**)

### सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची

| क्र.सं. | विषयहरू |
|---|---|
| १. | सहकारी |
| २. | शिक्षा, खेलकुद र पत्रपत्रिका |
| ३. | स्वास्थ्य |
| ४. | कृषि |
| ५. | विद्युत्, खानेपानी, सिँचाइ जस्ता सेवाहरू |

| | |
|---|---|
| ६. | सेवाशुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क |
| ७. | वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता |
| ८. | खानी तथा खनिज |
| ९. | विपद् व्यवस्थापन |
| १०. | सामाजिक सुरक्षा र गरिबी निवारण |
| ११. | व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क |
| १२. | पुरातत्व, प्राचीन स्मारक र सङ्ग्रहालय |
| १३. | सुकुमबासी व्यवस्थापन |
| १४. | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी |
| १५. | सवारीसाधन अनुमति |

परिच्छेद : चार

# नेपालको सार्वजनिक प्रशासन



सिंहदरबार, काठमाडौँ

राज्य शासन प्रणालीको उषाकालदेखि नै सार्वजनिक प्रशासनको अस्तित्व रहेको पाइन्छ । देशमा अमनचयन कायम गर्नु र जनतालाई राज्यबाट निर्धारित सेवा र सुरक्षा प्रदान गर्दै राज्य र नागरिकबीचको सम्बन्ध सुदृढ गर्नु सार्वजनिक प्रशासनको प्रमुख उद्देश्य एवम् दायित्व हो । नेपालको इतिहासलाई अध्ययन गर्दा काठमाडौँ उपत्यकामा गोपाल वंश, महिषपाल वंश, किराँत वंश, लिच्छवि वंश, मल्ल वंश र शाह वंशले राज्य गरेको; पश्चिम नेपालमा खस वंशले राज्य गरेको, दक्षिण-पश्चिम तराई क्षेत्र कपिलवस्तुमा शाक्य वंश, दक्षिण-पूर्व तराई क्षेत्रमा कर्णाट वंशीहरूले राज्य गरेको पाइन्छ । काठमाडौँ उपत्यकाको राजधानी काठमाडौँ, खस

राज्यको राजधानी सिँजा, कपिलवस्तुको राजधानी लुम्बिनी र कर्णाटवंशीको डोय (तिरहुत) को राजधानी सिम्रौनगढ थियो । साथै, दाङमा थारू जाति तथा जनकपुरमा मिथिलाभाषीले शासन गरेको पनि पाइन्छ। प्राचीन नेपालमा भौगोलिक टाकुरा, क्षेत्र र भूभागमा स-साना राज्यहरू भएका र ती राज्यमा आ-आफ्नै प्रकारको प्रशासन प्रणाली रहेको पाइन्छ। श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहले स-साना भुरेटाकुरे राज्यलाई एकीकरण गरी विशाल नेपाल निर्माणपश्चात् विकसित सार्वजनिक प्रशासनको विकास भएको पाइन्छ। नेपालको प्रशासनलाई समय अवधिका दृष्टिकोणले चार समूहमा विभाजन गरी अध्ययन गर्न उपयुक्त हुन्छ।

(१) प्राचीन काल (एकीकरणपूर्व)

(२) मध्यकाल (राणाशासनको अन्तसम्म)

(३) आधुनिक काल (प्रजातन्त्रको स्थापनापछि लोकतन्त्रको स्थापनासम्म)

(४) उत्तरआधुनिक काल (लोकतन्त्रको स्थापनापछि हालसम्म)

### ४.१ प्राचीन काल (वि.सं. १८२५ अगाडि)

सार्वजनिक प्रशासनको प्राचीन काल एकीकरणपूर्वको काल भएकाले यसले काठमाडौँ, खस प्रदेश, कपिलवस्तु, डोय राज्य, मिथिला प्रदेश, थारू क्षेत्रको प्रशासनलाई समेट्नुपर्ने हुन्छ। सरल शब्दमा भन्दा यस कालको प्रशासन कस्तो थियो भन्ने पक्ष खोजको विषयकै रूपमा रहेको पाइन्छ। यद्यपि यस समयको प्रशासन राजाकेन्द्रित हुन्थ्यो। राजा धर्मग्रन्थलाई आधार बनाई शासन गर्दथे। राजाका विश्वास पात्रलाई युद्ध र राजस्व सङ्कलनको जिम्मेवारी दिइएको हुन्थ्यो। पद र कामको विभाजन थिएन। सैनिक बलको विकासमा जोड दिइन्थ्यो।

प्राचीन नेपाल समयको गतिसँगै तीन खण्ड काठमाडौँ, तिरहुत र खस राज्यमा विभक्त हुन पुगेको थियो। जसलाई अन्धकारको समय पनि भनिन्छ। इतिहासलाई केलाउँदा लिच्छविकालमा राजाले शासन चलाउन मन्त्रिपरिषद् गठन गर्ने गर्थे। मन्त्रिपरिषद्मा अमात्य र मन्त्रीहरू नियुक्त गरिन्थे। शासनमा सहयोग गर्न सर्वदण्डनायक, दण्डनायक, महाप्रतिहार, प्रतिहारजस्ता अधिकारी नियुक्त हुन्थे। राज्यलाई विभिन्न ग्राम- विकसित बस्ती, तल- गाउँ बढ्दै समुन्नत रूप लिई विकसित ग्राम बस्ती, द्रङ- व्यापार केन्द्र, विषय- जिल्लास्तरीय प्रशासनिक एकाइ द्रङ (जिल्ला), ग्राम (गाउँ) र तल (बजार) मा विभाजन गरी विकेन्द्रित शासन गरिन्थ्यो। स्थानीय तहमा शासन पाञ्चाली (पाँच व्यक्तिको समूह) ले गर्दथ्यो।

मल्लकालमा पनि राजा सर्वेसर्वा थिए। राजापछि राजकुमार हुन्थे। यद्यपि शासनमा सहयोग पुऱ्याउन मन्त्री, सेनापति नियुक्त गर्दथे। आपसी प्रतिस्पर्धामा बाँच्नका लागि मल्ल राजाहरूले सेनामा धेरै खर्च गर्ने गर्दथे। प्राचीनकालमा राजतन्त्रात्मक शासन प्रणाली थियो। राजाहरू धार्मिक ग्रन्थ, नीतिशास्त्र एवम् धर्मज्ञाको आधारमा शासन

गर्दथे । सारमा प्राचीनकालीन प्रशासन न्याय, सैनिक र निजामती पदमा स्पष्ट विभाजन नभएको, कर्मचारीको काम, कर्तव्य, नियुक्ति, सरुवा-बढुवा शासकको स्वविबेकमा आधारित रहेको पाइन्छ ।

**लिच्छविकालीन प्रशासनिक निकायहरू :**

कुथेर : त्रिकर उठाउने अड्डा
पूर्वाधिकरण : पूर्वी भागको प्रशासन हेर्ने अड्डा
पश्चिमाधिकरण : पश्चिम भागको प्रशासन हेर्ने अड्डा
मठ्ठाधिकरण : जात, धर्मको रेखदेख गर्ने अड्डा
पिरलजाधिकरण : खास प्रयोजनमा प्रयुक्त
महाधिकरण : पुर्ख्यौली परम्परा गर्न लगाउने
विष्टि : श्रम बन्दोबस्त गर्ने
कुथेर अधिकरण : जग्गा जमिनको कुत उठाउने वा मालपोतको कार्य गर्ने
माप्चोक : विवाह, पारपाचुकेसम्बन्धी कार्य गर्ने
लिंगवल : कुलो, पैनी, बाँध, बाटोघाटोसम्बन्धी कार्य गर्ने
शुल्ली/शोल्ल अधिकरण : पञ्चपराध (चोरी, हत्या, परस्त्रीगमन, राजद्रोह र यसमा सघाउने) को छानबिन गरी न्याय दिने ।

लिच्छविकालमा त्रिकर प्रचलित थियो, त्रिकर मूलतः कृषि, पशुपालन र उद्योग, वाणिज्यलगायतको ।
भागकर : भूमि वा कृषिमा लाग्ने कर
भोगकर : पशुपालनमा लाग्ने कर
कर : उद्योग, वाणिज्य, व्यापारमा लाग्ने कर
यसैगरी कृषिमा करको सुरुवात लिच्छविकालमा व्यवस्थित किसिमले भएको पाइन्छ ।

**अन्य करहरू :**

सिकर : फर्निचरमा लाग्ने कर
चैलकर : कपडामा लाग्ने कर
तैलकर : तेलमा लाग्ने कर
आपणकर : पसलमा लाग्ने कर
मल्लयुद्धकर : साँढेजुधाइ, मनोरञ्जनमा

**लिच्छविकालका न्यायिक, सैनिक एवं प्रशासनिक पदहरू**

दुतक : मन्त्रीस्तरीय पदाधिकारी
द्वारे : ढोके
चारमट : कर उठाउने कर्मचारी
महासर्वदण्डनायक : प्रधानन्यायाधीश

सर्वदण्ड नायक : न्यायाधीश
दण्डनायक : प्रहरी प्रमुख
भट्ट : सिपाही
प्रधान : ग्राम प्रशासक
सामन्त : प्रशासक
प्रसादाधिकृत : कार्यालय प्रमुख
भट्टनायक : सेनाध्यक्ष
बलाध्यक्ष : सेनापति
महाबलाध्यक्ष : प्रधानसेनापति
गोल्मिक : सेनानायक
अमात्य : मन्त्रीस्तरीय अधिकारी
प्रतिहार : राजदरबार हेर्ने अधिकृत
महाप्रतिहार : राजदरबार हेर्ने प्रमुख
ढुटक : राजघोषणा प्रचार प्रसार गर्ने
युवराज : भावी राजा
दुत : कृषि, वन, सिँचाइ व्यापार हेर्ने ।

**मल्लकालीन न्यायिक, सैनिक एवं प्रशासनिक पदहरू :**
चौतारा : प्रधानमन्त्री
महाअमात्य : मन्त्रीसरहको पद
द्वारे : गाउँको झगडा हेर्ने
प्रधान : टोल हेर्ने अधिकारी
खरदार : देशभरिको भ्रमण गरी न्याय दिने
थकाली : पञ्चको मुख्य व्यक्ति
उमरा : सैनिक अधिकृत
कोटनायक : किल्लारक्षक
सामन्त : प्रशासक
उभय : सैनिक अधिकारी
छेभन्डेल : राजाको भण्डार वा अन्नको व्यवस्था गर्ने
चरिदार : अनुसन्धान अधिकृत
कोतवाल : शान्ति सुरक्षा हेर्ने
टक्सारी : सिक्का छाप्ने
महायात्र (पात्र) : स्थानीय शासक
परमात : भारदार, बडाहाकिम
प्रजापञ्च : गाउँ र नगर शासक
जिम्मावाल : दराको प्रशासकीय कर्मचारी

मुखिया : गाउँ स्तरको प्रशासक
भण्डारी : ढुकुटी हेर्ने
अधिकारी : प्रशासन हेर्ने
जोशी : ज्योतिष (दरबारको)
लेखक : सरकारी कागजपत्र लेख्ने

**प्राचीन कालमा परिभाषित गम्भीर अपराध**

चोरी, परस्त्रीहरण, राजद्रोह, गौहत्या, बालहत्या, स्त्रीहत्या, पितृहत्या, गुरुहत्या

**मल्लकालीन निकायहरू**

ढाल्पा : कुलो, नहर आदिको रेखदेख गर्ने
विषय : जिल्ला
पञ्चसमुच्चय : सानातिना झगडा हेर्ने, बुढापाकाको समूह,
भारदारी सभा : राजसभा
टकसारी : मुद्रा टकसरी गर्ने स्थान

### ४.२ मध्यकाल (वि.सं. १८२५–२००७)

पृथ्वीनारायण शाहले नेपालको पहिलो चरणको एकीकरण वि.सं. १८२६ (सन् १७६८) मा पूरा गरेका थिए । त्यस वेला राजाहरूले हिन्दू धर्मअनुसार शासन गर्दथे । राजा प्रशासनका सर्वेसर्वा थिए । शासन केन्द्रीकृत थियो । राजाले आफ्ना प्रिय पात्रलाई प्रशासनका महत्त्वपूर्ण पदमा नियुक्ति गर्दथे । यस कालको अन्तातिर नै राजालाई शक्तिहीन बनाएर राणा परिवारको निरङ्कुश जहानियाँ शासन चलेको थियो ।

द्रव्य शाहलाई गोरखा विजय गर्न सघाएका अर्याल, पाण्डे, खनाल, पन्त, बोहरा र राना ६ थरहरूलाई प्रशासनका महत्त्वपूर्ण पदमा पहिलो मौका दिइन्थ्यो । राणाकालको उदयपछि थरघरको स्थानमा कुँवर (राणा), बस्नेत र थापाको वर्चस्व कायम भएको थियो । यसकालमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको छुट्टै व्यवस्था थिएन । सबै अधिकार राजा वा राणामा निहित थियो । यद्यपि शासन सञ्चालनमा सल्लाह र परामर्श लिन भारदारको व्यवस्था थियो भने दैनिक कार्य सञ्चालनका लागि प्रशासनको व्यवस्था थियो ।

भारदारी पदमा नियुक्ति हुने कर्मचारी तुलनात्मक रूपमा राजा/राणाका नजिक हुन्थे । त्यस्ता पदमा गुरु, चौतारिया, काजी, सरदार, कपरदार, खजान्ची, ददा, द्वारे थिए । प्रशासकीय धर्माधिकारी, पूरोहित, कप्तान, मिरमुन्सी, वकिल, सुब्बा, डिट्ठा, खरदार, मुखिया, कोतवाल, विचारी, दरोगा, तहबिलदार, उमराओ, कोते जमदारजस्ता पदहरू थिए । यस कालमा गरिएका महत्त्वपूर्ण प्रशासकीय कार्य यस प्रकार रहेका छन् :

- पृथ्वीनारायण शाहले योग्य र सक्षम व्यक्तिलाई नियुक्ति र पदोन्नति गर्दै जाने उद्देश्यले सैनिक सेवामार्फत पजनी प्रणालीको सुरुवातका साथै युद्धमा वीरगति

प्राप्त गर्ने सैनिकहरूका परिवारलाई उनका सन्तानहरू नहुर्किउन्जेलसम्म भत्ताको रूपमा जग्गा प्रदान गर्ने मरवट नीति अवलम्बन गरेका,

- राणा प्रधानमन्त्री रणोद्दीप सिंहले कर्मचारीहरूलाई नगद ऋण दिने उद्देश्यले तेजारथ अड्डा स्थापना गरेका,
- वीर शमशेरले दौडाहा प्रथाको सुरुवात गरी प्रशासन सुधारको प्रयत्न गरेका,
- वि.सं. १९५० मा प्रशासकीय कार्य व्यवस्थित गर्न तराईमा १२ र पहाडमा २३ गरी ३५ जिल्लामा देशको भौगोलिक विभाजन वीर शमशेरले गरे । जसअनुरूप जिल्लामा प्रमुख प्रशासकको रूपमा बडाहाकिमको व्यवस्था गरियो ।
- देव शमशेरले कार्यालय समय १०-०५ निर्धारण गरेका थिए ।
- वि.सं. १९७४ मा खड्ग निशानको छाप चन्द्र शमशेरले चलनमा ल्याए,
- सरकारी सेवामा प्रवेश गर्न चार पास गर्नुपर्ने व्यवस्था गरी कर्मचारीलाई तालिम दिने व्यवस्थाको सुरुवात,
- भीम शमशेरले शनिबार बिदा दिने र कार्यालय समय १० बजे बिहानदेखि ४ बजे साँझसम्म कायम गर्नुका साथै काठमाडौंको डिल्लीबजारमा छरिएर रहेका सरकारी अड्डाहरूलाई एकै ठाउँमा राख्ने व्यवस्था गर्दै चारखाल अड्डाको स्थापना,
- जुद्ध शमशेरले सैनिक द्रव्य कोष खडा गरे । सैनिक र निजामती कर्मचारीलाई निवृत्तिभरण दिने व्यवस्था गरे ।

**विशेषता**

राज्य सञ्चालनको सम्पूर्ण अधिकार राजामा निहित थियो । प्रशासनका महत्त्वपूर्ण पदहरू ६ थरघरका व्यक्तिहरूलाई शाह राजाहरूले सुरक्षित गरेका थिए । राणाकालमा यस्ता पद राणा परिवारका सदस्यहरूलाई सुरक्षित गरिएका थिए । कर्मचारीको पजनी वार्षिक रूपमा गरिन्थ्यो र कर्मचारीलाई जिन्सी (बाली) र नगद तलब दिइन्थ्यो । सेना, न्याय र निजामती पदमा एकै पदाधिकारी रहने गर्दथे । राणाकालमा खर्च भई बचेको रकम प्रधानमन्त्रीको निजी ढुकुटीमा जान्थ्यो । प्रशासनिक नियम, कानुन पद्धति स्पष्ट थिएन, चाकडी प्रथा उच्च रूपमा थियो । शासकको इच्छामा कर्मचारीको नियुक्ति, सरुवा बढुवा, सेवा सुविधा निर्धारण हुन्थे । खासगरी प्रशासन केन्द्रीकृत, परम्परावादी र व्यक्तिमुखी थियो । राणाकालमा पद शृङ्खला प्रधानमन्त्री, मुख्तियारी, डाइरेक्टर जनरल, बडाकाजी, काजी, सरदार, मिरसुब्बा, सुब्बा, नायब सुब्बा, खरिदार, डिट्ठा, मुखिया, नायब मुखिया, राइटर, नायब राइटर, बहिदार कायम गरिएको थियो ।

**शाहकालीन पदहरू :**

काजी : विभागका प्रमुख र क्षेत्रीय प्रमुख
चौतारिया : जङ्गी सेवाका क्षेत्रीय र केन्द्रीय प्रमुख

खजान्ची : सरकारी खजानाको हाकिम
मन्त्री : राजालाई सल्लाह  दिने कार्यपालिका प्रमुख
सरदार : अडिटर औषधालयको प्रमुख
कपरदार : राजपरिवारको कपडा, गहनाको व्यवस्था गर्ने
मिरमुन्सी : विदेशी वा छिमेकी मुलुकसँग सम्बन्ध स्थापित गर्ने
चोवदार : चौकीदार, दरबान
वकिल :छिमेकी मुलुकमा नेपालका राजाको प्रतिनिधि
सुब्बा : जिल्लाका निजामती कर्मचारीहरूको प्रमुख
द्वारे : सरकारी कार्यलयका पाले, पहरेदार आदि

**राणाकालीन प्रशासनिक अड्डा :**

खड्ग निसाना अड्डा : श्री ३ को सचिवालय/प्रधानमन्त्रीको कार्यालय (चन्द्र शमशेर)

मुन्सीखाना : परराष्ट्र मामिलासम्बन्धी कार्य गर्ने अड्डा (भीमसेन थापा, रणबहादुर शाह)

कुमारीचोक : लेखापरीक्षण र नियन्त्रणसँग सम्बन्धित (पृथ्वीनाराण शाह)

जङ्गी बस्दोबस्ती अड्डा : सैनिक प्रशासनसम्बन्धी

कमाण्डरी किताबखाना : सरकारी कर्मचारीको अभिलेख राख्ने

बिन्तीपत्र निक्सारी अड्डा : न्यायसम्बन्धी कार्य गर्ने सर्वोच्च अड्डा

मुलुकी बन्दोबस्ती अड्डा : देशको प्रशासन सञ्चालन र निरीक्षण गर्ने

कडेंलचोक : गरगहनाको व्यवस्था गर्ने (जङ्गबहादुर राणा)

**४.३ आधुनिक काल (वि.सं. २००७–२०६३)**

मध्यकालीन निरङ्कुशतन्त्र चाकडी, भनसुन, मनपरीढङ्गले निजामती कर्मचारीको भर्ना, अवैज्ञानिक बढुवा एवम् सरुवा र आवश्यक योग्यता भएका कर्मचारी आदिको अभावको अवस्थाबाट मुलुक प्रजातान्त्रिक शासन प्रणालीमा प्रवेश गर्दा देशमा प्रशासनिक क्षेत्र मजबुत थिएन । यसै तथ्यलाई मनन गरी २००७ सालको राजनीतिक परिवर्तनसँगै प्रशासन सुधार प्रारम्भ गरियो । २००७ सालको परिवर्तनपछिको मन्त्रिमण्डलका गृहमन्त्री रहेका बि.पी. कोइरालाले गृह मन्त्रालयमा प्रशासनिक प्रमुखको रूपमा सचिव पदको सिर्जना गरेका थिए । नेपालको अन्तरिम शासन विधान, २००७ को व्यवस्थाबमोजिम २००८ असार १ मा निजामती कर्मचारीको नियुक्ति निष्पक्ष र तटस्थ रूपमा स्वतन्त्र निकायबाट गर्ने उद्देश्यले लोकसेवा आयोगको स्थापना भएको थियो । २००९ मा भारतीय प्रशासनविद् एनएम बुचको अध्यक्षतामा प्रशासन सुधारका लागि समिति बन्यो र सुधारका लागि सुझावहरू दियो ।

२०१३ सालमा तत्कालीन प्रधानमन्त्री टंकप्रसाद आचार्यको अध्यक्षतामा प्रशासन



प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पुनर्गठन योजना आयोग बन्यो । यस आयोगले निजामती प्रशासनको सुधार र विकासका निमित्त आधारशिला स्थापना गऱ्यो । यस आयोगको सुझावबमोजिम सर्वप्रथम निजामती सेवा ऐन र नियमावलीको व्यवस्था गरी विधिसम्मत बनाउने अभ्यास भयो । यसै संविधानमा लोकसेवा आयोगबाट सिफारिस भएको व्यक्ति मात्र निजामती सेवामा प्रवेश पाउने, योग्यताका आधारमा श्रेणी विभाजन, दक्षता अभिवृद्धिका लागि तालिमको व्यवस्था, सङ्गठनात्मक सुधार एवं सेवा समूहको व्यवस्था गरी निजामती सेवामा व्यवसायीकरणको सुरुआत गरियो । २०१५ मा लोकसेवा आयोगले योग्यता प्रणालीअनुरूप भर्ना आरम्भ गरेसँगै निजामती प्रशासनमा औपचारिक रूपमा योग्यता प्रणालीको आरम्भ भएको हो । २०१८ वैशाख १ मा नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरिएसँगै प्रशासनिक संरचनासमेत सोहीअनुरूप पुनःसंरचना भयो । सबै जिल्लामा प्रशासनिक एकाइहरू स्थापना भए । अन्तर्राष्ट्रिय सम्बन्धसमेत विकास र विस्तार हुँदै जाँदा विदेशमा कूटनीतिक निकायहरूको स्थापना भयो । पञ्चायत प्रणालीअन्तर्गत विकेन्द्रीकरणसम्बन्धी सुझाव पेस गर्न विश्वबन्धु थापाको अध्यक्षतामा प्रशासन शक्ति विकेन्द्रीकरण आयोग गठन गरियो । २०२२ सालमा जिल्लास्थित प्रशासकीय प्रमुखका रूपमा प्रमुख जिल्ला अधिकारीको व्यवस्था गरियो । यसपछि राजनीतिक शासन प्रणालीसँगसँगै २०२५ सालमा वेदानन्द झाको अध्यक्षतामा प्रतिबद्ध प्रशासन प्रणालीको विकास गर्ने उद्देश्यले र २०३२ सालमा भेषबहादुर थापाको अध्यक्षतामा विकास प्रशासनलाई सक्षम बनाउने

उद्देश्यले प्रशासन सुधारका प्रयास भए, जसले प्रशासनलाई आधुनिक बनाउन थप सुधारहरू गर्न सम्भव तुल्यायो । २०४७ सालको प्रजातान्त्रिक सरकारले उदार र प्रजातान्त्रिक नेपाल अधिराज्यको संविधान, २०४७ ल्याएपछि नेपालको प्रशासनमा सुधार र आधुनिकीकरण गर्न २०४८ सालमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको अध्यक्षतामा उच्चस्तरीय प्रशासन सुधार आयोग बनायो । आयोगले आफ्नो प्रतिवेदनमा नेपालको प्रशासन सुधारका लागि देहायबमोजिमका सुझावहरू पेस गरेको थियो :

१. सरकारका कार्यक्षेत्रमा सङ्कुचन एवम् सरकारी नियन्त्रण खुकुलो गर्दै जनजीवनका क्षेत्रमा निजी क्षेत्रको सहभागितालाई उत्प्रेरित गर्नुपर्ने
२. प्रशासकीय सङ्गठनको पुनर्गठन गर्नुपर्ने
३. सुधार कार्यक्रमको अनुगमन प्रक्रियालाई सुनिश्चित गर्ने
४. योजना र विकास प्रक्रिया पुनर्गठन गर्नुपर्ने
५. निजामती सेवालाई विशेषज्ञ सेवा बनाउनुपर्ने
६. कर्मचारीको वृत्ति विकास, सरुवा र पदस्थापनलाई व्यवस्थित गर्न तथा कर्मचारीको सेवा सुरक्षामा जोड दिइनुपर्ने
७. निजामती सेवाको ऐन नियममा समसामयिक सुधार गर्न तथा कर्मचारीको कार्यविवरण लागू गर्न तथा कार्यसम्पादन मूल्याङ्कनमा सुधार गर्न जोड गर्नुपर्ने
८. प्रजातान्त्रिक शासन प्रणालीमा मन्त्री र निजामती कर्मचारीहरूबीचको सम्बन्ध व्यवस्थापन गर्नुपर्ने
९. सरकारी कार्यप्रणाली र कार्यविधिमा सरलीकरण गरी उत्पादक बनाउनुपर्ने
१०. विकेन्द्रीकरण तथा निजीकरण गर्ने
११. भ्रष्टाचार नियन्त्रण गर्ने

आयोगले दिएका केही सुझावहरूका आधारमा निजामती सेवा ऐन, २०४९ र नियमावली २०५० जारी गरी कार्यान्वयन गरियो, जसले गर्दा नेपाल सरकारको कार्यक्षेत्रमा कमी आएको र सेवा प्रवाहका क्षेत्रमा निजी क्षेत्रको संलग्नता बढ्न गएको छ । कर्मचारीको सशक्तीकरण, सेवाको सुरक्षा, वृत्ति विकासका अवसर विस्तार, ट्रेड युनियनको व्यवस्था भएको छ । यद्यपि सुधार सधैँका लागि पर्याप्त हुँदैन, यो निरन्तर प्रक्रिया हो । यसै समयमा २०५५ मा स्थानीय स्वायत्त शासन ऐन, २०५५ लागू गरी स्थानीयस्तरसम्म प्रशासनिक संयन्त्रको प्रभावकारितामा जोड दिइएको पाइन्छ । निजामती सेवामा सुधारका लागि आ.व. २०५७/०५८ मा शासकीय सुधार परियोजना सञ्चालनमा आयो र त्यसले समावेशी निजामती सेवा बनाउन पहल गरेको थियो ।

### ४.४ उत्तरआधुनिक काल (वि.सं. २०६३ देखि हालसम्म)

प्रशासन सुधारको निरन्तरताको चरणमा दोस्रो जनआन्दोलनको परिणामस्वरूप लोकतन्त्रको स्थापनापश्चात् निजामती सेवा ऐन, २०४९ को दोस्रो संशोधन (२०६४/४/२३) ले निजामती सेवालाई समावेशी, लैङ्गिकमैत्री र सेवाग्राहीउन्मुख बनाएको छ। सेवालाई समावेशी बनाउनका लागि नेपालको अन्तरिम संविधान २०६३ अनुरूप निजामती सेवा ऐनमा महिला, आदिवासी जनजाति, मधेसी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्रका लागि खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई एक सय मानी उल्लिखित विभिन्न समूहहरूका लागि क्रमशः ३३, २७, २२, ९, ५ र ४ प्रतिशत आरक्षण गरिएको छ। ऐनमा महिलाका लागि विभिन्न शीर्षकमा सकारात्मक विभेदको व्यवस्था पनि गरिएको छ। २०६४ सालमा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ जारी गरी राजनीति र प्रशासनबीच सीमाङ्कनका साथै मुख्य सचिव, सचिव, विभागीय प्रमुख, कार्यालय प्रमुखलगायतका पदाधिकारीहरूको जिम्मेवारी किटानका अतिरिक्त नागरिक बडापत्र, सरकारी निकायले वेबसाइट प्रयोग गर्ने, कम्प्युटरीकृत सूचना प्रविधिलाई व्यवहारमा ल्याउनेलगायतका व्यवस्थामार्फत सार्वजनिक प्रशासन र सार्वजनिक सेवाको सुदृढीकरण गरेको छ। २०६५ सालमा नेपाललाई सङ्घीय गणतन्त्रको ढाँचाअनुसारको प्रशासनिक संयन्त्र र संरचना बनाउन सरकारलाई सिफारिस गर्नका लागि सामान्य प्रशासनमन्त्रीको अध्यक्षतामा उच्चस्तरीय प्रशासन पुनःसंरचना आयोग गठन भएको, जसले नेपाली सेना र नेपाल प्रहरीबाहेक सार्वजनिक प्रशासन क्षेत्रको समग्र सुधारका लागि सरकारसमक्ष महत्त्वपूर्ण सिफारिसहरू पेस गरेको थियो। साथै, २०७० मा प्रशासकीय अदालतका अध्यक्ष काशीराज दाहालको संयोजकत्वमा उच्चस्तरीय प्रशासन सुधार सुझाव समिति, २०७० गठन भएको थियो। सो समितिले प्रशासन सुधारका लागि समग्र शासन व्यवस्थामा परिवर्तनका लागि सुझाव प्रतिवेदन प्रस्तुत गरेको छ। यो प्रतिवेदन कार्यान्वयनलगायतका सुधारका कार्यहरू गर्नका लागि नियमित संरचनाको रूपमा कार्य गर्न स्थायी प्रकृतिको प्रशासन सुधार कार्यान्वयन तथा अनुगमन समिति गठन भएको छ।

२०७२ असोज ३ मा संविधानसभाबाट संविधान जारी भएसँगै नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको छ। नेपालको संविधानले नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको छ। सोहीबमोजिम तीन तहहरूबीच स्वशासन र साझा शासनको अवधारणाअनुरूप राज्यशक्तिको बाँडफाँटसमेत गरिएको छ। वर्तमान संविधानको धारा २८५ ले सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले आ-आफ्नो प्रशासन सञ्चालनका लागि निजामती र अन्य सरकारी सेवाको गठन र सञ्चालन गर्न सक्ने अधिकार दिएको छ। कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम निजामती सेवामा

कार्यरत कर्मचारीहरूलाई सङ्घ, प्रदेश र स्थानीय तहमा समायोजन गरी सङ्घीय ढाँचाअनुरूप नै प्रशासनको पुनःसंरचना सम्पन्न भएको छ । जसअन्तर्गत केन्द्रमा सङ्घीय सरकार, सात प्रदेश सरकार र ७५३ स्थानीय तहअन्तर्गत विविध निकायहरू खडा गरी प्रशासनिक व्यवस्था सञ्चालन गरिएको छ र सेवा प्राप्त गर्नु आमनागरिकको हक हो भन्ने मान्यतालाई आत्मसात् गर्दै प्रशासनिक संयन्त्रलाई सेवाग्राहीमुखी बनाउने प्रयास पनि भएको छ ।

नेपालको सार्वजनिक प्रशासन देशको जनसङ्ख्याको तुलनामा ठुलो छैन । यसले सरकारका निर्णयहरू कार्यान्वयन गर्ने र जनतालाई सेवा पुऱ्याउने कार्य राजनीतिक उथलपुथल एवम् कमजोर आर्थिक अवस्थामा पनि निरन्तर रूपमा सम्पादन गर्दै आएको छ । वर्तमानमा सङ्घीयता अवलम्बनसँगै नागरिकको घरआँगनमा अधिकारसम्पन्न प्रशासनिक निकायको व्यवस्था भएको छ । यसबाट नागरिकले नजिकैको निकायबाट नियमित, विकासात्मक र आकस्मिक सेवालगायतका शासकीय लाभहरू सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी रूपमा प्राप्त गर्दै प्रशानिक संयन्त्रको सक्रियतामार्फत शासन प्रणालीमा अधिक जनसहभागिता सुनिश्चित हुने देखिन्छ ।

### ४.५ नेपालको सार्वजनिक प्रशासनको विद्यमान संरचना

वर्तमान संविधानको धारा ५६ ले राज्यको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहने व्यवस्था गरेको छ । सोहीअनुरूप नेपालको सार्वजनिक प्रशासनको विद्यमान संरचनासमेत तीन तहमा वर्गीकरण गरिएको छ ।

१. **सङ्घीय प्रशासनिक संरचना** : सङ्घीय सरकारसँग प्रत्यक्ष सरोकार र सम्बन्ध भएका अर्थात् सङ्घीय सरकारका गतिविधिहरू सञ्चालन गर्ने प्रशासनिक संरचनाहरू नै केन्द्रीय प्रशासनिक संरचना हुन् । नेपालको संविधानको अनुसूची ५, ७ र ९ तथा अवशिष्ट अधिकारसमेतको अभ्यास गर्ने यी संरचनाहरूले केन्द्रीय नीति निर्माणमा सहयोग, स्वीकृत नीति तथा कार्यक्रमहरूको कार्यान्वयन, सेवा प्रवाह, मातहतका तथा अन्य निकायहरूलाई निर्देशन, नियन्त्रण, समन्वय, सुपरिवेक्षणलगायतका कार्यहरू गर्दछन् । यसअन्तर्गत राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नेपाल सरकारका विभिन्न मन्त्रालयहरू तथा यिनका मातहतका विभाग, सचिवालय, कार्यालयहरू, तीन तहको न्यायपालिका, संवैधानिक निकायहरू, सङ्घीय संसद्, निजामती सेवा, नेपाली सेना, नेपाल प्रहरी आदि पर्दछन् ।

२. **प्रादेशिक प्रशासनिक संरचना** : नेपालको संविधानको अनुसूची ४ मा नेपालमा ७ ओटा प्रदेश रहने व्यवस्था गरेको छ । प्रदेश सरकारअन्तर्गत रही संविधानको अनुसूची ६, ७ र ९ बमोजिमका कार्यहरू सञ्चालन गर्ने प्रशासनिक संरचनाहरू प्रादेशिक प्रशासनिक संरचना हुन् । यसअन्तर्गत सातै प्रदेशका प्रदेश प्रमुखको



राष्ट्रपतिको कार्यालय, शितल निवास

कार्यालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित विभिन्न प्रादेशिक मन्त्रालय तथा यिनका मातहतका निकाय र कार्यालय, प्रदेश सभा, प्रदेश प्रहरी आदि पर्दछन् ।

३. **स्थानीय प्रशासनिक संरचना** : स्थानीय तहअन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा पर्दछन् । हाल नेपालमा ७७ जिल्ला सभा, ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका गरी ७५३ स्थानीय तह रहेका छन् । यिनै स्थानीय तहअन्तर्गत रही संविधानको अनुसूची ८ र ९ बमोजिमका प्रशासनिक कार्य सञ्चालन गर्ने संरचनाहरू स्थानीय प्रशासनिक संरचना हुन् । यसअन्तर्गत गाउँ कार्यपालिका, नगर कार्यपालिका, वडा कार्यालय, न्यायिक समिति, जिल्ला सभा, गाउँसभा, नगरसभा, नगर प्रहरी तथा अन्य स्थानीय सेवाहरू पर्दछन् ।

✦✦✦

परिच्छेद : पाँच

# नेपालको आर्थिक विकास



धान रोप्दै रोपार

नेपाल विकासोन्मुख मुलुक हो । संयुक्त राष्ट्रसङ्घले सन् १९७१ मा नेपाल अतिकम विकसित राष्ट्र भएको उल्लेख गरेको थियो । नेपालमा न्यून प्रतिव्यक्ति आय, राष्ट्रिय आम्दानीको असमान वितरण, अधिकांश जनता कृषिमा निर्भर रहनु तथा रोजगारीमूलक व्यावसायिक शिक्षाको अभाव आदि कारणले गर्दा नेपाल विश्वका गरिब मुलुकहरूको सूचीमा रहँदै आएको छ । गरिबीका अन्य कारणमा बसाइँसराइ, शिक्षाको अभाव, जनचेतनाको अभाव, भूपरिवेष्ठित अर्थतन्त्र, आयातमा बढी जोड तथा प्राकृतिक साधनहरूको उचित सदुपयोगको अभाव आदि रहेका छन् ।

कृषिमा आधारित जनसङ्ख्या, विप्रेषणमा आधारित अर्थतन्त्र, गरिबी, भूपरिवेष्ठित अर्थतन्त्र, अल्पविकसित देश, राष्ट्रिय आयको असमान वितरण, असन्तुलित क्षेत्रीय

विकास, प्राकृतिक स्रोतको कम उपयोग, सानो आकारको वैदेशिक व्यापार, मिश्रित अर्थतन्त्र, विदेशी सहायतामा निर्भर अर्थतन्त्र, मानव संसाधनको न्यून विकास, प्रचुर सम्भावनाबीच न्यून पर्यटकीय व्यवसाय, सांस्कृतिक सम्पदाको न्यून उपयोग, न्यून ऊर्जा उपयोग, न्यून आर्थिक विकास दर आदि वर्तमान नेपालको उन्नत आर्थिक विकासमा बाधकको रूपमा रहेका छन् । UN ले नेपाललाई सन् २०२६ सम्ममा विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने भनिएको छ ।

**५.१ नेपालमा योजनाबद्ध विकास**

निश्चित लक्ष्य तथा उद्देश्य प्राप्त गर्न निश्चित समयावधिभित्र केन्द्रीय अधिकारीहरूद्वारा नियोजित रूपले गरिने अर्थतन्त्रमाथिको नियन्त्रण तथा निर्देशन नै योजना हो ।

योजनामा पूर्ण रोजगारी, असमानता घटाउँदै जाने, गरिबी घटाउने, साधनस्रोतको सदुपयोग गर्ने, आर्थिक विकासको गति तीव्र बनाउने, सन्तुलित विकास प्रोत्साहित गराउने, आत्मनिर्भरतातर्फ उन्मुख हुने, सामाजिक सुरक्षा र आर्थिक स्थिरता प्रदान गर्ने जस्ता उद्देश्यहरू अन्तर्निहित हुन्छन् ।

नेपालमा योजनाको इतिहास त्यति धेरै पुरानो छैन । १०४ वर्षसम्म नेपालको शासनको बागडोर राणाहरूले हातमा लिए पनि योजनाबद्ध विकासका लागि खास कदमहरू चालेनन् । यद्यपि राणा प्रधानमन्त्री जुद्धशमशेरले २० वर्षीय योजनाको घोषणा गरेका थिए । तर, यसलाई कार्यान्वयनमा ल्याइएन । राजनीतिक स्थिरता र दिशाबोध स्पष्ट नभएका कारणले गर्दा २००७ सालपछि आर्थिक योजनाको सुरुवात नभए तापनि यस सम्बन्धमा प्रशस्त गृहकार्य भए । २००८ सालमा पहिलोपल्ट बजेटको व्यवस्था भयो । वि.सं. २०१३ सालदेखि नेपालमा योजनाबद्ध विकासको थालनी भएको हो । यी विभिन्न योजनालाई सङ्क्षेपमा तल प्रस्तुत गरिएको छ :

**५.१.१ प्रथम पञ्चवर्षीय योजना** (२०१३–२०१८)

प्रथम पञ्चवर्षीय योजना वि.सं. २०१३ साल आश्विन १ गतेदेखि सुरु भई २०१८ साल श्रावण मसान्तसम्ममा पूरा भएको थियो ।

**उद्देश्य**

(क) उत्पादन र रोजगारी वृद्धि गर्ने

(ख) भेदभावरहित तरिकाले जनताको जीवनस्तरमा सुधार ल्याउने

(ग) भविष्यमा योजनाका लागि पूर्वाधार तयार गर्ने क्रममा आवश्यक आर्थिक सर्वेक्षणहरू सम्पन्न गर्ने

**प्राथमिकता**

(क) यातायात र सञ्चार

(ख) सिँचाइ ऊर्जा र वन

(ग) कृषि तथा कृषिजन्य उत्पादन

(घ) सामाजिक सेवा

(ङ) उद्योग, खानी र पर्यटन

**५.१.२ दोस्रो त्रिवर्षीय योजना** (२०१९–२०२२)

दोस्रो त्रिवर्षीय योजना २०१९ सालदेखि सुरु भई २०२२ सालमा पूरा भयो ।

**उद्देश्य**

(क) बढ्दो जनसङ्ख्याको आवश्यकता पूरा गर्न कृषि तथा औद्योगिक क्षेत्रको उत्पादन वृद्धि गर्ने

(ख) मूल्य स्थिरता कायम गरी विकासको वातावरण सिर्जना गर्ने

(ग) श्रममूलक प्रविधिको प्रयोग गरी रोजगारीका अवसरहरू बढाउने

(घ) न्यायोचित सामाजिक व्यवस्था कायम गर्ने

**प्राथमिकता**

(क) यातायात र सञ्चार

(ख) सामाजिक सेवा

(ग) उद्योग, खानी तथा पर्यटन

(घ) कृषि, सिँचाइ, वन तथा खानेपानी

(ङ) ऊर्जा (Energy)

(च) विविध

**५.१.३ तेस्रो पञ्चवर्षीय योजना** (२०२२–२०२७)

तेस्रो पञ्चवर्षीय योजना वि.सं. २०२२ सालमा सुरु भई २०२७ सालमा समाप्त भएको थियो । यस योजनाले १५ वर्षभित्र राष्ट्रिय उत्पादनलाई दोब्बर गर्ने लक्ष्य लिएको थियो । यसअनुसार राष्ट्रिय आयमा १९ प्रतिशत, प्रतिव्यक्ति औसत आय ९ प्रतिशत, खाद्यान्न उत्पादनमा १५ प्रतिशत र नगदेबालीमा ७३ प्रतिशतले वृद्धि गर्ने लक्ष्य रहेको थियो ।

**उद्देश्य**

(क) कृषि क्षेत्रको खाद्यान्न उत्पादनमा वृद्धि ल्याउने

(ख) कृषिमा व्यवस्थामूलक सुधार गर्ने

(ग) आधारभूत क्षेत्रहरू विकास गर्दै लैजाने

(घ) औद्योगिक विकासको पूर्वाधार सिर्जना गर्ने

(ङ) वैदेशिक व्यापारमा विविधता ल्याउने

(च) सामाजिक आवश्यकता पूरा गर्दै जाने

**प्राथमिकता**

(क) यातायात र सञ्चार

(ख) कृषि, सिँचाइ, वन तथा खानेपानी

(ग) उद्योग

(घ) सामाजिक सेवा

(ङ) अन्य (विविध)

**५.१.४ चौथो पञ्चवर्षीय योजना** (२०२७–२०३२)

चौथो पञ्चवर्षीय योजना वि.सं. २०२७ मा सुरु गरी २०३२ सालमा पूरा भयो ।

**उद्देश्य**

(क) उत्पादन वृद्धिमा अधिकतम जोड दिने

(ख) विकासका आधारभूत आवश्यकताहरू पूरा गर्दै लैजाने

(ग) व्यापार विविधीकरण र व्यापार विस्तारलाई अधिक महत्त्व प्रदान गर्ने

(घ) आर्थिक स्थिरता र विकास गतिमा गतिशीलता ल्याउने

(ङ) श्रमशक्तिको अधिकतम उपयोग र जनसङ्ख्या नियन्त्रणतर्फ ध्यान दिने

(च) शोषणरहित समाज सिर्जनाको आधार तयार पार्ने

**प्राथमिकता**

(क) यातायात र सञ्चार

(ख) कृषि, भूमिसुधार तथा वन

(ग) उद्योग, वाणिज्य, खानी तथा विद्युत्

(घ) पञ्चायत, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक सेवाहरू

(ङ) तथ्याङ्क

**५.१.५ पाँचौँ पञ्चवर्षीय योजना** (२०३२–२०३७)

**उद्देश्य**

(क) जनसाधारणका लागि आवश्यक पर्ने उत्पादन वृद्धिमा जोड दिने

(ख) श्रमशक्तिको अधिकतम उपयोग गर्ने

(ग) प्रादेशिक सन्तुलन कायम गरी प्रादेशिक एकीकरणतर्फ जोड दिने

**प्राथमिकता**

(क) कृषि, भूमिसुधार, सिँचाइ, वन, भूसंरक्षण र पुनर्वास

(ख) यातायात र सञ्चार

(ग) उद्योग, वाणिज्य, विद्युत् तथा खानी

(घ) सामाजिक सेवा (शिक्षा, स्वास्थ्य आदि)

**५.१.६ छैटौं पञ्चवर्षीय योजना** (२०३७–२०४२)

**उद्देश्य**

(क) उत्पादन वृद्धिदरमा तीव्रता ल्याउने

(ख) उत्पादनशील रोजगारीका अवसरहरू सिर्जना गर्ने

(ग) जनताको न्यूनतम आधारभूत आवश्यकता पूरा गर्ने

**प्राथमिकता**

(क) कृषि, सिँचाइ तथा वन

(ख) उद्योग, खानी र विद्युत्

(ग) सामाजिक सेवाहरू

(घ) यातायात र सञ्चार

**नीतिहरू**

(क) कृषि क्षेत्रको विकासतर्फ विशेष जोड दिने

(ख) साना, घरेलु र कुटीर उद्योगहरूको विकासलाई महत्त्व दिने

(ग) निकासी व्यापार र पर्यटनको विकासमा जोड दिने

(घ) प्राकृतिक स्रोत सम्पादको संरक्षण र जलस्रोतको विकासतर्फ विशेष ध्यान दिने

(ङ) तयारी आधारशिलाको पूर्ण उपयोग गरिने

(च) अर्थतन्त्रको सोचन क्षमता (Absorptive Capacity) विस्तार र जनसङ्ख्या नियन्त्रण गर्ने नीतिहरू अनुसरण गरिने छ ।

**रणनीति**

(क) आर्थिक निर्णय विकेन्द्रीकरण

(ख) संस्थागत आधारहरूको विकास

(ग) सुदृढ तथा सक्षम विकास प्रशासन

(घ) तालिमप्राप्त जनशक्ति विकास

(ङ) निर्माण सामग्रीको आपूर्तिमा वृद्धि

**५.१.७ सातौँ पञ्चवर्षीय योजना** (२०४२–२०४७)

सातौँ पञ्चवर्षीय योजना वि.सं. २०४२ देखि सुरु भई २०४७ सालमा पूरा भयो ।

**उद्देश्य**

(क) उत्पादन दरमा वृद्धि ल्याउने

(ख) उत्पादनशील रोजगारीका अवसरहरू सिर्जना गर्ने

(ग) जनताका न्यूनतम आवश्यकताहरू पूरा गर्दै लैजाने

**प्राथमिकता**

(क) कृषि, सिँचाइ तथा वन

(ख) उद्योग र विद्युत्

(ग) सामाजिक सेवाहरू

(घ) यातायात र सञ्चार

**नीतिहरू**

(क) कृषि क्षेत्रको विकासमा सर्वोपरि प्राथमिकता दिइने

(ख) वनसम्पदाको विकास र भूसंरक्षणमा जोड दिने

(ग) जलस्रोतको विकासमा जोड दिने

(घ) घरेलु उद्योगको विकास तथा विस्तार प्रोत्साहित गरिने

(ङ) निकासी व्यापार प्रवर्द्धनका लागि अधिक जोड दिने

(च) पर्यटन विकासमा जोड दिने

(छ) जनसङ्ख्या वृद्धिदरमा नियन्त्रण गरिने

(ज) आर्थिक एकीकरण गर्ने

(झ) विकास प्रशासनलाई सुदृढ र सक्षम बनाउने

**५.१.८ आठौँ पञ्चवर्षीय योजना** (२०४९–२०५४)

आठौँ पञ्चवर्षीय योजना वि.सं. २०४९ देखि २०५४ सालसम्म सञ्चालन भएको थियो । यस योजनाका प्रमुख उद्देश्य निम्नानुसार थिए :

१) दिगो आर्थिक वृद्धि हासिल गर्ने

२) गरिबी घटाउने

३) क्षेत्रीय असन्तुलन कम गर्ने

**प्राथमिकता**

(क) कृषि सघनता र विविधीकरण

(ख) ऊर्जा विकास

(ग) ग्रामीण पूर्वाधार विकास

(घ) रोजगारी सिर्जना र जनशक्ति विकास

(ङ) जनसङ्ख्या वृद्धिमा नियन्त्रण

(च) औद्योगिक विकास र पर्यटन प्रवर्द्धन

(छ) निर्यात विस्तार, विविधीकरण

(ज) समष्टिगत आर्थिक स्थायित्व

(झ) विकास प्रशासनमा सुधार

(ञ) अनुगमन र मूल्याङ्कन ।

**क्षेत्रगत नीतिहरू**

(क) कृषि उत्पादन वृद्धिमा भौगोलिक क्षेत्रीय (Agro-ecological zone) उपयुक्ततालाई अधिक प्राथमिकता दिइने

(ख) लाभदायक र निर्यातमूलक कृषि उपजको व्यवसायीकरण र विविधीकरणतर्फ जोड दिने

(ग) औद्योगिक बाली उत्पादनमा उच्च प्राथमिकता प्रदान गर्ने

(घ) कृषि प्रसार कार्यमा प्रभावकारिता ल्याउने (गाउँले, कृषक कार्यकर्ताहरू उपयोग गरिने)

(ङ) कृषि उत्पादन र उत्पादनका साधनबारेमा निजी क्षेत्रको सहभागिता वृद्धितर्फ अधिक महत्त्व प्रदान गरिने

(च) कृषि अनुसन्धान तथा कृषि प्रसारतर्फ जोड दिइने

(छ) कृषि लगानी प्रक्रियालाई सकेसम्म सरल बनाउने

(ज) सहकारीको विकास तथा विस्तारमा जोड दिइने

**५.१.९ नवौँ पञ्चवर्षीय योजना** (२०५४–२०५९)

**उद्देश्य**

राष्ट्रको विकास अगाडि बढाउँदै लैजाने उद्देश्यअनुरूप २० वर्षे दीर्घकालीन विकास अवधारणासँग तादात्म्य कायम गरी राष्ट्रको प्रमुख चुनौतीको रूपमा रहेको गरिबीलाई दीर्घकालीन र प्रभावकारी रूपमा घटाउन 'गरिबी निवारण' गर्ने एक मात्र मूल उद्देश्य नवौँ योजनाले राखेको थियो ।

**प्राथमिकता**

(क) कृषि तथा वन

(ख) जलस्रोत

(ग) मानव संसाधन र सामाजिक विकास

(घ) औद्योगीकरण, पर्यटन विकास र अन्तर्राष्ट्रिय व्यापार

(ङ) भौतिक पूर्वाधार

**नीति**

(क) आर्थिक सुधारको प्रक्रिया अथवा पद्धति सुदृढ पार्दै आर्थिक वृद्धिदर फराकिलो बनाउँदै लगिने

(ख) दीर्घकालीन कृषि योजना कार्यान्वयन गरी कृषि क्षेत्रको विकास तथा विस्तार कार्यक्रम अगाडि बढाउने

(ग) भू-स्वामित्वको समस्या निराकरण गर्दै भूमिमाथि भूमिहीन किसानको पहुँच बढाउँदै कृषिको उत्पादकत्व बढाउने तथा कृषिमाथि आधारित उद्योगहरूको विकास तथा विस्तारद्वारा आम्दानी र रोजागारीका अवसरहरू सिर्जना गरी गरिबीको समस्या कम गर्दै लैजाने

(घ) जनसहभागितालाई मुख्य आधार बनाउँदै विकेन्द्रीकरण, स्थानीय विकास तथा मानवीय संसाधन विकासको माध्यमबाट पिछडिएका जाति जनजातिहरूको आर्थिक तथा सामाजिक उत्थान गर्ने

(ङ) उद्यमशील र सिपमूलक तालिमको सञ्चालन तथा विस्तारद्वारा स्वरोजगारी र रोजगारका अवसरहरू प्राप्त गर्न सामर्थ्यवान् जनशक्ति उत्पादन गरिने । त्यस्ता कार्यक्रमलाई गरिबी निवारणको प्रमुख माध्यम बनाई प्राविधिक सहायता, सरसल्लाह, ऋण प्रवाहजस्ता सेवाहरू व्यापक रूपमा ग्रामीण तहसम्म विस्तार गरिने

(च) कृषि, घरेलु तथा साना उद्योग र पर्यटन क्षेत्रको विकासलाई ग्रामीण तहसम्म विस्तार गरी आयआर्जन र रोजगारीका अवसरहरूमा व्यापकता ल्याउने ।

(छ) साधनको सीमिततातर्फ ध्यान दिई साधनलाई सकेसम्म छिटो र ज्यादा प्रतिफल दिने, रोजगारीमूलक न्यायोचित वितरणलाई सघाउ पुऱ्याउने खालका कृषि, साना उद्योग र पर्यटनतर्फ केन्द्रित गरिने

(ज) वैदेशिक व्यापारमा निकासी व्यापारलाई अधिकतम प्रोत्साहित गरिने । व्यापार विविधीकरणको नीति अनुसरण गर्दा तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक वातावरण तयार गर्न कानुनी र संस्थागत पूर्वाधार विकास गर्दै लगिने

(झ) आर्थिक तथा सामाजिक पूर्वाधारको व्यापक विकास तथा विस्तारद्वारा अर्थतन्त्रको उत्पादन र उत्पादन क्षमता बढाउँदै लैजाने

**५.१.१० दशौँ पञ्चवर्षीय योजना** (२०५९–२०६४)

**उद्देश्य**

१. देशमा विद्यमान गरिबीको अवस्थाबाट उन्मुक्तिसहित एक सुसंस्कृत, आधुनिक एवम् प्रतिस्पर्धात्मक क्षमतायुक्त जनसमाज सिर्जना गर्ने (दीर्घकालीन उद्देश्य) ।

२. सरकार, स्थानीय निकाय, गैरसरकारी क्षेत्र, निजी क्षेत्र र नागरिक समाजको संयुक्त सहभागितामा स्रोत साधनहरूको समुचित परिचालन गर्दै आर्थिक अवसर एवम् रोजगारीका क्षेत्रहरू विस्तार गर्ने र सशक्तीकरण, मानवीय विकास, सुरक्षा तथा लक्षित कार्यक्रममार्फत महिला, दलित, दुर्गम क्षेत्रका बासिन्दालगायत अति गरिब एवम् पिछडिएका वर्गको साधन तथा आर्थिक उपलब्धिहरूमा पहुँच वृद्धि गर्दै आर्थिक, मानवीय एवम् सामाजिक परिसूचकहरूको सुधार गरी गरिबी घटाउने । (अल्पकालीन अथवा दशौँ योजनाको उद्देश्य)

**विशेष जोड दिइएका क्षेत्रहरू**

राष्ट्रिय प्राथमिकता, विद्यमान समस्या र विकास सम्भावनाका आधारमा दशौँ योजनामा विशेष जोड दिइने निम्नअनुसारका क्षेत्रहरू पहिचान गरिएका थिए :

क) कृषि विकास, प्राकृतिक स्रोतको दिगो व्यवस्थापन तथा जैविक विविधता
ख) ग्रामीण पूर्वाधारहरूको विकास तथा ग्रामीण ऊर्जा
ग) जनसङ्ख्या एवम् सामाजिक सेवा र आधारभूत सामाजिक सुरक्षा
घ) निजी क्षेत्रको भूमिकामा पर्यटन, जलस्रोत, सूचना प्रविधि तथा औद्योगिक एवम् व्यापारिक क्षेत्रहरूको विकास
ङ) मानवीय संसाधनको विकास र महिला सशक्तीकरण
च) दलित, जनजाति तथा विपन्न वर्गको उत्थान एवम् रोजगारी तथा आधारभूत सुरक्षाका लागि लक्षित कार्यक्रम
छ) स्थानीय विकास तथा गैरसरकारी एवम् सामुदायिक संस्थाहरूको सुदृढीकरण
ज) दुर्गम क्षेत्र एवम् क्षेत्रगत विकासमा जोड
झ) ग्रामीण प्रविधिमा परिमार्जन एवम् उच्च प्रविधिको प्रयोग
ञ) सुशासनको प्रत्याभूति र अभिवृद्धि
ट) वातावरण संरक्षण तथा प्रवर्द्धन
ठ) राष्ट्रिय एवम् क्षेत्रीय स्तरका पूर्वाधारहरूको विकास

**रणनीति**

(१) उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि
(२) सामाजिक क्षेत्र र पूर्वाधार विकास
(३) लक्षित कार्यक्रम
(४) सुशासन

**५.१.११ एघारौँ त्रिवर्षीय अन्तरिम योजना** (२०६४/०६५–२०६६/०६७)

जनआन्दोलन २०६२-०६३ पछिको त्रिवर्षीय अन्तरिम योजनाले समृद्ध, आधुनिक र न्यायपूर्ण नेपालको निर्माण गर्ने दीर्घकालीन सोचअनुरूप रोजगारीमूलक, गरिबी निवारणउन्मुख फराकिलो आर्थिक वृद्धि हासिल गर्ने; सुशासन प्रवर्द्धन तथा सेवा प्रवाहमा प्रभावकारिता बढाउन भौतिक पूर्वाधार विकासमा लगानी वृद्धि गर्ने, सामाजिक विकासलाई जोड दिने; समावेशी विकास र लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने उद्देश्य लिएको थियो। भौतिक संरचनाहरूको पुनर्निर्माण र पुनःस्थापना; द्वन्द्व प्रभावितहरूलाई राहत, पुनःस्थापना तथा सामाजिक एकीकरण र समायोजन; विकासका सबै संरचना, क्षेत्र र प्रक्रियाहरूमा उपेक्षित समुदाय, क्षेत्रको समावेशीकरण, कृषि, पर्यटन तथा उद्योगलाई टेवा पुग्ने विद्युत् विकास,

सडक, सिँचाइ तथा सञ्चार जस्ता भौतिक पूर्वाधारको विकास तथा शिक्षा, स्वास्थ्य, खानेपानी सरसफाइको विकासमार्फत मानव संसाधनको विकासलाई योजनाले प्राथमिकता दिएको थियो ।

### ५.१.१२ **बाह्रौं त्रिवर्षीय योजना** (२०६७/०६८–२०६९/०७०)

**दीर्घकालीन सोच**

आगामी दुई दशकभित्रमा नेपाललाई अतिकम विकसित मुलुकबाट विकासोन्मुख मुलुकमा रूपान्तरण गरी क्रमशः समृद्ध, शान्त, न्यायपूर्ण नेपाल बनाउने यस योजनाको दीर्घकालीन सोच रहेको छ। यस अवस्थामा नेपालमा उच्च आर्थिक वृद्धि हासिल भई गरिबीको रेखामुनि रहेको जनसङ्ख्या न्यून रहने छ र नेपाल एक समृद्ध आधुनिक राष्ट्रको रूपमा विकसित भएको हुने छ। देशका सबै क्षेत्रमा शान्ति र सुशासन कायम भएको अवस्था हुने छ। सबै नेपालीहरूले आफ्नो भविष्य सुनिश्चित गर्नका लागि समान अवसर उपयोग गरेका हुने छन् । समाजमा कानुनी, सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, आर्थिक, जातीय, लैङ्गिक, शारीरिक र भौगोलिकसमेतका सबै प्रकारका विभेद र असमानता अन्त्य भएको हुने छ ।

**लक्ष्य**

सन् २०१५ सम्ममा सहस्राब्दी विकास लक्ष्यहरू प्राप्त गर्न सम्मानजनक र लाभजन्य रोजगारी सिर्जना गर्ने, आर्थिक असमानता घटाउने, क्षेत्रीय सन्तुलन हासिल गर्न र सामाजिक वञ्चितीकरणलाई हटाउँदै आम नेपालीको जीवनस्तरमा सुधार ल्याउने र दिगो आर्थिक वृद्धिमार्फत गरिबीलाई २१ प्रतिशतमा पुऱ्याउने लक्ष्य रहेको थियो ।

**उद्देश्य**

रोजगारीकेन्द्रित समावेशी तथा समन्यायिक आर्थिक वृद्धि गरी गरिबी निवारण र दिगो शान्ति स्थापनामा सघाउ पुऱ्याउँदै आमजनताको जीवनमा परिवर्तनको प्रत्यक्ष अनुभूति दिलाउनु यस योजनाको प्रमुख उद्देश्य रहेको थियो ।

**रणनीति**

यस योजनाले समष्टिगत रणनीतिमा रोजगारीकेन्द्रित फराकिलो आर्थिक वृद्धि हासिल गर्ने भावी सङ्घीय प्रदेशहरू र क्षेत्रीय सन्तुलनलाई समेत ध्यानमा राख्दै विकासका पूर्वाधारहरू सिर्जना गर्ने; समावेशी तथा समन्यायिक विकास गर्ने, मुलुकको आर्थिक सामाजिक रूपान्तरणलाई सघाउ पुऱ्याउने, सुशासन एवम् सेवा प्रवाहलाई प्रभावकारी बनाउने र विकासमा मूल प्रवाहीकरण गर्नेसमेतका निम्न रणनीतिहरू अघि सारेको थियो :

१. सरकारी, निजी, सामुदायिक र सहकारी सबै क्षेत्रको संयुक्त प्रयासमा रोजगारीमूलक तथा गरिबी निवारणउन्मुख दिगो र फराकिलो आर्थिक

विकास हासिल गर्ने

२. देशको भावी सङ्घीय स्वरूपलाई टेवा पुऱ्याउने र प्रादेशिक आर्थिक वृद्धिसमेतलाई सहयोग पुग्ने गरी भौतिक पूर्वाधार तयार गर्ने

३. दिगो शान्ति हासिल गर्न समावेशी तथा समन्यायिक विकासलाई जोड दिने

४. आर्थिक, सामाजिक सेवा सुदृढ गरी राज्यको आर्थिक सामाजिक रूपान्तरणमा सघाउ पुऱ्याउने

५. सुशासनको प्रत्याभूति गरेर सेवा प्रवाहलाई प्रभावकारी तुल्याउँदै विकास कार्यलाई नतिजामुखी बनाउने

६. निजी तथा सामुदायिक र सहकारी क्षेत्रको विकास र औद्योगीकरण, व्यापार तथा सेवा क्षेत्रलाई राष्ट्रिय विकासको प्रयासमा मूलप्रवाहीकरण गरी आर्थिक वृद्धि र स्थायित्व सुदृढ गर्ने

**प्राथमिकताका क्षेत्रहरू**

यस योजनाले निम्नलिखित प्राथमिकताका क्षेत्रहरूको पहिचान गरेको थियो :

१. भौतिक तथा सामाजिक पूर्वाधारहरूको सन्तुलित विकास

२. कृषि क्षेत्रको विकासलाई प्राथमिकता दिँदै पर्यटन, उद्योग र निर्यात व्यापारलाई महत्त्व दिई रोजगारी सिर्जना र आर्थिक वृद्धि गर्ने

३. उपेक्षित समुदाय, क्षेत्र र लिङ्गको समावेशीकरण गरी विकासमा टेवा पुऱ्याउन लगानी बढाउने

४. मानवीय जीवनयापनका निमित्त अत्यावश्यक सेवा (खानेपानी, ऊर्जा, विद्युत्, सडक, सञ्चार, खाद्यसुरक्षा, औषधोपचार, शिक्षा)को उपलब्धता र निरन्तरतालाई सुनिश्चित गर्न यी क्षेत्रमा आवश्यक लगानी अभिवृद्धि गर्ने

५. सुशासनको अभिवृद्धि गरी जनतालाई पुऱ्याउने सेवा सुविधा गुणस्तरयुक्त बनाई सुपथ मूल्यमा समयमा उपलब्ध गराउन जोड दिने

६. वातावरण संरक्षण गरी जलवायु परिवर्तनबाट पर्ने असर न्यून गर्ने र अवसरहरूको उपभोगमा ध्यान दिइने

७. राष्ट्रियस्तरमा प्राथमिकताप्राप्त महत्त्वपूर्ण र आमजनतालाई प्रत्यक्ष राहत दिने कार्यक्रम र आयोजनाहरूलाई उच्च प्राथमिकता दिने

**५.१.१३. तेह्रौँ योजना (आर्थिक वर्ष २०७०/०७१–२०७२/०७३)**

**पृष्ठभूमि**

नेपाल अझै पनि अतिकम विकसित मुलुकको रूपमा रहेको छ। राजनीतिक प्रतिबद्धतासहित विकास कार्यमा थप प्रभावकारिता ल्याउन सकिएमा नेपाललाई अतिकम विकसित राष्ट्रबाट मध्यम आय भएको विकासशील राष्ट्रको सूचीमा

स्तरोन्नति गर्न सकिने सम्भावना रहेको छ। यसका साथै सहस्राब्दी विकास लक्ष्य एवम् दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनका विकास लक्ष्य हासिल गर्ने र दिगो विकासलगायतका विषयहरूलाई सम्बोधन गरी हरित अर्थतन्त्रलाई प्रवर्द्धन गर्दै गरिबी न्यूनीकरण गर्नेतर्फ यो योजनालाई केन्द्रित गरिएको पाइन्छ।

**दीर्घकालीन सोच :** वि.सं. २०७९ (सन् २०२२) भित्र नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने

**उद्देश्य :** देशमा व्याप्त आर्थिक तथा मानवीय गरिबी घटाई आमजनताको जीवनस्तरमा प्रत्यक्ष परिवर्तनको अनुभूति दिलाउने

**योजनाको प्रमुख लक्ष्य :** गरिबीको रेखामुनि रहेको जनसङ्ख्या १८ प्रतिशतमा झार्ने। अन्य लक्ष्यहरू तालिका ५.१ मा दिइएको छ।

### रणनीति

उपरोक्त उद्देश्य र लक्ष्य हासिल गर्न यो योजनाले देहायका रणनीतिहरू अपनाएको छ :

(१) विकास प्रक्रियामा निजी, सरकारी र सहकारी क्षेत्रको योगदान अभिवृद्धि गरी समावेशी, फराकिलो एवम् दिगो आर्थिक वृद्धि हासिल गर्ने
(२) भौतिक पूर्वाधारको विकास गर्ने
(३) सामाजिक सेवाका क्षेत्रहरूमा पहुँच, उपयोग र गुणस्तर अभिवृद्धि गर्ने
(४) सार्वजनिक तथा अन्य क्षेत्रमा सुशासन अभिवृद्धि गर्ने
(५) लक्षित वर्ग, क्षेत्र र समूहको आर्थिक र सामाजिक सशक्तीकरणमा अभिवृद्धि गर्ने
(६) जलवायु परिवर्तनसँग अनुकूलन हुने गरी विकास कार्यक्रमहरू सञ्चालन गर्ने

### प्राथमिकताका क्षेत्रहरू

यो योजनाले तोकेका प्राथमिकताका क्षेत्रहरू देहायअनुसार छन् :

(१) जलविद्युत् तथा अन्य ऊर्जा विकास
(२) कृषि क्षेत्रको उत्पादकत्व वृद्धि, विविधीकरण र व्यवसायीकरण
(३) पर्यटन, उद्योग र व्यापार क्षेत्रको विकास
(४) आधारभूत शिक्षा तथा स्वास्थ्य, खानेपानी तथा सरसफाइ क्षेत्रको विकास
(५) सुशासन प्रवर्द्धन
(६) सडक तथा अन्य भौतिक पूर्वाधार विकास
(७) प्राकृतिक स्रोत र वातावरण संरक्षण

### ५.१.१४ चौधौँ योजना (२०७३/०७४ – २०७५/०७६)

**सोच :** स्वाधीन, समुन्नत तथा समाजवादउन्मुख राष्ट्रिय अर्थतन्त्र एवम् समृद्ध नेपाली

**लक्ष्य** : सामाजिक न्यायसहितको लोककल्याणकारी राज्य हुँदै मध्यम आय भएका मुलुकको स्तरमा पुग्ने

**उद्देश्य** : उत्पादनशील रोजगारीउन्मुख र न्यायपूर्ण वितरणसहितको उच्च आर्थिक वृद्धिद्वारा द्रुत गरिबी न्यूनीकरण गर्दै आर्थिक सामाजिक रूपान्तरण गर्नु

**तालिका नं. ५.१**

**चौधौँ योजनाको प्रमुख आर्थिक, सामाजिक र भौतिक लक्ष्य**

| क्र. सं. | सूचक/लक्ष्य | आ.व. २०७२/७३ को स्थिति | चौधौँ योजनाको लक्ष्य (२०७५/७६ मा) |
|---|---|---|---|
| १ | वार्षिक औसत आर्थिक वृद्धिदर (%) | ०.८ | ७.२ |
| | कृषि क्षेत्र (%) | १.३ | ४.७ |
| | गैरकृषि क्षेत्र (%) | ०.६ | ८.४ |
| २ | गार्हस्थ्य प्रतिव्यक्ति आम्दानी (रु. हजारमा) | ७९.४ | ११६.५ |
| ३ | गरिबीको रेखामुनिको जनसङ्ख्या (%) | २१.६ | १७.० |
| ४ | मानव विकास सूचकाङ्क | ०.५४ | ०.५७ |
| ५ | लैङ्गिक सशक्तीकरण सूचकाङ्क | ०.५६ | ०.५८ |
| ६ | अपेक्षित आयु (वर्ष) | ६९ | ७२ |
| ७ | खानेपानी सेवा पुगेको जनसङ्ख्या (%) | ८३.६ | ९०.० |
| ८ | माध्यमिक तहमा खुद भर्नादर (%) | ३७.७ | ४५.० |
| ९ | विद्युत् उत्पादन (जडित क्षमता, मेगावाट) | ८५१ | २३०१ |
| १० | विद्युत्मा पहुँच प्राप्त जनसङ्ख्या (%) | ७४.० | ८७.० |
| ११ | सिँचाइ (हेक्टर लाखमा) | १३.९ | १५.२ |
| १२ | इन्टरनेट सेवामा पहुँच प्राप्त जनसङ्ख्या (%) | ४४.४ | ६५.० |

**योजनाका रणनीति**

१. कृषि क्षेत्रको रूपान्तरण, पर्यटन, औद्योगिक एवम् साना तथा मझौला व्यवसायको विस्तारमार्फत उत्पादन वृद्धि गर्ने
२. ऊर्जा, सडक तथा हवाई यातायात, सूचना तथा सञ्चार र ग्रामीण-सहरी तथा त्रिदेशीय आबद्धता विकासका लागि पूर्वाधार निर्माण गर्ने
३. सामाजिक विकास र सामाजिक सुरक्षा एवम् सामाजिक संरक्षणमा जोड दिँदै मानव विकासमा उच्च तथा दिगो सुधार गर्ने
४. आर्थिक, सामाजिक एवम् शासकीय सुधार, कुशल एवम् जवाफदेही सार्वजनिक वित्त, स्वच्छ, पारदर्शी र जनमैत्री सार्वजनिक सेवा एवम् मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै समग्र सुशासन प्रवर्द्धन गर्ने
५. लैङ्गिक समानता, समावेशीकरण, वातावरण संरक्षण, विज्ञान तथा प्रविधिको उच्चतम प्रयोग तथा संस्थागत क्षमता बढाउने

**५.१.१५ पन्ध्रौँ योजना (आर्थिक वर्ष २०७६/०७७–२०८०/०८१)**

**पृष्ठभूमि**

नेपालको संविधानमा समुन्नत, स्वाधीन र समाजवादउन्मुख अर्थतन्त्रको निर्माण गर्ने परिकल्पना गरिएको छ । तीव्र र सन्तुलित आर्थिक विकास, समृद्धि, सुशासन र नागरिकले सुखको अनुभूति प्राप्त गर्ने दूरदृष्टि पन्ध्रौँ योजनाले राखेको छ । सङ्घीय संरचनामा तीन तहको कुशल अन्तरसरकारी वित्त व्यवस्थापन र निजी, सहकारी तथा सामुदायिक क्षेत्रसँगको सहकार्यद्वारा लक्षित उद्देश्य हासिल गर्ने यो पहिलो योजना हुने छ । यस योजनाले वर्तमान पुस्ताले नै अनुभूत गर्ने गरी समृद्धि र सुख प्राप्त गर्ने र समाजवादउन्मुख अर्थतन्त्रको आधार निर्माण गर्ने छ । आय वृद्धि, गुणस्तरीय मानव पुँजी निर्माण र आर्थिक जोखिमहरूको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अतिकम विकसित मुलुकबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्यलाई हासिल गर्ने सोचसहित उच्चमध्यम आयस्तर भएको मुलुकमा पुग्ने गरी पन्ध्रौँ योजना तर्जुमा गरिएको छ ।

**राष्ट्रिय लक्ष्य**

पन्ध्रौँ योजना 'समृद्ध नेपाल, सुखी नेपाली'को दीर्घकालीन सोच हासिल गर्ने आधार योजनाको रूपमा रहने छ । सोबमोजिम समृद्ध अर्थतन्त्र, सामाजिक न्याय तथा परिष्कृत जीवनसहितको समाजवादउन्मुख लोककल्याणकारी राज्यको रूपमा रूपान्तरण गर्दै उच्च आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने आधार निर्माण गर्ने यस योजनाको राष्ट्रिय लक्ष्य रहेको छ ।

**तालिका नं. ५.४**

**समृद्धिका राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक**

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाइ | आ.व. २०७५/७६ को स्थिति | आ.व. २०८०/०८१ को लक्ष्य |
|---|---|---|---|---|
| १ | **उच्च र समतामूलक राष्ट्रिय आय** | | | |
| १.१ | **औद्योगिक राष्ट्र स्तरको उच्च आय** | | | |
| १.१.१ | आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | ६.८ | १०.३ |
| १.१.२ | प्रतिव्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | १,०४७ | १,५९५ |
| १.२ | **गरिबीको अन्त्य** | | | |
| १.२.१ | गरिबीको रेखामुनि रहेको जनसङ्ख्या (निरपेक्ष गरिबी) | प्रतिशत | १८.७ | ९.५ |
| १.३ | **राष्ट्रिय आम्दानीमा तल्लो ४० प्रतिशत जनसङ्ख्याको हिस्सा** | | | |
| १.३.१ | आम्दानीमा माथिल्लो १० प्रतिशत र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात | अनुपात | १.३ | १.२५ |
| १.३.२ | सम्पत्तिमा आधारित जिनी गुणक | गुणक | ०.३१ | ०.२९ |
| २ | **मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग** | | | |
| २.१ | **स्वस्थ र लामो आयु भएका नेपाली** | | | |
| २.१.१ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६९.७ | ७२ |
| २.१.२ | मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) | सङ्ख्या | २३९ | ९९ |
| २.१.३ | ५ वर्षमुनिका बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | सङ्ख्या | ३९ | २४ |
| २.१.४ | किशोरी अवस्थाको प्रजनन (१९ वर्षमुनि) | प्रतिशत | १३ | ६ |
| २.२ | **गुणस्तरीय, रोजगारमूलक तथा जीवनोपयोगी शिक्षा प्राप्त नागरिक** | | | |
| २.२.१ | साक्षरता दर (१५ वर्षमाथि) | प्रतिशत | ५८ | ९५ |

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाइ | आ.व. २०७५/७६ को स्थिति | आ.व. २०८०/०८१ को लक्ष्य |
|---|---|---|---|---|
| २.२.२ | युवा साक्षरता दर (१५(२४ वर्ष) | प्रतिशत | ९२ | ९९ |
| २.२.३ | आधारभूत तह (१(८) मा खुद भर्नादर | प्रतिशत | ९३ | ९९ |
| २.२.४ | माध्यमिक तह (९(१२) मा खुद भर्नादर | प्रतिशत | ४६ | ६५ |
| २.२.५ | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | १२ | २२ |
| २.२.६ | काम गर्ने उमेर समूहका प्राविधिक र व्यावसायिक क्षेत्रमा तालिमप्राप्त जनसङ्ख्या | प्रतिशत | ३१ | ५० |
| २.३ | **उत्पादनशील र मर्यादित रोजगारी** | | | |
| २.३.१ | श्रमशक्ति सहभागिता दर (१५ वर्षमाथि) | प्रतिशत | ३८.५ | ४९ |
| २.३.२ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.५ | ५० |
| ३ | **सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तरआबद्धता** | | | |
| ३.१ | **सर्वसुलभ, सुरक्षित र आधुनिक यातायात** | | | |
| ३.१.१ | सडक घनत्व | कि.मि. प्रतिवर्ग कि.मि. | ०.५५ | ०.७४ |
| ३.१.२ | राष्ट्रिय र प्रादेशिक लोकमार्ग (२ लेनसम्म) | कि.मि. | ७,७९४ | २०,२०० |
| ३.१.३ | राष्ट्रिय लोकमार्ग (२ लेनमाथि, द्रुतमार्गसमेत) | कि.मि. | ९६ | १,१७४ |
| ३.१.४ | रेलमार्ग | कि.मि. | ४२ | ३४८ |
| ३.२ | **पूर्वाधारमा पहुँच तथा आबद्धता** | | | |
| ३.२.१ | ३० मिनेटसम्मको दूरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | ८२ | ९५ |
| ३.२.२ | विद्युत्मा पहुँच प्राप्त परिवार | प्रतिशत | ८८ | १०० |
| ३.२.३ | इन्टरनेटमा पहुँच प्राप्त जनसङ्ख्या | प्रतिशत | ६५.९ | ८० |
| ४ | **उच्च र दिगो उत्पादन तथा उत्पादकत्व** | | | |

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाइ | आ.व. २०७५/७६ को स्थिति | आ.व. २०८०/०८१ को लक्ष्य |
|---|---|---|---|---|
| ४.१ | **अर्थतन्त्रमा क्षेत्रगत योगदान** | | | |
| ४.१.१ | प्राथमिक क्षेत्र (कृषि, वन र खानी) | प्रतिशत | २७.६ | २३. ० |
| ४.१.२ | द्वितीय क्षेत्र (उत्पादनमूलक उद्योग, विद्युत्, ग्यास, पानी तथा निर्माण) | प्रतिशत | १४.६ | १८.१ |
| ४.१.३ | तृतीय क्षेत्र (सेवा) | प्रतिशत | ५७.८ | ५८.९ |
| ४.२ | **स्वच्छ ऊर्जाको उत्पादन तथा उपभोग** | | | |
| ४.२.१ | विद्युत् उत्पादन (जडित क्षमता) | मेगावाट | १,२५० | ५,८२० |
| ४.२.२ | प्रतिव्यक्ति विद्युत् उपभोग | किलोवाट घण्टा | २४५ | ७०० |
| ४.३ | **व्यापार सन्तुलन** | | | |
| ४.३.१ | वस्तु तथा सेवाको निर्यात (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | अनुपात | ९.० | १५.७ |
| ४.३.२ | वस्तु तथा सेवाको आयात (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | ५०.८ | ५१ |
| ४.४ | **राष्ट्रिय तथा क्षेत्रगत उत्पादकत्व** | | | |
| ४.४.१ | श्रम उत्पादकत्व | रु. हजारमा | १८४.६ | २७६ |
| ४.४.२ | कृषि उत्पादकत्व (प्रमुख बाली) | मे.ट. प्रति हेक्टर | ३.१ | ४ |
| ४.४.३ | सिँचाइयोग्य भूमिमध्ये वर्षैभरि सिँचाइ सुविधा पुगेको भूमि | प्रतिशत | ३३ | ५० |
| ४.४.४ | प्रतिपर्यटक खर्च (प्रतिदिन) | अमेरिकी डलर | ४८ | १०० |
| ५ | **परिष्कृत तथा मर्यादित जीवन** | | | |
| ५.१ | **नागरिक स्वस्थता तथा सन्तुष्टि** | | | |
| ५.१.१ | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.५७९ | ०.६२४ |
| ५.१.२ | नागरिक सन्तुष्टिको अनुभूति सूचकाङ्क | सूचकाङ्क | ४.७ | ५.१ |
| ५.१.३ | बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या | प्रतिशत | २८.६ | ११.५ |

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाइ | आ.व. २०७५/७६ को स्थिति | आ.व. २०८०/०८१ को लक्ष्य |
|---|---|---|---|---|
| ५.१.४ | ५ वर्षमुनिका कम तौल भएका बालबालिका | प्रतिशत | २७ | १५ |
| ५.१.५ | ३० मिनेटको दूरीमा स्वास्थ्य संस्थामा पहुँच भएको घर-परिवार | प्रतिशत | ४९ | ८० |
| **५.२** | **सुरक्षित तथा सुविधासम्पन्न आवास** | | | |
| ५.२.१ | सुरक्षित आवासमा बसोवास गर्ने जनसङ्ख्या | प्रतिशत | ४० | ६० |
| ५.२.२ | आधारभूत खानेपानी सुविधा पुगेको जनसङ्ख्या | प्रतिशत | ८९ | ९९ |
| ५.२.३ | उच्चमध्यमस्तरको खानेपानी सुविधा पुगेको जनसङ्ख्या | प्रतिशत | २१ | ४० |
| **५.३** | **भौतिक तथा आधुनिक सम्पत्तिमाथिको समतामूलक पहुँच वा स्वामित्व** | | | |
| ५.३.१ | आफ्नै स्वामित्वको आवासमा बसोवास गर्ने परिवार | प्रतिशत | ८५.३ | ८९ |
| ५.३.२ | सार्वजनिक धितोपत्रमा लगानी गर्ने जनसङ्ख्या | प्रतिशत | ४.४ | २० |
| **६** | **सुरक्षित, सभ्य र न्यायपूर्ण समाज** | | | |
| **६.१** | **विभेद, हिंसा र अपराधमुक्त समाज** | | | |
| ६.१.१ | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.८९७ | ०.९६३ |
| ६.१.२ | लैङ्गिक असमानता सूचकाङ्क | सूचकाङ्क | ०.४७६ | ०.३९ |
| ६.१.३ | जीवनकालमा शारीरिक वा मानसिक वा यौनहिंसापीडित महिला | प्रतिशत | २४.४ | १३ |
| ६.१.४ | दर्ता भएका लैङ्गिक हिंसालगायतका अपराधका घटना र अनुसन्धानको अनुपात | अनुपात | ८८.९ | १०० |
| **६.२** | **सामाजिक-सांस्कृतिक विविधता** | | | |

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाइ | आ.व. २०७५/७६ को स्थिति | आ.व. २०८०/०८१ को लक्ष्य |
|---|---|---|---|---|
| ६.२.१ | मातृभाषामा पठनपाठन हुने विद्यालय | सङ्ख्या | २७० | ३२४ |
| ६.२.२ | विश्वसम्पदा सूचीमा सूचीकृत सम्पदा | सङ्ख्या | १० | १२ |
| ६.३ | **सामाजिक सुरक्षा तथा संरक्षण** | | | |
| ६.३.१ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या | प्रतिशत | १७ | ६० |
| ६.३.२ | राष्ट्रिय बजेटमा सामाजिक सुरक्षा खर्च | प्रतिशत | ११.७ | १३.७ |
| ७ | **स्वस्थ र सन्तुलित पर्यावरण** | | | |
| ७.१ | **प्रदूषणमुक्त र स्वच्छ वातावरण** | | | |
| ७.१.१ | ऊर्जा उपभोगमा नवीकरणीय ऊर्जाको अनुपात | प्रतिशत | ७ | १२ |
| ७.१.२ | वायु प्रदूषणको औसत मात्रा (पिपिएम २.५) | माइक्रोग्राम प्रति घनमिटर | ५० | ४० |
| ७.२ | **पर्यावरणीय सन्तुलन र दिगो उपयोग** | | | |
| ७.२.१ | वनजङ्गल घनत्व | रुख प्रति तहेक्टर | ४३० | ४५० |
| ७.२.२ | काठ उत्पादन | घनफिट (लाख) | १९४ | ३०० |
| ७.३ | **जलवायु परिवर्तन अनुकूलनशीलता** | | | |
| ७.३.१ | अनुकूलन योजना तयार भई कार्यान्वयन भएका स्थानीय तह | सङ्ख्या | २१७ | ४६० |
| ८ | **सुशासन** | | | |
| ८.१ | **विधिको शासन** | | | |
| ८.१.१ | विधिको शासन सूचकाङ्क | सूचकाङ्क | ०.५४ | ०.५८ |
| ८.१.२ | विश्वव्यापी प्रतिस्पर्धी सूचकाङ्क | सूचकाङ्क | ५१.६ | ६० |
| ८.१.३ | व्यवसाय सहजीकरण सूचकाङ्क | सूचकाङ्क | ६३.२ | ६८ |

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाइ | आ.व. २०७५/७६ को स्थिति | आ.व. २०८०/०८१ को लक्ष्य |
|---|---|---|---|---|
| ८.१.४ | भ्रमण तथा पर्यटन प्रतिस्पर्धी सूचकाङ्क | सूचकाङ्क | ३.३ | ३.८ |
| **८.२** | **सार्वजनिक सदाचार, पारदर्शिता र जवाफदेही** | | | |
| ८.२.१ | भ्रष्टाचार न्यूनीकरण अनुभूति सूचकाङ्क | सूचकाङ्क | ३४ | ४१ |
| ८.२.२ | 'हेलो सरकार'मा प्राप्त उजुरीको फछ्र्यौट | प्रतिशत | ४८.९ | ९८ |
| ८.२.३ | कुल आर्थिक प्रतिष्ठानमध्ये दर्ता नभएका (अनौपचारिक) प्रतिष्ठानको अनुपात | प्रतिशत | ४९.९ | १० |
| ८.२.४ | दर्ता भएकामध्ये लेखा राख्ने आर्थिक प्रतिष्ठानको अनुपात | प्रतिशत | ५२ | ७० |
| **९** | **सबल लोकतन्त्र** | | | |
| ९.१.१ | निर्वाचनमा मतदाताको सहभागिता | प्रतिशत | ६८.६७ | ७२ |
| ९.१.२ | मुद्दा फैसला | प्रतिशत | ५६.५ | ६० |
| ९.१.३ | फैसला कार्यान्वयन | प्रतिशत | ३९ | ६० |
| **१०** | **राष्ट्रिय एकता, सुरक्षा र सम्मान** | | | |
| **१०.१** | **नेपालित्वको उच्च भावना** | | | |
| १०.१.१ | राष्ट्रिय परिचयपत्र प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | - | १०० |
| १०.१.२ | नेपालीलाई गन्तव्य मुलुकको अध्यागमनमा प्रवेशाज्ञा प्रदान गर्ने मुलुक | सङ्ख्या | ३५ | ६० |
| **१०.२** | **मानव तथा अन्य सुरक्षा** | | | |
| १०.२.१ | पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ता | प्रतिशत | ६३ | १०० |
| १०.२.२ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ४८.२ | ८० |

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाइ | आ.व. २०७५/७६ को स्थिति | आ.व. २०८०/०८१ को लक्ष्य |
|---|---|---|---|---|
| १०.२.३ | आत्महत्या दर (प्रतिलाख जनसङ्ख्यामा) | सङ्ख्या | १० | ५ |
| **१०.३** | **विपद् उत्थानशील समाज र अर्थतन्त्र** | | | |
| १०.३.१ | विपद्का घटनाबाट प्रभावित जनसङ्ख्या | प्रतिहजार | १७.१ | ९.८ |
| १०.३.२ | विपद्का घटनाबाट मृत्यु हुने जनसङ्ख्या | प्रतिलाख | १.६ | १ |
| **१०.४** | **अत्यावश्यक वस्तु र सेवामा आत्मनिर्भरता** | | | |
| १०.४.१ | कुल आयातमा अत्यावश्यक वस्तु (कृषि उपज, जीवजन्तु र खाद्य पदार्थ) को अंश | प्रतिशत | १४.७ | ५ |

स्रोत : नेपाल परिचय, २०८०

**राष्ट्रिय उद्देश्य**

१. सर्वसुलभ, गुणस्तरीय र आधुनिक पूर्वाधार निर्माण, उत्पादनशील र मर्यादित रोजगारी अभिवृद्धि, उच्च, दिगो र समावेशी आर्थिक वृद्धि तथा गरिबी निवारण गर्दै समृद्धिको आधार निर्माण गर्नु

२. गुणस्तरीय स्वास्थ्य तथा शिक्षा, स्वस्थ तथा सन्तुलित वातावरण, सामाजिक न्याय र जवाफदेही सार्वजनिक सेवा कायम गरी सङ्घीय शासन व्यवस्थाको सुदृढीकरण गर्दै नागरिकलाई परिष्कृत र मर्यादित जीवनयापनको अनुभूति गराउनु

३. सामाजिक-आर्थिक रूपान्तरण तथा स्वाधीन राष्ट्रिय अर्थतन्त्र निर्माण गरी देशको स्वाभिमान, स्वतन्त्रता र राष्ट्रिय हित संरक्षण गर्नु

**राष्ट्रिय रणनीति**

१. तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने
२. सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चित गर्ने
३. आन्तरिक तथा अन्तरदेशीय अन्तरआबद्धता एवम् दिगो सहरबस्ती विकास गर्ने
४. उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने
५. पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण गर्ने

६. गरिबी निवारण र आर्थिक सामाजिक समानतासहितको न्यायपूर्ण समाज निर्माण गर्ने
७. प्राकृतिक स्रोतको संरक्षण र परिचालन तथा उद्यमशीलता विकास गर्ने र
८. सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता संवर्द्धन गर्ने ।

५.१.१६ **दीर्घकालीन सोच २१००**

दीर्घकालीन विकास रणनीतिका माध्यमबाट सबै प्रकारका विभेद, बहिष्करण एवम् वञ्चितीकरणका अवशेष र विकासका अवरोध समाप्त गरी समाजवादउन्मुख समृद्ध अर्थव्यवस्था निर्माण गर्न र संविधानले अङ्गीकार गरेका विकासकेन्द्रित सोचलाई आवधिक योजनामा आन्तरिकीकरण गर्न नेपाल सरकारले २५ वर्षे दीर्घकालीन सोच (२०७६-२१००) अगाडि सारेको छ । दीर्घकालीन सोचअनुरूप यस अवधिमा पन्ध्रौँदेखि उन्नाइसौँ योजनासमेत गरी पाँचवटा आवधिक योजना कार्यान्वयन गरिने छन् ।

(**क**) **दीर्घकालीन सोच** :

"समृद्ध नेपाल, सुखी नेपाली"

समुन्नत, स्वाधीन र समाजवादउन्मुख अर्थतन्त्रसहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोवास गर्ने मुलुक ।

(ख) दीर्घकालीन राष्ट्रिय लक्ष्य :

| |
|---|
| १. समृद्धि |
| १.१ सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर-आबद्धता |
| १.२ मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग |
| १.३ उच्च र दिगो उत्पादन तथा उत्पादकत्व |
| १.४ उच्च र समतामूलक राष्ट्रिय आय |

| |
|---|
| २. सुख |
| २.१ परिष्कृत तथा मर्यादित जीवन |
| २.२ सुरक्षित, सभ्य र न्यायपूर्ण समाज |
| २.३ स्वस्थ र सन्तुलित पर्यावरण |
| २.४ सुशासन |
| २.५ सबल लोकतन्त्र |
| २.६ राष्ट्रिय एकता, सुरक्षा र सम्मान |

दीर्घकालीन सोचका प्रमुख परिमाणात्मक लक्ष्य र पछिल्लो प्रगति अवस्था तालिका १.२ मा प्रस्तुत गरिएको छ।

### ५.१.१६ **सोह्रौं योजना** (आ.व. २०८१/८२–२०८५/८६)

तालिका १.२ दीर्घकालीन सोचका प्रमुख परिमाणात्मक लक्ष्यहरू र प्रगतिको अवस्था

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाइ | आ.व. २०७५/७६ को स्थिति | आ.व. २०७९/८० को स्थिति | आ.व. २१००/०१ को स्थिति |
|---|---|---|---|---|---|
| १ | आर्थिक वृद्धिदर | प्रतिशत | ६.८ | ३.५ | १०.५ |
| २ | प्रतिव्यक्ति राष्ट्रिय आय | अमेरिकी डलर | १०४७ | १४५६ | १२१०० |
| ३ | गरिबीको रेखामुनि रहेको जनसङ्ख्या (निरपेक्ष गरिबी) | प्रतिशत | ८.७ | २०.३ | ० |
| ४ | सम्पत्तिमा आधारित जिनी गुणक | गुणक | ०.३१० | ०.२४० | ०.२५० |
| ५ | श्रमशक्ति सहभागिता दर प्रतिशत (१५ वर्ष माथि) | प्रतिशत | ३८५ | ३८५ | ७२ |
| ६ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.५ | ३६.५ | ७० |
| ७ | विद्युत् उत्पादन (जडित क्षमता) | मेगावाट | १,२५० | २,८७७ | ४०,००० |
| ८ | विद्युत्मा पहुँच प्राप्त परिवार | प्रतिशत | ८८ | ९६.७ | १०० |
| ९ | ३० मिनेटसम्मको दूरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | ८२ | ८५ | ९९ |
| १० | राष्ट्रिय तथा प्रादेशिक लोकमार्ग | प्रतिशत | ७,८९० | १४,७५५ | २६,००० |
| ११ | इन्टरनेटमा पहुँच प्राप्त जनसङ्ख्या | प्रतिशत | ६५.९ | ६९.२ | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६९.७ | ७०.५ | ८० |
| १३ | मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) | जना | २३९ | १५१ | २० |
| १४ | पाँच वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | जना | ३९ | ३३ | ८ |
| १५ | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ६५.९ | ७६.३ | ९९ |
| १६ | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | १२ | ३२ | ४० |
| १७ | उच्चमध्यमस्तरको खानेपानी सुविधा पुगेको जनसङ्ख्या | प्रतिशत | २१ | २५.८ | ९५ |
| १८ | आधारभूत सामाजिक सुरक्षामा | प्रतिशत | १७ | ३२ | १०० |
| १९ | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.८९७ | ०.८८५ | ०.९९ |
| २० | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.५७९ | ०.६०१ | ०.७६० |

स्रोत : सोह्रौं योजना

**५.१.१७ सोह्रौं योजनाको सोच, उद्देश्य, रणनीति तथा रूपान्तरणका क्षेत्र**

**सोच**

"सुशासन, सामाजिक न्याय र समृद्धि"

दीर्घकालीन सोच २१०० ले तय गरेका समृद्धि र सुखका मुलभूत तत्त्वहरूलाई आत्मसात् गर्दै सोह्रौं योजनाले "सुशासन, सामाजिक न्याय र समृद्धि"को सोच राखेको छ। सुशासनमार्फत सामाजिक न्याय र समृद्धि हासिल गर्न सकिन्छ। सामाजिक न्यायसहितको समृद्धिमा समाजवादी विशेषता अन्तर्निहित रहेको हुन्छ। सामाजिक न्याय स्थापित गर्दै हासिल भएको समृद्धि दिगो, समावेशी समुन्नत एवम् अनुभूतियोग्य हुनेछ।

### उद्देश्य

आमनागरिकले आफ्नो जीवनमा अनुभूत गर्न सक्ने विकास र सुशासन हासिल गर्नु सोह्रौँ योजनाको मूल उद्देश्य हो । यसका लागि योजनाले तय गरेको सोचबमोजिम क्षेत्रगत रूपमा योजनाका प्रमुख उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

(१) राजनीतिक, प्रशासनिक, न्यायिक, निजी तथा गैरसरकारी क्षेत्रमा **सुशासन** कायम गर्नु,

(२) स्वास्थ्य, शिक्षा, रोजगारी, आवास, सुरक्षा तथा सार्वजनिक सेवा प्रवाहमा **सामाजिक न्याय** स्थापित गर्नु,

(३) मानवीय जीवन र राष्ट्रिय अर्थतन्त्रमा **समृद्धि** हासिल गर्नु ।

### समष्टिगत रणनीति

अर्थतन्त्रको संरचनागत रूपान्तरणमार्फत द्रुत विकास, सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्नु नै सोह्रौँ योजनाले अवलम्बन गर्ने मुख्य रणनीति हो । यसक्रममा संरचनागत रूपान्तरणका लागि पहिचान गरिएका क्षेत्रमा अवलम्बन गरिने समष्टिगत रणनीति निम्नानुसार रहेका छन् :

(१) विकासका सबै क्षेत्र तथा आयाममा देखिएका संरचनागत अवरोधहरूको पहिचान, सम्बोधन र निराकरण गर्दै उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने ।

(२) सङ्घ, प्रदेश र स्थानीय तीनै तह तथा सरकारी, निजी, सहकारी र गैरसरकारी क्षेत्र एवम् विकास साझेदारबीचको अन्तरसम्बन्ध र कार्यात्मक क्षमतालाई मजबुत तुल्याउँदै दिगो विकास योजना कार्यान्वयन गर्ने ।

(३) विकासका सबै क्षेत्र तथा आयाममा लैङ्गिक मूलप्रवाहीकरण, आधुनिक प्रविधिको प्रयोग, वातावरण संरक्षण र विपद् जोखिम न्यूनीकरणलाई आन्तरिकीकरण गर्ने ।

(४) अध्ययन, अनुसन्धान तथा तथ्य र प्रमाणमा आधारित नीति निर्माण एवम् विकासका कार्यक्रम कार्यान्वयन गर्ने ।

क्षेत्रगत रूपमा अवलम्बन गरिने रूपान्तरणकारी रणनीतिहरू सम्बन्धित परिच्छेदमा उल्लेख गरिएबमोजिम हुनेछन् ।

### संरचनात्मक रूपान्तरणका प्रमुख क्षेत्र

(१) समष्टिगत आर्थिक आधारहरूको सबलीकरण र उच्च आर्थिक वृद्धि

(२) उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि

(३) उत्पादनशील रोजगारी, मर्यादित श्रम र दिगो सामाजिक सुरक्षा

(४) स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माण

(५) गुणस्तरीय भौतिक पूर्वाधार विकास एवम् सघन अन्तर-आबद्धता
(६) योजनाबद्ध, दिगो र उत्थानशील सहरीकरण तथा बस्ती विकास
(७) लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशी समाज
(८) प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको सुदृढीकरण र सन्तुलित विकास
(९) गरिबी तथा असमानता न्यूनीकरण र समतामूलक समाज निर्माण
(१०) प्रभावकारी वित्त व्यवस्थापन तथा पुँजीगत खर्च क्षमता अभिवृद्धि
(११) शासकीय सुधार तथा सुशासन प्रवर्द्धन
(१२) जैविक विविधता, जलवायु परिवर्तन र हरित अर्थतन्त्र
(१३) विकसित मुलुकबाट सहज स्तरोन्नति तथा दिगो विकास लक्ष्य कार्यान्वयन ।

## सोह्रौँ योजनाका परिमाणात्मक लक्ष्य

सोह्रौँ योजनाले लिएको सुशासन, सामाजिक न्याय र समृद्धिको सोचअनुसार रूपान्तरणकारी रणनीति तथा प्रमुख हस्तक्षेपकारी कार्यक्रमहरू कार्यान्वयन गर्दा योजना अवधिमा हासिल हने उपलब्धिलाई देहायअनुसारका प्रमुख सूचकहरूका आधारमा मापन गरिनेछ :

### सुशासनका राष्ट्रिय लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | विधिको शासन सूचकाङ्क | सूचकाङ्क | ०.५२ | ०.८० |
| २. | विश्वव्यापी प्रतिस्पर्धी सूचकाङ्क | सूचकाङ्क | ५२ | ६५ |
| ३. | भ्रष्टाचार न्यूनीकरण अनुभूति सूचकाङ्क | सूचकाङ्क | ३५ | ४३ |
| ४. | विद्युतीय सरकार विकास सूचकाङ्क | सूचकाङ्क | ०.५१२ | ०.६०० |
| ५. | निर्वाचनमा मतदाताको सहभागिता | प्रतिशत | ६२ | ८५ |
| ६. | अदालतमा दर्ता भएका मुद्दाको फछ्र्यौट | प्रतिशत | ६४ | ७५ |
| ७. | कुल विनियोजनमा खर्चको अनुपात | प्रतिशत | ८० | ९० |

| | | | | |
|---|---|---|---|---|
| ८. | बेरुजु (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | १०.९ | ५.० |
| ९. | राष्ट्रिय परिचय-पत्र नम्बर प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | ६३.४ | ९० |
| १०. | पाँच वर्षमुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ७४ | १०० |

**सामाजिक न्यायका राष्ट्रिय लक्ष्य**

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | असमानता समायोजित मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.४२४ | ०.६०० |
| २. | उपभोगमा आधारित जिनी गुणक | गुणक | ०.३०० | ०.२८० |
| ३. | सम्पत्तिमा आधारित जिनी गुणक | गुणक | ०.२४ | ०.२२ |
| ४. | उच्च खाद्य असुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | १.३ | १.० |
| ५. | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या | प्रतिशत | ३२ | ६० |
| ६. | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.८८५ | ०.९६७ |
| ७. | लैङ्गिक असमानता सूचकाङ्क | सूचकाङ्क | ०.४९५ | ०.२२५ |
| ८. | रोजगारीमा महिला र पुरुषको सहभागिता | अनुपात | १:१.७ | १:१.२ |
| ९. | बाध्यकारी श्रमको दर (१५ वर्ष वा सोभन्दा माथि) | प्रतिहजार | १.२ | ० |

| | | | | |
|---|---|---|---|---|
| १०. | महिलाको नाममा घर वा जग्गा वा घरजग्गा दर्ता गरेका परिवार | प्रतिशत | २३.८ | ३५.० |

### समृद्धिका राष्ट्रिय लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | ३.५* | ७.३ |
| २ | प्रतिव्यक्ति आय | अमेरिकी डलर | १४५६[६] | २३५१ |
| ३ | गरिबीको रेखामुनि रहेको जनसंख्या (निरपेक्ष गरिबी) | प्रतिशत | २०.३ | १२.० |
| ४ | उपभोक्ता मुद्रास्फीति | प्रतिशत | ७.७ | ५.० |
| ५ | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६०१ | ०.६५० |
| ६ | मानव सम्पति सूचकाङ्क | सूचकाङ्क | ७६.३ | ७८.० |
| ७ | आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क | सूचकाङ्क | २९.७ | २४.० |
| ८ | साक्षरता दर (५ वर्षमाथि) | प्रतिशत | ७६.२ | ८५.० |
| ९ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७१.३ | ७३.० |
| १० | ३० मिनेटको दुरीमा स्वास्थ्य संस्थामा पहुँच भएको परिवार | प्रतिशत | ७७ | ९० |
| ११ | उच्च मध्यस्तरको खानेपानी पहुँच भएको घरपरिवार | प्रतिशत | २५.८ | ४५ |
| १२ | बेरोजगारी दर | प्रतिशत | ११.४** | ५.० |
| १३ | श्रम उत्पादकत्व | रु. हजारमा | २४५ | २७५ |

| | | | | |
|---|---|---|---|---|
| १४ | कृषि वस्तुको औसत उत्पादकत्व (प्रमुख बाली) | मे.ट. प्रति हेक्टर | ३.३ | ३.७ |
| १५ | बैंक तथा वित्तीय संस्थामा पहुँच पुगेको परिवार | प्रतिशत | ६३ | ८५ |
| १६ | सडक घनत्व | कि.मि. प्रति व. कि.मि. | ०.६३ | ०.७७ |
| १७ | विद्युत् उत्पादन (जलविद्युत् तथा वैकल्पिक ऊर्जाजडित क्षमता) | मेगावाट | २९६२[८८८] | ११,७६९ |
| १८ | प्रतिव्यक्ति विद्युत् उपभोग | किलोवाट घण्टा | ३८० | ७०० |
| १९ | विद्युत्मा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ९६.७ | १०० |
| २० | इन्टरनेटमा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ६९.२ | ९०.० |

## ५.२ आर्थिक विकासका पक्षहरू



अलैंची खेती

### ५.२.१. कृषि

चालू आर्थिक वर्षमा कृषि क्षेत्र (कृषि, वन र मत्स्यपालन)को उत्पादन ३.०५ प्रतिशतले वृद्धि हुने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो वृद्धिदर २.७६ प्रतिशत रहेको थियो। पछिल्लो १० वर्षमा कृषि क्षेत्रको औसत वृद्धिदर २.७५ प्रतिशत रहेको छ।

विगत वर्षदेखि नै कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान क्रमशः घट्दै गइ रहेको छ। आर्थिक वर्ष २०७०/०७१ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३०.३ प्रतिशत रहेको थियो। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान २३.९२ प्रतिशत रहेकोमा चालू आर्थिक वर्षमा यस्तो योगदान २४.० ९ प्रतिशत रहने अनुमान छ।

कृषि क्षेत्रमा आबद्ध जनसङ्ख्या घट्दै जानु, कृषि पेसाभन्दा अन्य पेसातर्फ श्रमशक्ति आकर्षित हुँदै जानु र वैदेशिक रोजगारीमा जाने कामदारको सङ्ख्या उच्च रहेका कारण विशेषगरी हिमाली र पहाडी क्षेत्रमा कृषियोग्य जमिन बाँझो हुने क्रम बढ्दै गएको छ। फलस्वरूप, कृषि उत्पादनमा अपेक्षित वृद्धि हुन नसकी कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदानसमेत घट्दै गएको छ।

कृषि क्षेत्र राष्ट्रिय अर्थतन्त्रको रूपमा रहँदै आएको छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २४.०९ रहेको छ भने करिब ६२.० प्रतिशत परिवारको प्रमुख पेसा कृषि रहेको छ। कुल जनसङ्ख्याको ६७.० प्रतिशत जनसङ्ख्या कृषक परिवारभित्र रहेका छन्।

नेपालमा उत्पादन हुने ठुला प्रमुख खाद्यान्न बालीहरू धान, मकै, गहुँ, कोदो, जौ र फापर हुन्। नेपालका प्रमुख नगदेबालीहरू उखु, आलु, तेलहन, जुट र मह, प्रमुख दलहन बाली मुसुरो, भटमास, मास, अरहर, ग्रासपी, चना, हर्सग्राम रहेका छन्। त्यस्तै, उखु, माछा, चिया, जुट, कफी र कपास प्रमुख औद्योगिक बालीका रूपमा उत्पादन हुने गरेको छ। प्रमुख मसला बालीहरू क्रमशः अदुवा, बेसार, लसुन, खुर्सानी र अलैंची उत्पादन हुने गरेको छ।

कृषि उत्पादकत्व वृद्धि गर्न अपरिहार्य स्रोत साधन र सामग्रीहरूको उपलब्धता न्यून हुनु, आवश्यक भौतिक पूर्वाधारहरू सिँचाइ, सडक, कृषि, बजार, शीतभण्डार, गोदाम घर, चिस्यान केन्द्र, सञ्चालन केन्द्र तथा बिजुली आदिको अपर्याप्तता मूल समस्याका रूपमा देखिएका छन्। कृषिजन्य उत्पादनमा आशातीत उपलब्धि हासिल गर्न अत्यावश्यक उन्नत नश्ल तथा बिउको प्रतिस्थापन दरको कमी छ, यसका अतिरिक्त जमिनको खण्डीकरण प्रमुख समस्याको रूपमा रहेको छ।

**नेपालमा कृषिसम्बन्धी कानुनी व्यवस्था**

- कृषियोग्य जमिनको भूस्वामित्व सन्तुलन कायम राख्न भूमिसम्बन्धी ऐन, २०२१ जारी गरी जग्गाको हदबन्दी कायम गरिएको छ। जसअनुसार

तराई/भित्री मधेसमा १० बिघा, काठमाडौँ उपत्यकामा २५ रोपनी, पहाडी जिल्लामा ७० रोपनीसम्मको हदबन्दी कायम गरिएको छ। उक्त हदबन्दीबाहेक मधेसमा १ बिघा, काठमाडौँ उपत्यकामा १ रोपनी र पहाडी क्षेत्रमा ५ रोपनी जग्गा घरबासका लागि राख्न पाइने व्यवस्था छ। उद्योगधन्दा, कृषि फार्म, जलविद्युत् जस्ता ठुला परियोजनालाई जग्गा हदबन्दी छुट दिन सकिने व्यवस्था रहेको छ। जग्गाको खण्डीकरण रोकी आवास, कृषि उद्योग, बनजङ्गल, सार्वजनिक स्थलको जग्गा वर्गीकरण गर्ने भू-उपयोग ऐन २०७६ जारी भई नियमावलीसमेत कार्यान्वयनमा छ।

- आर्थिक वर्ष २०८१/०८२ को बजेटले कृषिको व्यवसायीकरण र आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि, सरकारी, निजी, सहकारी तथा विकास साझेदारबाट कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्न वि.सं. २०८१ देखि २०९१ सम्मको अवधिलाई कृषिमा लगानी दशक घोषणा गरेको छ। भूगोल, बजार सम्भाव्यता एवम् पारिस्थितिकीय विशिष्टताअनुकूल सङ्घ, प्रदेश र स्थानीय तहबाट कृषि उपजको विशेष क्षेत्र पहिचान गरी उत्पादन प्रवर्द्धन गर्ने लक्ष्य लिइएको छ।

**नेपालमा कृषि क्षेत्रमा भएका सुधारका कार्यक्रम**

- नेपालमा आ.व. २०६३/०६४ देखि एक गाउँ एक उत्पादन कार्यक्रम सञ्चालनमा आएको छ। सुरुमा ३२ जिल्लामा सञ्चालित यो कार्यक्रम आ.व. २०७०/०७१ बाट १० जिल्ला थप गरेर ४२ जिल्लामा सञ्चालित रहेको छ।
- नेपालमा कृषि क्षेत्रको प्रवर्द्धन गरी खाद्यान्नमा आत्मनिर्भर हुन दशवर्षे प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम, २०७३ लागू गरिएको छ। यसले कृषि उपजको उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरणसँग सम्बन्धित पूर्वाधार निर्माणका साथै कृषि यान्त्रिकीकरणलगायतका प्रमुख क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ। परियोजनाअन्तर्गत हालसम्म विभिन्न बाली र वस्तुका १६ सुपर जोन, १७७ जोन, १५८७ ब्लक र ८७१० पकेट निर्धारण भएका छन्।
- राष्ट्रपति सर्वोत्कृष्ट कृषक पुरस्कार, राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार जस्ता कृषि क्षेत्रलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याइएको छ।

### ५.२.२.उद्योग

श्रम, सिप, पुँजी र प्रविधिको समुचित प्रयोग गरी वस्तु तथा सेवा उत्पादन गर्ने व्यावसायिक क्रियाकलापलाई उद्योग भनिन्छ। उद्योग क्षेत्र आर्थिक विकासका लागि दिगो र भरपर्दो आधार हो। नेपाल सरकारको एकल प्रयासमा मात्र सीमित मात्रामा उद्योग सञ्चालनमा रहेको सन्दर्भमा प्रजातन्त्रको पुनर्स्थापनासँगै उदारवादी नीति अवलम्बन, विश्वव्यापीकरणमा आबद्धता, निजीकरण तथा सार्वजनिक निजी साझेदारी जस्ता



चिज उद्योग, इलाम

अवधारणाको विकास भएपश्चात औद्योगिक क्षेत्रको विकास र विस्तार भएको हो ।

नेपालको संविधानले तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गर्ने, राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सिप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने, औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय परियोजना, वैदेशिक लगानीका परियोजनाको सन्दर्भमा अन्तरप्रदेश तथा प्रदेश र सङ्घबीच समन्वय स्थापित गराई आर्थिक विकासलाई गतिशीलता प्रदान गर्ने नीति लिएको छ। यिनै नीतिका मार्गदर्शनबमोजिम औद्योगिक व्यवसाय ऐन २०७६, विशेष आर्थिक क्षेत्र ऐन २०७५, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५, औद्योगिक ग्राम स्थापना तथा सञ्चालनसम्बन्धी निर्देशिका २०७५, लगायतका कानुनी व्यवस्था गर्दै नीतिगत सुधार, संरचनागत सुधार र प्रक्रियागत सरलीकरण गर्दै औद्योगिक वातावरण निर्माणमा जोड दिइएको छ ।

यिनै प्रयासका बाबजुद नेपालको आर्थिक विकासमा उद्योग क्षेत्रको योगदान क्रमिक रूपमा बढ्दै गएको छ । उद्योगको विकाससँगै वस्तु तथा सेवाको उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारीका अवसरमा अभिवृद्धि, मुलुकमा उपलब्ध स्रोत साधनको अधिकतम परिचालन, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्दै आत्मनिर्भरउन्मुख अर्थतन्त्रको आधार निर्माण भएको छ ।

आर्थिक सर्वेक्षण २०८०/०८१ अनुसार गत आर्थिक वर्ष १.९८ प्रतिशतले ऋणात्मक रहेको औद्योगिक क्षेत्र (उत्पादनमूलक उद्योग)को कुल मूल्य अभिवृद्धि (उत्पादन) चालू

आर्थिक वर्षसमेत १.६ प्रतिशतले ऋणात्मक रहने अनुमान छ। वस्तु तथा सेवाको समग्र मागमा कमी आएका कारण उत्पादनमूलक उद्योग पूर्ण क्षमतामा सञ्चालन हुन नसकेको र विश्वव्यापी रूपमा नै अर्थतन्त्रमा उल्लेख्य सुधार आउन नसकेको अवस्थामा मुलुकका उद्योगको उत्पादनमा समेत सङ्कुचन देखा पर्ने अनुमानका आधारमा यस क्षेत्रको वृद्धिदर ऋणात्मक हुने अनुमान छ। पछिल्लो दशकमा उत्पादनमूलक उद्योगको औसत वार्षिक वृद्धिदर २.५९ प्रतिशत रहेको छ। चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगको योगदान ४.८७ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान ५.१६ प्रतिशत रहेको थियो। पछिल्लो दशकमा कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगको योगदान वार्षिक औसत ५.४६ प्रतिशत रहेको छ।

त्यस्तै, उद्योग विभागअन्तर्गत २०८० फागुनसम्म ९,३४४ उद्योग दर्ता भएका छन्। दर्ता भएका उद्योगमध्ये ठुला, मझौला र साना उद्योगको हिस्सा क्रमशः १५.० प्रतिशत, २२.६ प्रतिशत र ६२.४ प्रतिशत रहेको छ। यस अवधिसम्मको कुल स्वीकृत लगानी रु.२९ खर्ब ९२ अर्ब ७० करोडमध्ये ठुला, मझौला र साना उद्योगको हिस्सा क्रमशः ८३.४ प्रतिशत, १०.१ प्रतिशत र ६.५ प्रतिशत रहेको छ। यस्ता उद्योगबाट २०८० फागुनसम्म ६ लाख ९८ हजार ५ सय १० रोजगारी सिर्जना हुने अनुमान छ।

आर्थिक सर्वेक्षणअनुसार आर्थिक वर्ष २०८०/०८१ को फागुनसम्म उद्योग विभागमा दर्ता भएका २५३ उद्योगमा रु.२९ अर्ब १३ करोडबराबरको विदेशी लगानी स्वीकृत भएको छ जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४१.७ प्रतिशतले बढी हो। गत आर्थिक वर्षको सोही अवधिमा १५९ उद्योगको रु.२० अर्ब ५६ करोडबराबरको विदेशी लगानी स्वीकृत भएको थियो। २०८० फागुनसम्म उद्योग विभागमा दर्ता भएका ६,१११ उद्योगमा रु. ४ खर्ब ७८ अर्ब ८५ करोडबराबरको विदेशी लगानी स्वीकृत भएको छ। यस्ता उद्योगको सञ्चालनबाट ३ लाख २२ हजार २ सय ६६ रोजगारी सिर्जना हुने अनुमान छ।

२०८० फागुनसम्म स्वीकृत वैदेशिक लगानीमध्ये ऊर्जामूलक क्षेत्रमा २७.३० प्रतिशत, सेवामूलक क्षेत्रमा २७.२४ प्रतिशत, पर्यटन क्षेत्रमा २२.४४ प्रतिशत र उत्पादनमूलक क्षेत्रमा १५.६० प्रतिशत लगानी रहेको छ। पूर्वाधार क्षेत्रका उद्योगमा सबैभन्दा कम विदेशी लगानी स्वीकृत भएको छ।

### ५.२.३. व्यापार

मालवस्तु वा सेवाको खरिद, बिक्री, विनिमय र ओसारपसार गर्ने पद्धतिलाई नै व्यापार भनिन्छ। नेपालमा विगत लामो समयदेखि वस्तु तथा सेवाको आयात उच्च र निर्यात न्यून हुँदै गएकाले व्यापार घाटाको स्थितिमा रहेको छ। नेपालको संविधानले आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनको क्षेत्रमा वैदेशिक पुँजी र प्रविधिको लगानीलाई प्रोत्साहन गर्ने नीति लिएको छ। निर्यातको तुलनामा आयातको आकार ठुलो र फराकिलो रहेकाले व्यापार घाटा निरन्तर बढिरहेको भए पनि विप्रेषण आयका कारण नेपालको शोधनान्तर स्थिति विगतका अधिकांश वर्षहरूमा बचतमा रहेको देखिन्छ। हाल सरकारले आयात

प्रतिस्थापन र निर्यात अभिवृद्धिको दुई धारको रणनीति लिएको छ ।

आर्थिक सर्वेक्षण २०८०/८१ का अनुसार फागुनसम्म कुल वस्तु व्यापारमा निकासीको अंश ८.९ प्रतिशत रहेको छ । २०७९/८० को फागुनसम्म यस्तो अंश ९.० प्रतिशत रहेको थियो । २०७९/८० मा उच्च दरमा घटेको वैदेशिक व्यापार २०८०/८१ को फागुनसम्म समेत घटेको छ । २०७९/८० मा भएको निकासी २१.४ प्रतिशत र पैठारी १६.१ प्रतिशतले घटेको यियो । २०८०/८१ को फागुनसम्म कुल वस्तु निकासी ४.० प्रतिशतले घटेर रु. १ खर्ब ६२ करोड रहेको छ । २०७९/८० को सोही अवधिमा यस्तो निकासी २९.१ प्रतिशतले घटेको थियो । २०८०/८१ को फागुनसम्म भारततर्फ भएको निकासी ७.७ प्रतिशतले घटेको छ भने चीन र अन्य मुलुकतर्फको निकासी कमशः २७५.५ प्रतिशत र ०.३ प्रतिशतले बढेको छ ।

२०८०/८१ को फागुनसम्म कुल वस्तु पैठारी २.७ प्रतिशतले घटेर रु.१० खर्ब ३० अर्ब २२ करोड रहेको छ । २०७९/८० को सोही अवधिमा यस्तो पैठारी १९.१ प्रतिशतले घटेको थियो । २०८०/८१ को फागुनसम्म भारत र अन्य मुलुकबाट भएको पैठारी कमशः २.८ प्रतिशत र २२.९ प्रतिशतले घटेको छ भने चीनबाट भएको पैठारी ३३.७ प्रतिशतले बढेको छ ।

उच्च व्यापार घाटा, कृषि तथा औद्योगिक उत्पादन न्यून, स्वदेशी वस्तुको उत्पादनमा वृद्धि नहुनु, निर्यात प्रवर्द्धनका लागि वस्तु र देशगत विविधीकरण गर्न नसक्नु, खुला सिमानाका कारण चोरी निकासी पैठारी नियन्त्रणमा कमी ल्याउन नसकिनु, सेवा व्यापारमा अपेक्षित वृद्धि नहुनु र औद्योगिक पूर्वाधारहरूको विकास गर्न नसकिनु यस क्षेत्रका मुख्य समस्या तथा चुनौती हुन् ।

लगानीको वातावरण सुधार गर्दै भारतसँग थप बन्दरगाह उपयोगसम्बन्धी सम्झौता र चीनसँग पारवहन सम्झौता गरी कृषि तथा औद्योगिक उत्पादनमा वृद्धि गरेर छिमेकी मुलुकलगायत अन्य विकसित मुलुकतर्फ निर्यातमार्फत देशको अर्थतन्त्र उकास्न सकिन्छ । जलविद्युत् उत्पादन गरी छिमेकी देशहरूमा निर्यात गर्न सकिने ठुलो सम्भावना छ । कृषि तथा वन पैदावार र खनिज पदार्थमा आधारित वस्तुहरू स्वदेशमा नै उत्पादन अभिवृद्धि गरी स्वदेशी वस्तुको उपयोग गर्न सकिन्छ । विदेश जाने कामदारको सिप र दक्षता अभिवृद्धि गरी विप्रेषण आप्रवाह वृद्धि गर्ने सम्भावना बढ्नु, ऊर्जा, खनिज, पर्यटन र औद्योगिक उत्पादनका क्षेत्रमा उल्लेखनीय स्वदेशी तथा विदेशी लगानी गरी विदेशी मुद्रा सञ्चिति कायम गर्दै व्यापार क्षेत्रलाई अर्थतन्त्रको प्रमुख खम्बाको रूपमा विकास गरी अधिकतम लाभ लिन सकिन्छ ।

### ५.२.४. पर्यटन

नेपालको अर्थतन्त्रको विकासका लागि पर्यटन उच्च सम्भावनाको क्षेत्र हो । नेपाल प्राकृतिक, सांस्कृतिक, साहसिक, ऐतिहासिक तथा धार्मिक दृष्टिकोणबाट विश्वकै एक प्रमुख पर्यटकीय गन्तव्य बनेको छ । यस्ता स्थान र सम्पदाको संरक्षण, प्रवर्द्धन र विविधीकरण



र्‍याफ्टिङ गर्दै पर्यटक

गर्दै पर्यटकीय स्थलको रूपमा विकास गरी राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रूपमा यस क्षेत्रलाई विकास गर्ने नीति नेपालको संविधानले अङ्गीकार गरेको छ । पर्यटन प्रवर्द्धन गरी रोजगारीको अवसरमा वृद्धि गर्दै गरिबी निवारण र जनताको जीवनस्तरमा सुधार ल्याई आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न यस क्षेत्रको महत्त्वपूर्ण योगदान रहने भएकाले नेपाली अर्थतन्त्रमा पर्यटनलाई प्रमुख संवाहकको रूपमा लिने गरिएको छ ।

छिमेकी मुलुकहरूमा रहेको ठुलो जनसङ्ख्या र उच्च आर्थिक वृद्धिबाट सिर्जित अवसरबाट लाभ प्राप्त गरी नेपालमा पर्यटन आगमन द्रुततर रूपमा वृद्धि हुने राम्रो सम्भावना रहेको छ । यसबाट उच्च रोजारी सिर्जना गरी राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधार सिर्जना गर्दछ । जसका लागि पर्यटकीय गन्तव्यको विविधीकरण गर्दै पर्यटकीय गन्तव्यहरूको पहिचान र पूर्वाधारको विकास गरी रोजगारीको अवसरमा वृद्धि गरेर गरिबी न्यूनीकरण गर्दै जनताको जीवनस्तरमा सुधार ल्याउन सकिन्छ ।

पर्यटन विकासमा पर्यटन उपज र क्रियाकलापको अपेक्षित विकास र विविधीकरण हुन नसक्नु, अन्तर्राष्ट्रियस्तरमा पर्यटन प्रवर्द्धन अपेक्षित रूपमा गर्न नसकिनु, पर्यटन पूर्वाधारको कमी हुनु, धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण संवर्द्धन र पर्यटन विकासमा निजी क्षेत्रलाई पर्याप्त सहभागी गराउन नसक्नु, पर्यटन क्षेत्रको विकासमा उद्यमशीलता विकासलाई जोड्न नसकिनु, पर्यटन क्षेत्रबाट प्राप्त लाभको न्यायोचित वितरण हुन नसक्नु र पर्यटकीय गतिविधि प्रविधिमैत्री नहुनु यस क्षेत्रका मुख्य समस्या हुन् ।

कोभिड-१९ महामारीबाट शिथिल बनेको पर्यटन क्षेत्र कोभिडपूर्वको अवस्थामा आइपुगेको छ । पर्यटन क्षेत्रले गति लिँदै गएसँगै होटेल व्यवसाय चलायमान हुँदै गएका छन् भने पर्यटकबाट प्राप्त हुने आम्दानीसमेत उल्लेख्य रूपमा बढेको छ । आर्थिक सर्वेक्षण



पर्यटकीय स्थल कुरी गाउँ, दोलखा

२०८०/०८१ का अनुसार पछिल्लो दशक (२०१४-२०२३) मा विनाशकारी भूकम्प र कोभिड-१९ महामारीका बाबजुद ६६ लाखभन्दा बढी पर्यटकले नेपाल भ्रमण गरेका छन् । पछिल्लो दशकमा प्रतिवर्ष औसत पर्यटक आगमन ६ लाख ६१ हजार रहेको छ । स्थलमार्गबाट आउने भारतीय पर्यटकबाहेक सन् २०२२ मा पर्यटक आगमनमा वृद्धि भई ६ लाख १४ हजार ८ सय ६९ पुगेकोमा सन् २०२३ मा यस्तो सङ्ख्यामा ६५.० प्रतिशतको उच्च वृद्धि भई १० लाख १४ हजार ८ सय ८२ पुगेको छ । सन् २०२४ को मार्चसम्म ३ महिनाको अवधिमा पर्यटक आगमन सन् २०२३ को मार्चसम्मको तुलनामा ३३.० प्रतिशतले वृद्धि भई ३ लाख ४ हजार ६ सय ९३ पुगेको छ ।

सन् २०२३ मा पर्यटकको औसत बसाइ अवधि र प्रतिदिन खर्चमा सीमान्त वृद्धि भएको छ । यस अवधिमा पर्यटकको औसत बसाइ १३.२ दिन र प्रतिपर्यटक प्रतिदिन औसत खर्च ४१.० अमेरिकी डलर रहेको छ । सन् २०२२ मा पर्यटकको बसाइ अवधि औसत १३.१ दिन रहेको थियो । सन् २०२२ मा प्रतिपर्यटक प्रतिदिन औसत खर्च ४०.५ अमेरिकी डलर रहेको थियो ।

शान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थल लुम्बिनी मुलुककै बढी भ्रमण गरिने गन्तव्यको रूपमा रहेको छ । सन् २०२३ मा लुम्बिनी भ्रमण गर्नेमध्ये नेपाली ६ लाख ५६ हजार, भारतीय २ लाख ६६ हजार र अन्य मुलुकका ८९ हजार गरी १० लाख ११ हजार रहेका छन् । सन् २०२३ मा आएका पर्यटकमध्ये भारतबाट ३१.५ प्रतिशत, अमेरिकाबाट ९.९ प्रतिशत, चीनबाट ६.० प्रतिशत, बेलायतबाट ५.२ प्रतिशत, अस्ट्रेलियाबाट ३.८ प्रतिशत, बङ्गलादेशबाट ३.६ प्रतिशत र अन्य मुलुकबाट ४०.० प्रतिशत रहेका छन् ।



प्याराग्लाइडिङ, कास्की

सन् २०२२ को तुलनामा चीनबाट नेपाल आउने पर्यटकको सङ्ख्या सन् २०२३ मा ६ गुणा र दक्षिण कोरियाबाट आउने पर्यटकको सङ्ख्या करिब १० गुणाले वृद्धि भएको छ ।

सङ्घीय संरचनाअनुरूप तीन तहका सरकारबाट पर्यटन क्षेत्रमा उत्साहजनक काम गर्ने वातावरण तयार गर्दै भूकम्पबाट क्षतिग्रस्त सांस्कृतिक सम्पदाहरूको पुनर्निर्माण सम्पन्न गरेर थप पर्यटकीय गन्तव्यहरूको पहिचान गर्नुपर्दछ । नेपाल भित्रिने अधिकांश पर्यटकले विमानस्थलको प्रयोग गर्ने पाइएकाले अन्तर्राष्ट्रिय विमानस्थलहरूको पूर्वाधार निर्माणले गति लिनुपर्दछ । प्राकृतिक सुन्दरता, सांस्कृतिक विविधता, अनन्त शान्ति आभास, आध्यात्मिकता, प्राचीन ज्ञान र दर्शनको उद्‌गमस्थल, जैविक विविधतालगायतका पर्यटकीय गन्तव्य र उपजहरूका कारण पर्यटन केन्द्र बन्ने प्रबल सम्भावनाले समृद्धिको प्रमुख संवाहकको रूपमा पर्यटन क्षेत्रलाई स्थापित गरी अधिकतम लाभ लिन सकिन्छ ।

### ५.२.५. वैदेशिक रोजगार

वर्तमान विश्वव्यापीकरणको युगमा वैदेशिक रोजगार आर्थिक विकासको एक महत्वपूर्ण आयामको रूपमा स्थापित भएको छ । खासगरी मुलुकमा रहेको बेरोजगार एवम् अनुत्पादक श्रमशक्तिलाई उनीहरूको योग्यता, सिप तथा दक्षताअनुरूप अन्य विभिन्न मुलुकमा रोजगारीका लागि पठाई उनीहरूमार्फत वैदेशिक आय (विप्रेषण), सिप, प्रविधि र अनुभव स्वदेशमा ल्याइन्छ । वैदेशिक रोजगारीले विशेषगरी नेपाल जस्ता विकासोन्मुख राष्ट्रहरूको अर्थतन्त्रमा सकारात्मक प्रभाव पारेको पाइन्छ । नेपालको अर्थव्यवस्थामा वैदेशिक रोजगारीको योगदान उल्लेखनीय रहेको छ । विगतको

द्वन्द्वको समयमा अर्थतन्त्रका आन्तरिक पक्षहरू कृषि, उद्योग, व्यापारलगायतका क्षेत्रमा नकारात्मक असर परेको अवस्थामा समेत वैदेशिक रोजगारीले निरन्तर टेवा पुऱ्याइरहेको देखिन्छ ।

वैदेशिक रोजगारी नेपालका लागि रहर होइन बाध्यता रहेको छ। देशमा आर्थिक, सामाजिक तथा औद्योगिक क्षेत्रमा आशातीत रूपमा विकास हुन नसक्दा ठुलो सङ्ख्यामा युवाशक्ति वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता रहेको छ। चालू पन्ध्रौँ योजनाअनुसार नेपालमा प्रत्येक वर्ष करिब पाँच लाख थप जनशक्ति श्रम बजारमा प्रवेश गर्ने तर आन्तरिक श्रम बजारको प्रशोचन क्षमता न्यून हुँदा अतिरिक्त श्रमशक्ति वैदेशिक रोजगारीमा जानेको गरेको पाइन्छ ।

आर्थिक सर्वेक्षण २०८०/०८१ का अनुसार नेपालले संस्थागत रूपमा १११ देशलाई वैदेशिक रोजगारीका लागि खुला गरेको छ। २०८० फागुनसम्म वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या ५९ लाख ६८ हजार पुगेको छ। यसमध्ये पुरुष ९३.८ प्रतिशत र महिला ६.२ प्रतिशत रहेका छन्। चालू आर्थिक वर्षको फागुनसम्म नयाँ श्रम स्वीकृति लिने २ लाख ८५ हजारमध्ये पुरुष ८६.४ प्रतिशत र महिला १३.६ प्रतिशत रहेका छन्। २०८० फागुनसम्म वैदेशिक रोजगारीका लागि इपिएस प्रणालीमार्फत १ लाख ४ हजार ६० जना नेपाली कामदार दक्षिण कोरिया गएका छन् भने जसमध्ये पुरुष ९३.२ प्रतिशत र महिला ६.८ प्रतिशत रहेका छन्। वैदेशिक रोजगारीको प्रमुख गन्तव्यको रूपमा रहेका मुलुकमा कतार, मलेसिया, साउदी अरब, युएई र कुवेत रहेका छन्। पछिल्लो अवधिमा युएई, जापान, माल्दिभ्स, साउदी अरब र युरोपमा जाने नेपाली कामदारको सङ्ख्या बढ्दो क्रममा रहेको छ।

नेपालमा वैदेशिक रोजगारीका माध्यमबाट विशेषतः गरिबी निवारणमा उल्लेखनीय भूमिका खेलेकाले सरकारी स्तरबाटै यसको प्रवर्द्धन गरिए पनि यो विकासको दीर्घकालीन स्रोत होइन। मुलुकभित्रै कृषि क्षेत्रको आधुनिकीकरण एवम् व्यवसायीकरण, उद्योग क्षेत्रको विकास र विस्तार तथा विविध स्वरोजगारीका अवसर सिर्जनामार्फत बाध्यात्मक वैदेशिक रोजगारीको अन्त्य गरी दक्ष एवम् सिपयुक्त जनशक्तिलाई मात्र वैदेशिक रोजगारीमा परिचालन गर्दै वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गरेमा नेपालले आर्थिक विकासमा वैदेशिक रोजगारीबाट अधिकतम लाभ लिन सकिन्छ ।

### ५.३. आ.व. २०८१/०८२ को बजेट

नेपाल सरकारका अर्थमन्त्री श्री वर्षमान पुन 'अनन्त'ले २०८१ जेठ १५ मा संसद्को संयुक्त बैठकमा पेस गर्नुभएको आ.व. २०८१/०८२ को बजेट निम्नानुसार छ :

**कुल बजेट** : १८ खर्ब ६० अर्ब ३० करोड ।

**चालू** : ११ खर्ब ४० अर्ब ६६ करोड (६१.३१ प्रतिशत)

**पुँजीगत** : ३ खर्ब ५२ अर्ब ३५ करोड (१८.९४ प्रतिशत)

**वित्तीय व्यवस्था** : ३ खर्ब ६७ अर्ब २८ करोड (१९.७४ प्रतिशत)

**कुल विनियोजनमा प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ** : ४ खर्ब ८ अर्ब ८७ करोड

**स्रोततर्फ** :

**राजस्वबाट हुने आम्दानी** : १२ खर्ब ६० अर्ब ३० करोड

**वैदेशिक अनुदान** : ५२ अर्ब ३३ करोड

**वैदेशिक ऋण** : २ खर्ब १७ अर्ब ६७ करोड

**आन्तरिक ऋण** : ३ खर्ब ३० अर्ब

**दिगो विकास लक्ष्य सङ्केतका आधारमा विनियोजित रकम**

| | |
|---|---|
| साङ्केतीकरण नगरिएको | ४५.७३ प्रतिशत |
| १. गरिबीको अन्त्य | ६.०७ प्रतिशत |
| २. शून्य भोकमरी | ३.८७ प्रतिशत |
| ३. स्वस्थ जीवन | २.५९ प्रतिशत |
| ४. गुणस्तरीय शिक्षा | ३.२६ प्रतिशत |
| ५. लैङ्गिक समानता | ०.०५ प्रतिशत |
| ६. दिगो सफा पानी तथा सरसफाइ सेवा | १.११ प्रतिशत |
| ७. आधुनिक ऊर्जामा पहुँच | २.८७ प्रतिशत |
| ८. समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम | २.७२ प्रतिशत |
| ९. उद्योग, नवीन खोज र पूर्वाधार | ८.६ प्रतिशत |
| १०. असमानता न्यूनीकरण | ६.५१ प्रतिशत |
| ११. दिगो सहर र बस्तीहरू | ७.०२ प्रतिशत |
| १३. जलवायु परिवर्तन अनुकूलन | ०.५१ प्रतिशत |
| १५. भूसतह स्रोतको उपयोग | ०.५६ प्रतिशत |
| १६. शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज | ८.०० प्रतिशत |
| १७. दिगो विकासका लागि साझेदारी | ०.५१ प्रतिशत |

| **लैङ्गिक उत्तरदायित्व बजेट** | **प्रतिशत** |
|---|---|
| १. प्रत्यक्ष लाभ | ४३.८६ |
| २. अप्रत्यक्ष लाभ | २७.९८ |
| ३. तटस्थ | २८.१६ |
| **जलवायु परिवर्तन बजेट** | **प्रतिशत** |
| १. प्रत्यक्ष लाभ | ६.०६ |

| | |
|---|---|
| २. अप्रत्यक्ष लाभ | ४०.७९ |
| ३. तटस्थ | ५३.१५ |

**प्राथमिकताहरू**

- आर्थिक सुधार र निजी क्षेत्रको प्रवर्द्धन,
- कृषि, ऊर्जा, सूचना प्रविधि, पर्यटन, औद्योगिक विकास तथा पूर्वाधार निर्माण,
- शिक्षा, स्वास्थ्यलगायत सामाजिक क्षेत्रको विकास,
- समावेशिता र सामाजिक सुरक्षा र
- सुशासन प्रवर्द्धन तथा सार्वजनक सेवा प्रवाहमा सुधार

**उद्देश्यहरू**

- उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गर्नु,
- निजी क्षेत्रको मनोबल बढाउँदै लगानी वृद्धि गर्नु र आर्थिक क्रियाकलापमा तीव्रता ल्याउनु,
- मानव संसाधन विकास गर्नु,
- स्रोत र साधनलाई सन्तुलित र समन्यायिक ढङ्गले परिचालन गरी आर्थिक असमानता र गरिबी न्यूनीकरण गर्नु र
- सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।

**बजेटका पाँच रूपान्तरणकारी क्षेत्र**

- कृषि क्षेत्र रूपान्तरण
- ऊर्जा क्षेत्र विकास
- सूचना प्रविधि विकास
- पर्यटन प्रवर्द्धन
- उद्यमशीलता र औद्योगिक विकास

परिच्छेद : छ

# नेपालको सामाजिक जीवन तथा संस्कृति



केही नेपाली मुहारहरू

### ६.१ नेपालको सामाजिक जीवन

क्षेत्रफलको हिसाबले नेपाल विश्वको मध्यम आकारको मुलुक मानिन्छ । यद्यपि नेपाल विविधताले भरिपूर्ण छ । नेपालमा भौगोलिक, जातीय, भाषिक, धार्मिक तथा सांस्कृतिक विविधता स्पष्ट देख्न पाइन्छ । यसर्थ, नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक देश हो । क्षेत्री, ब्राह्मण, मगर, थारू, तामाङ, नेवार, मुसलमान, कामी, यादव, राई, गुरुङ जस्ता जनसङ्ख्याको आकारका हिसाबले ठुला जनजातिलगायतका १४२ जातजातिका मानिसहरू यहाँ बस्छन् । यिनीहरूको

मातृभाषाको रूपमा आ-आफ्नै भाषा छन् । यहाँ १० ओटा धर्म मान्ने मानिसहरू बस्छन् । हिन्दू धर्म मान्ने मानिसहरू शिव, गणेश, विष्णु, दुर्गा आदिको पूजा गर्छन् । यिनीहरूमध्ये धेरैजसो मस्टोलाई कुलदेवता मान्दछन् । बुद्ध धर्मका अनुयायीहरूले भगवान् बुद्धलाई पूजा गर्छन् । इस्लाम धर्म मान्नेहरूले ईश्वरलाई अल्लाह भन्दछन् । इसाई धर्म मान्नेहरू चर्चमा गएर क्राइस्टको प्रार्थना गर्दछन् । किराँत धर्म मान्नेहरू पारुहाङ र सुङनिमा (सुम्निमा) लाई मान्दछन् । नेपाल संस्कृतिमा धनी राष्ट्र हो । बहुभाषी, बहुजाति र बहुधर्मका मानिसका आ-आफ्नै भेषभूषा र संस्कृति छन् । व्यक्तिबाट परिवार, परिवारबाट समाज र समाजबाट राष्ट्र बनेको हुन्छ । समाजभित्र विभिन्न धर्म, पेसा, जातजाति, संस्कृति, भाषाभाषी, भेषभूषा, खानपान, रहनसहन, चाडपर्व, उत्सव आदि भएका मानिसहरू बसोवास गर्दछन् । यसैअनुरूप समाजमा विभिन्न गतिविधि हुने गर्दछ । समाजमा हुने विभिन्न राजनीतिक, धार्मिक, आर्थिक, सांस्कृतिक गतिविधिदेखि लिएर ज्ञान-विज्ञान, साहित्य, कला, मनोरञ्जन आदि जस्ता सम्पूर्ण गतिविधि राष्ट्रलाई पहिचान गराउने तत्वहरू हुन् ।

### ६.१.१ जातिगत विविधता

नेपाल जातिगत विविधतायुक्त मुलुक हो । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको जातिगत जनसङ्ख्या विवरण तालिका ६.१ मा राखिएको छ ।

**तालिका नं. ६.१**

**जातिगत जनसङ्ख्या विवरण**

| क्र.सं. | जातजातिहरू | Caste/ethnicity | जम्मा | जम्मा% |
|---|---|---|---|---|
| १ | क्षेत्री | Kshatri | ४७९६९९५ | १६.४५ |
| २ | ब्राह्मण-पहाडी | Brahman - Hill | ३२९२३७३ | ११.२९ |
| ३ | मगर | Magar | २०१३४९८ | ६.९ |
| ४ | थारू | Tharu | १८०७१२४ | ६.२ |
| ५ | तामाङ | Tamang | १६३९८६६ | ५.६२ |
| ६ | विश्वकर्मा | Bishwokarma | १४७००१० | ५.०४ |
| ७ | मुसलमान | Musalman | १४१८६७७ | ४.८६ |
| ८ | नेवा: (नेवार) | Newa: (Newar) | १३४१३६३ | ४.६ |
| ९ | यादव | Yadav | १२२८५८१ | ४.२१ |
| १० | राई | Rai | ६४०६७४ | २.२ |
| ११ | परियार | Pariyar | ५६५९३२ | १.९४ |

| | | | | |
|---|---|---|---|---|
| १२ | गुरुङ | Gurung | ५४३७९० | १.८६ |
| १३ | ठकुरी | Thakuri | ४९४४७० | १.७ |
| १४ | मिजार | Mijar | ४५२२२९ | १.५५ |
| १५ | तेली | Teli | ४३१३४७ | १.४८ |
| १६ | याक्थुङ/लिम्बू | Yakthung/Limbu | ४१४७०४ | १.४२ |
| १७ | चमार/हरिजन/राम | Chamar/Harijan/Ram | ३९३२५५ | १.३५ |
| १८ | कोइरी/कुशवाहा | Koiri/Kushwaha | ३५५७०७ | १.२२ |
| १९ | कुर्मी | Kurmi | २७७७८६ | ०.९५ |
| २० | मुसहर | Musahar | २६४९७४ | ०.९१ |
| २१ | धानुक | Dhanuk | २५२१०५ | ०.८६ |
| २२ | दुसाध/पासवान/पासी | Dusadh/Pasawan/Pasi | २५०९७७ | ०.८६ |
| २३ | ब्राह्मण-तराई | Brahman - Tarai | २१७७७४ | ०.७५ |
| २४ | मल्लाह | Mallaha | २०७००६ | ०.७१ |
| २५ | सन्यासी/दसनामी | Sanyasi/Dasnami | १९८८४९ | ०.६८ |
| २६ | केवट | Kewat | १८४२९८ | ०.६३ |
| २७ | कानू | Kanu | १५२८६८ | ०.५२ |
| २८ | हजाम/ठाकुर | Hajam/Thakur | १३६४८७ | ०.४७ |
| २९ | कलवार | Kalwar | १३४९१४ | ०.४६ |
| ३० | राजबंशी | Rajbansi | १३२५६४ | ०.४५ |
| ३१ | शेर्पा | Sherpa | १३०६३७ | ०.४५ |
| ३२ | कुमाल | Kumal | १२९७०२ | ०.४४ |
| ३३ | तत्मा/तत्वा | Tatma/Tatwa | १२६०१८ | ०.४३ |
| ३४ | खत्वे | Khatwe | १२४०६२ | ०.४३ |
| ३५ | घर्ती/भुजेल | Gharti/Bhujel | १२०२४५ | ०.४१ |
| ३६ | माझी | Majhi | १११३५२ | ०.३८ |
| ३७ | नुनिया | Nuniya | १०८७२३ | ०.३७ |
| ३८ | सुन्डी | Sundi | १०७३८० | ०.३७ |
| ३९ | धोबी | Dhobi | १०१०८९ | ०.३५ |
| ४० | लोहार | Lohar | १००६८० | ०.३५ |

| | | | | |
|---|---|---|---|---|
| ४१ | बिन/बिन्दा | Bin/Binda | ९६९७४ | ०.३३ |
| ४२ | कम्हर | Kumhar | ९५७२४ | ०.३३ |
| ४३ | सोनार | Sonar | ९३३८० | ०.३२ |
| ४४ | चेपाङ/प्रजा | Chepang/Praja | ८४३६४ | ०.२९ |
| ४५ | रानाथारू | Ranatharu | ८३३०८ | ०.२९ |
| ४६ | दनुवार | Danuwar | ८२७८४ | ०.२८ |
| ४७ | सुनुवार | Sunuwar | ७८९१० | ०.२७ |
| ४८ | हलुवाई | Haluwai | ७१७९६ | ०.२५ |
| ४९ | बरई | Baraee | ६८०११ | ०.२३ |
| ५० | बाँतर/सर्दार | Bantar/Sardar | ६१६८७ | ०.२१ |
| ५१ | काहर | Kahar | ५९८८२ | ०.२१ |
| ५२ | सन्थाल | Santhal | ५७३१० | ०.२ |
| ५३ | बानियाँ | Baniyan | ५३६५५ | ०.१८ |
| ५४ | खतबनियन | Kathabaniyan | ५२४६६ | ०.१८ |
| ५५ | बाधी | Badhaee/Badhee | ५२४३७ | ०.१८ |
| ५६ | उराँउ | Oraon/Kudukh | ४६८४० | ०.१६ |
| ५७ | राजपुत | Rajput | ४६५७७ | ०.१६ |
| ५८ | अमत | Amat | ४६४७१ | ०.१६ |
| ५९ | गनगाई | Gangai | ४१४४६ | ०.१४ |
| ६० | लोध | Lodh | ३९८७२ | ०.१४ |
| ६१ | गडेरी/भेडियार | Gaderi/Bhediyar | ३५४९७ | ०.१२ |
| ६२ | घले | Ghale | ३५४३४ | ०.१२ |
| ६३ | मारवाडी | Marwadi | ३३८०३ | ०.१२ |
| ६४ | कायस्थ | Kayastha | ३३५०२ | ०.११ |
| ६५ | कुलुङ | Kulung | ३३३८८ | ०.११ |
| ६६ | थामी | Thami | ३२७४३ | ०.११ |
| ६७ | भूमिहार | Bhumihar | ३२१९९ | ०.११ |
| ६८ | राजभर | Rajbhar | २९२४० | ०.१ |
| ६९ | रौनियार | Rauniyar | २७२५८ | ०.०९ |

| | | | | |
|---|---|---|---|---|
| ७० | धिमाल | Dhimal | २५६४३ | ०.०९ |
| ७१ | खवास | Khawas | २२५५१ | ०.०८ |
| ७२ | ताजपुरिया | Tajpuriya | २०९८९ | ०.०७ |
| ७३ | कोइरी | Kori | २०६७० | ०.०७ |
| ७४ | डोम | Dom | १९९०१ | ०.०७ |
| ७५ | माली | Mali | १९६०५ | ०.०७ |
| ७६ | दराई | Darai | १८६९५ | ०.०६ |
| ७७ | याक्खा | Yakkha | १७४६० | ०.०६ |
| ७८ | भोटे | Bhote | १५८१८ | ०.०५ |
| ७९ | बान्तवा | Bantawa | १५७१९ | ०.०५ |
| ८० | राजधोब | Rajdhob | १५३९१ | ०.०५ |
| ८१ | धोनिया | Dhunia | १५०३३ | ०.०५ |
| ८२ | पहरी | Pahari | १५०१५ | ०.०५ |
| ८३ | बङ्गाली | Bangali | १३८०० | ०.०५ |
| ८४ | गोंड | Gondh/Gond | १२२६७ | ०.०४ |
| ८५ | चाम्लिङ | Chamling | १२१७८ | ०.०४ |
| ८६ | छन्त्याल/छन्तेल | Chhantyal/Chhantel | ११९६३ | ०.०४ |
| ८७ | थकाली | Thakali | ११७४१ | ०.०४ |
| ८८ | बादी | Badi | ११४७० | ०.०४ |
| ८९ | बोटे | Bote | ११२५८ | ०.०४ |
| ९० | पुन | Pun | ९८२७ | ०.०३ |
| ९१ | ह्योल्मो/ह्योल्मोपा | Hyolmo/Yholmopa | ९८१९ | ०.०३ |
| ९२ | खतिक | Khatik | ९१५२ | ०.०३ |
| ९३ | याम्फू | Yamphu | ९१११ | ०.०३ |
| ९४ | केवारत | Kewarat | ८८०९ | ०.०३ |
| ९५ | बराम/बरामू | Baram / Baramu | ७८५९ | ०.०३ |
| ९६ | देव | Dev | ७४१८ | ०.०३ |
| ९७ | नाछिरिङ | Nachhiring | ७३०० | ०.०३ |
| ९८ | गाइने | Gaine | ६९७१ | ०.०२ |

| | | | | |
|---|---|---|---|---|
| ९९ | बाहिङ | Bahing | ६५४७ | ०.०२ |
| १०० | थुलुङ | Thulung | ६२३९ | ०.०२ |
| १०१ | जिरेल | Jirel | ६०३१ | ०.०२ |
| १०२ | खालिङ | Khaling | ५८८९ | ०.०२ |
| १०३ | आठपहरिया | Aathpahariya | ५८७८ | ०.०२ |
| १०४ | डोल्पो | Dolpo | ५८१८ | ०.०२ |
| १०५ | सरबरिया | Sarbaria | ५७९३ | ०.०२ |
| १०६ | मेवाहाङ | Mewahang | ५७२७ | ०.०२ |
| १०७ | ब्यासी/सौका | Byasi/Sauka | ५७१८ | ०.०२ |
| १०८ | दूरा | Dura | ५५८१ | ०.०२ |
| १०९ | मेचे | Meche | ५१९३ | ०.०२ |
| ११० | राजी | Raji | ५१२५ | ०.०२ |
| १११ | साम्पाङ | Sampang | ४८४१ | ०.०२ |
| ११२ | चाइ/खुलौत | Chai/Khulaut | ४८०५ | ०.०२ |
| ११३ | चुम्बा/नुब्री | Chumba/Nubri | ४४१४ | ०.०२ |
| ११४ | धनकर/धरीकर | Dhankar/ Dharikar | ४०९० | ०.०१ |
| ११५ | मुन्डा | Munda | ३५८९ | ०.०१ |
| ११६ | लेप्चा | Lepcha | ३५७८ | ०.०१ |
| ११७ | पत्थरकट्टा/ कुश्वादिया | Pattharkatta/ Kushwadiya | ३३४३ | ०.०१ |
| ११८ | हायु | Hayu | ३०६९ | ०.०१ |
| ११९ | बेल्दार | Beldar | ३०३७ | ०.०१ |
| १२० | हल्खोर | Halkhor | २९२९ | ०.०१ |
| १२१ | नतुवा | Natuwa | २८९६ | ०.०१ |
| १२२ | लोहारुङ | Loharung | २५९८ | ०.०१ |
| १२३ | कमार | Kamar | २५३२ | ०.०१ |
| १२४ | धन्दी | Dhandi | २३३९ | ०.०१ |
| १२५ | दोने | Done | २१२५ | ०.०१ |
| १२६ | मुगल/मुगुम | Mugal/Mugum | २१२४ | ०.०१ |

| | | | | |
|---|---|---|---|---|
| १२७ | पञ्जाबी/शिख | Punjabi/Sikh | १८४६ | ०.०१ |
| १२८ | कर्मारोङ | Karmarong | १६६३ | ०.०१ |
| १२९ | चिडिमार | Chidimar | १६१५ | ०.०१ |
| १३० | किसान | Kisan | १४७९ | ०.०१ |
| १३१ | ल्होपा | Lhopa | १३९० | ० |
| १३२ | कलार | KaaLr | ९३१ | ० |
| १३३ | फ्री | Fri | ९२१ | ० |
| १३४ | कोचे | Koche | ८४७ | ० |
| १३५ | तोप्केगोला | Topkegola | ६४२ | ० |
| १३६ | राउटे | Raute | ५६६ | ० |
| १३७ | वालुङ | Walung | ४८१ | ० |
| १३८ | ल्होमी | Lhomi | ३५५ | ० |
| १३९ | सुरेल | Surel | ३१८ | ० |
| १४० | कुसुन्डा | Kusunda | २५३ | ० |
| १४१ | बनकरिया | Bankariya | १८० | ० |
| १४२ | नुराङ | Nurang | ३६ | ० |
| १४३ | अन्य | Others | ५८८८ | ०.०२ |
| १४४ | विदेशी | Foreigner | १३७४०७ | ०.४७ |
| १४५ | नखुलेको | Not stated | ४४३६ | ०.०२ |
| | जम्मा | Total | २९१६४५७८ | १०० |

स्रोत : राष्ट्रिय जनगणना २०७८

### ६.१.२ नेपालका सूचीकृत आदिवासी जनजातिहरू

नेपाल सरकारले ५८ आदिवासी जनजातीहरू सूचीकरण गरेको छ। नेपालमा आर्थिक, सामाजिक, राजनीतिक दृष्टिले पिछडिएका जाति जनजातिहरूको उत्थान गर्ने उद्देश्यले वि.सं. २०५४ असारमा राष्ट्रिय जनजाति विकास समिति गठन गरिएको छ। साझा भूगोल, साझा भाषा तथा आफ्नै प्रकारको धर्म, संस्कृति मूल्य मान्यतासहितको विशिष्ट पहिचान बोकेका आदिवासी जनजातिहरूको सङ्ख्या निकै ठुलो रहेको छ।

### ६.१.३ बसोवास, रहनसहन र भेषभूषा

नेपालको धरातलीय विविधता र हावापानीको विविधताबीच गहिरो र सीधा



नेपालका केही परम्परागत गरगहनाहरू

सम्बन्ध छ । धरातलीय विविधता र हावापानीको विविधताका कारण नै त्यहाँ बस्ने मानिसहरूको बसोवास, रहनसहन र भेषभूषामा पनि विविधता रहेको छ । धरातलीय विभाजनअनुसार तराई, पहाड र हिमालको बसोवास, रहनसहन र भेषभूषामा भएको विविधतालाई तल चर्चा गरिएको छ :

**हिमाली प्रदेश**



हिमाली भेगमा भारी ओसार्दै चौँरीगाई

नेपालको सबैभन्दा उत्तरी क्षेत्रमा हिमाली प्रदेश पर्दछ । वर्षभरिमा आधाजति समय

हिउँले ढाकिरहने हुनाले यहाँको भूमि कम उब्जाउशील छ। यहाँ आलु, जौ, उवा, स्याउ आदि जस्ता खाद्यान्न उत्पादन हुन्छन्।

यो क्षेत्रमा जनसङ्ख्याको चाप एकदमै कम छ। यो क्षेत्रमा शेर्पा, गुरुङ, भोटे आदि जातिको मुख्य बसोवास भएको पाइन्छ। यहाँ अत्यन्तै जाडो हुने भएकाले कतिपय मानिसहरू पहाडी र तराई जिल्लामा जाडो छल्नका साथै जडीबुटीको व्यापार गरी थप आय आर्जन गर्न जाने गर्दछन्।

यो क्षेत्रमा विकासका पूर्वाधारहरूको खासै विकास नभएकाले यहाँको जीवन एकदमै कष्टकर रहेको छ भने जलवायु परिवर्तनको असरले यो क्षेत्रमा बसोवास गर्ने मानिसहरूको परम्परागत जीवनशैलीमा झनै थप समस्या सिर्जना भएको छ। यस क्षेत्रमा बस्नेले बाक्लो प्रकारका लुगा लगाउने गर्दछन्। जस्तो- भोटो, दोचा, बक्खु आदि। यहाँका मानिसहरू विशेषतः जौ, कोदो, फापर, आलु, मासु एवम् यसबाट तयार गरिने परिकार खाने गर्दछन्।

**पहाडी क्षेत्र**



दाउराको भारी बोक्दै महिलाहरू

यो क्षेत्रमा पूर्वदेखि पश्चिमसम्म विभिन्न जातजातिका मानिसहरू बस्दछन्। पूर्वी नेपालमा मुख्यतया राई, लिम्बू बस्छन् भने मध्य नेपालमा ब्राह्मण, क्षेत्री, नेवार, मगर, गुरुङ आदि जाति पाइन्छन्। पश्चिममा पनि यिनै जाति जनजातिहरू पाइन्छन्। जात, धर्मअनुसार प्रत्येक समुदायको आ-आफ्नै भाषा, संस्कृति, रीतिरिवाज रहेको छ। यस प्रदेशमा बसोवास गर्ने मानिसले दौरा, सुरुवाल, कछाड, पटुका, टोपी आदि लगाउने गर्दछन्। यहाँका मानिस मकै, कोदो, दही, दूध, भटमासजस्ता खाद्यवस्तु तथा त्यसबाट तयार गरिएका परिकारहरू खाने गर्दछन्। यस प्रदेशका अधिकांश ठाउँमा यातायात पुगे पनि केही स्थानमा बाटोघाटोको कमी, शिक्षा

तथा सञ्चार जस्ता आधारभूत आवश्यकताको कमीले गर्दा यहाँको जनजीवन पनि कष्टकर नै रहेको छ ।

**तराई प्रदेश**



तराईमा सामान ढुवानी गर्न गाडाको प्रयोग

नेपालको दक्षिणमा तराई प्रदेश पर्दछ । यो क्षेत्र समथर भएकाले यातायातको विकास भएको पाइन्छ । उब्जाउशील जमिन भएकाले यहाँको जनजीवन हिमाली र पहाडी जनजीवनभन्दा सहज रहेको छ । यहाँका मानिसहरूको मुख्य पेसा कृषि हो । यहाँ अलि बढी गर्मी हुनेहुँदा यहाँका मानिस धोती, कुर्ता, लुंगी लगाउने गर्दछन् । यस प्रदेशका मानिसहरूले विशेषत: दाल, रोटी, भात, माछा, दही, दुधजस्ता खानेकुरा खाने गरेको पाइन्छ । तराईमा लक्ष्मीपूजा, छठ, सिरुवा पर्व, माघी पर्वहरू धुमधामसँग मनाइन्छ ।

**६.१.४ नेपालका विभिन्न जातजातिहरूको सङ्क्षिप्त परिचय**

नेपाल एक बहुजाति, बहुभाषी, बहुधार्मिक एवम् बहुसांस्कृतिक मुलुक हो । अत: भाषा, संस्कृति, धर्म र जातिको दृष्टिले नेपाल धनी राष्ट्र हो । अनेकता र विविधता नै यहाँको अनौठो र उल्लेखनीय पक्ष हो । नेपालको यही विविधता संरक्षणको आवश्यकता महसुस गरी नेपाल पर्यटन बोर्ड र नेपाल राष्ट्रिय जातीय सङ्ग्रहालय जस्ता सङ्घ-संस्थाहरूले महत्त्वपूर्ण भूमिका खेलिरहेका छन् । नेपालमा रहेका विभिन्न जातजातिमध्ये केही जातजातिको बारेमा निम्नानुसार चर्चा गरिएको छः

**बाहुन/क्षेत्री**

बाहुन/क्षेत्रीलाई खस र वैदिक आर्यको सम्मिश्रण मानिन्छ । जनै धारण गर्ने हुँदा यिनीहरूलाई तागाधारी पनि भनिन्छ । पूर्वीया र कुमाई भनेर बाहुनलाई दुई समूहमा

विभाजन गरिएको पाइन्छ । बाहुनहरूलाई परम्परागत रूपमा उपाध्याय र जैसी गरी दुई श्रेणीमा विभाजन गर्ने चलन थियो । कर्णाली प्रदेशमा जनै धारण नगर्ने क्षेत्रीहरू छन्, जसलाई मतवाली क्षेत्री भनिन्छ । यिनीहरू देशका विभिन्न जिल्लामा छरिएर रहेका छन् । पुरेत्याइँ वा कर्मकाण्ड, ज्योतिष हेर्ने काम, खेतीपाती र सरकारी नोकरीमा यिनीहरू बढी संलग्न भएको पाइन्छ । यिनीहरू वैदिक सनातनी हिन्दू धर्म मान्दछन् । बाहुन र क्षेत्रीहरूले बोल्ने भाषा भारोपेली समूहको नेपाली भाषा हो, जुन देवनागरी लिपिमा लेख्ने गरिन्छ । यिनीहरू आफूलाई खस-आर्य भन्न रुचाउँछन् ।

**नेवार**



इही (बेलविवाह)

काठमाडौँको पुरानो नाम नेपाल मण्डल र वरपरका क्षेत्रहरूमा बसोवास गर्ने आफ्नै मौलिक भाषा नेपाल भाषा बोल्ने तथा संस्कृतिका धनी विभिन्न जातजातिका मानिसहरूको सामूहिक रूप नै नेवार हो । यिनीहरू यस क्षेत्रका मूल निवासी, आदिवासी र भूमिपुत्र हुन् । नेवार समुदाय तिब्बत, बर्मेली र आर्यहरूको सम्मिश्रणबाट उदय भएको समुदाय हो । मूलतः बौद्ध तथा हिन्दू धर्म अवलम्बन गर्ने यिनीहरूमा धार्मिक सहिष्णुता रहेको पाइन्छ । यिनीहरू सबैको साझा भनेको नेपाल भाषा तथा नेवार संस्कृति नै हो । यिनीहरूको छुट्टै लिपि नेपाल लिपि हो । यस समुदायमा पुरेतदेखि शूद्रसम्मको पेसा अपनाउनेहरू छन् । नेवारहरू शिल्पकारीमा निपुण हुन्छन् र विभिन्न सिपमूलक पेसा अँगालेका छन् । यिनीहरूको प्रमुख पेसा व्यापार तथा कृषि हो । साथै यिनीहरूले जातीय पेसा अँगालेका छन् । पेसाका सिलसिलामा नेपालका अधिकांश जिल्लाहरूमा नेवार समुदायको बसोवास रहेको पाइन्छ ।

**मगर**

मगर जाति नेपालको आदिवासी जनजाति हो । यिनीहरूको परम्परागत बसोवास क्षेत्रलाई १२ र १८ मगरात भनिन्छ । जुन मर्स्याङ्दीदेखि दैलेख र डोल्पाको केही भागसम्म फैलिएको छ । राना, थापा, पुन, आले, रोका, घर्ती, बुढाजस्ता सात थरबाट मगरका अन्य थरहरू बन्न गएका हुन् । कृषि, पशुपालन, खानी खन्ने, हस्तकलाका साथै सुरक्षा क्षेत्रलगायत वैदेशिक रोजगारी यस जातिका मुख्य पेसा हुन् ।

**थारू**

थारू समुदाय नेपालको आदिवासी जनजाति मध्ये एक हो । थारू समुदायको मातृभाषा थारू हो । यिनीहरूको आदिमभूमि नेपालको तराई तथा भित्री मधेश हो । थारू समुदायको जनसङ्ख्या तराईमा सबभन्दा ठुलो छ भने नेपालमा चौथो हो । थारू समुदायको मुख्य पेसा कृषि हो । धान र गहुँ यिनीहरूको मुख्य खाद्यान्न बाली हो । थारूहरू प्रकृतिपूजक भए तापनि विभिन्न कालखण्डमा अरू धर्मको प्रभाव रहेको पाइन्छ । प्रत्येक थारूहरूको घरभित्र कुलदेवता रहेको हुन्छ । ग्रामथान बनाई ग्रामदेवताको सामूहिक रूपमा पूजा गरिन्छ । यो समुदायको आफ्नै मौलिक परम्परा र भेषभूष रहेका छन् । परापूर्वकालदेखि नै यो समुदायमा सामाजिक र विकास निर्माणका कामहरू व्यवस्थित रूपमा सञ्चालन गर्न तथा भलमन्सा जस्ता लोकप्रिय प्रथाको प्रचलन रहेको छ ।

नयाँ वर्ष तथा पर्वको रूपमा माघ (माघी/खिचडा/तिलासंक्राइत) गुरही, अटवारी, अष्टिम्की, जितिया, दशहरा, दिपावली, सिरुवापावैन, गोठाले, फगुवा (धुरेहरी) आदि जस्ता चाडपर्व थारू समुदायमा मनाइने गरिन्छ । थारू समुदायका महिलाहरूको शरीरका विभन्नि अंगहरूमा गोदना खोप्ने तथा घरको भित्तामा मोख हात्ती, घोडा, हरिण, मयूर आदिको चित्रहरू कोर्ने परम्परा रहेकोमा हाल कम हुँदै गएको छ ।

**तामाङ**

आदिवासी जनजातिमा गणना हुने तामाङको बसोवास क्षेत्रलाई ताम्सालिङ भनिन्छ । यिनीहरू धेरै थरमा विभाजित छन् । यिनीहरूको काठमाडौं उपत्यका र सो वरिपरिका जिल्लाहरूमा घना रूपमा बसोवास रहेको छ । पशुपालन, कृषि, थाङ्का र विभिन्न हस्तकलाका सामग्री निर्माण गर्नु यिनीहरूको मुख्य पेसा हो ।

**राई**

राईहरू आदिवासी किराँत वंशका हुन्, जसलाई खम्बू पनि भनिन्छ । नेपालको सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ, भोजपुर, सङ्खुवासभा, धनकुटा, इलाम र उदयपुर राईहरूको मुख्य बसोवास क्षेत्र हो । यिनीहरू मुख्यतया धान, कोदो, अलैंची खेती, पशुपालन तथा कागज बनाउने व्यवसाय गर्दछन् ।

**गुरुङ**

नेपालको आदिवासी जनजातिभित्र पर्ने गुरुङ (तमू) जाति देशभित्र र बाहिर छरिएर

रहेको पाइए पनि यिनीहरू गण्डकी क्षेत्रका कास्की, लमजुङ, गोरखा र मनाङका रैथाने हुन् र कास्कीको क्होल उनीहरूको पुर्ख्यौली थलो हो । यिनीहरूको पुर्ख्यौली पेसा पशुपालन र कृषि भए तापनि स्वदेशी तथा विदेशी सुरक्षा क्षेत्रलगायत व्यापार र सरकारी सेवामा पनि निकै संलग्न रहेको पाइन्छ । भोट-बर्मेली परिवारअन्तर्गतको तमू भाषा बोल्दछन् ।

**लिम्बू**

नेपालको आदिवासी लिम्बू जाति अरुण नदीपूर्व सङ्खुवासभा, धनकुटा, तेह्रथुम, ताप्लेजुङ, पाँचथर, इलाम, झापा, मोरङ र सुनसरीमा बसोवास गर्दछन्। लिम्बू जातिमा पनि धेरै थर छन्। यिनीहरू कृषि तथा पशुपालन व्यवसाय गर्दछन्। लिम्बूहरू प्रकृति पूजा गर्ने किराँत धर्म मान्दछन् ।

**शेर्पा**

शेर्पा जातिको आदिथलो सोलुखुम्बु जिल्लाको उत्तरी क्षेत्रलाई मानिन्छ। शेर्पाहरू देशका विभिन्न हिमाली जिल्लामा छरिएर रहेका छन्। यिनीहरू पशुपालन र खेतीपाती गर्दछन्। यिनीहरू लामा बौद्ध धर्मको सम्प्रदायी हुन् भने यिनीहरूको भाषा भोट-बर्मेली परिवारभित्र पर्दछ। ल्होसार, डुम्जी, फाङडी ल्होप्सो, याज्याङ, कङसुर, ढुकपा छेच्यू, ङयुङने, छेच्यू यिनीहरूका प्रमुख चाड हुन् ।

**सुनुवार**

सुनुवार जाति नेपालका आदिवासीमध्येको एक प्रमुख र ऐतिहासिक जाति हो। नेपालको इतिहासमा किराँतकालीन राज्य व्यवस्था सञ्चालनदेखि नै किराँतीहरूको पहिचान रहिआएको छ। सुनुवार किराँत वंशको चार शाखा/समुदाय “राई, लिम्बू, सुनुवार र यायोक्खा” मध्येको एक किराँती समुदाय हो। खस भाषामा “सुनुवार” र मातृभाषामा “कोँइच” भनिन्छ। नेपालको पूर्वी भूभाग तथा भारतको सिक्किम, दार्जिलिङ क्षेत्रमा मुखिया भनेर चिनिएका छन् ।

प्रकृति तथा पितृपूजक सुनुवार जाति किराँत धर्मावलम्बी हुन्। यिनीहरूको धर्म/दर्शनशास्त्रलाई ‘मुक्दुम’ भनिन्छ। यस जातिको मूल थाकथलो रामेछाप, ओखलढुङ्गा, दोलखा, सिन्धुली भए पनि हाल मुख्य सहरहरू र नेपालको पूर्वी क्षेत्रमा सघन बस्ती रहेको छ। यस जातिको परम्परागत पेसा सिकार गर्ने, बाँसको कलात्मक सामग्रीहरू बनाउने भए पनि हाल कृषि पेसामा आबद्ध रहेका छन् ।

वैशाख शुक्ल पूर्णिमाको दिन मनाइने स्याँदर पिदार “उँभौली” र मङ्सिर शुक्ल पूर्णिमाको दिन मनाइने स्याँदर पिदार “उँधौली” मुख्य पर्व हो। यस अवसरमा पितृ तथा प्रकृतिको पूजा आराधना गर्दै स्याँदर सिलको आयोजना गरी मनाउने गर्दछन् ।

**चेपाङ**

नेपालको आदिवासी जनजाति चेपाङलाई प्रजा पनि भन्ने गरिन्छ। यिनीहरू चितवन,

मकवानपुर, धादिङ, गोरखा, लमजुङ र तनहुँ जिल्लाको भिरालो पाखामा र बाँके, बर्दिया, नवलपरासी, बारा आदि जिल्लाहरूमा समेत बसोवास गर्दछन् । यिनीहरूका धेरैजसो परम्परागत स-साना एकतले खरले छाएका घर हुन्छन् । यिनीहरूको परम्परागत पेसा खोरिया प्रणालीको कृषि व्यवसाय, कन्दमुलको सङ्ग्रह र सिकार हो ।

**उराव (झाँगड)**

नेपालका आदिवासी जनजातिभित्र पर्ने उरावलाई झाँगड पनि भनिन्छ । यिनीहरूको बस्ती पर्सादेखि झापासम्म फैलिएको छ । यिनीहरू ससाना झुपडी बनाएर खोला किनारमा बसोवास गर्दछन् । यिनीहरूको मुख्य व्यवसाय कृषि, मजदूरी, पशुपालन हो भने हस्तकलाका सामग्री ढाकी, पिर्का, गुन्द्री आदि पनि बुन्ने गर्दछन् । यिनीहरूको भाषा द्रबिड भाषा समूहमा पर्छ ।

**थामी**

आदिवासी किराँत वंशको एक शाखा थामी जाति हो । थामीहरू दोलखा जिल्लाको सुस्पा, राङथली, चिराङथली, सुइतापङ, कालिन्चोक, लापीलाङ, खोपाचागु, आलम्पु, सिस्कर, बुङथली आदि गाउँमा बसोवास गर्दछन् । यिनीहरू परम्परागत खेती तथा पशुपालन व्यवसाय गर्दछन् । यिनीहरू प्रकृतिपूजक किराँत धर्म मान्दछन् ।

**राउटे**



राउटे समुदायसँग पूर्व राष्ट्रपति डा. रामवरण यादव

राउटे वनसम्पदामा आधारित नेपालको एक मात्र घुमन्ते जाति हो । यिनीहरू मुख्य रूपमा डोटी, दार्चुला, अछाम, दैलेख, जाजरकोट, कालिकोट तथा सुर्खेतमा बस्छन् । वनदेवी, दारेमस्त तथा भुयार देवता मान्दछन् । यिनीहरू भोटबर्मेली परिवारको खाम्ची भाषा बोल्दछन् । यिनीहरू एक महिनाभन्दा बढी एकै ठाउँमा कहिल्यै बस्दैनन् र त्यस ठाउँमा फर्केर आउँदैनन् । यिनीहरू अस्थायी रूपमा बस्ने ठाउँलाई राउटी भनिन्छ भने अस्थायी छाप्रालाई थौला भनिन्छ ।

### धिमाल

मङ्गोल मुखाकृतिका आदिवासी जनजातिमा गणना हुने धिमालहरू प्रायजसो झापा र मोरङ जिल्लामा बसोवास गर्दछन्, जसलाई तराईका किराँती पनि भनिन्छ। यिनीहरूको सखुवाको थाममा बाँस र काठले बनाएको खरले छाएको एकतले घर हुन्छ। यिनीहरू प्रकृतिपूजक हुन्। यिनीहरूको भाषा भोट-बर्मेली परिवारबाट प्रभावित छ। यिनीहरू दसैँ, तिहार, जनैपूर्णिमा, चैते दसैँ, माघे संक्रान्तिलगायत हिन्दू धर्ममा आधारित अन्य चाडबाड मनाउने गर्दछन्।

### थकाली

नेपालका आदिवासी जनजातिमा गणना हुने थकाली पनि एक हो। थकालीको मूल थलो थासाङ् मुस्ताङ जिल्लाको दक्षिणी सीमाक्षेत्रमा पर्दछ। यिनीहरू हाल विभिन्न जिल्लामा बसोवास गर्दछन्। यिनीहरू आफ्नै भाषा बोल्छन्। यिनीहरूको आफ्नै भेषभूषा तथा गरगहना हुन्छ।

### छन्त्याल

आदिवासी जनजातिमा गणना हुने छन्त्याल जातिको मूलथलो म्याग्दी जिल्लाको कुइनेमङ्गले गाउँको झिङखानी हो। यिनीहरू बागलुङ, पाल्पा, रुकुम, प्युठान, दाङ आदि जिल्लामा पनि बसोवास गर्दछन्। यिनीहरू खाम भाषा बोल्दछन्। पुर्ख्यौली रूपमा खानी खन्ने र प्रशोधन गर्ने भए तापनि यिनीहरूको मुख्य पेसा कृषि र पशुपालन हो।

### बाह्रगाउँले

मङ्गोल मुखाकृति भएका आदिवासी जनजातिमा गणना हुने एक जाति बाह्रगाउँले पनि हो। यिनीहरू मुस्ताङ जिल्लाको बीच भागका मुक्तिनाथ, कागबेनी, छुसाङ र झोङ गाउँ विकास समितिअन्तर्गतका क्षेत्रमा बसोवास गर्दछन्। यिनीहरूको मुख्य पेसा कृषि, पशुपालन र व्यापार हो। यिनीहरू बौद्ध धर्मावलम्बी हुन्।

### सियार (चुम्बा)

गोरखाको उत्तरी सीमावर्ती चुमछोच्युक्सम उपत्यकाका छेकम्पार र चुम्चुत गाउँमा चुम्बा जातिको बसोवास छ। उनीहरू ढुङ्गाको गारोमाथि काठ र ढुङ्गाले छाएको घर बनाउँछन्। यिनीहरू परम्परागत रूपमा गहुँ, फापर, केराउ, आलु, तोरीको खेती गर्छन्। यिनीहरू बौद्ध धर्म मान्दछन्।

### लेप्चा

लेप्चाहरू इलाम जिल्लाको फिक्कल, रोङ, पशुपतिनगर, गोर्खे, नाम्सालिङ, सामलबुङ र झापा जिल्लाका केही स्थानमा बसोवास गर्दछन्। यिनीहरू प्रकृतिपूजक हुन् भने बौद्ध धर्म मान्दछन्।

### ६.१.५ नेपालका विभिन्न जातजाति, वर्ग, समुदाय र तिनीहरूको उत्थानका लागि राज्यले गरेको व्यवस्था

नेपालको संविधानले बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा

भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ । यसका लागि निम्नलिखित संवैधानिक आयोगहरूको व्यवस्था रहेको छ :

- लोकसेवा आयोग
- निर्वाचन आयोग
- राष्ट्रिय मानव अधिकार आयोग
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
- राष्ट्रिय महिला आयोग
- राष्ट्रिय दलित आयोग
- राष्ट्रिय समावेशी आयोग
- आदिवासी जनजाति आयोग
- मधेसी आयोग
- थारू आयोग
- मुस्लिम आयोग

साथै, नेपालका सबै जातजाति, वर्ग र समुदायको उत्थान गरी सामाजिक न्याय र समानता कायम गर्नका लागि मौलिक हकका रूपमा समानताको हक, छुवाछुत तथा भेदभावविरुद्धको हक, धार्मिक स्वतन्त्रताको हक, शोषणविरुद्धको हक, शिक्षासम्बन्धी हक, भाषा तथा संस्कृतिको हक, दलितको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हकलगायतका विविध व्यवस्था गरिएको छ ।

### ६.१.६ सामाजिक सुरक्षासम्बन्धी व्यवस्था

गरिबी, बेरोजगारी, सामाजिक एवम् आर्थिक विषमता, प्राकृतिक प्रकोप, सामाजिक द्वन्द्वलगायतका कारणले समाजमा आश्रयहीन, असहाय व्यक्तिहरूको सङ्ख्यामा वृद्धि हुँदै गएको पाइन्छ । बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, लोपोन्मुख आदिवासी, जनजाति र अपाङ्गता भएका व्यक्तिहरूसमेतका लागि सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने गरिएको छ ।

नेपाल सरकारले प्रत्येक विपन्न दलित परिवार र कर्णाली अञ्चलका सबै परिवारका ५ वर्षमुनिका बालबालिकाको पोषणमा खर्च हुने गरी मासिक रु. ५३२ का दरले बाल संरक्षण अनुदान प्रदान गर्दै आइरहेको छ । विभिन्न जिल्लामा ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रममार्फत खाद्यान्न वितरण गरी लाखौँ श्रमदिनबराबरको लाखौँ

रोजगारी सिर्जना भएको छ। त्यस्तै, प्राथमिक शिक्षा र अत्यावश्यक स्वास्थ्य एंव पोषणसम्बन्धी सेवामा विस्तार भई जनताको पहुँचमा वृद्धि भएको छ। यसै अवधिमा युवा स्वरोजगार कार्यक्रम आरम्भ गरियो। रोजगारीजन्य जोखिमहरूलाई सम्बोधन गर्न सङ्गठित क्षेत्रका कर्मचारी तथा कामदारहरूको पारिश्रमिकमा एक प्रतिशत कर लगाई सामाजिक सुरक्षा कोषको स्थापना गरिएको छ। सामाजिक सुरक्षाका लागि गरिएका प्रमुख कार्यक्रमहरू निम्नानुसार छन् :

(क) ज्येष्ठ नागरिक, एकल महिला, लोपोन्मुख आदिवासी, जनजाति र अपाङ्गता भएका व्यक्तिलाई भत्ता वितरण कार्यक्रम

(ख) बालसंरक्षण अनुदान कार्यक्रम

(ग) रोजगारी एवम् स्वरोजगारमूलक कार्यक्रम

(घ) सामाजिक सुरक्षा कोष, कर्मचारी सञ्चय कोष, स्वीकृति प्राप्त अवकाश कोषहरू र कल्याणकारी कोषहरूको व्यवस्थापन, सुधार र सञ्चालन

(ङ) कठिन परिस्थितिमा परेकालाई विशेष सहयोग

(च) सामाजिक सुरक्षाका प्रणालीहरूको सुधार तथा क्षमता विकास कार्यक्रम

सामाजिक सुरक्षाको प्रत्याभूतिका लागि कानुनी व्यवस्था पनि गरिएको छ। जसमध्ये प्रमुख कानुनहरू निम्नानुसार छन् :

(क) सामाजिक सुरक्षा ऐन, २०७५

(ख) श्रम ऐन, २०७४

(ग) योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४

(घ) कर्मचारी सञ्चय कोष ऐन, २०१९

(ङ) विभिन्न पेसागत क्षेत्रसँग सम्बन्धित ऐनहरू।

### ६.२ नेपालको सांस्कृतिक जीवन

प्राचीन कालदेखि नै नेपाल विभिन्न धर्म मान्ने मानिसहरूको बसोवास गर्ने थलो हो। नेपालमा मुख्यतया हिन्दू धर्म र बौद्ध धर्मको बाहुल्यता रहेको छ। यीबाहेक इस्लाम, इसाई, किराँत, वहाई, शिखलगायत अन्य धर्मावलम्बीहरू पनि उत्तिकै स्वतन्त्र रूपमा रहेका छन्। हिन्दू धर्मअन्तर्गत शैव, वैष्णव, शाक्त, सौर्य आदि सम्प्रदाय पर्दछन् भने बौद्ध धर्ममा हिनयान, महायान, बज्रयान, तन्त्र तथा मन्त्रयान, सहजयान र वोन्पो तथा लामा सम्प्रदाय आदि पर्दछन्। यी धर्महरू समयानुसार विभिन्न सम्प्रदाय तथा उपसम्प्रदायमा परिमार्जित हुँदै गएको पाइन्छ। नेपाली समाजमा प्रकृति, पितृ तथा अदृश्य शक्तिको पूजा गर्ने प्रचलन पनि रहेको छ। पश्चिम नेपालमा मस्टो, पूर्वी पहाडमा चन्डी वा देवी, तराईमा संसारीमाई, हिमाली क्षेत्रमा हिन्दूप्रति जनमानसको आस्था र विश्वास रहेको पाइन्छ।



कात्तिक नाच, ललितपुर

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसांस्कृतिक विशेषतायुक्त देश हो । यहाँ सांस्कृतिक विविधताभित्र एकता पाइन्छ । यहाँका विविध संस्कृतिबीच परापूर्वकालदेखि नै अपूर्व मेल रहिआएको छ । सांस्कृतिक बहुलवादको सिद्धान्तबाट सिँचित संस्कृति भएकाले यहाँ सांस्कृतिक सम्बन्धको पनि आदानप्रदान भएको पाइन्छ । नेपाललाई साझा संस्कृतिको विकास भएको मुलुक भनी सगौरव भन्न सकिन्छ ।

### ६.२.१ **नेपालमा मनाइने प्रमुख जात्रा एवम् चाडपर्व**

नेपालमा विभिन्न जातजाति, विभिन्न भाषाभाषी बोल्ने र विभिन्न धर्म मान्ने मानिसहरू बस्दछन् । विभिन्न जातजाति र धर्म मान्ने मानिसहरूका आ-आफ्ना रीतिथिति रहनसहन चालचलनहरूमा पनि विविधता पाइन्छ । नेपालमा मनाइने प्रमुख जात्रा, चाडपर्व एवम् बाजागाजाको बारेमा तल चर्चा गरिएको छ :

**बिस्का जात्रा** (**बिस्केट**)

भक्तपुरमा चैत महिनाको अन्तिम हप्ताको चौथो दिनदेखि नववर्षको सुरुवात मेष सङ्क्रान्तिमा मनाइने यो जात्रालाई विश्वकेतु यात्रा, विश्वाकृत यात्रा, विसिका जात्रा भनिनुका साथै एक वर्षको अन्त्यदेखि अर्को नववर्षको सुरुआतसम्म मनाइने यो पर्वलाई दुईवर्षे मेला पनि भनिन्छ । यो वेलामा सब इष्टमित्रहरूसँग भेटघाट गरी एकअर्कामा शुभकामना साटासाट गरिन्छ । शिवस्वरूप भैरव रथयात्रा गर्नुलाई



बिस्का जात्रा, भक्तपुर

बिस्केट जात्राको महत्त्वपूर्ण पक्ष मानिन्छ। यस दिन रथ जुधाउने, जिब्रो छेड्ने तथा खटजात्रासमेत गर्ने गरिन्छ।

### सेतो मच्छिन्द्रनाथ जात्रा

सम्पूर्ण प्राणी जगत्का मालिक आर्यावलोकितेश्वरलाई नै सेतो मच्छिन्द्रनाथ भनिन्छ। नेवारी भाषामा यिनलाई श्रीजनवहाद्य भनिन्छ। आर्यावलोकितेश्वर श्वेत मच्छिन्द्रनाथको मूर्ति र मन्दिर काठमाडौँ केलटोलको मच्छिन्द्रबहाल वा कनक चैत्य विहारको मध्यमा अवस्थित छ। प्राणी मात्रको भलाइको कामना गर्दै दूध, दही आदि द्रव्यले स्नान गराई रङ्गमाला भरेर सुसज्जित गराई चैत्र अष्टमीमा शुभ साइत जुराई रथयात्रा गराइन्छ।



सेतो मच्छिन्द्रनाथ जात्रा

### जुडशीतल

नेपालीहरू वैशाख १ गतेलाई नववर्ष मान्दछन् भने मैथिली संस्कृतिमा वैशाख २ गते जुडशीतल पर्ने र सोही दिनदेखि नव वर्ष सुरु भएको मानिन्छ। यस अवसरमा मिथिलामा सामूहिक भोजन र रङ्गारङ्ग कार्यक्रम आयोजन गरिन्छ। छरछिमेकीमा अबिर, रङ, हिलो छ्यापाछ्याप गरी होलीको जस्तै उत्साहमय वातावरणमा यो पर्व मनाइन्छ। यस पर्वका दिन ठुलाबडा अभिभावकहरूबाट बिहानै उठी स्नान गरी नित्यकर्म पूरा गरी लोटामा पवित्र शीतल जल लिएर सोही जललाई दाहिने हातको अञ्जुलीमा राखी आशीर्वचनका साथ अभिषेक गरिने हुँदा यस पर्वको नाम जुडशीतल रहन गएको हो भन्ने विश्वास छ।

### इद

नेपालमा इस्लाम धर्मावलम्बीहरूले इद पर्व उत्साहका साथ मनाउँछन्। रमजानको व्रत समाप्त भएको अवसरमा नवौँ महिना रमजानको समाप्तिपछि दशौँ सावाल महिनाको पहिलो दिन इदुल फित्र मनाइने र हिजरी पात्रोको अन्तिम १२ महिना (जिल्हिज्को १० गते इद उल अज्हा वा बकर इद मनाइन्छ। इद उल फित्रमा दान, बकर इदमा पशुबलि चढाउने गरिन्छ।



इदमा प्रार्थना गर्दै इस्लाम अनुयायीहरू

### मातातीर्थ औँसी

नेपालमा प्रत्येक वर्ष मनाइने विभिन्न चाडपर्वमध्ये आमा र आफ्नो देशको गुण सम्झने प्रेरणा प्रदान गर्न सक्ने खालका मौलिक चाडपर्वहरू पनि छन्। जसमा वैशाख कृष्ण औँसीको दिन मनाइने मातृऔँसी, मातृ-दिवस र मातातीर्थ औँसी नामको प्रख्यात पर्वोत्सव पनि एउटा हो। यो दिन आमाको महत्त्वपूर्ण गुण सम्झने प्रेरणा प्राप्त गरी आमाप्रति रहेको श्रद्धा-भक्ति प्रकट गर्ने दिन भएकाले मातृऔँसी नामले प्रख्यात छ। यस दिन छोराछोरीले आमालाई हर्षपूर्वक मानमर्यादा गरी श्रद्धाका साथ मिठा-मिठा खानेकुरा खुवाई प्रसन्न तुल्याउनुपर्दछ। यस कार्यद्वारा प्रसन्न भएकी

आमाले प्रदान गरेको आशीर्वादको प्रभावले छोराछोरीलाई ठुलो फल प्राप्त हुन्छ भन्ने मान्यता रहेको पाइन्छ । आमा नहुनेहरू यस दिन काठमाडौँको मातातीर्थ नामक तीर्थमा वा अन्य तीर्थादिमा गई नुहाइधुवाई गरेर सिदा तथा पिण्ड दान गर्नुपर्दछ । त्यस कार्यबाट दिवङ्गत माता प्रसन्न भई दिएको आशीर्वादको प्रभावले छोराछोरीहरू जनधनले सुसम्पन्न भई महासुख भोग गर्न पाउने हुन्छन् भन्ने जनविश्वास पाइन्छ ।

**सिरुवा पर्व**

नव वर्षको उपलक्ष्यमा झापा, मोरङ र सुनसरी जिल्लामा बसोवास गर्ने राजवंशी जातिले आफ्ना कुलदेवताको पूजा गरी हिलो तथा रङ छ्यापाछ्याप गर्दै सिरुवा पर्व मनाउँछन् । राजवंशी जातिको महत्त्वपूर्ण सिरुवा पर्वको वेलामा लसुन र प्याज घरबाहिर झुन्ड्याइन्छ । महाभारतकालमा परशुरामले क्षेत्रीय जातिविहीन पृथ्वी बनाउन क्षेत्रीयहरूलाई मार्दै हिँड्ने क्रममा राजवंशी जातिलाई मार्न लाग्दा लसुन, प्याज ढोकामा झुन्डयाएको देखेकाले उनीहरू बचेको आख्यान भएकाले अद्यापि लसुन, प्याज झुन्ड्याउने परम्परा छ । यसै दिन ७ प्रकारका तरकारी मिसाएको सागजाती बनाएर खाने गरिन्छ । सिरुवा पर्वमा राजवंशी समुदायका कुलदेवता ठाकुर विसरीको पूजा गर्नुका साथै टिष्टाबुढीका नामले टिस्टा नदीको पनि पूजा गरिन्छ । यो पर्व राजवंशी जातिका अतिरिक्त थारू, ताजपुरिया, कहार, गनगाई जातिले पनि उत्साह र उमङ्गका साथ मनाउने गर्दछन् । यो अवसरमा हाटमेला भर्ने र गानबजान गरी रङारङ नृत्य गर्ने गरिन्छ ।

**उँभौली र उँधौली**



साकेला पर्व

यो राई जातिहरूले मान्ने पर्व हो । यो पर्व एउटा उँधौली र अर्को उँभौलीको

रूपमा वर्षमा दुईपटक मनाइन्छ। यो पर्वमा कसैले चण्डीनाचका रूपमा, कसैले साकेला वा साकेवाका रूपमा र कसैले वैशाखे तथा वाडाङमेटको रूपमा मनाउने चलन छ। राई जातिहरूको पनि फरक-फरक संस्कृति भएकाले यो पर्व पनि फरक फरक समय र नामबाट विभिन्न ढङ्गले मनाइन्छ। उँभौली वैशाख-जेठतिर मनाइन्छ भने उँधौली कात्तिक, मङ्सिर महिनातिर मनाइन्छ। यस पर्वमा नाक्छोङ वा पूजारीले चण्डी थान, मार्गाथान, माङ्खिम आदि ठाउँमा मुन्धुम भनेर पूजाआजा गर्ने गर्दछन्। प्रत्येक घरघरमा पितृको पूजा गर्ने, ढोल, झ्याम्टा बजाएर नाचगान गर्ने र मिठामिठा खानेकुरा खाएर यो पर्व मनाउने चलन छ।

**बुद्धजयन्ती**

इसापूर्व ५६३ मा वैशाख शुक्ल पूर्णिमाका दिन बुद्धको जन्म भएको, वैशाख शुक्ल पूर्णिमाकै दिन बुद्धत्व प्राप्त गरेको र इसापूर्व ४८३ मा वैशाख शुक्ल पूर्णिमाकै दिन महापरिनिर्वाण प्राप्त गरेकाले 'वैशाख शुक्ल पूर्णिमा (स्वाँया पुन्हीं)' बुद्धजयन्तीका रूपमा मुलुकभर मनाइन्छ। यस दिन बौद्ध मठ, गुम्बा एवम् विहारहरूमा ठुलो जमघट हुन्छ।



बुद्धजन्म फलक, लुम्बिनी

**चासोक ताङनाम**

लिम्बू समुदायको विशिष्ट महान् पर्व चासोक ताङ्नाम प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमा र मंसिर शुक्ल पूर्णिमाका दिन पर्दछ। न्वागी पूजासमेत भनिने चासोक ताङ्नाम पर्वमा नयाँ पाकेका फलफूल (अन्न, फलफूल) देवीदेवतालाई चढाएर मात्र आफूले खाई रातभर यालङ्मा, च्याब्रुङ नाच नाच्दै, हाक्पारे गीत गाउँदै रमाइलो गरिन्छ। यो पर्व लिम्बू जातिको ऐक्यबद्धता, साझा, समृद्ध, संस्कृतिको प्रतीकको रूपमा मनाइन्छ।

**रातो मच्छिन्द्रनाथ जात्रा**

काठमाडौँ उपत्यकाका संरक्षक तथा प्राणीजगत्का पालनकर्ता भगवान् लोकनाथलाई रातो मच्छिन्द्रनाथ भनिन्छ। मच्छिन्द्रनाथलाई दूध, दहीको महास्नान गराउनुको साथै पुल्चोक, ललितपुरबाट रथयात्रा सुरु गरी पाटन जावलाखेलमा मच्छिन्द्रनाथको भोटो



भोटो जात्रा, ललितपुर

देखाई जात्रा सम्पन्न गरिन्छ । यो जात्रा चैत्र-वैशाखमा सुरु भई झन्डै महिनाभरि नै चल्दछ । रातो मच्छिन्द्रनाथ बर्षा र सहकालको देवताको रुपमा प्रख्यात छ ।

**कुमार षष्ठी वा सिथी नखः**

सिठी वा सिथी नखः नेवार समुदायको प्रसिद्ध पर्व हो । जेठ शुक्ल षष्ठीका दिन मनाइने यस पर्वमा कुमार कात्तिकेयको विशेष विधिले पूजा गरी खटयात्रा गर्ने गरिन्छ । यसै दिन प्रायः नेवारहरूको देवाली पूजाका साथै इनार सफाइ गर्ने काम गरिन्छ । यो चाड कृषक समुदायको प्रसन्नता र समृद्धिसँग पनि सम्बन्धित छ ।

**साउने सङ्क्रान्ति**

दक्षिणायनको सुरुआत हुने र साउनको पहिलो दिन पर्ने हुँदा कर्कट सङ्क्रान्तिलाई साउने सङ्क्रान्ति पनि भनिन्छ। यो दिन पनि बिहान स्नान, पूजा आदि गरी देवीदेवताहरूको दर्शन गरिन्छ भने साँझमा काण्डरक राक्षसको पूजा गर्ने, दुःख, कष्ट, अशुभ सङ्केतका रूपमा लुतो फाल्ने गरिन्छ ।

**गुँला पर्व**

बौद्ध मतानुयायी नेवारी समुदायमा श्रावण शुक्ल प्रतिपदा (नेपाल संवत्को गुँला महिना) देखि एक महिनासम्म गुँला उत्सव मनाइन्छ । यसअन्तर्गत भक्तजनहरू बुद्ध भगवान्को दर्शनार्थ बौद्ध मठ तथा विहारमा जान्छन् । यस अवसरमा पञ्चदान, विभिन्न देवीदेवताको सार्वजनिक प्रदर्शन र मतया गरी तीन चरणमा यो उत्सव सम्पन्न गरिन्छ । आफन्त मृतकहरूको सम्झनामा तीर्थस्थलहरूमा बत्ती बाली दर्शनार्थ जाने मतयाजात्रा भाद्र कृष्ण द्वितीयाका दिन पर्दछ । यसै दिन भगवान् बुद्धले मार विजय गरेको मानिन्छ ।

**जनैपूर्णिमा**



जनैपूर्णिमा

प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिनलाई जनैपूर्णिमा/ऋषितर्पणी पूर्णिमा भनिन्छ। त्यस दिन नयाँ जनै लगाउनुका साथै पुरोहितहरूद्वारा रक्षाबन्धन (पहेँलो वा रातो धागोको डोरो) बाँधिन्छ र दक्षिणा दिइन्छ। कतिपय समुदायमा नौ किसिमका गेडागुडीलाई भिजाएर टुसा उमारी क्वाटी खाने गरिन्छ। तराई क्षेत्रका विभिन्न समुदायले सो दिन दिदीबहिनीले दाजुभाइलाई राखी बाँधेर एकअर्काको दीर्घायुको कामना गर्दछन्।

**नागपञ्चमी**

नेपालभरमा प्राचीन समयदेखि प्रत्येक वर्ष ऋषिपञ्चमी, श्रीपञ्चमी आदि प्रमुख पञ्चमी तिथिका दिनहरूमा मनाइने पर्वोत्सवहरूमध्ये घरघरका ढोकामा नागपटहरू अर्थात् नाग लेखिराखेका चित्रहरू टाँसी तिनीहरूमा र नागका प्रतिमाहरूमा विधिपूर्वक पूजा गरी श्रावण शुक्ल पञ्चमीका दिन मनाइने नागपञ्चमी नामक पर्वोत्सव पनि एउटा हो।

**गाईजात्रा**

यो पर्व जनैपूर्णिमाको भोलिपल्ट अर्थात् भाद्रकृष्ण प्रतिपदाका दिनदेखि सात दिनसम्म मनाइन्छ। छोरा चक्रवर्तेन्द्र मल्लको मृत्युपछि शोकग्रस्त रानीलाई खुसी पार्न राजा प्रताप मल्लले पहिलो पटक गाईजात्राको आयोजना गरेका र यसमा



गाईजात्रा, काठमाडौँ

रानीको शोकहरण भएको किंवदन्ती छ । यसमा खड्गजात्रा, रोपाइँजात्रा, लाखेनाच, षड्दर्शन ख्याली, लोकनृत्य, डवलीनृत्य, नाटक आदि प्रदर्शन गरिन्छ ।

**तिज**



तिजमा रमाउँदै व्रतालु महिलाहरू

तिज नेपाली नारीहरूद्वारा विशेष पर्वको रूपमा मनाइने गरिन्छ । यो चाड भाद्र शुक्ल तृतीयाका दिन पर्दछ । हिन्दू नारीहरूका लागि यो विशेष चाड हो । यस दिन नारीहरू उपवास बसी व्रत लिन्छन् । नारीहरूले इच्छाअनुसारको पति पाउनका लागि र आफू सौभाग्यवती रहनका लागि यो व्रत लिने प्रचलन छ ।

**गोरा (गौरा)**

गोरा (गौरा पर्व) सुदूरपश्चिमको सबैभन्दा ठुलो पर्व हो । सामान्यतया यो पर्व भाद्र शुक्ल पक्षमा मनाइन्छ । अगस्त उदयपछि यो पर्व नमनाइने हुँदा भाद्र शुक्ल पक्षमा अगस्त उदय हुने भएमा भने त्यसवर्ष भाद्र कृष्ण पक्षमा नै यो पर्व मनाइन्छ। श्रावण शुक्ल एकादशी (पुत्रदा एकादशी) को उपासना नगरी गोराव्रत उपासना गर्न नहुने चलन छ । गोरा एकादशीदेखि गोरा सेलाउने (गौरालाई विदाई गर्ने) दिनसम्म यो पर्व मनाइने भएकाले सामान्यतया एक महिनासम्म मनाइन्छ तैपनि विरुडा भिजाउने, विरुडा धुने, गोरा भित्र्याउने र ऐठेबाली गोरापर्वका महत्वपूर्ण चार दिन हुन् । यस पर्वमा शिव-गौरीको साथै गणेशको पूजा गोरा उपासिकाहरूले कामिक तथा मानसिक शुद्धता कायम राख्दै ठुलो आस्थापूर्वक गर्ने चलन छ। उपास्य देव-देवी (शिव, गौरी र गणेश) को पूजा उपासिकाहरूले सामूहिक रूपमा विरुडा (मास, गहत, गुराँस, सानो केराउ र गहुँ/जौ मिश्रित क्वाटी)ले गर्ने चलन छ। ऐठेवालीको दोस्रो दिनदेखि तीन दिनदेखि सात दिनसम्म स्थानीय देव-देवीका मन्दिर परिसरहरूमा परम्परागतरूपमा ढुस्को, घुमारी, ठुलो (भारी) खेल, डेउडाजस्ता धार्मिक एवं मनोरञ्जनात्मक गीत/गाथाहरू गाउँदै नाच्दै धुमधामसाथ यो पर्व मनाइन्छ। महिलाहरूका साथै पुरुषहरूको समेत सहभागिता रहने गोरा पर्वको सांस्कृतिक तथा आर्थिक महत्व रहिआएको छ ।

**कुशे औँसी**

प्रत्येक वर्ष भाद्रकृष्ण औँसीको दिन कुशे औँसी पर्दछ । यस दिन ब्राह्मणहरूले जुनसुकै शास्त्रीय नित्य नैमित्तिक कर्महरूमा नभई नहुने पवित्र कुश शास्त्रोक्त वचनानुसार विधिपूर्वक पूजा गरी छेदन गरेर यस दिन कुशका मुठा घरमा राख्नाले कल्याण हुन्छ भन्ने मान्यता रहेको पाइन्छ। त्यसैले त्यस कुशको नामबाट यस पर्वोत्सवको नाम कुशे औँसी रहन गएको पाइन्छ। यस दिन बाबुलाई ठुलो श्रद्धाभक्तिका साथ रूचिअनुसारका खाद्यवस्तुहरू खुवाई आशीर्वादको कामना गर्ने चलन रहेको छ। बाबु नहुनेहरूले आफ्ना बाबुको नामबाट सिधादान, श्राद्ध आदि गरेर गुरु पुरोहितहरूलाई आफ्ना बाबुको प्रतीक मानेर केही खाद्यवस्तु खुवाउने गरिन्छ।

**दसैँ**

आश्विन महिनाको शुक्ल प्रतिपदादेखि दशमीसम्म १० दिनपर्यन्त चल्ने भएको हुँदा वा दशमीलाई विशेष महत्त्व दिएकाले यसको नाम दसैँ रहन गएको अनुमान गर्न सकिन्छ। यस पर्वलाई नेपालको राष्ट्रिय पर्वको रूपमा मनाइन्छ। मान्यजनको आशीर्वाद, निधारभरि टीका, कपाल र कानमा जमरा, गलामा विभिन्न किसिमका माला दसैँ पर्वका विशेषता हुन्। यस पर्वमा नौ दिनसम्म देवीका विभिन्न रूपको पूजाअर्चना, फूलपाती महोत्सव आदि कार्यक्रम गरिन्छ।

## तिहार

कात्तिक कृष्ण त्रयोदशीदेखि पाँच दिनसम्म मनाइने यो पर्व दाजुभाइ, दिदीबहिनीहरूको स्नेह र शुभेच्छाको पर्व हो । यी ५ दिन यमराज आफ्नी बहिनी यमुनाकहाँ आई बसेको र यमुनाले उनको सेवा र पूजा गरेको घटनालाई यससँग आबद्ध गरी यो पाँच दिनलाई यमपञ्चक पनि भन्ने गरिन्छ । यस पर्वमा काग, कुकुर, लक्ष्मी, गाई, गोरुको पूजा गर्दै अन्तिम दिन भाइपूजा गर्ने गरिन्छ । यस दिन दिदीबहिनीहरूले आफ्ना दाजुभाइको सुख, समृद्धि र दीर्घायुको कामना गर्दै टीका लगाई मिष्ठान्न खुवाउने गर्दछन् । यस अवसरमा भैलो तथा देउसी खेली मनोरञ्जन गरिन्छ ।

## छठ पर्व



छठ पर्वमा व्रतालु महिलाहरू

विशेषतः पूर्वी एवम् मध्यतराई क्षेत्र (धनुषा, महोत्तरी, सर्लाही) क्षेत्रमा मानिने सबैभन्दा ठुलो र महत्त्वपूर्ण चाड छठ हो । यो कात्तिक शुक्ल पक्ष षष्ठीमा खासगरी जनकपुरमा धुमधामले मनाइन्छ । जनकपुरका गङ्गासागर, धनुषासागर, रत्नसागर, अग्निकुण्ड, विहारकुण्ड र पापमोचनीजस्ता तीन सयजति सागर कुण्डहरू तथा पोखरी र २७ ओटा नदीहरूमा व्रतालुवर्ग सूर्योदयअघि नै नदी किनार गई पानीमा छातीसम्म डुबेर स्नान, ध्यान गरेर सूर्योपासना, आराधना र आरतीका लागि पूर्वको प्रकाशको प्रतीक्षा गर्छन् । सप्तमीको बिहान सूर्योदयअघि जलकिनारामा पुगी सूर्योदयमा नैवेद्यसमेत अर्घदान गरिन्छ । आफ्नो भाकल वा मनोकामना पूर्ण होस् भन्नाका लागि कतिपय व्रतालुहरूचाहिँ छातीले घस्रेर नदी किनार वा पोखरीछेउ पुगी आफ्नो कठोर साधनाबाट व्रत पूरा गर्छन् । षष्ठीको साँझ सूर्यास्त हुने वेलामा प्रसाद र नैवेद्यादि लिएर अस्ताउँदो सूर्यलाई प्रणाम गर्दछन् । सूर्योपासनाबाट मनोकामना पूरा गर्न भाकल गर्नेले विशेष रूपमा पूजा गर्ने यो पर्व हाल काठमाडौँ उपत्यकालगायत देशैभरि मनाउन थालिएको छ ।

## ल्होसार




ल्होसार पर्व मनाउँदै

उत्तरी हिमाली खण्डको शेर्पा, भोटे, गुरुङ, थकाली र मगर जातिहरूले तिब्बती पात्रोअनुसार नववर्षारम्भको अवसरमा माघ महिनातिर पर्ने ल्होसार पर्व विशेष उत्साहका साथ मनाउँछन्। वर्षको गणना मुसा, गाई, बाघ, बिरालो, गरुड, सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर र सुँगुरको नाममा गरिन्छ र प्रत्येक १२ वर्षमा यो चक्र दोहोरिन्छ। विभिन्न प्रकारका ल्होसारमध्ये सोनाम, तमु र ग्याल्बो ल्होसारमा नेपालमा सम्बन्धित धर्मावलम्बीहरूलाई सार्वजनिक बिदा दिने प्रचलन रहेको पाइन्छ।

## श्रीपञ्चमी

माघ शुक्ल पञ्चमीका दिन मनाइने पर्वलाई श्रीपञ्चमी वा वसन्तपञ्चमी भनिन्छ। यो वसन्त आगमनको प्रतीकको पर्व हो। यस दिन सरस्वती देवी र महामञ्जुश्री गुरुको पूजा आराधना गरिन्छ। साना बालबालिकालाई अक्षर आरम्भ गराउने दिनको रूपमा समेत मनाइन्छ। सरस्वतीको स्तुति गरिन्छ। विभिन्न मन्दिर र घरघरमा भक्तिपूर्वक पूजा गरी मन्दिरका भित्ताहरूमा सरस्वतीको नाम लेख्नाले पढ्न आउँछ भन्ने



श्रीपञ्चमी

विश्वास गरिन्छ। यसै दिन हनुमानढोका दरबारमा वसन्त श्रवण गरिन्छ। वसन्त ऋतुसम्बन्धी श्लोकहरू सुन्ने कार्यलाई वसन्त श्रवण भनिन्छ।

**क्रिसमस**

विश्वका अन्य मुलुकका क्रिश्चियन धर्मावलम्बी जस्तै नेपालमा पनि इसाई धर्मावलम्बीहरूले २५ डिसेम्बरमा धुमधामसँग क्रिस्मस मनाउँछन्। मानिसबाट भएको पापको प्रायश्चित्तका खातिर यसु खिस्टको क्रसमा झुन्डिएर भएको बलिदानीको स्मरणस्वरूप मनाइने यस पर्वमा इसाई धर्मावलम्बीहरूले विश्वशान्ति, प्रेम र आशाका निम्ति चर्चहरूमा गई प्रार्थना गर्ने र शुभकामना एवम् उपहारको आदानप्रदान गर्ने गर्दछन्। यो दिन सार्वजनिक बिदा हुन्छ।

**माघे सङ्क्रान्ति**

माघे सङ्क्रान्ति थारू समुदायको मुख्य पर्व हो। यस पर्वलाई पश्चिममा माघ, मध्य तराईमा खिचडी र पूर्वमा तिला सङ्क्रान्तिको नामबाट धुमधामका साथ मनाइने गरिन्छ। यसलाई थारूहरूले नयाँ वर्ष सुरुवातको रूपमा पनि लिने गरेका छन्। सहरबजारमा अहिले यो पर्व माघी महोत्सव भनेर मनाउने गरिन्छ।

सूर्य राशिचक्रमा १०औँ स्थानको मकर राशिमा प्रवेश गर्दा मकर सङ्क्रान्ति हुन जान्छ। उत्तरायणको सुरुवात हुने र माघ महिनाको पहिलो दिन पर्ने हुँदा यसलाई माघे सङ्क्रान्ति पनि भनिन्छ। यस दिन मकर स्नान गरी पूजाआजा गरी देवीदेवताको दर्शन गर्ने गरिन्छ। सूर्य राशिचक्रको चौथो कर्कट राशिमा प्रवेश गर्दा कर्कट सङ्क्रान्ति हुन्छ। उक्त दिन नुवाकोटको तारुकामा गोरु जुधाउने पर्व मनाइन्छ।

**होली**

हिन्दू संस्कृतिमा प्रत्येक वर्षको फागुन शुक्ल पूर्णिमालाई होली पूर्णिमा भनिन्छ। यो हिन्दूहरूको एउटा महत्त्वपूर्ण चाड हो। होली रङहरूको चाड हो। फागुन महिनामा मनाइने हुनाले यस चाडलाई फागु पूर्णिमा पनि भनिन्छ। फागुन शुक्ल अष्टमीको दिन काठमाडौँको वसन्तपुर दरबारअगाडि चीर (विशेष रूपले सजाएको लिङ्गो) गाढेपछि होली सुरु भएको मानिने फागु पर्व पूर्णिमाको राति उक्त चीरलाई ढालेर जलाएपछि समाप्त भएको ठानिन्छ। होली हिन्दूहरूको अत्यन्त प्राचीन पर्व हो। यस पर्वको वर्णन नारद पुराण, भविष्य पुराणजस्ता प्राचीन ग्रन्थहरूमा पनि उल्लेख गरिएको छ। यो पर्व प्राचीन समयका नास्तिक हिरण्यकश्यपु, तिनका छोरा प्रह्लाद र बहिनी होलिकाको कथासँग जोडिएको छ। यस पर्वमा पहाडमा पूर्णिमाको दिन र तराईमा भोलिपल्ट सार्वजनिक बिदा हुन्छ।

**रामनवमी**

त्रेतायुगमा चैत्र शुक्ल नवमीका दिन भगवान् विष्णुका १० अवतारमध्ये एक मर्यादा

पुरुषोत्तम रामको जन्म भएकाले रामको पूजाअर्चना गर्दै रामनवमीका रूपमा मनाइन्छ । तराई क्षेत्रमा चैते दसैँ (सानो दसैँ)को महत्त्व नभए पनि त्यसैको अर्को दिन रामनवमीलाई हर्ष एवम् उल्लासका साथ मनाइन्छ । यो दिन नेपालको जनकपुर क्षेत्र, भगवान् रामको जन्मभूमि (अयोध्या) र अन्यत्र रहेका राम मन्दिरहरूमा भगवान् राम र देवी सीताको विशेष पूजाअर्चना गरिन्छ ।

**महाशिवरात्रि**

प्रत्येक वर्ष फागुन कृष्ण चतुर्दशीको दिन पर्ने यो पर्वमा काठमाडौँको पशुपतिनाथको मन्दिर र अन्यन्त्र स्थापित शिवालयहरूमा श्रद्धालु भक्तजनहरूको ठूलो जमघट हुन्छ । महाशिवरात्रिका दिन नेपालमा सैनिक दिवस पनि मनाइन्छ ।

**चैते दसैँ**

चैत शुक्ल अष्टमीका दिन मनाइने यो पर्वलाई सानो दसैँ पनि भनिन्छ । लमजुङ जिल्लामा दूरा जातिले यो पर्व विशेष धुमधामका साथ मनाउँछन् । यस दिन सेतो मच्छिन्द्रनाथको रथयात्रा सुरु गरिन्छ ।

**घोडेजात्रा**



घोडेजात्रा, काठमाडौँ

चैत्र कृष्ण चतुर्दशी वा पिचास चतुर्दशीका दिन काठमाडौँमा पाँहाचह्रे वा पासाचह्रे अथवा मित्र चतुर्दशी मनाउने, लुकु माहाद्योको पूजा गर्ने र औँसीका दिनमा उपत्यकामा घोडेजात्रा मनाउने गरिन्छ । यो दिन काठमाडौँको टुँडिखेलमा घोडादौड समारोह आयोजना गरिन्छ । घोडालाई अनुशासन, शक्ति र तीव्रताको प्रतीकको रूपमा मानिन्छ ।

**भूमिपूजा (भूमि पर्व)**

मगर जातिभित्र रहेका हजारौँ मौलिक संस्कार, संस्कृति र परम्परागत सामाजिक

मूल्य मान्यताको धरातलमा संसारका आदिवासी मानव जाति साझा आदिवासीय विशेषता बोकेको मगर जातिको ऐतिहासिक, सांस्कृतिक, सामाजिक र राजनैतिक विशेषता बोकेको एक मौलिक चाड भूमे पर्व (भूमिपूजा पर्व)/भूम्या पर्व हो । यस पर्वलाई मगर खाम पाङ (भाषा) मा बल्कु, नाम्क वा नोगोबाङ्गे नामले पनि चिनिने गरिन्छ । भूमि पर्व (नाम्क) निकै प्राचीन मौलिकता बोकेको मगर जातिको चाड हो । यो पर्व असार १ गतेदेखि भौगोलिक क्षेत्रअनुसार कतिपय ठाउँमा श्रावण १ गतेका दिन पनि मनाउने प्रचलन रहेको छ । यस पर्वलाई मगर जातिले आर्थिक वर्षको रूपमा लिने गर्दछ भने स्थानीय रूपमा पुरानो सत्ता सञ्चालकलाई बिदाई गरेर नयाँ नेतृत्वलाई सत्ता हस्तान्तरण गर्नुका साथै पर्वको वेलामा आन्तरिक जनगणना गरेर जनसङ्ख्याको जानकारी पनि लिने गरिन्छ । खासगरी प्रकृतिको कुनै क्षति नहोस्, रोगव्याधी नलागोस्, पृथ्वीसहित सबै प्राणी जातिको कल्याण होस् भन्ने कामनासहित पूजा गर्नु नै भूमि पर्वको मुख्य मर्म हो । यो पर्वको सभ्यता र संस्कृति पश्चिम नेपालको रोल्पा, रुकुमलगायतका जिल्लामा मनाउने गरेको पाइन्छ ।

**तोरनल्ह (पितृपूजा)**

नेपालमा थकाली समुदायमा पितृपूजाका रूपमा प्रचलित यो पर्व फागु पूर्णिमाको एक दिनअगाडि सुरु भई फागु पूर्णिमाको भोलिपल्ट (३ दिन) सम्म मनाइन्छ । यो अवसरमा पितृहरूलाई खिमि (पिक) दान गरिन्छ । यो पर्वमा मध्यरातपछि र बिहान कुखुरा बास्नुभन्दा अगाडि घरकी प्रमुख महिलाले स्नान गरी शुद्ध भएर सालको पातमा राखेर मृतक पितृहरूको सम्झना गरी पिण्डदान गर्ने गरिन्छ । पिण्डदान कार्यमा पुरुष जातिको सहभागिता हुँदैन । यस अवसरमा मेवा-मिष्ठान्न खाने, राम्रा नयाँ कपडा लगाउने, आफन्त इष्टमित्रहरूसँग भेटघाट गर्ने आदिका अतिरिक्त पुरुषहरूबीच धनुवाण हान्ने प्रतियोगिता (तारो खेल) र महिलाहरूमा ढुङ्गाको गट्टा खेल्ने प्रतियोगिता आयोजना गरिन्छ ।

**पाता मेला**

नेपालका आदिवासी सतार जातिले मनाउने यो पर्वमा झापा जिल्लाको ज्यामिर र भारतका सन्थालहरू हजारौँको सङ्ख्यामा सहभागी भई शिव-पार्वतीको पूजाअर्चना गर्दै नाचगानका साथै विभिन्न सांस्कृतिक कार्यक्रम आयोजना गर्ने गरिन्छ ।

**ट्हुटे पर्व**

गाउँबस्तीलाई विभिन्न विकृतिहरूबाट बचाउन, वन्य जीवजन्तुहरूबाट बालीनाली, पाल्तु जीवजन्तु र मानिसको समेत रक्षाका लागि, बाह्य आक्रमणबाट गाउँबस्तीको रक्षा गर्न तम्सेका तमु राजा मेसरो र उनका वीर योद्धाहरूको लोककथा र गाथाहरूलाई स्मरण गर्दै भकिम्लोबाट निर्मित हातहतियारबाट सुसज्जित भई चर्को स्वरमा कराउँदै र ठुलो आवाजमा ढोल, ढ्याङ्ग्रो र याम्रो बजाउँदै आफ्नो शत्रुलाई गाउँबस्तीको सीमापारि कटाएको प्रतीकात्मक अभिनय गुरुङ (तमू) जातिले मनाउने

ट्हुटे पर्वमा प्रस्तुत गरिन्छ । सुख, शान्ति, निर्भयको कामना गर्दै अनुहारमा कालो लगाई शिरमा पक्षीहरूका प्वाँख सिउरेर बाजागाजा बजाएर नाच्दै मनाइने पर्वले गुरुङ (तमू) भेषभूषा, रहनसहन, संस्कृतिको प्रतिनिधित्व गर्दछ ।

**पेन्दिया**

मध्य तथा सुदूरपश्चिम नेपालका थारूहरू आफ्नो खेतीपाती सकेर खलिहान (धान झार्न बनाइएको समतल ठाउँ) बाट सबै अन्न भित्र्याएको दिनलाई पेन्दियाको रूपमा मनाउँछन् । यस दिन थारू समुदायका गुरु पुरोहितले खलिहानमा विशेष किसिमको पूजा गर्दछन् ।

**गढीमाई मेला**

बारा जिल्लाको बरियारपुरमा ५-५ वर्षको अन्तरालमा गढीमाईको मेला लाग्दछ, जहाँ नेपाल र भारतका लाखौं भक्तजनहरू मेला भर्न आउँछन् । यस मेलामा गढीमाईलाई राँगा, बोका र पक्षीहरूको भोग चढाइन्छ ।

### ६.२.२ नेपालका सांस्कृतिक सम्पदाको विवरण

प्राचीनकालदेखि परम्पराको रूपमा चलिआएका मानव संस्कारलाई नै संस्कृति भनिन्छ । धार्मिक आस्था र विश्वास झल्किने संस्कृतिलाई सांस्कृतिक सम्पदा भनिन्छ । हाम्रा परम्परागत मूल्य मान्यता, रहनसहन, धर्म र धार्मिक ग्रन्थ, लोकनृत्य, अभिलेख, शिलापत्रहरू नै सांस्कृतिक सम्पदा हुन् । सन् २०१९ सम्ममा विश्वका ऐतिहासिक तथा सांस्कृतिक महत्त्वका ८६९ ओटा स्थान विश्वसम्पदामा परेका छन् । नेपालका चार ओटा स्थानलाई विश्वसम्पदा सूचीमा सूचीकृत गरिएको छ, त्यसमध्ये दुई स्थान ऐतिहासिक तथा सांस्कृतिक महत्त्वका रहेका छन् । यिनै विभिन्न सम्पदाले नै समाजको विशेषतालाई प्रतिबिम्बित गर्दछन् । सांस्कृतिक सम्पदाको संरक्षणका लागि पुरातत्त्व विभागको स्थापना गरिएको थियो । भौतिक र अभौतिक गरी दुई प्रकारका सांस्कृतिक सम्पदा हुन्छन् ।

**भौतिक सांस्कृतिक सम्पदाहरू** : पौराणिक मठमन्दिर, गुम्बा, स्तूप, मूर्ति, सालिक, ऐतिहासिक दरबार, ताम्रपत्र, शिलालेखजस्ता अभिलेखहरू, लोकनृत्य, लोकबाजा, चित्रकला, ऋषिमुनिका तपोभूमिका रूपमा रहेका हिमाल-पहाड तथा नदीहरू ऐतिहासिक गुफा तथा तीर्थस्थल, श्रीखण्ड, रूद्राक्ष, धार्मिक महत्त्वका वृक्षहरू, प्राचीन गरगहना, प्राचीन हातहतियार आदि ।

**अभौतिक सांस्कृतिक सम्पदाहरू** : धर्म, परम्परा, रहनसहन, भेषभूषा, चालचलन, रीतिथिति, चाडपर्व, तिथि, व्रत आदि अभौतिक सांस्कृतिक सम्पदा हुन् ।

### ६.२.३ विश्वसम्पदा सूचीमा सूचीकृत नेपालका सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरू :

मानवीय मस्तिष्क, समाज र संस्कृतिको विकाससँगै गहनाका रूपमा स्थापित भएका धरोहर, स्मारक, स्मारकस्थलहरू बहुमूल्य सम्पदा हुन् । ती सम्पदा विश्व मानव जातिका साझा सम्पदा हुन्, यसको संरक्षण गर्नु हामी सबैको दायित्व हो । त्यस्ता स्मारकहरू नाश भएपछि पुनःस्थापना गर्न प्रायः असम्भव हुन्छ । तिनको

नाश हुनु सम्पूर्ण मानव सम्पदाको नाश हुनु हो, तिनीहरूको संरक्षण गरिनुपर्दछ भन्ने उद्देश्यले UNESCO ले विश्वसम्पदा समितिअन्तर्गत विभिन्न सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूलाई Convention Concerning the Protection of World Cultural and Natural Heritage, 1972, (World Heritage Convention, 1972) विश्वसम्पदा



काठमाडौँ दरबार क्षेत्र



पाटन दरबार क्षेत्र



भक्तपुर दरबार क्षेत्र

महासन्धिको रूपमा स्थापित गरी यसको प्रावधानअनुरूप विश्वसम्पदाको रूपमा सूचीकृत गर्ने काम भइरहेको छ । World Heritage Convention, 1972 सन् १९७५ देखि लागू भएको हो भने नेपालले सन् १९७८ मा यसको अनुमोदन गरेको हो ।

### ६.२.३.१ **विश्वसम्पदा सूचीमा सूचीकृत नेपालका सांस्कृतिक सम्पदा**

**क) काठमाडौँ उपत्यका**

सन् १९७८ मा नेपाल पक्ष राज्य वा सदस्य बनेपछि काठमाडौँ उपत्यकाका अद्वितीय, अनुपम सांस्कृतिक सम्पदाहरूको विशिष्ट विश्वव्यापी महत्त्व, आधिकारिकता एवम् अविच्छिन्नताका कारण तिनको संरक्षण एवम् व्यवस्थापनका लागि विश्वसम्पदा सूचीमा सूचीकृत गर्न नेपालले गरेको अनुरोधलाई अनुमोदन गरी UNESCO/WHC ले विश्वसम्पदामा समावेश गर्ने निर्णय गऱ्यो (UNESCO/WHC, 1979) । यसरी काठमाडौँ उपत्यकाका सात क्षेत्रलाई एक रूपमा काठमाडौँ उपत्यका विश्वसम्पदास्थल भनी सूचीकरण गरिसकेपछि नेपाल सरकारले आफ्नो नैतिक दायित्व एवम् उच्चस्तरीय सुरक्षा वा संरक्षणका लागि नेपालको सम्पदा संरक्षणसम्बन्धी प्रमुख कानुनको रूपमा रहेको प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३ अनुसार यी सात क्षेत्रलाई चार किल्ला तोकी सीमाङ्कन गरी क्रमशः स्वयम्भू (वि.सं. २०३६), हनुमानढोका, पाटन र भक्तपुर दरबार क्षेत्र, चाँगुनारायण तथा बौद्ध (वि.सं. २०४१), पशुपति (२०५५) लाई अलग-अलग संरक्षित स्मारक क्षेत्र भनी घोषणा (नेपाल सरकार, २०३६, २०४१, २०५५) गरेको थियो ।

**ख) लुम्बिनी, भगवान् बुद्धको जन्मस्थल, विश्वसम्पदास्थल**



मायादेवी मन्दिर, लुम्बिनी

भगवान् बुद्धको जन्मस्थलको रूपमा परिचित लुम्बिनीलाई विश्वसम्पदा महासन्धि, १९७२ को अनुमोदन गरेको करिब १७ वर्षपछि सन् १९९६ मा मात्र विश्वसम्पदा

सूचीमा समावेश गर्नका लागि युनेस्को विश्वसम्पदा समितिमा अनुरोध गरी पठाइएको र त्यसैको अर्को साल अर्थात् सन १९९७ मा विश्वसम्पदा समितिले सूचीमा सूचीकृत गर्ने निर्णय गरेको थियो (UNESCO/WH 1997) ।

लुम्बिनी पवित्र उद्यान र वरपर भएका विभिन्न पुरातात्त्विक अवशेषहरूले यो क्षेत्र बौद्ध धर्म एवम् दर्शनका प्रवर्तक भगवान् बुद्धका जन्मसँग प्रत्यक्ष सम्बन्ध रहेको छ, जुन धर्म र दर्शन वर्तमान विश्वका अधिकतम मानव समुदायले अवलम्बन गरिरहेको छ ।

### ६.२.३.२ विश्वसम्पदा सूचीमा सूचीकृत प्राकृतिक सम्पदाहरू :

#### १. सगरमाथा राष्ट्रिय निकुञ्ज

स्थापना : २०३२ साल (सन् १९७६)
मध्यवर्ती क्षेत्रको स्थापना : २०५८ साल (सन् २००२)
क्षेत्रफल : १,१४८ वर्ग कि.मि.
मध्यवर्ती क्षेत्रको क्षेत्रफल : २७५ वर्ग कि.मि.

पूर्वी नेपालको सगरमाथा अञ्चलको सोलुखुम्बु जिल्लामा रहेको यो राष्ट्रिय निकुञ्ज विश्वको सर्वोच्च शिखर सगरमाथा (८८४८.८६ मि.) लाई समेटेर फैलिएको छ । यसैगरी, ६,००० मिटरभन्दा अग्ला ल्होत्से, नुप्से, चोयु, ल्होत्सेसार, पुमोरी, आमादब्लम, थामसेर्कु जस्ता हिमचुचुराहरूले यस निकुञ्जको गौरवलाई अझ बढाएका छन् । यहाँ स्थानीय बासिन्दा र पर्वतारोहीहरूले प्रयोग गर्दै आएका गोक्यो, खुम्बु, छुकुम र नाङ्पा मुख्य चारओटा उपत्यका रहेका छन् । यस निकुञ्जभित्रको गोक्यो र सम्बद्ध तालहरूलाई सन् २००७ मा रामसार सूचीमा समावेश गरि एको छ। उच्च पर्वतीय वातावरण रहेको यस राष्ट्रिय निकुञ्जमा गोब्रे सल्ला, ठिंग्रे सल्ला, हेमलक, धुपी, भोजपत्र, गुराँस जातका रुखहरू पाइन्छन् । वसन्त ऋृतुमा लालीगुराँसका फूलहरूले निकुञ्जभित्रको जङ्गललाई अति मनोरम र सुन्दर बनाउँछन् । कस्तूरी मृग, हिमाली भालु, हिउँ चितुवा, थार, घोरल, झारल जस्ता वन्यजन्तुहरूका साथै डाँफे, चिलिमे, कालिज, हिमकुखुरा, लालचुच्चे काग (टुङ्गा) र पहेँलो चुच्चे काग (टेमुलगायत १९३ प्रजातिका चरा यस राष्ट्रिय निकुञ्जका प्राकृतिक गहना हुन् । सन् १९७९ देखि यस राष्ट्रिय निकुञ्जलाई विश्वसम्पदा सूचीमा समावेश गरिएको छ ।

#### २. चितवन राष्ट्रिय निकुञ्ज

स्थापना : २०३० साल (सन् १९७३)
मध्यवर्ती क्षेत्रको स्थापना: २०५३ साल (सन् १९९६)
क्षेत्रफल : ९५२.६३ वर्ग कि.मि.
मध्यवर्ती क्षेत्रको क्षेत्रफल : ७२९.३७ वर्ग कि.मि.



हात्ती सवारीमा निकुञ्ज क्षेत्र अवलोकन गर्दै पर्यटक

चितवन, मकवानपुर, पर्सा र पूर्वी नवलपरासी जिल्लाका केही भूभागमा फैलिएको यो राष्ट्रिय निकुञ्ज नेपालको पहिलो राष्ट्रिय निकुञ्ज हो । यसको क्षेत्रफल ९५२.६३ वर्ग कि.मि. रहेको छ । यस निकुञ्जले चुरे पहाड, राप्ती, नारायणी र रिउ नदीका मुख्य क्षेत्रहरूलाई समेटेको छ । निकुञ्जको करिब ७० प्रतिशत वन क्षेत्र सालको जङ्गलले ढाकेको छ । विश्वमै दुर्लभ मानिएको एकसिङे गैंडा, पाटेबाघ, सोंस, गौरीगाई, काठे भालु, चितुवा, रतुवा, चित्तल, लगुना, जरायो, चौसिंगे, बाँदर र लङ्गुरलगायत ६० भन्दा बढी किसिमका स्तनधारी जङ्गली जनावरहरू पाइन्छन् । यसैगरी, घडियाल गोही, मगर गोही, अजिङ्गरलगायत सरिसृप तथा उभयचर, बसाइँ सरी आएका र रैथाने गरी ५४६ भन्दा बढी जातका चराचुरुङ्गी र विभिन्न किसिमका किराफट्याङ्ग्राहरूले यस निकुञ्जलाई अझ धनी बनाएका छन् । यिनै प्राकृतिक महत्त्वका वस्तुहरूको संरक्षणलाई ध्यानमा राखी सन् १९८४ मा चितवन राष्ट्रिय निकुञ्जलाई विश्वसम्पदा सूचीमा समावेश गरिएको छ ।

*स्रोत : नेपाल सरकार वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग*

### ६.२.३.३ सम्भावित विश्वसम्पदास्थलहरू

नेपालले सन् १९९६ र सन् २००८ मा गरी दुई पटक विभिन्न राष्ट्रिय सम्पदाहरूलाई सम्भावित विश्वसम्पदाको सूचीमा सूचीकृत गरिसकेको छ, जसमध्ये सन् १९९६ मा सम्भावित विश्वसम्पदाको सूचीमा सूचीकृत गरेको लुम्बिनी, भगवान् बुद्धको जन्मस्थललाई सन् १९९७ मा नेपाल सरकारको आफ्नै पहलमा गरिएको अनुरोधअनुरूप प्रक्रियागत रूपमा नै विश्वसम्पदा सूचीमा सूचीकृत गरिएको थियो । यसका अतिरिक्त देहायका राष्ट्रिय सम्पदास्थलहरू हालसम्म पनि सम्भावित विश्वसम्पदा सूचीमा सूचीकृत अवस्थामा रहेका छन् :



मुस्ताङका गुफाहरू



खोकना बस्ती

1. Cave architecture of Muktinath Valley of Mustang (23/05/1996)
2. Khokana, the vernacular village and its mustard-oil seed industrial



पनौती



कीर्तिपुर

heritage (23/05/1996)

3. Ramagrama, the relic stupa of Lord Buddha (23/05/1996)
4. The early medieval architectural complex of Panauti (23/05/1996)
5. The medieval palace complex of Gorkha (23/05/1996)



नुवाकोट दरबार



भुर्ति मन्दिर, दैलेख

6. Tilaurakot, the archaeological remains of ancient Shakya Kingdom (23/05/1996)
7. Medieval Earthern Walled City of Lo Manthang (30/01/2008)



तानसेन सहर, पाल्पा



राम जानकी मन्दिर, धनुषा

8. Medieval Settlement of Kirtipur (30/01/2008)
9. Nuwakot Palace Complex (30/01/2008)
10. Ram Janaki Temple (30/01/2008)
11. Bhurti Temple Complex of Dailekh (30/01/2008)
12. Rishikesh Complex of Ruru Kshetra (30/01/2008)
13. Sinja valley (30/01/2008)
14. The Medieval Town of Tansen (30/01/2008)
15. Vajrayogini and early settlment of sankhu (30/01/2008)

**तालिका नं. ६.३**

**विश्वसम्पदा सूचीमा सूचीकृत नेपालका सांस्कृतिक र प्राकृतिक सम्पदाहरू**

| क्र.सं. | | सम्पदा | सूचीकृत मिति | क्षेत्रफल | मुख्य आकर्षण |
|---|---|---|---|---|---|
| १ | क | चाँगुनारायण | सन् १९७९ | | चाँगुनारायण मन्दिरको शिलालेख |
| | ख | भक्तपुर दरबार | सन् १९७९ | | पच्पन्न झ्याले दरबार |
| | ग | स्वयम्भूनाथ | सन् १९७९ | | विश्वविख्यात बौद्ध महाविहार |
| | घ | बौद्धनाथ स्तूपा | सन् १९७९ | | ३६ मि. अग्लो बौद्ध स्तूपा |
| | ङ | हनुमानढोका दरबार | सन् १९७९ | | काष्ठमण्डप, हनुमानको मूर्ति, वसन्तपुर दरबार, तलेजु मन्दिर, कुमारी घर, सङ्ग्रहालय आदि । |
| | च | पशुपतिनाथ | सन् १९७९ | २६४ हेक्टर | पशुपतिनाथको मन्दिर, जयवागेश्वरी, देवपत्तन, श्लेषमान्तक वन, गुह्येश्वरी आदि । |
| | छ | पाटन दरबार | सन् १९७९ | | कृष्ण मन्दिर, महाबौद्ध, रातो मच्छिन्द्रनाथको मन्दिर, सङ्ग्रहालय आदि । |
| २ | | लुम्बिनी | सन् १९९७ | ११११५० | बुद्धको जन्मस्थल, मायादेवी मन्दिर, अशोक स्तम्भ, पुष्करिणी पोखरी, सङ्ग्रहालय आदि । |
| ३ | | सगरमाथा राष्ट्रिय निकुञ्ज | सन् १९७९ | | सगरमाथा, ह्लोत्से, चोयुजस्ता हिमशिखर, डाँफे, हिउँचितुवा आदि । |
| ४ | | चितवन राष्ट्रिय निकुञ्ज | सन् १९८४ | ९३२ वर्ग कि. मि. | एकसिङ्गे गैंडा, पाटेबाघ, मयूर आदि जस्ता जीवजन्तु र विविध वनस्पतिहरू । |

*स्रोत : नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पुरातत्व विभाग ।*

### ६.२.४ राष्ट्रिय सांस्कृतिक सम्पदाको संरक्षणसम्बन्धी दीर्घकालीन नीति

नेपाल सरकारबाट राष्ट्रिय सांस्कृतिक नीति २०६७ जारी गरिएको छ । भाषा, कला, संस्कृति, ललितकला र सङ्गीत नाट्य क्षेत्रको विकास, प्रवर्द्धन र संरक्षणका लागि नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको गठन भई सञ्चालनमा रहेका छन् ।

राष्ट्रिय अभिलेखालय, राष्ट्रिय सङ्ग्रहालय छाउनी, राष्ट्रिय मुद्रा सङ्ग्रहालय, राष्ट्रिय कला सङ्ग्रहालय भक्तपुर, प्रदेश सङ्ग्रहालय पोखरा, प्रदेश सङ्ग्रहालय सुर्खेत, प्रदेश सङ्ग्रहालय धनकुटा, प्रदेश दरबार सङ्ग्रहालय पाल्पा, गोरखा सङ्ग्रहालय, कपिलवस्तु सङ्ग्रहालय, नुवाकोट दरबार सङ्ग्रहालयको स्थापना भई पुरातात्त्विक वस्तुहरू संरक्षणतर्फ कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। त्यसैगरी, ७२ जिल्लाका सम्पदाहरूको सूचीकरण भई त्यसैअनुरूपका कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। साथै, विश्वसम्पदा सूचीमा सूचीकृत सम्पदाहरूको संरक्षणका लागि कार्यक्रमहरू सञ्चालनमा रहेका र पवित्र धार्मिक स्थल देवघाट क्षेत्रको २० वर्षे गुरुयोजना स्वीकृत भएको, अन्य जातीय सङ्ग्रहालयहरू स्थापनाको कार्यलाई निरन्तरता दिई स्थानीय निकाय र समुदायको सहभागितामा धरान, चितवन, कीर्तिपुर, पोखरा, दाङ र जुम्लामा जातीय सङ्ग्रहालय स्थापना कार्य सुरु गरिएको, काठमाडौँको गोकर्णमा जनआन्दोलन तथा सहिद स्मृति सङ्ग्रहालयको पूर्वाधार विकास सुरु गरिएको, नारायणहिटी दरबार सङ्ग्रहालय स्थापना भई केही भाग सर्व साधारणको अवलोकनका लागि खुला गरिएको साथै मैथिली साहित्यका महाकवि विद्यापतिको स्मृति पुरस्कारका लागि रु. १ करोडको अक्षयकोष स्थापना गरिएको छ। लुम्बिनी, पशुपति र जनकपुर क्षेत्रका गुरुयोजनाअनुरूप पूर्वाधार विकाससम्बन्धी क्रियाकलापहरूसमेत सञ्चालन भइरहेका छन्।

✦✦✦

परिच्छेद : सात

# नेपालका भाषा, साहित्य र कला

## ७.१ भाषा




हाम्रा अग्रज साहित्यकारहरू

नेपाल बहुभाषी देश हो । नेपालको संविधानले नेपालमा बोलिने सबै मातृभाषालाई राष्ट्रभाषाको मान्यता दिएको छ । नेपाली भाषा सरकारी कामकाजको भाषा हो । नेपाली भाषा सम्पर्कको भाषा पनि हो । प्राचीन नेपालमा किराँत, संस्कृत, पाली आदि भाषा र ब्राह्मी, सिरिजङ्घा, देवनागरी, रञ्जना आदि लिपि विकसित हुँदै गएको पाइन्छ । उत्तरार्द्धमा संस्कृत भाषाको विकास अन्य भाषाको दाँजोमा अत्यधिक मात्रामा भएको पाइन्छ । जयस्थिति मल्लको उदय भएपछि मध्यकालमा नेवारी भाषा लिखित रूपमा सुरुआत भएको हो ।

यस कालमा नेपालमा अन्य विभिन्न भाषाहरू अस्तित्वमा रहे पनि लिखित रूपमा तिनीहरूको वर्चस्व भेटिएको छैन । मुसलमान व्यापारीको प्रवेशपछि मध्यकालमा

उर्दू र फारसी भाषाको प्रयोग हुन थालेको पाइन्छ । दरबारमा संस्कृत, मैथिली, बङ्गाली, भोजपुरी, अवधी र पर्वते (नेपाली) भाषाका ज्ञाताहरू पनि थिए भन्ने कुरा इतिहासबाट प्रस्ट हुन्छ ।

### ७.१.१ नेपालमा बोलिने मुख्य भाषाहरू

| क्र. सं. | मातृभाषा | जनसङ्ख्या |
|---|---|---|
| १. | नेपाली | १३०८४४५७ |
| २. | मैथिली | ३२२२३८९ |
| ३. | भोजपुरी | १८२०७९५ |
| ४. | थारू | १७१४०९१ |
| ५. | तामाङ | १४२३०७५ |
| ६. | बज्जिका | ११३३७६४ |
| ७. | अवधी | ८६४२७६ |
| ८. | नेपाल भाषा (नेवारी) | ८६३३८० |
| ९. | मगर धुत | ८१०३१५ |
| १०. | डोटेली | ४९४८६४ |
| ११. | उर्दू | ४१३७८५ |
| १२. | याक्थुङ/लिम्बू | ३५०४३६ |
| १३. | गुरुङ | ३२८०७४ |
| १४. | मगही | २३०११७ |
| १५. | बैतडेली | १५२६६६ |
| १६. | राई | १४४५१२ |
| १७. | अछामी | १४१४४४ |
| १८. | बान्तवा | १३८००३ |
| १९. | राजवंशी | १३०१६३ |
| २०. | शेर्पा | ११७८९६ |
| २१. | खस | ११७५११ |
| २२. | बझाङी | ९९६३१ |
| २३. | हिन्दी | ९८३९९ |
| २४. | मगर खाम | ९१७५३ |
| २५. | चाम्लिङ | ८९०३७ |
| २६. | राना थारू | ७७७६६ |
| २७. | चेपाङ | ५८३९२ |
| २८. | बाजुरेली | ५६४८६ |
| २९. | सन्थाली | ५३६७७ |
| ३०. | दनुवार | ४९९९२ |
| ३१. | दार्चुलेली | ४५६४९ |
| ३२. | उरावँ/उराउ | ३८८७३ |
| ३३. | कुलुङ | ३७९१२ |
| ३४. | अंगिका | ३५९५२ |
| ३५. | माझी | ३२९१७ |
| ३६. | सुनुवार | ३२७०८ |
| ३७. | थामी | २६८०५ |
| ३८. | गनगाई | २६२८१ |
| ३९. | थुलुङ | २४४०५ |
| ४०. | बाङला | २३७७४ |
| ४१. | घले | २३०४९ |
| ४२. | सामपाङ | २१५९७ |
| ४३. | मारवाडी | २१३३३ |
| ४४. | डडेलधुरी | २१३०० |
| ४५. | धिमाल | २०५८३ |
| ४६. | ताजपुरिया | २०३४९ |
| ४७. | कुमाल | १८४३५ |
| ४८. | खालिङ | १६५१४ |
| ४९. | मुसलमान | १६२५२ |
| ५०. | वाम्बुले | १५२८५ |

| | | |
|---|---|---|
| ५१. | बाहिङ/बायुङ | १४४४९ |
| ५२. | याक्खा | १४२४१ |
| ५३. | संस्कृत | १३९०६ |
| ५४. | भुजेल | १३०८६ |
| ५५. | भोटे | १२८९५ |
| ५६. | दराई | १२१५६ |
| ५७. | याम्फु/याम्फे | १०७४४ |
| ५८. | नाछिरिङ | ९९०६ |
| ५९. | ह्यल्मो/योल्मो | ९६५८ |
| ६०. | दुमी | ८६३८ |
| ६१. | जुम्ली | ८३३८ |
| ६२. | बोटे | ७६८७ |
| ६३. | मेवाहाङ | ७४२८ |
| ६४. | पुमा | ६७६३ |
| ६५. | पहरी | ५९४६ |
| ६६. | आठपहरिया | ५५८० |
| ६७. | दुङ्माली | ५४०३ |
| ६८. | जिरेल | ५१६७ |
| ६९. | तिब्बेतन | ५०५३ |
| ७०. | दैलेखी | ४९८९ |
| ७१. | चुम/नुब्री | ४२८४ |
| ७२. | छन्त्याल | ४२८२ |
| ७३. | राजी | ४२४७ |
| ७४. | थकाली | ४२२० |
| ७५. | मेचे | ४२०३ |
| ७६. | कोई | ४१५२ |
| ७७. | लोहोरुङ | ३८८४ |
| ७८. | केवारत | ३४६९ |
| ७९. | डोल्पाली | ३२४४ |

| | | |
|---|---|---|
| ८०. | दुने | ३१०० |
| ८१. | मुगाली | २८३४ |
| ८२. | जेरो/जेरुङ | २८१७ |
| ८३. | कर्मारोङ | २६१९ |
| ८४. | छिलिङ | २५६४ |
| ८५. | ल्होपा | २३४८ |
| ८६. | लाप्चा | २२४० |
| ८७. | मुन्डा/मुडियारी | २१०७ |
| ८८. | मनाङ्गे | २०२२ |
| ८९. | छिरिङ | २०११ |
| ९०. | दूरा | १९९१ |
| ९१. | तिलुङ | १९६९ |
| ९२. | साङ्केतिक | १७८४ |
| ९३. | ब्यासी | १७०६ |
| ९४. | बालकुरा/बराम | १५३९ |
| ९५. | बारागाउँ | १५३६ |
| ९६. | सद्री | १३४७ |
| ९७. | अंग्रेजी | १३२३ |
| ९८. | मगर काइके | १२२५ |
| ९९. | सोनाहा | ११८२ |
| १००. | हायू/भायू | ११३३ |
| १०१. | किसान | १००४ |
| १०२. | पन्जाबी | ८७१ |
| १०३. | धुलेली | ७८६ |
| १०४. | खाम्ची (राउटे) | ७४१ |
| १०५. | लुङखिम | ७०२ |
| १०६. | लोवा | ६२४ |
| १०७. | कागते | ६११ |
| १०८. | वालिङ/वालुङ | ५४५ |

| | | | | | |
|---|---|---|---|---|---|
| १०९. | नार-फू | ४२८ | ११८. | मलपाण्डे | १६१ |
| ११०. | ल्होमी | ४१३ | ११९. | खरिया | १३२ |
| १११. | टिछुरोङ पोइके | ४१० | १२०. | सधानी | १२२ |
| ११२. | कुर्माली | ३९७ | १२१. | हरियान्वी | ११४ |
| ११३. | कोचे | ३३२ | १२२. | साम | १०६ |
| ११४. | सिन्धी | २९१ | १२३. | बनकरिया | ८६ |
| ११५. | फाङ्दुवाली | २४७ | १२४. | कुसुन्डा | २३ |
| ११६. | बेलहरे | १७७ | १२५. | अन्य | ४२०१ |
| ११७. | सुरेल | १७४ | १२६. | नखुलेको | ३४६ |

स्रोत : राष्ट्रिय जनगणना २०७८

### ७.१.२ नेपाली भाषाको विकास र विस्तार

नेपाली भाषा भारोपेली भाषा परिवारको तत्सम वर्गभित्र पर्ने भाषा हो। यसको सम्बन्ध आर्य इरानेली शाखाको आधुनिक आर्य भाषासँग रहेको पाइन्छ। नेपाली भाषा, आधुनिक आर्य भाषाहरूमध्ये एक हो। यो संस्कृत, प्राकृत र अपभ्रंश हुँदै विकसित भएको हो। प्राकृत तथा अपभ्रंशको कुन शाखाबाट नेपाली भाषाको जन्म भएको हो भन्ने सम्बन्धमा विद्वान्हरू एकमत हुन सकेका छैनन्। नेपाली भाषालाई सरकारी कामकाजको भाषाको रूपमा लिइन्छ। यो भाषालाई सबैले बुझ्ने, कुराकानी गर्न सजिलै सकिने, सम्पर्क भाषा, शब्दावली भाषा, भाषा प्रयोगकर्ता, साहित्य, साहित्यकार र भाषासेवीका हिसाबले सबैभन्दा धनी भाषाको रूपमा लिने गरिएको पाइन्छ।

भाषिक पुरातात्त्विक विशेषता र राजनीतिक घटनाक्रमका आधारमा नेपाली भाषाको विकासक्रमलाई निम्नलिखित तीन कालमा बाँडिएको छ :

#### (क) प्राथमिक चरण

प्राचीन काल वि.सं. १०४० देखि १५४९ सालसम्म रहेको पाइन्छ। यसको प्रमाणका रूपमा वि.सं. १०३८ को दामुपालको अभिलेखलाई लिइन्छ। सप्तसिन्धु प्रदेशदेखि पूर्व हालको नेपालसम्म खसहरू फिजिएका थिए। भारतको मुगल साम्राज्य विस्तारका क्रममा सम्भावित आक्रमण प्रत्याक्रमणका लागि हुम्ला श्रीपालका राजा नागराजले वि.सं. १०४० मा एकीकरण गरी विशाल खस अधिराज्यको स्थापना गरेको इतिहास प्राप्त भएको छ। यिनी खस थिएनन्, तिब्बती थिए। एट्किन्सन र राहुल साङ्कृत्यायनले दिएको विवरणअनुसार उनी स्रोङ-चङ गम्पोका बाह्रौँ वंश हुन्। त्यसैले पनि यिनको मातृभाषा तिब्बती थियो भन्ने बुझिन्छ। अर्को कुरा उनका सन्तानको नाम चाप (यो नाम होइन, यो संस्कृतिमा राजा भन्ने अर्थको सिँजाली शब्द हो), चापिल्ल (यो पनि

नाम होइन, यो चापका छोरा भन्ने अर्थको सिँजाली शब्द हो), क्रासिचल्ल (क्रासिको छोरो : यहाँ तिब्बती र खस शब्द जोडिएको देखिन्छ), क्राधिचल्ल (क्राधिको छोरो), क्राचल्ल (क्राको छोरो) रहेबाट पनि त्यो वंश तिब्बती वक्ता भएको स्पष्ट हुन्छ । तर, प्रजाहरूको जनसङ्ख्यामा खसहरू बढी भएकाले राजाहरू पनि बिस्तारै खस जातिमा रूपान्तरित हुँदै गएको र स्थानीय खस प्रजाहरूकै भाषालाई राज्यभाषाका रूपमा प्रयोग गरेको देखिन्छ । त्यसवेला पूर्वेली खस राज्यका प्रमुख दुईओटा प्रान्त थिए : खसहरूको घना बसोवास भएको खसान र जाड वा भोटेहरूको बसोवास बढी भएको जडान । यस खसान प्रान्तको राजधानीचाहिँ सिँजा (वर्तमान जुम्ला) थियो । यी सबै क्षेत्रमा एउटै भाषाको राजकीय प्रयोग भएकाले यसलाई सिँजाली भनेर चिन्न सकिन्छ । यसरी एकीकृत खस राज्यकालदेखि यस भाषाको उत्पत्ति भएको मानिएको हो, किनभने अरू आधुनिक भारतीय आर्यभाषाहरूको उत्पत्ति समय पनि यसै समयतिर मानिएको छ । यही भाषा पूर्वतिर पनि बढ्दै गण्डकी क्षेत्रसम्म आइपुग्यो । यसलाई पछि पर्वते भन्न थालियो । यस सिँजाली भाषाका प्राचीन नमुनाहरू विभिन्न अभिलेखमा पाइएका छन् । केही प्रमुख नमुना निम्नलिखित छन् :

- अशोकचल्लको दुल्लुको शिलालेख
- आदित्य मल्लको ताम्रपत्र
- गोरखाको ताघबाई गुम्बामा प्राप्त आदित्य मल्लको ताम्रपत्र
- पुण्य मल्लको ताम्रपत्र

**(ख) मध्यकालीन चरण**

नागराज अभय मल्लको साम्राज्य विघटनपछि (खस राज्यको विघटन) टुक्रेराज्यको स्थापनाले गर्दा नेपाली भाषाले पनि प्राचीन लक्षणहरू गुमाउँदै मध्यकालीन लक्षणहरू प्राप्त गर्न थाल्यो । वि.सं. १५५५ को धवकर्मठद्वारा लिखित कार्वोरिक विवोष शाहीको ताम्रपत्रको भाषा मध्यकालीन नेपाली भाषा लक्षणहरूको रूपमा देखा पर्‍यो ।

नेपाली भाषा सोह्रौँ शताब्दीदेखि विस्तारित हुन थाल्यो । यस समयमा नेपाली भाषाभाषी क्रमैले पूर्वतिर फैलन थाले । यो क्रम पहाडी तथा तराईका भूभाग तथा दार्जिलिङ, आसाम हुँदै बर्मासम्म पुग्यो । यसरी फैलिने क्रममा स्वदेशी तथा विदेशी भाषाका शब्दहरूको आगमन नेपाली भााषामा हुन थाल्यो । यसै समयमा नेपाली भाषाले प्रशासनको माध्यम बन्ने अवसर पनि प्राप्त गर्‍यो । नेपालको एकीकरण अभियानसँगै नेपाली भाषाको व्यापक रूपमा प्रचारप्रसार तथा विस्तृतीकरणले यसको महत्त्व अझै बढेर गयो ।

वि.सं. १५५५ को धवकर्मठद्वारा लिखित कार्वोरिक विवोष शाहीको भाषिक नमुनादेखि वि.सं. १९४८ को मोतीरामद्वारा लिखित भानुभक्तको जीवनचरित्रका बारेमा उल्लेख गरिएको भाषिक नमुनाका अतिरिक्त वि.सं. १८५५ को शक्तिबल्लभको “हास्यकदम्ब”

को भाषा हेर्दा प्राचीनकालदेखि मध्यकालसम्म आइपुग्दा नेपाली भाषाले आफ्नो स्पष्ट रूप देखाइसकेको र काव्य र साहित्यतर्फ पनि यो भाषा लोकप्रिय भइसकेको पाइन्छ ।

**(ग) आधुनिक चरण**

गोरखापत्रको (१९५८) प्रकाशनसँगै नेपाली भाषाको आधुनिक कालको थालनी भएको मानिन्छ । गोरखापत्रको प्रकाशनपछि नेपाली भाषाको विकासमा गोरखापत्रका साथ अन्य विभिन्न पत्रपत्रिकाहरूको पनि महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । सुन्दरी (१९६३), माधवी (१९६५) जस्ता पत्रपत्रिकाहरूले नेपाली भाषाको विकास र प्रचार-प्रसार गर्नमा दिएको योगदान अविस्मरणीय रहेको छ । राममणि आ.दी.को हलन्त बहिष्कार आन्दोलनलाई अगाडि बढाउन माधवी (१९६५) ले खेलेको भूमिका तथा स्वयम् राममणिकै योगदानलाई पनि बिर्सन सकिँदैन । भाषिक स्तरीकरणका लागि हलन्त बहिष्कार आन्दोलनले महत्त्वपूर्ण स्थान ओगेटेको छ । त्यसपछि चन्द्रिका व्याकरणको प्रकाशन तथा विभिन्न प्रतिभासम्पन्न कवि, लेखकहरूको साधनाबाट बिस्तारै आधुनिकतातर्फ ढल्कँदै गरेको पुष्टि हुन्छ । त्यसपछि नेपाली भाषालाई चोखो बनाउने कार्यमा शारदा (१९९१) पत्रिका तथा झर्रोवादी आन्दोलन (२०१३) को विशेष भूमिका रहेको छ । झर्रोवादी आन्दोलनले नेपाली भाषालाई जिउँदो, जाग्दो र भरिलो बनाउन ठेट नेपाली शब्दको प्रयोगमा विशेष जोड दिएको छ ।

वर्तमान नेपाली भाषामा प्रकाशित विभिन्न साहित्यिक र साहित्येतर ग्रन्थहरू, शब्दकोश तथा व्याकरणको प्रकाशन तथा यससम्बन्धी भएका विविध कार्यले नेपाली भाषाको विकसित स्थितिको सङ्केत गरेको छ । त्यसका अतिरिक्त राष्ट्रभाषाका रूपमा संविधानले दिएको मान्यता, विदेशीहरूको नेपाली भाषाप्रतिको अभिरुचि, भारतीय संविधानको आठौँ अनुसूचीमा नेपाली भाषाले पाएको स्थानलाई दृष्टिगत गर्दा आधुनिक नेपाली भाषाको महत्त्व उच्च रहेको मानिन्छ ।

आधुनिक कालमा शिक्षा, सञ्चार र प्रकाशनले नेपाली भाषाको लोकप्रियता बढ्दै गएको पाइन्छ । यसलाई महत्त्व दिइनु र विदेशीहरूले समेत यसतर्फ रुचि बढाउनुले यसको महत्त्व बढ्दै गएको तथ्य हाम्रा सामु स्पष्ट छ । यसरी नेपाली भाषाको वर्तमान रूपलाई स्थिर तथा मानक बनाउन विभिन्न क्षेत्रबाट भएको प्रयासलाई अस्वीकार गर्न सकिँदैन ।

**७.१.३ भाषा परिवार**

**भारोपेली परिवार**

**भारोपेली भाषा परिवार निम्नबमोजिम परिभाषित छ :**

**भारोपेली**

सतम- अल्बानियाली, बाल्टेली, स्लामेली, आर्मेनेली र आर्यइरानेली

**केन्तुम**

केल्टेली, जर्मनेली, ग्रिसेली, इटालेली, तोखारेली र हिट्टेली

भारोपेली सम्पूर्ण भाषा परिवारहरूमध्येको सर्वाधिक समृद्ध भाषा परिवार हो। भारतीय उपमहाद्वीप र युरोप मुख्य क्षेत्र रहेकाले यसको नाम भारोपेली रहन गएको देखिन्छ। सबैभन्दा बढी जनसङ्ख्याले बोल्ने तथा युरोप र एसिया महादेशका विभिन्न भूभाग मुख्य क्षेत्र रहे पनि संसारका सबैजसो क्षेत्रमा फैलिएको यस भाषा परिवारले साहित्य, सभ्यता, संस्कृति, ज्ञान, विज्ञान, राजनीति आदि हरेक क्षेत्रको नेतृत्व लिएको छ। भाषावैज्ञानिक दृष्टिले पनि यसको अध्ययनमा सर्वाधिक कार्य भएको छ। संस्कृत, अवेस्ता, ग्रिक, ल्याटिन, रुसी, जर्मन आदि विश्वका प्राचीन एवम् समृद्ध भाषाहरू यसै परिवारका मानिन्छन्।

भारोपेली भाषा परिवारको नामकरणका सम्बन्धमा विद्वान्हरूबीच मतभेद पाइन्छ। यसलाई विद्वान्हरूले इन्डो-जर्मनिक, इन्डो-युरोपियन, इन्डो-हिट्टेली, आर्य परिवार आदि भिन्न-भिन्न नाम दिएको देखिन्छ। जसले जे-जस्तो नामकरणको प्रस्ताव गरे पनि भारोपेली (इन्डो-युरोपियन) नामले नै लोकप्रियता हासिल गरेको छ।

भारोपेली भाषा परिवारको मूल थलो र मूल प्रयोक्ताका बारेमा कुनै ठोस निर्णय हुन सकेको देखिँदैन। यद्यपि इ.पू. ४५०० वर्षअघि भारोपेली समुदायका मानिसहरू एकै ठाउँमा बस्थे र एउटै भाषा बोल्थे भन्ने अनुमान गरिएको छ। मूल थलो अज्ञात रहे पनि भाषावैज्ञानिकहरूले तुलनात्मक अध्ययनका माध्यमबाट भारोपेलीको काल्पनिक मूल भाषाको निर्माण गरी तिनका प्रयोक्तालाई 'विरोस' नाम दिएको देखिन्छ। जसबाट भारोपेली भाषा परिवारका मूल प्रयोक्ताहरू 'विरोस' जाति थिए भन्ने निष्कर्ष निकालिएको पाइन्छ।

### द्रविड परिवार

द्रविड जातिद्वारा बोलिने भाषालाई द्रविड भाषा परिवारअन्तर्गत राखिन्छ। मुख्यतः भारतको तमिलनाडु राज्य तथा मलेसिया, इन्डोनेसिया, श्रीलङ्का, बर्मालगायत पूर्वी र दक्षिण अफ्रिका आदि क्षेत्रमा यस परिवारका भाषाहरू बोल्ने गरिन्छ। इ.पू. १५०० भन्दा पहिलेदेखि नै बोलीचालीमा आएको यस परिवारको मुख्य भाषा तमिल हो। साहित्य, सभ्यता र संस्कृतिका दृष्टिले तमिल भाषा अत्यन्त समृद्ध देखिन्छ। तमिलबाहेक यस परिवारअन्तर्गत सेन्तमिल, मलयालम, कन्नाडा, तेलुगू, कोलामी आदि भाषा पर्दछन्।

द्रविड भाषा परिवारको मुख्य विशेषता अन्तःयोगात्मक हो। दुई वचन र तीन लिङ्गको व्यवस्था पाइने यस परिवारका भाषामा कर्मवाच्यको व्यवस्था पाइँदैन। मूर्धन्य ध्वनिको प्राधान्य पाइने यस परिवारका भाषामा स्वरान्त शब्दको प्रयोग अधिक रहेको पाइन्छ। विभक्तिको काम प्रत्ययबाट चलाइनु यस परिवारका भाषाहरूको विशेषता हो। त्यसबाहेक पर्याप्त आगन्तुक शब्दको प्रयोग हुनु, लिङ्ग निर्धारणका निम्ति आवश्यकताअनुसार नामिक शब्दसँग 'पुरुष' र 'स्त्री' वाचक शब्दहरू जोडिनुजस्ता विशेषता पनि द्रविड भाषा परिवारका विशेषताका रूपमा देखिन्छन्। नेपालमा यस

परिवारको झाँगड (धाँगड) भाषा बोल्ने गरिन्छ ।

**भोट बर्मेली (चिनियाँ तिब्बती) परिवार**

भाषिक वक्ताका दृष्टिले भारोपेली परिवारपछिको दोस्रो ठुलो भाषा परिवार हो, चिनियाँ तिब्बती । मुख्यतः चीन, तिब्बत र बर्मामा बोलिने यस परिवारका भाषाहरू बङ्गलादेश, थाइल्यान्ड, नेपाल, भुटान, भियतनाम आदि देशमा पनि बोलिन्छन् । यस परिवारलाई विद्वान्हरूले भोट-बर्मेली र थाई-चिनियाँ गरी दुई वर्गमा विभाजन गरेको पाइन्छ । नेपालमा यस परिवारका तामाङ (मुर्मी), नेवारी, मगर, राई, किराँती, गुरुङ, लिम्बू, शेर्पा, चेपाङ, सुनुवार, थामी, धिमाल, तिब्बती, जिरेल आदि थुप्रै भाषा बोलिन्छन् ।

यस परिवारका प्रमुख भाषिक विशेषता निम्नानुसार छन् :

- अयोगात्मक भाषा
- एकाक्षरी भाषा
- स्थानबाट शब्दको अर्थ निर्धारण हुने भाषा
- तानका माध्यमबाट अर्थभेद हुने भाषा
- अनुनासिक ध्वनिको बाहुल्य भएको भाषा
- अलग-अलग शब्दका लागि अलग-अलग चिह्न हुने (वर्णमा अक्षर नहुने) भाषा

**आग्नेय परिवार**

आग्नेली भाषा परिवारलाई आग्नेसियाली/आग्नेय वा अस्ट्रिक भाषा परिवार पनि भन्ने गरिन्छ। दक्षिण-पूर्व एसिया मुख्य थलो रहेको यस परिवारका भाषाहरू अन्नाम, कम्बोडिया, बर्मा, थाइल्यान्ड, भारत हुँदै निकोबार द्वीपसम्म फैलिएको देखिन्छ । नेपालमा पनि यस परिवारको सतार/सन्थाल भाषाको प्रयोग हुने गर्दछ । यस भाषा परिवारका मुख्य तीन शाखा देखिन्छन्- मुन्डा या कोल, मोन-ख्मेर र अन्नाम मुआङ । मोन-ख्मेर भाषा समूह यस परिवारको अपेक्षाकृत सशक्त देखिन्छ । यस भाषामा साहित्यको लेखन पनि भएको देखिन्छ । मोन-ख्मेरबाहेक अन्य भाषामा साहित्य-सिर्जना भएको पाइँदैन ।

यस परिवारका प्रमुख भाषिक विशेषता निम्नानुसार छन् :

- मुख्यतः अश्लिष्ट योगात्मकता
- विभक्तिको काम उपसर्गबाट लिइने भाषा
- लिङ्ग निर्धारणका निम्ति मूल लिङ्ग निर्धारक शब्दको प्रयोग गरिने भाषा (जस्तै- आँडिया कुलःबाघ, एङ्गा कुलःबघिनी)
- तिनओटा वचन भएको भाषा
- पुरुषअनुसार क्रियामा रूपभेद नपाइने भाषा आदि ।


**तालिका नं. ७.१**
**नेपालमा बोलिने विभिन्न भाषा परिवारअन्तर्गतका भाषाहरू**

| क्र.सं | भाषा परिवार | भाषाहरू |
|---|---|---|
| १ | भारोपेली | नेपाली, मैथिली, भोजपुरी, अवधी, थारू, राजवंशी, दनुवारी माझी, बोटे, दरै, कुमाल, चुरेटी, मारवाडी, उर्दू |
| २ | चिनियाँ तिब्बती | नेवारी, गुरुङ, तामाङ, लिम्बू, तिब्बती, शेर्पा, जिरेल, कागते, ल्होमे, डोल्पा, छितुरिङ, ल्होके, लेप्चा, घले, थकाली, मनाङ, पूर्वी केके, छन्तेल, व्यासी, मगर, राजी, राउटे, पश्चिमी तामाङ, बुजा, दूरा, खाम, चेपाङ, थामी, भ्रँमु, वायु (हायु), पहरी, धिमाल, मेचे, कुसुन्डा, राई, किराँती, सुनुवारी, पहारी |
| ३ | आग्नेय | सतार वा सन्थाली, अडिया |
| ४ | द्रविड | झाँगड वा धाँगड |
| ५ | अन्य | खालिङ, डोटेली, खस वा खस कुरा, उराउ |

स्रोत : नेपाल परिचय २०८०

### ७.१.४ केही भाषाभाषीका लिपिहरू

नेपालमा लेखन कार्यमा प्रयोग भएको सबैभन्दा पुरानो लिपि ब्राह्मी हो । लुम्बिनी र कपिलवस्तुको निग्लीहवामा पाइएका, इसापूर्व तेस्रो शताब्दीमा लेखिएका अशोक स्तम्भ अभिलेखहरू यही ब्राह्मी लिपिमा लेखिएका छन् । यो लिपि नेपालको मात्र नभई भारतीय उपमहाद्वीपकै पढ्न सकिएका लिपिमध्ये सबैभन्दा पुरानो लिपि हो । यो लिपि पाली, प्राकृत वा मगधी भाषा लेखनमा प्रयोग भएको छ । नेपालमा प्रयोग भएको दोस्रो पुरानो लिपि लिच्छवि लिपि हो । यो लिपि ब्राह्मी लिपिबाटै विकसित भएको हो । काठमाडौँको मालिगाउँमा पाइएको संवत् १०७ उल्लेख भएको महाराज जयवर्मनको सालिकको पादपीठमा लेखिएको अभिलेखमा पहिलो पटक यो लिपिको प्रयोग भएको छ । लिच्छवि राजा मानदेवदेखि जयदेव द्वितीयसम्मका सबै लिच्छवि राजाहरूको शासनकालमा राखिएका करिब २०० अभिलेख यही लिपिमा लेखिएका छन् । यो लिपि समकालीन भारतीय गुप्त लिपिसँग मिल्दोजुल्दो रहेको छ । यसको प्रयोग संस्कृत भाषा लेखनमा भएको छ । नेपालको लिच्छवि लिपिबाटै क्रमिक रूपमा विकास र परिवर्तन हुँदै दशौँ शताब्दीदेखि अर्थात् आरम्भिक मध्यकालदेखि काठमाडौँ




नेपालको लिपि विकास तालिका

उपत्यकामा नेवारी लिपि विकसित हुन पुग्यो। यसको विकासमा समकालीन बङ्गाली लिपिको प्रभाव पनि रहेको विश्वास गरिन्छ। मध्यकालको उत्तरार्द्धतिर



लुम्बिनीको अशोक स्तम्भमा भएको ब्राह्मी लिपिको अभिलेख

नेवारी लिपिका अनेकौँ स्वरूप विकसित भए । मध्यकालीन नेवारी लिपिका यी भिन्न स्वरूपहरू भुजिँमोल लिपि, रञ्जना लिपि, गोलमोल लिपि, लितुमोल लिपि, पाँचुमोल लिपि तथा प्रचलित नेवारी लिपिका नामले परिचित रहेका छन् । यी सबैखाले नेवारी लिपिहरू आरम्भमा संस्कृत भाषा लेखनमा उपयोग भएका थिए भने पछिल्लो

मध्यकालमा नेवारी भाषा लेखनमा प्रयोग भएका थिए ।

मध्यकालमा काठमाडौँ उपत्यकामा नेवारी लिपि र यसकै विभिन्न स्वरूपका लिपिहरूको विकास भइरहेको समयमा उपत्यकाबाहिर भने ब्राह्मी लिपिबाट विकसित भएका अन्य लिपिहरू प्रयोगमा रहेका थिए। यस समयमा कर्णाली प्रदेशतिर देवनागरी लिपिको प्रचलन आरम्भ भएको थियो। यो लिपि ब्राह्मीबाटै गुप्त, शारदा, नागरी हुँदै देवनागरीको रूपमा विकसित भएको थियो र पश्चिम नेपालमा प्रयोग हुन पुगेको थियो। देवनागरी लिपिको प्रयोग नेपाली भाषा वा खस भाषा लेखनमा मुख्य रूपले प्रयोग भए तापनि पछिल्लो समयमा यो लिपिको प्रयोग तराई क्षेत्रमा हिन्दी भाषा लेखनमा पनि हुने गरेको छ। यो देवनागरी लिपि नेपाल एकीकरणपछि काठमाडौँ उपत्यकामा पनि व्यापक प्रचलनमा आयो। तराई क्षेत्रमा मध्यकालमा मैथिली लिपिको पनि विकास भएको थियो। यो लिपि मैथिली भाषा लेखनमा अधिक प्रयोग भयो। हिमाली भेकमा तिब्बती लिपिको विकास भएको थियो, जसको प्रयोग तिब्बती भाषाको लेखनमा भयो। पूर्वी नेपालको किराँत प्रदेशमा किराँत लिपि वा सिरिजङ्गा लिपिको विकास भयो, जसको प्रयोग किराँत भाषा लेखनमा अधिक हुन पुग्यो। यीबाहेक नेपालका कतिपय अन्य जातजातिहरूका अलग्गै लिपिहरू पनि रहेको पाइएको छ। यसो भए तापनि वर्तमान समयमा नेपालमा बहुसंख्यक नेपालीले प्रयोग गर्ने लिपि भने देवनागरी लिपि बन्न पुगेको छ।

- **नेपाली/हिन्दी** : देवनागरी लिपि
- **नेवारी लिपि** : रञ्जना, ब्राह्मी, प्रचलित, भुजिँमोल, पाँचुमोल, कुटिला आदि लिपि
- **लिम्बू** : सिरिजङ्गा लिपि
- **उर्दू** : अरबी लिपि

### ७.२ साहित्य

भाषाकै माध्यमबाट साहित्यको अभिव्यक्ति हुन्छ। साहित्य शब्दको क्षेत्र व्यापक वा विस्तृत रहेको छ। संस्कृतमा काव्यलाई नै साहित्य भनिएको पाइए तापनि वर्तमानमा चाहिँ काव्य र साहित्य अलग-अलग अस्तित्वमा रहेका पाइन्छन्। साहित्यले कथा, कविता, उपन्यास, निबन्ध, नाटक आदि सबैलाई समेट्छ। पूर्वीय विद्वान् भामहका अनुसार "शब्द र अर्थको सहभाव नै साहित्य हो"। नेपालमा प्रचलित प्रमुख भाषाहरूमा साहित्य सिर्जना भएको छ। यद्यपि त्यस्ता साहित्यको पहिचान हुन नसकेको अवस्था रहेको छ।

नेपाली साहित्यको विकास र विस्तारलाई तीन कालमा विभाजन गरी अध्ययन गरिएको पाइन्छ :

**(क) प्राथमिक काल : प्रारम्भदेखि वि.सं. १९३९ सम्म**

सुरुदेखि मोतीराम भट्टको तथा शृङ्गारकाल सुरुआत हुनुपूर्वको समय आउँछ । यस अवधिमा निम्न तालिका नं. ७.२ मा उल्लिखित अभिलेखहरू (शिलापत्र, ताम्रपत्र, कनकपत्र आदि) र प्राचीन हस्तलिखित ग्रन्थहरूसमेतको समय पनि पर्दछ ।

**तालिका नं. ७.२**

**भाषागत अभिलेखहरू**

| समय | अभिलेख |
|---|---|
| वि.सं. ११४६ | संग्राम सिंहले जारी गरेको जुम्लाको डुम्राकोटको अभिलेख |
| वि.सं. १३१२ | सिँजा (जुम्ला) का खस मल्ल राजा अशोक चल्लको शिलालेख |
| वि.सं. १३१७-१३२७ | जुम्लाका खस मल्ल राजा अक्षय मल्लको अभिलेख |
| वि.सं. १३३७ | अछामको अक्षय देवलमा प्राप्त अक्षय मल्लको अभिलेख |
| वि.सं. १३४४ | नाग मल्लको अभिलेख |
| वि.सं. १३७३ | दैलेखमा प्राप्त अभिलेख |
| वि.सं. १३७८ | गोरखामा प्राप्त आदित्य मल्लको अभिलेख |
| वि.सं. १३८५ | गोरखामा प्राप्त पुण्य मल्लको अभिलेख |
| वि.सं. १३९३ | पिउथर्पुमा प्राप्त पुण्य मल्लको अभिलेख |
| वि.सं. १३९४ | पुण्य मल्लको अभिलेख |
| वि.सं. १४१३ | पृथ्वी मल्लको जुम्लाको कनकपत्र |
| वि.सं. १४१४ | पृथ्वी मल्लको जुठाद्यो जोइसी लिखित ताम्रपत्र |
| वि.सं. १४१६ | निरयपालको अभिलेख |
| वि.सं. १४३३ | अभय मल्लको धर्मराज जोइसी लिखित अभिलेख |
| वि.सं. १४४८ | अभय मल्लको अभिलेख |
| वि.सं. १४७८ | बझाङमा प्राप्त सुमति बर्माको ताम्रपत्र |
| वि.सं. १५३७ | डोटीमा प्राप्त कीर्ति मल्लको ताम्रपत्र |
| वि.सं. १७०१ | पहाडी शाहीको ताम्रपत्र |

| | |
|---|---|
| वि.सं. १७०४ | जुम्लाका राजाबहादुर शाहको ताम्रपत्र |
| वि.सं. १७२७ | काठमाडौँको रानीपोखरीमा प्राप्त प्रताप मल्लको अभिलेख |
| वि.सं. १७६० | प्युठानका राजा पृथ्वीपतिको ताम्रपत्र |

स्रोत : नेपाल परिचय २०८०

नेपाली भाषा र साहित्यको अध्ययनका क्रममा प्राचीन हस्तलिखित ग्रन्थहरू पनि महत्त्वपूर्ण मानिन्छन् । १५औँ शताब्दीदेखि पाइएका यस्ता प्राचीन ग्रन्थहरू निकै महत्त्वपूर्ण मानिन्छन् । जस्तो : भास्वती, राजा गगनीराजको यात्रा, राम शाहको जीवनी, वाजपरीक्षा, ज्वरोत्पत्ति चिकित्सा, प्रायश्चित प्रदीप, नृपश्लोकी ग्रन्थ र औषधि रसायन ग्रन्थ आदि ।

नेपाली साहित्य लेखनको प्रारम्भ पृथ्वीनारायण शाहको नेपाल एकीकरणको अभियानसँगै भएको थियो । त्यसैले साहस, पराक्रम, वीरता र पुरुषार्थको कवितात्मक अभिव्यक्तिबाट नेपाली साहित्यको सुरुवात भएको पाइन्छ । सुवानन्द दास नेपालका पहिला कवि मानिन्छ ।

**(ख) माध्यमिक काल : वि.सं. १९४० देखि १९७४ सम्म**

यो समय विलासी राणाहरूको चकचकी युग भएकाले तत्कालीन साहित्यमा पनि यसको प्रभाव पर्न गई शृङ्गारिक काव्य तथा कविताहरूको सृजना भएको देखिन्छ । वीरगाथाबाट सुरु भएको नेपाली साहित्ययात्रा प्राथमिक कालमै भक्तिसाधनामा प्रवेश गरिसकेको थियो । वास्तवमा नेपाली साहित्यको माध्यमिक काललाई मोतीराम भट्टकाल भने पनि हुन्छ । अल्पायुमा मृत्यु भएका मोतीराम भट्टले छोटो समयमा नै नेपाली साहित्यमा ठुलो योगदान पुऱ्याएका थिए । उनले यस कालमा छापाखाना खोली धेरै पुस्तकहरू छपाएका थिए । वि.सं. १९४३ मा आफ्नै सम्पादनमा गोरखा भारत जीवन नामक साहित्यिक पत्रिका प्रकाशन गरेका थिए । उनले श्रृङ्गारिक कविताको नेतृत्व गरेका थिए ।

माध्यमिक कालमा शृङ्गारिक कविताहरू मात्र रचिए भन्न मिल्दैन । राणाकालको त्यस चरमोत्कर्ष समयमा पनि उत्कृष्ट रचनाहरू रचिएका थिए । यस कालमा मोतिरामलगायत शम्भुप्रसाद ढुङ्गेल, गोपीनाथ लोहनी, चक्रपाणि चालिसे, सोमनाथ सिग्द्याल, गिरिशवल्लभ जोशी, रामप्रसाद सत्याल, पहलमान सिंह स्वाँर आदि पर्दछन् । माध्यमिक काललाई पूर्वमध्य काल (भक्ति साहित्य) र उत्तरमध्य काल (शृङ्गार साहित्य) गरी दुई भागमा विभाजन गरिएको पाइन्छ । भक्ति धारामा पनि कृष्णभक्ति धारा, रामभक्ति धारा र निर्गुण भक्ति धारा गरी तीन प्रकारका साहित्य पाइन्छ ।

**(ग) आधुनिक काल : वि.सं. १९७५ देखि हालसम्म**

कविशिरोमणि लेखनाथ पौड्यालको आगमनसँगै नेपाली साहित्यमा आधुनिक कालको

सुरुवात भएको मानिन्छ । उनको 'ऋतुविचार' काव्य (वि.सं. १९७३) मा प्रकाशित भएपछि नेपाली कवितामा आधुनिक कालको सुरुवात भएको मानिन्छ । बालकृष्ण समको 'मुटुको व्यथा' नाटक, विश्वेश्वरप्रसाद कोइरालाको 'दोषी चस्मा' कथा, पुष्कर शमशेरको 'लक्ष्यहीन' एकाङ्की र बालकृष्ण समको 'बोक्सी'लाई आधुनिक साहित्य मानिन्छ ।

नेपाली साहित्यले २००७ सालपछि तीव्र गति तथा उचाइ लिँदै आएको पाइन्छ । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको स्थापना, मदन पुरस्कारको स्थापनालगायतका गतिविधिले पनि साहित्यको समृद्धिमा योगदान पुऱ्याएको पाइन्छ । नेपाली कवितामा थालिएको २०२० सालतिरको आयामेली आन्दोलनले नेपाली साहित्यलाई नयाँ मोड दिएको मानिन्छ । तीसको दशकपछि नेपाली कविता दुरुहताको भासबाट उठ्दै सहजता र कलात्मकतातर्फ उन्मुख भएको पाइन्छ । यसपछि कविता फाँटमा नयाँनयाँ शैली, प्रयोग र धाराहरू देखा पर्न थाले ।

नेपाली साहित्य पछिल्लो दशकमा आएर उत्तरआधुनिक चिन्तनबाट प्रभावित भइरहेको छ । परम्परागत साहित्यिक विधाका स्वरूप र शैलीमा विघटन आएको छ । चिन्तन, शैली र विषयलाई अत्याधुनिक तरिकाले साहित्यमा प्रयोग गरिँदै आएको छ । यसरी नेपाली साहित्य आधुनिक कालसम्म आइपुग्दा धेरै प्रकारका साहित्यिक कृतिहरू प्रकाशित भइसकेको पाइन्छ ।

**तालिका नं. ७.३**

**नेपाली भाषाका केही साहित्यकार र तिनका प्रमुख कृतिहरू**

| नाम/उपनाम | प्रकाशित पुस्तकहरू |
|---|---|
| भानुभक्त आचार्य (आदिकवि) | बधुशिक्षा, प्रश्नोत्तर, भक्तमाला, |
| मोतीराम भट्ट (युवा कवि, शृङ्गारिक कवि) | पञ्चक प्रपञ्च, पिकदूत, गजेन्द्रमोक्ष, गफाष्टक, कनक सुन्दरी, प्रियदर्शिका |
| शम्भुप्रसाद ढुङ्गेल (आशुकवि) | शकुन्तला, वीरसिक्का |
| लेखनाथ पौड्याल (कविशिरोमणि) | ऋतुविचार, बुद्धिविनोद, तरुण तपसी, गङ्गागौरी, लक्ष्मीपूजा, गौरी गौरव |
| जयपृथ्वीबहादुर सिंह | अक्षरमाला, भूगोल विद्या, पदार्थतत्त्व, शिक्षा दर्पण, व्यवहारमाला, तत्त्व प्रशंसा |
| पहलमानसिंह स्वाँर | अटलबहादुर, एक लाख रुपियाँको चोरी |
| सूर्यविक्रम ज्ञवाली | द्रव्य शाह, राम शाह, पृथ्वीनारायण शाह, अमरसिंह थापा, नेपाली सङ्क्षिप्त शब्दकोश |
| गुरूप्रसाद मैनाली | नासो |

| | |
|---|---|
| बालकृष्ण शमशेर राणा (बालकृष्ण सम, नाट्यसम्राट) | मुटुको व्यथा, प्रह्लाद, मुकुन्द इन्दिरा, अन्धवेग, भक्तभानुभक्त, म, प्रेमपिण्ड, अमरसिंह, माटोको ममता, भीमसेनको अन्त्य, मोतीराम, ऊ मरेकी छैन, नियमित आकस्मिकता |
| लक्ष्मीप्रसाद देवकाटा (महाकवि) | पहाडी पुकार, सुनको बिहान, छहरा, पुतली, मृत्युशैयाबाट, आकाश बोल्छ, मैना, रावण जटायु युद्ध, शाकुन्तल, सुलोचना, महाराणा प्रताप, पृथ्वीराज चौहान, मुनामदन, चम्पा, लक्ष्मी कथासङ्ग्रह, लक्ष्मी निबन्धसङ्ग्रह |
| भीमनिधि तिवारी | सहनशीला सुशीला, पुतली, चौतारा लक्ष्मीनारायण, माटोको माया, कविता कुञ्ज, विस्फोट |
| भवानीदास गुप्ता (भवानी भिक्षु) | गुनकेशरी, मैया साहेब, आवर्त, छाया, प्रकाश, आगत |
| चन्द्रप्रसाद प्रधान (हृदयचन्द्रसिंह प्रधान) | भूस्वर्ग, जुँगा, अफसोस, गङ्गालालको चिता, स्वास्नीमान्छे, एक चिहान |
| सिद्धिचरण श्रेष्ठ (युगकवि) | कोपिला, मेरो प्रतिबिम्ब, कुहिरो र घाम, उर्वशी, आँसु, भीमसेन थापा |
| गोपालप्रसाद रिमाल | आमाको सपना, मसान, यो प्रेम ! |
| डायमनशमशेर राणा | वसन्ती, सेतो बाघ, सत्प्रयास, अनिता, गृहप्रवेश |
| गोविन्दबहादुर मल्ल (गोठाले) | कथैकथा, प्रेम र मृत्यु, भुसको आगो, च्यातिएको पर्दा, भोको घर |
| शिवकुमार राई | फ्रान्टियर, खहरे, डाँक बङ्गला, डाँफेचरी |
| गोविन्दप्रसाद प्रधान (कृष्णचन्द्रसिंह प्रधान) | भञ्ज्याङनिरै, सालिक, आगतमा पाइला टेकेर |
| माधवप्रसाद घिमिरे (राष्ट्रकवि) | नवमञ्जरी, घामपानी, किन्नर किन्नरी, बाला लहरी, गौरी, राजेश्वरी, पापिनी आमा, राष्ट्रनिर्माता, शकुन्तला, मालतीमङ्गले, आफ्नै बाँसुरी आफ्नै गीत |

| | |
|---|---|
| इन्द्रबहादुर राई | विपना कतिपय, कथास्था, कठपुतलीको मन, आज रमिता छ |
| कमलमणि दीक्षित | यस्तो पनि, कालो अक्षर, कागतीको सिरप, बुकी सुन, सग्लो अक्षर |
| भूपेन्द्रमान शेरचन (भूपि शेरचन) | घुम्ने मेचमाथि अन्धो मान्छे, परिवर्तन, मैनबत्तीको शिखा |
| भैरव अर्याल | जयभुँडी, काउकुती, गलबन्दी, दश औतार |
| वानिरा गिरी | एउटा जिउँदो जङ्गबहादुर, कारङार, निबन्ध |
| विष्णुकुमारी वाइबा (पारिजात) | शिरीषको फूल, मैले नजन्माएको छोरो, पर्खालभित्र र बाहिर, महत्ताहीन, बैँसको मान्छे, अन्तर्मुखी, आकाङ्क्षा |
| झमककुमारी घिमिरे | जीवन काँडा कि फूल, सङ्कल्प, आफ्नै चिता अग्निशिखातिर, मान्छेभित्रका योद्धाहरू, अवसानपछिको आगमन, झमक घिमिरेका कविताहरू |
| केदारमान सिंह (व्यथित) | सङ्गम, प्रणव, आवाज, त्रिवेणी, मेरो सपनामा हाम्रो देश र हामी |
| विश्वेश्वरप्रसाद कोइराला | सुम्निमा, दोषी चस्मा, मोदी आइन, हिटलर र यहुदी, बुबा, आमा र छोरा, आफ्नो कथा |
| गणेशबहादुर थुलुङ (गणेश रसिक) | क्षितिजलाई छुन खोज्दा, जब सिस्नुहरू टेक्दै हिँडें |
| तुलसीप्रसाद जोशी (तुलसी दिवस) | नेपाली लोककथासङ्ग्रह, तुलसी दिवसका कविता |
| महेन्द्रवीरविक्रम शाहदेव (म.वी.वि. शाह) | उसैका लागि, फेरि उसैका लागि |
| तिलविक्रम नेम्वाङ (वैरागी काइँला) | वैरागी काइँलाका कविताहरू |

| | |
|---|---|
| वासुदेव लुइँटेल (भूतको भिनाजु) | वैरङ्ग्यशतक, भूत छैन, काकाका कुरा, भीमसेन पाती |
| मेघराज नेपाल (मञ्जुल) | सम्झनाका पाइलाहरू, साँहिली मोरीलाई, गायक यात्री |
| मोदनाथ पौडेल (प्रश्रित) | झाँसीकी रानी, केही सांस्कृतिक निबन्धहरू, मानव महाकाव्य, आमाको आँसु, नारी बन्धन र मुक्ति |
| रामेश्वरप्रसाद शर्मा चालिसे (रमेश विकल) | सिंगारी बाखो, लाहुरी भैँसी, नयाँ सडकको गीत, विरानो देशमा, उर्मिला भाउजू, एउटा बुढो भ्वाइलिन : आशावरीको धुनमा |
| चेतमानसिंह भण्डारी (मनु ब्राजाकी) | भऱ्याङ, अवमूल्यन, आकाशको फूल, तिम्री स्वास्नी र म, लाटा, अन्नपूर्णाको भोज |
| तारानाथ शर्मा भण्डारी (ताना शर्मा) | मेरो कथा, ओझेल पर्दा, सुली, झझल्को, नेपालदेखि अमेरिकासम्म |
| रमोलादेवी शाह (छिन्नलता) | अन्तरभावना, अन्तर्तरङ्ग, अन्तर्स्पन्दन |
| अच्छा राई (रसिक) | सप्तकोशी, भुँडी, लगन, दोभान |
| लोकनाथ पन्त (गुमानी पन्त) | रामनाम पञ्चाशिका, गङ्गा शतक, कृष्णाष्टकम् |
| शम्भुप्रसाद ढुङ्गेल (आशुकवि) | रत्नावली, शुकसागर, तोतामैनाको कथा |
| गोपाल पाण्डे (असीम) | राष्ट्रभाषा र साहित्य (विवेचना) |
| गोपीनाथ मैनाली (पथिक) | अवसाद अभिनयी, आँखाभरि रमिता मनभरि वेदना, युगकवि सिद्धिचरण : कृति र प्रवृत्ति विश्लेषण |
| फणिन्द्रराज भट्टराई (खेताला) | छाँगो र छाया, नागफनी र स्वास्नीमान्छे, मूर्ति बोल्छ |
| विष्णुराज आत्रेय (लाटोसाथी) | हामीभित्रका म, ढाक्रे, कपिलवस्तु |
| मोहन राई (दुखुन) | जलन, प्रेम एउटा अभिशाप, मन्दाकिनी |

| | |
|---|---|
| चुडामणि बन्धु उपध्याय (बन्धु) | भाषाविज्ञान, अनुसन्धान प्रबन्धको रूप र शैली |
| शङ्कर कोइराला | खैरेनीघाट |
| नेत्रमणि सुवेदी (नेत्र एटम) | उपन्यास सिद्धान्त र नेपाली उपन्यास |
| मञ्जु तिवारी (काँचुली) | किरणका छालहरू, केही कथा केही परिधि |
| सत्यमोहन जोशी (सांस्कृतिक कवि) | हाम्रो लोक संस्कृति, नेपाली राष्ट्रिय मुद्रा, कर्णाली संस्कृति |
| भक्तबहादुर श्रेष्ठ (सरुभक्त) | कवि प्रेमी र पागल, युद्ध उही ग्यास चेम्बरभित्र, इतिहासभित्रको इतिहास, इथर, तरुनी खेती, पागल बस्ती, समय त्रासदी |
| वासुदेव श्रेष्ठ (पासा) | फिलिङ्गो, फर्केर हेर्दा, किसान, पर्दा, समाज |
| दयाराम श्रेष्ठ सम्भव | सन्दर्भ र मूल्याङ्कन, भारतीय नेपाली कथा, वीरकालीन कविता |
| युवराज मैनाली | मुर्दा बोल्यो, केही प्रतिभा केही प्रवृत्ति, भ्रष्टाचारको भाङ |
| मोहनराज ढकाल शर्मा (मोराश) | च्याँखे धर्ना, रस चिनारी, कोर्रा, वैखरी |
| नारायण वाग्ले | पल्पसा क्याफे, मयूर टाइम्स |
| लीलाध्वज थापा | मन |
| शङ्कर लामिछाने | अब्स्ट्रयाक्ट चिन्तन र प्याज |
| दौलतविक्रम विष्ट | चपाइएका अनुहार, ज्योति ज्योति महाज्योति |
| अमर न्यौपाने | सेतो धरती |
| जगदीश घिमिरे | अन्तरमनको यात्रा, सकस |
| कर्ण शाक्य | सोच, खोज, मोज, म सक्छु र डोल्पो |
| ध्रुवचन्द्र गौतम | अलिखित, तथाकथित, त्यो एउटा कुरा, अँध्यारो द्वीपमा |

| | |
|---|---|
| कृष्ण धारावासी | झोला, गेस्टापो, टुँडाल, शरणार्थी |
| मदनमणि दीक्षित | माधवी, श्वेतकाली |
| शारदा शर्मा | ताप |
| महेशविक्रम शाह | छापामारको छोरो, सिपाहीकी स्वास्नी |
| राजन मुकारुङ | दमिनी भिर |
| तारालाल श्रेष्ठ | सपनाको समाधि |
| नयनराज पाण्डे | लू, उलार, सल्लीपिर, घामकिरी, यार |
| धनुषचन्द्र गोतामे | घामका पाइलाहरू, यहाँदेखि त्यहाँसम्म |
| केशवराज पिँडाली | एकादेशकी महारानी, बाँच्ने एउटा जिन्दगी |
| राजेश्वर देवकोटा | उत्सर्ग प्रेम |
| धुस्वाँ सायमी | गङ्की |
| वासु शशी | फूल ओइलाएपछि |
| लीलबहादुर क्षेत्री | बसाइँ, बह्मपुत्रको छेउछाउ |
| रुद्रराज पाण्डे | रूपमती |
| परशु प्रधान | सबै बिर्सिएका अनुहार, प्रतिनिधि कथाहरू |
| मनुजबाबु मिश्र | स्वप्न सम्मेलन, काँडाका फूलहरू |
| ईश्वर वल्लभ | आगोका फूलहरू हुन् आगोका फूलहरू हैनन् |
| मोहन कोइराला | ऋतु निमन्त्रण |
| दिनेश अधिकारी | अतिरिक्त अभिलेख, इन्द्रजात्रा |
| हरिवंश आचार्य | चिना हराएको मान्छे, हरिबहादुर |
| मदनकृष्ण श्रेष्ठ | महको म |
| कुन्दन शर्मा | एउटी छोरीको कथा, मेरा कविताहरू, यो मन |
| कृष्णप्रसाद पराजुली | कलिलो घाम |
| कालीप्रसाद रिजाल | के छ र जिन्दगी बिताइदिन्छु, यो प्रश्न कोसित सोधौँ |

| | |
|---|---|
| क्षेत्रप्रताप अधिकारी | गामबेसीका गीत, नफूलेका फूलहरू |
| श्रवण मुकारुङ | जीवनको लक्ष्य |
| प्रह्लाद पोखरेल | जीवन्त यात्रा, सारथि |
| श्यामदास वैष्णव | नयाँ लहर |
| जगदीशशमशेर राणा | नरसिंह अवतार |
| वासुदेव त्रिपाठी | नवपल्लव |
| मुकुन्दशरण उपाध्याय | प्राकृत पोखरा |
| हरिभक्त कटुवाल | बदनाम मेरा यी आँखाहरू |
| कणाद महर्षि | भतेर र आँखाहरू |
| राजेन्द्र थापा | यसपालि त मनै फाट्यो |
| दैवज्ञराज न्यौपाने | सिर्जनाको लहर |
| कृष्ण प्रधान | सूर्य स्नान |
| भाउपन्थी | अद्यापि र अरू कथा |
| किशोर नेपाल | अर्कै प्रस्तर |
| अशेष मल्ल | अर्धविराम |
| पोषण पाण्डे | आँखीझ्याल, मानस |
| गोपाल पराजुली | दिशाहीन आकाश |
| कुमार ज्ञवाली | बन्दी जीवन, भत्केको गुँड |
| लोकेन्द्रबहादुर चन्द | विसर्जन, हिउँको तन्ना |
| अनिता तुलाधर | सूर्यग्रहण |
| विजयकुमार पाण्डे | खुसी |
| बुद्धिसागर | कर्णाली ब्लुज, फिरफिरे |
| सुरेश प्राञ्जली | तुइन |

स्रोत : नेपाल परिचय, २०८०

**तालिका नं. ७.४**
**नेपालका अन्य केही भाषाका लेखक र पुस्तकहरू**

| क्र. स. | लेखक | पुस्तक | भाषा |
|---|---|---|---|
| १ | केदारमान व्यथित | छ्वासः | नेवारी |
| २ | पूर्णबहादुर वैद्य | सरासु | नेवारी |
| ३ | प्रेमबहादुर कंसाकार | मातिनाया म्ये (प्रेमरसका लोकगीत हरूको सङ्कलन) | नेवारी |
| ४ | धुस्वाँ सायमी | गम्की (उपन्यास) | नेवारी |
| ५ | रामशेखर | नासफाः | नेवारी |
| ६ | तीर्थराज तुलाधार | आखे (अनुदित कथासङ्ग्रह ) | नेवारी |
| ७ | ईश्वरनन्द श्रेष्ठाचार्य | ह्नायक (उपन्यास) | नेवारी |
| ८ | दुर्लभलाल कर्माचार्य | थः छ्यें (कथासङ्ग्रह) | नेवारी |
| ९ | भिक्षु सुदर्शन | अम्वपाली (नाटक) | नेवारी |
| १० | वासु शशी | ताचाप्वाँया | नेवारी |
| ११ | उसमान | चित्रावली ( काव्यकृति) | अवधी |
| १२ | हेमलाल जोशी | खड्गसिद्धि (एकांकी सङ्ग्रह) | नेवारी |
| १३ | प्रेमबहादुर कंसाकार | न्हुगू पुखू (निबन्ध) | नेवारी |
| १४ | मणिकलाल श्रेष्ठ | समालोचनाया सिद्धान्त | नेवारी |
| १५ | कमलप्रसाद मल्ल | मुसः निबन्ध नः लिसवना (निबन्ध सङ्कलन) | नेवारी |
| १६ | निष्ठानन्द बज्राचार्य | ललितविस्तारा (धार्मिक ग्रन्थ) | नेवारी |
| १७ | प्रज्ञान्द भिक्षु | धातुभेदनुपस्सना (दर्शन ग्रन्थ) | नेवारी |
| १८ | सिद्धिनरसिंह | कात्तिक नाच | नेवारी |
| १९ | कविकेशरी चित्तधर हृदय | ललितविस्तर | नेवारी |
| २० | अगस्टस कानरेडो (विदेशी) | हरिश्चन्द्रनृत्यम् (नाटक) | मैथिली |
| २१ | राजा जगज्ज्योतिर्मल्ल | हरगौरी विवाह (नाटक) | मैथिली |

| | | | |
|---|---|---|---|
| २२ | सरस राम | आनन्द - विजय नाटिका | मैथिली |
| २३ | नन्दिपति | कृष्ण केलिमालोक | मैथिली |
| २४ | विलाल | गौरी-स्वयंवर नाटिका, रुक्मणीहरण | मैथिली |
| २५ | कवि माथुर | कानन कन्यन, कृषक | मैथिली |
| २६ | रमाकान्त कापडी | व्यथा (खण्डकाव्य) | मैथिली |
| २७ | ब्रजकिशोर ठाकुर | अध्ययन औ विवेचना | मैथिली |
| २८ | ज्यातिरीश्वर | वर्ण-रत्नाकार (गद्यग्रन्थ) | मैथिली |
| २९ | महाकवि विद्यापति | देशील बयान | मैथिली |
| ३० | शान्ति चौधरी "थारू" | बिगडल तोहर थारू समाज हे, कन्यौति, बेटी, हमर दुधु (मेरी आमा) | थारू |
| ३१ | इमानसिंह चेम्जोङ | किराँत मुन्धुम खाहुन (शिक्षा) | लिम्बू |
| ३२ | रामप्रसाद राय | बहुआ और बहुरिया (उपन्यासरूपी नाटक) | थारू |
| ३३ | रविन्द्र तामाङ | मुग्लानरी एकाङ्की (नाटक), २०६७ | तामाङ |
| ३४ | केसाङ्ग मोक्तान तामाङ | रेन्जिन दोर्जे (उपन्यास) | तामाङ |
| ३५ | जायसी | पदमावत (काव्यकृति) | अवधी |

स्रोत : नेपाल परिचय, २०८०

### ७.२.१ नेपालका प्रमुख साहित्यिक पुरस्कार

**मदन पुरस्कार**

स्व. ज. मदनशमशेर राणाको स्मृतिमा रानी जगदम्बाबाट स्थापित मदन पुरस्कारको घोषणा २०१२ साल असोज १० गते भएको थियो। पुरस्कार प्रदान गर्ने पहिलो घोषणा २०१३ सालमा भएको हो भने यसको वितरण २०१४ सालदेखि सुरु भएको हो। गुठीको निर्णयअनुसार प्रारम्भमा पुरस्कारको रकम ४ हजार रहेकोमा स्वर्ण वर्षको अवसरमा २०६१ सालदेखि यसको रकम २ लाख भएकोमा २०७५ सालदेखि पुरस्कार राशि ४ लाख रुपैयाँ बनाइएको छ। वि.सं. २०३१ र २०३३ सालमा यो पुरस्कार कसैलाई प्रदान गरिएको थिएन।

मदन पुरस्कार एक वर्षभित्र नेपाली भाषामा प्रकाशित भएका उत्कृष्ट कृतिहरूमध्ये एकलाई प्रदान गरिने पुरस्कार हो।

तालिका नं. ७.५

**मदन पुरस्कार पाउने केही कृति र स्रष्टाहरू**

| क्र.स | स्रष्टाको नाम | कृति | साल |
|---|---|---|---|
| १ | सत्यमोहन जोशी, चित्तरञ्जन नेपाली र बलराम जोशी | 'हाम्रो लोकसंस्कृति' 'जनरल भीमसेन थापा' र 'अधिकविभव स्थिरविद्युत् उत्पादक' | २०१३ पहिलो पटक |
| २ | राजन मुकारुङ | दमिनी भिर | २०६९ |
| ३ | राधा पौडेल | खलङ्गामा हमला | २०७० |
| ४ | विजय कुमार | खुसी | २०७१ |
| ५ | रामलाल जोशी | ऐना | २०७२ |
| ६ | घनश्याम कँडेल | धृतराष्ट्र | २०७३ |
| ७ | निलम कार्की 'निहारिका' | योगमाया | २०७४ |
| ८ | योगेश राज | रणहार | २०७५ |
| ९ | चन्द्रप्रकाश बानियाँ | महारानी | २०७६ |
| १० | भगिराज इङ्नाम | लिम्बुवानको ऐतिहासिक दस्तावेज सङ्ग्रह संवत् १७१९-२०२० | २०७७ |
| ११ | डा. नवराज लम्साल | अग्नि | २०७८ |
| १२ | विवेद ओझा | ऐँजन | २०७९ |

स्रोत : मदन पुरस्कार गुठीको वेवसाइटबाट

**जगदम्बाश्री पुरस्कार**

रानी जगदम्बाको स्वर्गारोहणपछि निजको पुण्य स्मृतिमा गुठीले २०४५ सालमा स्थापना गरेको १ लाख राशिको पुरस्कार जगदम्बाश्री सोही सालबाट नै वितरण भएको हो र हाल यस पुरस्कारको रकम रु. ४ लाख प्रदान गर्ने गरिएको छ । २०४५ सालमा नारायणगोपाल गुरुवाचार्यले सर्वप्रथम यो पुरस्कार प्राप्त गरेका थिए ।

जगदम्बाश्री नेपाली भाषा, संस्कृति, साहित्यलगायतका विविध क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई प्रदान गरिने पुरस्कार हो ।

**तालिका नं. ७.६**

**जगदम्बाश्री पुरस्कार पाउने केही कृति र स्रष्टाहरू**

| क्र.स | स्रष्टाको नाम | साल |
|---|---|---|
| १ | नारायणगोपाल गुरुवाचार्य | २०४५ पहिलो पटक |
| २ | श्री लीलाबहादुर क्षत्री | २०७२ |
| ३ | श्री दुर्गा बराल (वात्स्यायन) | २०७३ |
| ४ | श्री शान्तदास मानन्धर | २०७४ |
| ५ | वैरागी काइँला (तिलविक्रम नेम्वाङ) | २०७५ |
| ६ | शान्ति ठटाल | २०७६ |
| ७ | भैरवबहादुर थापा | २०७७ |
| ८ | दुर्गाप्रसाद श्रेष्ठ | २०७८ |
| ९ | टेकवीर मुखिया | २०७९ |

स्रोत : मदन पुरस्कार गुठीको वेवसाइटबाट

**साझा पुरस्कार**

साझा पुरस्कार साझा प्रकाशनद्वारा स्थापित पुरस्कार हो । साझा प्रकाशनद्वारा वर्षभरि प्रकाशित विभिन्न विधाका पुस्तकहरूमध्ये सर्वोत्कृष्ट कृतिलाई प्रदान गरिन्छ । यस पुरस्कारको स्थापना वि.सं. २०२६ सालमा भएको हो । भूपी शेरचनद्वारा लिखित र साझा प्रकाशनले बजारमा ल्याएको 'घुम्ने मेचमाथि अन्धो मान्छे' कवितासङ्ग्रह साझा पुरस्कार (२०२६) प्राप्त गर्ने पहिलो कृति हो । यस पुरस्कारको राशि ५१ हजार रहेको छ ।

**तालिका नं. ७.७**

**साझा पुरस्कार प्राप्त पुस्तकहरू**

| | | |
|---|---|---|
| घुम्ने मेचमाथि अन्धो मान्छे | २०२६ | भूपी शेरचन |
| एक बाटो अनेक मोड | २०२७ | विजय मल्ल |
| सम र समका कृति | २०२८ | तारानाथ शर्मा |
| भीमसेनको अन्त्य | २०२९ | बालकृष्ण सम |
| मोहन कोइरालाका कविता | २०३० | मोहन कोइराला |
| वैरागी काइँलाका कविता | २०३१ | वैरागी काइँला |

| | | |
|---|---|---|
| आगत | २०३२ | भवानी भिक्षु |
| शाहकालीन कला र वास्तुकला | २०३३ | डा. जगदीशचन्द्र रेग्मी |
| प्रत्येक ठाउँ प्रत्येक मान्छे | २०३४ | पिटर जे. कार्थक |
| घामका पाइलाहरू | २०३५ | ध.च. गोतामे |
| देवकोटा | २०३६ | चूडामणि बन्धु |
| नेपाली उपन्यास र उपन्यासकार | २०३७ | कृष्णचन्द्रसिंह प्रधान |
| समान्तर | २०३८ | ईश्वरवल्लभ |
| हाम्रो समाज : एक अध्ययन | २०३९ | जनकलाल शर्मा |
| माधवी | २०३९ | मदनमणि दीक्षित |
| ऋतु निमन्त्रण | २०४० | मोहन कोइराला |
| सडकदेखि सडकसम्म | २०४१ | अशेष मल्ल |
| यहाँदेखि त्यहाँसम्म | २०४२ | ध.च. गोतामे |
| पूर्वकथा | २०४३ | राजेश्वर देवकोटा |
| सुवानन्ददासदेखि राजीवलोचनसम्म | २०४४ | गणेशबहादुर प्रसाईं |
| विशुदाइ | २०४५ | किशोर पहाडी |
| तिम्री स्वास्नी र म | २०४६ | मनु ब्राजाकी |
| पाइला : आगतमा टेकेर | २०४७ | कृष्णचन्द्रसिंह प्रधान |
| आँसु त्यसैत्यसै छचल्किन्छ | २०४८ | दौलतविक्रम विष्ट |
| पृथ्वीराज चौहान | २०४९ | लक्ष्मीप्रसाद देवकोटा |
| दिशाहीन आकाश | २०५० | गोपाल पराजुली |
| इन्द्रजात्रा | २०५१ | दिनेश अधिकारी |
| योजनगन्धा | २०५२ | विनोदप्रसाद धिताल |
| नफुलेका फूलहरू | २०५३ | क्षेत्रप्रताप अधिकारी |
| हिमालपारि हिमालवारि | २०५४ | माधव घिमिरे |
| मृत्यु-कविता | २०५५ | मञ्जुल |
| शब्दातीत शान्तनु | २०५६ | डा. वानीरा गिरि |
| राराको सौँराइ | २०५७ | पूर्णप्रकाश नेपाल 'यात्री' |
| चारु चर्चा | २०५८ | माधव घिमिरे |
| तथाकथित | २०५९ | ध्रुवचन्द्र गौतम |

| | | |
|---|---|---|
| अन्धकार | २०६० | ध्रुव सापकोटा |
| छेउको वधशाला | २०६१ | विमल निभा |
| समानान्तर आकाश | २०६२ | पद्मावती सिंह |
| हरि अधिकारीका कविता | २०६३ | हरि अधिकारी |
| साहित्य र समाज | २०६४ | डा. ऋषिराज बराल |
| प्रेतकल्प | २०६५ | नारायण ढकाल |
| सङ्क्रमणको साहित्य र समकालीनता | २०६६ | पुरुषोत्तम सुवेदी |
| अश्वमेध यज्ञका घोडाहरू | २०६७ | दुबसु क्षत्री |
| मेरा जीवनका पानाहरू | २०६८ | गौरा प्रसाईं |
| त्रासमा ईश्वर | २०६९ | ठाकुर बेलवासे |
| दोहाको सिधा उडान | २०७३ | जय छाङ्छा |
| व्युत्पत्तिमूलक संस्कृत-नेपाली शब्दकोश | २०७८ | नीलमणि ढुङ्गाना |

स्रोत : साझा पुरस्कार

## प्रज्ञा पुरस्कार

प्रज्ञा पुरस्कार नेपाल प्रज्ञा-प्रतिष्ठानद्वारा स्थापित पुरस्कार हो । यस प्रतिष्ठानको स्थापना तत्कालीन नेपाल सरकारबाट ‘नेपाल एकेडेमी ऐन २०१४’ पारित गरी सोही ऐनअनुसार नेपाली साहित्य, कला एकेडेमीको नाममा भएको थियो । वि.सं. २०१४ मा गठित यो प्रतिष्ठान २०३१ मा पुनः अर्को ऐनद्वारा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानमा परिणत भयो । नेपालमा गणतन्त्रको स्थापना भएपछि साविक राजकीय प्रज्ञा-प्रतिष्ठानमा रहेका ललितकला र सङ्गीत, नाट्य विधाका निम्ति अलग्गै प्रज्ञा-प्रतिष्ठानको गठन गर्ने व्यवस्था निम्न विधामा प्राज्ञिक कार्य गर्ने उत्तरदायित्वका साथ नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन २०६४ द्वारा सङ्गठित नेपाल प्रज्ञा-प्रतिष्ठान हाल क्रियाशील रहेको छ । भाषा, साहित्य, संस्कृति, सामाजिक शास्त्र र दर्शनशास्त्र गरी नेपाल प्रज्ञा-प्रतिष्ठानमा प्रमुख पाँच विषय क्षेत्र रहेका छन् ।

## प्रज्ञा पुरस्कारहरू

प्रज्ञा-प्रतिष्ठानअन्तर्गत निम्नबमोजिम पुरस्कारहरू स्थापना गरिएका छन् । तिनको वितरण निश्चित प्रक्रिया पुऱ्याई प्राज्ञ परिषद्को सिफारिस र प्राज्ञसभाको अनुमोदनबाट गरिन्छ ।

**पृथ्वी प्रज्ञा पुरस्कार :** नेपाल एकीकरणका नायक पृथ्वीनारायण शाहका नाममा स्थापित यो पुरस्कार हरेक चार वर्षमा एक जना सिर्जनशील प्रतिभा तथा विद्वान्लाई प्रदान गरिन्छ ।

**नेपाल प्रज्ञा भाषा पुरस्कार :** नेपालका भाषासम्बन्धी योगदान पुऱ्याउने भाषाविद्लाई प्रत्येक दुई वर्षमा प्रदान गरिन्छ ।

**नेपाल प्रज्ञा सामाजिक शास्त्र, संस्कृति र दर्शन पुरस्कार :** यो पुरस्कार हरेक दुई वर्षमा सामाजिक शास्त्र, संस्कृति र दर्शनमा योगदान पुऱ्याउने विद्वान्लाई प्रदान गरिन्छ ।

**नेपाल प्रज्ञा नेपाली साहित्य पुरस्कार :** हरेक वर्ष कुनै सिर्जनशील नेपाली साहित्यकारलाई दिइन्छ ।

**नेपाल प्रज्ञा मातृभाषा साहित्य पुरस्कार :** प्रत्येक वर्ष पहाडमा बोलिने मातृभाषाका साहित्यमा योगदान गर्ने विद्वान्लाई प्रदान गरिन्छ ।

**नेपाल प्रज्ञा मातृभाषा साहित्य पुरस्कार :** प्रत्येक वर्ष तराईमा बोलिने मातृभाषाको साहित्यमा योगदान गर्ने विद्वान्लाई प्रदान गरिन्छ ।

**तालिका नं. ७.८**

**प्रज्ञा पुरस्कार प्राप्त गर्ने स्रष्टाहरू**

| | | |
|---|---|---|
| १ | पृथ्वी प्रज्ञा पुरस्कार (२०७५-२०७८) | वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशी |
| २ | नेपाल प्रज्ञा सामाजिक शास्त्र/संस्कृति/दर्शन पुरस्कार (२०७६-२०७७) | प्रा.डा. त्रिरत्ननारायण मानन्धर |
| ३ | नेपाल प्रज्ञा भाषा पुरस्कार (२०७६-२०७७) | प्रा.डा. टङ्कप्रसाद न्यौपाने |
| ४ | नेपाल प्रज्ञा नेपाली साहित्य पुरस्कार (२०७५) | मदन रेग्मी |
| ५ | नेपाल प्रज्ञा नेपाली साहित्य पुरस्कार (२०७६) | भागीरथी श्रेष्ठ |
| ६ | नेपाल प्रज्ञा मातृभाषा साहित्य पुरस्कार (२०७५) | अमर तुम्याहाङ (पहाडी र हिमाली क्षेत्रमा बोलिने मातृभाषा साहित्यका लागि) |
| ७ | नेपाल प्रज्ञा मातृभाषा साहित्य पुरस्कार (२०७५) | अयोध्यानाथ चौधरी (तराई-मधेसमा बोलिने मातृभाषा साहित्यका लागि) |

| | | |
|---|---|---|
| ८ | नेपाल प्रज्ञा मातृभाषा साहित्य पुरस्कार (२०७६) | अमृत योञ्जन तामाङ (पहाडी र हिमाली क्षेत्रमा बोलिने मातृभाषा साहित्यका लागि) |
| ९ | नेपाल प्रज्ञा मातृभाषा साहित्य पुरस्कार (२०७६) | अशोक थारू (तराई-मधेसमा बोलिने मातृभाषा साहित्यका लागि) |

स्रोत : नेपाल प्रज्ञा प्रतिष्ठानको वेवसाइट

**तालिका नं. ७.९**

**नेपालका केही प्रमुख पुरस्कारहरू**

| क्र.स | पुरस्कार | राशि |
|---|---|---|
| १ | पृथ्वीप्रज्ञा पुरस्कार | ४ लाख |
| २ | मदन पुरस्कार | ४ लाख |
| ३ | जगदम्बाश्री पुरस्कार | ४ लाख |
| ४ | नेपाल विद्यापति भाषा साहित्य पुरस्कार | २ लाख |
| ५ | नेपाल विद्यापति अनुवाद पुरस्कार | २ लाख |
| ६ | आदिकवि भानुभक्त पुरस्कार | १,०१,१०१ |
| ७ | साझा पुरस्कार | ५१ हजार |

स्रोत : नेपाल प्रज्ञा प्रतिष्ठानको वेवसाइट

**तालिका नं. ७.१०**


**नेपाल सरकारबाट प्रदान हुने पुरस्कारहरू**


| क्र.सं. | पुरस्कारको नाम | विधा | पुरस्कार राशि |
|---|---|---|---|
| १ | राष्ट्रिय प्रतिभा पुरस्कार | भाषा एवं साहित्य | एक लाख |
| | | भाषा एवं साहित्य | एक लाख |
| | | सङ्गीत नाट्य | एक लाख |
| | | संस्कृति | एक लाख |
| | | ललितकला | एक लाख |
| २ | प्रादेशिक प्रतिभा पुरस्कार | भाषा एवं साहित्य | पचास हजार |
| | | सङ्गीत नाट्य | पचास हजार |
| | | संस्कृति | पचास हजार |
| | | ललितकला | पचास हजार |

| | | | |
|---|---|---|---|
| ३ | महाकवि देवकोटा पुरस्कार | कविता | एक लाख |
| | | निबन्ध/समालोचना | एक लाख |
| | | आख्यान/नाटक | एक लाख |
| | | बालसाहित्य/लोकसाहित्य | एक लाख |
| | | साहित्य | एक लाख |
| ४ | भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कार | सिप, कला, शिक्षा-साहित्य, संस्कृति, लेखन तथा अध्ययन अनुसन्धान | एक लाख |
| | | समाजसुधार अभियान | एक लाख |
| | | मानव अधिकार | एक लाख |
| ५ | पुष्पलाल राष्ट्रिय पुरस्कार | राजनीतिक/ सैद्धान्तिक | एक लाख |
| | | इतिहास विषय | एक लाख |
| | | साहित्य, संस्कृति र विज्ञान | एक लाख |
| ६ | गोपालप्रसाद रिमाल राष्ट्रिय पुरस्कार | काव्य | एक लाख |
| | | नाटक | एक लाख |
| ७ | बि.पि. कोइराला राष्ट्रिय पुरस्कार | राजनीतिक दर्शन | दुई लाख |
| | | साहित्यिक | दुई लाख |
| ८ | इतिहास शिरोमणि बाबुराम आचार्य पुरस्कार | नेपाली इतिहासको खोजमूलक अध्ययन, अनुसन्धान तथा प्रचार प्रसार गर्ने व्यक्ति वा संस्था | दुई लाख |
| ९ | योगमाया राष्ट्रिय पुरस्कार | समाजसुधारका लागि महत्त्वपूर्ण योगदान गर्ने | एक लाख |
| १० | सत्यमोहन जोशी राष्ट्रिय पुरस्कार | नेपाल तथा नेपाली भाषा साहित्य, संस्कृति र इतिहास | एक लाख |
| ११ | युगकवि सिद्धिचरण श्रेष्ठ राष्ट्रिय पुरस्कार | नेपाल तथा नेपाली भाषा साहित्य | एक लाख |
| १२ | आदिकवि भानुभक्त राष्ट्रिय पुरस्कार | नेपाली भाषा साहित्य र कविता | एक लाख |

स्रोत : संस्कृत पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

## ७.३ चलचित्र




नेपालमा सर्वप्रथम २००६ सालमा नयाँ सडकस्थित जनसेवा हलमा जनताका निम्ति टिकट लगाई चलचित्र देखाउने कार्य भयो । तर यसमा देखाउने चलचित्र हिन्दी सिनेमा जगत्बाट ल्याइन्थ्यो । नेपाली भाषाको पहिलो कथानक चलचित्र 'सत्य हरिशचन्द्र' हो जुन २००८ सालमा दार्जिलिङमा बस्ने केही नेपालीले निर्माण गरेका थिए । विगतमा प्रचार विभागले (हालको सूचना तथा प्रसारण विभाग) आफ्नै साधन र पुँजीमा वृत्तचित्र र समाचार चित्रहरूको निर्माण गर्ने क्रममै वि.सं. २०२१ सालमा कथानक चलचित्र 'आमा' निर्माण गर्‍यो । जुन सरकारबाट तयार भएको पहिलो नेपाली चलचित्र थियो । सोही विभागले 'हिजो आज भोलि' र 'परिवर्तन' नामका तिनओटा चलचित्रको निर्माण गर्‍यो । यसरी हाम्रो चलचित्रको इतिहासमा पहिलो अरुणोदय ल्याउने काम निश्चय नै यसै विभागबाट भएको हो ।

नेपाली चलचित्र क्षेत्रको बृहत्तर विकास र प्रवर्द्धन गर्दै नेपाली चलचित्र क्षेत्रको विकास गर्ने उद्देश्यले सरकारले चलचित्रकर्मीहरूकै माग र सुझावअनुसार २०५७ साल असार १६ गते चलचित्र विकास बोर्डको गठन गरेको हो । चलचित्र तथा श्रव्य-दृश्य विज्ञापनको निर्माण, वितरण, प्रदर्शनको इजाजत प्रदान गर्नु, इजाजत पत्रको नवीकरण गर्नु, च्यारिटी प्रदर्शनको अनुमति दिनु, विदेशमा नेपाली चलचित्रको छायाङ्कन, प्रदर्शन, मिक्सिङ गर्ने अनुमति र सिफारिस प्रदान गर्नु चलचित्र विकास बोर्डको नियमित कार्य हो । चलचित्रको जाँच सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गर्दछ । निजी क्षेत्रको

संलग्नतामा चलचित्र निर्माणले द्रुत गति लिइरहेको छ । नेपालमा चलचित्र विकासलाई सहयोग पुऱ्याउन सुविधासम्पन्न चलचित्र नगर बनाउने सोच रहेको छ भने चलचित्रको बहुआयामिक विकास गर्न सरकारले चलचित्र नीति २०७१ कार्यान्वयनमा ल्याएको छ ।

## ७.४ कला

नेपाली कलालाई विशेषतः चार भागमा वर्गीकरण गरिएको पाइन्छ : वास्तुकला, चित्रकला, मूर्तिकला र काष्ठकला ।

### ७.४.१ नेपाली वास्तुकला र तिनका विशेषता

वास्तुशैली एवम् कलाको दृष्टिबाट नेपालमा पाइने मन्दिरहरूलाई निम्न लिखित तीन प्रकारमा विभक्त गर्न सकिन्छ :

**तले शैली (प्यागोडा)**



तले शैलीको न्याँतपोल मन्दिर, भक्तपुर

हिन्दूहरूले आस्थाका साथ पूजा गर्ने देवता रहने यस्ता मन्दिरमा भक्ति, पूजा र प्रदक्षिणापथको प्रयोजनलाई पूरा गर्ने उद्देश्यबाट मन्दिर वास्तुकलाका नमुनाका रूपमा निर्माण गरिएका हुन्छन् । यस्तो प्रयोजनका लागि विभिन्न स्वरूपका मन्दिरहरू निर्माण गर्ने चलन छ, जसमध्ये प्रमुख नेपाली तले शैली एक हो । तले शैलीका मन्दिरहरू त्यस्ता मन्दिर हुन्, जसमा अनेकन तला हुने गर्दछन् भने यिनमा एकपछि अर्को गरी तह-तह परेका अनेकौँ सङ्ख्यामा छानाहरू पनि हुने गर्दछन् । तसर्थ यस्ता मन्दिरलाई Multiple roofed temple or Tiered Temple पनि भनिएको पाइन्छ ।

**यस शैलीका विशेषता :**


- मन्दिर प्राङ्गणमा कलात्मक वस्तुहरू
- विशेष प्रकारको गर्भगृह
- तहतह परेको छानो
- टुँडाल र तोरणको प्रयोग

- इँटा र काठको रुचिपूर्ण संयोजन
- मन्दिरबीचको भाग खोक्रो छाड्नु
- तले शैलीका मन्दिर ज्यादै अलङ्कृत हुने

**तले शैलीका केही मन्दिर निम्नानुसार छन्:**

- पशुपतिनाथ मन्दिर
- चाँगुनारायण
- न्याँतपोल

**शिखर शैली**



शिखर शैलीको कृष्ण मन्दिर, ललितपुर

शिखर शैलीका मन्दिर विभिन्न स्वरूप र प्रकारका हुन सक्दछन् । सुलुत्त परेर माथि चुलिँदै गएका झलक्क हेर्दा शिखरजस्तो देखिने छाना नभएका मन्दिरको सम्पूर्ण रचना नै चुलिनाले गुम्बज जस्तो बनेको घामपानीबाट भित्र सुरक्षित हुने किसिमको निर्माणलाई वास्तुकलामा शिखर शैली भन्ने गरिन्छ । बाहिर वरिपरि प्रदक्षिणापथ बनाइएको हुन्छ भने भित्रपट्टि मूर्ति राखिन्छ । भारतमा गुप्त राजवंशीहरूको पालामा यस किसिमका मन्दिर बनाइन्थे । गुप्तहरूका समकालीन लिच्छवि राजाहरूको पालामा यस किसिमका मन्दिर बनेको पाइँदैन तर मल्लकालमा सत्रौँ, अठारौँ शताब्दीमा यस्ता मन्दिरहरू निकै बने । यस किसिमका मन्दिर प्रस्तरका टुक्राहरूलाई लेपले जोडेर बनाइन्छ भने इँटनिर्मित मन्दिरहरूमा बाहिरबाट बज्रलेप गरी झरीबतास आदिबाट सुरक्षित गर्ने गरेको देखिन्छ । यस शैलीका मन्दिरहरू ब्रह्मा मन्दिर, पाटनको श्रीकृष्ण मन्दिर, पाटनको महाबौद्ध मन्दिर हुन् । यो शैलीका मन्दिर मुख्य गरी नागर, द्रविड र वेशर प्रकारका हुन्छन् ।

**यस शैलीका विशेषता**

- सामान्यतया विभिन्न तहका पेटीमाथि शिखर मन्दिर स्थापना गर्नु
- मन्दिरअगाडि एउटा मात्र मण्डप निर्माण गर्नु
- प्रदक्षिणापथको व्यवस्था गर्नु
- बत्ती बाल्ने दियोहरू राख्नु

- गर्भगृहमा मन्दिरका मूल देवताको प्रतिमा स्थापना गर्नु
- धेरै तला निर्माण नगर्नु
- मन्दिरमा छानाको आवश्यकता महसुस नगरी शिखरलाई नै छानाको रूपमा प्रयोग गर्नु
- शिखर उँभोतिर सानो हुँदै गएको बनाउनु
- विभिन्न रथको प्रयोग गर्नु
- उरुशृङ्गको प्रयोग गर्नु
- त्रिरथ, पञ्चरथ र सप्तरथको कल्पना गर्नु
- आमलक, छत्र र गजुरको प्रयोग गर्नु

**यस शैलीबाट बनेका केही मन्दिर :**

- पशुपति प्राङ्गणको ब्रह्मा मन्दिर
- पाटनको महाबौद्ध मन्दिर
- पाटनको कृष्णमन्दिर
- भक्तपुरको वत्सलादेवी मन्दिर
- स्वयम्भूको प्रतापपुर र अनन्तपुर
- पाटनको च्यासिँदेग
- पाटन शङ्खमूलको जगत्नारायण मन्दिर
- ललितपुर बुङ्गमतीको मच्छिन्द्रनाथ मन्दिर

**मिश्रित शैली**

भारतको टिकमगढका राजा प्रतापसिंह र रानी वृषभानुकुमारीले वि.सं. १८९५ मा निमार्ण कार्य सुरु गरेर १२ वर्ष लगाएर बनाएको जनकपुरको जानकी मन्दिर मिश्रित वास्तु शैलीको उदाहरण हो । राजपुत शैली र मुगल शैली अर्थात् शिखर र गुम्बज शैलीको विशिष्ट मिश्रित स्वरूप हो ।

### ७.४.२ नेपाली चित्रकला र तिनका विशेषता

मानवले भाषा र लिपिको आविष्कार गर्नुभन्दा अगाडिदेखि नै चित्रकलाको सुरुवात गरेको देखिन्छ । जुन समयमा मानवले भाषाको विकास गरेको थिएन, त्यो समयमा नै उसले चित्रका माध्यमबाट आफ्ना अनुभवहरू प्रस्तुत गरेको पाइन्छ । पाषाण कालमा युरोपका विभिन्न गुफामा निर्माण गरिएका चित्रहरूले यसै प्रसङ्गलाई सङ्केत गरेको पाइन्छ । संस्कृत साहित्यको युग र ऐतिहासिक कालमा समेत चित्रकला मानवको विचार अभिव्यक्तिको माध्यम भएको प्रमाण पाइएको छ ।

नेपालमा चित्रकलाको सुरुवात कहिले भयो भन्ने कुराको स्पष्ट जानकारी पाउन

सकिएको छैन । यहाँको प्राग् इतिहासको सही ढङ्गले खोज हुन अझसम्म बाँकी नै भएको कुरा विभिन्न पुस्तकमा उल्लेख गरेको पाइन्छ ।

नेपालका चित्रहरूको विवरण प्रस्तुत गर्ने प्रथम अभिलेख्य प्रमाण धनबज्र बज्राचार्यद्वारा नेपालको पहिलो अभिलेख मानिएको, राजाको नाम र प्रसारण गरिएको तिथिमिति अङ्कित नगरिएको चाबहिलको अभिलेख हो (बज्राचार्य, २०३०:१) । उक्त अभिलेखमा "किन्नरी जातकका कुरा कुँदिएको, अनेक थरी चित्रले सुहाएको यो चैत्य धेरै कालसम्म कष्ट गरी बनाइएको हो" भन्ने कुरा स्पष्टसँग लेखिएको छ ।

विश्वको चित्रकलाको इतिहास प्राचीन गुफायुग जस्तै पुरानो छ। युरोप (रोम, एथेन्स) तथा अफ्रिका (मिश्र) आदिका गुफाहरूमा चित्रकलाका प्रमाणहरू प्राप्त छन् । हिन्दू परम्परामा रामायण र महाभारतकालमा पनि चित्रकला विकसित थियो भन्ने कुरा राम वनवासपछि शोकाकुल दशरथलाई रानी कौशल्याले रामको चित्र देखाएको प्रसङ्गले पुष्टि गर्दछ । पौराणिक ग्रन्थहरूमा पनि चित्रकलाको चर्चा गरिएको छ । नेपालमा चित्रकलाको सुरुवात भारतको चित्रकलाको प्रभावबाट भएको भन्ने विद्वान्हरूको राय रहेको छ र लिच्छविकालीन दरबारहरू चित्रकलाले सुसज्जित हुन्थे भन्ने कुरा चिनियाँ यात्रुहरूले वर्णन गरेका छन् । चित्रहरू काठ, कपडा, ताडपत्र, कागज आदिमा अङ्कित हुने र यस्ता सामग्री छिटै नाश हुने हुँदा प्राचीन चित्रकलाका नमुनाहरू दुर्लभ छन् । तथापि प्राचीन तथा मध्यकालीन चित्रकलालाई निम्न ३ प्रकारले अध्ययन गर्न सकिन्छ :

**ग्रन्थचित्र**



ग्रन्थचित्र, राष्ट्रिय अभिलेखालय

नौ सय वर्षसम्म पुराना प्राचीन बौद्ध ग्रन्थहरूमा चित्रित बौद्ध चित्रहरू नै नेपालका चित्रकलाका प्राचीन नमुना हुन् । बौद्ध ग्रन्थचित्रहरूको तुलनामा हिन्दू देवीदेवताका चित्रहरू न्यून मात्रामा पाइएका छन् । यस्ता ग्रन्थचित्रहरू भारतको गुप्तकालीन अजन्ता र एलोरा शैलीसँग मिल्दाजुल्दा छन् । ग्रन्थचित्रलाई दुई वर्गमा वर्गीकरण गरिएको छ ।

क) गाताचित्र

ख) पात्रचित्र

ग्रन्थलाई सुरक्षित रूपमा ढाक्नका लागि तल र माथि राखिएका काठका चिल्ला फल्याकहरूमा भित्रि, बाहिरी भागमा वा दुवैतर्फ कोरिएको चित्र गाताचित्र हुन् भने मूलपाठको दायाँ-बायाँ बनेका वा मूल पाठलाई दायाँ-बायाँ पारी कथावस्तुसँग मिल्ने गरी बनाइएका चित्रहरू पात्रचित्र हुन् । ग्रन्थचित्रहरूमा पञ्चरक्षा, प्रज्ञापारमिता, हरिवंश पुराण आदि बौद्ध र शैव ग्रन्थहरूमा विविध रङ र आकार प्रकारका चित्रहरू अङ्कित छन् ।

छापाखानाको आविष्कार हुनुभन्दा पहिले आफूलाई आवश्यक पर्ने पुस्तकहरू हातैले लेखेर तयार पार्ने गरिन्थ्यो । यस्तै ग्रन्थलाई हस्तलिखित ग्रन्थ भनिन्छ । यी ग्रन्थहरूमा लेखिएका विषयसँग सम्बन्धित चित्रहरू पनि ती ग्रन्थमा बनाउने चलन त्यस वेला थियो । यिनै चित्रहरूलाई ग्रन्थचित्र भनिन्छ र यी चित्रहरू ज्यादै सूक्ष्म रूपमा बन्ने हुँदा Miniature Painting भनेर पनि उल्लेख गर्ने गरिएको छ । हालसम्म प्राप्त नेपाली चित्रकलाका प्राचीन नमुनाहरूमा ग्रन्थचित्र नै पर्दछन् । मध्यकालभन्दा पहिलेका ग्रन्थचित्र भने पाइएका छैनन् ।

मध्यकालमा बनेका केही उत्कृष्ट ग्रन्थचित्रहरूमा पञ्चरक्षा, विष्णुधर्मशास्त्र, हरिवंश, हितोपदेश आदि उल्लेखनीय छन् । पूर्वमध्यकालतिरको पञ्चरक्षा नामक ग्रन्थको गातामा देवीहरूको भव्य चित्र बनाइएको छ, जसमा देवीहरू महिषासुर राक्षसलाई मार्न तल्लीन भएको देखाइएको छ । त्यस्तै, हरिवंश नामक ग्रन्थको गातामा कृष्णको जन्मदेखि उनले कंशको वध गरेसम्मको कथालाई चित्रण गरिएको छ । चित्रकथालाई बुझाउन पानाहरूमा अनेक प्रकारका चित्रहरू बनाइएका छन् ।

ग्रन्थचित्रमा प्रयोग भएको विषयवस्तु, रङ तथा पहिरनका सम्बन्धमा कलाकारहरू विशेष संवेदनशील देखिन्छन् । कलाका अन्य विधामा जस्तो चित्रकलामा स्पष्ट रूपमा व्यक्तिको पहिचान गर्न कठिनाइ हुन सक्छ, त्यसैले तत्कालीन कलाकारहरूले रङ्कै माध्यमबाट देव र राक्षस स्वरूपमा भेद गर्नुपर्ने हुन्छ । यही स्थितिस्वरूप मध्यकालीन कलाकारहरूद्वारा कृष्णलाई स्वाभाविक निलो हरियो रङमा र कंश तथा उनका अनुचरहरूलाई पहेँलो रङमा देखाइएको छ । पहिरनमा पनि तत्कालीन भेषभूषा झल्काउने चेष्टा गरिएको पाइन्छ । जस्तो कि पुरुषहरूले छोटो धोती र स्त्रीहरूले घाँघर चोलो लगाउने तथा पुरुषहरूले मुसलमानी ढङ्गले दाह्री पाल्ने आदि ।

**भित्तेचित्र**

नेपाली चित्रकलाका विविध पक्षमध्ये एक प्रमुख पक्षको रूपमा भित्तेचित्रको सुरुवातको निश्चित तिथिमिति नभए पनि यसको ऐतिहासिकता लिच्छविकालसम्म पुग्दछ । नेपालमा प्राप्त मध्यकालीन चित्रकलाका नमुनाहरूमा भित्ते चित्रकला पनि एक हो । नेपालमा पनि प्राचीन कालमा यो कला विकसित भएको हुन सक्छ तर हाल हामीसँग मल्लकालपूर्वका भित्ते चित्रकलाका नमुना प्राप्त भएका



चण्डेश्वरी मन्दिरमा रहेको भैरवको चित्र, बनेपा

छैनन् । मध्यकालमा दरबार, मन्दिर र विहारहरूका भित्तेचित्र उत्कृष्ट कोटीका छन् । भक्तपुरको ५५ झ्याले दरबारमा रामायण, महाभारतका कथा, नलदमयन्ती कथा, कृष्ण जन्म र राशलीलाका आकर्षक चित्रहरूका साथै युद्धका लागि तत्पर शस्त्रास्त्रले सुसज्जित सैनिकहरूको चित्र अङ्कित छ । जयप्रकाश मल्लद्वारा निर्मित जीवित देवी (कुमारी) को घर मानिने कुमारी घरमा रातो र सेतो मच्छिन्द्रनाथको चित्र, पचली भैरव, भीमसेन, हिरण्यकश्यपु वध, महाङ्काल, वज्रयोगिनी, गणेश आदि देवीदेवताको र मुगल भेषमा जयप्रकाश मल्लको ६ फिट अग्लो चित्र अङ्कित छ । कीर्तिपुरको बाघभैरवमा र हनुमानढोकामा समेत मल्लकालीन चित्रकलाका नमुना देख्न सकिन्छ । भक्तपुरको तलेजु मन्दिरमा पन्ध्रौं शताब्दीमा निर्मित कृष्णले मुरली बजाउँदै गरेको र राधाले झ्याली बजाउँदै गरेको चित्र अति रमणीय देखिन्छ । समष्टि रूपमा प्राचीन तथा मध्यकालीन चित्रकलामा धार्मिक सहिष्णुता, तान्त्रिक शैलीको बढ्दो प्रभाव, मुगल शैलीको प्रयोग तथा अनुसरण, विविध रङ तथा रोगनको प्रयोग आदि प्रमुख विशेषता पाइन्छ ।

**पौभाचित्र**

विशेष प्रविधिका साथ कपडामा बनाइएको पौभाचित्र पट र मण्डल गरी दुई छन् । 'पट' विधिमा देवीदेवताका चित्रलाई बीचमा राखी अन्य सहायक देवीदेवताहरूलाई वरिपरि राखिन्छ भने 'मण्डल' विधिमा क्यानभासको बीच खण्डमा तान्त्रिक वा साङ्केतिक चिन्हहरू राखिन्छन् । पौभाचित्रहरू नेपाली चित्रकलाको विशिष्ट शैलीको रूपमा रहेका छन् । यो चित्रकलालाई केही विद्वान्हरूले नेपालमा नै उत्पत्ति भएको हो भनेका छन् भने लैनसिंह वाङ्देलका अनुसार "कपडामा धार्मिक कुराहरू लेख्ने तिब्बती

परम्परा नै नेपालमा आयात गरि एको हो ।" पछि नेपालमा निर्मित बौद्ध परम्पराका पौभाचित्रहरूको चीनमा अत्यधिक माग भएकाले तत्पश्चात् पौभाचित्रहरू व्यावसायिक रूपमा निर्माण हुँदै आएका छन् । बाङ्देलका अनुसार अमेरिकाको काउन्टी म्युजियममा रहेका तेह्रौँ शताब्दीको 'अमिताभ' पौभाचित्र नेपालको प्राचीन पौभाचित्र हो । तेह्रौँ शताब्दीकै 'रत्नसम्भव' र नेपाल संवत् ७२० को 'विष्णुमण्डल' नेपाल संवत् ५५६ तिरको 'अमोघपास अवलोकितेश्वर' पौभाचित्रहरू उल्लेखनीय छन् । धार्मिक सहिष्णुतामा आधारित हुनु, धार्मिक परम्पराका पौभाचित्र हिन्दू र बौद्ध दुवैमा प्राप्त हुनु, पृष्ठ भागमा प्राकृतिक दृश्यहरूको चित्रण हुनु नेपाली पौभाचित्रका विशेषता मानिन्छन् । सोह्रौँ शताब्दीदेखि नेपाली पौभाचित्रमा तान्त्रिक शैलीको प्रवेश भई सोहीअनुरूप देवीदेवताहरूको चित्र अङ्कित गर्ने परिपाटी चल्यो । १८औँ शताब्दीपछिका पौभाचित्रमा ठुला आँखा, उच्च नाक, लाम्चिला मुखाकृति चित्रित भएकाले यस्तो शैलीलाई भारतीय प्रभाव भन्ने गरिन्छ ।



अमोघपास लोकेश्वरको पौभाचित्र

### ७.४.३ नेपाली मूर्तिकला र तिनका विशेषता

नेपालको ऐतिहासिक कालविभाजनअनुसार नै यहाँको कलालाई पनि प्राचीन, मध्यकालीन र शाहकालीन गरी तीन भागमा वर्गीकरण गर्न सकिन्छ । नेपालको प्राचीन कलालाई पनि शैलीका आधारमा तीन भागमा वर्गीकरण गरिएको पाइन्छ- प्रारम्भिक काल, लिच्छवि काल र मध्यकालीन काल । नेपालको प्राचीन मूर्तिकलाको अध्ययनसमेत यसै वर्गीकरणअनुरूप गर्न सकिन्छ ।

**प्रारम्भिक कालको मूर्तिकला**

नेपालको प्रारम्भिक मूर्तिकलामा काठमाडौँ उपत्यकाका केही प्राचीन प्रस्तर मूर्तिहरूको शैली, परम्परा र लक्षणमा मथुरा कुषाण कलाशैलीको प्रभाव परेको पाइन्छ । भारतको कुषाणकाल इसापूर्व प्रथम शताब्दीदेखि इस्वीको तेस्रो शताब्दीबीचको मानिने हुनाले त्यही शैलीको आधारमा नेपालमा पनि मूर्तिकला सुरु भएको देखिन्छ ।

पहिलो किराँत राजा यलम्बर 'किराँतेश्वर'ले नै किराँतेश्वर महादेव (गौरीघाट श्लेषमान्तक वनमा) स्थापना गरेको अनुमान गरिन्छ। आर्यघाटको मृगेश्वर स्थानभित्रको सेतो खैरो कडा प्रस्तर मूर्ति विरूपाक्ष (इ.पू. सातौँ-आठौँ शताब्दी), किराँत राजमाता आदि किराँतकालका प्रसिद्ध मूर्तिहरू हुन्। हाँडीगाउँ सत्यनारायण मन्दिर निकटस्थ पुरुष मूर्तिलाई अन्तिम किराँत शैलीको नमुना मानिन्छ। मनुष्यकार प्राचीन प्रस्तर मूर्तिमा विरूपाक्ष सुन्दर र उत्कृष्ट छ र यसको कथा युनानी इडिपसको कथासँग मिल्दोजुल्दो छ। तिलौराकोट (तराई) वनजरहीमा प्राप्त नारी शिर मृण्मय (टेराकोटा) इसापूर्व तृतीय शताब्दीको मानिन्छ।


विरूपाक्ष, आर्यघट, पशुपति

यहाँको माता र शिशु इ.पू. द्वितीय शताब्दीको हो। यस युगमा प्रचलित केही मूर्तिहरू- च्यासलहिटिकी गजलक्ष्मी, हौगलवहाल पाटनकी मातृकय, सिकुवही पाटनको उमा महेश्वर र राष्ट्रिय सङ्ग्रहालयको कुमारसम्भव शिलाफलक आदि रहेका थिए। यस युगको मूर्तिकलाका मुख्य विशेषताहरू :

- अनौठो वरदमुद्रा प्रस्तुत गर्नु
- छड्के पटुकाको प्रयोग
- लुगाका मुजालाई बुट्टाकारमा देखाउनु
- साधारण र गोलो आकारको प्रभामण्डल देखाउनु
- यज्ञोपवितको अभाव
- अलङ्कृत रूपमा केश विन्यास गर्नु
- काँधसम्म आउने ठुल्ठुला कर्ण कुण्डलको प्रयोग गर्नु
- गोडामा ठुल्ठुला कल्लीको प्रयोग हुनु
- सूक्ष्म कलाकारिताको अभाव हुनु

**लिच्छविकालको मूर्तिकला**

लिच्छविकालीन मूर्तिकला सुसंस्कृत, चिल्ला, मिहिन, भावभङ्गीपूर्ण एवम् मौलिकता

भएको पाइन्छ। गुप्तकालीन कलाको छाप परे तापनि धार्मिक विषयवस्तुमा सुन्दर र गतिशील मूर्तिहरू बनेका पाइन्छन्। साना भए तापनि छिनुको कुँदाइद्वारा मूर्तिहरू बनेको पाइन्छ। यस युगमा प्रचलित केही मूर्तिहरू- विष्णुविक्रान्त मूर्तिहरू, राष्ट्रिय सङ्ग्रहालयकी पद्महस्ता लक्ष्मी मूर्ति, आर्यघाटको विरूपाक्ष मूर्ति, हनुमानढोकाको कालियदमन मूर्ति (हनुमानढोका, काठमाडौँ), विश्वरूप (चाँगु), बोधिसत्व (गणबहाल) जस्ता मूर्ति उत्कृष्ट भएकाले यो युग कलामा सुवर्ण युग नै भएको मानिन्छ। यस कालका बौद्ध र बोधिसत्वका पर्याप्त मूर्तिहरू भेटिन्छन्। ढोकावहाल चैत्यको पद्मपाणि लोकेश्वर मूर्ति, बाङ्गेमुढाको स्थानक बुद्धमूर्ति, बुढानीलकण्ठको जलाशय नारायण मूर्ति, चण्डोलको धूमवराह मूर्ति, राष्ट्रिय सङ्ग्रहालयको उमामहेश्वर मूर्ति आदि प्रसिद्ध छन्। शक्ति र ललितमय मूर्तिको निर्माण प्राचीनकालमा प्रारम्भ भइसकेको थियो। स्त्रीरूपी शक्तिपूजा प्राचीनकालदेखि नै विद्यमान भएको प्रमाण लिच्छवि राजा मानदेवको समय (इसाको पाँचौँ शताब्दी) मा स्थापना गरिएका विजेश्वरी, अष्टदशभूज धारणी पलाञ्चोक भगवती (काभ्रे) लाई लिन सकिन्छ। यो मूर्ति कलापूर्ण र बेजोड छ। इसाको सातौँ शताब्दीपछि स्त्रीलाई मूर्तिकलाको व्यापक विषय बनाई नःघलटोलको पार्वती, दक्षिणकाली (फर्पिङ), कङ्केश्वरी (विष्णुमतीनिकट) र वनकाली (द्यौपाटन) जस्ता देवीका मूर्तिहरू तान्त्रिक ढाँचामा निर्माण भए। यस समयमा मूर्तिहरूले अत्यन्त परिष्कृत उत्कृष्ट अवस्था प्राप्त गरिसकेको पाइन्छ। आठौँ शताब्दीपछि भारतको उत्तर विहार शैलीको प्रभाव परेको पाइन्छ।



पलाञ्चोक भगवती, काभ्रेपलाञ्चोक

**लिच्छविकालको मूर्तिकलाका विशेषता :**

- आकर्षक मुखाकृतिका मूर्तिहरू निर्माण हुनु
- विशेष प्रकारको ढुङ्गाको चयन गर्नु
- आङ्गिक अनुपातको मेल हुनु
- नारी मूर्तिमा लचकताको गुण विद्यमान रहनु

- केश विन्यास अलङ्कृत ढङ्गमा हुनु
- ज्यादै आकर्षक नारी मूर्तिहरू हुनु
- पारदर्शी कपडाको प्रयोग गर्नु
- साधा र गोलो प्रभामण्डल निर्माण गर्नु

**मध्यकालको मूर्तिकला**

मध्यकालीन नेपालका काष्ठ, धातु र प्रस्तर मूर्तिकला समृद्ध थिए । ताम्र र लोहलेपद्वारा मूर्तिहरू प्रज्वलित र टिकाउ पारिन्थे । कुशल कालीगढले कुँदेका मूर्तिहरू विशेषतः काठमाडौँ उपत्यकामा भेटिन्छ । नेपाली मूर्तिकला सामान्यतया प्रस्तर, काष्ठ र धातु गरी तीन प्रकारका मूर्तिकला अत्यधिक विकसित भएका छन् । मृण्मय (टेराकोटा) मूर्तिहरू पनि थोरै विकसित भए पनि अत्यन्त सुन्दर छन् । यस युगका कोटालटोल हाँडीगाउँको उमामहेश्वर मूर्ति, क्वावहालको उमामहेश्वर मूर्ति, थापाहिटीको सूर्य मूर्ति, बनेपाको सूर्य मूर्ति, चाँगुनारायणको श्रीधर विष्णु मूर्ति, चाँगुको नरसिंह मूर्ति, देउपाटनको चतुरमुख लिङ्ग, पाटन कुम्भेश्वरको विष्णु व्यूह, राष्ट्रिय सङ्ग्रहालयको विष्णुमूर्ति आदि प्रसिद्ध छन् । तेह्रौँ-चौधौँ शताब्दीको नृत्यश्वर मूर्ति (राष्ट्रिय सङ्ग्रहालय), स्थिति मल्लको समय वि.सं. १४३९ (ई.सं १३८२) मा पशुपतिको मनुष्याकार चतुर्मुखी मूर्ति पनि प्रसिद्ध छन् ।

**मध्यकालका मूर्तिकलाका विशेषता :**

- फ्रोस्रो कमसल ढुङ्गाको छनोट
- लाम्चो र सानो मुखाकृति निर्माण गर्नु
- अत्यधिक गरगहनाको प्रयोग गर्नु
- अलङ्कृत प्रभामण्डल निर्माण गर्नु
- मूर्तिलाई हावादारी बनाउनु
- विशेष प्रकारको मुकुटको प्रयोग गर्नु
- आङ्गिक अनुपातको मेल नहुनु
- पादपीठमा दोहोरो पद्मपीठ देखाउनु

**प्रस्तरका मूर्ति**

पत्थर कलामा नेपाल निकै माथि थियो । पत्थरको छनोट, विषयवस्तुको छनोट र कालीगढी कुशलताले नेपाली पत्थर कलामा सजीवता र सुन्दरता दिएको पाइन्छ । स्थूल र सूक्ष्म प्रकारका ढुङ्गे मूर्तिहरू मध्यकालमा प्रशस्त तयार भएको पाइन्छ । दशौँ शताब्दीतिरको हाँडीगाउँ कोटाल टोलको उमामहेश्वरको मूर्ति, ने.सं. १०७ को पाटनको क्वावहाको उमामहेश्वरको मूर्ति, सन् १०६५ को पाटन थापाहिटीको सूर्य मूर्ति (हाल पाटन सङ्ग्रहालयमा छ), ने.सं. ५१४ मा बनेपाको सूर्य मूर्ति,

दशौँ शताब्दीतिरको चाँगुनारायण प्राङ्गणको श्रीधर विष्णुको मूर्ति, चौधौँ शताब्दीतिरको पनौतीको सूर्य मूर्ति, तेस्रो शताब्दीतिरको चाँगुको नरसिंहको मूर्ति, चौधौँ शताब्दीतिरको राष्ट्रिय सङ्ग्रहालयको विष्णुको मूर्ति आदि पूर्वमध्यकालका उत्कृष्ट मूर्तिका उदाहरण हुन् । हनुमानढोकाको कालभैरवको मूर्ति, हनुमानको मूर्ति, भूपतिन्द्र मल्लको समयको भक्तपुर दरबार क्षेत्रको नरसिंहको मूर्ति र हनुमानको मूर्ति, १५औँ शताब्दीको पाटन कुम्भेश्वरको विष्णुव्यूह मूर्ति, भक्तपुर कला सङ्ग्रहालयमा रहेको १५औँ शताब्दीतिरको हरिहरको मूर्ति, १७औँ शताब्दीतिरको स्वयम्भूको महाकालको मूर्ति, भक्तपुर कला सङ्ग्रहालय, राष्ट्रिय सङ्ग्रहालयमा प्रदर्शित विभिन्न देवीदेवताका मूर्ति, उपत्यकामा यत्रतत्र पाइने मूर्तिहरू नै मध्यकालीन प्रस्तर मूर्तिका उदाहरण हुन् ।


कालभैरव, हनुमानढोका

**प्रस्तर मूर्तिका विशेषता :**

- राम्रो प्रस्तरको छनोट नगर्नु
- तान्त्रिक प्रभाव
- अत्यधिक गरगहनाको प्रयोग
- बुद्धमूर्तिमा तिनचोसे मुकुटको प्रयोग
- चुच्चो नाक
- पातलो ओठ
- लामा आँखा, लामो चिउँडो
- बुद्ध जीवनका घटनालाई एउटै फलकमा उतार्नु
- शारीरिक अनुपात नमिलेका मूर्तिहरूको निर्माण
- कलात्मक प्रभा मण्डल
- ज्वालावलीको प्रयोग
- धर्मनिरपेक्ष कलाकृतिको निर्माण

**काठका मूर्ति**

छिटो नाश हुने भएकाले काठका अत्यन्त पुराना मूर्तिहरू प्राप्त छैनन् । पन्ध्रौँ शताब्दीतिरको राष्ट्रिय सङ्ग्रहालयको पूजादेवीको मूर्ति, १५औँ शताब्दीतिरको भक्तपुर काष्ठ

सङ्ग्रहालयको नृत्यादेवीको मूर्ति, १५औँ शताब्दीतिरको राष्ट्रिय सङ्ग्रहालयको नृत्यदेवीको मूर्ति (एउटै काठमा बनेको), भक्तपुर काष्ठकला सङ्ग्रहालयका वसुन्धरा, १७औँ शताब्दीको गणेश र नृत्य रूप शिव, महिष मर्दिनीदुर्गा, मारविजयको मूर्ति, भक्तपुर काष्ठकला सङ्ग्रहालय र राष्ट्रिय सङ्ग्रहालय छाउनीका नृत्यदेवीका काष्ठ मूर्तिहरू उत्कृष्ट नमुना हुन्। काष्ठकला टुँडालमा प्रशस्त प्रदर्शन भएको पाइन्छ। मन्दिरको गहनास्वरूप तीन खण्डसम्म कुँदिएका टुँडाल चाँगु, तलेजु, न्यातपोल, कुम्भेश्वर आदिमा पाइन्छ। टुँडालको माथिल्लो हिस्सामा वृक्ष, मध्यभागमा देवता र तल्लो खण्डमा यक्ष, नर-जनावर तथा यौनाभिनयका विभिन्न आसन आदि चार कोणमा सौन्दर्ययुक्त शार्दूल (भेडाको सिङ, सिंहको शरीर) प्रदर्शन गरिन्छ। मन्दिरको द्वारमाथि अर्धवृत्ताकार तोरण बनाई त्यसको मध्यखण्डभित्रको मुख्य देवता, दायाँ-बायाँ गङ्गा, यमुना, मकरको प्रतीक राख्ने गरेको पाइन्छ।


नृत्यदेवी, राष्ट्रिय सङ्ग्रहालय

काठका कुँदिएका थाम राख्ने प्रचलन न्यातपोल, काष्ठमण्डप (गोरखनाथ) मा प्रयुक्त छ। काष्ठकला सोह्रौँ-सत्रौँ शताब्दीमा चरम विकासको अवस्थामा थियो। काष्ठमूर्तिका उत्कृष्ट नमुनाहरू मन्दिरमा प्रयुक्त टुँडाल, झ्याल आदिले प्रस्तुत गर्ने गरेको पाइन्छ। मन्दिरका स्थापत्य कलामा बाहिरी भागमा टुँडालमा शृङ्गारमय मूर्ति पाइन्छ।

**माटोका मूर्ति**

नेपाली कलाको सूत्रधार माटाका मूर्ति हो। माटाका मूर्तिका माध्यमिक नमुना पनि प्राप्त छन्। अष्टमातृका (राष्ट्रिय सङ्ग्रहालय) सत्रौँ शताब्दीको हो। पशुपति आर्यघाटको अनन्तनारायण विष्णु मूर्ति अठारौँ शताब्दीको माटाको मूर्तिको नमुना मानिन्छ। शिवसिंह मल्लको समयमा निर्मित महाबौद्ध मन्दिर (वि.सं. १६४२) मा अनगिन्ती मृतिका मूर्तिहरू छन्। इँटजस्तै पोलेर बनाइएका यी माटाका मूर्तिहरू ढुङ्गा जस्तै बलिया, ढलोट जस्तै चिल्ला र स्निग्ध पाइन्छ।

**धातुका मूर्ति**

प्राचीन समयका धातुका मूर्तिहरू प्रायः उपलब्ध छैनन् तर सान्दर्भिक प्रमाणहरू भने पाइन्छ । तराई क्षेत्रमा प्राप्त प्राचीन मुद्रा, चाँगुको विष्णुको मूर्ति, लिच्छविकालका मुद्राहरू, नरेन्द्र देवको पेटीको बुद्धमूर्ति आदि लिच्छविकालको अन्तिम समयदेखिका धातुका मूर्तिहरू हुन् । आठौँ, नवौँ शताब्दीको बुद्धको मूर्ति, आठौँ, नवौँ शताब्दीको न्युयोर्कको एक व्यक्तिको निजी सङ्ग्रहमा रहेको वज्रपाणिको मूर्ति, १४औँ शताब्दीको पाटन हिरण्यवर्ण महाविहारको अवलोकितेश्वरको मूर्ति, १६-१७औँ शताब्दीतिरको राष्ट्रिय सङ्ग्रहालयको नाम सङ्गतिको मूर्ति, पाटन सङ्ग्रहालयमा रहेका ११औँ, १२औँ शताब्दीको इन्द्रको मूर्ति, सन् १०६५ को अर्धनारीश्वर, १२औँ शताब्दीको बुद्धको मूर्ति, १६औँ, १७औँ शताब्दी तिरको राष्ट्रिय सङ्ग्रहालयको महिषसम्बरको मूर्ति आदि नै धातु मूर्तिकलाका उत्कृट नमुना हुन् । मध्यकालमा अत्यधिक धातुका मूर्ति निर्माण भएको पाइन्छ । धातुकलामा दशौँ तथा एघारौँ शताब्दीमा नयाँ युग आएको मान्ने गरिन्छ । मध्यकालका धातुमूर्तिका विशेषता निम्नानुसार पाइन्छ :



श्वेतभैरव, हनुमानढोका

क. समानुपातिक तालमान मिलेको शरीर र अवयव
ख. ढल्किएको वा अङ्ग-अङ्ग मिलेको शरीर
ग. अगाडि र पछाडि दुवैतिर कलायुक्त
घ. अत्यधिक वस्त्राभूषण
ङ. शिर र हात बढी प्रदर्शन
च. अर्ध गोलाकार आँखीभौँ र चुच्चे नाक
छ. गोलो अनुहार आदि

**७.४.४ नेपाली काष्ठकला र तिनका विशेषता**

लिच्छविकालीन काष्ठकला कृतिहरू उपलब्ध छैनन् तर उक्त समयमा दरबार, मन्दिर, विहार घरहरूमा काठको प्रयोग हुन्थ्यो ।



मयूर झ्याल

**झ्याल र ढोकाहरू**

उपत्यकाका विभिन्न स्मारकमा विभिन्न आकार प्रकारमा काठका कलात्मक झ्यालहरू पाइन्छन् । मयूर झ्याल, देसेमरु झ्या, कुमारी घरका झ्यालहरू, ५५ झ्याले दरबारका झ्यालहरू आदि काष्ठ कलाकृतिका उत्कृष्ट नमुना हुन् ।



तोरण, गुणाकर महाविहार, छुस्याबहाल

**तोरण**

सोह्रौँ शताब्दीको इटुमवहालको तोरण, १७औँ शताब्दीको भक्तपुर दरबारको मूलचोकको तोरण, प्रताप मल्लको समयको छुस्या वहालको तोरण, उपत्यकाका अरू मन्दिरहरूमा रहेका तोरण आदि प्रवेशद्वारमाथि रहने अर्ध वृत्ताकार तोरण हुन् ।

**टुँडाल**

पूर्वमध्यकालदेखिका काष्ठ कलाकृतिहरू प्राप्त भएका छन् । १२/१३औँ शताब्दीतिरका पाटनको महाविहारमा सालभञ्जिका मुद्राका टुँडालहरू, ११औँ शताब्दीका काठमाडौँको इटुमवहालका टुँडाल, १२/१३औँ शताब्दीका पनौती इन्द्रेश्वर मन्दिरका टुँडाल आदि पूर्वमध्यकालीन काष्ठकलाका विशिष्ट नमुना हुन् । मध्यकालीन तले शैलीका मन्दिरलगायतका स्मारकहरूमा प्रयोग भएका टुँडालहरू नै काष्ठकलाका उत्कृष्ट उदाहरणहरू हुन् । स्मारकको छानालाई थाम्न ४५ डिग्रीको कोणमा राखिने साधा वा कलात्मक काठलाई टुँडाल भनिन्छ ।

**७.४.५ नेपालमा प्रचलित केही गीत, सङ्गीत र नृत्य कला**

भौगोलिक एवम् सांस्कृतिक विविधतायुक्त नेपाली समाजमा चाडपर्व, मौसम, खेतीपाती तथा अन्य अवसरमा प्रचलित गीत तथा नृत्यहरू पाइन्छन् । यिनमा अलग-अलग स्वर, भाका, मिठास र उमङ्ग भरिएका हुन्छन् ।

नेपालमा प्रचलित केही गीत, सङ्गीत तथा नृत्यहरू देहायबमोजिम रहेका छन् :

| | | |
|---|---|---|
| मालसिरी | दोहोरी/जुहारी | मैथिली |
| सिल | सोरठी | भोजपुरी |
| तिज/गौरा | देउडा | मारुनी |
| समला | चुड्का | कौडा |
| भजन चुट्का/बालन | झोरा | बिरहिनी |
| भैलो/देउसी | बाह्रमासे | असारे |
| सङ्गीनी | झ्याउरे | ठाडोभाका |
| घाटु | तामाङ सेलो | सेप्रु |
| भक्ति किर्तन | च्याब्रुङ | झाँगर |
| झिझिया | होली | गाइने गीत |
| छिन्ताङ मई | रत्यौली | छ्याली |

परिच्छेद : आठ

# नेपालमा पूर्वाधार विकास

## ८.१ शिक्षा

नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हकका साथै नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने मौलिक हकको व्यवस्था गरेको छ । शिक्षा क्षेत्रमा विगतमा भएका नीतिगत, कानुनी,



पुनर्निर्माणपछिको दरबार हाइस्कुल, काठमाडौँ

संस्थागत, कार्यक्रमगत र मानवीय विकासका प्रयासहरूले यस क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि हासिल हुँदै गएको छ । सन् १९५३ मा नेपाल UNESCO को सदस्य राष्ट्रसमेत भएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार देशमा ५ वर्ष वा सोभन्दा बढी उमेरका कुल जनसङ्ख्यामा साक्षरता दर ७६.२ प्रतिशत रहेको छ। पुरुषको साक्षरता दर ८३.६ प्रतिशत छ भने महिलाको साक्षरता दर ६९.४ प्रतिशत रहेको छ। २०६८ को जनगणनामा कुल साक्षरता दर ६५.९ प्रतिशत, पुरुषको साक्षरता दर ७५.१ प्रतिशत र महिलाको साक्षरता दर ५७.४ प्रतिशत रहेको थियो ।

शैक्षिक सत्र २०७९ मा विद्यमान ३६ हजार ३२ विद्यालयमध्ये सामुदायिक विद्यालय २७ हजार ३ सय ४३, संस्थागत विद्यालय ७ हजार ३ सय ७३ र धार्मिक विद्यालय १ हजार ३ सय १६ रहेका छन् ।

**तालिका नं. ८.१**

**प्रदेशगत साक्षरता दर**

| प्रदेश | साक्षरता दर | | |
|---|---|---|---|
| | पुरुष | महिला | कुल |
| कोशी | ८६.१ | ७३.६ | ७९.७ |
| मधेस | ७२.५ | ५४.७ | ६३.५ |
| बागमती | ८८.३ | ७६ | ८२.१ |
| गण्डकी | ८८.८ | ७५.३ | ८१.७ |
| लुम्बिनी | ८५.२ | ७१.७ | ७८.१ |
| कर्णाली | ८३.३ | ६९.४ | ७६.१ |
| सुदूरपश्चिम | ८५.४ | ६८.२ | ७६.२ |

स्रोत : राष्ट्रिय जनगणना, २०७८

**तालिका नं. ८.२**

**विद्यालय प्रकारअनुसारका विद्यालयको विवरण**

| प्रकार | सामुदायिक (परम्परागत सहित) | संस्थागत मात्र | संस्थागत | जम्मा | परम्परागत/धार्मिक |
|---|---|---|---|---|---|
| आधारभूत तह (कक्षा १–५) | १५८०२ | १४६५२ | १८१५ | १७६१७ | ११५० |
| आधारभूत तह (कक्षा १–८) | ४९७२ | ४८२१ | १७९५ | ६७६७ | १५१ |
| माध्यमिक तह (कक्षा १–१०) | ३५३३ | ३४७४ | ३१३९ | ६६७२ | ५९ |

| | | | | | |
|---|---|---|---|---|---|
| **माध्यमिक तह (कक्षा १–१२)** | ३६८३ | ३६५९ | ११३७ | ४८२० | २४ |
| **जम्मा** | २७९९० | २६६०६ | ७८८६ | ३५८७६ | १३८४ |

**स्रोत : आर्थिक सर्वेक्षण २०८०/८१**

### तालिका नं. ८.३
### सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक विवरण २०८०

| तह | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | | धार्मिक विद्यालय | | कुल | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | जम्मा |
| आधारभूत (कक्षा १–८) | ६६९१८ | ८८६१८ | ४१५२१ | २२१९१ | ९११ | २८२० | १०९३५० | ११३६२९ | २२२९७९ |
| माध्यमिक (कक्षा ९–१२) | ५६२७ | २९८६४ | ५६६९ | २१५७१ | ८३ | २९५ | ११३७९ | ५१७३० | ६३१०९ |
| **जम्मा** | ७२५४५ | ११८४८२ | ४७१९० | ४३७६२ | ९९४ | ३११५ | १२०७२९ | १६५३५९ | २८६०८८ |

**स्रोत : आर्थिक सर्वेक्षण २०८०/८१**

आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार आ.व. २०७९/०८० मा विभिन्न विश्वविद्यालय र अन्तर्गतका क्याम्पसमा अध्ययन गरिरहेका विद्यार्थीको सङ्ख्या अघिल्लो आर्थिक वर्षको तुलनामा ८.४ प्रतिशतले बढेर ७ लाख ३९ हजार ९ सय ४१ पुगेको छ। आर्थिक वर्ष २०७८/७९ मा यस्तो सङ्ख्या २२.६ प्रतिशतले बढेर ६ लाख ८२ हजार ५ सय ८९ रहेको थियो। ११ विश्वविद्यालय र ३ प्रतिष्ठानका ७ लाख ३९ हजार ९ सय ४१ विद्यार्थीमध्ये ७९.४ प्रतिशत विद्यार्थी त्रिभुवन विश्वविद्यालय र अन्यमा २१.८ प्रतिशत विद्यार्थी अध्ययनरत छन्। विश्वविद्यालय अनुदान आयोगबाट २०८० फागुनसम्म गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (Quality Assurance & Accreditation) प्रमाणपत्र प्राप्त गर्ने उच्च शैक्षिक संस्थाको सङ्ख्या १०३ पुगेको छ। २०७९ फागुनसम्म यस्तो सङ्ख्या ८६ रहेको थियो।

### ८.२ स्वास्थ्य

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक, प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक, प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हकका साथै प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक प्रदान गरेको छ। यही संवैधानिक व्यवस्था एवम् क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मञ्चमा जनाइएको प्रतिबद्धताअनुरूप गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने कार्यमा सरकार क्रियाशील रहँदै आएको छ। यसै क्रममा सन् १९५३ मा नेपाल WHO को सदस्य राष्ट्रसमेत भएको छ।

योजनाबद्ध विकास प्रक्रियाको क्रममा स्वास्थ्य क्षेत्रमा भएका नीतिगत, कार्यक्रमगत, जनशक्ति विकास, औषधि उपकरण आपूर्ति र संस्थागत प्रयासबाट स्वास्थ्य सेवा प्रवाहमा समावेशी रूपमा भइरहेको सङ्ख्यात्मक र गुणात्मक विकासले जनसाधारणको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच बढेको छ। यसका अतिरिक्त निजी, सामुदायिक र गैरसरकारी क्षेत्र तथा स्थानीय तहबाट पनि स्वास्थ्य सेवामा थप योगदान पुगेको छ। नेपालमा सञ्चालित राष्ट्रिय खोप कार्यक्रमलगायत विविध खोप कार्यक्रम र सङ्क्रामक तथा असङ्क्रामक रोगसम्बन्धी सेवामा गुणात्मक र सङ्ख्यात्मक सुधार भएबाट हाल औसत आयु ७१.२ वर्ष पुगेको छ। कुल प्रजनन दर (प्रतिमहिला) २.१, नवजात शिशु मृत्युदर (प्रति १००० जीवित जन्मेको २८ दिनभित्र) २१, शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा जन्मेको एक वर्षभित्र) २८ रहेको छ।

यद्यपि दुर्गम जिल्ला/बस्ती र गरिबीको रेखामुनि रहेका र पिछडिएका वर्गको स्वास्थ्य सेवामा पहुँच सरल, सुलभ र व्यापक हुन सकेको छैन र स्वास्थ्य स्थितिमा अपेक्षाकृत रूपमा सुधार आउन सकेको छैन। सांस्कृतिक, लैङ्गिक, आर्थिक र सामाजिक व्यवधानहरूले गर्दा पनि उपलब्ध स्वास्थ्य सेवाहरू समतामूलक रूपमा प्रवाह हुन सकेका छैनन्।

२०८०/०८१ को आर्थिक सर्वेक्षणका अनुसार २०८० को फागुनसम्म देहायबमोजिमको स्वास्थ्य सेवा तथा जनशक्ति रहेको छ :

**तालिका नं. ८.४**
**स्वास्थ्य सेवा तथा जनशक्ति विवरण**

| | **विवरण** | **जम्मा** |
|---|---|---|
| १. | जम्मा स्वास्थ्य संस्था | ७८५८ |
| क) | अस्पताल | २१५ |
| ख) | प्राथमिक स्वास्थ्य केन्द्र | २०१ |
| ग) | स्वास्थ्य चौकी | ३८२० |
| घ) | आयुर्वेदिक औषधालय | ४२६ |
| ङ) | उपस्वास्थ्य चौकी/आधारभूत स्वास्थ्य सेवा केन्द्र | ३१९६ |
| २. | अस्पताल शय्या | १६५४१ |
| ३. | जम्मा जनशक्ति | १०२६८६ |
| क) | डाक्टर | ६२०१ |
| ख) | नर्स र अ.न.मी. | २७६९६ |
| ग) | कविराज | ६८४ |

| | | |
|---|---|---|
| घ) | वैद्य | ६९३ |
| ङ) | स्वास्थ्य सहायक (हे.अ., अ.हे.व.) | १५९८७ |
| च) | महिला स्वास्थ्य स्वयम्सेविका | ५१४२३ |

स्रोत : आर्थिक सर्वेक्षण, २०८०/८१

### ८.३ खेलकुद

व्यक्तिको शारीरिक तन्दुरुस्ती, सामाजिक, मानसिक र संवेगात्मक पक्षको सन्तुलित विकासमा खेलकुदको महत्त्वपूर्ण भूमिका रहन्छ। खेलकुद राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय पहिचान स्थापित गर्ने प्रमुख माध्यमको रूपमा रहिआएको छ। खेलकुदको विकास र विस्तार गरी स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गरी अन्तर्राष्ट्रिय जगत्मा राष्ट्रको सम्मान अभिवृद्धि गर्दै पहिचान स्थापित गर्ने लक्ष्य नेपालले लिएको छ।

नेपालमा खेलकुदसम्बन्धी गतिविधि तयार गर्ने सबैभन्दा ठुलो निकाय वा संस्थाका रूपमा राष्ट्रिय खेलकुद परिषद् (राखेप) रहेको छ। विधिवत् रूपमा नेपाली राष्ट्रिय खेलकुद परिषद् (राखेप) को स्थापना वि.सं. २०१७ साल फागुन १७ गते भएको थियो। २०१५ सालमा स्थापित राष्ट्रिय स्वास्थ्य तथा खेलकुद परिषद्को नाम परिवर्तन गरी राष्ट्रिय खेलकुद परिषद् वा छोटकरीमा राखेप राखिएको थियो। तर नेपालमा राखेपको गठन हुनुभन्दा अगाडिदेखि नै क्रिकेट, ब्याडमिन्टन, टेबलटेनिस, फुटबल, हकी तथा टेनिस जस्ता खेलकुदहरूका सङ्घको गठन भइसकेको थियो।

हाल नेपालको राष्ट्रिय खेलको मान्यता आधिकारिक रूपमा मिति २०७४ जेठ ८ गते सरकारले गरेको निर्णयानुसार भलिबल खेलले पाएको छ। यसअघि कपर्दी तथा डन्डिबियोलाई राष्ट्रिय खेलकुदको उपमा दिइए तापनि औपचारिक रूपमै घोषणा भने गरिएको थिएन।

### ८.३.१ नेपाल राष्ट्रिय खेलकुद

नेपाली खेलकुद जगत्को सबैभन्दा ठुलो खेलकुद महाकुम्भका रूपमा नेपाल राष्ट्रिय खेलकुदलाई लिन सकिन्छ। नेपाल राष्ट्रिय खेलकुदको सुरुवात वि.सं. २०३८ सालदेखि भएको थियो। यस प्रतियोगिता हरेक दुई-दुई वर्षको अन्तरालमा आयोजना गर्ने भनिए तापनि नेपालको आन्तरिक समस्याहरूका कारण त्यो सम्भव भने हुन सकेको छैन। त्यसैले राखेपले २०७९ सालसम्म आउँदा जम्मा नौओटा राष्ट्रिय खेलकुदका संस्करणहरू आयोजना गर्न सफल भएको छ।

#### (क) पहिलो संस्करण

नेपालको राष्ट्रिय खेलकुदको पहिलो संस्करण २०३८ साल भदौ २७ गतेदेखि असोज

४ गतेसम्म काठमाडौँको दशरथ रङ्गशालामा आयोजना भएको थियो । बागमती अञ्चलमा आयोजना भएको यस प्रथम राष्ट्रिय खेलकुद ९ दिनसम्म चलेको थियो । प्रतियोगितामा बागमती अञ्चल प्रथम, गण्डकी अञ्चल दोस्रो र कोशी अञ्चलले तेस्रो स्थान हासिल गरेका थिए ।

(ख) **दोस्रो संस्करण**

यो प्रतियोगिता २०४० चैत १२ गतेदेखि २० गतेसम्म पोखराको पोखरा स्पोर्टस् कम्प्लेक्समा सञ्चालन भएको थियो । यस प्रतियोगिताको उद्घाटन तत्कालीन राजा श्री ५ वीरेन्द्र शाहबाट भएको थियो । यस प्रतियोगितामा लोगोको रूपमा नेपालको राष्ट्रिय फूल लालीगुराँस राखिएको थियो । उक्त खेलमा बागमती अञ्चल प्रथम, गण्डकी अञ्चल दोस्रो र कोशी अञ्चलले तेस्रो स्थान हासिल गरेका थिए ।

(ग) **तेस्रो संस्करण**

यो प्रतियोगिता २०४२ फागुन २३ गते तत्कालीन नेपालका राजा श्री ५ वीरेन्द्र शाहले उद्घाटन गरी सम्पन्न भएको थियो भने यो प्रतियोगिताको उद्घाटन र समापन समारोह वीरगन्ज रङ्गशालामा भएको थियो । तेस्रो राष्ट्रिय खेलकुद प्रतियोगिताको लोगोका रूपमा बाघ राखिएको थियो र उक्त बाघको नाम बले राखिएको थियो । उक्त प्रतियोगितामा बागमती अञ्चल प्रथम, कोशी अञ्चल दोस्रो र नारायणी अञ्चलले तेस्रो स्थान हासिल गरेका थिए ।

(घ) **चौथो संस्करण**

यो प्रतियोगिता वि.सं. २०५५ चैत्र ८ देखि १४ सम्म नेपालगन्जमा सम्पन्न भएको थियो । विकास क्षेत्रअनुसार भएको यो पहिलो प्रतियोगिता हो । प्रतियोगितामा जम्मा ७ टिम सहभागी भएका थिए । मध्यमाञ्चल विकास क्षेत्र प्रथम, नेपाली सेना दोस्रो र नेपाल प्रहरी तेस्रो भएको थिए ।

(ङ) **पाँचौँ संस्करण**

यो प्रतियोगिता वि.सं. २०६५ चैत्र २४ देखि ३० सम्म काठमाडौँमा सम्पन्न भएको थियो । यो संस्करणमा क्षेत्रीय र खुला गरी दुई तरिकाबाट प्रतिस्पर्धा गराइएको थियो । जसअनुसार क्षेत्रीय प्रतियोगितातर्फ मध्यमाञ्चल विकास क्षेत्र प्रथम, एपिएफ दोस्रो र नेपाल प्रहरीले तेस्रो स्थान हासिल गरेका थिए । त्यस्तै, खुलातर्फ मध्यमाञ्चल विकास क्षेत्र प्रथम, एपिएफ दोस्रो र नेपाल प्रहरी तेस्रो स्थानमा रहेका थिए ।

(च) **छैटौँ संस्करण**

यो प्रतियोगिता वि.सं. २०६८ चैत्र १४-२१ सम्म सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको धनगढी र महेन्द्रनगरमा सम्पन्न भएको थियो । १० टिमको सहभागिता रहेको उक्त प्रतियोगितामा मध्यमाञ्चल विकास क्षेत्र प्रथम, नेपाल प्रहरी दोस्रो र सशस्त्र प्रहरी

बल नेपाल तेस्रो भएका थिए ।

**(छ) सातौँ संस्करण**

यो प्रतियोगिता पूर्वाञ्चल विकास क्षेत्रको विराटनगरमा वि.सं. २०७३ पौष ८ देखि १५ सम्म सम्पन्न भएको थियो । प्रतियोगितामा नेपाली सेना प्रथम, सशस्त्र प्रहरी बल नेपाल दोस्रो र नेपाल प्रहरीले तेस्रो स्थान हासिल गरेका थिए ।

**(ज) आठौँ राष्ट्रिय खेलकुद प्रतियोगिता**

बाँकेको नेपालगन्जमा २०७५ सालमा सम्पन्न भएको प्रतियोगिताका खेलहरू चैत २७ देखि सुरु भए पनि औपचारिक उद्घाटन भने वैशाख ५ गते भएको थियो । यस प्रतियोगितामा ३५ खेलमा पाँच हजारभन्दा बढी खेलाडी प्रतिस्पर्धी थिए । जसमा विभागीय टिमले शीर्ष तीन स्थान हासिल गऱ्यो । प्रतियोगितामा नेपाल आर्मी पहिलो, नेपाल पुलिस दोस्रो र सशस्त्र प्रहरी बल नेपाल तेस्रो भएका थिए । नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिता दुई वर्षभित्र गण्डकी प्रदेशमा आयोजना गर्ने निर्णय भएको थियो ।

**(झ) नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिता**

“एकताबद्ध देश, खेलकुदको सन्देश” भन्ने मूल नाराका साथ गण्डकी प्रदेशको पोखरामा २०७९ जेठ २२ देखि २८ गतेसम्म आयोजना गरिएको नेपाली खेलकुदको कुम्भ मेला नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिता सम्पन्न भएको थियो । प्रतियोगितामा सातवटा प्रदेशसहित नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी गरी तीन विभागीय र एक गैरआवासीय नेपाली सङ्घ (एनआरएन) गरी ११ टोलीबीच प्रतिस्पर्धा भएको थियो । प्रतियोगितामा ३६ खेलमा ६ हजारभन्दा बढी खेलाडी प्रतिस्पर्धी थिए । जसमा विभागीय टिमले शीर्ष तीन स्थान हासिल गऱ्यो । प्रतियोगितामा नेपाल आर्मी क्लब पहिलो, एपिएफ दोस्रो र नेपाल पुलिस क्लब तेस्रो भएका थिए । यस प्रतियोगिताको ट्रफी २०७९ भदौ ३१ गते प्रधानमन्त्रीनिवास बालुवाटारमा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले सार्वजनिक गरेका थिए । दशौँ राष्ट्रिय प्रतियोगिता २०८१ मंसिर २ देखि ९ सम्म कर्णाली प्रदेशमा गर्ने निर्णय गरेको छ ।

**तालिका नं. ८.५**

**नवौँ राष्ट्रिय खेलकुदको पदक तालिका**

| क्र.सं. | टिम | स्वर्ण | रजत | कांस्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | नेपाल आर्मी | १७२ | ११० | ८९ | ३७१ |
| २ | एपिएफ | ६५ | ७२ | ८२ | २१९ |
| ३ | नेपाल पुलिस क्लब | ६१ | ६१ | ७३ | १९५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | गण्डकी प्रदेश | ३२ | ३१ | ५७ | १२० |
| ५ | बागमती प्रदेश | २४ | ४७ | ७४ | १४५ |
| ६ | कोशी प्रदेश | १० | २३ | ५० | ८३ |
| ७ | सुदूरपश्चिम प्रदेश | १० | १० | ४३ | ६३ |
| ८ | एनआरएनए | १० | ९ | ७ | २६ |
| ९ | लुम्बिनी प्रदेश | ६ | २२ | ४० | ६८ |
| १० | मधेस प्रदेश | ५ | ८ | २६ | ३९ |
| ११ | कर्णाली प्रदेश | २ | ४ | १२ | १८ |

**स्रोत : राष्ट्रिय खेलकुद परिषद्**

### ८.३.२ नेपालका ठुला घरेलु खेलकुद प्रतियोगिताहरू

नेपाल राष्ट्रिय खेलकुद (बृहत्)
राखेप च्याम्पियनसिप (बृहत्)
सहिद स्मारक ए-डिभिजन लिग (फुटबल)
एन्फा कप (फुटबल)
एभरेस्ट प्रिमियर लिग (क्रिकेट)
धनगढी प्रिमियर लिग (क्रिकेट)
पोखरा प्रिमियर लिग (क्रिकेट)
एनभिए राष्ट्रिय लिग (भलिबल)
राष्ट्रिय ह्यान्डबल प्रतियोगिता (ह्यान्डबल)
राष्ट्रिय बुद्धिचाल प्रतियोगिता (बुद्धिचाल)
प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिता

### ८.३.३ नेपालको खेल सङ्ग्रहालय

काठमाडौँस्थित दशरथ रङ्गशालाको दक्षिणतर्फको प्याराफिट तल एउटा कोठामा नेपालकै पहिलो ओलम्पिक सङ्ग्रहालय रहेको छ । यो सङ्ग्रहालयको स्थापना २०५२ सालमा भएको थियो । यो सङ्ग्रहालय पछि २०५६ साल असोज महिनामा लगभग २ लाख ५० हजारको लागतमा नेपालकै पहिलो खेलकुद सङ्ग्रहालयका रूपमा स्थापना भएको थियो । यो सङ्ग्रहालयमा नेपाली खेल इतिहास दर्साउने अनेक खेल सामग्रीहरू रहेका छन् ।

### ८.३.४ अन्तर्राष्ट्रिय खेलकुदमा नेपालको सहभागिता

नेपालले अन्तर्राष्ट्रिय खेलकुदमा सन् १९५१ मा भारतको नयाँ दिल्लीमा भएको

प्रथम एसियाली खेलकुदबाट सहभागिता जनाएको थियो । यस्तै, नेपालका तर्फबाट अन्तर्राष्ट्रिय सहभागितामा पहिलो पटक पदक जित्ने खेलाडी जितबहादुर केसी हुन् । उनले सन् १९७३ मा फिलिपिन्सको मनिलामा आयोजना भएको पहिलो एसियन ट्र्याक एन्ड फिल्ड च्याम्पियनसिपमा कांस्य पदक जितेका थिए । नेपाललाई अन्तर्राष्ट्रिय प्रतियोगितामा स्वर्ण पदक जिताउने प्रथम खेलाडी भने बैकुण्ठ मानन्धर हुन् । उनले पहिलो दक्षिण एसियाली खेलकुदमा म्याराथनतर्फ नेपालका लागि पहिलो स्वर्ण पदक जितेका थिए ।

### ८.३.५ ओलम्पिक खेलमा नेपाल

नेपालले पहिलोपटक सन् १९६४ मा जापानको टोकियोमा भएको ओलम्पिक खेलदेखि ओलम्पिक खेलमा सहभागिता जनाउन सुरु गरेको हो । साथै, नेपालले सन् १९६८ सालमा मेक्सिकोमा भएको ओलम्पिक खेलबाहेक अहिलेसम्म सबै ओलम्पिक खेलमा सहभागिता जनाउँदै आएको छ । नेपालले उक्त ओलम्पिकमा बक्सिङ तथा म्याराथन गरी जम्मा दुई खेलमा मात्र सहभागिता जनाएको थियो । यस ओलम्पिकमा सुशीलशमशेर जबराको नेतृत्वमा रहेको नेपालका तर्फबाट म्याराथन दौडमा गङ्गाबहादुर थापा र भूपेन्द्र केसीले सहभागिता जनाएका थिए भने बक्सिङ खेलमा नामसिंह थापा, रामप्रसाद गुरुङ र ओमप्रसाद पुनले सहभागिता जनाएका थिए ।

सन् १९८८ को सियोल ओलम्पिकमा प्रदर्शनी खेल तेक्वान्दोमा विधान लामाले कांस्य पदक जितेका थिए । तर, यो पदक ओलम्पिक खेलको पदक तालिकामा गणना नहुने हुँदा नेपाल ओलम्पिक खेलमा सहभागितामा मात्र सीमित रहन पुगेको छ । तर नेपाली खेलाडीले ओलम्पिकका खेलहरूमा अनेक राष्ट्रिय कीर्तिमान कायम गर्न भने सफल भएका छन् ।

### ८.३.६ दक्षिण एसियाली खेलकुदमा नेपाल

वास्तवमा नेपाली खेलाडीहरूले आफ्नो खेल कौशल प्रदर्शन गर्ने प्रमुख बृहत् खेलकुद प्रतियोगिता नै दक्षिण एसियाली खेलकुद र साग गेम हो । नेपाल दक्षिण एसियाली खेलकुदमा आफ्नै किसिमको पहिचान बनाउन सफल भइसकेको छ । नेपाली खेलाडीहरूले दक्षिण एसियाली खेलकुद क्षेत्रमा अनेक कीर्तिमानसमेत राख्न सफल भएका छन् । कुनै पनि बृहत् खेलकुदको सर्वाधिक महत्त्वपूर्ण तथा ठुलो स्वर्ण पदकका रूपमा लिइने फुटबल खेलतर्फको स्वर्ण पदक नेपाली पुरुष टिमले तीन पटक जितिसकेको छ । तर, महिला टिमले लगातार फाइनलमा स्थान बनाए पनि फाइनलमा भारतसँग पराजित हुँदै रजत पदकमा चित्त बुझाउनुपरेको थियो ।

नेपालले हालसम्म तीन पटक दक्षिण एसियाली खेलकुदको सफल आयोजना गरिसकेको छ । सन् १९८४ मा भएको पहिलो साफको संस्करणमा नेपालले




१३औं दक्षिण एसियाली खेलकुद उद्घाटन, काठमाडौं

४ स्वर्णसहित कुल २४ पदक जित्न सफल भएको थियो । उक्त साफमा म्याराथनका खेलाडी बैकुण्ठ मानन्धरले नेपाली खेलकुद जगत्मा नै पहिलो अन्तर्राष्ट्रिय स्वर्ण पदक जित्न सफल भएका थिए । साथै, नेपाली राष्ट्रिय फुटबल टिमले फुटबलतर्फको महत्त्वपूर्ण स्वर्ण हात पार्दा नेपालले दुई स्वर्ण बक्सिङ खेलबाट जितेको थियो । यस साफ गेममा नेपालले स्वर्ण पदकबाहेक १२ रजत पदक तथा ८ कांस्य पदक जितेको थियो र सात देश सहभागी पदक तालिकामा चौथो स्थानमा रहन सफल भएको थियो ।

यस्तै, नेपालले दोस्रो पटक सन् १९९९ मा आठौं साफ खेलकुदको आयोजना गरेको थियो । यो साग गेम नेपालका लागि सुखद तथा उत्कृष्ट साग गेम हो । जसमा नेपालले अपेक्षा गरेको भन्दा बढी सफलता प्राप्त गरेको थियो । आयोजक नेपालले यस साग गेममा सर्वाधिक ३१ स्वर्ण पदक जित्न सफल भएको थियो, जबकि नेपालले यो सागमा जम्मा १५ स्वर्ण पदकको मात्र अपेक्षा गरेको थियो । नेपालका लागि ऐतिहासिक रहेको यस साग गेममा नेपालले ३१ स्वर्ण पदक, १० रजत पदक र २४ कांस्य पदकसहित कुल ६५ पदक जितेको थियो । यसै साग गेममा नेपाल पहिलो पटक स्वर्ण पदकको आधारमा प्रतियोगिताको अन्तिम पदक तालिकाको दोस्रो स्थानमा रहन सफल भएको थियो ।

यस्तै, नेपालले तेस्रो पटक सन् २०१९ मा तेह्रौं साग खेलकुदको आयोजना गरेको थियो । यो साग गेम नेपालका लागि अहिले सम्मकै सुखद तथा उत्कृष्ट साग गेम हो । जुन साग गेममा नेपालले अपेक्षा गरेकोभन्दा बढी सफलता प्राप्त गरेको थियो । आयोजक नेपालले यस साग गेममा सर्वाधिक ५१ स्वर्ण पदक जित्न सफल भएको

थियो । नेपालका लागि ऐतिहासिक रहेको यस साग गेममा नेपालले ५१ स्वर्ण पदक, ६० रजत पदक र ९६ कांस्य पदकसहित कुल २०७ पदक जितेको थियो । यसै साग गेममा नेपाल स्वर्ण पदकको आधारमा प्रतियोगिताको अन्तिम पदक तालिकाको दोस्रो स्थानमा रहन सफल भएको थियो । नेपाललाई पहिलो पदक दिलाउने खेलाडी चन्चला दुनुवार कराँते, पहिलो स्वर्ण पदक दिलाउने मण्डेकाजी श्रेष्ठ कराँते, सबैभन्दा बढी ४ स्वर्ण पदक दिलाउने गौरिका सिंह पौडीका खेलाडी हुन् ।

**तालिका नं. ८.६**
**दक्षिण एसियाली खेलकुदमा नेपाल**
(**सन् १९८४ देखि सन् २०१९ सम्म**)

| वर्ष | आयोजक | स्वर्ण | रजत | कांस्य | स्थान |
|---|---|---|---|---|---|
| १९८४ | नेपाल | ४ | १२ | ८ | चौथो |
| १९८५ | बङ्गलादेश | १ | ९ | २२ | पाँचौं |
| १९८७ | भारत | २ | ७ | ३३ | पाँचौं |
| १९८९ | पाकिस्तान | १ | १० | २१ | पाँचौं |
| १९९१ | श्रीलङ्का | २ | ८ | २९ | पाँचौं |
| १९९३ | बङ्गलादेश | १ | ६ | १५ | पाँचौं |
| १९९५ | भारत | ४ | ८ | १६ | पाँचौं |
| १९९९ | नेपाल | ३१ | १० | २४ | दोस्रो |
| २००४ | पाकिस्तान | ७ | ६ | २० | चौथो |
| २००६ | श्रीलङ्का | १५ | १४ | ३१ | चौथो |
| २०१० | बङ्गलादेश | ८ | ९ | १९ | पाँचौं |
| २०१६ | भारत | ३ | २३ | ३४ | छैटौं |
| २०१९ | नेपाल | ५१ | ६० | ९६ | दोस्रो |

स्रोत : राष्ट्रिय खेलकुद परिषद्

## ८.४ खानेपानी तथा सरसफाइ

राष्ट्रिय योजना आयोगका अनुसार नेपाल सरकारले “दिगो विकासका लक्ष्यहरू, सन् २०१५-२०३०” अनुरूप सन् २०३० सम्म ९९ प्रतिशत जनसङ्ख्यालाई आधारभूत स्तरको खानेपानी र सरसफाइ सेवा उपलब्ध गराउने लक्ष्य लिएको छ । सरकारी क्षेत्रको प्रयासबाट मात्र उक्त लक्ष्य हासिल गर्न नसकिने भएकाले सरकार,

स्थानीय तह, समुदाय, उपभोक्ता तथा गैरसरकारी सङ्घ-संस्थाहरूले एकीकृत तथा समन्वयात्मक रूपमा कार्य गर्नु आवश्यक रहेको छ। साथै, कार्यक्रम सञ्चालन गर्दा खानेपानी र सरसफाइ कार्यक्रमलाई एकआपसमा आबद्ध गरी कार्यान्वयनमा लैजानुपर्ने देखिन्छ ।

आर्थिक सर्वेक्षण २०८०/०८१ को अनुसार २०८० फागुनसम्म आधारभूत खानेपानी पहुँच पुगेको जनसङ्ख्या ९६.७५ प्रतिशत र उच्चमध्यमस्तरको खानेपानी पहुँच २७.७६ प्रतिशत जनसङ्ख्यामा पुगेको छ। आधारभूत सरसफाइको पहुँच ९५.५० प्रतिशत जनसङ्ख्यामा पुगेको छ ।

खानेपानीको क्षेत्रमा बहुनिकाय क्रियाशील रहेका छन्। खानेपानीको गुणस्तर तथा सेवास्तर वृद्धि गर्न सहरी तथा अर्धसहरी क्षेत्रमा उपभोक्ताहरूको सहलगानीमा आयोजनाहरू कार्यान्वयनमा रहेका छन्। सम्बद्ध निकाय र सरोकारवालाहरूसँगको सहकार्य र सहभागितामा पूर्ण सरसफाइ कार्यक्रम सञ्चालन गरी खुला दिशामुक्त क्षेत्र विकास गर्दै लैजाने एकल सरसफाइ कार्यक्रम सुरु गरिएको पाइन्छ भने बागमती नदी सफाइले महाअभियानको रूप लिई देशभरका नदीनाला सफा राख्ने सन्देश दिएको देखिन्छ ।

## ८.५ यातायात

### ८.५.१ सडक यातायात


कर्णाली पुल

यातायात आर्थिक विकास, सार्वजनिक सेवा प्रवाह र सामाजिक एकीकरणको माध्यम हो । विकासको आधारभूत पूर्वाधारको रूपमा रहेका यातायातका साधनहरू राष्ट्रिय गौरवका आयोजनाका माध्यमबाट क्षेत्रीय असमानता कम गर्न, आर्थिक क्रियाकलापलाई गतिशीतला प्रदान गर्न र अन्य क्षेत्रको विकास तथा सेवा प्रवाहलाई सहज बनाउन सकिने उपयुक्त माध्यम हो । हालसम्म

नेपालमा सडकलाई यातायातको मुख्य माध्यमको रूपमा लिइँदै आएको भए तापनि हवाईमार्ग, रेलमार्ग, जलमार्ग, रज्जुमार्गजस्ता अन्य माध्यमहरूको विकासबाट पनि पर्याप्त फाइदा लिन सकिने सम्भावना रहेको छ ।

**तालिका नं. ८.७**
**नेपालका राष्ट्रिय राजमार्गहरू**

| क्र.सं. | राजमार्ग सङ्केत | सडकको नाम | लम्बाइ कि.मि. |
|---|---|---|---|
| १. | NH01 | पूर्व–पश्चिम (महेन्द्र) राजमार्ग | १०२८ |
| २. | NH02 | केचना–चन्द्रगढी–ताप्लेजुङ–ओलाङचुङगोला (मेची राजमार्ग) | ३५२ |
| ३. | NH03 | पुष्पलाल (मध्य पहाडी) राजमार्ग | १७८७ |
| ४. | NH04 | बिर्तामोड–मेची पुल | १५ |
| ५. | NH05 | हुलाकी राजमार्ग | १०१६ |
| ६. | NH06 | चतरा–गणेशचोक (तमोर करिडोर) | १३५ |
| ७. | NH07 | पकली–नदाहा कोशीपुल चतरा | ६६ |
| ८. | NH08 | रानी–किमाथाङ्का (कोशी राजमार्ग) | ३२० |
| ९. | NH09 | बाहुनडाँगी–जोगबुढा–रूपाल (मदन भण्डारी राजमार्ग) | १२०० |
| १०. | NH10 | देउराली–बोहराटार | ९२ |
| ११. | NH11 | फिकल–छबिसे, इलाम | १९ |
| १२. | NH12 | घुर्मी–चतरा–उदयपुर | १६३ |
| १३. | NH13 | बर्दिवास–धुलिखेल (बि.पी. राजमार्ग) | १६० |
| १४. | NH14 | गाईघाट–बसाहा उदयपुर | १०० |
| १५. | NH15 | ग्वार्को–दाहालटार | १२८ |
| १६. | NH16 | ठाँडी–सोलु | १४४ |
| १७. | NH17 | नौबिसे–मुग्लिन–पोखरा (पृथ्वी राजमार्ग) | १७३ |
| १८. | NH18 | बालाजु–स्याफ्रुबेसी | ६५ |
| १९. | NH19 | रिडी–सुर्खेत सडक | २२० |
| २०. | NH20 | माडर–सल्लेरी | १९३ |
| २१. | NH21 | सितापाइला–धार्के | २४ |
| २२. | NH22 | ढल्केवर–अकराहरघाट | ४८ |
| २३. | NH23 | दित्केल–खाडीचौर | २९१ |



सुनकोशी किनार क्षेत्रमा बिपी राजमार्ग

| क्र.सं. | राजमार्ग सङ्केत | सडकको नाम | लम्बाइ कि.मि. |
|---|---|---|---|
| २४. | NH24 | लालगड–बाहुनमारा–बि.पी. राजमार्ग | २९ |
| २५. | NH25 | डुम्रे–बेसीसहर–चामे | १०८ |
| २६. | NH26 | जमुनिवास–कुर्था–जनकपुर | १९ |
| २७. | NH27 | शीतलपाटी सल्यान कुभिन्डे बालुवा सङ्ग्रही | ४० |
| २८. | NH28 | भिट्टामोड–लामाबगर–लाप्चेगाउँ | २८१ |
| २९. | NH29 | कञ्चनवन–रामलक्ष्मणचोक–हेल्थपोस्ट महेन्द्र राजमार्ग | ३० |
| ३०. | NH30 | जनकपुर (मुजेलिया)–पथरा–म.रा.मा. पुष्पलपुर | ३६ |
| ३१. | NH31 | दोलालघाट–चौतारा | २५ |
| ३२. | NH32 | नवलपुर–मलंगवा–सोनवर्षा | ३० |
| ३३. | NH33 | निजगढ–काठमाडौँ | ७६ |
| ३४. | NH34 | काठमाडौँ–धुलिखेल–कोदारी (अरनिको राजमार्ग) | ११२ |
| ३५. | NH35 | पिलुहवा मानमत–कलैया–मर्टिहवा | २५ |
| ३६. | NH36 | चन्द्रपुर–गौर | ४५ |
| ३७. | NH37 | हेटौँडा–एकान्तकुना (कान्ती राजपथ) | ८६ |
| ३८. | NH38 | काठमाडौँ बाहिरी चक्रपथ | ६८ |
| ३९. | NH39 | काठमाडौँ चक्रपथ | २७ |

| क्र.सं. | राजमार्ग सङ्केत | सडकको नाम | लम्बाइ कि.मि. |
|---|---|---|---|
| ४०. | NH40 | सामाखुसी–विदुर | २६ |
| ४१. | NH41 | सिर्सिया–काठमाडौँ (त्रिभुवन राजपथ) | १५५ |
| ४२. | NH42 | ठोरी–रसुवागढी | १९७ |
| ४३. | NH43 | मलेखु–सल्यानटार | ५७ |
| ४४. | NH44 | ठोरी–सिर्दिवास–रोइला भञ्ज्याङ | ३०० |
| ४५. | NH45 | खैरनीटार–भिमाद–कावासोती | १०६ |
| ४६. | NH46 | भुमही–परासी | ९ |
| ४७. | NH47 | बेलहिया–स्याङ्जा–पोखरा (सिद्धार्थ राजमार्ग) | १८४ |
| ४८. | NH48 | तानसेन–रिडी–कोरला | २५४ |
| ४९. | NH49 | वर्तुङ–वामीटक्सार खर्वाङ | ९८ |
| ५०. | NH50 | जितपुर–तौलिहवा–खुनुवा | ३० |
| ५१. | NH51 | तौलिहवा–गोरुसिंगे–सन्धिखर्क | ८३ |
| ५२. | NH52 | कऋहवा(भारत सिमा)–ढोरपाटन | २२२ |
| ५३. | NH53 | भालुवाङ–लिवाङ–दारबोट | १३० |
| ५४. | NH54 | कोइलावास–लमही–लुकुम (सहिद मार्ग) | २११ |
| ५५. | NH55 | अमेलिया–थारमारे–मुसीकोट (राप्ती राजमार्ग) | १६९ |
| ५६. | NH56 | थारमारे–मुगु–रारा (रारा राजमार्ग) | २६३ |
| ५७. | NH57 | छिन्चु–तिन्जे–मरिम (भेरी करडिोर) | ३१७ |
| ५८. | NH58 | जमुनाहा–खुलालु–हिल्सा (कर्णाली राजमार्ग) | ५३८ |
| ५९. | NH59 | मर्तिया (भारतीय सीमा)–बयुली नागमा सडक | १५४ |
| ६०. | NH60 | सुर्खेत–गमगढी–नाक्चेलाग्ना | ३०२ |
| ६१. | NH61 | सुर्खेत तल्लो डुङ्गेश्वर–नाग्मा–जुम्ला सडक | १६८ |
| ६२. | NH62 | खकरौला–साँफेबगर–जैनपर | २२८ |
| ६३. | NH63 | साँफेबगर–मार्तडी–कोल्टी | १११ |
| ६४. | NH64 | खोड्पे–चनपुर (बझाङ) | १०८ |

| क्र.सं. | राजमार्ग सङ्केत | सडकको नाम | लम्बाइ कि.मि. |
|---|---|---|---|
| ६५. | NH65 | खुटिया–दीपायल–उरैभञ्ज्याङ | २९६ |
| ६६. | NH66 | धनगढी–दार्चुला–टिङ्कर | ३५० |
| ६७. | NH67 | चाँदनी–पञ्चेश्वर–झुलाघाट | २०१ |
| ६८. | NH68 | भिमाद–मित्याल–आरुङ खोला | ८० |
| ६९. | NH69 | जगत् भञ्ज्याङ–चापाकोट–गजरकोट सडक, स्याङ्जा | ४२ |
| ७०. | NH70 | सेती दोभान–आरुचार घण्टे देउराली, स्याङ्जा | ४६ |
| ७१. | NH71 | भालुवाङ–खनदह–खरवाङ | १७० |
| ७२. | NH72 | दुम्कीबास–बहुवन–त्रिवेणी | २३ |
| ७३. | NH73 | सुरुङ्गा–टंगानडुब्बा हुँदै लसुनगन्ज, झापा | २५ |
| ७४. | NH74 | इलाम (बिप्लाटे)–माइपोखरी–सन्दकपुर, इलाम | ५० |
| ७५. | NH75 | स्वर्ण सागरमाथा बृहत् चक्रपथ (ओखलढुङ्गा–सोलु–सल्लेरी – खोटाङ– दिक्तेल–ओखलढुङ्गा) | १३५ |
| ७६. | NH76 | दमक–चिसापानी–रवि | ४४ |
| ७७. | NH77 | भरतपुर महानगरीय बृहत् चक्रपथ | १०५ |
| ७८. | NH78 | दमक न.पा. चक्रपथ | १०० |
| ७९. | NH79 | गोदार (धनुषा) चिसापानी–दुधाली, सिन्धुली | २० |
| ८०. | NH80 | महेन्द्र राजमार्ग बस्तीपुरचौक (सिरहा)–कटारी, उदयपुर | ३० |
|  |  | जम्मा | १४९१३ |

स्रोत : सडक विभाग

**काठमाडौँबाट विभिन्न जिल्लाका सदरमुकाम र अन्य केही स्थानको सडक दूरी**

काठमाडौँदेखि विभिन्न जिल्लाका सदरमुकामको सडक दूरी तालिका ८.८ मा प्रस्तुत गरिएको छ । यसअनुसार काठमाडौँबाट सडक दूरीको दृष्टिकोणले सबैभन्दा टाढाको जिल्ला सदरमुकाम बाजुरा जिल्लाको सदरमुकाम मार्तडी (९७२.९३ किलोमिटर) हो भने त्यसपछिका सबैभन्दा टाढाका जिल्ला सदरमुकामहरूमा क्रमशः दार्चुला जिल्लाको दार्चुला (९६०.८६ किलोमिटर), अछाम जिल्लाको सदरमुकाम मङ्गलसेन (९३८. १६ किलोमिटर), बझाङको चैनपुर (९०३.४८ किलोमिटर) र मुगुको गमगढी (८९३.८ किलोमिटर) हुन् । यसैगरी काडमाडौँबाट सडक दूरीको दृष्टिकोणले जुम्ला जिल्लाको सदरमुकाम जुम्लाखलङ्गा ८१७.८ किलोमिटर टाढा छ भने ताप्लेजुङ जिल्लाको सदरमुकाम ताप्लेजुङ ८३५.३ किलोमिटर टाढा रहेको छ ।

**तालिका ८.८**

**केन्द्रीय राजधानी काठमाडौँबाट प्रादेशिक राजधानीहरूको सडक दूरी (किलोमिटरमा)**

| क्र. सं. | प्रदेशको नाम | जिल्ला | राजधानी | सडक दूरी |
|---|---|---|---|---|
| १ | कोशी | मोरङ | विराटनगर | ५४८.७७ |
| २ | मधेस | धनुषा | जनकपुर | ३८१.८२ |
| ३ | बागमती | मकवानपुर | हेटौँडा | २२१.०१ |
| ४ | गण्डकी | कास्की | पोखरा | १९८.५५ |
| ५ | लुम्बिनी | रूपन्देही | बुटवल | २५९.४४ |
| ६ | कर्णाली | सुर्खेत | वीरेन्द्रनगर | ५८०.४१ |
| ७ | सुदूरपश्चिम | कैलाली | धनगढी | ६६४.४२ |

स्रोत : नेपाल परिचय, २०८०

पछिल्लो दशकमा सडकको विकास एवम् विस्तारमा उल्लेख्य उपलब्धि हासिल भएको छ । २०८० फागुनसम्म १८,२४१ किलोमिटर कालोपत्रे, ७,६९७ किलोमिटर खण्डास्मित र ८,३२९ किलोमिटर कच्ची सडक गरी हालसम्म संघीय सरकारबाट निर्माण भएको सडकको लम्बाइ ३४,२६७ किलोमिटर पुगेको छ । कुल सडकमध्ये कालोपत्रे ५३.२ प्रतिशत, खण्डास्मित २२.५ प्रतिशत र कच्ची सडक २४.३ प्रतिशत रहेको छ । २०८० असारसम्म सडकको कुल लम्बाइ ३४,२३९ किलोमिटर रहेको थियो । आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म १८९ किलोमिटर सडक कालोपत्रे स्तरमा र १९० किलोमिटर सडक खण्डास्मित स्तरमा स्तरोन्नति भएको छ भने २८ किलोमिटर थप नयाँ सडक निर्माण भएको छ । साथै, ७,८२१ किलोमिटर सडकको नियमित तथा पटके मर्मत भएको छ भने ९९ किलोमिटर सडकको आवधिक मर्मत सम्पन्न भएको छ । यस अवधिमा ६७ सडक पुल निर्माण भएका छन् ।

### ८.५.२ हवाई यातायात

नेपालको भौगोलिक अवस्थिति र भूधरातलीय स्वरूपका कारण आन्तरिक एवम् बाह्य सम्पर्कका लागि सर्वाधिक भरपर्दो माध्यम हवाई यातायात रहेको छ । भौतिक पूर्वाधारहरू तथा आधुनिक प्रविधिको प्रयोग गरी छोटो र लामो दूरीको हवाई सेवा सञ्चालन गर्न सक्ने विमानस्थलहरूको विकास गरी अन्तर्राष्ट्रिय मापदण्डअनुरूप उड्डयन एवम् हवाई सुरक्षालाई सुनिश्चित गर्दै सुरक्षित, सुलभ, मितव्ययी, बजारमुखी, भरपर्दो, एवम् प्रभावकारी हवाई यातायातको माध्यमबाट पर्यटन र व्यापार प्रवर्द्धनमा सहयोग पुऱ्याउन निजी क्षेत्रको समेत संलग्नतामा हवाई यातायातको विकास सुरु भएको थियो ।

नेपालमा सन् १९४९ मा हवाई यातायातको सुरुवात भारतीय राजदूत श्री शरतसिंह महाथिया चढेको ४ सिटे lone powered vintage beach-craft Bonanza वायुयान गौचरमा अवतरण गरी भएको थियो। सन् १९५० मा Himalayan Aviation Dakota ले पहिलो Charter flight गौचरदेखि कोलकातासम्म गरेको थियो। सन् १९५५ मा राजा महेन्द्रले गौचर विमानस्थलको उद्घाटन गर्नुभएको थियो। घाँसे मैदानलाई Concrete ले कालोपत्रे गरी विमानस्थलहरूको नियमन तथा विकासका लागि नेपाल नागरिक उड्डयन प्रधिकरण सन् १९५७ मा स्थापना भई सन् १९९८ मा स्वायत्त संस्था घोषणा भएको थियो। विमानस्थलहरूको नियमनका लागि गैरसैनिक हवाइ उडान ऐन, २०१५ लागू भएको थियो। नेपाल नागरिक उड्डयन प्राधिकरणले विमानस्थल तथा विमान सञ्चालकहरू दुवैको नियमन गर्दै आइरहेको छ। सन् १९६० मा नेपाल International Civil Aviation Organization (ICAO) को सदस्य राष्ट्र भएको थियो। नेपाल वायुसेवा निगम ऐन, २०१९ लागू भई सन् १९५८ मा नेपालको ध्वजावाहक नेपाल वायुसेवाको स्थापना भएको थियो। सन् १९६४ मा त्रिभुवन विमानस्थललाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नामकरण गरियो। सन् १९६७ मा ३७५० फिट लामो धावनमार्गलाई ६६०० फिटमा स्तरोन्नति गरियो। सन् १९६७ मा जर्मन वायुयान Lufthansa Boeing 707 अवतरण भएको थियो। नेपाली जेट वायुयान Boeing 727/100 ले प्रथम पटक त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सन् १९७२ मा अवतरण गरेको थियो। भारतीय प्राविधिकहरूबाट उपलब्ध हुँदै आइरहेको ATC सेवा सोही वर्षदेखि नेपाल आफैँले गरेको थियो।

**तालिका नं. ८.९**

**नागरिक उड्डयनसम्बद्ध प्रमुख सूचकहरू**

| सूचक | २०८० |
|---|---|
| नेपाल आउने अन्तर्राष्ट्रिय विमान कम्पनीको सङ्ख्या | ३१ |
| दुई पक्षीय हवाई सम्झौता भएका मुलुकको सङ्ख्या | ४१ |
| आन्तरिक उडान गर्ने वायुसेवा कम्पनी | २२ |
| सबै मौसममा सञ्चालन हुन सक्ने कालोपत्रे भएका विमानस्थलको सङ्ख्या | ४१ |
| विमानमा उपलब्ध सिट क्षमता (लाखमा) | ८७.५५ |
| अन्तर्राष्ट्रिय विमानस्थलको सङ्ख्या | ३ |
| सञ्चालनमा रहेका कुल विमानस्थलको सङ्ख्या | ३३ |

स्रोत : आर्थिक सर्वेक्षण २०८०/८१

### ८.५.३ रेल यातायात

सामाजिक, आर्थिक विकास, सामाजिक समायोजन र सेवा विस्तार एवम् पहुँचका साथै देशको समग्र आर्थिक समुन्नतिको अभिन्न अङ्गका रूपमा रेल्वे क्षेत्रको पहिचान भएको छ। विगतमा कमै प्राथमिकतामा रहने गरेको र नगन्य सुविधा भएको भनिए तापनि रेल्वे सेवाको महत्त्व आकलन भई पूर्व (मेची) पश्चिम (महाकाली), काठमाडौँ-पोखरा-तराई, भारत सीमाबाट महत्त्वपूर्ण औद्योगिक व्यापारिक सहर र क्षेत्रहरूमा रेल सेवा सञ्चालन गर्ने, चीन (तिब्बत) बाट काठमाडौँ रेल्वे सेवा निर्माण विस्तारका साथै खस्कँदो अवस्थामा रहेको जनकपुर-जयनगर रेल सेवाको सुदृढीकरण गर्ने कार्यलाई अगाडि बढाउने स्पष्ट सोच बनेको छ।

सन् १९२३ मा नेपालको राणा प्रधानमन्त्रीद्वारा वन विभागको प्रशासनिक व्यवस्था गर्न तोकिएका भारतीय वन सेवाका जे.भी. कोलिएरले नेपाली टिम्बर भारतमा ढुवानी गर्नका लागि Short Narrow Gauge रेलको निर्माण गरेका थिए। ब्रिटिसहरूले नेपालमा सन् १९२७ मा २ फिट ६ इन्च (७६२ मिलि मि.) Narrow Gauge पहिलो रेलको निर्माण गरेका थिए। सो रेल ब्रिटिस इन्डियाको रक्सौलदेखि नेपालको अम्लेखगन्जसम्म जडान भएको थियो। सन् १९३७ मा ब्रिटिसले नेपालमा दोस्रो रेल जनकपुरदेखि जयनगरसम्म निर्माण गरेका थिए।

आर्थिक सर्वेक्षण २०८०/०८१ अनुसार पूर्व-पश्चिम विद्युतीय रेलमार्गअन्तर्गत बर्दिवास-निजगढ खण्डमा २०८० फागुनसम्म ६३ किलोमिटर ट्र्याक बेड र १३ रेल्वे पुल निर्माण सम्पन्न भएको छ। अन्तर्देशीय रेलमार्गअन्तर्गत जयनगर-जनकपुर-बिजलपुरा ५२ किलोमिटर रेलसेवा सञ्चालन भएको छ। जोगबनीदेखि विराटनगरसम्म १० किलोमिटर रेलमार्ग निर्माण भई हाल भारतको बथनाहाबाट नेपालको विराटनगर कस्टम यार्डसम्म कार्गो रेल सञ्चालन भइरहेको छ।

## ८.६ ऊर्जा

नेपालले विद्युत् ऊर्जाको क्षेत्रमा अनुभव सँगालेको एक शताब्दी बितेको छ। वि.सं. १९६८ जेठ ९ मा ५०० किलोवाटको फर्पिङ जलविद्युत् केन्द्रबाट नेपालको विद्युत् विकासको यात्रा सुरु भएको हो। आठौँ पञ्चवर्षीय योजनासम्म मुख्य रूपमा सरकारी क्षेत्रको मात्र संलग्नता पाइएको यस क्षेत्रले नयाँ विद्युत् ऐन, २०४९ सँगै निजी क्षेत्रलाई समेत संलग्न गराएको छ। विद्युत् उत्पादनको साथसाथै वितरणलाई पनि व्यवस्थापन गर्न विद्यमान प्रसारण प्रणाली तथा वितरण प्रणालीको संरचनामा सुधार तथा विस्तार, प्रसारण आयोजनाहरूका लागि जग्गा, बाह्य बजार व्यवस्थापनका लागि राष्ट्रिय ग्रिडको विस्तार तथा सुदृढीकरण अपेक्षित रूपमा अगाडि बढ्न सकेको छैन। नेपाल-भारत पहिलो अन्तरदेशीय उच्च भोल्टेज प्रसारण लाइन निर्माण सम्पन्न भई देशभित्रका निर्माणाधीन जलविद्युत् तथा प्रसारण आयोजनाहरूको निर्माण कार्य तदारुकताका साथ अगाडि बढाउँदै आइएको छ।



नेपालको पहिलो विद्युत् गृह, फर्पिङ काठमाडौं

नेपालको समग्र विकास र समृद्धिका लागि जलस्रोतको उपयोग एक मात्र दिगो आधारको रूपमा स्थापित भएको छ। जलविद्युत् क्षेत्रमा निजी लगानीकर्ता तथा पुँजी बजारको आकर्षण बढ्दै गएको अवस्थामा यस क्षेत्रमा लगानीको सम्भावना बढ्न गई थप आयोजनाहरू निर्माणमा सहयोग पुग्ने देखिएको छ। जलविद्युत् उत्पादनको प्रचुर सम्भावना र विद्युत् खपतका लागि आन्तरिक बजार यथेष्ट मात्रामा उपलब्ध रहेको तथा निर्यातको सम्भावनासमेत रहेको अवस्थामा यस क्षेत्रलाई देशको ऊर्जा अभाव हटाउँदै आर्थिक विकासको भरपर्दो आधारको रूपमा स्थापित गर्नु अपरिहार्य भएको छ।

**तालिका नं. ८.१०**

**नेपालमा सञ्चालनमा रहेका १ मेगावाटभन्दा ठूला आयोजनाहरू**

| क्र.सं. | परियोजना | क्षमता (मेगावाट) | नदी | जारी मिति | मान्य अवधि |
|---|---|---|---|---|---|
| १ | खानी खोला-१ | ४०.००० | खानी खोला | २०६८-०१-२८ | २१०३-०१-२७ |
| २ | राहुघाट | ४०.००० | राहुघाट | २०६८-०४-०३ | २१०३-०४-०२ |
| ३ | ताडी खोला | ५.००० | ताडी खोला | २०६८-०६-०४ | २१०३-०६-०३ |
| ४ | सान्जेन | ४२.५०० | सान्जेन | २०६८-०८-१२ | २१०४-०८-११ |
| ५ | माथिल्लो मैलुङ-ए | ६.४२० | मैलुङ खोला | २०६८-०९-११ | २१०३-०९-१० |
| ६ | काबेली-ए | ३७.६०० | काबेली खोला | २०६९-०५-२१ | २१०४-०५-२० |

| क्र.सं. | परियोजना | क्षमता (मेगावाट) | नदी | जारी मिति | मान्य अवधि |
|---|---|---|---|---|---|
| ७ | रसुवागढी | १११.००० | भोटेकोशी | २०६९-०८-२१ | २१०५-०८-२० |
| ८ | जुनबेसी | ५.२०० | जुनबेसी | २०६९-०९-२० | २१०४-०९-१९ |
| ९ | खोरुङ्गा खोला | ४.८०० | खोरुङ्गा खोला | २०६९-१२-२९ | २१०४-१२-२८ |
| १० | गेलुन खोला एचपिपी | ३.२०० | गेलुन | २०७०-०२-०६ | २१०५-०२-०५ |
| ११ | खानी खोला (दोलखा) | ३०.००० | खानी खोला | २०७०-०२-१० | २१०५-०२-०९ |
| १२ | मध्य मिदिम | ३.१०० | मिदिम खोला | २०७०-०४-१० | २१०५-०४-०९ |
| १३ | माथिल्लो त्रिशूली थ्री-बी | ३७.००० | त्रिशूली | २०७०-०४-२७ | २१०६-०४-२६ |
| १४ | पराजुली खोला-१ | २.१५० | पराजुली खोला | २०७०-०५-०३ | २१०५-०५-०२ |
| १५ | लोहारे खोला | ४.२०० | लोहारे खोला | २०७०-०६-०८ | २१०६-०६-०७ |
| १६ | सलाङ्खु खोला | २.५०० | सलाङ्खु | २०७०-०७-०५ | २१०५-०७-०४ |
| १७ | मध्य भोटेकोशी | १०२.००० | भोटेकोशी | २०७०-०८-१८ | २१०६-०८-१७ |
| १८ | रावा खोला एचपिपी | ६.५०० | रावा खोला | २०७०-१०-२८ | २१०५-१०-२७ |
| १९ | तल्लो पिलुवा | १०.३०० | पिलुवा खोला | २०७०-११-०४ | २१०५-११-०३ |
| २० | तल्लो सोलु जलविद्युत् आयोजना | ८२.००० | सोलु खोला | २०७०-१२-०५ | २१०६-१२-०४ |
| २१ | माथिल्लो म्याग्दी | ३७.००० | म्याग्दी खोला | २०७०-१२-०६ | २१०६-१२-०५ |
| २२ | रूपसे खोला | ४.००० | रूपसे खोला | २०७१-०१-०५ | २१०६-०१-०४ |
| २३ | खहरे जलविद्युत् आयोजना | २४.१०० | खहरे | २०७१-०१-२१ | २१०६-०१-२० |
| २४ | सभा खोला ए | १०.४०० | सभा खोला | २०७१-०६-२८ | २१०७-०६-२७ |
| २५ | बडिगाड एचपिपी | ६.६०० | बडिगाड | २०७१-०९-१७ | २१०६-०९-१६ |
| २६ | दुर्वाङ म्याग्दी खोला | २५.००० | म्याग्दी खोला | २०७१-११-०४ | २१०६-११-०३ |
| २७ | बलेफी ए | १०.६०० | बलेफी | २०७२-०१-०६ | २१०७-०१-०५ |
| २८ | माथिल्लो मोदी ए | ४२.००० | मोदी खोला | २०७२-०३-०४ | २१०७-०३-०३ |
| २९ | घर खोला | १४.००० | घर | २०७२-०३-११ | २१०७-०३-१० |
| ३० | लाङटाङ खोला साना जलविद्युत् आयोजना | २०.००० | लाङटाङ | २०७२-०६-०१ | २१०७-०५-३१ |
| ३१ | सिद्धि खोला | १०.००० | सिद्धि खोला | २०७२-०६-१३ | २१०७-०६-१२ |
| ३२ | माथिल्लो ताडी | ११.००० | ताडी खोला | २०७२-०६-२२ | २१०७-०६-२१ |
| ३३ | लिखु-१ | ७७.००० | लिखु खोला | २०७२-०६-२२ | २१०८-०६-२१ |
| ३४ | लिखु-२ | ५५.००० | लिखु खोला | २०७२-०६-२२ | २१०८-०६-२१ |
| ३५ | रुरु बन्चु-१ | १६.००० | रुरुबन्चु खोला | २०७२-०६-२७ | २१०७-०६-२६ |
| ३६ | चुलेपुखोला जलविद्युत् आयोजना | ८.५२० | चुलेपु, धुन्देखोला | २०७३-०१-१३ | २१०८-०१-१२ |
| ३७ | चौरी खोला | ५.००० | चौरी | २०७३-०१-१४ | २१०८-०१-१३ |
| ३८ | तनहुँ एचइपी | १४०.००० | सेती खोला | २०७३-०२-०३ | २१०९-०२-०२ |

| क्र.सं. | परियोजना | क्षमता (मेगावाट) | नदी | जारी मिति | मान्य अवधि |
|---|---|---|---|---|---|
| ३९ | सान्जेन खोला | ७८.००० | सान्जेन | २०७३-०३-०९ | २१०८-०३-०८ |
| ४० | फलाखु खोला एचपिपी | ५.००० | फलाखु खोला | २०७३-०३-२४ | २१०८-०३-२३ |
| ४१ | फलाखु खोला एचपिपी | १४.७०० | फलाखु खोला | २०७३-०४-१० | २१०८-०४-०९ |
| ४२ | लिपिङ खोला | १६.२६० | लिपिङ | २०७३-०४-१२ | २१०८-०४-११ |
| ४३ | तल्लो खोरुङ्गा | ५.५०० | खोराङ्गा खोला | २०७३-०४-१२ | २१०८-०४-११ |
| ४४ | सानो मिल्ती खोला एसएचपी | ३.००० | मिल्ती | २०७३-०६-०९ | २१०८-०६-०८ |
| ४५ | राहुघाट मङ्गले | ३७.००० | राहुघाट | २०७३-०७-२९ | २१०९-०७-२८ |
| ४६ | माथिल्लो न्यासिम खोला | ४३.००० | न्यासिम खोला | २०७३-०८-०७ | २१०८-०८-०६ |
| ४७ | रुरु बान्चु खोला-२ | १२.००० | रुरुबन्चु खोला | २०७३-०९-१९ | २१०८-०९-१८ |
| ४८ | खिम्ती-२ | ४८.८०० | खिम्ती खोला | २०७३-०९-२२ | २१०८-०९-२१ |
| ४९ | माथिल्लो लप्चे खोला | ५२.००० | लप्चे | २०७३-१०-२१ | २१०८-१०-२० |
| ५० | दरम खोला एचइपी | ७.३०० | दरम | २०७३-१०-२३ | २१०९-१०-२२ |
| ५१ | आँखु खोला | ४२.९०० | आँखु खोला | २०७३-१०-२७ | २१०९-१०-२६ |
| ५२ | माथिल्लो चिर्खुवा खोला | ४.७०० | चिर्खुवा | २०७३-११-११ | २१०८-११-१० |
| ५३ | सभा खोला-बी एचपिपी | १५.१०० | सभा खोला | २०७३-११-३० | २१०८-११-२९ |
| ५४ | मध्य ताराखोला एसएचपी | १.७०० | तारा खोला | २०७३-१२-१३ | २१०९-१२-१२ |
| ५५ | बलेफी | २३.५२० | बलेफी | २०७३-१२-१६ | २१०८-१२-१५ |
| ५६ | माथिल्लो चौरी खोला | ६.००० | चौरी | २०७४-०१-२९ | २१०९-०१-२८ |
| ५७ | तामाकोशी भी | ९९.८०० | तामाकोशी | २०७४-०२-०९ | २१०९-०२-०८ |
| ५८ | तल्लो चिर्खुवा | ४.०६० | चिर्खुवा | २०७४-०२-२२ | २१०९-०२-२१ |
| ५९ | लङ्खुवा खोला | ५.००० | लङ्खुवा | २०७४-०३-२८ | २१०९-०३-२७ |
| ६० | मेवा खोला जलविद्युत् आयोजना | ५०.००० | मेवा खोला | २०७४-०४-१५ | २१०९-०४-१४ |
| ६१ | नीलगिरि खोला | ३८.००० | नीलगिरि | २०७४-०४-३१ | २१०९-०४-३० |
| ६२ | बुकु-कापाटी जलविद्युत् आयोजना | ५.००० | बुकु | २०७४-०५-०८ | २१०९-०५-०७ |
| ६३ | सुपर न्यादी जलविद्युत् आयोजना | ४०.२७० | न्यादी | २०७४-०५-१४ | २१०९-०५-१३ |
| ६४ | सेती खोला एचपिपी | ३.५०० | सेती खोला | २०७४-०५-२६ | २१०९-०५-२५ |
| ६५ | मर्स्याङ्दी बेसी | ५०.००० | मर्स्याङ्दी | २०७४-०६-०१ | २१०९-०५-३१ |
| ६६ | माथिल्लो त्रिशूली-१ | २१६.००० | त्रिशूली | २०७४-०७-२३ | २१०९-०७-२२ |
| ६७ | इस्टुल खोला एचपिपी | १.५०६ | इस्टुल | २०७४-०८-१४ | २१०९-०८-१३ |
| ६८ | लप्चे खोला | १६०.००० | लप्चे | २०७४-०९-०२ | २११०-०९-०१ |

| क्र.सं. | परियोजना | क्षमता (मेगावाट) | नदी | जारी मिति | मान्य अवधि |
|---|---|---|---|---|---|
| ६९ | कासुवा खोला एचपिपी | ४५.००० | कासुवा | २०७४-०९-०३ | २१०९-०९-०२ |
| ७० | सप्ताङ खोला एचपिपी | २.५०० | सप्ताङ | २०७४-०९-२१ | २१०९-०९-२० |
| ७१ | बुकु खोला | ६.००० | बुकु | २०७४-०९-२५ | २१०९-०९-२४ |
| ७२ | न्याम न्याम | ६.००० | न्याम न्याम खोला | २०७४-०९-२८ | २१०९-०९-२७ |
| ७३ | सुपर त्रिशूली | १००.००० | त्रिशूली | २०७४-१०-०२ | २१०९-१०-०६ |
| ७४ | तल्लो इर्खुवा खोला | १४.१५० | इर्खुवा खोला | २०७४-१०-२३ | २१०९-१०-२२ |
| ७५ | रेले खोला | ६.००० | रेले खोला | २०७४-१०-२८ | २१०९-१०-२७ |
| ७६ | इर्खुवा खोला–बी एचपिपी | १५.५२४ | इर्खुवा खोला | २०७४-११-०३ | २१०९-११-०२ |
| ७७ | रसुवा भोटेकोशी | १२०.००० | भोटेकोशी | २०७४-११-०३ | २१०९-११-०२ |
| ७८ | माथिल्लो गड्डी गाड | १.५५० | गड्डी गाड | २०७४-११-३० | २१०९-११-२९ |
| ७९ | माथिल्लो मोदी एचपिपी क्यास्केड परियोजना | १८.२०० | मोदी खोला | २०७४-१२-०२ | २१०९-१२-०१ |
| ८० | अरुण ३ | ९००.००० | अरुण | २०७५-०१-२० | २१०५-०१-१९ |
| ८१ | मध्य दरम खोला–ए एचपिपी | ३.००० | दरम | २०७५-०२-०९ | २११०-०२-०८ |
| ८२ | मध्य दरम खोला–बी एचइपी | ४.५०० | दरम | २०७५-०२-०९ | २११०-०२-०८ |
| ८३ | माथिल्लो खुदी | २६.००० | खुदी | २०७५-०२-०९ | २११०-०२-०८ |
| ८४ | माथिल्लो तमोर | २८५.००० | तमोर | २०७५-०२-२७ | २११०-०२-२६ |
| ८५ | हेवा ए सानो एचइपी | ५.००० | हेवा खोला | २०७५-०४-१४ | २११०-०४-१३ |
| ८६ | तिला–१ जलविद्युत् आयोजना | ४४०.००० | तिला | २०७५-०५-०८ | २११०-०५-०७ |
| ८७ | तिला–२ जलविद्युत् आयोजना | ४२०.००० | तिला | २०७५-०५-०८ | २११०-०५-०७ |
| ८८ | माथिल्लो फावा एचपिपी | ५.८०० | फवा खोला | २०७५-०५-१९ | २११०-०५-१८ |
| ८९ | सुपर आँखु खोला जलविद्युत् आयोजना | २५.४०० | आँखु खोला | २०७५-०६-०२ | २११०-०६-०१ |
| ९० | नीलगिरि खोला–२ क्यास्केड परियोजना | ६२.००० | नीलगिरि | २०७५-०७-०७ | २११०-०७-०६ |
| ९१ | तल्लो मनाङ मर्स्याङ्दी | १४०.००० | मर्स्याङ्दी | २०७५-०७-१८ | २११०-०७-१७ |
| ९२ | मनाङ मर्स्याङ्दी | १३५.००० | मर्स्याङ्दी | २०७५-०८-०१ | २११०-०७-३० |
| ९३ | बडिगाढ (कोल्टी) | ४.५०० | बडिगाड | २०७५-०८-१६ | २११०-०८-१५ |
| ९४ | गर्च्याङ खोला | ६.६०० | गर्च्याङ | २०७५-०८-१८ | २११०-०८-१७ |
| ९५ | माथिल्लो मर्स्याङ्दी १ | १३८.००० | मर्स्याङ्दी | २०७५-०९-१० | २११०-०९-०९ |
| ९६ | माथिल्लो लोहोर एसएचपी | ४.००० | लोहोर खोला | २०७५-०९-१६ | २११०-०९-१५ |
| ९७ | चमेलिया (छेटीगढ) | ८५.००० | चमेलिया खोला | २०७५-०९-२० | २११०-०९-१९ |

| क्र.सं. | परियोजना | क्षमता (मेगावाट) | नदी | जारी मिति | मान्य अवधि |
|---|---|---|---|---|---|
| ९८ | माथिल्लो पिलुवा हिल्स साना एचपी परियोजना | ४.९९० | पिलुवा, टुपुवा र छांगे खोला | २०७५-०९-२३ | २११०-०९-२२ |
| ९९ | कालीगण्डकी घाटी | १६४.००० | कालीगण्डकी | २०७५-११-२७ | २११०-११-२६ |
| १०० | न्यादी फिदी एचपिपी | २१.४०० | न्यादी, फिदी | २०७५-११-२७ | २११०-११-२६ |
| १०१ | माथिल्लो राहुघाट | ४८.५०० | राहुघाट | २०७५-१२-११ | २११०-१२-१० |
| १०२ | सुपर हेवा एचपिपी | ६.००० | हेवा खोला | २०७५-१२-२६ | २११०-१२-२५ |
| १०३ | मध्य कालीगण्डकी | ५३.५३९ | कालीगण्डकी | २०७६-०१-०९ | २१११-०१-०८ |
| १०४ | ताडी खोला क्यास्केड | ३.००० | ताडी खोला | २०७६-०१-३० | २११०-०१-२९ |
| १०५ | बजरा माडी जलविद्युत् आयोजना | २४.८०० | माडी खोला | २०७६-०२-०७ | २१११-०२-०६ |
| १०६ | माथिल्लो रिचेत खोला एसएचपी | २.००० | रिचेट | २०७६-०२-०७ | २११२-०२-०६ |
| १०७ | झ्याकु खोला एचपिपी | ५.२४३ | झ्याकु | २०७६-०२-०८ | २१११-०२-०७ |
| १०८ | माथिल्लो त्रिशूली-२ एचइपी | १०२.००० | त्रिशूली | २०७६-०२-०९ | २१११-०२-०८ |
| १०९ | तिनाउ खोला एचपिपी | ३.४४० | तिनाउ | २०७६-०२-१४ | २१११-०२-१३ |
| ११० | लिखु खोला एचपिपी | ३०.००० | लिखु खोला | २०७६-०२-२४ | २१११-०२-२३ |
| १११ | चिसाङ खोला-ए सानो एचइपी | १.८०० | चिसाङ | २०७६-०७-२४ | २१११-०७-२३ |
| ११२ | तल्लो हेवा खोला-ए एचपिपी | ७.३०० | हेवा खोला | २०७६-०७-२६ | २१११-०७-२५ |
| ११३ | सागु खोला एचइपी | २०.००० | साङ्गु खोला | २०७६-०८-१२ | २१११-०८-११ |
| ११४ | दुधकुण्ड खोला एचइपी | १२.००० | सोलु खोला | २०७६-०८-१८ | २१११-०८-१७ |
| ११५ | माथिल्लो अंखु खोला | ३८.००० | अंखु खोला | २०७६-०९-०७ | २१११-०९-०६ |
| ११६ | भीम खोला सानो एचइपी | ४.९६० | भीम खोला | २०७६-०९-२९ | २११२-०९-२८ |
| ११७ | जोगमाई कास्केड | ५.२०० | जोगमाई खोला | २०७६-१०-०१ | २११२-०९-३० |
| ११८ | साङ्गु खोला एचपिपी | ५.००० | साङ्गु (सोरुण) खोला | २०७६-१०-०१ | २१११-०९-३० |
| ११९ | मध्य मेवा एचपिपी | ७३.५०० | मेवा खोला | २०७६-१०-१२ | २११२-१०-११ |
| १२० | नुप्चे लिखु एचपिपी | ५७.५०० | नुप्चे, लिखु | २०७६-१०-१२ | २११२-१०-११ |
| १२१ | माथिल्लो म्याग्दी-१ एचपिपी | ५३.५०० | म्याग्दी खोला | २०७६-१०-२१ | २१११-१०-२० |
| १२२ | साँगु खोला-१ एचपिपी | ५.५०० | साँगु | २०७६-१०-२१ | २१११-१०-२० |
| १२३ | फेदी खोला (थुम्लुङ) सानो एचपिपी | ३.५२० | फेदी खोला (थुम्लुङ) | २०७६-११-१५ | २१११-११-१४ |
| १२४ | ठुलो खोला जलविद्युत् आयोजना | २१.३०० | ठुलो खोला | २०७६-१२-१० | २१११-१२-०९ |
| १२५ | चेपे खोला एचइपी | ७.००० | चेपे खोला | २०७७-०२-१५ | २११२-०२-१४ |
| १२६ | माथिल्लो इर्खुवा एचपिपी | १४.५०० | इर्खुवा, फेदी | २०७७-०२-२३ | २११२-०२-२२ |
| १२७ | इसुवा खोला जलविद्युत् आयोजना | ९७.२०० | इसुवा खोला | २०७७-०२-२७ | २११२-०२-२६ |
| १२८ | माथिल्लो मैवा एचपिपी | १७.८५० | मैवा | २०७७-०३-०३ | २११२-०३-०२ |
| १२९ | म्याडमे खोला एचपिपी | २४.००० | म्याडमे खोला | २०७७-०३-०३ | २११२-०३-०२ |

| क्र.सं. | परियोजना | क्षमता (मेगावाट) | नदी | जारी मिति | मान्य अवधि |
|---|---|---|---|---|---|
| १३० | तल्लो बलेफी | २०.००० | बलेफी | २०७७-०३-०५ | २११२-०३-०४ |
| १३१ | मध्य सुपर दरौदी एचपिपी | १०.००० | दरौदी | २०७७-०३-०५ | २११२-०३-०४ |
| १३२ | राउजे खोला एचपिपी | ४.९९० | राउजे खोला | २०७७-०३-०५ | २११२-०३-०४ |
| १३३ | भोटेकोशी ५ एचइपी | ६२.००० | भोटेकोशी | २०७७-०३-१४ | २११२-०३-१३ |
| १३४ | सेती खोला एचपिपी | २५.००० | सेती खोला | २०७७-०३-१५ | २११२-०३-१४ |
| १३५ | करुवा सेती एचइपी | ३२.००० | सेती | २०७७-०३-१५ | २११२-०३-१४ |
| १३६ | माथिल्लो पिलुवा ३ एचइपी | ४.९५० | पिलुवा खोला | २०७७-०४-०९ | २११२-०४-०८ |
| १३७ | हिडी खोला एचइपी | ६.८२० | हिडी खोला | २०७७-०४-१४ | २११२-०४-१३ |
| १३८ | मध्य टाडी एचपिपी | ५.५०० | टाडी खोला | २०७७-०४-२७ | २११२-०४-२६ |
| १३९ | पेगु खोला साना जलविद्युत् आयोजना | ४.३५० | पेगु | २०७७-०५-११ | २११२-०५-१० |
| १४० | जुरिम्बा खोला साना जलविद्युत् आयोजना | ७.६३० | जुरिम्बा | २०७७-०५-२९ | २११२-०५-२८ |
| १४१ | ल्यान्ड्रुक मोदी एचइपी | ८६.५९० | मोदी | २०७७-०६-०१ | २११२-०५-३१ |
| १४२ | सुनिगढ | ११.०५० | सुनी गाड | २०७७-०६-०७ | २११२-०६-०६ |
| १४३ | मध्य रवा खोला एचइपी | २.५०० | रवा खोला, सुङ खोला | २०७७-०६-०७ | २११२-०६-०६ |
| १४४ | दुधकोशी-२ (जलेश्वर) एचपिपी | ७०.००० | दुधकोशी | २०७७-०६-०७ | २११२-०६-०६ |
| १४५ | मुडीखोला जलविद्युत् आयोजना | १४.७०० | मुडी खोला | २०७७-०६-१३ | २११२-०६-१२ |
| १४६ | तल्लो मध्य रवा खोला एचइपी | ४.००० | रवा | २०७७-०६-१५ | २११२-०६-१४ |
| १४७ | मिन्छेत खोला एचइपी | ७.००० | मेन्छेत खोला | २०७७-०६-१८ | २११२-०८६१७-० |
| १४८ | तमोर मेवा | १२८.००० | तमोर र मेवा | २०७७-०६-२५ | २११२-०६-२४ |
| १४९ | मिदिम १ एचइपी | १३.४२४ | मिदिम खोला | २०७७-०७-०३ | २११२-०७-०२ |
| १५० | तल्लो तारा खोला एचपिपी | ३.५०० | तारा खोला | २०७७-०७-१८ | २११२-०७-१७ |
| १५१ | म्याग्दी खोला जलविद्युत् आयोजना | ५७.३०० | म्याग्दी खोला | २०७७-०७-२५ | २११२-०७-२४ |
| १५२ | माथिल्लो भुरुन्डी खोला एसएचपी | ३.७५० | भुरुन्डी खोला | २०७७-०७-२७ | २११२-०७-२६ |
| १५३ | न्यासिम एचइपी | ३५.००० | न्यासिम खोला | २०७७-०७-२८ | २११२-०७-२७ |
| १५४ | माथिल्लो इङ्वा खोला | ९.७०० | इङ्वा | २०७७-०७-२८ | २११२-०७-२७ |
| १५५ | माथिल्लो दरौदी जलविद्युत् आयोजना | ९.२०० | दरौदी | २०७७-०८-१४ | २११२-०८-१३ |
| १५६ | लङ्दीखोला सानो एचइपी | ३.२६० | लङ्दी | २०७७-०८-२९ | २११२-०८-२८ |
| १५७ | सेतीखोला एचइपी | २२.००० | सेती खोला | २०७७-०९-०२ | २११२-०९-०१ |
| १५८ | मेवा खोला एचइपी | २३.००० | मेवा खोला | २०७७-१०-०२ | २११२-१०-०१ |
| १५९ | बगरखोला एचइपी | ५.५०० | बगर खोला | २०७७-१०-०६ | २११२-१०-०५ |
| १६० | दुधपोखरी चेपे एचइपी | ८.८३६ | चेपे खोला | २०७७-१०-०८ | २११२-१०-०७ |

| क्र.सं. | परियोजना | क्षमता (मेगावाट) | नदी | जारी मिति | मान्य अवधि |
|---|---|---|---|---|---|
| १६१ | जुम खोला एचइपी | ५६.००० | जुम | २०७८-०३-२७ | २११३-०३-२६ |
| १६२ | माथिल्लो दरौंदी बी सानो एचइपी | ८.३०० | दरौंदी | २०७८-०४-१० | २११३-०४-०९ |
| १६३ | माथिल्लो दरौंदी-सी एचइपी | ९.८२० | दरौंदी | २०७८-०४-१० | २११३-०४-०९ |
| १६४ | माथिल्लो बलेफी | ४६.००० | बलेफी | २०७८-०४-३२ | २११३-०४-३१ |
| १६५ | इलेप तातोपानी खोल एचइपी | २५.००० | तातोपानी (इलेप) खोला | २०७८-०५-१५ | २११३-०५-१४ |
| १६६ | सुपर मेलम्ची एचइपी | २३.६०० | मेलम्ची | २०७८-०५-२१ | २११३-०५-२० |
| १६७ | माथिल्लो पिलुवा-१ एचइपी | ७.७०० | पिलुवा | २०७८-०७-०७ | २११३-०७-०६ |
| १६८ | सुपर काबेली खोला ए एचइपी | १३.५०० | काबेली खोला, अमजी खोला | २०७८-०७-१२ | २११३-०७-११ |
| १६९ | सुपर काबेली खोला क्यास्केड एचइपी | १२.००० | काबेली खोला | २०७८-०७-१२ | २११३-०७-११ |
| १७० | काबेली-३ एचइपी | २१.९३० | काबेली | २०७८-०८-०२ | २११३-०८-०१ |
| १७१ | भलौंदी खोला एचइपी | २.६४५ | भलौंदी | २०७८-०८-०२ | २११३-०८-०१ |
| १७२ | इसुवा खोला पिआरओआर क्यास्केड एचइपी | ३७.७०० | इसुवा खोला | २०७८-०९-०६ | २११३-०९-०५ |
| १७३ | अरुण खोला २ एचइपी | २.००० | अरुण खोला | २०७८-०९-२८ | २११३-०९-२७ |
| १७४ | सोना खोला एचइपी | ९.००० | सोना खोला, खहरे खोला | २०७८-०९-२८ | २११३-०९-२७ |
| १७५ | माथिल्लो काबेली एचइपी | २८.१०० | काबेली खोला | २०७८-१०-०५ | २११३-१०-०४ |
| १७६ | सुपर तल्लो बागमती एचइपी | ४१.८६० | बागमती | २०७८-१०-१२ | २११३-१०-११ |
| १७७ | मध्य होंगु खोला बी एचइपी | २२.९०० | होङ्गु खोला | २०७८-१०-१२ | २११३-१०-११ |
| १७८ | माथिल्लो सेती एचइपी | २०.००० | सेती खोला, साधु खोला | २०७८-१०-१७ | २११३-१०-१६ |
| १७९ | माथिल्लो देउमाई खोला सानो एचइपी | ८.३०० | देउमाई | २०७८-११-०६ | २११३-११-०५ |
| १८० | सेपली खोला एचइपी | ५.००० | सेपली खोला | २०७८-१२-१७ | २११३-१२-१६ |
| १८१ | तमोर खोला-५ एचइपी | ३७.५०० | तमोर | २०७८-१२-२० | २११३-१२-१९ |
| १८२ | कुनवन खोला एचइपी | २०.००० | कुनवन | २०७८-१२-२८ | २११३-१२-२७ |
| १८३ | हिमचुली दोर्दी एचइपी | ५७.००० | दोर्दी | २०७९-०१-२८ | २११४-०१-२७ |
| १८४ | माथिल्लो ठुलो खोला ए एचइपी | २२.५०० | ठुलो खोला | २०७९-०२-०९ | २११४-०२-०८ |
| १८५ | माथिल्लो साँगु एचइपी | १०.००० | खरताल, कोथली (साँगु) | २०७९-०३-०५ | २११४-०३-०४ |
| १८६ | टिपल्याङ कालीगण्डकी एचइपी | ५८.००० | कालीगण्डकी | २०७९-०३-०५ | २११४-०३-०८ |
| १८७ | मध्य होङ्गु खोला - एक एचपिपी | २२.००० | होङ्गु खोला | २०७९-०३-०९ | २११४-०३-०८ |
| १८८ | चिनो खोला एचइपी | ७.९०० | चिनो | २०७९-०३-२० | २११४-०३-१९ |
| १८९ | घुन्सा खोला एचइपी | ७७.५०० | घुन्सा खोला | २०७९-०४-०८ | २११४-०४-०७ |

| क्र.सं. | परियोजना | क्षमता (मेगावाट) | नदी | जारी मिति | मान्य अवधि |
|---|---|---|---|---|---|
| १९० | सिम्बुवा खोला एचइपी | ७०.३०० | सिम्बुवा खोला | २०७९-०४-२३ | २११४-०४-२२ |
| १९१ | दुधखोला एचइपी | ६५.००० | दुधखोला | २०७९-०४-२५ | २११४-०४-२४ |
| १९२ | जल्दीगड | २१.००० | जल्दी गड | २०७९-०५-०१ | २११४-०४-३० |
| १९३ | मध्य त्रिशूली गङ्गा नदी | १५.६२५ | त्रिशूली | २०७९-०५-१७ | २११४-०५-१६ |
| १९४ | माथिल्लो माडी-० एचइपी | ४३.००० | मादी | २०७९-०५-३० | २११४-०५-२९ |
| १९५ | मध्य मैलुङ (क्यास्केड) एचइपी | १३.००० | मैलुङ खोला | २०७९-०७-१५ | २११४-०७-१४ |
| १९६ | आयु मलुन खोला एचइपी | २१.००० | मालुन | २०७९-०८-०६ | २११४-०८-०५ |
| १९७ | माथिल्लो काबेली-२ एचइपी | १५.००० | काबेली खोला | २०७९-०८-०७ | २११४-०८-०६ |
| १९८ | पालुनखोला १ एचईपी | ३०.००० | पालुन खोला | २०७९-०९-१८ | २११४-०९-१७ |
| १९९ | पालुन खोला सानो एचइपी | २१.००० | पालुन खोला | २०७९-०९-१८ | २११४-०९-१७ |
| २०० | स्यापु एचइपी | ३.३०० | धर्ने | २०७९-०९-२१ | २११४-०९-२० |
| २०१ | भोटेकोशी १ एचइपी | ४०.००० | भोटेकोशी | २०७९-०९-२१ | २११४-०९-२० |
| २०२ | लुजा खोला एचइपी | २४.८०० | लुजा खोला | २०७९-०९-२६ | २११४-०९-२५ |
| २०३ | माथिल्लो पिखुवा खोला एचइपी | ४.९०० | पिखुवा | २०७९-१०-०९ | २११४-१०-०८ |
| २०४ | सानीभेरी एचइपी | ४४.५२० | सानी भेरी | २०७९-१०-१२ | २११४-१०-११ |
| २०५ | शिवाखोला एचइपी | ९.३०० | शिवा खोला | २०७९-१०-२० | २११४-१०-१९ |
| २०६ | तल्लो भीम खोला एचइपी | ६.०५० | भीम खोला | २०७९-११-१७ | २११४-११-१६ |
| २०७ | चुजुङ खोला एचइपी | ४८.००० | चुजुङ | २०७९-१२-०२ | २११४-१२-०१ |
| २०८ | तल्लो ड्यादी | १२.६०० | डादी खोला | २०७९-१२-०९ | २११४-१२-०८ |
| २०९ | बुडुम एचइपी | १४.५०० | बुडुम | २०७९-१२-१२ | २११४-१२-११ |
| २१० | आखु खोला-२ एचइपी | २०.००० | आखु खोला | २०७९-१२-१२ | २११४-१२-११ |
| २११ | मिस्त्री खोला-२ एचइपी | १२.००० | मिस्त्री | २०७९-१२-१२ | २११४-१२-११ |
| २१२ | रोल्वालिङ खोल एचइपी | २२.००० | रोल्वालिङ | २०७९-१२-२० | २११४-१२-१९ |
| २१३ | श्याम खोला | ७.२५० | श्यामखोला | २०८०-०१-१३ | २११५-०१-१२ |
| २१४ | तल्लो इन्द्रावती एचइपी | ४.५०० | इन्द्रावती | २०८०-०१-२० | २११५-०१-१९ |
| २१५ | दाना खोला एचइपी | ४९.९५० | दाना खोला | २०८०-०१-२१ | २११५-०१-२० |
| २१६ | अपर सर्दी एचइपी | २.९०० | सर्दी, कुटमी | २०८०-०२-०९ | २११५-०२-०८ |
| २१७ | धारखोला सानो एचइपी | ६.५०० | धारखोला | २०८०-०२-१७ | २११५-०२-१५ |
| २१८ | बढीगाड खोला एचइपी | २४.६०० | बडीगाड | २०८०-०२-२३ | २११५-०२-२२ |
| २१९ | माथिल्लो मेवा खोला ए एचइपी | २१.९२० | मेवाखोला | २०८०-०२-३२ | २११५-०२-३१ |
| २२० | सुपर तमोर एचइपी | १६६.००० | तमोर | २०८०-०३-०६ | २११५-०३-०५ |
| २२१ | अपर मैलुङ बी एचइपी | १७.००० | मैलुङ | २०८०-०३-१३ | २११५-०३-१२ |
| २२२ | तल्लो खानी बी एचइपी | ६.२०० | खानी | २०८०-०४-०८ | २११५-०४-०७ |



अपर तामाकोशी हाइड्रोपावर, दोलखा

| क्र.सं. | परियोजना | क्षमता (मेगावाट) | नदी | जारी मिति | मान्य अवधि |
|---|---|---|---|---|---|
| २२३ | अपर दुधखोला एचपिपी | ३०.४०० | दुधखोला | २०८०-०४-११ | २११५-०४-१० |
| २२४ | सुपर घलेम्दी एचइपी | ९.१४० | घलेम्दी खोला | २०८०-०४-१७ | २११५-०४-१६ |
| २२५ | तातोपानी खोला एचइपी | १९.००० | तातोपानी खोला | २०८०-०४-२५ | २११५-०४-२४ |
| २२६ | अपर भुरुण्डी खोली ए | ४.५०० | भुरुण्डी खोला | २०८०-०५-१२ | २११५-०५-११ |
| २२७ | लाप्चे तामाकोशी एचइपी | ४०.०० | लाप्ची तामाकोशी | २०८०-०६-१४ | २११५-०६-१३ |
| २२८ | सुपर माछाखोला एचइपी | ४.६०० | माछाखोला | २०८०-०६-१८ | २११५-०६-१७ |
| २२९ | मिवाजेखोला एचइपी | ४.९५० | मिवाजेखोला | २०८०-०६-२६ | २११५-०६-२५ |
| २३० | अपर शंखुवाखोला एचइपी | ४०.००० | संखुवाखोला | २०८०-०६-३० | २११५-०६-२९ |
| २३१ | सिंकोश खोला एचइपी | ३.४५० | सिंकोश खोला | २०८०-०८-०८ | २११५-०८-०७ |
| २३२ | सुपर सेती एचइपी | २४.००० | सेती र बतासे खोला | २०८०-०९-०१ | २११५-०८-३० |
| २३३ | सभाखोला सी एचइपी कास्केड | ६.३०० | सभाखोला | २०८०-०९-०१ | २११५-०८-३० |
| २३४ | बुढीगण्डकी एचइपी | ३४१.०० | बुढीगण्डकी | २०८०-०९-०५ | २११५-०९-०४ |
| २३५ | ठूलीगढ खोला सानो | १७.००० | ठूलीगढ | २०८०-०९-११ | २११५-०९-१० |
| २३६ | स्यानो खोला एचइपी | ४.७५० | स्यानोखोला | २०८०-०९-१८ | २११५-०९-१७ |
| २३७ | पिखुवा पशुपति एचइपी | ४.१०० | पिखुवा | २०८०-०९-२४ | २११५-०९-२३ |
| २३८ | जगदुल्ला एचइपी | १०६.००० | भेरी | २०८०-०९-२५ | २११५-०९-२४ |
| २३९ | बुढीगण्डकी ख | २६०.००० | बुढीगण्डकी | २०८०-०९-२५ | २११५-०९-२४ |
| २४० | बुढीगण्डकी क | १३०.००० | बुढीगण्डकी | २०८०-१०-०८ | २११५-१०-०७ |
| २४१ | माथिल्लो जुनबेसी एचइपी | ४.७०० | जुनवेशी | २०८०-१०-०८ | २११५-१०-०७ |
| २४२ | माछेखोला एचइपी | १६.००० | माछाखोला | २०८०-११-०४ | २११५-११-०३ |
| २४३ | दोभानखोला एचइपी | २४.५०० | दोभानखोला | २०८०-१२-०५ | २११५-१२-०४ |

| क्र.सं. | परियोजना | क्षमता (मेगावाट) | नदी | जारी मिति | मान्य अवधि |
|---|---|---|---|---|---|
| २४४ | खिम्ति ग्वाङखोला एचइपी | ९.००० | खिम्ति र ग्वाङ खोला | २०८०-१२-०८ | २११५-१२-०७ |
| २४५ | किसेडी खोला सानो | ४.१०० | किसेडीखोला | २०८०-१२-१३ | २११५-१२-१२ |
| २४६ | सुतीखोला एचइपी | २१.००० | सुती | २०८०-१२-१४ | २११५-१२-१३ |
| २४७ | सिसुवा खोला एचइपी | १३.५०० | सिसुवा र हिनुवा खोला | २०८०-१२-१४ | २११५-१२-१३ |
| २४८ | यारु खोला एचइपी | ३०.५९० | यारु | २०८०-१२-२५ | २११५-१२-२४ |
| २४९ | चिलुन खोला एचइपी | ४३.२०० | चिलुङ | २०८०-१२-२५ | २११५-१२-२४ |
| २५० | बझाङ अपर सेती एचइपी | २१६.००० | सेती | २०८१-०१-३१ | २११६-०१-३० |
| २५१ | दोर्दी दुधखोला एचइपी सानो | १९.००० | दोर्दी | २०८१-०२-०९ | २११६-०२-०८ |
| २५२ | ब्रह्मयानी एचइपी | ३६.५२ | बलेफी | २०८१-०२-१७ | २११६-०२-१६ |
| २५३ | अपर ब्रह्मयानी एचइपी | १५.१५० | यामयाम मसल | २०८१-०२-२० | २११६-०२-१९ |
| २५४ | तल्लो दुधकुण्ड हाइड्रोपावर प्रोजेक्ट | ९.४८० | दुधकुण्ड | २०८१-०२-२१ | २११६-०२-२० |
| २५५ | अपर सुनिगढ एचइपी | १४.००० | सुनिगढ | २०८१-०२-२२ | २११६-०२-२१ |

स्रोत : विद्युत् विकास विकास विभाग, ११ जुलाई २०२४

आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार २०८० फागुनसम्म कुल जलविद्युत् जडित क्षमता २,८१८.९१ मेगावाट रहेको छ । यसबाहेक सौर्य ऊर्जा ९७.०४ मेगावाट र तापीय (थर्मल प्लान्ट) ऊर्जा ५३.४१ मेगावाट उत्पादन भएको छ । त्यसैगरी, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्वारा उत्पादित विद्युत् ८४.७४ मेगावाट र चिनीमिलबाट सह-उत्पादन प्रविधिमार्फत उत्पादित विद्युत् ६ मेगावाटसमेत गरी कुल जडित विद्युत् क्षमता ३.०६०.१ मेगावाट पुगेको छ । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्वारा उत्पादित विद्युत्मध्ये ४८.२३ मेगावाट सोलार प्लान्टबाट उत्पादन भएको छ । कुल जडित विद्युत् क्षमतामध्ये जलविद्युत् ९२.१ प्रतिशत र अन्य स्रोतबाट ७.९ प्रतिशत रहेको छ । सौर्य प्लान्टबाट भएको उत्पादन ४.७ प्रतिशत रहेको छ ।

**वैकल्पिक ऊर्जा**

नवीकरणीय ऊर्जा प्रविधिको विकास तथा विस्तार गर्ने उद्देश्यले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट नवीकरणीय ऊर्जा प्रविधिको प्रचार प्रसार तथा प्रवर्द्धनको माध्यमद्वारा ग्रामीण जनताको जीवनस्तरमा सुधार ल्याउने, वातावरण संरक्षण गर्ने, रोजगारीका अवसरमा वृद्धि गर्ने र नवीकरणीय ऊर्जा प्रविधिलाई व्यवसायीकरण गरी यससम्बन्धी उद्योगधन्दाको विकास गर्ने कार्यहरू हुँदै आएका छन् ।

आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार आ.व. २०७९/०८० मा वैकल्पिक ऊर्जाअन्तर्गतका लघु तथा साना जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् १,१०८ किलोवाट रहेकोमा २०८०/८१ को फागुन सम्म ३८२.५ थप भएको छ । त्यस्तै

सौर्य तथा वायु ऊर्जाबाट ५७८ किलोवाट विद्युत् उत्पादन भएकोमा २०८ किलोवाट उत्पादन थप भएको छ ।

### ८.७ सिँचाइ

आर्थिक सर्वेक्षण २०८०/०८१ अनुसार नेपालमा बर्सेनि सिँचाइ सुविधा विस्तार हुँदै गएको छ । २०७९ फागुनसम्म कुल सिँचाइयोग्य जमिन १७ लाख ६० हजार हेक्टरमध्ये ८८.५ प्रतिशत र कुल कृषियोग्य जमिन २६ लाख ४० हजार हेक्टरमध्ये ५९ प्रतिशत जमिनमा सिँचाइ सुविधा पुगेको छ । २०८० असार मसान्तसम्म कुल १५ लाख ५५ हजार ५ सय आठ हेक्टर जमिनमा सिँचाइ पुगेको थियो । आ.व. २०८०/८१ को फागुनसम्म सङ्घका आयोजनामार्फत सतह सिँचाइ ६२० हेक्टर र लिफ्ट सिँचाइ २७० हेक्टरसहित भूमिगत सिँचाइ ७०० हेक्टर र जलाशयतर्फ ५० हेक्टर गरी १ हजार ६ सय ४० हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार भएको छ । २०८० फागुनसम्म १५ लाख ५७ हजार १ सय ४८ हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ । त्यसैगरी भूमिगत सिँचाइअन्तर्गत १३ डिप बोरिङ प्रणालीमार्फत ५२० हेक्टर क्षेत्रफलमा भूमिगत सिँचाइ विस्तार भएकोमा आर्थिक वर्ष २०८०/०८१ मा ६ बोरिङबाट थप ३०० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा विस्तार भएको छ ।



सिक्टा सिँचाइ आयोजना

नेपालको कुल सिँचित क्षेत्रमध्ये करिब एकतिहाइ भूभागमा मात्र वर्षैभरि सिँचाइ सुविधा पुगेको छ । दिगो, न्यायोचित र सन्तुलित क्षेत्रीय विकासका लागि समावेशी तथा साझेदारी व्यवस्थापनको आधारमा देशका विद्यमान सतह तथा भूमिगत जल

स्रोतको अधिकतम सदुपयोगबाट वर्षैभरि सिँचाइ सुविधा पुऱ्याउने पूर्वाधार विकास गर्दै कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरी गरिबी न्यूनीकरण गर्दै समृद्धितर्फ अगाडि बढ्नु आजको आवश्यकता हो ।

**८.८ सञ्चार तथा सूचना प्रविधि**

नेपालको भौगोलिक बनावटको कारणबाट सिर्जित शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा व्यापारलगायतका आर्थिक तथा सामाजिक क्षेत्रको दिगो विकासको चुनौतीको सामना गर्न एउटा सशक्त पूर्वाधारको रूपमा स्थापित सञ्चार तथा सूचना प्रविधिको विकासले कानुनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता सुशासनका आधारभूत मान्यतालाई आत्मसात् गरी सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट प्रदान गर्न सम्भव भएको देखिन्छ ।

नेपालमा पहिलो पटक वि.सं. २०२८ सालको राष्ट्रिय जनगणनाको तथ्याङ्क प्रशोधनका क्रममा कम्प्युटर प्रविधिको प्रयोग भएपश्चात् नेपालले सूचना प्रविधिको क्षेत्रमा प्रवेश गरेको देखिन्छ। उक्त राष्ट्रिय जनगणनाको तथ्याङ्क प्रशोधनमा 2nd Generation कम्प्युटर IBM1401 को प्रयोग भएको र तत्पश्चात् २०३८ सालको राष्ट्रिय जनगणनाका क्रममा 2nd Generation कम्प्युटर ICL2950/10 को प्रयोग भएको थियो ।

सूचना प्रविधिको विकास क्रममा सन् १९३० मा त्रिभुवन विश्वविद्यालयअन्तर्गत स्थापना भएको प्राविधिक प्रशिक्षण संस्थानलाई सन् १९७२ मा Institute of Engineering को नाममा परिवर्तन गरी सन् १९९४ र १९९८ मा क्रमशः Electronics and Computer Engineering को अध्यापन सुरु भएको थियो । सन् १९७४ मा Electronic Data Processing केन्द्रको स्थापना भयो, जसलाई ६ वर्षपछि National Computer Training Centre (NCC) नामकरण गरियो । सन् १९९४ मा तत्कालीन नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानले Mercantile Communication Pvt. Ltd. को साथमा नेपालमा पहिलो पटक Email Service प्रयोगमा ल्याई Internet को सुरुवात भएको थियो । सञ्चार तथा सूचना प्रविधिको विकासलाई प्रोत्साहन तथा नियमन गर्नका लागि सन् १९९८ दूरसञ्चार प्राधिकरणको स्थापना भयो । यसैसाथ नेपाल टेलिकमले सन् २००० देखि Internet Service उपलब्ध गराउँदै आएको छ ।

सूचना प्रविधिलाई विकास, व्यवस्थापन तथा विद्युतीय सुशासन कायम गर्न सन् २००२ मा NITC को स्थापना भई Government Integrated Data Centre (GIDC) निर्माण भएको तथा सन् २००८ मा प्रमाणीकरण नियन्त्रकको कार्यालय स्थापना भएको छ। यसका साथै सूचना प्रविधिलाई नियमन गर्नका लागि सन् २००० मा Information Technology Policy लागू भई सन् २०१५ मा

Information Communication Policy मा अध्यावधिक गरिएको साथै सन् २००८ मा Electronic Transaction Act लागू गरिएको छ ।

नेपालमा दूरसञ्चार सेवाको सुरुवात वि.सं. १९७० मा दूरसञ्चार सेवाको स्थापनापश्चात् भएको हो । वि.सं. १९७१ मा काठमाडौँदेखि रक्सौलसम्म ट्रङ्कल टेलिफोनको व्यवस्था भयो । चन्द्रशमशेरको पालामा सर्वप्रथम म्याग्नेटो टेलिफोनको प्रयोगबाट भएको थियो । वि.सं. १९९१ पौष १ गते टेलिफोन हेड अफिसको (दूरसञ्चारसम्बन्धी कार्यालय) स्थापना भयो । काठमाडौंमा तत्कालीन राणा प्रशासकहरूको प्रयोगका लागि वि.सं. १९९२ मा २५ लाइनको अटोमेटिक टेलिफोन जडान गरियो ।

त्यसैगरी १९९२ पौष २ गते 'सवाल ऐन' जारी गरी टेलिफोन सेवा सर्वसाधारणका लागि खुला गरिएको थियो । त्यसैगरी दूरसञ्चारले वि.सं. १९९३ मा काठमाडौं-धनकुटा ट्रङ्कल (STD) सेवा सुरु गरेको थियो । वि.सं. २००६ सालमा नेपालगन्ज, भैरहवा, इलाम, धनकुटा, विराटनगरमा आकाशवाणी सेटहरू राखिए । वि.सं.२००७ सालमा काठमाडौंमा सि.बी.म्यानुअल एक्सचेन्ज (१०० लाइन) को स्थापना भयो । २००९ सालसम्ममा २१ ओटा जिल्लामा आकाशवाणी केन्द्रहरू खडा भए । प्रथम पञ्चवर्षीय योजनामा सञ्चारलाई पहिलो प्राथमिकता दिएपछि नेपालले वि.सं. २०१४ मङ्सिर २० मा अन्तर्राष्ट्रिय दूरसञ्चार सङ्घ (ITU) को सदस्यता प्राप्त गऱ्यो । प्रथम पञ्चवर्षीय योजना लागू भएपछि २०१६ सालमा काठमाडौंमा दूरसञ्चार विभाग खुल्यो । यसले राजधानीको बढ्दो मागलाई ध्यानमा राखी वि.सं. २०१९ सालमा अटोमेटिक क्रसबार एक्सचेन्ज (४०० लाइन) को स्थापना गऱ्यो । वि.सं.२०२१ आश्विन १५ मा V.H.F. प्रणालीको अन्तर्राष्ट्रिय दूरसञ्चार सेवाको शुभारम्भ भयो । तेस्रो योजनाकालमा विभिन्न जिल्लामा आकाशवाणी स्टेसनहरू थप गरिए । साथै, ५० ओटा आकाशवाणी स्याटेलाइट स्टेसनहरू थप गरिए र सातओटा एरिया कन्ट्रोल स्टेसनहरू पनि चल्न थाले । वि.सं. २०२६ सालमा समिति ऐन, २०१३ अनुसार दूरसञ्चार समितिको गठन भयो । त्यसैगरी वि.सं.२०२८ मा टेलेक्स सेवा पनि प्रारम्भ भयो । वि.सं. २०२८ मा सञ्चार संस्थान ऐन, २०२८ प्रारम्भ भएपछि नेपाल दूरसञ्चारले अन्तरदेशीय माइक्रोवेब ट्रान्समिसन लिङ्कको स्थापना गऱ्यो ।

वि.सं. २०५४ फागुन २० गते नेपाल दूरसञ्चार प्राधिकरणको स्थापना भयो । वि.सं. २०५५ सालमा दूरसञ्चारले नेपालका सम्पूर्ण टेलिफोन डिजिटल प्रणालीबाट सञ्चालन गर्ने कार्यको थालनी गऱ्यो । दूरसञ्चारको क्षेत्रमा विकासक्रमसँगै वि.सं. २०५६ वैशाख १ गते सेलुलर मोबाइल सेवाको प्रारम्भ भयो । दूरसञ्चार नीति २०६० लागू भएपछि २०६० भाद्र ६ गते नेपालमा पहिलो पटक प्रिपेड मोबाइल सेवा प्रारम्भ गरियो । दूरसञ्चार संस्थान वि.सं. २०६१ वैशाख १ गतेदेखि विधिवत् रूपमा नेपाल टेलिकममा परिणत भई निजी क्षेत्रका अन्य सशक्त दूरसञ्चार सेवाप्रदायक संस्थाहरूसँग प्रतिस्पर्धामा उत्रिएको छ ।

फ्रिक्वेन्सी एक प्रकृतिप्रदत्त स्रोत भएकाले यसको राष्ट्रिय हितअनुकूल उपयोग गर्न र राजस्व प्राप्त गर्न सरकारले २०६९ कात्तिक १९ गते दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्यसम्बन्धी) नीति, २०६९ ल्याएको छ ।

आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार २०८० फागुनसम्म रेडियो नेपालको प्रसारण पहुँच ९३.० प्रतिशत जनसङ्ख्या र डिजिटल टेलिभिजनको पहुँच ७२.० प्रतिशत घरधुरीमा पुगेको छ। इन्टरनेट ग्राहकको घनत्व १४३.८ प्रतिशत पुगेको छ। त्यस्तै २०८० फागुनसम्म ३ करोड ५४ लाख ५९ हजार टेलिफोन प्रयोगमा रहेका छन् । २०८० असारसम्म यो सङ्ख्या ३ करोड ४७ लाख ८३ हजार रहेको थियो । मोबाइल सेवाको विस्तारसँगै आधारभूत (फिक्स्ड) टेलिफोनको सङ्ख्या क्रमशः घट्दै गएको छ ।

हालको स्थितिमा देहायबमोजिमका संस्थाहरूले सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा टेवा पुऱ्याइरहेका छन् :

**तालिका नं. ८.११**

**आ.व. २०७९/०८० सम्म सञ्चालनमा रहेका अनुमतिपत्रसम्बन्धी विवरण**

| सि.नं. | दूरसञ्चार सेवाको नाम | जम्मा सेवाप्रदायक |
|---|---|---|
| १. | आधारभूत दूरसञ्चार सेवा | १ |
| २. | आधारभूत टेलिफोन सेवा | १ |
| ३. | जि.एस.एम. सेलुलर मोबाइल सेवा | २ |
| ४. | नेटवर्क सेवाप्रदायक | २३ |
| ५. | भिस्याट प्रयोगकर्ता | ११ |
| ६. | इन्टरनेट (इमेलसहित) | १२८ |
| ७. | जि.एम.पि.सि.एस. सेवा | २ |
| ८. | ग्रामीण दूरसञ्चार सेवा | १ |
| ९. | ग्रामीण इन्टरनेट सेवाप्रदायक | ३ |
| १०. | अन्तर्राष्ट्रिय ट्रङ्क टेलिफोन सेवा | १ |
| ११. | भिस्याट प्रयोगकर्ता (ग्रामीण) | ७९ |

*स्रोत : दूरसञ्चार प्राधिकरण, वार्षिक प्रतिवेदन २०८०*

**तालिका नं. ८.१२**
**आ.व. २०८०/०८१ को वैशाख मसान्तसम्म अनुमतिप्राप्त प्रसारण सेवाप्रदायकहरूको विवरण**

| सि.नं. | सञ्चार सेवाको नाम | जम्मा सेवाप्रदायक |
|---|---|---|
| १. | रेडियो सञ्चालन संस्था | ११८३ |
| २. | स्थानीय तथा राष्ट्रिय टेलिभिजन | २४२ |
| ३. | विदेशी डाउनलिङ्क टेलिभिजन | १८८ |
| ४. | विदेशी टि.भी.को सिग्नल वितरक | ६३ |
| ५. | डिजिटल केबल वितरक | १५ |
| ६. | DTH | १ |
| ७. | MMDS को माध्यबाट टि.भी. वितरक | ३ |
| ८. | DTTB का माध्यबाट टि.भी. वितरक | ५ |
| ९. | IPTV का माध्यबाट टि.भी. वितरक | १२ |

*स्रोत : सूचना तथा प्रसारण विभाग*

हुलाक सेवा विभागले आफ्नो सेवा विविधीकरण गर्ने क्रममा सुगमदेखि दुर्गम जिल्लाहरूसम्म विद्युतीय सञ्चारको पहुँच पुऱ्याउने मूल ध्येयका साथ टेलिसेन्टर सेवा सञ्चालन गरेको पाइन्छ। हुलाक सेवाअन्तर्गत ४ केन्द्रीय कार्यालय, ४ क्षेत्रीय हुलाक कार्यालय, ७० जिल्ला हुलाक कार्यालय, ८४२ इलाका हुलाक कार्यालय, ३०७४ ओटा अतिरिक्त हुलाक कार्यालयहरू रहेका छन्। सबै हुलाक वस्तुको Tracking गर्ने व्यवस्थाका लागि Postal Internal Tracking System (PITS) प्रणालीको सुरुवात भएको छ। चालू आ.व. २०८०/८१ को बजेट वक्तव्यमार्फत् इलाका हुलाक कार्यालय र अतिरिक्त हुलाक कार्यालयहरू क्रमशः हटाउँदै जाने नीति लिएको छ।

## ८.९ वातावरण तथा जलवायु परिवर्तन

नेपाल भूपरिवेष्ठित देश हो। नेपालको भौगोलिक बनावट नवीन पर्वत शृङ्खलाले बनेको छ। औद्योगिक विकास अत्यन्त न्यून भए तापनि तराई, पहाड र काठमाडौं उपत्यकामा प्रशस्त इँटाभट्टाहरू छन्। अव्यवस्थित सहरीकरणले सहरछेउका नदीनाला अत्यन्त नराम्रोसँग प्रदूषित भएका छन्। वर्षा अनियमित छ। भूक्षयीकरण उच्च छ। वन अतिक्रमण बढ्दो छ। २०७९ फागुनसम्म झाडी बुट्यानबाहेक नेपालमा ४१.६९ प्रतिशत वन क्षेत्र रहेको छ। २०७८ फागुनसम्म यस्तो क्षेत्र ४०.४ प्रतिशत रहेको



कालापत्थरमा मन्त्रिपरिषद् बैठक, १९ मंसिर २०६६

थियो । सन् १९६६ देखि नेपाल World Meterological Organization (WMO) को सदस्य राष्ट्र भएको छ । सरकारले अन्तर्राष्ट्रिय रूपमा वातावरण संरक्षणका लागि पहल सुरु गरेको भए पनि वातावरण संरक्षणका लागि नीति सन् १९८७ मा ल्याएको थियो । पछिल्ला वर्षहरूमा खैरो क्षेत्र (Brown Sector), पानी (Blue Sector) र वन (Green Sector) को संरक्षणमा सरकार प्रयत्नशील छ ।

विश्वव्यापी रूपमा देखा परेको जलवायु परिवर्तन (Climate Change) को नेपालमा पर्ने प्रभावको न्यूनीकरण गर्न रणनीति अवलम्बन गरिएको छ भने जलवायु परिवर्तनले नेपालको हिमालय क्षेत्रमा प्रभाव परेको अनुभव रहेको छ । तापक्रमको वृद्धिदर बढेको छ । हिउँ पग्लने क्रम उच्च छ । यसर्थ नेपाल सरकारले नेपालको हिमालय क्षेत्रको संरक्षणका लागि सगरमाथाको आधारशिविर कालापत्थरमा विश्व समुदायको ध्यान आकर्षण गर्न मिति २०६६ मङ्सिर १९ (४ डिसेम्बर २००९) मा मन्त्रिपरिषद्को बैठक बसेको थियो । हिमालय भएका विश्वका देशहरूबीच हिमालय जोगाउन नेटवर्क बढाउने, विश्वको ध्यानाकर्षण गराउने उद्देश्यले विशेष प्रयासहरूको प्रारम्भ पनि गरिएको छ । पूर्वाधार निर्माण गर्दा वातावरण प्रभाव मूल्याङ्कन गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । प्रभाव मूल्याङ्कन नगरी निर्माण कार्य गर्दा प्रतिकूल प्रभाव पर्ने सम्भावना उच्च रहन्छ ।

बाँकेको नेपालगन्ज र दाङको घोराही, बाराको सिमरा र सुनसरीको झुम्कासमेत चार स्थानमा वायु गुणस्तर मापन केन्द्र स्थापना भई वायु गुणस्तरको अवस्था तत्

समयमा (Real Time) सार्वजनिक हुन थालेको छ। सरकारले कार्बन व्यापारको नियमन र व्यवस्थापनका लागि सन् २००८ देखि रेड (Reducing Emission From Deforestation and Forest Degradation) कार्यक्रम सुरु गरी रेड प्लस कार्यान्वयनमा ल्याएको छ।

### ८.१० दिगो विकास



नागढुंगा टनेल सुरुङमार्गतर्फको आकाशे पुल (फ्लाइओभर), काठमाडौं

विकास एक बहुआयामिक अवधारणा हो। यसले समाजमा निरन्तर प्रगतिउन्मुख परिवर्तनको अपेक्षा राखेको हुन्छ। मानव सभ्यताको सुरुवातसँगै विकास कुनै न कुनै रूपमा निरन्तर हुँदै आएको पाइन्छ। विकसित मुलुकहरूले विकासका नाममा उपलब्ध प्राकृतिक स्रोतसाधनको चरम दोहन गरेपछि सिर्जित वातावरण असन्तुलनको समाधानस्वरूप सन् १९७० को दशकबाट दिगो विकासको अवधारणा सुरु भएको हो। सन् १९८७ मा ब्रुटल्यान्ड कमिसनद्वारा हाम्रो साझा भविष्य (Our common Future) नामक प्रतिवेदन सार्वजनिक गरी सर्वप्रथम दिगो विकास शब्दको प्रयोग गरेको हो, जसअनुसार वर्तमान पुस्ताले उपलब्ध प्राकृतिक संसाधनलाई दृष्टिगत गरी भविष्यमा आफ्ना सन्ततिको आवश्यकता पूरा गर्ने क्षमतामा कुनै असर नपर्ने गरी स्रोत साधनहरूको सही संरक्षण गर्दै विवेकपूर्ण तवरले परिचालन गरिने विकास अवधारणा नै दिगो विकास हो। यो विकास आफैँमा टिकाउ विकास एवम् विनाशरहित विकास हो। यसले नवीकरणीय स्रोतको उपयोगलाई प्रोत्साहन र प्रवर्द्धन गर्दछ। दिगो विकासलाई सामान्यतया वातावरणीय आयामसँग जोडेर हेर्ने गरिए तापनि यो एक बहुआयामिक तथा गतिशील विषय हो, जसले

विकासका राजनीति, आर्थिक, सामाजिक, सांस्कृतिकलगायत समग्र आयामलाई समेटेको हुन्छ ।

नेपालको सन्दर्भमा आठौँ योजनाबाट औपचारिक रूपमा दिगो विकासको योजना सुरु भएको हो । नेपालको संविधानले विकाससम्बन्धी नीतिमा दिगो विकास कायम गर्ने नीति अवलम्वन गरेको छ । साथै हाल संयुक्त राष्ट्रसङ्घबाट अनुमोदित दिगो विकास लक्ष्यहरूलाई विकासका समग्र पक्षहरूमा आन्तरिकीकरण गर्दै राष्ट्रिय योजना आयोगको नेतृत्वदायी भूमिकामा सरकार, निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी क्षेत्र, सामुदायिक क्षेत्रलगायतका सम्पूर्ण विकास साझेदारहरूको संयुक्त प्रयासमा कार्यान्वयन गर्दै आएको छ । राष्ट्रिय योजना आयोगका अनुसार नेपालमा दिगो विकास लक्ष्य कार्यान्वयन गर्न वार्षिक औसत रु. २० खर्ब २५ अर्ब लाग्ने अनुमान गरिएको छ ।

**दिगो विकासका लक्ष्यहरू**

संयुक्त राष्ट्रसङ्घको ७०औँ महासभाले सन् २०१५ सेप्टेम्बर २५ मा सन् २०१६ देखि २०३० सम्म विश्वको रूपान्तरण र विकासका हरेक आयाममा कसैलाई पनि पछाडि नछोड्ने प्रतिबद्धताका साथ दिगो विकासका लक्ष्यहरूको घोषणा गरेको छ । यसअन्तर्गत दिगो विकासका १७ ओटा लक्ष्य, १६९ ओटा परिमाणात्मक लक्ष्य र ३३२ ओटा विश्वव्यापी सूचक निर्धारण गरिएका छन् । जसमा दिगो विकासमा १७ ओटा लक्ष्य निम्नानुसार रहेका छन् :

लक्ष्य नं. १ : सबै स्थान र सबै प्रकारका गरिबीको अन्त्य

लक्ष्य नं. २ : भोकमरी नियन्त्रण, खाद्य सुरक्षा र पोषणस्तर सुधार एवम् दिगो कृषिको प्रवर्द्धन

लक्ष्य नं. ३ : सबैका लागि स्वस्थ जीवनको सुनिश्चितता

लक्ष्य नं. ४ : सबैका लागि समावेशी, समन्यायिक र स्तरीय शिक्षाको अवसर सुनिश्चितता

लक्ष्य नं. ५ : लैङ्गिक समानता र महिला तथा बालिका सशक्तीकरण

लक्ष्य नं. ६ : सबैका लागि खानेपानी तथा सरसफाइको दिगो उपलब्धताको सुनिश्चितता

लक्ष्य नं. ७ : सबैका लागि भरपर्दो र धानिन सक्ने आधुनिक ऊर्जाको पहुँच सुनिश्चितता

लक्ष्य नं. ८ : भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि एवम् सबैका लागि उत्पादनशील रोजगारी

लक्ष्य नं. ९ : सबल पूर्वाधार, दिगो र समावेशी औद्योगीकरण र नवप्रवर्तन प्रवर्द्धन,



धान रोप्दै कृषक

| | | |
|---|---|---|
| लक्ष्य नं. १० | : | देशभित्र र देशहरूबीच रहेको असमानता न्यूनीकरण |
| लक्ष्य नं. ११ | : | स्वस्थ्य एवम् सुरक्षित सहर तथा मानव बसोवास |
| लक्ष्य नं. १२ | : | दिगो उत्पादन र उपभोगको सुनिश्चितता |
| लक्ष्य नं. १३ | : | जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि तत्काल कार्य |
| लक्ष्य नं. १४ | : | समुद्र, समुद्री किनार र समुद्री स्रोतको संरक्षण एवम् दिगो उपभोग |
| लक्ष्य नं. १५ | : | दिगो विकासका लागि जैविक विविधता संरक्षण, वन व्यवस्थापन र यसविरुद्धका कार्यको नियन्त्रण |
| लक्ष्य नं. १६ | : | शान्त र समावेशी समाज प्रवर्द्धन, न्यायमा समान पहुँच र प्रभावकारी एवम् जवाफदेही संस्थात्मक संरक्षण |
| लक्ष्य नं. १७ | : | दिगो विकासका लागि कार्यान्वयन संयन्त्रको सबलीकरण र विश्व साझेदारी । |

परिच्छेद : नौ

# नेपालमा आमसञ्चार र पत्रकारिता

**९.१ आमसञ्चार र पत्रकारिता**

मानिसहरूले एकैपटक जानकारी पाउने माध्यमलाई आमसञ्चार भनिन्छ। आमसञ्चारबाट विशाल जनसमुदायले कुनै पनि सूचना वा जानकारी एकैपटक पाउने अवसर प्राप्त गर्दछ। 'मास कम्युनिकेसन डिक्सनरी'मा आमसञ्चार भनेको व्यापक रूपमा सूचना, सन्देशहरू भिन्न प्रकृतिका र भौगोलिक रूपमा तितरबितर भएका वा छरिएर रहेका श्रोता, पाठक, दर्शकसामु सम्प्रेषण गरिने प्रक्रिया हो भनी उल्लेख गरिएको छ।


पत्रकारिताका प्राध्यापक लालदेउसा राईका अनुसार आमसञ्चार भन्नाले आमसमाजमा रहेका पाठक, श्रोता वा दर्शकहरूका लागि समसामयिक जानकारी वा शिक्षा वा मनोरञ्जन दिने तथा व्यक्तिगत वा सामाजिक तहमा वैचारिक वा व्यावहारिक परिवर्तन गर्ने खालका सन्देशहरू तुरुन्त पठाउने तथा तीबाटै प्रत्युत्तर पनि पाउने अपेक्षा गर्ने प्रक्रिया हो। आमसञ्चारले आमजनतालाई सुसूचित बनाउने, उनीहरूलाई विश्वमा भइरहेका गतिविधिबारे जानकारी गराई उनीहरूको जीवनमा परिवर्तन ल्याउने काम गर्दछ।

आमसञ्चारमाध्यमहरूमा पत्रपत्रिका, रेडियो, टेलिभिजन, अनलाइन समाचार माध्यम, पुस्तक, पर्चा, पम्प्लेट, होडिङबोर्ड, आमसभा, सिनेमा आदि पर्दछन्। इन्टरनेटका माध्यमबाट हुने अनलाइन समाचार वा अन्य सोसल मिडिया कति जनाले पढे वा हेरे भनेर उनीहरूले क्लिक गरेको आधारमा गन्न सकिने तर्क कसैकसैले दिने गरेका छन्। तर एउटै मानिसले पटक-पटक क्लिक गर्न सक्ने र एकै क्लिकमा पनि सँगै बसेर कम्प्युटरमा एकभन्दा बढीले सँगसँगै हेर्न, पढ्न र सुन्न सक्ने भएकाले यो पनि गणना गर्न नसकिने नै हुन्छ। त्यसैले यी सबै आमसञ्चारका माध्यमहरू हुन्।

पत्रकारिता आमसञ्चारभित्र पर्दछ। पत्रकारितालाई अङ्ग्रेजीमा Journalism भनिन्छ। यो फ्रेन्च भाषाको De Jour बाट बनेको हो। फ्रेन्च भाषामा De Jour भन्नाले दिनभरिको भन्ने बुझिन्छ। De Jour बाट Journal र Journal बाट Journalism भएको मानिन्छ। त्यसैले पत्रकारिता भनेको दिनभरि भएका घटनाहरूमध्ये मुख्य-मुख्य घटनाहरूलाई काटछाँट गरेर त्यसबाट महत्त्वपूर्ण कुराहरू समाचारका रूपमा, अन्तर्वार्ताका रूपमा, समाचार समीक्षा वा सम्पादकीयका रूपमा वा फोटो, कार्टुनका रूपमा प्रकाशन वा प्रसारण गर्नु हो।

पत्रकारितालाई ताजा घटनाका कुराहरू सञ्चालन र सम्पादन गरेर पत्रपत्रिका, रेडियो, टेलिभिजन वा अनलाइन न्युज पोर्टलका माध्यमबाट पाठक, श्रोता वा दर्शकका लागि सरल भाषामा सञ्चार गर्नु हो भन्ने गरिन्छ। पत्रकारितालाई छापा माध्यम र विद्युतीय माध्यम गरी दुई भागमा विभाजन गर्ने गरिएको छ। पत्रपत्रिकाहरू छापा माध्यमअन्तर्गत पर्दछन् भने रेडियो, टेलिभिजन र इन्टरनेटका माध्यमले सञ्चालन हुने अनलाइन मिडिया र सोसल मिडियाहरू विद्युतीय माध्यममा पर्दछन् । यहाँ छापा माध्यम र विद्युतीय माध्यमलाई बेग्लाबेग्लै शीर्षकमा उल्लेख गरिएको छ।

**९.१.१ छापा माध्यम :**


सर्वे भवन्तु सु।
सर्वे भद्राणि पश्यन्तु
गोर्खापत्र
निरोगी सबै हुन् सबै हुन सुखीया। सबै बेस देखुन् नहुन् कै दुखीया॥
सबै को यसै पत्र ले हाथ् सुहाओस्। सबै हर्षले दिल् सबै को भराओस॥१॥
श्रीगणेशायनमः।
नियम
ठेगाना—
पं० नरदेव, मोतीकृष्ण शर्मा
"पशुपत–छापाखाना"
नेपाल.
एडिटर्को राय।

गोरखापत्रको पहिलो अंक

नेपाली भाषामा प्रकाशित पहिलो पत्रिकाको रूपमा वि.सं. १९४३ मा मोतीराम भट्टले काशीमा छपाएको 'गोरखा भारत जीवन' मासिकलाई लिइन्छ। नेपालमै छापिएको पहिलो नेपाली पत्रिकाचाहिँ वि.सं. १९५५ सालको श्रावण महिनामा प्रकाशित 'सुधा सागर' मासिक पत्रिका हो। 'सुधा सागर' निस्केको करिब २ वर्ष १० महिनापछि वि.सं. १९५८ वैशाख २४ का दिन 'गोरखापत्र' जन्मियो। सुरुमा साप्ताहिक रूपमा प्रकाशन भएको यो पत्रिका वि.सं.२००० असोज २९ गते अर्धसाप्ताहिक रूपमा र वि.सं. २००३ पुस ८ देखि हप्तामा तीन पटक प्रकाशन हुन थाल्यो। यो पत्रिका वि.सं. २०१७ फागुन ७ गतेदेखि दैनिक रूपमा प्रकाशन हुन थाल्यो। वि.सं. १९९१ फागुनमा ऋद्धिबहादुर मल्लको सम्पादनमा नेपाली-भाषाको 'शारदा' मासिक पत्रिका प्रकाशन हुन थाल्यो। नेपालमा लेखकहरूलाई प्रोत्साहित गर्न र सबैसँग परिचय गराउन सफल भएको 'शारदा' पत्रिका २०१० सालमा

आएर बन्द भयो। वि.सं. २००७ साल फागुन ८ गते सिद्धिचरण श्रेष्ठको सम्पादनमा प्रकाशित 'आवाज दैनिक' पत्रिका नेपालमा प्रकाशित पहिलो दैनिक पत्रिका थियो। नेपालमा प्रकाशित पहिलो अङ्ग्रेजी पत्रिका वरुणशमशेरको सम्पादनमा सन् १९५४ मा प्रकाशित 'नेपाल गार्जियन' हो। उक्त पत्रिकाको छपाइ भने कलकत्तामा भएको थियो। वि.सं. २००७ सालमा वनारसमा छापिएको बालचन्द्र शर्माद्वारा सम्पादित 'नवनेपाल साप्ताहिक' नेपालमा प्रकाशित पहिलो हिन्दी भाषाको पत्रिका हो। प्रथम धार्मिक पत्रिकाको रूपमा समेत चिनिएको 'धर्मोदय' नेपाल (नेवारी) भाषामा प्रकाशित पहिलो पत्रिका हो। उक्त पत्रिका वि.सं. २००४ सालमा प्रकाशित भएको थियो। त्यसैगरी मैथिली भाषाको 'इनाप' र भोजपुरी भाषाको 'फूलपात' आ-आफ्नो भाषाका पहिला पत्रिका हुन्। नेपालमा पत्रपत्रिका दर्ता व्यवस्थाको सुरुवात वि.सं. १९९४ सालदेखि भएको हो।



गोरखापत्रमा प्रकाशित पहिलो तस्बिर

पत्रपत्रिकाको सङ्ख्या वृद्धि हुँदै गएपछि यस क्षेत्रमा पनि सुधारको आवश्यकता महसुस गरी २०१४ सालमा शाही प्रेस कमिसन गठन भयो। नेपालमा वि.सं. २०१५ साल फागुनदेखि सर्वोच्च अदालतबाट 'नेपाल कानुन पत्रिका' मासिक रूपमा प्रकाशन हुन थाल्यो। ऐन-कानुनसम्बन्धित संशोधन, आदेश, अध्यादेश, नियम सूचनाहरू आदि सङ्गृहीत यो पहिलो पत्रिका थियो। वि.सं. २०२७ सालमा नाम परिवर्तन गरी प्रेस सल्लाहकार परिषद् नामकरण गरियो। प्रेस जगत्लाई अझ जिम्मेवार, मर्यादित र प्रभावकारी बनाउने सन्र्दभमा प्रेस काउन्सिलले आचारसंहिता लागू गर्ने, प्रकाशित पत्रपत्रिका वितरण सम्परीक्षणको मापदण्ड र प्रक्रियालाई सुधार गरी पत्रपत्रिका वितरण सम्परीक्षणको मापदण्ड र प्रक्रिया तयार गरी लागू गर्नेलगायतका कार्य गर्दछ।

**तालिका नं. ९.१**

आ.व. २०८०/०८१ को असार मसान्तसम्म दर्ता भएका पत्रपत्रिकाहरूको विवरण

| दैनिक | अ.सा. | साप्ताहिक | पाक्षिक | मासिक | द्वै.मा. | त्रै.मा. | चौ.मा. | अ.वा. | वार्षिक | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७६६ | ३८ | २९८८ | ४८४ | २३८४ | ३९७ | ६६१ | ४१ | ९२ | ९४ | ६० | ८००५ |

*स्रोत : सूचना तथा प्रसारण विभाग*

नेपालको संविधानमा नागरिकलाई प्रत्याभूत गरिएको मौलिक हकअन्तर्गत सञ्चारको हकको व्यवस्था गरिएको छ । यसले प्रेस स्वतन्त्रताको विश्वव्यापी सान्दर्भिकतालाई नेपाली पत्रकारिता जगत्मा स्थापित गर्ने अपेक्षा राखिएको छ। छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ र नियमावली, २०४९ ले पनि नेपाली पत्रकारिताको आयामिक विकासमा महत्त्वपूर्ण योगदान गरेको मान्नुपर्दछ। यसमा छापा पत्रिका दर्ता, पत्रकार परिचय-पत्र वितरण, प्रकाशन गर्न निषेधित विषयवस्तु, प्रेस रजिस्ट्रारको व्यवस्था, पत्रपत्रिकाको श्रेणी विभाजन प्रक्रिया जस्ता विषयवस्तु समेटिएका छन् । श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ तथा नियमावली २०५३ मा श्रमजीवी पत्रकारको हित संरक्षण, क्षमता विकास, अनुगमन व्यवस्था, उजुरी व्यवस्था, विवाद समाधानका विकल्पहरू, न्यूनतम पारिश्रमिक निर्धारण व्यवस्थालगायतका विषयहरू समावेश गरी नेपाली सञ्चार जगत् र सञ्चारकर्मी दुवैलाई व्यवस्थित, मर्यादित, सुरक्षित र व्यावहारिक बनाउन योगदान गरेको छ ।

**छापाखाना**

पन्ध्रौँ शताब्दीतिरै तयार भएको छापाखाना वि.सं. १९०८ मा जङ्गबहादुर राणाले बेलायतबाट फर्कंदा नेपाल भित्र्याएका हुन्। 'गिद्धे प्रेस'को नामले परिचित सो प्रेसको वास्तविक नाम 'कोलम्बियन प्रिन्टिङ प्रेस' थियो । जङ्गबहादुरको निवासस्थान थापाथलीमा राखिएको सो प्रेसले वि.सं. १९५८ सम्म हुलाकपत्र, लिफाफा, टिकट, सरकारी कागजपत्र आदि छाप्ने गर्‍यो । यसको केही वर्षपछि नै ठँहिटीमा 'मनोरञ्जन छापाखाना' स्थापना भयो । नेपालमा ऐनको किताब पनि सबैभन्दा पहिले 'मनोरञ्जन छापाखाना'बाटै छापिएको थियो । संवत् १९३० देखि १९३३ सालको बीचमा वीरशमशेरको निवासस्थान नारायणहिटीमा अर्को एउटा छापाखाना स्थापना गरियो । योबाहेक अर्को एउटा सरकारी छापाखाना पनि थियो। यसलाई 'जङ्गी लिथोग्राफी छापाखाना' भनिन्थ्यो । यो छापाखाना १९४९ सालभन्दा अगाडिदेखि नै वसन्तपुरमा थियो । नेपालमै पनि १९४९ सालमा कुवेररत्न बज्राचार्यले हाते प्रेस बनाएका थिए । जुन प्रेसले १९७९ सम्म 'बुद्ध प्रेस'को नाममा संस्कृत र नेवारी भाषाका धार्मिक पुस्तक छाप्ने गर्दथ्यो । पछि विभिन्न व्यक्ति हुँदै र विभिन्न स्थानमा पुग्दै यही प्रेस 'अन्नपूर्ण' प्रेसमा परिवर्तित भयो ।

वि.सं. १९६३ सालमा सरकारबाट एउटा सानो र एउटा ठुलोसमेत दुईओटा हाते प्रेस किनिए । यसका अतिरिक्त कुशल शिल्पी गेहेन्द्रशमशेरले पनि प्रेस बनाई 'नारायण प्रेस'को नाउँबाट जमलमा स्थापना गरेका थिए । नेपालमा सरकारी छापाखानाबाहेक व्यवसायको रूपमा सबैभन्दा पहिले संवत् १९५० सालमा पण्डित मोतीकृष्ण तथा धीरेन्द्रकृष्णद्वारा ठँहिटीमा 'पशुपत प्रेस' नामक छापाखानाको स्थापना भयो । नेपालमा संवत् १९६९ सालमा बिजुलीबाट सञ्चालित छापाखानाको स्थापना भयो । यो पहिलो बिजुलीबाट सञ्चालित छापाखाना नक्सालमा राखिएको थियो ।

प्रजातन्त्र पुनर्बहालीपश्चात् छापाखाना तथा पत्रपत्रिकासम्बन्धी मौलिक हकको

संवैधानिक व्यवस्था भएपछि छापाखाना उद्योगको व्यापक विस्तार हुँदै आएको छ। वर्तमान नेपालमा थुप्रै प्रेसहरू छन् र अझै पनि विस्तार हुँदै छन्। सरकारी तथा गैरसरकारी केही विशिष्ट प्रेसहरूमा नेपाल सरकारको मुद्रण विभागको छापाखाना, गोरखापत्रको छापाखाना, जनक शिक्षा सामग्री केन्द्रको एजुकेसन प्रेस, त्रि.वि. छापाखाना, जोरगणेश प्रेस, सहयोगी प्रेस आदि प्रमुख हुन्। सहरी क्षेत्रमा प्रेसको सुविधा उपलब्ध भए तापनि दुर्गम पहाडी जिल्लामा अझै पनि सामान्य प्रेसको उपलब्धता छैन भने केन्द्रीय तहमा सुरक्षित प्रेसको आवश्यकता महसुस गरिएको छ।

### ९.१.२ टेलिभिजन

आमसञ्चारको सबैभन्दा सशक्त माध्यम टेलिभिजनको प्रयोग गर्ने निर्णय भएपछि २०४१ साल माघ १७ गते सरकारले प्रारम्भिक तयारीका निमित्त नेपाल टेलिभिजन परियोजनाको स्थापना गऱ्यो, जुन नेपालको टेलिभिजन युगमा पहिलो कदम थियो। नेपाल टेलिभिजनले आफ्नो प्रथम सफल परीक्षण प्रसारण २०४२ साल साउन २९ गते गऱ्यो। २०४२ सालमा संस्थानमा परिणत भएको तेस्रो दिनदेखि नै नेपाल टेलिभिजनले आफ्नो नियमित कार्यक्रम प्रसारणको शुभारम्भ गऱ्यो। परियोजनाले यु.एच.एफ. ब्यान्डमा भि.एच.एफ. ट्रान्समिटरबाट सुरुमा आधा घण्टा र २०४२ पौष १४ गतेदेखि साँझ ७ बजेदेखि ९ बजेसम्म २ घण्टाको नियमित प्रसारण प्रारम्भ गऱ्यो। २०४३ असार ११ गते राजा वीरेन्द्रबाट संसद् भवनबाट भएको सम्बोधनको पहिलोपल्ट प्रत्यक्ष प्रसारण गरेको थियो। जुन UHF Transmitter (0.5 Watt) प्रयोग गरी Yagi Receiving Anteena बाट सिंहदरबारस्थित भवनमा सिग्नल प्राप्त गरी पुनः १०० Watts को VHF Transmitter मार्फत प्रसारण गरिएको थियो। नेपाल टेलिभिजनको प्रसारण विश्वभरिका राष्ट्रहरूमा भू-उपग्रहमार्फत टेलिभिजनका सङ्केत तरङ्गहरूबाट विस्तार भइसकेको छ।

२०४४ कात्तिक २५ गते फूलचोकीमा रिले स्टेसनको स्थापना गरी २०४६ वैशाख १ गतेदेखि प्रभातकालीन प्रसारण प्रारम्भ भएको थियो। २०४२ साल पौष १४ गते आफ्नो नियमित प्रसारण प्रारम्भ गरेको नेपाल टेलिभिजनले २०६० आश्विन १० गते एन.टि.भी. मेट्रोको सह-प्रसारण प्रारम्भ गरेको छ। अबका दिनहरूमा टेलिभिजन प्रसारणमा प्रतिस्पर्धा गर्दै जानुपर्ने भएको छ। २०७९ फागुनसम्म २४५ ओटा नेपाली स्थानीय तथा राष्ट्रिय टेलिभिजनले प्रसारण अनुमति लिएका छन् भने १४२ विदेशी च्यानलका लागि डाउनलिङ्क अनुमति प्रदान गरिएको छ। साथै २०८० फागुन मसान्तसम्म १०६ वटा टेलिभिजन नियमित प्रसारणमा रहेका छन्।

### ९.१.३ रेडियो प्रसारण

नेपालमा राणा प्रधानमन्त्री जुद्धशमशेरको पालामा मात्र रेडियो सेट झिकाइएको देखिन्छ। राणा प्रधानमन्त्री पद्मशमशेरको शासनकालमा २००४ सालदेखि सर्वसाधारण नेपालीलाई रेडियो राख्न पाउने स्वतन्त्रता प्राप्त भयो। रेडियो सेट

आए तापनि तिनमा विदेशी प्रसारण मात्र सुन्न पाइन्थ्यो। २००४ सालतिर तत्कालीन प्रधानमन्त्री पद्मशमशेरको पालामा काठमाडौँको बिजुली अड्डामा साँझपख स्थानीय बजारभाउ र भजन प्रसारण गर्न आकाशवाणीको सेट प्रयोग गरिएको कुरा उल्लेख छ ।

२००७ सालमा देशभर जनक्रान्तिको लहर फैलियो। यही वेला विराटनगरको क्रान्ति मैदानबाट 'नेपाल प्रजातन्त्र रेडियो' नामले सर्वप्रथम रेडियो गुन्जियो। यो एउटा सानो 'टेलवार' नामक ट्रान्समिटरको सहायताबाट चलेको थियो । जुन ट्रान्समिटर काठमाडौँ ल्याएर सिंहरदबार परिसरभित्र राखी २००७ साल चैत्र २० गतेका दिनदेखि प्रसारण-कार्य शुभारम्भ गरियो। २५० वाटको ट्रान्समिटरको सहायताले प्रसारित रेडियोको नाम पछि 'नेपाल प्रजातन्त्र रेडियो' बाट 'नेपाल रेडियो' र त्यसपछि 'रेडियो नेपाल' भएको हो । २००९ सालमा मिडियम वेभ ७५ वाटको ट्रान्समिटरद्वारा भिन्दै प्रसारण सुरु भएको थियो । रेडियो नेपालको २०१२ सालमा ५ किलोवाट सर्टवेभ ट्रान्समिटरको स्थापना जाउलाखेलमा भयो । २०१४ साल चैत्र २९ गते रेडियो ऐन, २०१४ लालमोहर सदर भई २०१५।१।४ को नेपाल गजेटमा प्रकाशित भयो। रेडियो नेपालले साङ्गठनिक सुधारद्वारा सङ्ख्यात्मक क्षमता अभिवृद्धि गर्दै कार्यक्रममा विविधता गर्दै सर्टवेभ, मिडियम वेभ र फ्रिक्वेन्सी मोडुलेसनको विस्तार गर्दै लगेको पाइन्छ ।

रेडियो नेपालले नेपाली, अङ्ग्रेजी भाषामा समाचार बुलेटिनका अतिरिक्त मगर, गुरुङ, तामाङ, राई बान्तवा, लिम्बू, नेवारी, भोजपुरी, हिन्दी, उर्दू, पूर्वी थारू, पश्चिमी थारू, अवधी, शेर्पा, मैथिली, संस्कृत, खाम मगर र डोटेली भाषामा पनि समाचार बुलेटिन प्रसारित गर्दै आएको छ । रेडियो नेपालले आफ्ना कार्यक्रमहरू २६ अगस्ट १९९९ देखि भि-स्याट नेटवर्कबाट प्रसारण आरम्भ गरेको थियो । त्यसैगरी आफ्नो श्रोताहरूबीच पहुँच पुऱ्याउने हेतुले रेडियो नेपालले इन्टरनेटमा पनि प्रवेश गरिसकेको छ । नेपालमा एफ.एम. रेडियो प्रसारणको प्रारम्भ रेडियो नेपालले २०५२ माघ २८ मा गरेको थियो ।

२०८०/०८१ को आर्थिक सर्वेक्षणअनुसार नेपालमा रेडियोको पहुँच ९३.० प्रतिशत पुगेको छ। अनलाइनमार्फत संसारभर २४सै घण्टा ३२ भाषामा समाचार र २१ भाषामा कार्यक्रम प्रसारण भइरहेको छ । २०८० फागुनसम्म ७२० एफएम र १०६ टेलिभिजन नियमित प्रसारणमा रहेका छन् । २०७९ असार मसान्तसम्म ७१४ एफएम र १०२ टेलिभिजन नियमित प्रसारणमा रहेका थिए ।

### ९.१.४ अनलाइन सञ्चारमाध्यम

सूचना प्रविधिको विकाससँगै नेपालमा अनलाइन मिडियाले आफ्नो सशक्त उपस्थिति देखाइसकेको छ । नेपालमा अनलाइन सञ्चारमाध्यमको औपचारिक दर्ता

भने अनलाइन सञ्चारमाध्यम निर्देशिका, २०७३ जारी गरी वि.सं. २०७३ चैत्र ९ गतेबाट नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गत सूचना तथा प्रसारण विभागबाट हुँदै आएको छ । आ.व. २०८०/०८१ को असार मसान्तसम्म सूचना तथा प्रसारण विभागमा ४६३२ अनलाइन दर्ता भएका छन् । जसमध्ये सोही आ.व.मा ५५६ वटा नयाँ अनलाइन दर्ता तथा १४९२ ओटा अनलाइन सञ्चारमाध्यम नवीकरण भएका छन् । ठुला लगानीमा सञ्चालित प्रायः सबैजसो दैनिक, साप्ताहिक, पाक्षिक तथा मासिक पत्रिकाहरूले समेत आआफ्ना अनलाइन संस्करण प्रकाशन गर्ने गरेका छन् । पछिल्ला दिनहरूमा यो क्रमलाई एफएम रेडियो तथा टेलिभिजनहरूले समेत अनुसरण गरेका छन् । घटनाक्रमहरूको तत्कालै जानकारी गराउने यी मिडियाहरूले प्रकाशित सामग्रीहरूको बारेमा तुरुन्तै पाठक प्रतिक्रियासमेत प्रकाशन गर्ने गरेका छन् । आगामी दिनमा अनलाइन मिडिया पनि मानव जीवनको अभिन्न पक्ष हुने छ ।

### ९.२. राष्ट्रिय समाचार समिति

नेपाली पत्रकारितामा समाचार समितिको इतिहास वि.सं. २०१६ सालदेखि सुरु भएको पाइन्छ । निजी क्षेत्रबाट २०१६ साल पौष १ गते काठमाडौँमा स्थापना गरेको 'नेपाल संवाद समिति' (नेसस) नै नेपालको पहिलो समाचार समिति हो । त्यसको केही समयपछि निजी क्षेत्रबाटै २०१७ वैशाख ३० गते काठमाडौँमै अर्को समाचार समिति सगरमाथा संवाद समिति (ससस) स्थापना भयो । नेसस र सससलाई एकीकरण गरी २०१८ फागुन ७ गते राष्ट्रिय समाचार समिति (रासस) को स्थापना गरियो । २०१८ फागुन ७ गतेदेखि राससले आफ्नो नियमित समाचार बुलेटिन प्रारम्भ गऱ्यो । राज्य सञ्चालित समाचार समितिको रूपमा रहेको राससलाई कानुनी स्वरूप प्रदान गर्न रासस ऐन, २०१९ जारी भयो । राससले दिनमा पाँच पटक आफ्नो समाचार बुलेटिन प्रकाशित गर्दछ । नेपाली र अङ्ग्रेजी भाषामा प्रकाशित हुने यी बुलेटिनहरू राससको समाचारका उपभोक्ता (दैनिक पत्रिकाहरू, रेडियो प्रसारण, टेलिभिजन प्रसारण आदि) समक्ष इन्टरनेटको माध्यमबाट पुग्दछ । काठमाडौँ उपत्यकाका साथै नेपालका विभिन्न स्थानबाट प्रकाशित पत्रपत्रिका, रेडियो प्रसारण, टेलिभिजन प्रसारणका लागि आधिकारिक एवम् विश्वसनीय समाचारको स्रोत रासस नै रहेको छ ।

राससले AP, AFP, Xinwa, Reuters र PPI जस्ता अन्तर्राष्ट्रिय समाचार समितिबाट विश्वका विभिन्न स्थानका समाचारहरू प्राप्त गरी आफ्ना समाचारका उपभोक्ताहरूलाई वितरण गर्दछ । यसका साथै AP, AFP, Xinwa, Reuters बाट प्राप्त अन्तर्राष्ट्रिय घटनाक्रमका आकर्षक फोटोहरूबाट नेपालका दैनिक समाचारपत्रहरूको आकर्षण बढाई पाठकलाई थप सूचना र सन्तुष्टि प्रदान गराउनमा राससको उल्लेखनीय भूमिका रहिआएको छ ।

## ९.३ सञ्चारसँग सम्बन्धित निकायहरू

### (क) सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना प्रणालीको विकास र विस्तारका लागि कार्य विभाजन नियमावली, २०२४ ले सूचना तथा प्रसार मन्त्रालयको व्यवस्था गरी सञ्चारलाई यातायात, सञ्चार र जलविद्युत् मन्त्रालयमा राखेको थियो। प्रशासन सुधार आयोग, २०२५ ले सूचना र प्रसारण क्षेत्रलाई गृह, पञ्चायत तथा सूचना प्रसार मन्त्रालयअन्तर्गत बनाउन सिफारिस गरेअनुरूप वि.सं. २०२६ सालमा निर्माण, सञ्चार र यातायात मन्त्रालय स्थापना भएको हो। विशिष्टीकृत रूपमा सञ्चार मन्त्रालयको स्थापना वि.सं. २०२८ साल साउन १ गते भएको हो। तत्कालीन सञ्चार मन्त्रालयलाई उच्चस्तरीय प्रशासन सुधार आयोग, २०४८ को सिफारिसबमोजिम सूचना तथा सञ्चार मन्त्रालयमा परिवर्तन गरिएको थियो। नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम साबिकको सूचना तथा सञ्चार मन्त्रालयमा सूचना प्रविधि क्षेत्रसमेत थप गरी मन्त्रालयको नाम सञ्चार तथा सूचना प्रविधि मन्त्रालय कायम गरिएको छ। सोहीबमोजिम सूचना तथा सञ्चार प्रविधि मन्त्रालयले आमसञ्चार, दूरसञ्चार, सूचना प्रविधि, प्रसारण, हुलाक सेवा, चलचित्र, सुरक्षण मुद्रणलगायतका कार्यको केन्द्रीय निकायको रूपमा नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन गर्दै आएको छ। यिनै काम कारबाहीलाई प्रभावकारी रूपमा सञ्चालन, व्यवस्थापन र नियमन गर्नका लागि यस मन्त्रालयमातहत निम्न निकायहरू सञ्चालनमा रहेका छन् :

**मन्त्रालयसम्बद्ध निकायहरू**

- राष्ट्रिय सूचना आयोग (सम्पर्क मन्त्रालयको रूपमा)
- सूचना तथा प्रसारण विभाग
- मुद्रण विभाग
- सूचना प्रविधि विभाग
- हुलाक सेवा विभाग
- प्रेस काउन्सिल नेपाल
- नेपाल दूरसञ्चार प्राधिकरण
- राष्ट्रिय समाचार समिति
- नेपाल टेलिभिजन
- रेडियो प्रसार सेवा विकास समिति
- गोरखापत्र संस्थान
- न्यूनतम पारिश्रमिक निर्धारण समिति
- चलचित्र विकास बोर्ड
- सुरक्षण मुद्रण विकास समिति
- नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

- राष्ट्रिय सूचना प्रविधि केन्द्र (एकीकृत डाटा व्यवस्थापन केन्द्र)
- विज्ञापन बोर्ड
- प्रमाणीकरण नियन्त्रकको कार्यालय
- राष्ट्रिय साइबर सुरक्षा केन्द्र

**(ख) सूचना तथा प्रसारण विभाग**




नेपाल सरकारका सूचनाहरू जनतासमक्ष पुऱ्याउन राणाशासनको आधा शताब्दीसम्म एक मात्र माध्यम 'गोरखापत्र' थियो । अन्तिम राणा प्रधानमन्त्री मोहन शमशेरले २००५ मा प्रचार विभाग खडा गरे । २००७ सालको प्रजातन्त्रपछि यस विभागलाई 'प्रचार-प्रसार' विभाग नाम दिई गृह मन्त्रालयअन्तर्गत राखियो । प्रचार विभाग, प्रचार-प्रसार विभाग, प्रेस सूचना विभाग, सूचना विभाग गरी समय-समयमा नाम तथा कामको जिम्मेवारी परिवर्तन हुँदै पछिल्लो समय मिति २०७५ वैशाख ४ गते नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार सूचना तथा प्रसारण विभाग कायम भएको छ । प्रजातन्त्रको बहालीपछि नेपालमा पत्रकारिता जगत्को विकासको ढोका खुलेको भए तापनि २०१५ सालमा प्रेस कमिसनले नेपाली पत्रकारिताको विकासमा अनेकौं रचनात्मक सुझाव दिएपछि मात्र यस विभागले पत्रकारिता क्षेत्रको आधुनिक युगमा प्रवेश गरेको हो ।

नेपालको भौगोलिक अवस्था, इतिहास, पुरातात्त्विक सम्पदा, कला, संस्कृति, भेषभूषा, रीतिरिवाज, चाडपर्व तथा नेपालका अन्य विविध पक्षसम्बन्धी सूचनाहरू नेपालभर प्रचार-प्रसार गर्ने र विश्वसामु नेपालको पहिचान गराउनेजस्ता उद्देश्य लिई यस

विभागले समाचारचित्र, वृत्तचित्र र कथानक चलचित्र बनाउने तथा प्रदर्शन गर्ने र त्यस्तै खालका लेख, रचनाहरू २०२७ साल जेठ ३० गतेदेखि नेपाल पत्रिकामार्फत प्रकाशन गर्नेजस्ता कामहरू गर्दै आएको देखिन्छ । हाल नेपाल पत्रिकालाई नेपाल सरकारको नीतिमूलक पत्रिकाको रूपमा विकास गर्दै लैजाने सोच विभागको रहेको छ । यस विभागबाट विभिन्न विद्वान् लेखकहरूबाट लिखित एवम् अनुवादित विभिन्न उपयोगी र ज्ञानवर्द्धक पुस्तक-पुस्तिकाहरू प्रकाशन एवम् निःशुल्क वितरणका अलावा आमा, हिजो आज भोलि र परिवर्तनजस्ता नेपाली कला संस्कृति र मनोरञ्जनले भरिपूर्ण नेपाली कथानक चलचित्रहरू पनि निर्माण र प्रदर्शन भएका थिए ।

नेपाल सरकारको सूचना प्रवाह गर्ने, नेपाली पत्रकारहरूको पेसागत हकहितको संरक्षण एवम् पत्रकारिता जगत्को स्वस्थ, मर्यादित तथा संस्थागत विकासका लागि सूचना तथा प्रसारण विभाग आफ्नो सेवा प्रदान गर्ने कार्यमा कटिबद्ध छ । संवैधानिक कानुनहरूको कार्यान्वयन गराउने क्रममा पत्रकारहरूलाई प्रेस प्रतिनिधि प्रमाणपत्र उपलब्ध गराउने र पत्रपत्रिका एवम् पत्रकारको अभिलेख राख्ने तथा पत्रकारको क्षमता विकास गर्ने जिम्मेवारीसमेत यस विभागले पूरा गर्दै आएको छ ।

सूचना तथा प्रसारण विभागले सार्वजनिक सूचनालाई एकै थलोमा सङ्ग्रह गरी वितरण गर्न सूचनाको हब निर्माण गरी वितरण गर्ने, नेपाल पत्रिकामा सरकारका नीतिहरू प्रकाशन गर्ने, फोटो बैङ्क स्थापना गर्ने कार्यको थालनी गरेको छ । साथै, दुर्गम क्षेत्रमा कार्यरत श्रमजीवी पत्रकारहरूलाई क्षमता अभिबृद्धि तालिम प्रदान, पत्रकारितामा अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान, कार्यरत पत्रकारहरूका लागि दुर्घटना बीमा, स्थानीय स्तरमा पुगी पत्रकारहरूका लागि घुम्तिशिविर सञ्चालन तथा पत्रकार वृत्तिकोषमार्फत् जेष्ठ पत्रकारहरूलाई वृत्ति प्रदान गर्ने कार्य गरिरहेको छ ।

यस विभागले विश्वसामु नेपालको पहिचान गराउने उद्देश्य लिई विभिन्न ज्ञानवर्द्धक तथा सूचनामूलक पुस्तक नेपाल परिचय, नेपाल : विविधतामा एकता फोटो पुस्तक, नेपाल द्वैमासिक पत्रिका, शुभकामना डायरी तथा नेपाल सरकारको आधिकारिक क्यालेण्डर जस्ता सामग्रीहरू प्रकाशन तथा वितरण गर्दै आइरहेको छ । यस विभागले नेपाल सरकारको आधिकारिक फोटोग्राफरको हैसियतले राष्ट्र प्रमुख तथा सरकार प्रमुखहरूको विदेश भ्रमण एवम् नेपाल भ्रमणमा आउने मित्रराष्ट्रहरूका राष्ट्र प्रमुख तथा सरकार प्रमुखहरूका तर्फबाट सम्बोधन गरिने पत्रकार सम्मेलनहरूको आयोजना तथा औपचारिक फोटोग्राफरको हैसियतले उक्त अवसरमा आयोजना हुने सरकारी समारोहहरूको तस्बिर छायाङ्कन, प्रकाशन, अभिलेखीकरण तथा निःशुल्क वितरण गर्ने कार्य गर्दै आइरहेको छ ।

२०७५ सालदेखि यस विभागले प्रसारणको कार्यसमेत गर्दै आइरहेको छ । यस विभागले प्रसारणतिर रेडियो सञ्चालन संस्था, राष्ट्रिय टेलिभिजन सञ्चालन तथा वितरक

संस्था, विदेशी टेलिभिजनको downlink तथा सिग्नल वितरक संस्थालाई इजाजत दिने तथा नियमन गर्ने गरिरहेको छ भने सञ्चार उपकरण जस्तै- FM-transtimitter, वाकी-टाकी, VSAT, Digital Headend, Earth station, Amateur Radio लगायतको लाइसेन्स जारी गरिरहेको छ। साथै उक्त उपकरणहरूको बिक्री-वितरणको लाइसेन्स तथा आयात सिफारिस तथा नियमनसमेत गरिरहेको छ। अन्तर्राष्ट्रिय प्रचलनअनुसारको Amateur Radio को परीक्षाको व्यवस्थासमेत गर्दै आइरहेको छ।

**(ग) प्रेस काउन्सिल नेपाल**




पत्रकारितामा पेसागत उच्चतम आचरण कायम राखी स्वस्थ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा संवर्द्धनका लागि वि.सं. २०२७ साल अजोज ६ गते प्रेस काउन्सिल नेपालको विधिगत स्थापना भएको हो। यसले प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम कार्य गर्दै आइरहेको छ। पत्रकारितासम्बन्धी नीतिगत कुराहरू समय-समयमा अवलोकन गरी सम्बन्धित क्षेत्रको राय सल्लाह लिई नेपाल सरकारलाई सुझाव दिने, पत्रकारिताको पेसागत मर्यादा र उत्तरदायित्व कायम गर्ने, स्वस्थ पत्रकारिता विकासका लागि आचारसंहिता तयार गरी कार्यान्वयन र अनुगमन गर्ने, पत्रपत्रिका वर्गीकरण गर्ने, पत्रकारिताको विकासका लागि नेपाल सरकारलाई सुझाव दिने, पत्रकारिताको वितरण स्थितिको अद्यावधिक अभिलेख राख्ने, पत्रपत्रिकामा प्रकाशित समाचारसँग सम्बन्धित विषयलाई लिएर कसैले काउन्सिलमा उजुरी दिएमा सो सम्बन्धमा आवश्यक कारबाही गर्ने, पत्रपत्रिकाको गतिविधि एवम् वस्तुस्थितिबारे अध्ययन र मूल्याङ्कनसहितको वार्षिक प्रतिवेदन सरकारसमक्ष पेस गर्नेजस्ता काम, कर्तव्य र अधिकार प्रेस काउन्सिल नेपालको रहँदै आएको छ। पत्रकारितामा विशेष योगदान पुऱ्याएका पत्रकार, सम्पादक, प्रकाशक, श्रमजीवी

पत्रकारका साथै साहित्यिक पत्रकारितासँग सम्बन्धित महानुभावहरूसमेतको प्रतिनिधित्व गराई काउन्सिल गठन गरिएको छ । प्रेस काउन्सिल ऐन, २०४८ र प्रेस काउन्सिल (कार्य व्यवस्था) नियमावली, २०४९बमोजिम प्रेस काउन्सिल नेपालको नियमित कार्यहरूको व्यवस्थापन हुँदै आएको छ ।

### (घ) नेपाल पत्रकार महासङ्घ

देशभरका पत्रकारहरूको छाता सङ्गठन नेपाल पत्रकार महासङ्घको स्थापना वि.सं. २०१२ साल चैत १६ गते भएको हो । यसका संस्थापक अध्यक्ष पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराई हुन् । सबै जिल्लामा जिल्ला शाखा रहेको यस महासङ्घको प्रमुख उद्देश्य एवम् कार्यहरू यस प्रकार छन् :

- नेपाल राज्यभर आमसञ्चारका विभिन्न क्षेत्रमा क्रियाशील पत्रकारहरूलाई एक सूत्रमा आबद्ध गरी व्यावसायिक नेतृत्व प्रदान गर्ने
- पत्रकारहरूको व्यावसायिक हकहितका लागि नेतृत्व प्रदान गर्दै उनीहरूको हक अधिकारको संरक्षण गर्न क्रियाशील रहने
- जिम्मेवार, उत्तरदायी, अनुशासित पत्रकारिताको संस्थागत विकासमा क्रियाशील हुँदै प्रेस स्वतन्त्रताको आदर्शलाई परिपालना गर्ने
- राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा क्रियाशील पत्रकारिता क्षेत्रसँग सम्बन्धित सङ्घ संस्थाहरूसँग सौहार्द्रपूर्ण सम्बन्ध विस्तार गर्ने तथा विभिन्न देशका सङ्घ संस्थाहरूसँग प्रतिनिधिहरूको आदानप्रदान गर्ने
- पत्रकारिता क्षेत्रसँग सम्बन्धित विषयमा अध्ययन, अनुसन्धान, सभा, सम्मेलन, गोष्ठी, प्रशिक्षण आदि सञ्चालन गर्ने
- पत्रकार जगत्को हितका लागि अन्य आवश्यक काम गर्ने

✦✦✦

परिच्छेद : दश

# नेपालको परराष्ट्र नीति र अन्तर्राष्ट्रिय सम्बन्ध

## १०.१ नेपालको परराष्ट्र नीति र यसका मूल आधारहरू

राणाकाल सुरु हुनुभन्दा अघि नेपालको वैदेशिक सम्बन्ध विस्तार हुन सकेको थिएन। राणा प्रधानमन्त्री जङ्गबहादुर राणाले राणाशासनलाई अक्षुण्ण र चिरस्थायी बनाउन अङ्ग्रेजहरूलाई खुसी पार्ने नीति अपनाएका थिए। यसै उद्देश्यले उनले भारतलगायत बेलायतको समेत भ्रमण गरेका थिए। जङ्गबहादुर राणाले अपनाएको नीतिलाई उनका उत्तराधिकारीहरूले पनि अपनाए। तर सन् १९४७ मा अङ्ग्रेजहरू भारतबाट फिर्ता हुन बाध्य भएपछि नेपालका राणा शासकहरू कमजोर बन्न पुगे। परिणामस्वरूप राणाशासनको पतन भई नेपालमा प्रजातन्त्रको स्थापना भयो। वि.सं. २००७ सालसम्म भारत, बेलायत, फ्रान्स र संयुक्त राज्य अमेरिका गरी चार मुलुकसँग दौत्य सम्बन्ध कायम भइसकेकाले राणाकालको अन्त्यतिर वैदेशिक सम्बन्ध विस्तारमा केही विविधीकरण देखिए पनि परराष्ट्र नीतिको ठोस आधार भने तयार भएको थिएन। राणाशासनको पतन भई प्रजातन्त्रको उदय भएपछि तत्कालीन एकतर्फी परराष्ट्र नीतिमा परिवर्तन आयो र नेपालले अन्तर्राष्ट्रिय सभा सम्मेलनमा सक्रियताका साथ भाग लिन थाल्यो। संयुक्त राष्ट्रसङ्घको मूल्य र मान्यताप्रति आस्था, असंलग्नता एवम् छिमेकी मुलुकहरूसँग मैत्रीपूर्ण सम्बन्ध नै नेपालको परराष्ट्र नीतिका प्रमुख आधार हुन्। नेपालको परराष्ट्र नीतिका प्रमुख आधारलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### १. असंलग्नता

कुनै शक्तिराष्ट्रको सैनिक गठबन्धनमा संलग्न नरही अन्तर्राष्ट्रिय घटनाक्रमप्रति निरपेक्ष वा तटस्थ दृष्टिकोण अवलम्बन गर्नु नै असंलग्नता हो। असंग्लनता भनेको कुनै गठबन्धनबाट स्वतन्त्र रहनु हो। तर विश्व घटनाप्रति मौन दर्शक बन्नु कदापि होइन। नेपाल प्रारम्भदेखि नै असंलग्न आन्दोलनमा सक्रिय रूपमा सहभागी हुँदै आएको छ।

**२. पञ्चशीलप्रति आस्था**

अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारका क्रममा पञ्चशीलका निम्नलिखित पाँच बुँदालाई प्रमुख आधारका रूपमा लिइएको छ, जुन नेपालको परराष्ट्र नीतिको एक महत्त्वपूर्ण आधार हो :

१. एकले अर्को मुलुकको स्वतन्त्रता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सम्मान गर्ने

२. अर्काको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने

३. समानता र पारस्परिक हित कायम गर्ने

४. अनाक्रमण (एकले अर्को मुलुकविरुद्ध आक्रमण नगर्ने)

५. शान्तिपूर्ण सहअस्तित्वको भावनालाई स्वीकार गर्ने

**३. संयुक्त राष्ट्रसङ्घप्रति आस्था**

संयुक्त राष्ट्रसङ्घप्रति आस्था र विश्वास राख्दै विश्वशान्ति र राष्ट्र-राष्ट्रबीच मैत्री र सहयोग अभिवृद्धि गर्न यसको भूमिका र प्रभावकारिता बढाउनुपर्ने कुरामा जोड दिइँदै आएको छ । विश्वशान्तिको स्थापना गर्न संयुक्त राष्ट्रसङ्घअन्तर्गत लेबनान र इजरायलको सीमाक्षेत्र, युगोस्लाभिया र सोमालिया आदि मुलुकहरूमा शान्ति सेना खटाइएको छ ।

**४. क्षेत्रीय सहयोग अभिवृद्धि गर्न जोड**

छिमेकी मुलुकहरूबीच सहयोग र समझदारी बढाउन सन् १९८५ मा स्थापित दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) उपयुक्त हुने हुँदा यसको प्रभावकारिता र सुदृढीकरणका लागि नेपालले जोड दिँदै आएको छ । सार्क सचिवालयको स्थापना नेपालमा हुनुलाई यसै परिप्रेक्ष्यमा हेर्न सकिन्छ । यसैगरी नेपाल बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गाल खाडीको प्रयास (बिम्स्टेक), एसिया सहयोग वार्ता, साङ्घाई सहयोग सङ्गठन आदि जस्ता क्षेत्रीय सहयोग सङ्गठनमा समेत आबद्ध रहेको छ ।

**५. निःशस्त्रीकरण**

शस्त्रास्त्रको होडबाजीलाई न्यून गरी त्यस क्षेत्रमा भइरहेको अथाह धनराशिलाई शिक्षा, स्वास्थ्य आदि क्षेत्रमा लगानी गरी सामाजिक सेवाको स्तर बढाउनुपर्ने एवम् आणविक हातहतियार हटाउने कुरामा नेपालले आफ्नो आवाज बुलन्द बनाएको छ ।

**६. भूपरिवेष्ठित मुलुकको हकहितको सुरक्षा**

नेपाल एक सानो तथा विकासोन्मुख मुलुक भएकाले सबै भूपरिवेष्ठित मुलुकहरूले व्यहोर्नुपरेको समस्याको उचित रूपमा निराकरण गर्दै यी मुलुकको हकहित सुरक्षित गर्नुपर्ने कुरामा जोड दिँदै आएको छ ।

**७. साना तथा अविकसित मुलुकहरूको हकहितको सुरक्षा**

नेपाल एक सानो तथा विकासोन्मुख मुलुक भएकाले यसले आफू जस्ता मुलुकहरूको हकहित अभिवृद्धि गर्न क्षेत्रीय र अन्तर्राष्ट्रिय मञ्चहरूमा जोड दिँदै आएको छ ।

**८. समस्याको शान्तिपूर्ण समाधान**

कुनै पनि अन्तर्राष्ट्रिय विवादहरूको शान्तिपूर्ण समाधान हुनुपर्ने कुरामा जोड दिँदै बल प्रयोग, धम्की तथा युद्ध कुनै पनि समस्याको स्थायी समाधान होइन भन्ने कुरामा नेपाल विश्वस्त छ ।

**९. असल छिमेकीपनको भावना**

नेपाल दुई ठुला-ठुला मुलुक (भारत र चीन) द्वारा घेरिएको सानो मुलुक भएकाले यी दुवै मुलुकसँग सन्तुलित र सुमधुर सम्बन्ध कायम गर्दै विश्वका अन्य मुलुकहरूसँग पनि मैत्रीपूर्ण सम्बन्ध कायम गर्ने नीति नेपालले लिएको छ ।

**१०. दबाब र भेदभावको विरोध**

नेपालले साम्राज्यवाद, उपनिवेशवाद, नवउपनिवेशवाद, विस्तारवाद, जात तथा रङ्गभेदभाव, प्रभुत्ववाद आदिको खुला रूपमा विरोध गर्दै स्वाधीनता एवम् रङ्गभेदविरोधी आन्दोलनको समर्थन गर्दै आएको छ ।

**११. स्वतन्त्र परराष्ट्र नीति**

नेपालले विश्व रङ्गमञ्चमा कसैको अनुयायी नभई आफ्नो न्यायिक मन र विवेकको प्रयोग गरी स्वतन्त्र रूपमा आफ्नो स्पष्ट अवधारणा राख्दै आएको हुँदा नेपाल असंग्लन राष्ट्र भए पनि विश्वमा घट्ने घटनाहरूप्रति संवेदनशील हुँदै आएको छ ।

## १०.२ नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध : ऐतिहासिक सिंहावलोकन

नेपाल दुई विशाल छिमेकी मुलुक भारत र चीनबीचमा अवस्थित एक भूपरिवेष्ठित राज्य हो । देशको अस्मितालाई जोगाइराख्न नेपाल कहिले तिब्बत र चीनसँग जुध्नुपर्‍यो त कहिले अङ्ग्रेजसँग । विगतमा ज्यादै कठिन दिनहरूमा पनि नेपाल कसैको अधीनमा रहेन, आफ्नो सार्वभौमसत्ता र स्वतन्त्रतालाई जोगाइराख्न सक्षम भयो ।

सन् १८१६ मार्च ४ (वि.सं. १८७२) मा भएको सुगौली सन्धिपश्चात् नेपालको परराष्ट्र नीतिले नयाँ दिशा लिएको देखिन्छ भने बेलायतसँग कूटनीतिक सम्बन्ध स्थापना भएपछि नेपालको आधुनिक विश्वसँग नियमित सम्पर्क सुरु भएको मान्न सकिन्छ। नेपालको परराष्ट्र सम्बन्धको औपचारिक सुरुवात भने सन् १८५० मा जङ्गबहादुर राणाले बेलायतको भ्रमण गरेसँगै प्रारम्भ भएको पाइन्छ । त्यस्तै, सन् १९२३ मा चन्द्रशमशेरका पालामा ब्रिटिस सरकार र नेपालबीच शान्ति र मैत्री सन्धिमा हस्ताक्षर भएको थियो । वि.सं. २००७ सालको राजनीतिक परिवर्तनपश्चात् चीन, सोभियत सङ्घ र फ्रान्ससँग नेपालको दौत्य सम्बन्ध स्थापना भएपछि नेपाल अन्तर्राष्ट्रिय क्षेत्रमा प्रवेश गरेको हो । १४ डिसेम्बर १९५५ मा नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्य

बनी एफ्रो एसियाली सङ्गठनको बाङडुङ सम्मेलनमा भाग लियो । सन् १९६१ देखि असंलग्न राष्ट्रहरूको शिखर सम्मेलनमा सम्मिलित भई सक्रिय सदस्यका रूपमा नेपालले आजपर्यन्त विश्वका विभिन्न मञ्चहरूमा भाग लिँदै आएको छ। असंलग्न शिखर सम्मेलनमा नेपालले उपनिवेशवाद, जातीवाद, रङ्गभेद नीति, भूपरिवेष्ठित राष्ट्रहरूको पारवहन अधिकार आदि विषयमा आफ्नो धारणा राख्दै आएको छ। असंलग्न परराष्ट्र नीतिकै कारण नेपालको अन्तर्राष्ट्रिय जगत्मा कुनै पनि बाह्य दबाब रहेको छैन र यो नै नेपालको परराष्ट्र नीतिको आधारस्तम्भ बन्न पुगेको छ ।

संयुक्त राष्ट्रसङ्घको घोषणापत्रअनुसार नेपालले वेलावेलामा निःशस्त्रीकरण, रङ्गभेद नीति उपनिवेशवादको विरोध एवम् कुनै पनि देशमा विदेशी फौजको हस्तक्षेप विनासर्त हटाउनुपर्दछ भन्ने दृष्टिकोण राख्दै आएको छ। फलस्वरूप नेपाल दुई पटकसम्म सुरक्षा परिषद्को सदस्यमा समेत निर्वाचित भयो। संयुक्त राष्ट्रसङ्घले गठन गरेका समितिहरूमा पनि नेपाल संलग्न भएको छ। असंलग्न परराष्ट्र नीतिले विश्व समुदायबीचमा नेपालको सकारात्मक छवि निर्माण गरेको छ। नेपालले संयुक्त राष्ट्रसङ्घअन्तर्गतका विभिन्न निकायहरूको सदस्यतासमेत प्राप्त गरेको छ। असंलग्न आन्दोलनको एक संस्थापक सदस्य भएको नाताले नेपाल विश्वशान्तिको कामना गर्दछ। नेपालको संविधानले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहँदै संयुक्त राष्ट्रसङ्घको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्वशान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने तथा विगतमा भएका सन्धिहरूको पुनरावलोकन गर्दै समानता र पारस्परिक हितको आधारमा सन्धि सम्झौताहरू गर्ने गरी अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशित हुने कुरा उल्लेख गरेको छ। यसै अनुरूप संयुक्त राष्ट्रसङ्घको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्वशान्तिको मान्यताका आधारमा नै हाल नेपालको परराष्ट्र नीति सञ्चालन हुँदै आएको छ। छिमेकी मित्रराष्ट्रहरू र अन्य सबै मुलुकसित आर्थिक, सामाजिक एवम् अन्य क्षेत्रमा समानताका आधारमा सहयोगात्मक सुसम्बन्ध कायम गरी नेपालमा शान्तिलाई अन्तर्राष्ट्रिय मान्यताको आधारमा संस्थागत गर्दै जाने नीति राज्यले अवलम्बन गर्ने छ भन्ने व्यवस्था गरी देशको परराष्ट्र नीति र अन्तर्राष्ट्रिय सम्बन्ध अगाडि बढाउन नेपाल प्रतिबद्ध रहेको प्रष्ट हुन्छ ।

हाल नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्र बनेको परिप्रेक्ष्यमा यसको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको भए पनि नेपालको परराष्ट्र नीति, अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीतिको सञ्चालन गर्ने एकल अधिकार सङ्घअन्तर्गत रहेको छ। प्रदेश र स्थानीय तहले सङ्घसँगको परामर्श, समन्वय र स्वीकृतिमा मात्र अन्तर्राष्ट्रिय सम्बन्धका विषयमा कार्य गर्न सक्ने व्यवस्था संविधानमा नै रहेको छ।

नेपाल र रिपब्लिक अफ नाउरुसँग सन् २०२३ मे ४ मा कूटनीतिक सम्बन्ध स्थापना

भएपछि नेपालसँगै कूटनीतिक सम्बन्ध स्थापना गर्ने मुलुकको सङ्ख्या १७९ पुगेको छ।

**तालिका नं. १०.१**

**कूटनीतिक स्तरमा वि.सं. २००७ सालपूर्व नेपालको दौत्य सम्बन्ध भएका मुलुकहरू**

| क्र.सं. | राष्ट्र | दौत्य सम्बन्ध भएको मिति |
|---|---|---|
| १. | संयुक्त अधिराज्य (बेलायत) | वि.सं. १८७२ (सन् १८१६) |
| २. | सयुक्त राज्य अमेरिका | वि.सं. २००४ वैशाख १२ (सन् १९४७ अप्रिल २५) |
| ३. | भारत | वि.सं. २००४ जेठ ३१ (सन् १९४७ जुन १३) |
| ४. | फ्रान्स | वि.सं. २००६ वैशाख ८ (सन् १९४९ अप्रिल २०) |

**२००७ सालपछि नेपालको दौत्य सम्बन्ध भएका मुलुकहरू**

| क्र.सं. | राष्ट्र | दौत्य सम्बन्ध भएको मिति |
|---|---|---|
| १ | चीन | सन् १९५५ अगस्ट १ |
| २ | सोभियत सङ्घ | सन् १९५६ जुलाई २० |
| ३ | जापान | सन् १९५६ सेप्टेम्बर १ |
| ४ | स्विट्जरल्यान्ड | सन् १९५६ नोभेम्बर १० |
| ५ | श्रीलङ्का | सन् १९५७ जुलाई १ |
| ६ | इजिप्ट | सन् १९५७ जुलाई १६ |
| ७ | जर्मनी | सन् १९५८ अप्रिल ४ |
| ८ | अस्ट्रिया | सन् १९५९ अगस्ट १५ |
| ९ | इटाली | सन् १९५९ अगस्ट ३१ |
| १० | सर्बिया | सन् १९५९ अक्टोबर ७ |
| ११ | पोल्यान्ड | सन् १९५९ नोभेम्बर २५ |
| १२ | मलेसिया | सन् १९६० जनवरी १ |
| १३ | फिलिपिन्स | सन् १९६० फेब्रुअरी १२ |
| १४ | अस्ट्रेलिया | सन् १९६० फेब्रुअरी १५ |
| १५ | म्यानमार | सन् १९६० मार्च १९ |
| १६ | पाकिस्तान | सन् १९६० मार्च २० |
| १७ | नेदरल्यान्ड | सन् १९६० अप्रिल २ |
| १८ | लाओस | सन् १९६० मे २० |

| | | |
|---|---|---|
| १९ | इजरायल | सन् १९६० जुन १ |
| २० | स्विडेन | सन् १९६० जुन १० |
| २१ | थाइल्यान्ड | सन् १९५९ नोभेम्बर ३० |
| २२ | इन्डोनेसिया | सन् १९६० डिसेम्बर २५ |
| २३ | मङ्गोलिया | सून १९६१ जनवरी ५ |
| २४ | हङ्गेरी | सन् १९६१ जनवरी १५ |
| २५ | न्युजिल्यान्ड | सन् १९६१ मे १ |
| २६ | अफगानिस्तान | सन् १९६१ जुलाई १ |
| २७ | अर्जेन्टिना | सन् १९६२ जनवरी १ |
| २८ | चिली | सन् १९६२ |
| २९ | ग्रिस | सन् १९६२ फेब्रुअरी २ |
| ३० | टर्की | सन् १९६२ नोभेम्बर १५ |
| ३१ | लेबनान | सन् १९६३ अगस्ट १८ |
| ३२ | बेल्जियम | सन् १९६३ अगस्ट १९ |
| ३३ | इरान | सन् १९६४ डिसेम्बर १४ |
| ३४ | क्यानडा | सन् १९६५ जनवरी १८ |
| ३५ | जोर्डन | सन् १९६५ अगस्ट २० |
| ३६ | डेनमार्क | सन् १९६७ डिसेम्बर १५ |
| ३७ | बुल्गेरिया | सन् १९६८ अप्रिल १५ |
| ३८ | रोमानिया | सन् १९६८ अप्रिल २० |
| ३९ | अल्जेरिया | सन् १९६८ अप्रिल २९ |
| ४० | स्पेन | सने १९६८ मे १३ |
| ४१ | इराक | सन् १९६८ अक्टोबर ३० |
| ४२ | सिङ्गापुर | सन् १९६९ मार्च २५ |
| ४३ | सुडान | सन् १९६९ जुलाई ११ |
| ४४ | सिरिया | सन् १९७० फेब्रुअरी २६ |
| ४५ | इथियोपिया | सन् १९७१ अप्रिल १५ |
| ४६ | कुबेत | सन् १९७२ फेब्रुअरी २५ |
| ४७ | बङ्गलादेश | सन् १९७२ अप्रिल ८ |
| ४८ | अल्बानिया | सन् १९७२ मे २३ |
| ४९ | नर्बे | सन् १९७३ जनवरी २६ |

| | | |
|---|---|---|
| ५० | उत्तर कोरिया | सन् १९७४ मे १५ |
| ५१ | दक्षिण कोरिया | सन् १९७४ मे १५ |
| ५२ | फिनल्यान्ड | सन् १९७४ सेप्टेम्बर २१ |
| ५३ | तान्जानिया | सन् १९७५ जनवरी १० |
| ५४ | मोरक्को | सन् १९७५ फेब्रुअरी १८ |
| ५५ | क्युवा | सन् १९७५ मार्च २५ |
| ५६ | कम्बोडिया | सन् १९७५ अप्रिल १८ |
| ५७ | भियतनाम | सन् १९७५ मे १५ |
| ५८ | केन्या | सन् १९७५ जुन ३ |
| ५९ | मेक्सिको | सन् १९७५ नोभेम्बर २५ |
| ६० | लक्जमबर्ग | सन् १९७५ नोभेम्बर २५ |
| ६१ | नाइजेरिया | सन् १९७५ डिसेम्बर २० |
| ६२ | लिबिया | सन् १९७५ डिसेम्बर ३० |
| ६३ | पेरु | सन् १९७६ जनवरी २८ |
| ६४ | ब्राजिल | सन् १९७६ फेब्रुअरी ७ |
| ६५ | पोर्चुगल | सन् १९७६ सेप्टेम्बर १ |
| ६६ | बहराइन | सन् १९७७ जनवरी १३ |
| ६७ | ओमान | सन् १९७७ जनवरी २१ |
| ६८ | कतार | सन् १९७७ जनवरी २१ |
| ६९ | संयुक्त अरब इमिरेट्स | सन् १९७७ जनवरी २२ |
| ७० | साउदी अरब | सन् १९७७ मार्च १५ |
| ७१ | कोस्टारिका | सन् १९७७ अगस्ट १६ |
| ७२ | माल्दिभ्स | सन् १९८० अगस्ट १ |
| ७३ | साइप्रस | सन् १९८० अगस्ट १८ |
| ७४ | मौरिसस | सन् १९८१ फेब्रुअरी १२ |
| ७५ | आइसल्यान्ड | सन् १९८१ मे २५ |
| ७६ | भुटान | सन् १९८३ जुन ३ |
| ७७ | होलिसी | सन् १९८३ सेप्टेम्बर १० |
| ७८ | माल्टा | सन् १९८३ सेप्टेम्बर २५ |
| ७९ | ब्रुनाई | सन् १९८४ फेब्रुअरी ३ |
| ८० | पानामा | सन् १९८४ फेब्रुअरी १५ |

| | | |
|---|---|---|
| ८१ | ट्युनिसिया | सन् १९८४ अप्रिल १४ |
| ८२ | सोमालिया | सन् १९८४ अक्टोबर २४ |
| ८३ | जिम्बावे | सन् १९८४ नोभेम्बर २७ |
| ८४ | गाबोन रिपब्लिक | सन् १९८५ जुन १७ |
| ८५ | यमन | सन् १९८५ सेप्टेम्बर २५ |
| ८६ | फिजी | सन् १९८६ जुन १२ |
| ८७ | जाम्बिया | सन् १९८६ सेप्टेम्बर १० |
| ८८ | मोजाम्बिक | सन् १९८६ सेप्टेम्बर ३० |
| ८९ | निकारागुवा | सन् १९८६ अक्टोबर ५ |
| ९० | भेनेजुयला | सन् १९८७ अप्रिल २८ |
| ९१ | कोलम्बिया | सन् १९८७ मे ७ |
| ९२ | बोलिभिया | सन् १९८७ मे २१ |
| ९३ | इथियोपिया | सन् १९९२ अप्रिल २० |
| ९४ | लाटभिया | सन् १९९२ अप्रिल २० |
| ९५ | युक्रेन | सन् १९९३ जनवरी १५ |
| ९६ | अमेरिका | सन् १९९३ मार्च २६ |
| ९७ | काजकिस्तान | सन् १९९३ मार्च २६ |
| ९८ | बेलारुस | सन् १९९३ जुलाई १९ |
| ९९ | मोलडोभा | सन् १९९३ जुलाई २० |
| १०० | चेक रिपब्लिक | सन् १९९४ मार्च २ |
| १०१ | सोल्भाक रिपब्लिक | सन् १९९४ मार्च ४ |
| १०२ | गियाना | सन् १९९४ जुन २ |
| १०३ | साउथ अफ्रिका | सन् १९९४ जुलाई २८ |
| १०४ | अजरबैजान | सन् १९९५ फेब्रुअरी २८ |
| १०५ | सेचिलेस | सन् १९९६ अक्टोबर १० |
| १०६ | स्लोभानिया | सन् १९९७ डिसेम्बर २ |
| १०७ | मेसिडोनिया | सन् १९९८ जनवरी ६ |
| १०८ | क्रोएसिया | सन् १९९८ फेब्रुअरी ६ |
| १०९ | आयरल्यान्ड | सन् १९९९ अगस्ट १९ |
| ११० | बोस्निया हर्जगोभिना | सन् २००० जनवरी १२ |
| १११ | ल्युथानिया | सन् २००५ फेब्रुअरी ८ |

| | | |
|---|---|---|
| ११२ | सान मारियो | सन् २००५ अगस्ट १० |
| ११३ | रिपब्लिक अफ ताजकिस्तान | सन् २००५ सेप्टेम्बर १३ |
| ११४ | जर्जिया | सन् २००५ सेप्टेम्बर २२ |
| ११५ | तुर्किमिनिस्तान | सन् २००५ अक्टोबर १७ |
| ११६ | इक्वेडर | सन् २००६ जुन २१ |
| ११७ | पाराग्वे | सन् २००६ अगस्ट २ |
| ११८ | ग्वाटेमाला | सन् २००६ अगस्ट ८ |
| ११९ | होन्डुरस | सन् २००६ अगस्ट १८ |
| १२० | भानुअटु | सन् २००६ सेप्टेम्बर १९ |
| १२१ | आन्डोरा | सन् २००६ सेप्टेम्बर २२ |
| १२२ | कङ्गो | सन् २००६ सेप्टेम्बर २२ |
| १२३ | हाइटी | सन् २००७ मे २३ |
| १२४ | सेन्ट भिन्सेन्ट | सन् २००७ सेप्टेम्बर २७ |
| १२५ | डोमिनिक रिपब्लिक | सन् २००७ सेप्टेम्बर २८ |
| १२६ | बोत्स्वाना | सन् २००९ जनवरी ८ |
| १२७ | माली | सन् २००९ नोभेम्बर १९ |
| १२८ | लेसोथो | सन् २०१० मे १८ |
| १२९ | मोन्टेनेग्रो | सन् २०११ जुलाई १८ |
| १३० | सोलोमन आइसल्यान्ड | सन् २०११ डिसेम्बर १५ |
| १३१ | उरुग्वे | सन् २०१२ अप्रिल १८ |
| १३२ | मोनाको | सन् २०१२ मे १५ |
| १३३ | इस्लामिक रिपब्लिक अफ मौरिटानिया | सन् २०१२ डिसेम्बर ४ |
| १३४ | टुभालु | सन् २०१२ डिसेम्बर ११ |
| १३५ | इन्डिपेन्डेन्ट स्टेट अफ सामो | सन् २०१३ मार्च २८ |
| १३६ | पपुवा न्युगिनी | सन् २०१३ अप्रिल १२ |
| १३७ | काजकिस्तान | सन् २०१५ जुन ३० |
| १३८ | जमैका | सन् २०१५ अक्टोबर १ |
| १३९ | रिपब्लिक अफ गिनी | सन् २०१६ मे १२ |
| १४० | एल साल्भाडोर | सन् २०१६ सेप्टेम्बर २१ |
| १४१ | युगान्डा | सन् २०१७ जुन १२ |
| १४२ | कोट डिभोइर | सन् २०१७ जुन १६ |

| | | |
|---|---|---|
| १४३ | रिपब्लिक अफ डिबोटी | सन् २०१७ जुलाई १४ |
| १४४ | एन्ट्युग एन्ड बार्बुडा | सन् २०१७ जुलाई २५ |
| १४५ | काबो भेर्ड | सन् २०१७ अगस्ट ३ |
| १४६ | लाइबेरिया | सन् २०१७ अगस्ट १७ |
| १४७ | निगर | सन् २०१७ सेप्टेम्बर २० |
| १४८ | इरिस्ट्रा | सन् २०१७ अक्टोबर ३१ |
| १४९ | बहामस | सन् २०१७ नोभेम्बर ७ |
| १५० | लिचटेन्सटिन | सन् २०१७ नोभेम्बर २४ |
| १५१ | एङ्गोला | सन् २०१७ डिसेम्बर ९ |
| १५२ | बुर्किनाफासो | सन् २०१७ डिसेम्बर २९ |
| १५३ | बिनिन | सन् २०१८ जनवरी २३ |
| १५४ | उज्वेकिस्तान | सन् २०१८ जनवरी २६ |
| १५५ | सेन्ट किट्स एन्ड नाभी | सन् २०१८ मे ३० |
| १५६ | बुरुन्डी | सन् २०१९ जुन ६ |
| १५७ | रुवान्डा | सन् २०१९ जुलाई २० |
| १५८ | मडकास्कर | सन् २०१८ डिसेम्बर २६ |
| १५९ | सुरेनामी | सन् २०१८ अक्टोबर ११ |
| १६० | टोगो | सन् २०१९ मार्च २२ |
| १६१ | इक्वाटोरिल जिनिया | सन् २०१९ अप्रिल ३० |
| १६२ | इस्वाटिनी | सन् २०१९ मे ९ |
| १६३ | सेन्ट लुसिया | सन् २०१९ अगस्ट २७ |
| १६४ | घाना | सन् २०१९ सेप्टेम्बर २५ |
| १६५ | डोमिनिका | सन् २०२१ अप्रिल ३० |
| १६६ | गाम्बिया | सन् २०२१ मे २४ |
| १६७ | सेरालियोन | सन् २०२१ जुन २९ |
| १६८ | बार्बाडोस | सन् २०२१ डिसेम्बर ८ |
| १६९ | तिमोर लेस्ते | सन् २०२२ फेब्रुअरी ११ |
| १७० | रिपब्लिक अफ पालाउ | सन् २०२२ मार्च २१ |
| १७१ | रिपब्लिक अफ साउथ सुडान | सन् २०२२ मार्च २८ |
| १७२ | बेलिज | सन् २०२२ अप्रिल १ |

| | | |
|---|---|---|
| १७३ | रिपब्लिक अफ ट्रिनिडाड एन्ड टोबागो | सन् २०२२ जुन १६ |
| १७४ | रिपब्लिक अफ मलावी | सन् २०२३ फेब्रुअरी १६ |
| १७५ | रिपब्लिक अफ नउरु | सन् २०२३ मे ४ |
| १७६ | रिपब्लिक अफ क्यामरुन | सन् २०२३ जुन २२ |
| १७७ | रिपब्लिक अफ मार्सल आइसल्यान्ड | सन् २०२३ जुन २३ |
| १७८ | किङडम अफ टोङ्गा | सन् २०२४ मार्च १ |

*स्रोत : परराष्ट्र मन्त्रालय*

**तालिका नं. १०.२**

**नेपाली आवासीय राजदूतावास रहेका मुलुकहरू**

| | | | |
|---|---|---|---|
| १. अस्ट्रेलिया | २. बहराइन | ३. बङ्गलादेश | ४. बेल्जियम |
| ५. ब्राजिल | ६. क्यानडा | ७. चीन | ८. डेनमार्क |
| ९. इजिप्ट | १०. फ्रान्स | ११.जर्मनी | १२. भारत |
| १३. इजरायल | १४. जापान | १५. दक्षिण कोरिया | १६. कुवेत |
| १७. मलेसिया | १८. म्यानमार | १९. ओमान | २०. पाकिस्तान |
| २१. कतार | २२. रसिया | २३. साउदी अरेबिया | २४. दक्षिण अफ्रिका |
| २५. श्रीलङ्का | २६. थाइल्याण्ड | २७. संयुक्त अरब इमिरेट्स | २८. संयुक्त अधिराज्य |
| २९. संयुक्त राज्य अमेरिका | ३०. स्पेन | | |

*स्रोत : परराष्ट्र मन्त्रालय*

**तालिका नं. १०.३**

**नेपालका स्थायी नियोगहरू**

| | | | |
|---|---|---|---|
| १ न्युयोर्क (अमेरिका) | २. जेनेभा (स्विट्जरल्यान्ड) | ३. भियना (अस्ट्रिया) | |

*स्रोत : परराष्ट्र मन्त्रालय*

**तालिका नं. १०.४**

**नेपाली वाणिज्य दूतावासहरू**

| | | | |
|---|---|---|---|
| १. कलकत्ता (भारत) | २. ल्हासा (चीनको तिब्बत) | ३. हङकङ (हङकङ) | ४. न्युयोर्क (अमेरिका) |

| | | | |
|---|---|---|---|
| ५. जेद्दा (साउदी अरेबिया) | ६. ग्वान्जाउ (चीन) | ७. छेन्दु (चीन) | |

*स्रोत : परराष्ट्र मन्त्रालय*

**तालिका नं. १०.५**

**नेपालमा आवासीय राजदूतावास भएका विदेशी मुलुकहरू**

| | | | |
|---|---|---|---|
| १. अस्ट्रेलिया | २. बङ्गलादेश | ३. ब्राजिल | ४. गणतन्त्र चीन |
| ५. डेनमार्क | ६. इजिप्ट | ७. फिनल्यान्ड | ८. फ्रान्स |
| ९. जर्मनी | १०. भारत | ११. इजरायल | १२.जापान |
| १३. उत्तर कोरिया | १४. दक्षिण कोरिया | १५. मलेसिया | १६. म्यानमार |
| १७. नर्वे | १८. पाकिस्तान | १९. कतार | २०. रसिया |
| २१. साउदी अरब | २२. श्रीलङ्का | २३. स्विट्जरल्यान्ड | २४. थाइल्यान्ड |
| २५. संयुक्त अधिराज्य | २६. संयुक्त राज्य अमेरिका | २७. संयुक्त अरब इमिरेट्स | |

*स्रोत : परराष्ट्र मन्त्रालय*

## १०.३ संयुक्त राष्ट्रसङ्घ र नेपाल

संयुक्त राष्ट्रसङ्घको स्थापना २४ अक्टोबर १९४५ मा भएको हो । विश्वमा समस्त मानवको हितलाई हेरी यसको घोषणापत्रमा शान्ति, समानता, सहयोग र सम्पर्कलाई प्राथमिकता दिइएको छ। नेपालले १४ डिसेम्बर १९५५ मा संयुक्त राष्ट्रसङ्घको सदस्यता प्राप्त गऱ्यो । सदस्यता प्राप्त गरेदेखि नै संयुक्त राष्ट्रसङ्घमा नेपालको सक्रिय सहभागिता र योगदान रहँदै आएको छ। इ.सं. १९६३ मा ओमानको प्रश्नलाई लिएर गठन भएको पाँच सदस्यीय समितिमा नेपाल पनि रहेको थियो । नेपाल इ.सं. १९६७ मा रङ्गभेदसम्बन्धी विषेश समितिको उपाध्यक्ष र पछि का.मु. अध्यक्षसमेत भएको थियो । नेपाल सन् १९६९-७० र १९८८-८९ गरी दुई पटक सुरक्षा परिषद्को अस्थायी सदस्यमा निर्वाचित भएको थियो । यस्तै, सन् १९७४ र १९८७ मा युनेस्को कार्यकारिणी परिषद्मा तथा विभिन्न समितिमा रहेर कार्य गर्ने अवसर नेपालले पाएको छ। विश्वमा शान्ति र सुरक्षा कायम राख्न नेपाल प्रहरी र नेपाली सेनालाई संयुक्त राष्ट्रसङ्घीय शान्ति सेनामा सन् १९५८ देखि नेपालले खटाउँदै आएको छ। सन् १९८१ को सेप्टेम्बरमा पेरिसमा आयोजित अल्पविकसित देशहरूको राष्ट्रसङ्घीय मुलुकहरूका तर्फबाट राजा वीरेन्द्रबाट महत्त्वपूर्ण सम्बोधन भएको थियो । अरब-इजरायलबीचको युद्धविरामको रेखदेख गर्न नेपालले सैनिक

पठाएको थियो । संयुक्त राष्ट्रसङ्घको आह्वानमा विश्वका विभिन्न देशमा शान्ति स्थापना गर्न नेपाली सेनाले विशेष भूमिका खेल्दै आएको छ । जसको विश्व समुदायबाट उच्च मूल्याङ्कन भइरहेको छ । हालसम्म जम्मा १३ जना व्यक्तिले संयुक्त राष्ट्रसङ्घका लागि स्थायी प्रतिनिधि भई कार्य गरिसकेका छन् । गौतम बुद्धको जन्मस्थल लुम्बिनीलाई विश्वभर चिनाउने उद्देश्यले संयुक्त राष्ट्रसङ्घले सन् १९८३ मा 'विश्वशान्ति वर्ष' समेत मनाएको थियो ।

**तालिका नं. १०.६**

**नेपालले संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत संस्थाहरूको सदस्यता लिएको मिति**

| क्र.सं. | संस्था | मिति |
|---|---|---|
| १. | अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO) | १९६६ |
| २. | खाद्य तथा कृषि सङ्गठन (FAO) | २७ नोभेम्बर १९५१ |
| ३. | संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक र सांस्कृतिक सङ्गठन (UNESCO) | १ मे १९५३ |
| ४. | विश्व स्वास्थ्य सङ्गठन (WHO) | १० मे १९५४ |
| ५. | विश्व बैंक समूह (IBRD) | ६ सेप्टेम्बर १९६१ |
| ६. | अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) | ६ सेप्टेम्बर १९६१ |
| ७. | अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (ICAO) | २९ जुलाई १९५६ |
| ८. | विश्व हुलाक सङ्घ (UPU) | ११ जुलाई १९५६ |
| ९. | अन्तर्राष्ट्रिय दूरसञ्चार सङ्घ (ITU) | ५ डिसेम्बर १९५७ |
| १०. | विश्व हावापानी विज्ञान सङ्गठन (WMO) | ५ मे १९७८ |
| ११. | अन्तर्राष्ट्रिय सामुद्रिक सङ्गठन (IMO) | ३१ जनवरी १९७९ |
| १२. | कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (IFAD) | ५ मे १९७८ |
| १३. | संयुक्त राष्ट्रसङ्घीय औद्योगिक विकास सङ्गठन (UNIDO) | ७ डिसेम्बर १९८३ |
| १४. | विश्व बौद्धिक सम्पत्ति सङ्गठन (WIPO) | |
| १५. | विश्व पर्यटन सङ्गठन (UNWTO) | १९७५ |

*स्रोत : नेपाल परिचय, २०८०*

## १०.४ सार्क र नेपाल




१८औँ सार्क सम्मेलन उद्घाटन समारोह, नेपाल

सन् १९८५ डिसेम्बर ७ र ८ मा बङ्गलादेशको राजधानी ढाकामा राष्ट्राध्यक्ष तथा प्रमुखहरूले भाग लिएको प्रथम शार्क शिखर सम्मेलनले दक्षिण एसियाली राष्ट्रहरूको क्षेत्रीय सहयोग सङ्गठन (SAARC) को विधिवत् स्थापना गरी सार्क बडापत्रको अनुमोदन गऱ्यो । दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन सार्कमा बङ्गलादेश, भारत, नेपाल, पाकिस्तान, भुटान, श्रीलङ्का, माल्दिभ्स र अफगानिस्तान गरी आठ राष्ट्र रहेका छन् । सार्कको सचिवालय काठमाडौँमा रहेको छ । यसको स्थापना सन् १९८७ जुन १७ मा भएको हो ।

सार्कको स्थापनापश्चात् यस क्षेत्रका राष्ट्रहरूबीच सहयोग, समझदारी, समानता र सुरक्षाको वातावरण सृजना भएको छ । नेपालले सार्कको प्रवर्द्धनलाई आफ्नो परराष्ट्र नीतिकै अभिन्न अङ्ग बनाएको छ र नेपाल सार्कको प्रवर्द्धनप्रति निष्ठावान् रहेको छ । सार्कको सफलताबाट नेपालले यस क्षेत्रमा देखा परेका सबै साझा समस्याहरू समाधान हुन सक्दछन् भन्ने कुरामा विश्वास राख्दछ ।

**तालिका नं. १०.७**

**हालसम्म भएका सार्क शिखर सम्मेलनहरू**

| क्र. सं. | स्थान | नेपालका तर्फबाट भाग लिने व्यक्ति | मिति |
|---|---|---|---|
| १ | ढाका, बङ्गलादेश | राजा वीरेन्द्र | सन् १९८५ डिसेम्बर ७ र ८ |

| | | | |
|---|---|---|---|
| २ | बैङ्गलोर, भारत | राजा वीरेन्द्र | सन् १९८६ नोभेम्बर १७ र १८ |
| ३ | काठमाडौं, नेपाल | राजा वीरेन्द्र | सन् १९८७ नोभेम्बर २–४ |
| ४ | इस्लामावाद, पाकिस्तान | राजा वीरेन्द्र | सन् १९८८ डिसेम्बर २९–३१ |
| ५ | माले, माल्दिभ्स | कृष्णप्रसाद भट्टराई | सन् १९९० नोभेम्बर २१–२३ |
| ६ | कोलम्बो, श्रीलङ्का | गिरिजाप्रसाद कोइराला | सन् १९९१ डिसेम्बर २१ |
| ७ | ढाका, बङ्गलादेश | गिरिजाप्रसाद कोइराला | सन् १९९३ अप्रिल १०–११ |
| ८ | नयाँ दिल्ली, भारत | मनमोहन अधिकारी | सन् १९९५ मे २–४ |
| ९ | माले, माल्दिभ्स | लोकेन्द्रबहादुर चन्द | सन् १९९७ मे १२–१४ |
| १० | कोलम्बो, श्रीलङ्का | गिरिजाप्रसाद कोइराला | सन् १९९८ जुलाई २९–३१ |
| ११ | काठमाडौं, नेपाल | शेरबहादुर देउवा | सन् २००२ जनवरी ४–६ |
| १२ | इस्लामावाद, पाकिस्तान | सूर्यबहादुर थापा | सन् २००४ जनवरी ४–६ |
| १३ | ढाका, बङ्गलादेश | राजा ज्ञानेन्द्र | सन् २००५ नोभम्बर १२–१३ |
| १४ | नयाँ दिल्ली, भारत | गिरिजाप्रसाद कोइराला | सन् २००७ अप्रिल ३-४ |
| १५ | कोलोम्बो, श्रीलङ्का | गिरिजाप्रसाद कोइराला | सन् २००८ अगस्ट २-३ |
| १६ | थिम्पु, भुटान | माधवकुमार नेपाल | सन् २०१० अप्रिल २८-२९ |
| १७ | अड्डु सहर, माल्दिभ्स | डा. बाबुराम भट्टराई | सन् २०११ नोभेम्बर १०-११ |
| १८. | काठमाडौं, नेपाल | सुशील कोइराला | सन् २०१४ नोभेम्बर २६-२७ |
| १९. | इस्लामावाद, पाकिस्तान | | सन् २०१६ नोभेम्बर १५–१६ मा हुने गरी तय भए पनि स्थगित भएको । |

*स्रोत : नेपाल परिचय, २०८०*




सार्क सचिवालय, काठमाडौँ

परस्परमा कतिपय भिन्नता हुँदाहुँदै पनि दक्षिण एसियाली राष्ट्रहरू गरिबी निवारण एवम् आर्थिक विकाससमेतका साझा उद्देश्यहरूको परिपूर्तिका निम्ति पारस्परिक सहयोगको विस्तार गर्न वचनबद्ध भएका छन् र त्यसअनुसार दक्षिण एसियाली राष्ट्रहरूबीचको व्यापारिक सम्बन्धलाई बढी सुदृढ र सहज बनाउने हिसाबले व्यापार सहुलियतसम्बन्धी SAPTA (SAARC Preferential Trading Arrangement) सम्झौता गर्नसमेत सफल भएका छन्। SAPTA कार्यान्वयनको चरणमा रहेको पारस्परिक सहयोग र सम्बन्धलाई अझै बढी सुधार र विस्तार गर्नुपर्ने र गर्न सकिने कुरामा समेत सार्क राष्ट्रहरूको बीचमा मतैक्य नै देखिन्छ। यसले गर्दा सार्क भविष्यमा अझ बढी उपलब्धिमूलक र सशक्त संस्था हुने विश्वास लिन सकिन्छ।

नेपालले सार्कको कुल खर्चको १०.७२ प्रतिशत हिस्सा बेहोर्दछ। सार्क क्षेत्रीय संस्थाहरूअन्तर्गत सार्क क्षयरोग केन्द्र नेपालमा रहेको छ। नेपालसँग सर्वप्रथम दौत्य सम्बन्ध कायम भएको सार्क मुलुक भारत (सन् १९४७ जुन १३) हो भने पछिल्लो भुटान (सन् १९८३ जुन ३) हो। क्षेत्रफलको हिसाबले नेपाल सार्कको पाँचौँ ठुलो राष्ट्र हो। नेपालले पहिलो, आठौँ र एघारौँ दक्षिण एसियाली खेलकुद आयोजना गरिसकेको छ। सन् २०१९ मा भएको १३औँ दक्षिण एसियाली खेलकुद नेपालले आयोजना गरेको थियो।

## १०.५ नेपाल–भारत सम्बन्धका ऐतिहासिक सन्धि सम्झौताहरू

### सुगौली सन्धि

नेपाल सरकारले सन् १८१५ मे २८ मा गुरु गजराज मिश्र एवम् चन्द्रशेखर उपाध्यायलाई आफ्नो प्रतिनिधि बनाएर कम्पनी सरकारको प्रतिनिधि ब्राडसासित सन्धिवार्ता चलाउन सुगौली पठाएको थियो । तर ब्राडसाले राखेको कठिन सर्तले गर्दा नेपालले सन्धिवार्ता चलाउन अस्वीकार गरेपछि यो वार्ता असफल भएको थियो । नेपाललाई सबभन्दा बढी आपत्ति रेजिमेन्ट राख्ने कुरामा थियो, किनभने अङ्ग्रेज दूतलाई साम्राज्यको अग्रदूत ठानेको थियो । त्यस्तो दूत उपत्यकामा नरहँदा त अङ्ग्रेजको हस्तक्षेप भइरहेको थियो भने दूत रहेमा के गर्ने छ भन्ने शङ्का थियो । दोस्रो आपत्तिको कुरा तराई क्षेत्र लिनु थियो । सम्पूर्ण तराई क्षेत्र लिएर नेपाललाई पहाडमा मात्र सीमित राख्ने नीति प्रस्ट देखिन्थ्यो । तर कम्पनी सरकारले रेजिमेन्ट वा युद्धमध्ये एक मान्नैपर्ने बाध्यता बनायो । तराई क्षेत्रको सट्टा बर्सेनि रु. दुई लाख दिन कम्पनी सरकारले स्वीकार गऱ्यो । यस्तो स्थितिमा दोस्रोचोटि सन्धिवार्ता सुरु भयो र २ डिसेम्बर १८१५ मा सुगौली सन्धि भयो ।

तर यो सन्धिमा १५ दिनभित्र नेपालका राजाको स्वीकृति हुनुपर्ने थियो । कम्पनी सरकारले यस सन्धिमा १८१५ डिसेम्बर ९ मा नै स्वीकृति दिइसकेको थियो तर नेपाल दरबारमा छलफल हुँदाहुँदै समयावधि नाघेकाले सन् १८१६ फेब्रुअरीमा अक्टरलोनीको नेतृत्वमा विशाल फौज नेपालसित युद्ध गर्न अगाडि बढ्यो । मकवानपुरमा साधारण प्रतिरोधपछि अक्टरलोनीमातहतको सेना उपत्यकातिर बढ्यो । ब्रिटिस सेना काठमाडौँ आउँदै छ भन्ने चेतावनी दिँदै एउटा पत्र नेपालका राजासमक्ष पठाइएको थियो । यस्तो स्थितिमा राजधानीमाथि नै खतरा आउन लागेकोले नेपालले सन्धि स्वीकृत गरेर चन्द्रशेखर उपाध्यायलाई सुगौली पठायो । स्वीकृत भएको सन्धिपत्र सन् १८१६ मार्च ३ का दिन दिउँसो २:३० बजे अक्टरलोनीको हातमा बुझाएपछि सन् १८१४ नोभेम्बर १ मा सुरु भएको युद्ध १८१६ मार्चमा समाप्त भयो । यस सन्धिमा उल्लेखित धाराहरू निम्नानुसार छन् :

१. अनरेबल इस्ट इन्डिया कम्पनी र नेपालका राजाबीच सदाकाल शान्ति एवम् मैत्री सम्बन्ध कायम रहने छ ।

२. युद्धपूर्व दुवै राज्यबीचको विवादग्रस्त भूभागमाथि नेपालका राजाले दाबी त्याग्नुपर्ने छ र ती भूभागमाथि कम्पनी सरकारको अधिकारलाई स्वीकार गर्ने छ ।

३. नेपालका राजाले तल उल्लेखित सम्पूर्ण भूभाग सदाकालका लागि कम्पनी सरकारलाई सुम्पने छ :

   क. काली र राप्ती नदीबीचको सम्पूर्ण तराई क्षेत्र

ख. राप्ती र गण्डकबीचको सम्पूर्ण तराई क्षेत्र (बुटवल खासबाहेक)

ग. गण्डक र कुसाबीचको सम्पूर्ण तराई क्षेत्र, जहाँ ब्रिटिस शासनको अधिकार प्रारम्भ भइसकेको छ वा हुने स्थितिमा छ

घ. मेची र टिस्टा नदीबीचको सम्पूर्ण तराई क्षेत्र

ङ. मेची नदीपूर्वको सम्पूर्ण क्षेत्र एवम् मोरङदेखि पहाडतिर जाने नगरकोट मार्ग र त्यसनजिकको समस्त भूभाग हस्ताक्षर भएको मितिदेखि ४० दिनभित्र गोरखाली सेनाले खाली गर्नुपर्ने छ

४. माथिका धाराअनुसार लिइएका भूभागद्वारा हानिमा परेका नेपाल राज्यका सरदार एवम् भारदारहरूको क्षतिपूर्ति गर्न ब्रिटिस सरकारले सालाखाला रु. दुई लाख प्रतिवर्ष दिने र यो रकम आफ्नो तजबिजअनुसार नेपालका राजा बाँड्न स्वतन्त्र हुने छन् । पेन्सनका लागि गभर्नर जनरलको मुद्रा र हस्ताक्षरसहितको सनद प्रदान गरिने छ ।

५. नेपालका राजा र उनका उत्तराधिकारीहरूले कालीदेखि पश्चिमका प्रदेश र त्यहाँका निवासीहरूसँग कुनै सम्बन्ध राख्न पाउने छैनन् ।

६. नेपालका राजाले सिक्किमका राजाको अधीन भएको कुनै भागउपर कुनै किसिमको दावा गर्न पाउने छैनन् र नेपालका राजा एवम् सिक्किमका राजाबीच



वा दुवैका प्रजाबीच कुनै विवाद उठेमा विवादास्पद विषय ब्रिटिस सरकारको मध्यस्थताका लागि प्रेषित गरिने छ र उसको निर्णय नेपाल सरकारले मान्नुपर्ने छ ।

७. ब्रिटिस सरकारको अनुमतिविना नेपालका राजाले कुनै ब्रिटिस, युरोपेली वा अमेरिकीलाई आफ्नो नोकरीमा राख्न पाउने छैनन् ।

८. दुवै राष्ट्रबीच कायम भएको मित्रता एवम् शान्तिको सम्बन्धलाई सुदृढ पार्न एवम् उन्नति गर्न एकअर्काको राज्यमा एक्रेडिटेड मिनिस्टर रहने छन् ।

९. नौओटा धारा भएको यो सन्धिमा नेपालका राजाले १५ दिनभित्र स्वीकृति प्रदान गरी लेफ्टिनेन्ट कर्नेल ब्राडसालाई बुझाउने छन् र उनले २० दिनभित्र वा सम्भव भए यसभन्दा पनि शीघ्र नै गभर्नर जनरलको स्वीकृति दिलाउने छन् ।

**सन् १९५० को शान्ति तथा मैत्री सन्धि**

सन् १९५० जुलाई ३१ (१६ श्रावण २००७) का दिन नेपाल-भारतबीच एक शान्ति तथा मैत्री सन्धि सम्पन्न गरियो । यस सन्धिपत्रमा नेपालका तर्फबाट प्रधानमन्त्री मोहनशमशेर र भारतका तर्फबाट नेपालका लागि भारतीय राजदूत सि.पि.एन. सिंहले हस्ताक्षर गरेका थिए । यस सन्धिमा निम्नलिखित सर्त रहेका छन् :




सुगौली सन्धिभन्दा अगाडिको नेपालको नक्सा ।

स्रोत : हनुमानढोका दरबार सङ्ग्रहालय

१. नेपाल तथा भारत सरकारबीच सदाकाल शान्ति तथा मैत्रीपूर्ण सम्बन्ध रहिरहने छ। दुवै सरकार एकअर्काको देशको सार्वभौमसत्ता, पूर्ण सम्प्रभुता, क्षेत्रीय अखण्डता र स्वतन्त्रताको रक्षा एवम् आदर गर्न कटिबद्ध रहने छन् ।

२. कुनै पनि कारणबाट दुई देशबीच विवाद उत्पन्न भएमा दुवै सरकारहरूले मित्रवत् रूपमा समस्याको समाधान गर्ने छन् ।

३. माथि धारा १ मा उल्लेखित सम्बन्धलाई स्थायित्व एवम् मान्यता दिनका लागि दुवै सरकार आपसमा कूटनीतिक सम्बन्ध कायम राख्न र लामो समयसम्म काम गर्नका लागि आवश्यक परेको प्रतिनिधि राख्नका लागि समेत मञ्जुर गर्दछन् । खटाइएका प्रतिनिधि तथा उनका सहयोगीहरूले दुवै सरकारले तोकेको वा अन्तर्राष्ट्रिय कानुनबमोजिमको कूटनीतिक सुविधा प्राप्त गर्ने छन् ।

४. दुवै सरकार महावाणिज्य दूत (Consul-General), वाणिज्य दूत (Consul), उपवाणिज्य दूत (Vice-consul) तथा अन्य दूतहरू नियुक्त गर्न राजी हुने छन् र यिनीहरू दुवै सरकारले निश्चित गरेको सहर, बन्दरगाह र अन्य ठाउँमा रहन सक्ने छन् । माथि उल्लिखित पद प्राप्त गर्नेहरूलाई नियुक्ति गर्ने सम्पूर्ण अधिकार, सहुलियत र अन्य सुविधा अर्को राज्यको सोही तहको व्यक्तिले पाएसरह पाउने छन् ।

५. नेपाल सरकारलाई भारत क्षेत्रबाट अथवा सो राज्य क्षेत्रको बाटो गरी नेपालको सुरक्षाका निमित्त चाहिने हातहतियार, कलपुर्जा, गोलीगठ्ठा, खरखजाना आदि मालसामानको पैठारी गर्ने अधिकार छ । दुई सरकारले परस्परमा सल्लाह गरी यो बन्दोबस्तलाई चालू गराउने कार्यबाही तय गर्ने छन् ।

६. भारत र नेपालको छिमेकी मैत्रीभावको प्रतीकस्वरूप दुवै सरकारले आफ्नो राज्य क्षेत्रमा रहेको अर्को सरकारका नागरिकलाई आफ्नो मुलुकको औद्योगिक र आर्थिक विकास तथा त्यस्तो विकाससम्बन्धी रियायत र ठेक्काहरूमा भाग लिनलाई राष्ट्रिय व्यवहार दिने कबोल गर्दछन् ।

७. नेपाल सरकार र भारत सरकारले आफ्ना राज्य क्षेत्रमा रहेका अर्को मुलुकका नागरिकलाई निवास, सम्पत्तिको माग, व्यापार, वाणिज्यमा भाग लिन, हिँडडुल गर्ने र अरू यस्तै प्रकारका विशेषाधिकारहरूका विषयमा पारस्परिक तवरले समान विशेषाधिकार दिनलाई कबुल गर्दछन् ।

८. जहाँसम्म यहाँ स्पष्ट गरिएका कुराहरूको सम्बन्ध छ, ती सबैमा यो सन्धिपत्रले भारतका तर्फबाट ब्रिटिस सरकार तथा नेपाल सरकारबीचमा भएका अघिका सबै सन्धिपत्र, स्वीकारपत्र र कबुलनामाहरूलाई

खारेज गर्दछ ।

९. यो सन्धिपत्र दुवै सरकारले हस्ताक्षर गरेको मितिदेखि लागू हुने छ ।

१०. कुनै एक मुलुकले एक वर्षको भाका दिई यो सन्धिको अन्त्य गर्न नखोजेसम्म यो सन्धि जारी रहने छ ।

यो सन्धिपत्रमा २००७ साल श्रावण १६ गते (१९५०, जुलाई ३१) का दिन काठमाडौँमा सहीछाप भएको देखिन्छ ।

वि.सं. २०३४ चैत्रमा व्यापार, पारवहन तथा अनधिकृत व्यापार विचलन नियन्त्रण सहयोग (सात वर्षे) सम्झौता गरी तीन प्रकारका सन्धि भएको थियो । यस सन्धिअनुसार नेपालमा उत्पादित वस्तुलाई भारतीय बजारमा सहुलियत प्रदान गर्ने तथा एकआपसमा आवश्यक वस्तु उपलब्ध गराउन आवश्यक व्यवस्था गर्ने सहमति भयो । पारवहनतर्फ नेपालबाट भारत हुँदै तेस्रो मुलुकमा वस्तुहरू ढुवानीमा यातायातको सहुलियत प्राप्त हुने र अनधिकृत व्यापार सम्झौता ५ वर्ष र पारवहन सन्धिको अवधि ७ वर्ष तोकियो । यसपछि वि.सं. २०३९ मा नेपाल र भारत व्यापार सन्धि तथा अनधिकृत व्यापारको रोकथामसम्बन्धी सम्झौता पाँच वर्ष थप गरियो । सन्धिमा नेपाल-भारत व्यापार प्रवाह वृद्धिका लागि कतिपय वस्तुमा बिमा सुविधा प्रोफर्म र भन्सारका साथै ट्रान्सिपमेन्ट जस्ता सुविधाहरू उपलब्ध गर्ने सहमति भएको पाइन्छ ।

नेपाल र भारतबीच भएका विभिन्न सन्धि सम्झौताको समयानुकूल परिमार्जन गर्न सन् २०१६ जनवरीमा नेपाल-भारत प्रबुद्ध समूह (इपिजी) गठन भएको थियो । यस समूहले सन् १९५० को शान्ति तथा मैत्री सन्धि, व्यापार तथा पारवहन सन्धि र जलस्रोतसम्बन्धी विभिन्न सन्धि-सम्झौतामा छलफल गरी दुवै देशका सरकारलाई सुझाव दिनुपर्ने कार्यादेश पाएको थियो । यस समूहमा नेपालका तर्फबाट संयोजक डा. भेषबहादुर थापा तथा सदस्यहरू नीलाम्बर आचार्य, सूर्यनाथ उपाध्याय र डा. राजन भट्टराई हुनुहन्थ्यो भने भारतका तर्फबाट संयोजक भगतसिंह कोसियारी तथा सदस्यहरू डा. बिसी उप्रेती, महेन्द्र पी. लामा र जयन्तप्रसाद हुनुहुन्थ्यो ।

### १०.६ नेपाल र चीन-तिब्बत सम्बन्धका ऐतिहासिक सन्धि सम्झौताहरू

नेपालको तिब्बत र चीनसँग ज्यादै पुरानो सम्बन्ध रहेको छ । लिच्छविकालीन ठकुरी राजा अंशुवर्माको समयदेखि सुदृढ बन्दै आएको नेपाल-चीन-तिब्बत सम्बन्ध पछिका वर्षहरूमा अझ सुदृढ बन्दै आएको पाइन्छ । नेपाल-चीन-तिब्बतबीच सन् १७८८, सन् १७९१ र सन् १८५५ मा गरी तीन पटक ठुला युद्ध भए । प्रथम युद्ध वि.सं. १८४६ जेठ (सन् १७८९ जुन २) मा भएको केरुङ सन्धि, दोस्रो युद्ध वि.सं. १८४९ भाद्र ६ (सन् १७९२) मा भएको बेत्रावती सन्धि र तेस्रो युद्ध वि.सं. १९१२ चैत्र (सन् १८५६ मार्च २६) मा भएको थापाथली सन्धिले अन्त्य गरेको थियो ।

नेपाल र चीन-तिब्बत सम्बन्धका केही ऐतिहासिक सम्झौताहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

**केरुङ सन्धि**

मूलतः चिनियाँ पक्षले तिब्बतलाई युद्ध नगरी वार्ताको मार्ग अँगाल्न सल्लाह दिएपछि नै प्रथम नेपाल-तिब्बत युद्धको अन्त्य गरी वार्तालाप भएको थियो । यस वार्तामा तिब्बतका तर्फबाट कालोन घोरिङ, साकिया लामा, टेसु लामा र नेपालका तर्फबाट बम शाह, हरिहर उपाध्याय र नरसिंह शाही मुख्य थिए । तिब्बतको केरुङमा भएको यस छलफलमा प्रारम्भमा नेपालले युद्धमा भएको सम्पूर्ण व्यय र प्रतापसिंह शाहको समयमा भएको सन्धि उल्लङ्घन गरेबापत ५० धार्नी सुनको माग राख्यो । तर, तिब्बतले नेपालको यस मागप्रति बारम्बार असहमति जनायो । अन्त्यमा २ जुन, १७८९ मा केरुङ सन्धिमा हस्ताक्षर भयो । २ महिनासम्मको छलफलपछि सम्पन्न भएको केरुङ सन्धि नामबाट प्रचलित यस सन्धिमा निम्न बुँदाहरू रहेका छन् :

१. नेपाली फौज आफूले कब्जा गरेको तिब्बती क्षेत्रबाट हट्न मञ्जुर भयो ।
२. उप्रान्त नेपालले भोटमाथि आक्रमण गर्ने छैन ।
३. भोटले एक निश्चित रकम सालिन्दा नेपाललाई बुझाउने छ ।
४. तिब्बत र भारतबीचको व्यापार नेपालको बाटो भएर मात्रै गरिने र ती दुवै देशलाई जोड्ने सिक्किम तथा भुटानका मार्गहरू बन्द गर्ने छ ।
५. उप्रान्त मिसाहा टक र नयाँ टकबीचको सटही दर कायम गर्दा दुई मिसाहा टकबराबर एक नयाँ टक कायम गरिने छ ।

**बेत्रावती सन्धि**

नेपाल-तिब्बतबीच भएको केरुङ सन्धिले उल्लेख्य सफलता प्राप्त गर्न सकिरहेको थिएन । त्यस सन्धिपत्रमा ल्हासा दरबार र चिनियाँ सम्राटको स्वीकृति लिइएको थिएन । तिब्बतले सो केरुङ सन्धिअनुसार नेपाललाई तिर्नुपर्ने पहिलो किस्ता मात्रै तिरेर सन्धिको उल्लङ्घन गर्न थाल्यो । केरुङ सन्धि भएको २ वर्ष पुग्दानपुग्दै सन् १७९१-९२ मा नेपाल तिब्बतबीच पुनः युद्ध सुरु भयो । दोस्रो पटकको युद्धमा तिब्बतको पक्षबाट चीनले समेत हस्तक्षेप गरेको थियो, जसले गर्दा नेपालले तिब्बतको नाम भए पनि चीनसँग युद्ध गर्नुपऱ्यो । यसै क्रममा सन् १७९२ अक्टोबर ५ मा बेत्रावतीको लडाइँमा दुवै पक्षबीच ठुलो क्षति भएको थियो । यो क्षतिपछि नेपाल-तिब्बत-चीनबीच एक सन्धि सम्पन्न भयो । वि.सं. १८४९ भाद्र ६ (सन् १७९२ अगस्ट) मा सम्पन्न उक्त सन्धि बेत्रावती सन्धिको नामले चिनिन्छ ।

बेत्रावती सन्धिमा देहायबमोजिम सर्तहरू उल्लेख भएका थिए :

१. नेपाल र तिब्बतले आफूबीचको शत्रुता त्यागी मित्रवत् सम्बन्ध कायम गर्ने छन् ।

२. नेपालले चिनियाँ बादशाहको सम्मानार्थ प्रत्येक पाँच वर्षमा एउटा शिष्टमण्डल उपहारसहित पेकिङ पठाउने छ । साथै, चीनले पनि सट्टामा उपहारहरू पठाउने र उक्त मण्डलको खर्च एवम् यातायातको सुविधा बेहोर्ने छ ।
३. भविष्यमा काठमाडौँ र ल्हासाको बीचमा कुनै प्रकारको विवाद उत्पन्न भएमा त्यसको समाधान ल्हासास्थित चिनियाँ अम्बाबाट हुने छ ।
४. कुती र केरुङ क्षेत्रमा चिनियाँ अधिकारीले रेखाङ्कन गरेको सिमानालाई नेपालले मान्यता दिने छ ।
५. नेपालमाथि कुनै प्रकारको विदेशी आक्रमण भएमा चीनले नेपालको मद्दत गर्ने छ ।
६. नेपालले तासिलम्पुमा लुटेको सम्पत्ति र शमर्पा लामाको अवशेष एवम् उनका समर्थक एवम् सहयोगीहरूलाई फिर्ता गर्ने छ ।
७. नेपालले मुद्रासम्बन्धी समस्या उप्रान्त नउठाउनुका साथै केरुङको सन्धिमाथि कुनै प्रकारको दाबी गर्ने छैन ।

**थापाथली सन्धि**

वि.सं. १९११ फागुन (मार्च १८५५) मा नेपाल-चीनबीच तेस्रो युद्धको घोषणा भयो । यो युद्धको अवधि छोटो भए पनि ज्यादै घातक थियो । यसमा दुवै पक्षको धनजनको ठुलो क्षति भयो । दुवै पक्षले युद्ध रोक्न चाहेकाले वि.सं. १९१२ पुसमा सन्धिवार्ता सुरु गरियो । वार्ताका लागि तिब्बततर्फको नेतृत्व गर्दै कलोन सात्र काठमाडौँ आइपुगेका थिए । यो सन्धि हुनुपूर्व करिब २ महिनासम्म वार्ता चलेको थियो । अन्त्यमा सन् १८५६ मार्च २४ (१९१२ चैत्र) मा तत्कालीन प्रधानमन्त्रीको निवास तथा कार्यालय थापाथली दरबारमा १० सूत्रीय सन्धिमा हस्ताक्षर गरियो । थापाथली दरबारमा हस्ताक्षर गरिएकाले उक्त सन्धिलाई थापाथली सन्धि नाम दिइएको हो । उक्त सन्धिका सर्तहरू निम्नानुसार रहेका थिए :

१. तिब्बतले नेपाललाई प्रतिवर्ष रु. १०,००० सलामीस्वरूप बुझाउने प्रतिज्ञा गर्दछ ।
२. नेपाल तिब्बतमाथि कुनै विदेशी शक्तिले आक्रमण गरेको खण्डमा तिब्बतलाई सहयोग गर्न तत्पर रहने छ ।
३. ल्हासा सरकारले नेपाली व्यापारीहरूमाथि जगत् महसुल (भन्सार कर) नलिने निधो गर्‍यो ।
४. सन्धिमा उल्लिखित सर्तहरू कार्यान्वयनमा आएपछि नेपाल युद्धकालमा आफूले कब्जा गरेको कुती, केरुङ, झुङ्गा क्षेत्रहरू तिब्बतलाई फिर्ता गर्न बाध्य हुने छ । साथै, युद्धकालमा नेपालको कब्जामा आएका भोटे सिपाही र भेडा-च्याङ्ग्रा इत्यादिसमेत नेपालले फिर्ता गर्ने छ । त्यस्तै, तिब्बतले पनि नेपाली तोपहरू र सन् १८४१ मा तिब्बत र डोग्राहरूका बीचमा भएको

युद्धताका कैदमा परेका शिख बन्दीहरूलाई समेत छाड्ने छ ।

५. हालसम्म ल्हासामा नेपालको प्रतिनिधिको रूपमा नायक वा वकिल रहिआएकोमा यसपछि 'दूत' रहने छ ।

६. ल्हासामा नेपालले आफ्नो व्यापारिक कोठी खोल्न पाउने भयो र उक्त कोठीलाई हिरा, मोती एवम् अन्य गरगहना र अन्नको व्यापार गर्ने अधिकार दिइयो ।

७. ल्हासामा बसोवास गर्ने गोरखाली र कस्मिरीहरूको बीचमा कुनै प्रकार को झगडा भएमा सोको समाधान गर्ने अधिकार नेपाली भारदारलाई नै दिने । तर नेपाली र तिब्बतीहरूको बीचमा चाहिँ कुनै प्रकारको विवाद उत्पन्न भएमा दुवै सरकारका प्रतिनिधिहरूको संयुक्त छलफलबाट निर्णय गरिने व्यवस्था गरियो । तिब्बतीहरूबीचको आन्तरिक मामलामा भने नेपाली भारदारले हस्तक्षेप गर्न नपाउने भयो ।

८. दुवै देशले आफ्नो-आफ्नो देशमा भागेर आउने अपराधीलाई सम्बन्धित देशमा नै बुझाउने छन् ।

९. ल्हासामा रहने नेपाली व्यापारीहरूको धनजनको सुरक्षा तिब्बत सरकारले प्रदान गर्ने छ । त्यस्तै, नेपाली व्यापारीहरूमाथि कुनै प्रकारको लुट भएमा लुटिएको सम्पत्ति तिब्बत सरकारले नै असुलउपर गरिदिने छ। केही गरी असुलउपर गराउन नसकेमा सोको क्षतिपूर्ति तिब्बत सरकारले नै दिने छ। नेपालमा तिब्बतीहरूको जिउधनको निम्ति पनि तिब्बत सरकार उस्तै प्रकारको व्यवहारको अपेक्षा राख्दछ ।

१०. युद्धकालमा शत्रु पक्षलाई सहयोग गर्ने नागरिकको धनजनको सुरक्षा गर्न दुवै सरकार सहमत भए ।

**अन्य सम्झौताहरू**

प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणका क्रममा सन् २०१६ मार्च २१ मा नेपाल र चीनबीच १० बुँदे समझदारीपत्रमा हस्ताक्षर भएको थियो । यस समझद ारीअनुसार नेपाल र चीनबीच पारवहन तथा यातायात सम्झौता, स्वतन्त्र व्यापार सम्झौता, ३२ हजार घरमा सौर्य प्रणाली जडान गर्ने सम्झौता, सुविधायुक्त ऋण सम्झौता, पोखरा विमानस्थल निर्माणका लागि ऋण सम्झौता, नेपालमा ग्यास तथा इन्धनको अन्वेषण गर्ने सम्झौता तथा हिल्सामा पुल निर्माण गर्नेलगायतका महत्त्वपूर्ण र नेपाललाई दीर्घकालीन असर पार्न सक्ने सम्झौताहरू भएका छन् । केही सम्झौताको कार्यान्वयन भए पनि धेरैको कार्यान्वयन हुन बाँकी नै छ ।

परिच्छेद : एघार

# नेपालका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण स्थानहरू

नेपाल एक विविधतायुक्त मुलुक हो। यहाँ विभिन्न जातजाति, भाषाभाषी, धर्म, संस्कृति, प्रथा, परम्परा, रीतिरिवाज तथा विविध सांस्कृतिक विशेषता एवम् प्राकृतिक सम्पदाले भरिपूर्ण मुलुक हो। विश्व समुदायमा नेपालको वीरताको गौरवपूर्ण ऐतिहासिक पहिचान छ। नेपालमा प्राचीनकालदेखि नै ऐतिहासिक, भौगोलिक, धार्मिक, सांस्कृतिकलगायत विविध सम्पदाहरू रहेका छन्। नेपाल सरकारले यी विविध सम्पदाहरूको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्दै आएको छ। यसै सिलसिलामा हाल विभिन्न ऐतिहासिक, धार्मिक, सांस्कृतिक, भौगोलिक एवम् पर्यटकीय स्थलहरू समावेश गरी पर्यटकीय गन्तव्यहरू पहिचान गरिएका छन्।

**तालिका नं. ११.१**
**सात प्रदेशमा एक–एकओटा रहने गरी छनोट गरिएको नमुना पर्यटकीय गन्तव्यहरू**

| सि.नं. | प्रदेश | जिल्ला | नमुना पर्यटकीय गन्तव्य |
|---|---|---|---|
| १. | कोशी | इलाम | सन्दकपुर |
| २. | मधेस | जनकपुर | धनुषाधाम |
| ३. | बागमती | मकवानपुर | इन्द्रसरोवर |
| ४. | गण्डकी | कास्की | पन्चासे |
| ५. | लुम्बिनी | कपिलवस्तु | निग्लिहवा |

| ६. | कर्णाली | मुगु | रारा |
|---|---|---|---|
| ७. | सुदूरपश्चिम | कैलाली | भादगाउँ |

*स्रोत : नेपाल परिचय, २०८०*

**तालिका नं. ११.२**

**नेपाल सरकारद्वारा पर्यटन प्रवर्द्धन र विकासका लागि पहिचान गरिएका १०० पर्यटकीय गन्तव्यहरू**

| सि.नं. | प्रदेश | जिल्ला | स्थापित तथा प्रवर्द्धन गरिनु पर्ने गन्तव्यहरू | नयाँ तथा विकास गरिनुपर्ने गन्तव्यहरू |
|---|---|---|---|---|
| १ | कोशी प्रदेश | ताप्लेजुङ | पाथीभरा, फुङफुङे झरना, (साँवा गाउँपालिका) कञ्चनजङ्घा क्षेत्र (लेलेप/ घुन्सा/गोला/ आधार शिविर) | तिङबुङ पोखरी (सिर्दिंग्बा गाउँपालिका) |
| २ | | पाँचथर | जोरपोखरी/च्याङथापु | गुरु फाल्गुनन्द सर्किट (लोब्रे कुटी-गजुरमुखी धाम- लाराम्मा- चुक्कीनाम्बा) (फिदिम नगरपालिका) |
| ३ | | इलाम | इलाम बजार सन्दकपुर-माईपोखरी (सन्दकपुर गाउँपालिका) | फिकल-कन्याम-श्रीअन्तु सर्किट |
| ४ | | तेह्रथुम | | तिनजुरे-मिल्के-जलजले (TMJ) |
| ५ | | सङ्खुवासभा | अरुण उपत्यका, सभापोखरी, छ्याङकुटी रमिते, मकालु क्षेत्र, वरुण पोखरी/वरुण दोभान | बालेश्वर ऐतिहासिक गुफा |
| ६ | | धनकुटा | भेडेटार नमस्ते झरना (भेडेटार गाउँपालिका-७) | हलदे पटकेडाँडा पर्यटक ट्रेल (छथर गाउँपालिका) |
| ७ | | भोजपुर | सुन्तले भोजपुर न.पा. दिङ्ला/साल्पा | ट्याम्के डाँडा (मुन्धुम ट्रेल) |

| | | | | |
|---|---|---|---|---|
| ८ | | खोटाङ | हलेसी महादेव | बराह पोखरी (बराह गाउँपालिका) |
| ९ | | सोलुखुम्बु | स्याङ्बोचे/नाम्चे सगरमाथा आधार शिविर (खुम्बु क्षेत्र) | पाँचपोखरी (महाकुलुंग गाउँपालिका) |
| १० | | ओखलढुङ्गा | पोकली झरना | थोलेदम्बा डाँडा |
| ११ | | उदयपुर | | उदयपुरगढी |
| १२ | कोशी प्रदेश | झापा | बाँसबारी सिमसार पर्यटन पूर्वाधार केन्द्र | सहिद नेत्र पार्क बिर्तामोड |
| | | | केचनाकवल, वाल्मीकि आश्रम, कमल गाउँपालिका, कन्काई धाम, गौरादह पोखरी | गौरादह कृषि पर्यटन क्षेत्र |
| | | | | अर्जुनधारा पर्यटकीय क्षेत्र |
| १३ | | मोरङ | विराट दरबार | धनपालगडी पर्यटकीय क्षेत्र, बेलबारी |
| १४ | | सुनसरी | कोशीटप्पु वन्यजन्तु आरक्ष, धरान | पिण्डेश्वर-दन्तकाली पदमार्ग |
| | | | बराह क्षेत्र (बराह गाउँपालिका) | |
| | | | तालतलैया (इटहरी उपमहानगरपालिका) | |
| १५ | | सिराहा | | सलहेस दरबार पर्यटन क्षेत्र (लहान, सिराहा नगरपालिका) |
| १६ | | सर्लाही | | नाडी ताल (चन्द्रनगर गाउँपालिका) |
| १७ | मधेस प्रदेश | धनुषा | जानकी मन्दिर धनुषाधाम | धनेश्वर महादेव पर्यटन विकास क्षेत्र (मिथिला नगरपालिका, १०) |
| १८ | | महोत्तरी | | जलेश्वर मन्दिर (जलेश्वर नगरपालिका) |

| | | | | |
|---|---|---|---|---|
| १९ | | रौतहट | | मरघर सिमसार क्षेत्र<br>पतौरा पुरातात्त्विक महादेव मन्दिर पर्यटकीय क्षेत्र |
| २० | | बारा | गढीमाई (महागढीमाई नगरपालिका) | सिम्रौनगढी (सिम्रौनगढ नगरपालिका) |
| २१ | | पर्सा | पर्सा रानीपोखरी<br>पर्सा राष्ट्रिय निकुञ्ज | घडिअर्वा पोखरी (वीरगन्ज उपमहानगरपालिका) |
| २२ | | सप्तरी | | छिन्नमस्ता (छिन्नमस्ता गाउँपालिका) |
| २३ | बागमती प्रदेश | दोलखा | कालिञ्चोक भगवती<br>सैलुङ क्षेत्र<br>गौरीशङ्कर/रोलवालिङ | जिरी-सैलुङ पर्यटन पदमार्ग |
| २४ | | सिन्धुली | | सिन्धुलीगढी |
| २५ | | रामेछाप | दोरम्बा | सुनकोशी र्‍याफ्टिङ |
| २६ | | काभ्रेपलाञ्चोक | नमोबुद्ध/ तिमाल, धुलिखेल, मूलखर्क भीमसेनथान साँगास्वती/लौरे हुँदै खाँडादेवी मन्दिर, पनौती क्षेत्र, साँगा बनेपा क्षेत्र, पलाञ्चोक भगवती | महाभारत ट्रेल (लाँकुरी भञ्ज्याङ फुल्चोकी गुर्दुमडाँडा नारायणस्थान भूमेचुली पदमार्ग) |
| २७ | | सिन्धुपाल्चोक | भोटेकोशी नदीमा र्‍याफ्टिङ, बन्जीजम्पिङ<br>मेलम्ची/हेलम्बु | पाँचपोखरी (थाङपाल गाउँपालिका) |
| २८ | | नुवाकोट | नुवाकोट दरबार<br>ककनी | कल्चेडी- झिल्केश्वर-देवीघाट- भैरवी- दुप्चेश्वर सर्किट (बेलकोटगढी ७) |

| | | | | |
|---|---|---|---|---|
| २९ | बागमती प्रदेश | रसुवा | गोसाइँकुण्ड | तामाङ हेरिटेज ट्रेल |
| | | | केन्जिङ उपत्यका | |
| ३० | | धादिङ | त्रिशूली नदि न्याफ्टिङ | स्काई ट्रेल |
| | | | रुबी भ्याली | रानीझरना क्यानोनिङ थाक्रे ६ धादिङ |
| ३१ | | चितवन | देवघाट | बिसहजारी ताल |
| | | | सौरहा, लोथर, परेवाकोट साप्ती, कोमेङचुली | सोमेश्वोर गढी पर्यटन विकास माडी ५ (माडी नगरपालिका, ५) |
| | | | वाल्मीकि आश्रम | पटियानी पर्यटकीय क्षेत्र |
| ३२ | | मकवानपुर | दामन | मकवानपुरगढी |
| | | | मैत्रीपार्क फार्केल-इन्द्रसरोवर | |
| ३३ | | भक्तपुर | नगरकोट, भक्तपुर दरबार क्षेत्र, सूर्यविनायक/डोलेश्वर क्षेत्र | नीलवाराही मन्दिर/पार्क (मध्यपुर ठिमी न.पा.) |
| | | | चाँगुनारायण मन्दिर | |
| ३४ | | काठमाडौं | पशुपति, बौद्धनाथ, स्वयम्भुनाथ, नारायणहिटी, चन्द्रगिरि, सुन्दरीजल, शिवपुरी, ठमेल, दक्षिणकाली/फर्पिङ क्षेत्र, बुढानीलकण्ठ, हनुमानढोका दरबार क्षेत्र | दहचोक (चन्द्रागिरि नगरपालिका) |
| ३५ | | ललितपुर | पाटन दरबार स्क्वायर | नागदह पर्यटकीय क्षेत्र |
| | | | | गोदावरी फुलचोकी हाइकिङ (गोदावरी नगरपालिका) |

| | | | | |
|---|---|---|---|---|
| ३६ | | गोरखा | मनकामना मन्दिर, गोरखा दरबार, मनास्लु सर्किट ट्रेल (आरुघाट, चुमनुर्बी, धार्के गाउँपालिका) | चुमभ्याली (चुमनुर्बी गाउँपालिका) |
| ३७ | | लमजुङ | घलेगाउँ | काउलेपानी |
| ३८ | | तनहुँ | बन्दीपुर | तनहुँ कालिका सहिद तथा शान्ति पार्क व्यास ४, सिद्धगुफा भिमाद |
| ३९ | | कास्की | पोखरा | काहुँ धरहरा पर्यटकीय क्षेत्र |
| | | | सराङकोट | मौजा होमस्टे |
| | | | पञ्चासे | सिक्लेस पर्यटकीय क्षेत्र |
| | | | पुम्दीकोट | |
| ४० | | मनाङ | तिलिचो ताल | नार्फु ट्रेल (सेभेन पास ट्रेल) |
| | | | अन्नपूर्ण पदमार्ग | |
| ४१ | गण्डकी प्रदेश | मुस्ताङ | मुक्तिनाथ | लोमान्थाङ दरबार र गुफा क्षेत्र |
| | | | जोमसोम | |
| | | | दामोदर कुण्ड | |
| ४२ | | पर्वत | शालिग्राम सेतीवेणी | दुर्लुङ क्यानोइङ, केभिङ र होमस्टे (कुस्मा ३) |
| | | | गुप्तेश्वर गुफा | महाशिला |
| ४३ | | स्याङ्जा | सिरुबारी | सतौ-चण्डिकालिका क्षेत्र (पुतलीबजार नगरपालिका) |
| | | | श्वेरक मैदान प्याराग्लाइडिङ (भिरकोट नगरपालिका) | आलमदेवी (कालीगण्डी गाउँपालिका) |
| ४४ | | बागलुङ | कालिका भगवती मन्दिर (बा.न.पा.१) | भकुण्डे भैरवस्थान गाजाको दह |
| | | | पञ्चकोट धार्मिक पर्यटन क्षेत्र | ढोरपाटन आरक्ष क्षेत्र (ढोरपाटन न.पा. र निसीखोला गा.पा.) |
| ४५ | | नवलपरासी पूर्व | मौलाकालिका, त्रिवेणी, अमलटारी होमस्टे, शाश्वत धाम | दाउन्नेदेवी |

| | | | | |
|---|---|---|---|---|
| ४६ | | म्याग्दी | पुनहिल, तातोपानी, गलेश्वर मन्दिर, धौलागिरि राउन्ड, गर्जा हिमाल | घोडेपानी मोहरेडाँडा पर्यटकीय क्षेत्र |
| ४७ | लुम्बिनी प्रदेश | नवलपरासी पश्चिम | | रामग्राम |
| | | | | कञ्चनगढी पर्यटकीय क्षेत्र |
| ४८ | | रूपन्देही | लुम्बिनी | बाउन्नकोटी वनवाटिका |
| | | | ग्लोबल पिस पार्क बुटवल | सैनामैना पर्यटकीय क्षेत्र |
| | | | | देवदह पर्यटकीय क्षेत्र |
| ४९ | | कपिलवस्तु | निग्लिहवा | जगदीशपुर ताल |
| | | | मायादेवी तिलौराकोट पैदल परिपथ | सागर ताल (कपिलवस्तु न.पा. २ ठुलो बर्दगवा) |
| ५० | | पाल्पा | तानसेन (रानीमहल, श्रीनगर) | तालपोखरा रम्भादेवी मन्दिर पर्यटन क्षेत्र (रामपुर नगरपालिका) |
| ५१ | | अर्घाखाँची | सुपा देउराली | पाणिनि तपोभूमि (पाणिनि गाउँपालिका) |
| ५२ | | गुल्मी | सत्यवती पर्यटन तथा धार्मिक क्षेत्र | रेसुङ्गा तपोभूमि (रेसुङ्गा नगरपालिका) |
| | | | | रुरुक्षेत्र (रुरु गाउँपालिका) |
| | | | | भगवती मन्दिर पर्यटकीय क्षेत्र (रेसुङ्गा न.पा.१) |
| ५३ | | रुकुम पूर्व | गुरिल्ला ट्रेल | ढोरपाटन-मैकोट-सेफोक्सुन्डो पर्यटन मार्ग |
| ५४ | | रोल्पा | | जलजला |
| ५५ | | प्युठान | स्वर्गद्वारी | रक गार्डेन, ओखरकोट डाँडा, झिमरुक |
| ५६ | | दाङ | पाण्डेश्वर महादेव, धारापानी बाह्रकुने ताल/गोरखनाथ | बगरबाबा धार्मिक पर्यटकीय स्थल |

| | | | | |
|---|---|---|---|---|
| ५७ | | बाँके | बागेश्वरी मन्दिर, गावर भ्याली, बाँके राष्ट्रिय निकुञ्ज, बाघ संरक्षण र साइनेज | कम्मर शाह मजार धार्मिक पयटकीय क्षेत्र डढुवा गा.पा. ५ |
| ५८ | | बर्दिया | बर्दिया राष्ट्रिय निकुञ्ज | ओमकेदारेश्वर धाम धार्मिक पर्यटकीय स्थल, (बासगढी) |
| | | | डल्ला होमस्टे | शिवमन्दिर धार्मिक पर्यटन क्षेत्र |
| | | | कृष्णसार संरक्षण क्षेत्र | शिवमन्दिर धार्मिक पर्यटकीय स्थल, जोगी गाएँ (बर्दिया नगरपालिका-२) |
| ५९ | कर्णाली प्रदेश | सल्यान | | कुभिन्डे दह |
| ६० | | डोल्पा | सेफोक्सुन्डो राष्ट्रिय निकुञ्ज | त्रिपरासुन्दरी धार्मिक पर्यटन क्षेत्र |
| ६१ | | जुम्ला | सिँजा सभ्यता | डुडुल चैत्य |
| ६२ | | हुम्ला | हिल्सा | लिमी उपत्यका पर्यटकीय स्थल |
| ६३ | | मुगु | राराताल | रारा-से फोक्सुन्डो Lake to lake trekking |
| ६४ | | कालिकोट | | पाचाल झरना (पाचाल झरना गाउँपालिका) |
| ६५ | | जाजरकोट | पाँचकटिया कुशे गा.पा., मछैना लेक | खलङ्गा दरबार क्षेत्र (भेरी नगरपालिका) |
| ६६ | | दैलेख | पञ्चकोशी धार्मिक पर्यटन विकास (पञ्चकोशी ज्वाला क्षेत्र) | कोतगढी-पञ्चदेवल-बेलासपुर-महावु पर्यटकीय विकास, नारायण न.पा. |
| ६७ | | सुर्खेत | काँक्रेविहार | जाजुरा दह पञ्चपुरी न.पा. ८ र ९ (गुप्ती ताल, मादले गुफा, शिव गुफालगायत) |
| | | | देउतीबज्यै (वीरेन्द्रनगर नगरपालिका) | गिद्देडाँडा पर्यटकीय क्षेत्र |
| | | | मदन-आश्रित पार्क | |

| | | | | |
|---|---|---|---|---|
| ६८ | | रुकुम पश्चिम | | गोतामकोट चित्री पाटन साहसिक पदमार्ग |
| ६९ | | बाजुरा | बडिमालिका | कोल्टी-बुढीनन्दा-बडिमालिका पदमार्ग |
| ७० | सुदूरपश्चिम प्रदेश | बाजुरा | बडिमालिका | कोल्टी-बुढीनन्दा-बडिमालिका पदमार्ग |
| ७१ | | बझाङ | खप्तड क्षेत्र | बाठपाली मन्दिर धार्मिक तथा पर्यटकीय क्षेत्र (दुर्गाथली ७) |
| | | | सुर्मा ताल, सैपाल क्षेत्र | |
| ७२ | | डोटी | खप्तड, शैलेश्वरी | बडिकेदार धार्मिक पर्यटकीय क्षेत्र |
| ७३ | | दार्चुला | अप्पिनाम्पा संरक्षण क्षेत्र | मालिकार्जुन (मालिकार्जुन गाउँपालिका) |
| ७४ | | बैतडी | त्रिपरासुन्दरी | सिद्धनाथ उदयदेव धार्मिक स्थल, पाटन नगरपालिका ६ |
| ७५ | | डडेल्धुरा | उग्रतारा | अमरगढी-उग्रतारा (अमरगढी नगरपालिका) |
| ७६ | | कञ्चनपुर | चाँदनी-दोधारा क्षेत्र | रौटेला झम्केली ब्रम्हादेवधाम धार्मिक विकास क्षेत्र |
| | | | | बन्दा ताल, कोटीहोम पर्यटकीय क्षेत्र (बेलौटी न.पा.) |
| ७७ | | कैलाली | घोडाघोडी ताल | बर्दगोरिया मन्दिर धाम (बर्दगोरिया गाउँपालिका) |
| | | | टीकापुर सर्किट | |
| | | | भादगाउँ | |

*स्रोत : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय*

**आलमदेवी मन्दिर**

आलमदेवी मन्दिर स्याङ्जा सदरमुकामदेखि करिब ६६ किलोमिटर पश्चिममा रहेको कालीगण्डकी गाउँपालिका वडा नं. ३ लसर्घा देउराली, स्याङ्जास्थित समुद्री सतहदेखि करिब १३५० मिटर अग्लो डाँडामा रहेको छ। ऐतिहासिक, धार्मिक तथा पर्यटकीय दृष्टिकोणले अत्यन्तै महत्त्व बोकेको यस मन्दिरमा भीमसेनपातीको रुखलाई चारैतिरबाट पर्खालले घेरिएको छ। कुनै देवीको मूर्तिलाई भन्दा पनि आत्मिक तथा



आलमदेवी मन्दिर, स्याङ्जा

भावनात्मक शक्तिपीठको रूपमा पूजा गरिनु यसको मौलिक विशेषता रहेको छ। देवीको पूजा गर्नाले शत्रुको नास हुने, आरोग्य मिल्ने, ठुलो सङ्कटबाट पार पाउने, मनमा चिताएको इच्छा तथा भाकल पूरा हुने र देवीको भक्त तथा उपासकहरूले युद्धमा विजय प्राप्त गर्ने विश्वास गरिन्छ।

किंवदन्तीअनुसार तत्कालीन राज्य उज्जैन हाल भारत राजस्थानमा हिन्दू धर्मावलम्बी वंशको शासनमाथि मुस्लिमको आक्रमणका कारण राजा भूपालसिंह राव गह्लोत कुलदेवीको रक्षार्थ कुलदेवी-वेगमाता-वेगेश्वरीलाई झोलीमा हाली यात्रा गर्ने क्रममा नेपालको रुरुक्षेत्रमा केही समय बिताई उत्तरतर्फ जाँदा लसर्घा भन्ने स्थानको पहाडको टाकुरामा वास बस्न पुग्दा उक्त देवीलाई भीमसेनपातीको रुखमा झुन्ड्याई आराम गर्दा झोलीबाट खस्न पुगी जमिनमा भासिन पुगेकी थिइन्। हाल मन्दिर रहेको भीमसेनपातीको फेदबाट एउटा प्वाल पारी कालीगण्डकी पुगी स्नान गरी पुनः भीमसेनपातीको फेदमा आई बसिन्। भीमसेनपातीको रुखबाट अलप भएकाले सोही दिनदेखि वेगमाता वेगेश्वरीलाई सजिलोको रूपमा अलप देवी भन्दाभन्दै आलमदेवी (अपभ्रंश) शब्द बन्न पुग्यो।

यिनै भूपाल सिंह वंशका कुलमण्डल खाँले दिल्लीका मुगल सम्राटद्वारा शाह उपाधि प्राप्त गरी कास्कीको अर्घामा राजा भएका र उनकै वंशजहरू क्रमशः लमजुङ, गोरखा हुँदै पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेपछि एकीकृत नेपालको राजसत्ता सम्हालेका थिए। तसर्थ शाहवंशीय राजपरिवार तथा खाँड ठकुरीहरूले यस मन्दिरलाई कुल देवीको रूपमा मान्दै आएको पाइन्छ।

**काठमाडौँ उपत्यका**

नेपालको मध्यपहाडी क्षेत्रमा चारैतिर पहाडले घेरेको समुद्र सतहदेखि १३३७ मिटर उचाइमा रहेको समथर भूभागमा काठमाडौँ उपत्यका अवस्थित छ । यहाँ समशीतोष्ण हावापानी पाइन्छ । काठमाडौँ नेपालको राजधानी भएकाले यहाँ जनसङ्ख्याको चाप अत्यधिक छ । काठमाडौँलाई मुलुकको राजधानी रहेको स्थानको रूपमा मात्र नभएर प्राचीनकालको इतिहास बोकेको मन्दिरै-मन्दिर र चाडपर्वहरूको बाहुल्य भएको स्थानको रूपमा समेत लिनुपर्दछ ।




जीवित देवी कुमारी रथ जात्रा, काठमाडौँ

तिब्बतबाट आएका महामञ्जुश्रीले ठुलो तलाउ रहेको स्थानमा वरदा र मोक्षदा भन्ने शक्ति स्थापना गरी चोभार डाँडा काटेर पानी बाहिर पठाई सुन्दर सहरको सिर्जना गरेर काठमाडौँ नगरको निर्माण भएको हो भन्ने किंवदन्ती रहेको छ । यस उपत्यकामा रहेका काठमाडौँ दरबार स्क्वायर, भक्तपुर दरबार स्क्वायर, पाटन दरबार स्क्वायर, स्वयम्भू महाचैत्य, बौद्धनाथ खास्ती, पशुपतिनाथ र चाँगुनारायण मन्दिरसमेतका ख्यातिप्राप्त ऐतिहासिक स्थलहरू विश्वसम्पदा सूचीमा समेत परेका छन् । काठमाडौँ उपत्यकालाई खुला सङ्ग्रहालयको रूपमा नै लिन सकिन्छ । काठमाडौँमा २० कि.मि.को दूरीमा विश्वसम्पदा सूचीमा परेका सातओटा सम्पदा रहेका छन् । यी सम्पदाहरूको उपस्थितिले काठमाडौँ उपत्यकालाई विश्वप्रसिद्ध सहरको रूपमा स्थापित गरेको छ । यी सम्पदाहरूको उचित संरक्षणले यस उपत्यकालाई अनन्तकालसम्म विश्वको एउटा महत्त्वपूर्ण पर्यटन केन्द्रको रूपमा प्रतिष्ठित बनाइरहने सम्भावना बोकेको देखिन्छ ।

भौगोलिक विभाजनअनुसार काठमाडौँ नेपालको करिब-करिब मध्यपहाडी खण्डमा

पर्दछ । यहाँका प्रमुख नदीहरू बागमती र विष्णुमती हुन् । पशुपतिनाथ, गुहेश्वरी, स्वयम्भू, बौद्ध, बुढानीलकण्ठ, दक्षिणकाली, हनुमानढोका, गोकर्ण, टेकु, शालिनदी आदि यहाँ अवस्थित प्रमुख तीर्थधाम हुन् । काठमाडौँ राजधानी सहर हुनुका साथै देशको प्राचीन कला, कौशल, संस्कृति, सभ्यता एवम् ऐतिहासिक स्रोतको भण्डार पनि हो । यसका अतिरिक्त देशको प्रमुख शैक्षिक संस्थाहरू, आधुनिक जनशक्ति एवम् उपकरणयुक्त अस्पतालहरू तथा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलसमेत यसै सहरमा अवस्थित भएको कारणले गर्दा पनि स्वदेशी तथा विदेशीहरूका लागि यो आकर्षणको केन्द्र बन्न पुगेको छ । वरिपरिबाट नगरकोट, नागार्जुन, शिवपुरी, चन्द्रागिरि र फुल्चोकीजस्ता मनोरम पहाडहरूले घेरिएको यस उपत्यकाको सुन्दरतालाई यी पहाडहरूको उपस्थितिले अझै बढाएको छ ।

नेपालका ७७ जिल्लामध्ये काठमाडौँ पनि एउटा हो । सामान्यतया काठमाडौँ, ललितपुर र भक्तपुरसमेतका तीनओटा जिल्ला समेटिएको समतल र वरिपरिबाट पहाडले घेरिएको होचो भागलाई काठमाडौँ उपत्यकाको नामले चिन्ने गरिन्छ । यो उपत्यकाभन्दा बाहिरका मानिसहरूले मूलतः यस उपत्यकालाई नै काठमाडौँको नामले चिन्ने गर्दछन् । नेपालको काठमाडौँ जिल्लामा पर्ने काठमाडौँ सहर नेपालको राजधानी सहर रहने छ भनी संविधानको धारा २८८ मा व्यवस्था गरिएको छ । यस जिल्लाको क्षेत्रफल ३९५ वर्ग कि.मि. छ । ऐतिहासिक दरबार हनुमानढोकाको नजिकमा रहेको काठैकाठले बनेको काष्ठमण्डपको आधारमा काठमाडौँको नाम रहन गएको हो भन्ने विद्वान्हरूको भनाइ रहेको छ । ऐतिहासिक भवन सिंहदरबार प्रमुख प्रशासकीय केन्द्र हो । सार्क सचिवालय, काठमाडौँस्थित विभिन्न विदेशी राजदूतावासहरू, नेपाल राष्ट्र बैंक तथा अन्य केन्द्रीय कार्यालयहरू पनि काठमाडौँभित्र नै रहेका छन् । त्यसैले काठमाडौँ नेपालको राजनीतिक राजधानीको रूपमा मात्र नभई वित्तीय, शैक्षिक, न्यायिक, धार्मिक, तथा कूटनीतिक राजधानीको रूपमा समेत रहको छ । वीर अस्पताल तथा टिचिङ हस्पिटलजस्ता देशका ठुला र साधनसम्पन्न अस्पतालहरू पनि रहेका छन् । काठमाडौँलाई त्रिभुवन राजपथ, कोदारी (अरनिको) राजपथ र पृथ्वी राजपथ, बर्दिवास-धुलिखेलजस्ता राजमार्गहरूले बाहिरी क्षेत्रहरूसित जोडेका छन् ।

काठमाडौँबाट भगवान् गौतमबुद्धको जन्मस्थल लुम्बिनी र शुद्धोधनको राजधानी तिलौराकोट कपिलवस्तुको नजिकमा रहेको भैरहवा एवम् देशको महत्त्वपूर्ण पर्यटन केन्द्र पोखरा र सगरमाथाको काखमा अवस्थित रहेको नाम्चेजस्ता देशका विभिन्न क्षेत्रसित हवाई सम्पर्क रहेको छ । मेचीदेखि महाकालीसम्मका गाउँ तथा सहरहरूमा पुग्न विभिन्न किसिमका यातायातका सेवाहरू पनि नियमित रूपले सञ्चालन भइरहेका छन् । रेडियो तथा टेलिभिजनका केन्द्रीय कार्यालयहरू र स्टेसनहरूका साथसाथै नेपाल दूरसञ्चार संस्थानको केन्द्रीय कार्यालय पनि काठमाडौँमै रहेको र

नेपालबाट प्रकाशित आधाभन्दा बढी दैनिक तथा साप्ताहिक समाचार पत्रपत्रिकाहरू पनि काठमाडौँबाटै प्रकाशित हुने भएकाले काठमाडौँलाई नेपालको सञ्चारको राजधानी पनि भन्न सकिन्छ । सोल्टी, अन्नपूर्ण, याक एन्ड यती, ह्यातलगायतका तारे होटलहरूसमेत यस महानगरमा रहेका छन् । हङकङबाट प्रकाशित हुने एसियाको प्रसिद्ध आर्थिक पत्रिका ASIA WEEK को सन् १९९८ डिसेम्बर ११ को अङ्कमा एसियाका बस्नका निम्ति सबैभन्दा उपयुक्त ४० ओटा प्रमुख सहरहरूमा काठमाडौँको नाम २७औँ स्थानमा रहेको कुरा उल्लेख छ ।

**कोदारी**

नेपालको भारतसित गरिने व्यापारको मुख्य केन्द्र वीरगन्ज भए जस्तै चीनको स्वशासित क्षेत्र तिब्बतसितको व्यापारको प्रमुख केन्द्रको रूपमा रहेको नेपालको प्रमुख व्यापारिक नाका कोदारी हो । तिब्बतको सीमावर्ती बजार खासाबाट आउने सामान र नेपालबाट खासातिर निर्यात गरिने वस्तुहरूको आयात-निर्यात गर्ने सीमावर्ती व्यापारिक केन्द्र कोदारीलाई नेपालको एउटा प्रमुख राजमार्गको रूपमा रहेको कोदारी (अरनिको) राजमार्गले काठमाडौँसँग जोडेको छ । कोदारी प्रदेश नं. ३ को सिन्धुपाल्चोक जिल्लाको उत्तरी सीमावर्ती क्षेत्रमा पर्दछ ।

**काँकडभिट्टा**

यो नेपालको पूर्वी सिमानानजिक रहेको बजार हो । यो कोशी प्रदेशको झापा जिल्लामा पर्दछ । यहाँबाट फूलबारी मार्ग हुँदै बङ्गलादेश जाने मार्ग खुलेकाले यसको महत्त्व बढ्न पुगेको छ । नेपालको पूर्वी सिमानाको महत्त्वपूर्ण प्रवेश मार्गमा रहेकाले यसलाई पूर्वको ढोका पनि भनिन्छ । यहाँ मेची भन्सार कार्यालय रहेकाले यसले यस क्षेत्रको निकासी पैठारीमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । काँकाडभिट्टा मेची नगरपालिकामा पर्दछ ।

पशुपतिनगरद्वारा भारतको खर्साङ, सिलीगुढी र दार्जिलिङसँग व्यापारिक सम्पर्क कायम रहेको र चिया उत्पादनका निम्ति नेपालको प्रसिद्ध इलाम जिल्ला र झापा जिल्ला एकअर्कासँग जोडिएको हुनाले काँकडभिट्टा र इलामको बीचमा रहेको दूरी त्यति धेरै नरहेको कुरा स्वतः स्पष्ट हुन्छ ।

**ककनी**

काठमाडौँको केन्द्रबाट २७ कि.मि. दूरीमा ५,९९७ फिटको उचाइमा ककनी भन्ने रमणीय स्थान छ । नुवाकोट जिल्लामा पर्ने यो ठाउँलाई राणाकालमा वसन्ती बाग भनिन्थ्यो । यसको नजिकै तामाङ जातिको ठुलो बस्ती छ । यसका अतिरिक्त प्रहरी तालिम केन्द्र, तारा गाउँ अतिथि गृह, थाई एयरवेजद्वारा निर्मित स्मृति पार्क, बागवानी फार्मले पनि ककनीको शोभा बढाएका छन् ।

**खप्तड**



त्रिवेणी मन्दिर, खप्तड

डोटी, अछाम, बझाङ र बाजुरासमेत चार जिल्लामा फैलिएको खप्तड करिब ११,००० फिटको उचाइमा रहेको छ। चारवटै जिल्लाको सङ्गमस्थलमा रहेको यो उच्च पहाडी भूभागमा थुम्काथुम्की, चौर (पाटन) र स-साना खोलाहरू छन्। यो उच्च पहाडी मैदानी भूभागको सरदर चौडाइ पाँच किलोमिटर र लम्बाइ सरदर १० किलोमिटर छ। हिउँले ढाकिएका सेता डाँडा र वन-जङ्गल आफैँमा मनमोहक देखिन्छन्। हिउँले छोडेपछि रङ्गीविरङ्गी फूलैफूलको समथर भूभाग स्वर्गझैँ लाग्दछ। खप्तड प्राकृतिक सुन्दरताको पर्यायको रूपमा रहेको छ। खप्तडको पर्यटकीय दृष्टिले विकास गर्न सकेमा पश्चिम नेपालको विकासमा यसबाट महत्त्वपूर्ण योगदान पुग्ने छ।

**खुम्बु क्षेत्र**

कोशी प्रदेशको सोलुखुम्बु जिल्लामा पर्ने खुम्बु क्षेत्र पर्वतारोहण र पदयात्राका लागि प्रसिद्ध छ। यहाँ विश्वको सर्वोच्च शिखर सगरमाथासहित छिटो तथा सरल पर्वतारोहणका लागि प्रसिद्ध ६६६४ मिटर अग्लो मेरा पिक पनि छ। यसबाहेक यहाँ गोक्यो पिक, पिके डाँडा, टासीलाप्चा, कालापत्थर, आमालाप्चा ऋस, दूध कुण्ड आदि दर्शनीय स्थलहरू छन्।

**गोरखा**

गोरखा पृथ्वीनारायण शाहले नेपाल एकीकरण अभियान आरम्भ गर्नुपूर्व शाह राजाहरूबाट शासित एक सानो पहाडी राज्य थियो। गोरखाको पूर्वमा धादिङ, पश्चिममा तनहुँ, लमजुङ, मनाङ र उत्तरमा चीनको तिब्बत प्रदेश र दक्षिणमा



गोरखा दरबार

चितवन जिल्ला रहेका छन् । उत्तरपट्टि ग्वाला भञ्ज्याङ र शृङ्गी हिमाल, नारद पोखरी (कुण्ड), दरौँदीको शिर, दक्षिणपट्टि त्रिशूली, पूर्वपट्टि बुढीगण्डकी र पश्चिमपट्टि मर्स्याङ्दी, चेपे चम्पावती तथा मनास्लु शृङ्खला गोरखा जिल्लाका प्राकृतिक सिमाना हुन् । गोरखकालीको दक्षिण पाखोमा अवस्थित गोरखा बजार वा पोखराथोक यस जिल्लाको सदरमुकाम हो । उत्तरबाट दक्षिणतिर बग्ने दरौँदी गोरखा जिल्ला भई बग्ने प्रमुख नदी हो । ऐतिहासिक महत्त्व र जलशक्तिको दृष्टिकोणले समेत दरौँदी प्रमुख आकर्षणको केन्द्र रहेको छ ।

गोरखा बजार रहेको पहाडको टाकुरामा अवस्थित गोरखा दरबार प्यागोडा शैलीमा बनेको छ र कलात्मक झ्याल, ढोकाहरूबाट सुसज्जित रहेको छ । ऐतिहासिक थलोका रूपमा रहेको गोरखा दरबार पर्यटकीय दृष्टिकोणले पनि अत्यन्तै महत्त्वपूर्ण छ । दरबार परिसरमा काली मन्दिर र गोरखनाथको मन्दिरका साथसाथै अरू देवीदेवताका मूर्तिहरू पनि यत्रतत्र छरिएर रहेका छन् । गोरखा दरबारका साथसाथै गोरखा बजारमा सुन्दर कलात्मक शैलीमा निर्मित अरू दरबार पनि छन् । नुवाकोट दरबार पनि यसै शैलीमा निर्मित छ । गोरखामा प्राचीन सङ्ग्रहालय रहेको छ । बजार क्षेत्रमा प्रायजसो नेवार जातिको बसोवास भएको हुनाले यहाँ नेवार सम्प्रदायले मान्ने सम्पूर्ण जात्राहरू गर्ने प्रचलन छ ।

यस क्षेत्रबाट हिमालयका सुन्दर दृश्यहरू देखिने भएकाले यो क्षेत्र पर्यटकीय दृष्टिकोणबाट अति आकर्षक छ भने लार्केपास हुँदै मनाङ जाने प्रमुख बाटोको रूपमा पनि प्रख्यात छ । नेपालको उत्तरी जिल्लाहरू जस्तै गोरखा पनि यार्सागुम्बाका लागि प्रसिद्ध छ । गोरखा जिल्लामा रहेको मनकामनाको मन्दिर हिन्दूहरूको प्रसिद्ध धार्मिक स्थल मात्र नभएर एउटा मनोरम पर्यटकीय स्थल पनि हो । पृथ्वी राजमार्गमा पर्ने चेरेसदेखि मनकामनासम्मको यात्रालाई मनकामना केबलकारको सञ्चालनले अत्यन्त सरल, सहज, छोटो र मनोरञ्जक बनाएको छ ।

**गजुरमुखी देवी**

इलाम जिल्लाका चार प्रमुख नदीहरूमध्ये एक देउमाई नदीको पश्चिम किनारमा ओढारजस्तो ठाउँमा विभिन्न आकारका प्रस्तरको देवी मूर्तिहरूलाई गजुरमुखी देवी भनिन्छ । यहाँ लिम्बू जातिको पुजारी हुन्छन् । गजुरमुखी देवीको पूजाअर्चना गर्नाले बोल्न नसक्ने व्यक्ति पनि बोल्न सक्ने, कान नसुन्नेले सुन्न सक्ने हुन्छन् भन्ने जनविश्वास छ । कात्तिक पूर्णिमाका दिन यहाँ मेला लाग्दछ । ओढार आकारको थलोलाई जनसहयोगबाट मन्दिरको रूप दिइएको पाइन्छ । यहाँ शिव मन्दिर र धर्मशाला आदि पनि बनाइएको छ ।

**गह्रौं कालिका मन्दिर**

स्याङ्जा जिल्ला वालिङ नगरपालिकाको गह्रौँसुरमा अवस्थित गह्रौं कालिका मन्दिर आजभन्दा ५३० वर्ष पहिले गह्रौँकोट राज्यका पहिलो राजा दशरथ खाँड (वि.सं. १५१०-१५३६) को २६ वर्षे शासनकालमा स्थापना भएको थियो । यो मन्दिर समुद्री सतहदेखि १५१६ मिटरको उचाइमा गह्रौँसुर डाँडाको टुप्पामा अवस्थित छ । चैते दसैँ र बडा दसैँमा विशेष मेला लाग्ने यस मन्दिरमा दैनिक पूजाआजा चल्दै आएको छ । मन्दिरको दोस्रो पुनर्निर्माण वि.सं. १८४८ मा स्वतन्त्र गह्रौँकोट राज्यका अन्तिम राजा श्रीभक्त खाँणले गरेका थिए भने तेस्रो पुनर्निर्माण २०५ वर्षपछि वि.सं. २०५३ सालमा स्थानीय व्यक्तिकै पहलबाट भएको पाइन्छ । मन्दिर स्याङ्जा जिल्लाका प्रायः सबैजसो ठाउँबाट स्पष्ट अवलोकन गर्न सकिन्छ ।

**गुह्येश्वरी मन्दिर**

पशुपति मन्दिरको नजिकै बागमती नदीको तटमा अवस्थित धार्मिक, ऐतिहासिक, सांस्कृतिक एवम् कलात्मक दृष्टिले महत्त्वपूर्ण यो मन्दिर हिन्दू धर्मावलम्बीहरूको आस्थाको केन्द्रका रूपमा रहेको छ । गुह्येश्वरी शक्तिपीठको स्थापना लिच्छविकालमा र मन्दिरको निर्माण मल्लकालमा भएको मानिने हुँदा यहाँ लिच्छविकालीन मूर्तिकला तथा मल्लकालीन काष्ठकलाका विशिष्ट नमुना दृष्टिगोचर हुन्छ । चारैतिर पाटीपौवाहरूले घेरिएको मण्डप शैलीमा श्लेषमान्तक वनसँगै बागमती नदीको दक्षिण तटमा निर्मित यो भगवान् शिवको सहधर्मिणी सतीदेवी (पार्वती) को मन्दिर भएको मानिन्छ । प्राचीनकालमा आद्यगुरु शङ्कराचार्य यही ठाउँको अवलोकन गर्न आउनुभई गुह्येश्वरीको उपासना र प्रार्थना गर्नुभएको पनि आख्यान छ । तान्त्रिक बज्रयान बौद्ध परम्पराअनुसार गुह्येश्वरीको पूजाअर्चना गरिने हुँदा यो स्थल हिन्दू र बौद्ध दुवै समुदायका लागि पूजनीय मानिन्छ ।

**घान्द्रुक**

गण्डकी प्रदेशको कास्की जिल्लाअन्तर्गत अन्नपूर्ण र माछापुच्छ्रे हिमालको काखमा पोखराबाट ४२ कि.मि. उत्तरमा अवस्थित घान्द्रुक गुरुङ संस्कृति र जीवनशैलीलाई

जीवन्त रूपमा प्रस्तुत गर्न सक्षम प्रमुख गुरुङ बस्ती हो। यो ठाउँ पर्वतारोही, पदयात्रीका अतिरिक्त स्वदेशी तथा विदेशी पर्यटकहरूका लागि महत्त्वपूर्ण आकर्षक स्थल मानिन्छ। यहाँ प्रत्येक वर्ष करिब ५० हजार पर्यटकले भ्रमण गर्ने गर्दछन्।

**घलेगाउँ**



घलेगाउँ, लमजुङ

लमजुङ जिल्लास्थित घलेगाउँ ग्रामीण पर्यटन तथा होमस्टेका लागि प्रसिद्ध छ। घलेगाउँबाट मनास्लु, अन्नपूर्ण, माछापुच्छ्रे, लमजुङ हिमाल शिरको टोपीजस्तै देखिन्छन्। चियाबगान, भेडीखर्क, उत्तरकन्याको मन्दिर दर्शनीय छन्। घले गुरुङको आत्मीय आतिथ्य र घाँटु नाचको प्रदर्शनले स्वदेशी र विदेशी पर्यटकलाई मोहित बनाउने गरेको पाइन्छ। घलेगाउँको होमस्टे पार्क मुलुककै उत्कृष्ट मानिन्छ भने यसपछि नेपालका धेरै स्थानमा होमस्टे पर्यटन फस्टाएको छ।

**चन्दननाथ मन्दिर**

कर्णाली प्रदेशको जुम्ला जिल्लामा रहेको चन्दननाथको मन्दिरमा भगवान् दत्तात्रेयको मूर्ति स्थापित छ। यहाँ वैदिक विधि विधानअनुसार प्रात, मध्याह्न र सन्ध्याकालमा गरी दिनको तीनपटक पूजा गरिन्छ। आठौँ शताब्दीअगाडि निर्मित यो मन्दिरमा भगवान् दत्तात्रेयको चरणपादुका रहेको छ। चन्दनाथले स्थापना गरेको मन्दिर भएकाले यस मन्दिरको नाम चन्दनाथ रहेको हो। यहाँ योगी (गिरी, पुरी आदि) समुदायको व्यक्ति पुजारी हुन्छन्।

**चाँगुनारायण**

भक्तपुर जिल्लाको पूर्वोत्तर भागमा डोलाद्री (डोलागिरि) नामको अग्लो पहाडको थुम्कोमा अवस्थित भगवान् विष्णुको मूर्ति स्थापित यो मन्दिर नेपालको प्राचीनतम् मन्दिरहरूमध्ये एक मानिन्छ। यो मन्दिरको निर्माण कहिले र कसले गराएको हो भन्ने बारेमा स्पष्ट जानकारी नभए पनि हरिदत्त वर्मा नामका व्यक्तिले सक् ३८६ ताका संवत् (वि.सं. ५२१) मा उपत्यकाका चार नारायणहरू (चाँगुनारायण, शेषनारायण, विशङ्खुनारायण र इचङ्गुनारायण) को स्थापना गर्ने क्रममा चाँगुनारायण स्थापना

गरेको भन्ने आख्यान छ। सक् संवत् ३८६ (वि.सं. ५२१) मा राजा मानदेवले पूर्व र पश्चिमका सामन्तहरूलाई नियन्त्रण गरी चाँगुनारायणको पूजाअर्चना गरी गरुडसहितको स्तम्भ खडा गराएको कुरा उल्लेख भएको पाइन्छ।

**चितवन वन्यजन्तु संरक्षण क्षेत्र**

वन्यजन्तु संरक्षण क्षेत्रको रूपमा चितवनलाई लिइएको छ। यहाँ दुर्लभ वन्यजन्तु एवम् चराचुरुङ्गी रहेका छन्। एकसिङ्गे गैँडा, बङ्गाली बाघ र हात्तीलाई स्थलमा पाइने दुर्लभ जनावरहरूका रूपमा लिइएको छ। यो स्थान वन्यजन्तु अध्ययन गर्ने अनुसन्धानकर्ता र वन्यजन्तु अवलोकन गर्न रुचाउने पर्यटकहरूको मुख्य थलो हुन गएको छ।

**छिन्नमस्ता भगवती**



छिन्नमस्ता, सप्तरी

छिन्नमस्ता भगवती सप्तरी जिल्लाको राजविराजबाट दक्षिण सीमावर्ती क्षेत्र सप्तरी जिल्लाको तत्कालीन छिन्नमस्ता गाउँविकास समितिमा पर्दछ। छिन्नमस्ता भवगती मनोकामना पूरा गर्ने शक्तिपीठहरूमध्ये एक पीठ मानिएको हुँदा यस मन्दिरमा नेपाल र भारतका जनताको ठुलो आस्था छ। प्राचीन इतिहास र किंवदन्तीअनुसार कर्नाटवंशी राजा नान्यदेवको पाँचौँ पुस्ताका शक्रसिंहदेव सिम्रौनगढका राजा भएका थिए। उनी नाबालक छोरा हरिसिंहदेवलाई राजगद्दीमा राखी निर्वासित जीवन बिताउन सप्तरी आए। त्यसवेला जङ्गलले ढाकिएको यस स्थानमा जङ्गल सफा गर्दा भेटिएको भगवती मूर्तिलाई उनले आफ्नो कुलदेवीको रूपमा स्थापना गरी आफ्नो नामबाट देवीको नाम शक्रेश्वरी राखे भन्ने भनाइ छ। देवीको शरीर नभएकाले केही समयपछि छिन्नमस्ता भगवती भन्न थालिएको मानिन्छ।

**जनकपुर**

जनकपुरलाई प्राचीन मिथिला राज्यको राजधानीको रूपमा लिइएको छ। यहाँ रहेका प्रायः सम्पूर्ण मानिसहरू मैथिली भाषा बोल्छन् र यहाँ मैथिली साहित्यको विकास

भएको पाइन्छ। जनकपुरमा मैथिली भाषाका कवि विद्यापति कोकिलको सालिक पनि रहेको छ। हिन्दू नारीको आदर्शको रूपमा रहेको सीताको जन्मथलोको रूपमा जनकपुर ख्यातिप्राप्त छ। यस पवित्र स्थलमा विवाह पञ्चमीका दिन नेपाल तथा भारतका हिन्दू धर्मावलम्बीहरू जनकपुरधामको परिक्रमा गर्न आउँछन्। जानकी मन्दिरको दर्शनका लागि ठुलो मेला लाग्ने गर्दछ।

विवाह पञ्चमीमा जानकी मन्दिरमा हिन्दू धर्मावलम्बीहरूको ठुलो भीड लाग्दछ। स्वदेशका मात्र नभई विदेशबाट पनि यहाँ ठुलो सङ्ख्यामा हिन्दू धर्मावलम्बीहरू रामजानकीको दर्शन गर्न आउने र मिथिलाको यात्रापथमा यात्राका साथसाथै प्रदक्षिणा गर्ने गर्दछन्। जनकपुरको जानकी मन्दिर हिन्दूहरूको एउटा प्रख्यात र मुख्य धार्मिक थलोको रूपमा रहेको छ। जानकी मन्दिरका साथसाथै यस क्षेत्रमा अरू विभिन्न पवित्र धार्मिक स्थलहरू छन्। धनुषा सागर र रत्न सागर आदि पवित्र सागरहरूलाई पनि जनकपुरका अमूल्य निधिको रूपमा लिइन्छ।

परम ज्ञानी राजा जनकले शासन गरेको मुलुक भएकाले नै यस स्थानको नाम जनकपुर रहेको हो भन्ने कुरामा विद्वान्हरू सहमत देखिन्छन्। यस सहमतिले राजा जनकले हिन्दू मात्रकी आराध्यदेवी सीताको यही जनकपुरमा भगवान् रामसित विवाह गरिदिएका हुन् भन्ने कुराको पनि पुष्टि गर्दछ। प्रसिद्ध हिन्दू विद्वान् तथा स्मृतिकार याज्ञवल्क्यसमेतका विद्वान्हरूले राजा जनकको दरबारमा सम्मान पाएको कुराले प्राचीनकालदेखि नै जनकपुरले अध्ययन र अनुसन्धानको केन्द्रको रूपमा समेत आफूलाई चिनाउँदै आएको तथ्य प्रकट हुन आउँछ।

**जानकी मन्दिर**



जानकी मन्दिर, जनकपुर

भारतको मध्यप्रदेश राज्यको लोहागढका सुरकिशोर दास हाल जानकी मन्दिर रहेको क्षेत्रमा बस्दा त्यहाँ रामजानकी मूर्ति प्रादुर्भाव भएको देखेकाले सोही ठाउँमा उहाँले छाप्रो बनाई मन्दिरको रूप दिनुभएको थियो। यो मन्दिर अति सुन्दर र भव्य छ। यस मन्दिरलाई नौलखा मन्दिर भन्ने चलन पनि छ। सिङ्गमर्मरको भुइँ तथा आकर्षक

गजुरहरूका साथसाथै विवाह मण्डप र सिङ्गमर्मरका देवदेवी तथा ऋषिमुनिहरूका मूर्तिहरूले यस मन्दिरको शोभा बढाएका छन्। यो क्षेत्र मिथिला संस्कृति, भेषभूषा र रहनसहन एवम् चाडपर्वको ज्वलन्त उदाहरणको रूपमा रहेको छ। यो मन्दिरमा नेपाल तथा भारतका दर्शनार्थीहरूको जमघट भइरहन्छ।

**जिरी**

दोलखा जिल्लाको दोस्रो महत्त्वपूर्ण बजार जिरी करिब ६ हजार फिटको उचाइमा अवस्थित छ। जिरीलाई नेपालको स्विट्जरल्यान्ड भनी चिनिन्छ। पर्यटकीय दृष्टिकोणले जिरीलाई महत्त्वपूर्ण ग्रामीण सहरको रूपमा लिइन्छ।

**तानसेन र श्रीनगर**

मध्यपहाडी भूभागमा अवस्थित पाल्पा जिल्लास्थित तानसेन नेपाल राज्यकै अति रमणीय पर्यटकीय एवम् महत्त्वपूर्ण व्यापारिक केन्द्र हो। पाल्पा जिल्लाको सदरमुकाम तानसेनमा अत्यन्त रमणीय एवम् मनमोहक दृश्यको अवलोकनसमेत गर्न सकिने भएकाले यसको महत्त्व बढ्दो छ। अत्यन्त आनन्ददायी हावापानी भएको यस नगरमा मगर तथा नेवार जातिको बसोवास रहेको पाइन्छ। राणाकालमा तानसेनलाई काठमाडौँपछिको महत्त्वपूर्ण राजनीतिक तथा प्रशासनिक अखडाको रूपमा स्थापित गरिएको पाइन्छ। ढाकाटोपी तथा करुवासमेतका धातुका सामग्रीका लागि प्रसिद्ध तानसेन मधेस तथा पहाडबीचको प्रमुख व्यापारिक स्थलसमेत हो। नेपाल एकीकरण हुनुभन्दा अगाडिसम्म पाल्पा एउटा पृथक् र शक्तिशाली राज्यको रूपमा रहेको थियो। श्रीनगर डाँडाको काखमा समुद्री सतहबाट १३७१ मिटर उचाइमा अवस्थित पाल्पा जिल्लाको सदरमुकाम तानसेन प्राकृतिक सुन्दरताले भरिपूर्ण छ। प्राकृतिक कलाकौशलको दृष्टिकोणले समृद्ध तानसेन आधुनिक सभ्यतातर्फ उन्मुख छ। पुरानो समयमा सेनवंशी शासकहरूको राजधानीसमेत रहेको तानसेन सहर ऐतिहासिक खोज र अन्वेषणको प्रतीक्षामा छ।

पाल्पा जिल्लाको शोभा, सौन्दर्य वा मुकुटका रूपमा श्रीनगरलाई लिइन्छ। बतासेडाँडा नामको वृक्षहीन शुष्क कुरूप उच्च थुम्कामा सल्ला आदि विभिन्न किसिमका रुख बिरुवाहरू रोपेर रमणीय उद्यानमा परिणत भएपछि बतासेडाँडा नै श्रीनगर भनी पुनः नामकरण गरिएको हो। यहाँ मन्दिर, बुद्धको मूर्ति र वागबगैँचाहरूसमेत छन्। झन्डै १५०० रोपनी क्षेत्रफलमा फैलिएको श्रीनगर शान्त, सुरम्य जङ्गल, अनुकूल र स्वस्थकर हावापानी भएकाले यो बाघ, चितुवा, खरायो, दुम्सी आदि जनावर र कालिज, तित्रा, कोइली प्रजातिका पन्छीहरूको सुरम्य बसोवासको क्षेत्र बनेको छ। वनविहार र वनभोजका लागि प्रख्यात यो ठाउँबाट माछापुच्छ्रे, हिमालचुली, अन्नपूर्ण, काञ्जिरोवा, मनास्लु, गणेश हिमाल आदि हिमालहरूको सुन्दर दृश्यावलोकन गर्न सकिन्छ। यसका अतिरिक्त सूर्योदय, माडी उपत्यका र सफा मौसममा भारतको उत्तरी भाग गोरखपुरसम्मको रेलहरूको रोमाञ्चक अवलोकन गर्न सकिन्छ।

अमरसिंह थापाबाट सन् १८०७ इ. मा निर्मित अमरनारायण मन्दिर, सन् १९२७ मा प्रताप शमशेर ज.ब.रा.बाट निर्मित तानसेन दरबार, खड्ग शमशेरबाट निर्मित शीतलपाटी (गोलघर), ब्रिटिस भारतीय फौजलाई पराजित गरेको स्मृतिमा सन् १८१४ मा उजिरसिंह थापाद्वारा बनाइएको भगवती मन्दिर, पाल्पा जिल्लाको सबैभन्दा पुरानो बौद्ध विहारको रूपमा परिचित आनन्द विहारलगायतका महाचैत्य विहार, महाबोधी विहार, वीरेन्द्र फूलबारी आदि यस सहरका प्रमुख पर्यटकीय महत्त्वका सम्पदा हुन् । साथै, तानसेन सहरबाट करिब ८ कि.मि. दक्षिणमा रहेको सत्यवती ताल र प्रवास तालमा फुलिरहेका कमलका फूलहरूले तानसेन भ्रमण गर्न पर्यटकहरूलाई बारम्बार लोभ्याइरहन्छ ।

**तातोपानी**

म्याग्दी जिल्लाको पोखरा-मुस्ताङ सडकमा पर्ने तातोपानी र सिन्धुपाल्चोक जिल्लाको कोदारी राजमार्ग चीनको सीमानजिकै रहेको तातोपानी पर्यटकीय दृष्टिले महत्त्वपूर्ण स्थानको रूपमा रहेका छन् । तातोपानी कुण्डमा नुहाउँदा बाथलगायत छाला र नसाका रोग निको हुने धार्मिक मान्यता छ । यही विश्वासका साथ देशभरका दर्जनौँ तातोपानी कुण्डमा दैनिक हजारौँ मानिस नुहाउन पुग्छन् ।

**तिमाल**

काभ्रेपलाञ्चोक जिल्लाको साबिकको कानपुर गा.वि.स.बाट सुरु भई पोखरी नारायणस्थानलगायत बाह्र गाउँ समेट्ने मनोरम तिमालमा मुख्यतया तामाङहरूको बाहुल्य रहेको छ । यस क्षेत्रमा ब्राह्मण, क्षेत्री, नेवार, मगर, दलित, ठकुरी, सार्की, दनुवारजस्ता जातीहरूको समेत बसोवास रहेको छ। जातीय हिसाबले समेत विविधता रहेको यस क्षेत्र धार्मिक हिसाबले समेत प्रख्यात छ । ऐतिहासिक एवम् प्राकृतिक सुन्दरताले भरिपूर्ण शान्त ठाउँको काखमा गुरु रेम्पोछेले तपस्या गरेको ठाउँलाई हाल गेलुङ ओडार, अन्य ऐतिहासिक धार्मिक स्थल, भगवान्हरूले तपस्या गरेका ओडार, गुफा, गुम्बा, ककलिङ र नारायणस्थान मन्दिर, दुम्जाको महादेवस्थानलगायत विभिन्न मठमन्दिर यहाँका प्रख्यात धार्मिक एवम् ऐतिहासिक स्थलहरू हुन् ।

**दीपायल, शैलेश्वरी**

सेती नदीको किनारमा रहेको दीपायल बजारको नजिकै त्यही नदीको अर्को किनारतर्फ रहेको अलिकति अग्लो डाँडा राजपुरमा अधिकांश क्षेत्रीय निर्देशनालयहरू रहेका छन् । राजपुर दीपायल पुरानो डोटी राज्यको राजधानी सहरको रूपमा रहेको थियो भन्ने कुरा ऐतिहासिक तथ्यहरूले औँल्याएको पाइन्छ ।

सुदूरपश्चिम प्रदेशको बझाङ, बाजुरा, डोटी तथा अछाम जिल्लाको साँधमा पर्ने मनोरम पर्यटकीय र प्रसिद्ध धार्मिक स्थल खप्तडसम्म दीपायल सिलगढीबाट पैदल हिँडेर



शैलेश्वरी मन्दिर, डोटी

पनि एक दिनमा पुग्न सकिने र खप्तड राष्ट्रिय निकुञ्जमा रहेका दुर्लभ र सुन्दर फूल, जडीबुटी, वन्यजन्तु, ताल र खण्ड-खण्ड परेका रमणीय पाटन (मैदान) हरूको अवलोकन गर्ने अवसर पाइने हुनाले पनि दीपायल-सिलगढीको महत्त्व बढ्न गएको छ ।

सुदूरपश्चिम प्रदेश डोटी जिल्लाको सिलगढीमा प्रसिद्ध धार्मिक स्थल शैलेश्वरी मन्दिर छ । शैलेश्वरीको उत्पत्तिका सम्बन्धमा स्थानीय बासिन्दाहरूमा प्रचलित एउटा लोकोक्तिअनुसार शिव-पार्वती एक-अर्कामा हाँसखेल गरिरहेको समयमा ब्रह्मा आदि देवताहरू शिव-पार्वतीको खोजी गर्दागर्दै त्यहीँ आइपुगेछन् । त्यसपछि पार्वतीले अदृश्य भई शिलाको रूप लिइछन् । त्यसैले यहाँका स्थानीय बासिन्दाहरू शैलेश्वरीलाई शिलादेवी पनि भन्ने गर्दछन् । यसैबाट शैलेश्वरीको अभ्युदय भएको मानिन्छ । शैलेश्वरी मन्दिरको स्थापना पाँच पाण्डवले गराएको हो भन्ने जनविश्वाससमेत रहेको छ । शैलेश्वरीलाई अर्धनारीश्वरका रूपमा समेत पूजाआजा गरिन्छ । शैलेश्वरीमा कात्तिक पूर्णिमाका दिन ठूलो मेला लाग्दछ । बाह्र वर्षमा कुम्भ मेला अर्थात् ६ वर्षमा अर्धकुम्भ मेलासमेत लाग्ने गर्दछ । शैलेश्वरीमा पूजाआजाका लागि छिमेकी राष्ट्र भारतबाट समेत दर्शनार्थीहरूको घुइँचो लाग्ने गर्दछ ।

**दानसाँगु**

जुम्ला जिल्लाको सदरमुकाम खलङ्गादेखि पूर्वोत्तर भागमा तिला नदी र जवा नदीको सङ्गमस्थललाई दानसाँगु भनिन्छ । यस स्थानमा गोदान, भूमिदान, अन्नदान, स्वर्णदान, रत्नदान, अभयदान आदि विविध दान दिइएकाले यो ठाउँको नाम दानसाँगु रहेको हो । तिज, महाशिवरात्री, नवरात्री, वैशाख पूर्णिमा, गङ्गादशहरा, चण्डीपूर्णिमा, गुरूपूर्णिमामा यहाँ ठूलो मेला लाग्दछ ।

**दाउन्ने गढी, दाउन्ने देवी**

नवलपरासी जिल्लामा चुरे पहाडको काखमा महेन्द्र राजमार्गको बुटवल नारायणगढ खण्डमा दाउन्ने डाँडामा दाउन्ने देवीको स्थान छ। यस ठाउँमा प्राचीनकालमा परशुरामको आश्रम तथा साधनास्थल थियो भन्ने किंवदन्ती छ। नवलपरासी जिल्लाको प्रमुख दुई क्षेत्र नवलपुर र परासीको ठिक बीचमा दाउन्नेगढी पर्दछ। नवलपुर बस्ती नवलसिंहले स्थापना गरेको मानिन्छ भने परशुराम शब्दबाट पराशु, परसो हुँदै परासी बनेको र दुवैको संयुक्त रूपमा नवलपरासी भएको मानिन्छ।

**देवघाट**

तनहुँ जिल्लाको देवघाट गाउँपालिकाअन्तर्गत पर्ने हिन्दूहरूको पवित्र तीर्थस्थल देवघाटमा सप्तगण्डकी नदीको सङ्गम भएको हुँदा यो ठाउँमा स्नान गर्दा सम्पूर्ण पापबाट मुक्ति पाइने, यहाँ प्राणत्याग गर्दा कैवल्य मुक्ति पाइने कुरा नेपाल महात्म्यमा उल्लेख छ। हरिगङ्गा (कालीगण्डकी) र हरगङ्गा (त्रिशूली) नदीसमेतको सङ्गम भएको सप्तगण्डकीको नदीको तटमा अवस्थित अर्थात् हरिगङ्गा र हरगङ्गा नदीको तटमा अवस्थित भएकाले यसलाई हरिहर क्षेत्र पनि भनिन्छ। कतैकतै यसलाई आदिप्रयागसमेत भनेको पाइन्छ। यो ठाउँमा माघे सङ्क्रान्तिका दिन ठुलो मेला लाग्दछ। धार्मिक दृष्टिले महत्त्वपूर्ण यो ठाउँको व्यवस्थित विकासका लागि तनहुँ, नवलपरासी र चितवन जिल्लाका केही भाग मिलाई देवघाट क्षेत्र विकास समिति गठन गरिएको छ।

**देवीघाट**

नुवाकोट जिल्लाको बट्टारको छेउमा रसुवा जिल्लाको गोसाइँकुण्डबाट आउने त्रिशूली नदी र रसुवाको सूर्यकुण्डबाट आउने तादी खोला (सूर्यमती नदी)को सङ्गमस्थलमा देवीघाट तीर्थस्थल रहेको छ। यसै ठाउँमा प्रसिद्ध जाल्पा देवीको मन्दिर छ। यहाँ प्रत्येक वर्ष चैत्र शुक्लपूर्णिमा र हरिबोधिनी एकादशीका दिन ठुलो मेला लाग्दछ।

**दक्षिणकाली**

काठमाडौँ फर्पिङ क्षेत्रको दक्षिणकालीमा मङ्गोल मुखाकृति भएकी कालिका देवीको मूर्ति छ। रमणीय उद्यान, वनपाखासहितको यो मन्दिरमा मङ्गलबार र शनिबारका दिन ठुलो मेला लाग्दछ। दक्षिणकाली मन्दिर राजधानी काठमाडौँबाट दक्षिण भेगमा करिब १७ किमिको दूरीमा रहेको छ। यो कालीकादेवीको मन्दिर हो। यो मन्दिर प्रताप मल्लद्वारा निर्माण गरिएको हो। यो फर्पिङको मुटुस्थित ऐतिहासिक महत्त्वले भरिपूर्ण मन्दिर हो। चारैतिर हरियाली सजिएको यो मन्दिर दुई नदीको दोभानमा छ। यो मन्दिरमा कालीका देवीको मूर्तिसहित अन्य देवीदेवताको मूर्ति पनि छन्। यहाँ केवल मन्दिर मात्र नभई वनभोजका लागि अत्यन्त रमणीय र मनोरञ्जनात्मक दृष्टिले भरिएको स्थल पनि हो। यस मन्दिरको दर्शन गर्दा

आफ्नो मनोकाङ्क्षा पूरा हुने धार्मिक विश्वासको कारणले गर्दा बर्सेनि हजारौँ भक्तजनको जमघट हुने गर्दछ ।

**धनुषाधाम**

त्रेतायुगमा भगवान् रामचन्द्रले सीतासँग स्वयंवरको क्रममा रङ्गभूमिमा शिवधनुष प्रयोग गर्दा टुक्रिएको धनुषको टुक्रा खसेको ठाउँलाई धनुषा भनियो । जनकपुरबाट १४ कि.मि. उत्तरमा अवस्थित धार्मिक महत्त्वको तीर्थस्थल धनुषाधाममा माघ महिनाको प्रत्येक आइतबारका दिन नेपाल र भारतका श्रद्धालुहरूको ठुलो मेला लाग्दछ ।

**धनकुटा**

धनकुटा नगरपालिका कोशी प्रदेशको धनकुटा जिल्लामा पर्दछ । मनमोहक प्राकृतिक दृश्यावली र मनोरम हावापानी भएको हुनाले धनकुटा पर्यटकीय दृष्टिकोणले समेत अत्यन्त महत्त्वपूर्ण स्थान हो । सुनसरी जिल्लाको सबैभन्दा पुरानो र नेपालको एउटा महत्त्वपूर्ण र दर्शनीय सहरको रूपमा रहेको धरानदेखि धनकुटा हुँदै सङ्खुवासभासम्म पुग्ने कोशी राजमार्गले धनकुटाको यात्रालाई सहज बनाएको छ ।

**धुलिखेल**

काठमाडौँदेखि ३० कि.मि. पूर्वमा काभ्रेपलाञ्चोक जिल्लामा पर्ने प्राचीन सहर धुलिखेल नेवार जातिको परम्परागत प्राचीन बस्तीको रूपमा प्रख्यात छ। यहाँबाट पूर्व केरियोलुङ र पश्चिममा हिमालचुलीका हिमशृङ्खलाको मनोरम दृश्य देख्न सकिन्छ। साथै, यहाँबाट गौरीशङ्कर हिमाल र अन्य पहाडी शृङ्खलाहरू सुनकोशी र रोसी खोलाको सङ्गमको सुन्दर दृश्य देखिन्छ। यहाँ तिमाल नारायणको मन्दिर छ, जहाँ भगवान् विष्णुको मूर्ति स्थापना गरिएको छ ।

**नेपालगन्ज**

महेन्द्र राजमार्गमा रहेको कोहलपुर भन्ने स्थानबाट साबिकको मध्यपश्चिम क्षेत्रको ठुलो सहर नेपालगन्ज नजिकै रहेको छ । नेपालगन्ज बाँके जिल्लाको सदरमुकाम हो । यो नगर शैक्षिक, औद्योगिक र व्यापारिक केन्द्र पनि हो । नेपालगन्ज समुद्र सतहबाट करिब ६०० फिटको उचाइमा अवस्थित छ । यहाँ उष्ण प्रदेशीय हावापानी पाइन्छ । साबिकका कर्णाली, भेरी र राप्ती अञ्चलनिवासीहरू आफ्नो कृषि, वन तथा घरेलु उत्पादन बिक्री गर्न र आफूलाई चाहिने लत्ताकपडा, नुन, तेल तथा अन्य उपभोग्य वस्तु खरिद गर्न आवतजावत गर्ने हुनाले नेपालगन्ज यस क्षेत्रकै ठुलो र महत्त्वपूर्ण व्यापारिक केन्द्रको रूपमा दिनानुदिन विकास हुँदै गइरहेको छ ।

धार्मिक दृष्टिकोणबाट पनि नेपालगन्ज महत्त्वपूर्ण स्थान हो । यहाँको श्री बागेश्वरी मन्दिर प्रसिद्ध छ । यो मन्दिरमा रामनवमी र बडादसैँको नवमीमा ठुलो मेला लाग्दछ । यहाँ रहेका बागेश्वरी पोखरी र रानी तलाउ पनि प्रसिद्ध छन् । नेपालगन्जमा हवाई



बागेश्वरी मन्दिर, नेपालगञ्ज

यातायात र सडक यातायातको सुविधा छ। यहाँ चामल, काठ, सलाई, कत्था, बिस्कुट आदि निर्माण गर्ने कारखानाहरू सञ्चालित छन्।

**नारायणगढ**

नारायणगढ नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका राजधानी काठमाडौँ र मनोरम पर्यटकीय स्थल पोखरा तथा हेटौँडासमेतका विभिन्न स्थानसित सडक यातायातद्वारा जोडिएको नेपालभित्रको आवागमनको प्रमुख केन्द्र हो। यो नेपालको सबभन्दा गहिरो नदी नारायणीको किनारमा अवस्थित छ। प्रसिद्ध धार्मिक स्थल देवघाट पनि नारायणगढ बजारको नजिकै नारायणी नदीको किनारामा रहेको छ। प्रसिद्ध तीर्थस्थल त्रिवेणीको पनि नजिक रहेको यो सहरबाट प्रत्येक दिन अनेकौँ सवारीसाधन देशका विभिन्न भागमा पुग्दछन्। सुदूरपश्चिम प्रदेशको महेन्द्रनगरदेखि काठमाडौँसम्म आउने र कोशी प्रदेशको काँकडभिट्टादेखि काठमाडौँ र पोखरासम्म आउने सवारीसाधनहरू नारायणगढ भएर ओहोरदोहोर गर्ने भएकाले नारायणगढको व्यापारिक महत्त्व अत्यन्तै बढ्दै गएको छ। अर्कातिर विश्वसम्पदा सूचीमा समावेश भएको चितवन राष्ट्रिय निकुञ्ज नारायणगढसित जोडिएको छ। नारायणगढबाट सौराहा, कसरा, चन्डीभञ्ज्याङ, टाइगरटप्स जस्ता पर्यटकीय क्षेत्र थोरै मात्र दूरीमा रहेका छन्।

**न्यातपोल देवल**

राजा भूपतिन्द्र मल्लद्वारा वि.सं. १७५९ मा पाँचतले प्यागोडा शैलीमा निर्मित यो मन्दिरमा देवी लक्ष्मीको मूर्ति स्थापना गरिएको छ। यो मन्दिरका विभिन्न तलामा

विभिन्न देवीदेवताका मूर्तिहरू छन् भने मन्दिरको प्रवेशद्वारमा योद्धा, बाघ, बघिनी, सिंहका मूर्तिहरू रहेका छन् ।

**नक्साल भगवती**

लिच्छविकालमा पलाञ्चोक भगवतीको मूर्ति बनाउनेले नै नक्साल भगवतीको पनि मूर्ति बनाई स्थापना गरेको जनश्रुति छ । रणबहादुर शाहका टक्सारी भीम बर्मा खवासले वि.सं. १८३९ मा पूजा गरी मन्दिरको जीर्णोद्धार गरेको र चिताइएको काम प्रेमगिरी खसाइले गरेको कुरा शिलालेखमा उल्लेख छ ।

**नगरकोट**

काठमाडौँ सहरदेखि ३२ कि.मि.को दूरीमा भक्तपुर जिल्लामा पर्ने ७२०० फिट (२१७५ मि.) को उचाइमा अवस्थित यो ठाउँबाट सूर्योदय र सूर्यास्तको मनोरम दृश्य देखिन्छ । यहाँबाट काठमाडौँ उपत्यकाको मनोरम दृश्यावलोकन, पर्वतीय दृश्यावलोकन हुनुका साथै सगरमाथा, कञ्चनजङ्घा, अन्नपूर्ण आदि हिमशिखरहरूको मनोरम छटा देखिने हुँदा यहाँ पर्यटकहरूको जमघट हुन्छ । भनिन्छ, नगरकोटमा एकै दिनमा चारओटा सिजनको अनुभव गर्न सकिन्छ । साथै, यहाँबाट पश्चिम उत्तरमा काठमाडौँ र दक्षिणतर्फ भक्तपुर सहरको दृश्य देखिन्छ । यहाँ विभिन्न स्तरका होटल र रिसोर्ट छन् ।

**पशुपतिनाथ**



पशुपतिनाथ मन्दिर, काठमाडौँ

बागमती नदी किनारमा रहेको पशुपतिनाथको मन्दिर हिन्दूहरूको पवित्र मन्दिर हो । यो शिवजीको अति प्रसिद्ध मन्दिर हो । यो मन्दिर विश्वसम्पदा सूचीमा सूचीकृत गरिएको छ । यहाँ महाशिवरात्रिको पर्व धुमधामले मनाइन्छ । यो हिन्दू वास्तुकलाको उच्चतम नमुना हो । दुईतले यो भव्य मन्दिर तामाको छानालाई सुनको जलप गरिएको छ । शिवको वाहन (नन्दी) को सुनको मूर्ति मन्दिरको पश्चिममा राखिएको

छ । पशुपतिको पूर्वपट्टि एक सानो डाँडा छ, जसलाई मृगस्थली भनिन्छ । शिवजीले मृगको रूप धारण गरी क्रीडा गरेको मानिने यो डाँडो निकै आकर्षक पनि छ । उक्त डाँडाको तल बागमतीको किनारमा नै गुह्येश्वरीको मन्दिर छ ।

**पाथीभरा देवीको मन्दिर**




पाथीभरा, ताप्लेजुङ

समुद्री सतहदेखि ३७९४ मिटरको उचाइमा नेपालको पूर्वी पहाडी जिल्ला ताप्लेजुङमा पर्ने यो मन्दिर पाथीभरा पहाडको शिखरमा रहेको छ । पाथीभरालाई देवीको साक्षात् स्वरूप मानेर सुख समृद्धिको कामना गर्दै देवीको दर्शन, पूजा, आराधना गर्ने चलन छ । मनमा पाप भएको मान्छे, गर्भवती महिलाले देवीको दर्शन गरेमा अनिष्ट हुन्छ भन्ने जनविश्वास छ । ताप्लेजुङ जिल्लाको सदरमुकामदेखि १० कोस पूर्वोत्तर भागमा भरिएको पाथी जस्तै चुलिएको पहाडमा देवीको मन्दिर रहेकाले यो मन्दिरको नाम पाथीभरा रहेको हो ।

**पोखरा**

गण्डकी प्रदेशको कास्की जिल्लामा पर्ने पोखरा सहरलाई नेपालको सबैभन्दा महत्त्वपूर्ण पर्यटन केन्द्रको रूपमा र देशको पर्यटन राजधानीको रूपमा लिने गरिन्छ । फेवाताल र बेगनास तालजस्ता प्रसिद्ध तालहरू, माछापुच्छ्रे हिमालको दृश्य, विन्ध्यवासिनीको मन्दिर, सहरको बीचबाट साँघुरो र गहिरो भएर बगेको सेती नदी,



तालबाराही, कास्की

महेन्द्र गुफा र डेबिड फल्स (पातले छाँगो) आदिलाई पोखराका महत्त्वपूर्ण दर्शनीय स्थलको रूपमा लिने गरिन्छ ।

बढी पानी पर्ने भएकाले पोखरालाई नेपालको चेरापुन्जी पनि भनिन्छ । पोखरालाई सिद्धार्थ राजमार्गले तानसेन तथा बुटवलसित र पृथ्वी राजमार्गले मुगलिन तथा काठमाडौँसँग जोडेको छ । मुग्लिनबाट नारायणगढ हुँदै नेपालका पश्चिम एवम् पूर्वी तराईका अरू सहरहरूसँगको सडक सम्पर्क पनि कायम भएको छ । कास्की जिल्लाको सदरमुकाम रहेको पोखरा नेपालको प्रसिद्ध पर्यटकीय क्षेत्र भएकाले नेपाल आउने विदेशी पर्यटकहरूले पनि ठुलो प्राथमिकता दिएको पाइन्छ ।

**बौद्धनाथ (खास्ती)**



बौद्धनाथ (खास्ती), काठमाडौँ


काठमाडौँ सहरको केन्द्रबाट ७ कि.मि. पूर्वोत्तर भागमा अवस्थित भगवान् बुद्धको ठुलो स्तूपलाई बौद्धनाथ भनिन्छ । पाचौँ शताब्दीमा लिच्छवि राजा मानदेवले निर्माण गरेको यो मठ विश्वका प्राचीन विशालतम स्तूपहरूमध्ये एक मानिन्छ । हिन्दू र बौद्ध धर्मावलम्बी दर्शनार्थी आउने यो मठ धार्मिक सहिष्णुताको प्रतीक मानिन्छ । यसलाई विश्वसम्पदा सूचीमा समेत समावेश गरिएको छ ।

**फूलचोकी**

ललितपुर जिल्लाको सदरमुकामदेखि १० कि.मि. दक्षिणपूर्वमा र काठमाडौँको केन्द्रबाट १५ कि.मि. दूरीमा रहेको फूलचोकी डाँडाको उचाइ २७६५ मिटर रहेको छ । यहाँ सेता, राता रङका गुराँसका फूलहरू ढकमक्क भई फुल्ने हुँदा संस्कृतमा फूलोच्च गिरी भनिएकोमा पछि अपभ्रंश भई फूलचोकी हुन गएको हो भन्ने पाइन्छ ।

त्रेतायुगमा अनुपम नामको स्थानबाट नागदहलाई घेर्नेमध्ये एक यो पहाडको टुप्पामा बसी त्यहाँ पाइने एक लाख फूलले भगवान् स्वयम्भूको पूजाअर्चना गरी फूलैफूलको ठुलो रास बनाएकाले यो ठाउँको नाम फुलोच्च गिरी हुँदै फूलचोकी बन्यो । यसैको छेउमा गोदावरी कुण्ड रहेको, यहाँ १२ वर्षमा गोदावरी मेला लाग्ने गरेको र चारैतिर गोदावरीका फूलहरू फुल्ने गरेकाले फूलचोकीलाई गोदावरीको चुचुरो पनि भनिन्छ । यहाँ करिब ६० लाख मेट्रिकटन डिपोजिट भएको नेपालको सबैभन्दा ठुलो फलाम खानी भएकाले यसको आर्थिक महत्त्व पनि रहेको छ ।

**बराह क्षेत्र**



बराह क्षेत्र मन्दिर, सुनसरी

बराह क्षेत्र कोशी प्रदेशअन्तर्गतको सुनसरी जिल्लामा कोशी नदी र कोका नदीको पवित्र सङ्गममा बराह क्षेत्र नामको मनोरम तीर्थस्थल छ । भारतको कुरुक्षेत्र, नेपालका हरिहर क्षेत्र (देवघाट), मुक्तिक्षेत्र (मुक्तिनाथ मुस्ताङ), रुरु क्षेत्र (गुल्मी, पाल्पा र स्याङ्जाको सङ्गमस्थल) जस्तै बराह क्षेत्रको पनि विशिष्ट धार्मिक महत्त्व रहेको छ । बराह क्षेत्रका बारेमा बराह पुराणको ११०औँ र १४०औँ अध्यायमा चर्चा गरिएको छ । यहाँ गणेश बराह, गुरु बराह, सूर्य बराह, कोका बराह, इन्द्र बराह, गायत्री, सरस्वती, नारायणका मूर्ति र मन्दिरहरूका साथै गणेश मन्दिर, लक्ष्मी मन्दिर र धर्मशालाहरू रहेका छन् ।

**बागलुङ कालिका मन्दिर**

बागलुङ जिल्लाको सदरमुकाम बागलुङ बजारदेखि पूर्वमा कालीगण्डकी र काठेखोलाको सङ्गमको उच्च समस्थली (टार) हात्तीसुँडे जङ्गलभित्र कालिका देवीको भव्य सुन्दर मन्दिर छ । पाल्पाका राजा मुकुन्द सेनले आफ्नी छोरीको विवाह तत्कालीन पर्वतका राजा प्रतापनारायण मल्लसँग गरिदिएपछि दाइजोको रूपमा कालिकाको मूर्ति दिएकामा त्यही मूर्ति नै मन्दिरमा स्थापना गरिएको हो भन्ने जनश्रुति छ । मन्दिरमा

चैत्राष्टमीका दिन पञ्चबलि चढाई मेला भर्ने चलन छ । हाल बागलुङ बजारलाई कालिका नगरपालिका भनी नयाँ नामकरण गरिएको छ ।

**बालाजु, बाइसधारा**

काठमाडौँको पश्चिमोत्तर भागमा अवस्थित रमणीय स्थान बालाजु छ । यो उद्यानभित्र भगवान् नारायणको बुढानारायण वा बालनारायणको मूर्ति भएकाले सोही नामले यस ठाउँको नाम राखिएकोमा पछि यो शब्द अपभ्रंश भई बालाजु बन्यो । यसै ठाउँमा प्रताप मल्लले २१ धारा र रणबहादुरले बनाएको सुनको ठुलो धारासहित २२ धारा भएकाले यसको नाम बाइसधारा भन्ने रह्यो ।

**बन्दीपुर**




बन्दीपुर, तनहुँ

तनहुँ जिल्लामा पर्ने बन्दीपुर धार्मिक तथा प्राकृतिक दृष्टिले रमणीय स्थल मानिन्छ । यहाँ छिम्केश्वरी मन्दिर, खड्गदेवी मन्दिर, गुफा छन् भने बन्दीपुरको मिश्रित ग्रामीण संस्कृति, उत्तरतर्फको मर्स्याङ्दी उपत्यका हिमाली पर्वतशृङ्खला, ससाना पर्वत चुचुराहरू, गणेश हिमाल, माछापुच्छ्रे आदि हिमशृङ्खलाको मनोरम दृश्यालोकन यहाँबाट गर्न सकिन्छ । बन्दीपुरबाट पदयात्रा सुरु गरी देवघाट हुँदै चितवन राष्ट्रिय निकुञ्ज पुगिने हुँदा पनि यसको पर्यटकीय महत्त्व बढेको छ ।

**बुढानीलकण्ठ**

काठमाडौँ सहरदेखि ११ कि.मि. पश्चिम उत्तरमा शिवपुरी पहाडको काखमा एउटा



बुढानीलकण्ठ, काठमाडौँ

सानो पोखरीको बीच शेषशायी भगवान् नारायणको प्रस्तर मूर्ति छ। यसको निर्माण लिच्छविकालमा पाँचौँ शताब्दीको मध्यतिर भएकाले यसले लिच्छविकालीन मूर्तिकलाको प्रतिनिधित्व गर्दछ।

**बुढासुब्बा**

सुनसरी जिल्लाको धरान बजारबाट पूर्वतिर धमिराले माटो माथि उठाई मूर्तिजस्तै बनेको स्थानलाई बुढासुब्बाको स्थान भनिन्छ। मन्दिरका पुजारी मगर जातिका छन् । बुढासुब्बा राई वा मगर जातिका सिद्ध पुरुष थिए, जो गुलेलीले सिकार गरी हिँड्दथे। सिकार खेल्ने क्रममा हिँड्दै जाँदा यस ठाउँमा आई गुलेलीलाई भुइँमा गाडेर मट्याङ्ग्रालाई भुइँमा राखी समाधिस्थ भए भन्ने किंवदन्ती छ। त्यहाँको बाँसको झाङ बुढासुब्बाले गाडेको गुलेलीबाट उम्रेको र गुलेलीको टुप्पो नहुने हुँदा यहाँको बाँसको पनि टुप्पो नभएको भन्ने जनविश्वास छ। कसैलाई पेट दुखेमा सिकारी (बुढासुब्बा) लागेको भनिने र मट्याङ्ग्रा घोटेर खुवाएमा निको हुन्छ भन्ने जनविश्वास छ। वैशाख पूर्णिमाका दिन ठूलो मेला लाग्ने यो स्थानमा सुँगुर र बोकाको बलि दिइन्छ।

**राम मन्दिर**

जनकपुरधाममा जानकी मन्दिरपछिको अर्को महत्त्वपूर्ण मन्दिर राम मन्दिर हो। सरदार अमरसिंह थापाले वि.सं. १८३९ मा प्यागोडा शैलीमा जानकी मन्दिरनजिकै राम, सीता, लक्ष्मणसहितको विशाल राम मन्दिर बनाएका थिए। मन्दिरमाथि पित्तलमा सुनको जलप लगाएको विशाल गजुर श्री ३ चन्द्रशमशेरले चढाएका थिए। मन्दिर परिसरमा हनुमान मन्दिर, शिव मन्दिर, भगवान् विष्णु तथा दशावतारका मूर्तिहरूसमेत छन्। यहाँ रामनवमीका दिन पूजाअर्चना गर्नुका साथै ठूलो मेलासमेत लाग्दछ।

**बङ्गलामुखी मन्दिर**

काठमाडौँ उपत्यकाका विभिन्न धार्मिक स्थलहरूमध्ये ललितपुर कुम्भेश्वरस्थित बङ्गलामुखी मन्दिर पनि महत्त्वपूर्ण मानिन्छ। नेवार जातिका कपाली समुदायका मानिसहरू यहाँका पुजारी हुन्छन्।

**बडीमालिका**



बडीमालिका मन्दिर, बाजुरा

बाजुरा जिल्लामा समुद्री सतहदेखि करिब १५,००० फिटको उचाइमा अवस्थित बडीमालिकाको मन्दिरमा भाद्र शुक्ल पक्षको दिनमा ठुलो मेला लाग्दछ। यहाँ अछाम, डोटी, बझाङलगायत देशका विभिन्न भागबाट दर्शनार्थीहरू आउने गर्दछन्।

**ब्याउली, धर्मशाला**

कर्णाली प्रदेश दैलेख जिल्ला भैरवी गाउँपालिका वडा नं. ७ को उत्तरतर्फ समुद्री सतहबाट करिब ३५०० मिटरको उचाइमा रहेको ब्याउली धर्मशाला ऐतिहासिक र धार्मिक दृष्टिकोणले महत्त्वपूर्ण मानिन्छ। ढुङ्गैढुङ्गाबाट निर्मित यो धर्मशाला पाण्डवहरूको वनवासको समयमा एक रातको वासको निमित्त बनाएको भन्ने किंवदन्ती रहेको छ। पौराणिक, ऐतिहासिक, धार्मिक तथा पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण मानिने यो धर्मशाला चौकुने आकारमा निर्माण गरिएको छ। स्वच्छ, सफा, एकान्त, हरियाली एवम् रमणीय स्थानमा रहेको धर्मशालाको आसपासमा, जङ्गली जनावरहरू, जडीबुटी र मनोरम हिमाली दृश्यहरू हेरी मनलाई आनन्दित पार्न सकिन्छ।

**भैरहवा**

भैरहवा रूपन्देही जिल्लाको सदरमुकाम हो। यो नगर सुनौली भन्ने स्थानमा भारतसँग जोडिएको छ। यस क्षेत्रको महत्त्वपूर्ण व्यापारिक नाकासमेत भएकाले यसको महत्त्व निकै बढेको छ। पश्चिमी क्षेत्रको निकासी पैठारी यही स्थानबाट भारततर्फ हुने गर्दछ।

भैरहवालाई सिद्धार्थ राजमार्गले पोखरासित जोडेको छ। यो सहर भगवान् गौतमबुद्धको जन्मस्थान लुम्बिनीबाट नजिक रहेको छ। भैरहवामा गौतमबुद्ध विमानस्थल रहेको

छ । बुद्धको मावली गाउँ रामग्राम पनि भैरहवाबाट नजिकै पर्दछ । भैरहवालाई सिद्धार्थनगर नगरपालिका नामकरण गरिएको छ ।

### भद्रकाली देवीको मन्दिर

काठमाडौँ सहरको बीच भागमा सिंहदरबारको अगाडि प्रख्यात शक्तिपीठ भद्रकाली देवीको मन्दिर रहेको छ । इसाको सातौँ शताब्दीतिर तान्त्रिक बज्राचार्य शाश्वत बज्रले वैष्णवी पीठमा कालिका देवीको साधना गरी देवीको स्थापना गरेपछि यस स्थानलाई भद्रकाली स्थान भन्न थालियो । नेवारी भाषामा यसलाई लुमडी भनिन्छ । भाषा वंशावलीमा उल्लेख भएअनुसार राजा गुणकामदेवले काठमाडौँ सहरको निर्माण गरेपछि यसको सुरक्षाका लागि सहरको पूर्वी दिशामा भद्रकाली पीठको स्थापना गरेका थिए । भद्रकाली स्थानमा विजया दशमी (बडादसैँ) को दिन ठुलो मेला लाग्ने गर्दछ ।

### मुक्तिनाथ

मुस्ताङ जिल्लाको हिमाली भूभागमा मुक्तिनाथको मन्दिर छ । मुक्तिनाथ २८° २४' आक्षांश र ८३° ३०' देशान्तरमा अवस्थित छ । प्राय: वर्षैभरि चिसो हावापानी वहने मुक्तिनाथ क्षेत्रलाई जाडो याममा हिउँले ढाक्ने गर्दछ ।



मुक्तिनाथको मूर्ति, मुस्ताङ

मुक्तिनाथ हिन्दू तथा बौद्धमार्गीहरूको पवित्र धार्मिक स्थलको रूपमा रहेको छ । बर्सेनि असङ्ख्य भक्तजनहरू टाढाटाढाबाट मुक्तिनाथको दर्शन गर्न आउँछन् । भारतका कुनाकुनाबाट पनि हिन्दू धर्मावलम्बीहरू मुक्तिनाथको दर्शन गर्न आउने हुनाले मुक्तिनाथ नेपालको मात्र नभएर सम्पूर्ण हिन्दूहरूको तीर्थस्थलको रूपमा स्थापित भएको पाइन्छ । प्राकृतिक रमणीयताको कारणले पनि बर्सेनि ठुलो सङ्ख्यामा पदयात्रीहरू यस क्षेत्रमा आउँछन् । यस क्षेत्रमा तपस्या गरेको खण्डमा मुक्ति प्राप्त गर्न सकिने हुनाले यस क्षेत्रलाई मुक्तिक्षेत्र भनिएको हो भन्ने जनविश्वास रहेको पाइन्छ । अवलोकितेश्वरको मूर्ति तथा वरुण देवताको रूपमा पुजिने हरबखत आगो बलिरहने स्थान र गुम्बा पनि

मुक्तिनाथ क्षेत्रको आकर्षणको रूपमा रहेका छन् ।

**महेन्द्र गुफा**

कास्की जिल्लाको पोखरा उपत्यकामा रहेको यो गुफा बाघले गाईवस्तु खान थालेपछि त्यसलाई मार्न पछ्याउँदै जाने क्रममा वि.सं. २०१२ सालमा पत्ता लागेको हो भन्ने मान्यता रहेको पाइन्छ । वि.सं. २०१६ सालमा राजा महेन्द्रबाट गुफाको संरक्षण गर्न आदेश भएपछि बाघ, स्याल आदि जङ्गली जनावरका वासस्थानका रूपमा रहेको यो गुफालाई महेन्द्र गुफा भनी नामकरण गरियो ।

**मनकामना देवी मन्दिर**



मनकामना मन्दिर, गोरखा

गोरखा जिल्लामा अवस्थित यो मन्दिरमा दुर्गा भवानीको मूर्ति छ । राजा राम शाहकी रानी देवीको शक्ति भएकी नारी थिइन् । रानीको मृत्युपश्चात् उनैको शान्तिको (पूजा गर्न) उपासनाका लागि सिद्ध लखन थापाले नै मनकामना देवीको स्थापना गरी पूजाको चलन चलाएको किंवदन्ती पाइन्छ भने मनकामना मन्दिरमा मगर जातिका पुजारी नै नियुक्त गरिन्छ । पृथ्वी राजमार्गको कुरिनटारदेखि मनकामना मन्दिरसम्म केबलकार सेवा सञ्चालित छ । मनकामनाको दर्शनले मनोकाङ्क्षा पूरा हुने धार्मिक विश्वास रहिआएको छ ।

**माईपोखरी**

इलाम बजारदेखि १३ कि.मि. उत्तरमा पर्ने पवित्र तीर्थस्थल माईपोखरीमा शिव-पार्वतीले वनविहार र जलक्रीडा गर्ने गरेको भनी स्कन्द पुराणमा वर्णित थलो यही हो भन्ने भनाइ छ । यहाँ स्नान गरेमा पुण्यलाभ हुन्छ भन्ने जनविश्वास छ । यहाँ वि.सं. १९५४ मा स्वामी सोमेश्वरानन्दले निर्माण गराएको शिव मन्दिर पनि छ । यहाँ हरिशयनी एकादशी र हरिबोधिनी एकादशीका दिन ठूलो मेला लाग्दछ । जैविक विविधतायुक्त यस पोखरीलाई रामसार महासन्धिअनुसार रामसार (सिमसार) क्षेत्रका रूपमा सन् २००८ मा घोषणा गरिएको थियो ।

**माइबेनी**

दुई नदीको सङ्गम वेणी, बेनी, दोभान र तीन नदीको सङ्गम त्रिवेणीहरू नेपालमा अनेकौं छन्, जुन धार्मिक दृष्टिले महत्त्वपूर्ण मानिन्छन्। इलाम बजारदेखि ४-५ कि.मि. पूर्वमा माई नदी र जोगमाई नदीको सङ्गमलाई माइबेनी भनिन्छ। यो नदीलाई कन्काई नदी भनिन्छ।

**माईस्थान**

इलाम बजारको मध्य भागमा रहेको यो स्थानलाई खलङ्गा खाल्डो र मन्दिरअगाडिको ढुङ्गालाई इलङ्गा ढुङ्गा भनिन्छ। यो मन्दिरको निर्माण काजी हेमदल थापा (वि.सं. १८७६-१९२२) ले गराई देवीको रूपमा माई नदीको शिला स्थापना गरेका थिए। हाल माईस्थानमा प्यागोडा शैलीको मन्दिर बनेको छ। मन्दिरनजिकै गणेश, डाकिनी र सिंहवाहिनीका स-साना मन्दिर पनि रहेका छन्।

**महेन्द्रनगर**

महेन्द्रनगर नेपालको सुदूरपश्चिमी सिमानाको नजिकमा रहेको बजार हो। यो कञ्चनपुर जिल्लाको सदरमुकामसमेत हो। यो क्षेत्र प्रमुख व्यापारिक क्षेत्रका साथै औद्योगिक क्षेत्रसमेत हो। नेपालको सुदूरपश्चिमी क्षेत्रबाट भारतसँग हुने निकासी पैठारी बढी मात्रामा यही क्षेत्रबाट हुने गरेकाले यसको महत्त्व बढ्न पुगेको छ।

नेपाल र भारतको सिमानाको रूपमा रहेको महाकाली नदीमा निर्मित शारदा तथा टनकपुर बाँधहरू महेन्द्रनगरनजिकै रहेका छन्। यसबाट टनकपुर बाँधको पूर्वी एप्लक्स बन्डको नजिकै नेपाली भूभागमा रहेको ब्रह्मदेव बजार र शारदा बाँधको नजिकै रहेको वनवासा पनि महेन्द्रनगरको नजिक रहेको कुरा स्वतः स्पष्ट हुन्छ।

**रामारोशन**

अछाम जिल्लाको उत्तरमा कैलाश खोलाको मुहानमा समुद्री सतहबाट करिब ९००० फिटको उचाइमा रामारोशन नामको धार्मिक दृष्टिले महत्त्वपूर्ण र पर्यटकीय दृष्टिले सुरम्य स्थान छ। वनजङ्गल, खोलानाला, तालतलैयाहरूद्वारा सुशोभित यो ठाउँमा 'बाह्र बण्ड अठार खण्ड' भनिने १२ ओटा ताल र १८ ओटा थुम्काथुम्की छन्। १२ ओटा तालमध्ये ४०० मिटर लम्बाइ र ३०० मिटर चौडाइ भएको 'जिलिगें ताल' सबैभन्दा ठुलो मानिन्छ। रामारोशनका वनजङ्गलमा डाँफे, मुनाल, कालिज आदि पन्छीले वास गरेका छन्। रामारोशनभन्दा माथि बडीमालिका देवीको प्राचीन मन्दिर छ। यहाँ श्रावण महिनाको पूर्णिमाका दिन ठुलो मेला लाग्दछ।

**रामग्राम**

शाक्यमुनि बुद्धको समयताका कपिलवस्तुमा शाक्य र रामग्राममा कोलियहरूले शासन गर्दथे। झराही खोलाको किनारमा अवस्थित ७ मिटर अग्लो रामग्राम स्तूपा इँटाद्वारा निर्माण भएको छ। यो पवित्र स्थान नवलपरासी जिल्लाको सदरमुकाम परासी




रामग्राम स्तूपा, नवलपरासी

बजारदेखि ४ कि.मि. दक्षिणपूर्वमा पर्दछ । भगवान् बुद्धको महापरिनिर्वाण भइसकेपछि बुद्धको अस्थि धातुलाई आठ भागमा विभाजित गरियो र त्यतिवेलाको प्रमुख राष्ट्रहरू (१) मगध, (२) वैशाली (३) कपिलवस्तु, (४) अल्लकप्पा, (५) कोलियनगर, (६) बधद्वीपा, (७) पाभ र (८) कुशीनगरलाई एक-एक भाग जिम्मा दिइयो, जहाँ पवित्र स्तूपहरू बनाइए । इ.पू. तीन शताब्दी पहिलेको राजा अशोकले कोलियनगरबाहेक अरू सबै देशका स्तूपहरू उत्खनन गरेर हेरे तर कोलियनगर अथवा रामग्राम स्तूपको उत्खनन गरेको छैन । यसैले बौद्ध धर्मावलम्बीहरूको आस्थाको केन्द्र रामग्राम स्तूपको अझ बढी धार्मिक र पुरातत्विक महत्त्व छ ।

**रानीमहल**

पाल्पा जिल्लाको तानसेन नगरपालिका-१३ स्थित पाल्पा र स्याङ्जा जिल्लाको सिमाना रानीघाटमा कालिगण्डकी नदी किनारमा रानीमहल रहेको छ । श्री ३ वीर शमशेरका पालामा सर्वोच्च सैनिक कमान्डर तथा श्री ३ रोलक्रममा रहेका खड्ग शमशेरले आफूविरुद्ध षड्यन्त्र गर्न लागेको आरोपमा काठमाडौं निकाला गरेपछि खड्ग शमशेर पाल्पामा गई पाल्पालाई काठमाडौं जस्तै सुन्दर र विकसित बनाउन प्रयत्न गरेका थिए । यसै क्रममा खड्ग शमशेरकी रानी तेजकुमारीले आफ्ना नाममा ताजमहल स्थापना गर्ने इच्छा गरेको र तिनको असामयिक निधनपछि भावविह्वल बनेका खड्ग शमशेरले स्वर्गीय पत्नी तेजकुमारीको स्मृतिमा उनकै समाधिस्थल रानीघाटमा एक विशाल तथा कलात्मक दरबार रानीमहलको निर्माण गरेका थिए । वि.सं. १९४९ मा बेलायती इन्जिनियर र प्राविधिकहरूको संलग्नतामा निर्माणकार्य सुरु भएको यो दरबार



रानीमहल, पाल्पा

वि.सं. १९५४ मा सम्पन्न भएको थियो । यस दरबारलाई हाल रानीमहल तथा नेपालको ताजमहलका नामले चिनिन्छ । खड्ग शमशेरले आफ्नी रानीको सम्झना र समर्पणमा निर्माण गरेको भएकाले यस दरबारलाई प्रेमको प्रतीकका रूपमा समेत मान्ने गरिन्छ । प्रेम गर्ने जोडीहरू जीवनकालमा कम्तीमा एक पटक भए पनि रानीमहल पुगेमा आफ्नो प्रेम अमर रहने विश्वास गरिन्छ । हरियाली तथा स्वच्छ वातावरण एवम् शान्त कालिगण्डकी नदीको समीपमा रहेको यस रानीमहल अवलोकन तथा मनोरञ्जनका लागि स्वदेशी तथा विदेशी गरी दैनिक ३०० को हाराहारीमा पुग्ने गरेको पाइन्छ ।

### रसुवा गढी

रसुवा जिल्लाअन्तर्गत नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बतको सीमा क्षेत्रमा समुद्री सतहदेखि करिब ६००० फिटको उचाइमा अवस्थित यो गढीको निर्माण नेपाल-चीन युद्धको वेलामा नेपालीहरूले बनाएका थिए । ऐतिहासिक, पर्यटकीय आर्थिक महत्त्वको यो गढी काठमाडौँको सबैभन्दा नजिक पर्ने तिब्बततर्फको व्यापारिक नाका हो । यहाँबाट तिब्बततर्फको केरुङ बजार जान सकिन्छ ।

### रुरु क्षेत्र वा रुरु तीर्थ

गुल्मी, पाल्पा र स्याङ्जा जिल्लाको सिमानामा रुरु गङ्गा र कालीगण्डकी नदीको तटमा अवस्थित विभिन्न देवीदेवताहरूको मन्दिर रहेको पवित्र तीर्थस्थल तथा रमणीय जङ्गललाई रुरु क्षेत्र भनिन्छ । यस ठाउँमा एक अनाथ बालिकालाई रुरु नामकी हरिणीले दूधपान गराई हुर्काएकी रुरुकन्याले ठुलो तपस्या गरी यहाँको भूमिलाई पवित्र तपोमय



रुरु क्षेत्र, पाल्पा

बनाएकाले यसलाई रुरु क्षेत्र भनिएको हो भन्ने जनधारणा पाइन्छ । यहाँ माघे सङ्क्रान्तिमा ठुलो मेला लाग्दछ ।

### रेसुङ्गा

गुल्मी जिल्लाको रेसुङ्गा नामको पर्वतको शिखरमा समुद्री सतहबाट ७६८२ फिटको उचाइमा अवस्थित हिन्दूहरूको पवित्र तीर्थस्थल रेसुङ्गा रहेको छ। यहाँ कश्यप ऋषिका नाति विभाण्डक ऋषिका छोरा सिद्ध तपस्वी शृङ्गी ऋषिले तपस्या गरेकाले उनको स्मृतिमा यो ठाउँमा शृङ्गी वा शृङ्गा राखिएकोमा यो शब्द अपभ्रंश भई रेसुङ्गा नाम रहेको हो। यहाँ भृगु, पुलस्य, पुलह ऋषिहरूका साथै तपस्वी लक्ष्मीनारायण, स्वामी शशिधर, रेसुङ्गा महाप्रभु (यदुकानन्द), पारसानन्दले तपस्या गरी सिद्धि प्राप्त गरेकाले यहाँ उनीहरूका मूर्ति र मन्दिरहरू छन् । रेसुङ्गा महाप्रभुले नै जुद्धशमशेरलाई राजपाट त्यागेर वानप्रस्थी हुन प्रेरित गर्नुभएको थियो। रेसुङ्गा महाप्रभुको निधन वि.सं. २०२८ सालमा भएको थियो । रेसुङ्गाको शिखर र त्यसको वरिपरिको क्षेत्रलाई विष्णुपादुका भनिन्छ । यहाँ पटक-पटक ठुला-ठुला यज्ञयज्ञादि हुँदै आएका छन् । हाल यो ठाउँलाई रमणीय निकुञ्ज र तपोवनका रूपमा विकास गर्ने लक्ष्य राखिएको छ। यहाँ भजन मण्डप, स्नान पोखरी, सन्तहरूको सभा, धर्मशाला आदि बनेका छन् ।

### ल्हो मान्थाङ (मुस्ताङ)

मुस्ताङ जिल्लाको सदरमुकाम जोमसोमदेखि १०५ कि.मि. उत्तरमा समुद्री सतहदेखि करिब १२००० फिटको उचाइमा अवस्थित ४०० घर र ९०० जनसङ्ख्या रहेको ल्हो गाउँ ग्रामीण पर्यटनका लागि महत्त्वपूर्ण मानिन्छ । किल्ला वा पर्खालभित्रको सहर भनी चिनिएको ल्हो मन्थाङ चारैतिर स-साना सुक्खा डाँडाहरूले घेरिएको उब्जाउयोग्य समथर भूमि हो । पन्ध्रौं शताब्दीतिर स्थापित यो बस्ती प्राचीन ल्हो राज्यको राजधानी



ल्हो मान्थाङ, मुस्ताङ

पनि हो । ल्हो मान्थाङको आकर्षण पुरानो दरबार र पुराना तीनओटा गुम्बाहरू नै हुन् । सन् १३८७ मा राजा अमेपालले स्थापना गरेको अति प्राचीन झम्पा गुम्बाका भित्ताहरूमा चित्र र अक्षरहरू स्वर्णाक्षरद्वारा अङ्कित गरिएकाले अति आकर्षक र महत्त्वपूर्ण मानिन्छ ।

**लुम्बिनी**

लुम्बिनी भगवान् गौतम बुद्धको जन्मस्थलको रूपमा विश्वभर प्रख्यात छ । लुम्बिनी नेपाल मात्र होइन, विश्वकै लागि पवित्र तीर्थ धाम हो । गौतम बुद्धको जन्म र मृत्यु कहिले भयो भनी यकिनसाथ भन्न नसकिए पनि धेरैजसो इतिहासकारहरू उनको जीवनकाल ५६३ इसापूर्वदेखि ४८३ इसापूर्व रहेको भन्ने कुरामा एकमत देखिन्छन् । प्रख्यात चिनियाँ धार्मिक यात्री हुयान साङ र फाइह्यानले पनि बुद्ध जन्मस्थल लुम्बिनीमा अत्यन्त सुन्दर मन्दिरहरू देखेको यस पवित्र भूमिलाई पृथ्वीको स्वर्गको रूपमा लिन सकिने भनेर वर्णन गरेका थिए भन्ने उल्लेख गरेको पाइन्छ । सन् १८९६ मा गरिएको पुरातात्त्विक अन्वेषणका क्रममा मौर्य सम्राट अशोकद्वारा राखिएको अशोक स्तम्भ र त्यसमा रहेको अभिलेख पहिलो पटक प्राप्त हुन आएको थियो । राणा प्रधानमन्त्री वीर शमशेरका भाइ खड्ग शमशेरले गराएको लुम्बिनीको उत्खननबाट लुम्बिनी बुद्धको जन्मस्थल हो भन्ने तथ्य प्रमाणित भएपछि विश्वभर गौतम बुद्धको जन्मस्थल गण्डकी प्रदेशको रूपन्देही जिल्लामा पर्ने स्थापित भयो । खड्ग शमशेरले आफैँ बसेर उत्खनन गराइरहेको समयमा सो ठाउँमा पुगेका भारतीय पुरातत्त्व सर्वेक्षण विभागअन्तर्गतका एक पुरातत्त्वविद् कर्मचारी जर्मन नागरिक डा. फुहररले उक्त स्थानमा कुँदिएको अभिलेखको फोटो खिचेर त्यसको उतार लिएका थिए र भारतमा फर्केर आफ्नो प्रतिवेदन प्रकाशित गराएका थिए । लुम्बिनीमा रहेको अशोक

स्तम्भको कारणले बुद्धको जन्मस्थल यकिन गर्न मद्दत पुगेको देखिन्छ । सम्राट अशोक आफ्नो गद्दी आरोहणको २०औँ वार्षिकोत्सव मनाउन लुम्बिनी आएका थिए र लुम्बिनीमा अशोक स्तम्भ खडा गरेका थिए । अशोक स्तम्भमा ब्राह्मी लिपीमा अभिलेख कुँदिएका छन् ।



अशोकस्तम्भ, लुम्बिनी

बुद्धको जन्मस्थानका चारैतिर त्यसवेलाका पुरातात्त्विक महत्त्वका भग्नावशेष तथा मण्डलहरू यत्रतत्र छरिएका छन् । लुम्बिनीमा रहेको मायादेवीको मन्दिरमा मायादेवीले रुखको हाँगा समाती बुद्धलाई जन्म दिएको र जन्मनासाथ सात पाइला हिँडेको दृश्य अङ्कित मूर्ति रहेको छ । बुद्ध जन्मेर पाइला टेक्नुअगाडि नै कमलको फूल उत्पत्ति भएको धारणा रहेको पाइन्छ । लुम्बिनी विकास कोष र जापानका विशेषज्ञद्वारा संयुक्त रूपले मायादेवी मन्दिर रहेको स्थानमा उत्खनन कार्य गरियो । त्यसक्रममा बुद्धको जन्म भएको ठाउँको चिनोको रूपमा सम्राट अशोकले राखिएको शिला (मार्कर स्टोन) प्राप्त भएको र मायादेवीको शयन मुद्राको फोटोको साथमा राहुल र सिद्धार्थ गौतमको चित्रसमेत रहेको टेराकोटाको मूर्ति पाइएको यथार्थले लुम्बिनीलाई बुद्धको जन्मस्थल हो भन्ने कुराको निर्क्योल गर्न पर्याप्त प्रमाण प्राप्त भएको छ । बुद्ध जन्मस्थलको चिनोको रूपमा प्राप्त प्रस्तर र त्यस परिसरका पुरातात्त्विक क्षेत्रहरूलाई संरक्षण गर्न यथास्थितिमा संरक्षित गरी सुन्दर मायादेवी मन्दिरको निर्माण गरिएको छ । भविष्यमा यस स्थानमा अनुसन्धानकर्ताहरूलाई पुरातात्त्विक अध्ययन गर्न मद्दत पुग्न जाने देखिन्छ ।



मार्कर स्टोन

बुद्धको जन्मस्थलको नजिकै रहेको अत्यन्त रमणीय पोखरीलाई पुष्करिणी भनेर चिनिन्छ । बुद्धलाई जन्म दिनुभन्दा अगाडि मायादेवीले यस पोखरीमा पवित्र स्नान गरेको बताइन्छ । लुम्बिनीको २७ किलोमिटर पश्चिम कपिलवस्तुमा विभिन्न पुरातात्त्विक वस्तुहरू रहेका छन् । कपिलवस्तु नै राजा शुद्धोधनको राज्यको रूपमा रहेको र सो राज्यको राजधानी तिलौराकोटमा राजा शुद्धोधनको दरबार रहेको कुरा ऐतिहासिक तथ्यहरूले पुष्टि गरेका छन् । तिरौलाकोटमा असंख्य पुरातात्त्विक भग्नावशेषहरू रहेका छन् । चतरादेव भन्ने स्थानमा भूषणकालीन भाँडाकुँडाहरू प्राप्त भएका छन् । यसबाट त्यस स्थानमा पौराणिक सहरको अस्तित्व रहेको स्पष्ट हुन्छ । गोटिश्वरमा अशोक स्तम्भको प्रतिमूर्तिको रूपमा स्तम्भ निर्माण भएको पाइन्छ । हाल उक्त स्तम्भ खण्डित रूपमा रहेको छ ।

यसबाहेक पुरातात्त्विक क्षेत्रहरूमा निग्लिहवा पनि पर्दछ । यहाँ मयूर आकृति र देवनागरी लिपिमा “ओम मणि पद्मे हुम दिपु मलइ चीरन दयुत १२३४” भन्ने उल्लेख भएको अशोक स्तम्भले पनि ऐतिहासिक महत्त्वलाई प्रतिबिम्बित गरेको छ ।

संयुक्त राष्ट्रसङ्घका पूर्वमहासचिव उथान्त नेपाल भ्रमणको अवसरमा लुम्बिनी गएका थिए । उनले सो अवसरमा लुम्बिनी अन्तर्राष्ट्रिय बौद्ध संस्कृतिको केन्द्रको रूपमा विकास हुनुपर्छ भन्ने धारणा व्यक्त गरेका छन् । सोहीअनुरूप जापानका प्रख्यात वास्तुकलाविद् केन्जो टाँगेले लुम्बिनी विकासका निम्ति गुरुयोजनाको परिकल्पना गरे । सोही गुरुयोजनाअनुसार लुम्बिनी हाल अन्तर्राष्ट्रिय पर्यटन केन्द्रको रूपमा विकसित हुँदै छ । यस गुरुयोजनामा लुम्बिनी ग्राम, धार्मिक स्थल र पवित्र बगैँचाको परिकल्पना छ । लुम्बिनीको विकासका लागि लुम्बिनी विकास कोषको स्थापना र सञ्चालन भएको छ । लुम्बिनीमा विभिन्न देशहरूले आ-आफ्नै शैलीमा बौद्ध स्तूपहरू बनाउने अभ्यास पनि भएको देखिन्छ । लुम्बिनी विकास कोषअन्तर्गत लुम्बिनी विकासको गुरुयोजनाअनुसार क्रमशः विकास भइरहेको छ ।

लुम्बिनीको अशोक स्तम्भ र मायादेवी मन्दिर रहेको स्थानलाई पवित्र बगैँचा एवम् पवित्र धार्मिक स्थलको रूपमा विकास गरिएको छ । गुरुयोजनामा उल्लेख भएको बौद्धमय मन्दिरको क्षेत्रमा विश्वका बौद्ध धर्मका अनुयायी देशहरूबाट आ-आफ्नै देशका वास्तुकलाले भरिपूर्ण विहार, मन्दिर तथा स्तूपहरूको निर्माण भएका छन् । चीनको विहार, तारा फाउन्डेसनद्वारा निर्मित लोटस स्तूपा, म्यानमारको विहार, मनाङ गुम्बा, थाई विहार, भियतनाम विहार, जापानद्वारा निर्मित निपोल म्होहोजा पिस प्यागोडा, कोरियन विहार, महाबोधी समाज विहार आदि उल्लेखनीय स्थलहरू यहाँ रहेका छन् । यसबाट अन्तर्राष्ट्रिय बौद्ध धर्मावलम्बीहरूको मुख्य तीर्थस्थलको रूपमा विकास गर्न ठुलो टेवा पुग्न गएको छ । लुम्बिनी गुरुयोजना क्षेत्रमा लुम्बिनी अन्तर्राष्ट्रिय अनुसन्धान संस्था स्थापना भएकाले यो बौद्ध र बौद्ध दर्शनसम्बन्धी अध्ययन, अनुसन्धान गर्ने राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय विद्वान्हरूलाई अध्ययनको थलो

भएको छ। यस अन्तर्राष्ट्रिय संस्थामा बौद्ध दर्शनसम्बन्धी पुस्तक, ग्रन्थ, सिडी र माइक्रोफिल्म आदि बहुमूल्य सामग्रीहरू सङ्ग्रह गरिएका छन्।

लुम्बिनीमा सम्पन्न भएको दोस्रो विश्व बौद्ध सम्मेलनले बौद्ध विश्वविद्यालय स्थापना गर्ने निर्णय गरेको छ। यस क्षेत्रमा शान्तिद्वीप पनि प्रज्वलित छ। पर्यटकीय हिसाबले पनि विकास गर्न यस क्षेत्रमा विकास निर्माणका कार्यहरू जारी नै छन्। थुप्रै गेस्टहाउस तथा तारे होटलहरूको सञ्चालन पनि भएको छ।

वैशाख पूर्णिमाका दिन भव्यताका साथ बुद्धजयन्ती मनाउने प्रचलन छ। लुम्बिनीको साथसाथै शुद्धोधनको दरबार रहेको तिलौराकोट र बुद्धको मावली ग्रामको रूपमा परिचित रहेको रामग्रामसमेत बुद्धको जीवनसित घनिष्ट रूपले गाँसिएका रूपन्देही, कपिलवस्तु र नवलपरासी जिल्लामा पर्ने पुरातात्त्विक केन्द्रहरूको एकीकृत ढङ्गबाट विकास गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ।

**वैजनाथ धाम**



वैजनाथ धाम, अछाम

वैजनाथ धाम अछाम जिल्लाको बुढीगङ्गा र साँफे खोलाको किनारमा पर्दछ। शिवरात्रिको समयमा यहाँ ठुलो मेला लाग्छ। यहाँ नेपालका विभिन्न स्थानदेखि भारतसम्मबाट श्रद्धालुको ठुलो भिड लाग्दछ।

**वीरेन्द्रनगर**

वीरेन्द्रनगर नगरपालिका सुर्खेत जिल्लामा पर्दछ, जुन कर्णाली प्रदेशको राजधानी हो। वीरेन्द्रनगर क्षेत्रका बुलबुले ताल, काँक्रे विहार, देउती बज्यै, शिव मन्दिर र घण्टाघर यहाँका मुख्य धार्मिक तथा पर्यटकीय स्थल हुन्। सुन्दर नगरी वीरेन्द्रनगर गोठीकाँडा



काँक्रे विहार, सुर्खेत

डाँडाबाट हेर्दा आकर्षक र मनमोहक दृश्य देखिने भएकाले यस क्षेत्रमा आउने पर्यटक दिनानुदिन बढ्दै गएका छन् ।

## विक्रम बाबा

चितवन राष्ट्रिय निकुञ्जभित्र नारायणगढबाट झन्डै २१ किलोमिटर दक्षिणतर्फ नदीको किनारा कसरामा विक्रम बाबाको थान छ । विक्रम बाबा थारू जातिका हुन् । सो स्थानमा चैते दसैँको अवसरमा देवभक्त थारूको सम्झनामा ठुलो जात्रा लाग्दछ । जात्रामा लमजुङ, तनहुँ, कास्की, गोरखा, मकवानपुर, काठमाडौँ, नवलपरासीलगायत देशका विभिन्न स्थानबाट श्रद्धालुहरू आउने गर्दछन् । यहाँ विशेष गरी नवविवाहित जोडीहरू आउने गर्छन् ।

## विराटनगर

यहाँ विभिन्न किसिमका उद्योगधन्दा फस्टाएकाले यसलाई औद्योगिक सहरसमेत भनिन्छ । यो नेपालको व्यापारिक एवम् औद्योगिक केन्द्रसमेत हो । घना आवादी र ठुलो सहर भएकाले यसलाई महानगरपालिकाको रूपमा वर्गीकरण गरिएको छ ।

कोशी प्रदेशको मोरङ जिल्लामा पर्ने यस सहरमा विराटनगर जुटमिललगायतका नेपालका पुराना र महत्त्वपूर्ण कारखाना तथा उद्योगहरू रहेका छन् । त्यसैले विराटनगरलाई नेपालको औद्योगिक राजधानी पनि भन्ने गरिन्छ ।

## वीरगन्ज



वीरगन्ज नाका र घण्टाघर, पर्सा

मधुवनको पारसनाथ मन्दिरको नामबाट 'पारस' नाम रहन गएको पर्सा जिल्लाको सदरमुकाम वीरगन्ज हो । नेपालको मुख्य प्रवेशद्वारको रूपमा परिचित वीरगन्ज नगर नेपालको आर्थिक राजधानीको रूपमा समेत स्थापित हुँदै आएको छ। औद्योगिक तथा व्यापारिक सहर वीरगन्जको मौलिक परिचय रहेको छ। वीरगन्ज नेपालको प्रजातान्त्रिक आन्दोलनको कार्यस्थल पनि हो ।

वीरगन्जको प्रसिद्ध मन्दिर गहवा माईथान मुख्य बजारसँगै रहेको छ। वीरगन्ज नगरको निकटवर्ती सिम्रौनगढ, गढीमाई, विन्ध्यवासिनी मन्दिर, पारसनाथ मठ आदिले वीरगन्जको ऐतिहासिक तथा धार्मिक महत्त्व स्थापित गरेका छन् । वीरगन्ज नगरको एउटा आकर्षण यस नगरको केन्द्रमा रहेको घण्टाघर हो ।

हाल यसले महानगरपालिकाको रूपमा आफूलाई स्थापित गराएको छ। वीरगन्जलाई सबभन्दा पहिले त्रिभुवन राजपथले काठमाडौँसँग जोडेको थियो। नेपालबाट निर्यात गरिने वस्तु र नेपालमा आयात गरिने वस्तुहरूमध्ये धेरै वस्तुको ढुवानी वीरगन्जको बाटोबाट हुने भएकाले वीरगन्जलाई सुक्खा बन्दरगाह (Dry Port) को रूपमा विकास गर्ने अवधारणाले बल पाउन थालेको पाइन्छ ।

## सगरमाथा

पृथ्वीको संरचनामा सबैभन्दा अग्लो स्वरूप लिएर रहेको सगरमाथा सम्पूर्ण मानव जातिको आकर्षण र अत्यन्तै साहसी यात्राको केन्द्र भएको छ। महालङ्गुर हिमालय शृङ्खलामा अवस्थित यस हिमशिखरको उचाइ समुद्री सतहदेखि ८,८४८.६८ मिटर

रहेको छ । कोशी प्रदेशको सोलुखुम्बु जिल्लामा रहेको यो हिमशिखर आरोहणका लागि सन् १९४९ मा खुला गरिएपश्चात् सर्वप्रथम मे २९, १९५३ मा नेपालका तेन्जिङ नोर्गे शेर्पा तथा न्युजिल्यान्डका एडमन्ड हिलारीले सफल आरोहण गरेपछि सगरमाथा विश्व चर्चाको विषय बन्यो । सन् १९५६ मा नेपालका इतिहास शिरोमणि बाबुराम आचार्यले यस शिखरलाई नेपाली नाम सगरमाथा दिएका हुन् । बेलायतका सर्भेयर जर्ज एभरेस्टले नेपालका हिमशिखरहरूको सर्वेक्षण गरेकाले सन् १९६५ मा उनकै नाममा सगरमाथालाई अङ्ग्रेजी नाम माउन्ट एभरेस्ट प्रदान गरिएको र अन्तर्राष्ट्रिय जगत्मा यस शिखरलाई सामान्यतः यही नामबाट चिन्ने गरिएको पाइन्छ । चिनियाँ भाषामा झोमोलोङ्मा र तिब्बती भाषामा मिटिगुटी चापुलोङ्मा भनिने यस शिखरको आरोहण गर्ने प्रथम महिला जापानकी जुन्को तावेई हुन् । नेपालमा प्रथम पटक पासाङ ल्हामु शेर्पाले सगरमाथाको सफल आरोहण गरी नेपाल र नेपाली महिलाको गौरव बढाएकी थिइन् ।

विश्वको सर्वोच्च शिखर सगरमाथा वास्तवमा प्रकृतिको अनुपम उपहार हो । सम्पूर्ण मानव समुदायका लागि गौरव र आकर्षणको प्रतीकको रूपमा रहेको यस शिखरले नेपाललाई बाहिरी संसारमा सगरमाथाको देशको रूपमा समेत चिनाउन योगदान दिएको छ । सगरमाथाको द्वार उपनामले सुपरिचित हिमाली क्षेत्रको प्रसिद्ध बजार नाम्चे भएर पुग्नुपर्ने सगरमाथाकै हाराहारीमा ल्होत्से, ल्होत्सेसार, नुप्से जस्ता हिमशिखरहरूसमेत रहेका छन् । विश्वकै सर्वोच्च स्थानमा रहेको बौद्ध गुम्बा त्याङबोचे र विश्वकै सर्वोच्च स्थानमा रहेको विमानस्थल स्याङबोचेसमेत सगरमाथाको काखमा अवस्थित छन् ।

**स्वर्गद्वारी**



स्वर्गद्वारी मन्दिर, प्युठान

प्युठान जिल्लाको सदरमुकाम खलङ्गाबाट झन्डै २६ कि.मि. पश्चिमतर्फ ६,९६० फिट उचाइ भएको लेकमा अवस्थित प्रसिद्ध धार्मिक स्थल नै स्वर्गद्वारी हो । परापूर्वकालमा ऋषिमुनिहरूले जपतप गरी स्वर्ग पुगेको भन्ने जनश्रुतिअनुसार नै यस स्थानको नाम

स्वर्गद्वारी रहन गएको हो भन्ने विद्वान्‌हरूको विश्वास रहेको पाइन्छ । धार्मिक तथा पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण यस स्वर्गद्वारीमा सिंगमर्मरमाथि शिवलिङ्ग राखी निर्माण गरिएको पक्की मन्दिर रहेको छ भने यसको वरपर सयौँको सङ्ख्यामा गाई पाल्ने गाईगोठ, रमणीय गुफा, यज्ञशाला तथा पोखरीहरू रहेका छन् । हरेक वर्षको वैशाख पूर्णिमा र कात्तिक पूर्णिमाका दिन यहाँ विशाल धार्मिक मेला लाग्दछ । नेपालका विभिन्न स्थान तथा भारतबाट समेत हजारौँको सङ्ख्यामा तीर्थयात्रीहरू मेलामा सहभागी हुन यहाँ आउँछन् । स्वर्गद्वारीमा त्यहाँका महाप्रभुले करिब १२० वर्षअघि सुरु गरेको अखण्ड होम अहिले पनि जारी रहेको छ । स्वर्गद्वारीमा संस्कृत पाठशाला र वेद विद्याश्रम सञ्चालन भएको पनि पाइन्छ र वेद तथा धर्मकर्मको अध्ययन गर्नका निम्ति टाढाटाढाबाट आउने विद्यार्थीहरूलाई खानपिन र बसाइको निःशुल्क व्यवस्थासमेत रहेको पाइन्छ । दाङ जिल्लामा त्यस आश्रमको गुठीको नाममा धेरै जमिन रहेको छ । भिङ्ग्री भन्ने बजारको नजिकैबाट केही घण्टाको उकालो पैदल हिँडेर स्वर्गद्वारी आश्रममा पुग्न सकिन्छ भने भिङ्ग्री बजारदेखि यो आश्रमसम्म कच्ची सडक पनि निर्माण गरिएको छ ।

**सहलेश**

सिराहा जिल्लाको लहान बजारदेखि ३ कि.मि. दक्षिण पश्चिममा पर्ने एक फूलबारीमा नयाँ वर्षको पहिलो दिन मात्रै हारमको रुखमा माला आकारमा फूल फुल्छ । फूलबारीको बीचमा मालिनीको मन्दिर छ, जुन पर्यटकका लागि आकर्षक मानिएको छ । यो फूललाई राजा सहलेश र दौना मालिनीको चीर प्रेमको प्रतीक मानिन्छ ।

**नेपाली सभ्यताको खानी : सिँजा उपत्यका र कनकासुन्दरी मन्दिर**



सिँजा उपत्यका, जुम्ला

जुम्ला जिल्लामा पर्ने सिँजा उपत्यका मध्यकालमा नागराजले स्थापना गरेको खस मल्ल राज्यको राजधानीको रूपमा रहेको थियो । त्यसैले नेपालको राष्ट्रभाषा नेपालीको उत्पतिस्थलको रूपमा समेत परिचित रहेको सिँजा उपत्यकालाई प्राचीन संस्कृति र सम्पदाको केन्द्रको रूपमा समेत लिनुपर्ने देखिन्छ । कर्णाली प्रदेशको खस मल्ल राज्यले

आफ्नो सीमा काठमाडौँको सीमावर्ती क्षेत्रसम्म नै विस्तार गरेको कुरा ऐतिहासिक घटनाक्रमहरूले पुष्टि गर्ने हुँदा सिँजा उपत्यकामा केन्द्र रहेको खस मल्ल राज्य अत्यन्त शक्तिशाली थियो भन्ने कुरा स्पष्ट हुन्छ । यस उपत्यकाको नजिकै मुगु जिल्लामा नेपालको सबैभन्दा ठुलो ताल रारा रहेकाले यसले नेपालको एउटा महत्त्वपूर्ण पर्यटन केन्द्रको रूपमा विकसित हुने प्रशस्त सम्भावनाहरू बोकेको देखिन्छ ।

जुम्ला जिल्लाको सिँजा उपत्यकामा रहेको कनकासुन्दरी मन्दिर ऐतिहासिक, धार्मिक, पर्यटकीय, सामाजिक एवम् सांस्कृतिक रूपले नेपालकै महत्त्वपूर्ण स्थल हो । सिँजाको माथिल्लो भागमा अवस्थित यो मन्दिर हिमा नदीको किनारमा रहेको थुम्काको टुप्पामा छ । मन्दिरसँगै प्राचीन खस राजाको दरबार, तत्कालीन राज्यको केन्द्र लामाथाडा, राजाको लुगा घुने धोबीघाट, मन्दिरको ढोकामा रहेका सिउबाघ (देवीको द्वारे सिंह) जस्ता प्राचीन सभ्यताका प्रतीक छन् ।

एघारौँ शताब्दीमा सिँजा राज्यको उदय एवम् विस्तार भए पनि सिँजा राज्यको स्थापना आजभन्दा ३४६१ वर्षअघि अर्थात् इसापूर्व १४४४ मा राजा जालन्दरले गरेका थिए । राजा जालन्दर शिवभक्त भएकाले शिवको अघिल्लो अक्षर 'शि' र आफ्नो नामको अघिल्लो अक्षर 'जा' बाट जोडेर सिँजा नाम रहन गएको जनश्रुति भेटिन्छ । श्री स्वस्थानी व्रतकथामा उल्लेख गरिएको शक्तिशाली राजा जालन्दर र उनकी पतिव्रता रानी वृन्दाले राजकाज गरेको यस क्षेत्रमा प्रकृतिपूजाको प्रतीक मस्टो धर्म प्रचलनमा छ । पुराणहरूमा वृन्दालाई पतिव्रता र तपस्वी नारीका रूपमा चित्रण गरिएको पाइन्छ, जुन सिँजा राज्यका संस्थापक राजा जालन्दरकी पत्नी हुन् । कनकासुन्दरी मन्दिरमा रहेकी देवीमध्ये जालपादेवी यिनै जालन्दरपत्नी वृन्दा हुन् भन्ने विश्वास गरिन्छ ।

इतिहासमा लेखिएअनुसार एघारौँ शताब्दीदेखि सिँजामा खस राजा नागराजले र उनका उत्तराधिकारीले करिब ३०० वर्षसम्म शासन गरेका थिए । उनको राज्य पश्चिमका कुमाउँ, गडवालसम्म र पूर्वमा सेन राज्यसम्म फैलिएको थियो । उनै शक्तिशाली खस राजाले समेत कुलदेवीको रूपमा पुज्ने गरेकी शक्तिकी स्रोत कनकासुन्दरी देवी समग्र खस सभ्यताकी प्रतीक रहेकी छिन् ।

सतीदेवीको तल्लो ओठ पतन भएकाले त्यस स्थानमा कामधेनु गाई आएर तपस्या गरी आफ्नो इच्छा प्राप्ति गरेको श्रीस्वस्थानी व्रतकथामा पाइन्छ । कनकासुन्दरी मन्दिर रहेको स्थानमा कनकासुन्दरी, जालपादेवी, कालिकादेवी, सूर्यनारायण एवम् लामाको मन्दिर रहेका छन् । कनकासुन्दरी मन्दिरमा देवीको मन्दिरसँगै लामा मन्दिर हुनाले प्राचीनकालमा बौद्ध धर्मको समेत प्रभाव रहेको र धार्मिक सहिष्णुता रहेको पाइन्छ ।

बडा दसैँ र चैते दसैँमा कनकासुन्दरी मन्दिरमा ठुलो मेला लाग्ने गर्छ । बडा दसैँको नवमीको दिन यहाँ बलि पूजा हुने गर्दछ । सिँजा क्षेत्रका नागरिकले आफ्नो नौलो अन्न सर्वप्रथम देवीलाई चढाएर मात्र आफ्नो उपयोगमा ल्याउने गर्छन् । दसैँको जमरा र

टीका देवीलाई चढाइसकेपछि मात्र घरघरमा लगाउने, साउने सङ्क्रान्तिमा घरघरमा बाल्ने राँको (दियो) कनकासुन्दरी मन्दिरमा बलेपछि मात्र बाल्ने चलन अहिले पनि छ। दसैंमा देवीको मन्दिरमा बलि चढेपछि मात्र बेलुका घरघरमा खसी काट्ने प्रचलनसमेत रहेको छ।

यस्तो परम्परा सदियौँदेखि चल्दै आएकाले कनकासुन्दरी मन्दिरको महत्त्व र आस्था कति छ भन्ने थाहा हुन्छ। हरेक घटनाको साक्षीको रूपमा मानिने देवीको दर्शनले आफ्नो मनोकाङ्क्षा पूरा हुन्छ भन्ने जनविश्वासले बर्सेनि हजारौँ मान्छे कनकासुन्दरी मन्दिरको दर्शन गर्न जान्छन्। मन्दिरसँगै रहेको खस राजाको दरबारको भग्नावशेष, मन्दिरबाट देखिने सिँजा उपत्यकाको दृश्य, हिमा नदीको नागबेली र मार्सी धानको उत्पादन हुने सिँजाको फाँटले जोकोहीलाई यस क्षेत्रको भ्रमण गर्न लालायित गर्छ।

**श्रीस्थान ज्वाला क्षेत्र**

कर्णाली प्रदेशको दैलेख जिल्लास्थित छामघाट खोला र नाभिस्थान खोलाको किनारमा ऐतिहासिक श्रीस्थान मन्दिर रहेको छ। यो ऐतिहासिक, धार्मिक तथा पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण मानिन्छ। जिल्ला सदरमुकाम दैलेख र दुल्लु क्षेत्रको बीचमा रहेको यो क्षेत्र श्रीस्वस्थानी व्रतकथाअनुसार सत्यदेवीको मृत शरीरलाई महादेवले बोकी परिक्रमा गर्ने क्रममा सत्यदेवीको शिर पतन भई ज्वालाको उत्पति भएको पौराणिक मान्यता रहेको छ। त्यसै समयदेखि यहाँ निरन्तर ज्वाला बलिरहेको छ। श्रीस्थान तथा नाभिस्थान ज्वालाको दर्शन गर्न बर्सेनि ठुलो सङ्ख्यामा पर्यटकहरू आउने गर्दछन्। पानीमाथि आगो बाल्न सकिने क्षेत्रको रूपमा परिचित यस स्थानमा हाल नेपाल सरकारले चिनियाँ विशेषज्ञको सहयोगमा पेट्रोलियम पदार्थको अन्वेषण गरिरहेको छ।

**सहिद स्मारक वा नेपाल स्मारक**



सहिद गेट, काठमाडौँ

नेपालमा प्रजातन्त्र स्थापनाका लागि विशिष्ट योगदान गर्ने व्यक्तिहरू श्री ५ त्रिभुवन, सहिद शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, गङ्गालाल श्रेष्ठ, दशरथ चन्दको स्मृतिमा र अन्य ज्ञात-अज्ञात सहिदहरूको सम्मान र सम्झनामा सिंहदरबार र धरहराको बीचमा कलात्मक द्वारको आकारमा निर्माण गरिएको यो स्मारकको वास्तविक नाम नेपाल स्मारक हो। जमिनको सतहदेखि ४० फिट अग्लो नेपाल स्मारक (सहिद स्मारक द्वार)को डिजाइन इ. शङ्करनाथ रिमालबाट गरिएको हो भने निर्माण सुपरीवेक्षण इ. गौरीनाथ रिमालबाट भएको हो। यो स्मारकमा रहेका मूर्ति तथा चित्रहरूको निर्माण मूर्तिकारद्वय बाबुकाजी तुलाधर र बालकृष्ण तुलाधरद्वारा भएको हो।

### सिद्धकाली मन्दिर

सङ्खुवासभाको चैनपुर बजारबाट एक कोस पर रहेको यो ठाउँमा महादेवकी अर्धाङ्गिनी सतीदेवीको दाहिने आँखा पतन भएकाले यो ठाउँलाई महत्त्वपूर्ण शक्तिपीठ मानेर मन्दिर निर्माण गरी देवीको प्रतिमा स्थापना गरिएको छ। यसको नजिकै भगवान् महादेवको मन्दिर पनि निर्माण गरिएको छ।

### स्वयम्भू महाचैत्य



स्वयम्भू महाचैत्य, काठमाडौँ

प्रसिद्ध बौद्ध तीर्थस्थल स्वयम्भू काठमाडौँ उपत्यकाको पश्चिमी भागमा पर्ने पद्मगिरी (बज्रकुट/गोशृङ्ग/गोपुच्छगिरी) पर्वतमा अवस्थित छ। स्वयम्भू अर्थात् आफैँ उत्पत्ति भएको हुनाले स्वयम्भू भनिएको हो। स्वयम्भूको उत्पत्ति उपत्यकाको कालीदहमा श्री विपस्वी तथागतले रोप्नुभएको कमलको बीजबाट एक हजार पत्ता भएको कमलको फूलबाट पञ्चरश्मिको रूपमा भएको हो। यस पवित्र रश्मिको दुरुपयोग नहोस् भन्नका लागि गौड देशबाट आएका राजा प्रचण्डदेवले सो रश्मिलाई छोपेर विधिवत् स्वयम्भू महाचैत्यको प्रतिष्ठा गर्नुभयो। महाचैत्य निर्माण गरिसकेपछि यसको नजिकै शान्तिपुर निर्माण गरी ध्यानमा तल्लीन हुन थाले।

पछि यिनी शान्तिकराचार्य नामले प्रसिद्ध भए । स्वयम्भू हालसम्म पनि नेपालभित्रको बौद्ध एवम् हिन्दू सबै धर्मावलम्बीका लागि पवित्र देवस्थल रहँदै आएको छ। वैशाख शुक्ल पूर्णिमाका दिन यहाँ ठुलो महोत्सव आयोजना गरिन्छ। स्वयम्भूको आनन्दकुटी महाविहारमा भगवान् बुद्धको पवित्र अस्थि धातु (हाड) सुरक्षासाथ राखिएको छ । पहिलेको अस्थि धातु चोरी भएपछि श्रीलङ्काबाट वि.सं. २०५१ मा प्राप्त अस्थि धातु वि.सं. २०५५ वैशाख शुक्ल पूर्णिमाका दिन पहिलोपटक नगर परिक्रमा गराइएको थियो। स्वयम्भूबाट काठमाडौं उपत्यकाको रमणीय दृश्यको अवलोकन गर्न सकिन्छ ।

**सूर्यविनायक**

भक्तपुर जिल्लास्थित सूर्यविनायकको मन्दिरमा गणेशको मूर्ति स्थापना गरिएको छ। यही मन्दिरको आधारमा यस ठाउँको नामकरण गरिएको हो। सूर्यविनायकबाट भक्तपुर सहर र चारैतिर सुन्दर हिमालहरूको दृश्यावलोकन गर्न सकिने र यहाँ सुन्दर वनकुञ्जसमेत भएकाले वनभोजका लागि नेपालीहरू र दृश्यावलोकन गर्न विदेशीहरूसमेत जाने हुँदा यो ठाउँको महत्त्व बढ्न गएको छ।

**सराङकोट**

पर्यटकीय दृष्टिले काठमाडौँका लागि नगरकोट महत्त्वपूर्ण भएजस्तै पोखराका लागि सराङकोटको ठुलो महत्त्व छ। कास्की जिल्लामा पर्ने सराङकोट पोखराको पश्चिमोत्तर भागमा पर्दछ। यो ठाउँबाट अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरि, पोखरा उपत्यका र पोखराको फेवाताललगायतका विभिन्न तालहरूको मनोरम दृश्यावलोकन गर्न सकिन्छ ।

**हलेसी महादेव मन्दिर वा गुफा**

खोटाङ जिल्लाको सदरमुकाम दिक्तेलदेखि पश्चिम भागमा कैलाश पर्वत भनिने थुम्को २०० फिटको उचाइसम्म प्राकृतिक रूपमा निर्मित शिवलिङ्ग आकारको संरचनालाई हलेसी महादेव भनिन्छ। बाहिरी चारओटा ढोका रहेको यो गुफाभित्र निष्पट्ट अन्धकार छ। हलेसी गुफामा प्राकृतिक आकृतिहरू र धार्मिक आस्थाको मनोरम समन्वय भएको



हलेसी महादेव, खोटाङ

छ । यहाँ रामनवमीका अवसरमा १६ दिनसम्म मेला लाग्दछ । सो अवसरमा यहाँ सबैभन्दा बढी मानिसहरूको जमघट हुन्छ । महाशिवरात्रिका दिन भोटे जातिका मानिसहरू यहाँ आएर सुम्निमा पारुहाङका रूपमा शिव-पार्वतीको पूजा गर्दछन् भने बालाचतुर्दशीका दिन यहाँ टाढाटाढाबाट मानिसहरू आएर शतबीज छर्दछन् ।

### हिल्सा

हिल्सा हुम्ला जिल्लाको सदरमुकाम सिमिकोट जोड्ने नेपाल र चीनबीचको उत्तरपश्चिममा पर्ने नाका हो । यारी भञ्ज्याङ हुँदै हिल्सा पुगिन्छ । हिल्सा चीनको मानसरोवर आवतजावत गर्ने नाका हो । यहाँ भोटे जातिको पातलो बस्ती रहेको छ । उक्त स्थानमा पाइने प्राकृतिक सौन्दर्य, स्थानीय सम्पदा क्षेत्रलगायतको संरक्षण गरी पर्यटकीय स्थलका रूपमा विकास गर्न सकिने प्रचुर सम्भावना रहेको छ ।

### त्रिवेणी धाम, वाल्मीकि आश्रम र गजेन्द्रमोक्ष धाम

चितवन जिल्लाको दक्षिण-पूर्वी भागमा तत्कालीन गर्दी गाविसअन्तर्गत स्वर्णभद्रा, तमसा र नारायणी नदीको त्रिवेणीमा नारायणी नदीपारि वा पूर्वी तटमा महामुनी तथा संस्कृत साहित्यका आदिकवि रामायणका रचयिता महर्षि वाल्मीकिको आश्रम छ । यहीँ नै वाल्मीकिले रामायण ग्रन्थको रचना गरेका थिए । यहाँ पुरातात्त्विक महत्त्वका प्राचीन मूर्ति, महर्षि वाल्मीकिद्वारा स्थापित हरिहर मन्दिर, यज्ञशाला, लवकुश पाठशाला, सीताकुटी, सीताकुप र आश्रमहरू छन् । यहाँ माघे औँसीको दिन ठूलो मेला लाग्दछ । पवित्र तीन नदीहरूको सङ्गम त्रिवेणीमा स्नान गरेमा पापमोचन हुने र यहाँ देहत्याग गरेमा मोक्ष प्राप्त हुने धार्मिक विश्वास रहेकाले यो स्थान कल्पवासीहरूको आश्रमस्थल बनेको छ ।

### त्रिपुरासुन्दरी देवी



त्रिपुरासुन्दरी, बैतडी

बैतडी जिल्लाको यो प्रमुख तीर्थस्थलमा भगवती देवीको मूर्ति स्थापना गरिएको छ। पौराणिक कालमा भगवतीले त्रिपुरासुर नामको दैत्यको वध गरी देवता तथा मानव जातिको दुःख निवारण गरेकाले यिनको नाम त्रिपुरासुन्दरी देवी रहेको मानिन्छ। यी देवीलाई स्थानीय बासिन्दा राणाशयनी भगवती पनि भन्दछन्।

**पवित्र धार्मिक स्थल बुढीनन्दा**



बुढीनन्दा ताल, बाजुरा

बाजुरा जिल्लामा अवस्थित धार्मिक एवम् पर्यटकीय ऐतिहासिक पावन क्षेत्र बुढीनन्दा मन्दिर शैपाल हिमालको दक्षिणी हिमशृङ्खला, उत्तरमा फुलैगुम्बा र सैन पाटन, पादुका त्रिवेणी धाम र कोल्टी विमानस्थलबाट उत्तरतिर पर्छ। प्राकृतिक सुन्दरताले भरपूर दैवी क्षेत्रमा सानाठुला गरी सातओटा ताल छन्। सबै ताल चट्टानमै अवस्थित छन्। मन्दिरसँगै जोडिएको 'निजार ताल' तिलिचो तालपछि विश्वको सर्वाधिक दोस्रो उचाइमा रहेको 'अल इन्फो नेपाल' नामक पुस्तकमा बताइएको छ। दुई ठुला पहाडको बीच गोलो आकारमा चट्टानैचट्टानमा अवस्थित ताल समुद्री सतहबाट ४ हजार ५ सय ८१ मिटरको उचाइमा रहेको छ। तालको लम्बाइ, चौडाइ र गहिराइको विस्तृत अध्ययन हुन बाँकी नै छ। तालको परिक्रमा गर्न तन्नेरीलाई झन्डै एक घण्टा लाग्छ। बुढीनन्दा निजार तालसँगै जोडिएका क्रमशः मष्टा ताल, कैलाश ताल र करिब तीस-चालीस मिटर मात्रै पर रहेको लङ्कारी (राक्षस) दह (ताल) छ। लङ्कारी दहको छुट्टै विशेषता छ। सो दहमा राक्षस बस्ने गरेको जनविश्वास रहँदै आएको छ। निजार दह हुँदै आएको पानी ठुलो झरना भएर बगेको दृश्यले मनै आह्लादित

तुल्याउँछ। झरनाको पानी र आसपासबाट निस्किएका अन्य मूलको पानी मिसिएर नागबेली रूपमा लडीबुडी खेल्दै सेतो दुधझैँ बग्दै लेकदेखि बेँसीसम्मका स्थानीय गाउँबस्तीका खेतीबारी सिँचन गरेर पादुका त्रिवेणी धाम कर्णालीमा आएर मिसिन्छ।

बुढीनन्दाको नाम यसरी रहन गयो भन्ने आधार अहिलेसम्म कतै भेटिएको छैन। स्थानीय एकथरीको भनाइअनुसार 'सतिदेवीको देब्रे हातको बुढीऔँला पतन भएको हुनाले बुढीनन्दा नाम रहन गएको हो।' अर्काथरीको भनाइअनुसार 'सतिदेवी र नवदुर्गा देवीको अवतार हुनुभन्दा अगाडि नै बुढीनन्दाको जन्म भएको हो। नवदुर्गा भवानीमध्ये सबैभन्दा जेठी बहिनी बुढीनन्दा हुन्, जसले आजीवन विवाह गरिनन्' भन्ने किंवदन्ती रहँदै आएको छ।

४ हजार ५ सय ८१ मिटरको उचाइमा रहेको बुढीनन्दा ताल क्षेत्र पर्यटकीय हिसाबले महत्त्वपूर्ण त छ नै, बाजुरा, बझाङ, डोटी, अछाम, कैलाली, कालिकोट, मुगुलगायत जिल्लाका स्थानीयको धार्मिक आस्थाको केन्द्रको रूपमा पनि रहेको छ। यहाँका स्थानीय हरेक वर्ष जनैपूर्णिमाको दिन खाली खुट्टा हिँडेर बुढीनन्दाको दर्शन गर्न जाने गर्छन्। यस क्षेत्रका बासिन्दामा बुढीनन्दा माईको पूजा तथा आराधनाले चिताएको कुरा पूरा हुने र बुढीनन्दा तालमा स्नान गर्दा सबै पाप पखालिने जनविश्वास छ। ताल क्षेत्रमा बाह्रैमास हिउँ हुन्छ। हिउँदयाममा यो क्षेत्र पूरै हिउँको सिरकभित्र गुटमुटिन्छ। हिमाली पठार छिचोल्दै त्यहाँ पुग्नुपर्ने भएकाले यो समय मानिसहरूको चलहपहल शून्य हुन्छ। यद्यपि बर्खामा भने यस क्षेत्रमा मानिसको चहलपहल राम्रै देखिन्छ। चौरमा चर्न छोडिएका घोडा र भेडाका बथानले यस क्षेत्रको रौनक नै बेग्लै देखिन्छ।

**जलजला**

रोल्पा जिल्लाको सदरमुकाम लिबाङबाट ऐतिहासिक गाउँ थबाङ २६ कोस टाढा रहेको छ। ऐतिहासिक गाउँ थबाङबाट तीन घण्टाको पैदलयात्रापछि पर्यटकीय स्थल जलजला पुग्न सकिन्छ, थबाङबाट मात्र नभई जेलबाङ, धबाङ र मिरुलबाट समेत यस क्षेत्रमा पुग्न सकिन्छ। प्रत्येक वर्ष तीन पटक नियमित रूपमा वराह पूजा हुने उक्त क्षेत्र भौगोलिक रूपमा अत्यन्तै मनमोहक र रमणीय छ। जिल्लाकै अग्लो स्थानको जलजला थबाङ गाउँपालिकामा पर्छ। भौगोलिक रूपमा सुन्दर भएकाले सबैलाई लोभ्याउँछ। समुद्री सतहबाट ३,२५० मिटर उचाइमा रहेको यस क्षेत्रमा वैशाख, जेठ र साउने पूर्णिमाको दिन हजारौँको सङ्ख्यामा भेडा र कुखुराको बली दिई पूजाआजा गर्नुका साथै विशेष मेला हुने गरेको छ। धार्मिक रूपमा १२ भाइ बराह र २२ बहिनी बजुहरूको जन्म जलजलाको भामा पुप (ओडार) मा भएको भन्ने जनविश्वास रहेको पाइन्छ, जहाँ पूजाआजा गर्दा आफूले मागेको कुरा पाइन्छ भन्ने जनविश्वास रहेको छ।

सिमसार प्रकारको जमिनमा पाइला राख्दा थलथल गर्छ। श्रद्धालुले जमिनमा हिँड्दा



जलजला, रोल्पा

कपासमा हिँडे जस्तो अनुभव गर्छन् । मेलामा हजारौँको सङ्ख्यामा श्रद्धालु भक्तजन विभिन्न जिल्लाबाट आउने गर्छन् । प्राकृतिक, सांस्कृतिक र जैविक हिसाबले सुसज्जित यस जलजला क्षेत्रमा धुपी, कटुस, सेतो गुँरास, लालीगुराँस, भोजपत्र, लेकाली सल्लालगायत वनस्पति, १० प्रकारका लालीगुराँस र जडीबुटीको अवलोकन गर्न सकिन्छ । त्यसैगरी डाँफे, मुनाल, कालिज, बँदेल, रेड पान्डा, बाघ, भालु, घोरल, मृग र रतुवालगायतका जनावर पनि देख्न सकिन्छ । जलजलाबाट धौलागिरि र सिस्ने हिमशृङ्खलाको नजिकैबाट अवलोकन गर्न सकिन्छ ।

**चिमारा मालिका**

चिमारा मालिका जुम्ला जिल्ला गुठीचौर गाउँपालिका वडा नं. ४ मा अवस्थित एक प्रख्यात धार्मिक तथा पर्यटकीय स्थल हो । जुम्ला सदरमुकाम खलङ्गाबाट पवित्र धार्मिक स्थल दानसाँघु त्रिवेणी धाम हुँदै करिब १५ कि.मि.को दूरीमा रहेको यो रमणीय स्थानमा पैदलयात्रा गर्दा करिब पाँच घण्टा समय लाग्छ । जुम्ला सदरमुकामबाट गुठीचौर गाउँपालिकाको खल्लालवाडा गाउँ हुँदै करिब १८ कि.मि. कच्ची बाटोको गाडीको यात्रा र एक कि.मि.को पैदल हाइकिङपश्चात् पनि करिब ४२०० मिटरको उचाइमा रहेको चिमारा मालिकाको चुचुरामा सहजै पुग्न सकिन्छ ।

खसहरूका कुल देवता बाह्र भाइ मस्टोका नौ बहिनी भवानीमध्ये एक बहिनी चिमारा मालिका भगवती हुन् भन्ने धार्मिक विश्वास छ । प्राकृतिक रूपमा मूल फुटेर आएको यहाँ रहेको शङ्कर पानीको धारामा उखाडी मस्टो, जगनाथ महावै, थार्पा मस्टो जस्ता विभिन्न देवीदेवताका पूजा सामग्री धुने (भारा नुहाउने) प्रचलन रहेको छ । श्रावण

शुक्ल चतुर्दशीका दिन भगवतीको पूजा गरिन्छ र ठुलो धार्मिक मेला लाग्छ । यहाँ अवस्थित शङ्कर पानीमा नुहाएर चिमारा मालिका भगवतीको दर्शन गर्दा पवित्रता तथा पुण्य हुने र आफूले चिताएको भाकल प्राप्ति हुन्छ भन्ने प्राचीनकालदेखि विश्वास रहेको छ । चिमारा मालिका एक पवित्र तीर्थस्थलका साथै जुम्ला र चौधबिस उपत्यकाको मनोरम दृश्य अवलोकन गर्न सकिने प्राकृतिक भ्युटावरसहितको पर्यटन क्षेत्र हो ।

**पर्यटकीय स्थल गुठीचौर**

प्राकृतिक सौन्दर्यले भरिपूर्ण समुद्री सतहबाट करिब ३५०० मिटरको उचाइमा रहेको गुठीचौर फाँट जुम्ला जिल्ला सदरमुकामबाट करिब २४ कि.मि.को दूरीमा जुम्ला जिल्ला गुठीचौर गाउँपालिका वडा नं. २ मा अवस्थित छ । सदरमुकाम खलङ्गाबाट सहजै गाडीबाट करिब एक घण्टामा र पैदलयात्रा गर्दा करिब ६ घण्टामा गुठीचौर लाग्नामा पुग्न सकिन्छ । पर्यापर्यटनको दृष्टिले यो नेपालकै एक उत्कृष्ट पर्यटन गन्तव्यस्थल हो । यहाँ पाइने उच्च हिमाली जडीबुटी, हावापानी, वनजङ्गल, घाँसे मैदान, हिमालबाट सोझै हिउँ पग्लेर बग्दै आएका हिमखोला र विशिष्ट स्थानीय जीवनशैलीको सम्मिश्रणले यहाँ पुग्ने जोकोहीलाई क्षणभरमा नै स्वर्गीय आनन्द दिन्छ ।

जुम्लाका विभिन्न गाउँबस्ती र छिमेकी जिल्ला जाजरकोटबाट वर्षायाममा चरन तथा पालनपोषण गर्न ल्याइने स्थानीय गाईभैँसीको दुधबाट बनेको कुराउनी र मार्सी चामलको खिर यहाँ आउने पर्यटकको मुख्य रोजाइमा पर्छ । गुठीचौरमा उच्च पर्वतीय कृषि अनुसन्धान प्रतिष्ठानअन्तर्गत भेडा तथा बाख्रा अनुसन्धान कार्यक्रम सञ्चालित छ । यहाँ स्वदेश तथा विदेशका हिमाली क्षेत्रमा पाइने उन्नत तथा स्थानीय जातका भेडाबाख्रा पालेर अध्ययन अनुसन्धान र उन्नत जातका भेडाबाख्राको उत्पादन तथा प्रजनन कार्यका लागि वितरणसमेत गरिन्छ ।

गुठीचौरमा बृहत् हाइड्रोपावर, कृत्रिम ताल, कर्णाली प्रदेशकै ठुलो विमानस्थल जस्ता बहुद्देश्यीय आयोजना निर्माण गर्न सकिने भौगोलिक तथा वातवरणीय सम्भावना भएको क्षेत्र हो । यो पर्यापर्यटनको दृष्टिले नेपालको एक उत्कृष्ट र सहजै पुग्न सकिने पर्यटकीय स्थल हो । नजिकै कोल्ते र पुरानो जनजाति बस्ती चोत्रमा होमस्टे सञ्चालनमा छन्, जहाँ स्थानीय अर्गानिक परिकार उपलब्ध हुन्छन् ।

**डिग्रे साईकुमारी भगवती मन्दिर, रुकुम पश्चिम**

डिग्रे साईकुमारी भगवतीदेवी मन्दिर कर्णाली प्रदेश रुकुम पश्चिम जिल्ला मुसीकोट नगरपालिका वडा नं. ५ थर्पु डिग्रेमा अवस्थित नेपालको एक महत्त्वपूर्ण ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थल हो । आफ्नो मनले चिताएका र इच्छाएका कामना पूरा गर्ने देवी भएका कारण डिग्रे साईकुमारी भगवती देवी मन्दिर नाम रहन गएको भन्ने किंवदन्ती रहिआएको छ ।



डिग्रे साईकुमारी भगवती मन्दिर, रुकुम पश्चिम

सोही किंवदन्तीका कारण यो साईकुमारी भगवती देवी मन्दिरलाई सम्झिई आफूले चिताएको र इच्छाएको मनकामना पूरा होस् भन्ने भाकल गरेर बर्सेनि विभिन्न शुभसाइत हेरी हजारौँ दर्शनार्थीले आफूले गरेका भाकल पूरा गर्न यो मन्दिर आउने गर्छन् । यस मन्दिरमा दैनिक नित्य रूपमा पाठपूजा गर्ने र मुख्य मुनिको रूपमा कात्तिक चतुर्दशीलाई मानी विशेष पूजा गर्ने तथा बोका बलि चढाउने चलन चलिआएको छ । अन्य समयमा पनि मन्दिरमा बलि चढाउने गरेको पाइन्छ । मुख्य मन्दिर परिसरमा अन्य पाँचओटा मन्दिर पनि रहेका छन् ।

यहाँ हरेक वर्ष हरिबोधनी एकादशीदेखि कात्तिक शुक्ल पूर्णिमासम्म साईकुमारी भगवतीको पूजा आराधना गरी पूजा सम्पन्न गर्ने चलन छ । स्थानीय कला संस्कृति र नाचगानसँगै स्थानीय परम्पराको अनुपम सङ्गमको रूपमा रहेको यो मेलामा दर्शन गर्न रुकुमका स्थानीयसँगै छिमेकी जिल्ला रोल्पा, डोल्पा, सल्यान, जाजरकोट, प्युठान, दाङ, सुर्खेत, बाँकेलगायतका जिल्लाबाट समेत हजारौँ भक्तजनको भिड लाग्ने गरेको छ ।

## सन्दर्भ सामग्री

*पुस्तक*


- अमात्य, डा. साफल्य, **नेपालमा पुरातत्त्व ।**
- अर्याल, कृष्णराज, **नेपाली संस्कृति सङ्क्षिप्त झलक ।**
- खत्री, डा. प्रेम, **नेपाली संस्कृति र समता ।**
- खत्री, डा. प्रेम, **आधुनिक नेपालको सामाजिक इतिहास ।**
- दाहाल, पेशल र खतिवडा, सोमप्रसाद, **नेपालीको कला र वास्तुकला ।**
- निरौला, खगेन्द्र, **नेपाल परिचय ।**
- नेपाल सरकार, सूचना विभाग, **नेपाल अधिराज्यको सङ्क्षिप्त परिचय ।**
- नेपाल सरकार, सूचना विभाग, **मेचीदेखि महाकाली** (**भाग १,२,३ र ४**) ।
- नेपाल सरकार, सूचना विभाग, **नेपालका सम्पदाहरू ।**
- न्यौपाने, प्रा.डा. टङ्कप्रसाद, भण्डारी, प्रा.डा. पारसमणि, न्यौपाने, दीपक, घिमिरे, तुल्सीराम, **सामान्य भाषाविज्ञान ।**
- पाँडे, रामकुमार, **नेपाल परिचय ।**
- पाँडे, रामकुमार, **नेपालको मानव भूगोल ।**
- पाँडे, रामकुमार, **नेपालको भौतिक भूगोल ।**
- पोखरेल, बुद्धिप्रसाद, **नेपालको भौतिक, आर्थिक र सांस्कृतिक भूगोल ।**
- बज्राचार्य, धनबज्र, **पूर्वमध्यकालका अभिलेख ।**
- मिश्र, मनोजबाबु, **विश्व कलाको इतिहास ।**
- लामिछाने, डा. यादव प्रकाश, **नेपाली भाषा र साहित्य** ।
- विष्ट, डोरबहादुर, **सबै जातको फूलबारी ।**
- पाण्डे, डा.हरिदत्त, **नेपाल द्वैमासिक**
- सुवेदी, खगेन्द्रप्रसाद, **मुद्रा, बैंकिङ, राजस्व र अन्तर्राष्ट्रिय व्यापार तथा नेपालको अर्थशास्त्र ।**
- क्षेत्री, डा. गणेश, रायमाझी, रामचन्द्र, **नेपालको इतिहास ।**
- क्षेत्री, डा. गणेश, रायमाझी, रामचन्द्र, **नेपाली कला, वास्तुकला र प्रतिमा लक्षण ।**
- बज्राचार्य, प्रकाश, बौद्ध दर्पण, चौथो संस्करण ।
- राष्ट्रिय योजना आयोग, सिंहदरबार, **चौधौँ योजना,** (**आर्थिक वर्ष २०७३/७४–२०७५/७६**) **।**
- राष्ट्रिय योजना आयोग, सिंहदरबार, **चौधौँ योजना** (२०७३/७४–२०७५/७६), **सङ्क्षेपमा ।**

- **पन्ध्रौँ योजना** (२०७६/७७–२०८०/४१)
- खतिवडा, सोमप्रसाद, **नेपालको पुरातत्व, कला, वास्तुकला र पर्यटनको परिचय।**
- बज्राचार्य, यादिरत्न, **नेपालको शिल्प सम्पदा।**
- शाक्य, हेमराज, **श्रीस्वयम्भू महाचैत्य।**
- श्रेष्ठ, सुरेश सुरस, **स्वयम्भू महाचैत्य।**
- श्रेष्ठ, डा. तुल्सीनारायण, **नेपालका नेवारहरू।**
- लुम्बिनी विकास कोष, लुम्बिनी नेपाल, **विश्व सम्पदा स्थल।**
- Chaudhary, Mahesh, 2012; **Hidden Treasures of the Lowland Nepal .**
- **Foreign Policy of Nepal : Challenges and Opportunities,** Institute of Foreign Affairs.
- **National Population and Housing Census 2011** (National Report), Central Bureau of Statistics, Kathmandu, Nepal.
- **Nepal Tourism Board**

***संविधान/ऐन/नियम/प्रतिवेदन***

- नेपालको संविधान
- भूउपयोग ऐन, २०७६
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- भूमिसम्बन्धी ऐन, २०२१
- कानुन, न्याय तथा संसदीय मामला मन्त्रालय, '**भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणसम्बन्धी ऐन, २०७२**'।
- अर्थ मन्त्रालय, विभिन्न आर्थिक वर्षका '**आर्थिक सर्वेक्षणहरू**'।
- उद्योग मन्त्रालय, '**विदेशी लगानी नीति, २०७१**'।
- कानुन, न्याय तथा संसदीय मामला मन्त्रालय/कानुन किताब व्यवस्था समिति, **'नेपालको संविधान'लगायत विभिन्न समयमा जारी गरिएका संविधानहरू।**
- कानुन किताब व्यवस्था समिति, निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५०।
- भूमिसम्बन्धी नियमावली, २०२१
- प्रशासन सुधार आयोगका प्रतिवेदनहरू

- '**राष्ट्रिय प्रतिवेदन २००१**', राष्ट्रिय तथ्याङ्क कार्यालय ।
- राष्ट्रिय योजना आयोग, '**विभिन्न आवधिक योजनाहरू**' ।
- राष्ट्रिय योजना आयोग, '**विपद्पछिको आवश्यकता आकलन** (Post Disaster Needs Assessement (PDNA), २०७२' ।
- सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, **जिल्ला, नगरपालिका तथा गाउँ विकास समितिहरूको सङ्क्षिप्त विवरण पुस्तिका, कात्तिक २०७२**
- १५औं आवधिक योजना २०७५/७६-२०८०/८१
- आर्थिक सर्वेक्षण २०७९/८०

**वेबसाइट**

- गृह मन्त्रालयको वेबसाइटमा राखिएका भूकम्पसम्बन्धी सामग्रीहरू ।
- परराष्ट्र मन्त्रालयको वेबसाइटमा राखिएका दौत्य सम्बन्धसँग सम्बन्धी सामग्रीहरू ।
- राष्ट्रिय भूकम्पमापन केन्द्रको वेबसाइटमा राखिएका भूकम्पसम्बन्धी सामग्रीहरू ।
- विद्युत् विकास विभागको वेबसाइटमा राखिएका सञ्चालनमा रहेका जलविद्युत् आयोजनाहरूसम्बन्धी सामग्रीहरू ।
- सडक विभागको वेबसाइटमा राखिएका सडक सञ्जालसम्बन्धी सामग्रीहरू ।
- राष्ट्रिय योजना आयोगको वेबसाइटमा राखिएका सूचना तथा सामग्रीहरू ।
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको वेबसाइटमा राखिएका नेपालका संरक्षित क्षेत्रहरूसँग सम्बन्धित सामग्री ।
- पर्यटन बोर्डको वेबसाइट http://tourismdepartment.gov.np
- राष्ट्रिय खेलकुद परिषद्को वेबसाइट http://nsc.gov.np
- मदन पुरस्कार गुठीको वेबसाइट http://madanpuraskar.org.np
- साझा प्रकाशनको वेबसाइट http://sajha.org.np
- नेपाल प्रज्ञा-प्रतिष्ठानको वेबसाइट http://nepalacademy.org.np
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेबसाइट https://mofaga.gov.np
- नापी विभागको वेबसाइट http://dos.gov.np

*तस्बिर*

- मीनकुमार शर्मा, निर्देशक, सूचना तथा प्रसारण विभाग
- सुमन बज्राचार्य, पूर्वनिर्देशक, सूचना तथा प्रसारण विभाग
- प्रवीण श्रेष्ठ, सूचना तथा प्रसारण विभाग
- शालिकराम कोइराला, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
- रामकृष्ण महर्जन, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
- सुमनचन्द्र रौनियार, सूचना तथा प्रसारण विभाग
- केदार नापित, शिक्षा तथा मानव स्रोत विकास केन्द्र
- खगेन्द्र कार्की, सूचना तथा प्रसारण विभाग
- अधिकार बुढा, सूचना तथा प्रसारण विभाग
- सुवास राई, प्रेस काउन्सिल नेपाल
- वीरबहादुर सुनुवार, पूर्वकर्मचारी, सूचना तथा प्रसारण विभाग
- कमल आचार्य, पूर्वकर्मचारी, सूचना तथा प्रसारण विभाग
- वसन्तकुमार चित्रकार, पूर्वसहसचिव, सूचना विभाग
- सूर्यप्रसाद श्रेष्ठ, पूर्वछविकार, सूचना विभाग
- मोहनसिंह लामा, पूर्वउपसचिव
- नातिकाजी महर्जन, फोटोपत्रकार
- ध्रुव आले, फोटोपत्रकार
- विकास द्वारे, फोटोपत्रकार
- सुजन गुरुङ, फोटोपत्रकार
- बालकृष्ण थापा, फोटोपत्रकार
- विष्णुप्रसाद शर्मा पराजुली, पत्रकार
- प्रकाश माथेमा, फोटोपत्रकार
- विजय गजमेर, फोटोपत्रकार
- सुनिल शर्मा, फोटोपत्रकार
- लक्ष्मीप्रसाद ङाखुसी, फोटोपत्रकार
- भाश्वर ओझा, फोटोपत्रकार
- विक्रम गिरी, फोटोपत्रकार
- निशा भण्डारी, फोटोपत्रकार
- सुदीप बज्र बज्राचार्य, फोटोग्राफर

- अर्चना श्रेष्ठ, फोटोपत्रकार
- अस्मिता राई, पत्रकार
- विशाल सुनार, फोटो पत्रकार
- तोलानाथ वाग्ले, फोटोग्राफर
- प्राप्ति श्रेष्ठ, फोटोग्राफर
- रामचन्द्र श्रेष्ठ, फोटोग्राफर, पुरातत्व विभाग
- मनोज अर्याल, स्वतन्त्र अध्यता
- पुरातत्व विभाग
- राष्ट्रिय सङ्ग्रहालय, छाउनी
- राष्ट्रिय अभिलेखालय
- हनुमानढोका दरबार सङ्ग्रहालय
- साझा प्रकाशन
- चलचित्र विकास बोर्ड
- धर्मराज तिमिल्सिना, बाजुरा
- अप्पर तामाकोशी हाइड्रोपावर लिमिटेड



पलाञ्चोक भगवती, काभ्रेपलाञ्चोक

नेपाल परिचय
NEPAL PARICHAYA
नि:शुल्क प्रति